CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

बृहदारण्यकोपनिषद्

पदार्थ-सरलवाक्यार्थरूप

(नेपाली भाषानुवादसहित)

अनुवादक

माधवप्रसाद देवकोटा

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशक–

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं ।

प्रथम संस्करण, २०३१

मूल्य

मुद्रक–

सहयोगी प्रेस, त्रिपुरेश्वर, काठमाडौं, नेपाल । फो. नं. ११४८६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०१४ साल आषाढ ९ गतेका दिन स्थापना भएको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सो समयदेखि नै साहित्य, संस्कृति, कला आदिको क्षेत्रमा कार्य गर्दै आएको छ। यसका जन्मदाता स्वनामधन्य स्वर्गीय **श्री ५ महेन्द्रबाट** हुकुम भए-अनुसार यसको मूल उद्देश्य – "देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउनु–" नै हो।

राष्ट्रनायक **श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवका** कृपापूर्ण संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३१ साल, वैशाख १ गतेदेखि नवीन व्यवस्थाअनुसार कार्य गर्न प्रारंभ गरेको छ। यसअनुसार प्रज्ञा-प्रतिष्ठानको उद्देश्य तथा कार्यक्रम अधिक व्यापक तथा गंभीर तुल्याइएको छ।

विविध विषयका आधिकारिक सृजनात्मक ग्रन्थको प्रकाशन, अनुसन्धानात्मक कार्य, नेपाली संस्कृतिका आधारभूत कुराहरूको खोजी तथा साहित्य, संगीत औ कलाका क्षेत्रमा राष्ट्रियताको विकास हुने कार्यको संचालनद्वारा यसले प्रगतिशील-नेपाली राष्ट्रसुहाउँदो कार्य द्रुतता औ गंभीरताका साथ गर्ने चेष्टा गर्नेछ।

देश-देशान्तरमा नेपाली राष्ट्रको गौरव तथा प्रगतिशीलताको सौरभ फिजाउन प्रज्ञा-प्रतिष्ठानले सबैको सहयोग पाउने आशा गरेको छ।

२०३१ साल, वैशाख

सूर्यविक्रम ज्ञवाली
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तव्य-

श्री माधवप्रसाद देवकोटाले नेपाली भाषामा अनुवाद गर्नुभएको "बृहदारण्यकोपनिषद्" लाई नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले प्रकाशित गरेको छ। यो महान् ग्रन्थलाई तत्त्वज्ञानको स्रोत मानिएको छ। यसमा ज्ञान र दर्शनका प्रायः सबै पक्ष समाविष्ट भएका छन्। बृहदारण्यकोपनिषद् जस्ता कठिन विषयलाई लिएर विद्वान् अनुवादकले धेरै परिश्रम गरी अनुवाद गर्नुभएकोमा उहाँलाई हाम्रो धन्यवाद छ। यस पुस्तकको विद्वान्हरूबाट स्वागत होला भन्ने हामीलाई आशा छ।

६–५–२०३१
प्रज्ञा-भवन
कमलादी, काठमाडौं

लैनसिंह बाङ्गदेल
उप-कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिका

उपनिषत्का बारेमा यसभन्दा अघि ईशादि नौ उपनिषत् प्रकाशन गराउँदा लेखिसकेका कुरा दोहऱ्याउनुपरोइन भन्ठानेको छु। यसमा खालि यत्ति भन्नुपर्ला जस्तो लागेको छ। यसलाई 'वृहदारण्यकोपनिषत्' भनिन्छ परिमाणमा वृहत् र अरण्यमा अनूच्यमान भएकोले यसको यो नाम रहन गएको हो। उपनिषत्हरूमा अन्तरङ्ग र बहिरङ्ग विषयको बाहुल्यले यो वास्तवमा वृहत् हुन गएको छ। ६ अध्यायमा विभक्त भएर धेरै ब्राह्मणहरूले यसलाई वेग्ल्याएका छन्। ईशावास्योपनिषत् शुक्ल यजुर्वेदको मन्त्रमय ज्ञान काण्ड हो र यो शुक्ल यजुर्वेदको गद्यमय आरण्यक हो। यसको महावाक्य "अहं ब्रह्मास्मि" (१।४।१०) लाई केन्द्र बिन्दुमानी सारा वाक्य र प्रसंग एकरूपतापन्न हुन्छन्। कसरी यो महावाक्य बन्न गयो। के गरेर यसको प्रतिष्ठा मर्यादित र प्रतिष्ठित हुन्छ, यसलाई श्रवण-मनन-निदिध्यासन गर्नुपर्दछ अनि आत्मा द्रष्टव्य हुन्छ। त्यसकै लागि श्रुतिको अनुशीलन तत्सम्बन्धी शास्त्रको परिशीलन गर्नुपर्छ। अनुभवबाट उद्बोधन हुने तत्त्वलाई वाचलत्वले प्रकट गर्न खोज्नु आफ्नो धृष्टता ठान्छु।

यस उपनिषत् फुकाएपछि अनेक आख्यान आउँछन्। तीमध्ये सम्राट् जनक र योगी याज्ञवल्क्यको संवादमा पुगिन्छ। अनि त्यस वेला यति ठूला दार्शनिक राजा र यति ठूला ब्रह्मिष्ठ महर्षि नेपालले दिएको रहेछ भनी विश्लाई भन्न बाध्य गराउने यही उपनिषद् बन्छ। हुन पनि राजाको विद्वत्सभामा याज्ञवल्क्यको महत्त्वपूर्ण स्थान थियो। जनक त यति प्रसिद्ध थिए काशीका राजा अजातशत्रुले भन्नुपरेको थियो—"जनको जनक इति जना धावन्तीति" (२।१।१) अर्थात् त्यहाँ के भनिएको छ भने– दिने-खाने, जान्ने-सुन्ने जनक जनक छन् भनेर जनता उनैकहाँ दगुर्छन्। यही जनकपुर हो जहाँ कुरुपान्चालबाट विद्वान् ब्राह्मण भेला हुन्थे। राजा चाहिं एक गाईका दुई सीङमा पाँच पाँच पाउ सुन बाँधेर दश पाउ सुन समेत एक गाई गराएर हजार यस्ता गाई फोएर लग, जो आफूलाई ब्रह्मिष्ठ ठान्छ भन्दथे। याज्ञवल्क्य आफ्ना शिष्य ब्रह्मचारीलाई गाई फोएर लैजाने आदेश दिन्थे र उनलाई धुरिएर प्रश्न गर्ने विद्वान्को मुखमुद्रण गरी चित्त बुझाइदिन्थे।

राजाकहाँ याज्ञवल्क्य भेट्न जाँदा राजा सोध्दछन् "याज्ञवल्क्य किमर्थमचारीः पशूनिच्छन् नण्वत्तामिति। याज्ञवल्क्य, किन आउनुभो फेरि पशु चाहिएर हो वा सूक्ष्म वस्तु निर्णयान्त प्रश्न मबाट सुन्न चाहेर हो?। अनि पशु र प्रश्न दुवैको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि हो सम्राट् भनी उनले भने– "उभयमेव सम्राडिति होवाच ।" यस वाक्यको अर्थ गर्दै श्री जगद्गुरु शंकराचार्य आफ्नो भाषामा लेख्तछन्–"यस्य आज्ञया राज्यं प्रशास्ति स सम्राट् तस्यामन्त्रणं हो सम्राडिति । समस्तस्य वा भारतस्य वर्षस्य राजा।" यसबाट जनक समस्त भारतकै राजा थिए पो भन्ने कुरा बताउने त होइन !

यसमा अझ याज्ञवल्क्य र मैत्रयीको परस्परको संवाद एक महत्त्वपूर्णको विषय बन्छ । दम्पती नै यस्ता थिएं भन्न पाउँदा हामी हर्षविभोर हुन्छौं । यस पुण्यभूमि नेपालमा विदेह जनक जस्ता सम्राट्, जगज्जननी जानकी जस्ती सती-शिरोमणि, योगी याज्ञवल्क्य जस्ता ब्रह्मिष्ठ थिए त्यो वेला यस हिमवत्खण्डको गौरवपूर्ण प्रतिष्ठा अति उच्च भएको प्रमाणकोटिमा यही बृहदारण्यकोपनिषत् देखा पर्छ ।

यस उपनिषत्मा सबै दार्शनिक भावहरू बीजरूपमा पाइन्छन् । उपासना र ज्ञानको बृहत् व्याख्यात्मक ग्रन्थ भएर पनि यसैले 'खं ब्रह्म' भन्यो, यसैले फेरि 'अहं ब्रह्मास्मि' पनि भन्यो । अनेक उपाख्यान प्रसंगवश जोडेर यसैले द द द भन्ने पाठ पनि पढायो । विषय-वस्तुलाई प्रतिपादन गर्न अनेक उपाय यसमा समाविष्ट छन् । यसको उपादेयताको बारेमा हिन्दू-जगत्मा भन्नुपर्ने कुरा थिएन । अब त विश्वले नै यस वाङ्मयलाई बडो श्रद्धा गरेर अध्ययन गर्न थालेको छ । अरूले ईश्वर बाहिर खोजेर भौतारिंदा यसले भित्र खोजेर 'म नै ब्रह्म हुँ' भन्ने महान् सिद्धान्त दिएर आत्माको महत्ता प्रतिपादन गरेको छ । यही अद्वैतवादको वैशिष्टय पनि हो । यसरी विचार गर्दा यो हिमवत् खण्डको महिमा अपरंपार बन्न जान्छ सर्वत्रबाट सामूहिक रूपमा अझ मूल्यांकन गर्ने भए त ! जगत्का माता-पिता गौरी-शंकरको अधिवास भनिएको यस धरती छ । यहाँ अद्यावधि त्यस महत्त्वपूर्ण परम्परालाई अक्षुण्ण गरी हिन्दू-राज्य घोषित गरी नेपाल राष्ट्रको महान् नेतृत्व प्रदान गर्ने शाहवंशको राजपरम्पराबाटै त्यो गौरवपूर्ण-भूमिकाको निर्वाह भएको छ ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट यस्तो प्रकाशन हुनुपर्ने कुरा भएकोमा बढ्ता भन्ने कुरो केही छैन । नेपालीले आफ्नो पुर्खाको उपलब्धि अध्ययन गर्न राष्ट्रभाषा नेपालीको माध्यम पाएको छ । त्यो जुटाउन सकेकोमा हर्ष लाग्नु स्वाभाविकै हो । यसको अनुवाद प्रा. श्री माधवप्रसाद देवकोटाद्वारा बडो परिश्रमपूर्वक भएको छ । हाम्रो अनुरोध स्वीकार गरी यसरी सहयोग गरिदिने विद्वान् अनुवादकलाई भूरि भूरि प्रशंसा गर्दै धन्यवाद प्रदान गर्छु । यो पढेर पाठकहरूले केही अंशमा भए पनि आफूलाई पहिले चिनिदिनु हुन प्रयत्न गर्नु-भएमा हाम्रो प्रयास सफल भएको हुनेछ । धन्यवाद ।

प्रा. चूडानाथ भट्टराय
सदस्य
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय–सूची

प्रथम अध्याय

विषय	पृष्ठ
प्रथम ब्राह्मण	
१. शान्तिपाठ	१
२. प्राक्कथन	२
३. अश्वका अवयवहरूमा कालादि-दृष्टि	४
४. अश्वमेधसंबन्धी महिमा नामका ग्रह आदिमा अहरादि-दृष्टि	५
द्वितीय ब्राह्मण	
५. अश्वमेधसंबन्धी अग्निको उत्पत्ति	७
६. जलबाट विराट्रूप अग्निको उत्पत्ति	८
७. विराट्रूप अग्निका अवयवहरूमा प्राचीदिगादि-दृष्टि	८
८. संवत्सर र वाक्को उत्पत्ति	९
९. ऋगादिको उत्पत्ति र मृत्युका अत्तृत्वको उपन्यास	१०
१०. प्रजापतिको यज्ञ-कामना र त्यसका प्राण एवं वीर्यको निष्क्रमण	११
११. अश्वमेधोपासना र त्यसको फल	१२
तृतीय ब्राह्मण	
१२. देव र असुरको स्पर्धा, देवताहरूको उद्गीथसंबन्धी विचार	१५
१३. वाक्को उद्गान र त्यो पापविद्ध हुनु	१६
१४. प्राण, चक्षु, श्रोत्र र मनको उग्द्गान तथा उनीहरू पापविद्ध हुनु	१७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लागि हो सम्राट् भनी उनले भने– "उभयमेव सम्राडिति होवाच ।" यस वाक्यको अर्थ गर्दै श्री जगद्गुरु शंकराचार्य आफ्नो भाषामा लेख्तछन्–"यस्य आज्ञया राज्यं प्रशास्ति स सम्राट् तस्यामन्त्रणं हो सम्राडिति । समस्तस्य वा भारतस्य वर्षस्य राजा।" यसबाट जनक समस्त भारतकै राजा थिए पो भन्ने कुरा बताउने त होइन !

यसमा अझ याज्ञवल्क्य र मैत्रयीको परस्परको संवाद एक महत्त्वपूर्णको विषय बन्छ । दम्पती नै यस्ता थिएं भन्न पाउँदा हामी हर्षविभोर हुन्छौं । यस पुण्यभूमि नेपालमा विदेह जनक जस्ता सम्राट्, जगज्जननी जानकी जस्ती सती-शिरोमणि, योगी याज्ञवल्क्य जस्ता ब्रह्मिष्ठ थिए त्यो वेला यस हिमवत्खण्डको गौरवपूर्ण प्रतिष्ठा अति उच्च भएको प्रमाणकोटिमा यही बृहदारण्यकोपनिषत् देखा पर्छ ।

यस उपनिषत्मा सबै दार्शनिक भावहरू बीजरूपमा पाइन्छन् । उपासना र ज्ञानको बृहत् व्याख्यात्मक ग्रन्थ भएर पनि यसैले 'खं ब्रह्म' भन्यो, यसैले फेरि 'अहं ब्रह्मास्मि' पनि भन्यो । अनेक उपाख्यान प्रसंगवश जोडेर यसैले द द द भन्ने पाठ पनि पढायो । विषय-वस्तुलाई प्रतिपादन गर्न अनेक उपाय यसमा समाविष्ट छन् । यसको उपादेयताको बारेमा हिन्दू-जगत्मा भन्नुपर्ने कुरा थिएन । अब त विश्वले नै यस वाङ्मयलाई बडो श्रद्धा गरेर अध्ययन गर्न थालेको छ । अरूले ईश्वर बाहिर खोजेर भौतारिंदा यसले भित्र खोजेर 'म नै ब्रह्म हुँ' भन्ने महान् सिद्धान्त दिएर आत्माको महत्ता प्रतिपादन गरेको छ । यही अद्वैतवादको वैशिष्ट्य पनि हो । यसरी विचार गर्दा यो हिमवत् खण्डको महिमा अपरंपार बन्न जान्छ सर्वत्रबाट सामूहिक रूपमा अझ मूल्यांकन गर्ने भए त ! जगत्का माता-पिता गौरी-शंकरको अधिवास भनिएको यस धरती छ । यहाँ अद्यावधि त्यस महत्त्वपूर्ण परम्परालाई अक्षुण्ण गरी हिन्दू-राज्य घोषित गरी नेपाल राष्ट्रको महान् नेतृत्व प्रदान गर्ने शाहवंशको राजपरम्पराबाटै त्यो गौरवपूर्ण-भूमिकाको निर्वाह भएको छ ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट यस्तो प्रकाशन हुनुपर्ने कुरा भएकोमा बढ्ता भन्ने कुरो केही छैन । नेपालीले आफ्नो पुर्खाको उपलब्धि अध्ययन गर्न राष्ट्रभाषा नेपालीको माध्यम पाएको छ । त्यो जुटाउन सकेकोमा हर्ष लाग्नु स्वाभाविकै हो । यसको अनुवाद प्रा. श्री माधवप्रसाद देवकोटाद्वारा बडो परिश्रमपूर्वक भएको छ । हाम्रो अनुरोध स्वीकार गरी यसरी सहयोग गरिदिने विद्वान् अनुवादकलाई भूरि भूरि प्रशंसा गर्दै धन्यवाद प्रदान गर्छु । यो पढेर पाठकहरूले केही अंशमा भए पनि आफूलाई पहिले चिनिदिनु हुन प्रयत्न गर्नु-भएमा हाम्रो प्रयास सफल भएको हुनेछ । धन्यवाद ।

प्रा. चूडानाथ भट्टराय
सदस्य
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय–सूची

प्रथम अध्याय

विषय — पृष्ठ

प्रथम ब्राह्मण

१. शान्तिपाठ — १
२. प्राक्कथन — २
३. अश्वका अवयवहरूमा कालादि-दृष्टि — ४
४. अश्वमेधसंबन्धी महिमा नामका ग्रह आदिमा अहरादि-दृष्टि — ५

द्वितीय ब्राह्मण

५. अश्वमेधसंबन्धी अग्निको उत्पत्ति — ७
६. जलबाट विराट्रूप अग्निको उत्पत्ति — ८
७. विराट्रूप अग्निका अवयवहरूमा प्राचीदिगादि-दृष्टि — ८
८. संवत्सर र वाक्को उत्पत्ति — ९
९. ऋगादिको उत्पत्ति र मृत्युका अत्तृत्वको उपन्यास — १०
१०. प्रजापतिको यज्ञ-कामना र त्यसका प्राण एवं वीर्यको निष्क्रमण — ११
११. अश्वमेधोपासना र त्यसको फल — १२

तृतीय ब्राह्मण

१२. देव र असुरको स्पर्धा, देवताहरूको उद्गीथसंबन्धी विचार — १५
१३. वाक्को उद्गान र त्यो पापविद्ध हुनु — १६
१४. प्राण, चक्षु, श्रोत्र र मनको उग्द्गान तथा उनीहरू पापविद्ध हुनु — १७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
१५. मुख्य प्राणको उद्‌गान, त्यो पापविद्ध नहुनु तथा त्यसका उपासनाको फल	२१
१६. मुख्य प्राणको आङ्गिरसत्व	२२
१७. प्राणका शुद्धताको प्रतिपादन	२२
१८. प्राणोपासकदेखि मृत्यु दूर रहन्छ—यसको उपपत्ति	२३
१९. प्राणद्वारा वाक् आदिलाई अग्नि आदि देव-भावमा प्राप्त गराउनु	२४
२०. प्राणको अन्नाद्यागान	२७
२१. प्राणको सर्वपोषकत्व र त्यसका यस प्रकारका उपासनाको फल	२७
२२. प्राणका आङ्गिरसत्वको उपपत्ति	२९
२३. प्राणका बृहस्पतित्वको उपपत्ति	३०
२४. प्राणका ब्रह्मणस्पतित्वको उपपत्ति	३०
२५. प्राणका सामत्वको उपपत्ति	३१
२६. प्राणका उद्‌गीथत्वको उपपत्ति	३२
२७. उक्त अर्थको पुष्टिका निमित्त आख्यायिका	३२
२८. सामका स्वभूत स्वरको सम्पादन गर्नाको आवश्यकता	३३
२९. सामको सुवर्ण जान्नाको फल	३४
३०. सामको प्रतिष्ठा गुण जान्नेलाई हुने फल	३४
३१. प्राणोपासकका निमित्त जपको विधान	३५
चतुर्थ ब्राह्मण	
३२. प्रजापति अहंनामा हुनाको कारण र त्यसको यस प्रकार उपासना गर्नाको फल	३८
३३. प्रजापतिलाई भय हुनु र विचारद्वारा त्यो हट्नु	३९
३४. प्रजापतिबाट मिथुनको उत्पत्ति	४१
३५. मिथुनद्वारा गो आदि प्रपञ्चको सृष्टि	४२
३६. प्रजापतिको 'सृष्टि' संज्ञा र सृष्टिरूपले उसको उपासना गर्नाको फल	४३
३७. प्रजापति अग्निआदिदेवरूप अतिसृष्टि	४४
३८. अव्याकृत कारणब्रह्मबाट व्यक्त जगत्‌को उत्पत्ति, दुवैको अभेद र यस अभेदोपासनाको फल	४६
३९. निरतिसय प्रियरूपले आत्माको उपासना	४८
४०. ब्रह्म सर्वरूप हुने विषयमा प्रश्न	४९

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
४१. ब्रह्मले के जान्यो ?-यसको उत्तर र त्यस प्रकार जान्नाको फल	४९
४२. क्षत्रिय-सर्ग तथा ब्राह्मण जातिका साथ तिनको संबन्धको वर्णन	५१
४३. वैश्य जातिको उत्पत्ति	५२
४४. शूद्र वर्णको उत्पत्ति	५३
४५. धर्मको उत्पत्ति, त्यसको प्रभाव एवं स्वरूपको वर्णन	५३
४६. आत्मोपासनाको आवश्यकता	५४
४७. कर्माधिकारी जीव कुन-कुन कर्मको कारण समस्त प्राणीको लोक हो ?	५६
४८. प्रवृत्तिको बीजभूत काम र पाऽक्त कर्मको वर्णन	५८
पञ्चम ब्राह्मण	
४९. सप्तान्न-सृष्टि, त्यसको विभाग र व्याख्या	६१
५०. आत्माका निमित्त तीन अन्न र उनको आध्यात्मिक विवेचन	६५
५१. आत्मार्थ अन्नको आधिभौतिक विस्तार	६७
५२. आत्मार्थ अन्नको आधिदैविक विस्तार	६९
५३. इन्द्ररूप प्राणको उत्पत्ति र त्यसका उपासनाको फल	६९
५४. आत्मार्थ अन्नको अन्तवान् र अन्तरहितरूपले उपासना गर्नाको फल	७०
५५. तीन अन्नवाला प्रजापतिको षोऽकल संवत्सररूपले निर्देश	७१
५६. अन्नोपासक नै सोह्रककावाला संवत्सर प्रजापति हो	७२
५७. लोकक्षय-प्राप्तिका साधन तथा देवलोकका उत्कृष्टताको वर्णन	७३
५८. संप्रतिकर्म र त्यसको परिणाम	७४
५९. संप्रत्तिकर्तामा वाक्आदि प्राणहरूको आवेशको प्रकार	७६
६०. व्रतमीमांसा-अध्यात्मप्राणदर्शन	७८
६१. अधिदैव दर्शन	८०
६२. प्राणव्रतको स्तुतिमन्त्र	८१
षष्ठ ब्राह्मण	
६३. पूर्वोक्त अविद्याकार्यको उपसंहार-नामसामान्यभूत वाक्	८३
६४. रूपसामान्य चक्षुको वर्णन	८४
६५. कर्मसामान्य शरीर र त्यसमा त्रयको अन्तर्भाव	८४

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय पृष्ठ

द्वितीय अध्याय

प्रथम ब्राह्मण

६६. ब्रह्मविद्याको उपदेश गर्ना निमित्त आफूकहाँ आएका गार्ग्यलाई अजातशत्रुले हजार गाई दान गर्नु, ८६

६७. गार्ग्यद्वारा आदित्यको ब्रह्मरूपले प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ८७

६८. गार्ग्यद्वारा चन्द्रान्तर्गत ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ८८

६९. गार्ग्यद्वारा विद्युदभिमानी पुरुषको ब्रह्मरूपले उपदेश तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ८९

७०. गार्ग्यद्वारा आकाश-ब्रह्मको उपदेश र अजातशत्रुबाट त्यसको प्रत्याख्यान ९०

७१. गार्ग्यद्वारा वायुब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ९१

७२. गार्ग्यद्वारा अग्नि-ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट उसको प्रत्याख्यान ९२

७३. गार्ग्यद्वारा जलान्तर्गत ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ९२

७४. गार्ग्यद्वारा आदर्शान्तर्गत ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ९३

७५. गार्ग्यद्वारा प्राण-ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ९४

७६. गार्ग्यद्वारा दिग्ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ९५

७७. गार्ग्यद्वारा छाया-ब्रह्मको प्रतिपादन र अजातशत्रुबाट त्यसको प्रत्याख्यान ९६

७८. गार्ग्यद्वारा देहान्तर्गत ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ९७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
७९. गार्ग्यको पराभव र अजातशत्रुका प्रति उनको उपसत्ति	९७
८०. गार्ग्यको हात समातेर अजातशत्रु एउटा सुतेका मानिस भएका ठाउँमा जानु र प्राणहरूका नामले नउठ्ता त्यसलाई घचघच्याएर जगाउनु	९८
८१. सुषुप्तिमा विज्ञानमयका स्थितिका विषयमा अजातशत्रुको प्रश्न	९९
८२. विज्ञानात्माको शयनस्थानको प्रतिपादन तथा 'स्वपिति' शब्दको निर्वचन	९९
८३. स्वप्नवृत्तिको स्वरूप	१०१
८४. सुषुप्तिको स्वरूप	१०१
८५. आत्माबाट जगत्को उत्पत्तिमा माकुरो र झिल्काको दृष्टान्त	१०३
द्वितीय ब्राह्मण	
८६. शिशुसंज्ञक मध्यम प्राणको त्यसका उपकरणका साथ वर्णन	१०४
८७. मध्यम प्राणरूप बाच्छाको नेत्रान्तर्गत सात अक्षितिहरू	१०५
८८. श्रोत्रादि प्राणहरूले सहित शिरमा चमस-दृष्टिको विधान	१०६
८९. श्रोत्रादिमा विभागपूर्वक सप्तर्षि-दृष्टि	१०८
तृतीय ब्राह्मण	
९०. ब्रह्मका दुइ रूप	१०९
९१. मूर्त्त-अमूर्त्तको विभागपूर्वक मूर्त्तरूप र त्यसका रसको वर्णन	१९९
९२. विशेषणसहित अमूर्त्तरूप र त्यसका रसको वर्णन	११०
९३. अध्यात्म मूर्त्तामूर्त्तको विभागपूर्वक मूर्त्तको वर्णन	१११
९४. अध्यात्म अमूर्त्तको उसका विशेषणहरू सहितवर्णन	११२
९५. लिङ्गशरीरात्मक पुरुषका स्वरूपको वर्णन	११२
चतुर्थ ब्राह्मण	
९६. याज्ञवल्क्य-मैत्रेयी-संवाद	११५
९७. मैत्रेयीको अमृतत्वसाधनविषयक प्रश्न	११७
९८. याज्ञवल्क्यको आश्वासन	११७
९९. प्रियतम आत्माका निमित्त नै अरू वस्तु प्यारा हुन्छन्	११८

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय पृष्ठ

१००. आत्मा सबसँग अभिन्न छ, यसको प्रतिपादन १२१
१०१. सबका आत्मस्वरूपताको ग्रहणमा दुन्दुभि, शङ्ख र वीणाको दृष्टान्त १२२
१०२. परमात्माका निःश्वासभूत ऋग्वेद आदि उसदेखि अभिन्न छन् यसको प्रतिपादन १२४
१०३. आत्मा नै सबको आश्रय हो-यसमा दृष्टान्त १२५
१०४. विवेकद्वारा देहादि विज्ञानघनस्वरूप हुनामा पानीमा हालेका नूनका ढीकाको दृष्टान्त १२७
१०५. मैत्रेयीको शङ्का र याज्ञवल्क्यको समाधान १२८
१०६. व्यवहार द्वैतमा छ, परमार्थ व्यवहारातीत छ १२९

पञ्चम ब्राह्मण

१०७. पृथ्वी आदिमा मधु-दृष्टि तथा उनका अन्तर्वर्त्ती पुरुषका साथ शारीर-पुरुषको अभिन्नता १३१
१०८. आत्माको सर्वाधिपतित्व र सर्वाश्रयत्वको निरूपण १४१
१०९. दध्यङ् आथर्वणले अश्विनी-कुमारलाई मधुविद्याको उपदेश गरेको आख्यायिका १४३

षष्ठ ब्राह्मण

११०. मधुविद्याको संप्रदाय-परम्परा १४८

तृतीय अध्याय

प्रथम ब्राह्मण

१११. याज्ञवल्कीय काण्ड १५२
११२. राजा जनकबाट सर्वश्रेष्ठ ब्रह्मवेत्तालाई हजार गाई दिने घोषणा गर्नु १५२
११३. याज्ञवल्क्यले गाईहरू लैजान आफ्ना शिष्यलाई आज्ञा दिनु, ब्राह्मण-हरूलाई रिस उठ्नु र अश्वलले प्रश्न गर्नु १५३
११४. मृत्युग्रस्त कर्म—साधनका आसक्तिबाट पार पाउने उपाय १५५
११५. अहोरात्रादिरूप कालबाट अतिमुक्तिको साधन १५६
११६. तिथ्यादिरूप कालबाट अतिमुक्तिको साधन १५७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
११७. परिच्छेदको विषयभूत मृत्यु पार गर्ने आश्रयको वर्णन	१५८
११८. शस्त्रसंबन्धी ऋचाहरू र उनबाट प्राप्त हुने फल	१५९
११९. होमसंबन्धी आहुतिहरू र उनबाट प्राप्त हुने फल	१६०
१२०. ब्रह्माका यज्ञरक्षाका साधन र त्यसबाट प्राप्त हुने फलको वर्णन	१६१
१२१. स्तवनसंबन्धी ऋचाहरूको र उनबाट प्राप्त हुने फलकी वर्णन	१६२
द्वितीय ब्राह्मण	
१२२. याज्ञवल्क्य-आर्त्तभाग–संवाद	१६४
१२३. ग्रह र अतिग्रहको संख्या एवं स्वरूप	१६४
१२४. घ्राणादि इन्द्रियको ग्रहत्व र गन्धादि विषयको अतिग्रहत्व-निरूपण	१६५
१२५. सर्वभक्षक मृत्यु कसको खाद्य हो ?	१६७
१२६. तत्त्वज्ञका देहावसानको क्रम	१६८
१२७. इन्द्रियाभिमानी देवताहरू निवृत्त भएपछि अस्वतन्त्र कर्ता पुरुषका स्थितिको विचार	१६९
तृतीय ब्राह्मण	
१२८. याज्ञवल्क्य-भुज्यु-संवाद	१७१
१२९. पारिक्षित कहाँ रहेका छन् ?	१७१
१३०. पारिक्षितहरूका गतिको वर्णन	१७२
चतुर्थ ब्राह्मण	
१३१. याज्ञवल्क्य-उषस्त-संवाद	१७५
१३२. सर्वान्तर आत्माको निरूपण	१७५
१३३. आत्माको अनिर्वचनीयता	१७६
पञ्चम ब्राह्मण	
१३४. याज्ञवल्क्य–कहोल-संवाद	१७९
१३५. संन्याससहित आत्मज्ञानको निरूपण	१७९
षष्ठ ब्राह्मण	
१३६. याज्ञवल्क्य- गार्गी-संवाद	१८२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
१३७. जलदेखि लिएर ब्रह्मलोकपर्यन्त उत्तरोत्तर अधिष्ठानतत्त्वको निरूपण	१८२
सप्तम ब्राह्मण	
१३८. याज्ञवल्क्य-आरुणि-संवाद	१८६
१३९. सूत्र र अन्तर्यामीका विषयमा प्रश्न	१८६
१४०. सूत्रको निरूपण	१८९
१४१. अन्तर्यामीको निरूपण	१८९
अष्टम ब्राह्मण	
१४२. दुइ प्रश्न सोध्नलाई गार्गीले आज्ञा माग्नु	२०१
१४३. पहिलो प्रश्न	२०२
१४४. याज्ञवल्क्यको उत्तर	२०३
१४५. उपक्रमणसहित दोस्रो प्रश्न	२०४
१४६. याज्ञवल्क्यको उत्तर	२०५
१४७. अनुमान प्रमाणद्वारा अक्षरको निरूपण	२०६
१४८. अक्षरको ज्ञान र अज्ञानको परिणाम	२०७
१४९. अक्षरको स्वरूप, लक्षण र अद्वितीयत्व	२०८
१५०. गार्गीको निर्णय	२०९
नवम ब्राह्मण	
१५१. याज्ञवल्क्य-शाकल्य-संवाद	२१०
१५२. देवताहरूको संख्या	२१०
१५३. तेत्तीस देवताको विवरण	२१२
१५४. वसु कुन हुन् ?	२१३
१५५. रुद्र कुन् हुन् ?	२१३
१५६. आदित्य कुन हुन् ?	२१४
१५७. इन्द्र र प्रजापति कुन हुन् ?	२१४
१५८. छ देवताको विवरण	२१५
१५९. देवताका तीन, दुइ र अध्यर्ध संख्याको विवरण	२१६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
१६०. अध्यर्धता र एक देवताको विवरण	२१६
१६१. प्राणब्रह्मका आठ प्रकारका भेद	२१७
१६२. याज्ञवल्क्यलाई चेतावनी	२२६
१६३. देवता र प्रतिष्ठासहित दिशाहरूका ज्ञानको प्रतिज्ञा	२२७
१६४. देवता र प्रतिष्ठासहित पूर्व दिशाको वर्णन	२२७
१६५. देवता र प्रतिष्ठासहित दक्षिण दिशाको वर्णन	२२९
१६६. देवता र प्रतिष्ठासहित पश्चिम दिशाको वर्णन	२३०
१६७. देवता र प्रतिष्ठासहित उत्तर दिशाको वर्णन	२३१
१६८. देवता र प्रतिष्ठासहित ध्रुवा दिशाको वर्णन	२३३
१६९. हृदय र शरीरको अन्योन्याश्रयत्व	२३४
१७०. समानपर्यन्त शरीरादिको प्रतिष्ठा तथा आत्मस्वरूपको वर्णन र शाकल्यको शिरः पतन	२३४
१७१. याज्ञवल्क्यवाट सभासद्हरूलाई प्रश्न गर्न आमन्त्रण	२३७
१७२. याज्ञवल्क्यको प्रश्न	२३८

चतुर्थ अध्याय

प्रथम ब्राह्मण

१७३. जनक–याज्ञवल्क्य-संवाद	२४२
१७४. जनकका सभामा याज्ञवल्क्यको आगमन, जनकको प्रश्न	२४२
१७५. शैलिनिले बताएका वाक्-ब्रह्मका उपासनाको फलसहित वर्णन	२४३
१७६. उदङ्कोक्त प्राण-ब्रह्मका उपासनाको फलसहित वर्णन	२४५
१७७. बर्कूले बताएका चक्षुर्ब्रह्मका उपासनाको फलसहित वर्णन	२४८
१७८. गर्दभीविपीतले कहेका श्रोत्र-ब्रह्मका उपासनाको फलसहित वर्णन	२५१
१७९. जावालोक्त मनोब्रह्मका उपासनाको फलसहित वर्णन	२५३
१८०. शाकल्योक्त हृदय-ब्रह्मका उपासनाको फलसहित वर्णन	२५५

द्वितीय ब्राह्मण

१८१. जनकको उपसत्ति	२६०

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	विषय	पृष्ठ
१८२.	दक्षिण नेत्रस्थ इन्द्रसंज्ञक पुरुषको परिचय	२६१
१८३.	वामनेत्रस्थ इन्द्रपत्नी तथा विराट्को परिचय र ती दुवैका संस्ताव, अन्त, प्रावरण एवं मार्गादिको वर्णन	२६१
१८४.	प्राणात्मभूत विद्वान्को सर्वात्मकताको वर्णन, जनकलाई अभयप्राप्ति र याज्ञवल्क्यका प्रति आत्मसमर्पण	२६३
	तृतीय ब्राह्मण	
१८५.	जनककहाँ याज्ञवल्क्य आउनु र राजाले पाएकों इच्छानुसार प्रश्न गर्न पाउने वरका कारण उनसँग प्रश्न गर्नु	२६७
१८६.	पुरुषका व्यवहारमा उपयोगी पाँच ज्योतिहरू	२६८
	(१) आदित्य ज्योति	२६८
	(२) चन्द्र ज्योति	२६८
	(३) अग्नि ज्योति	२३६
	(४) वाग्ज्योति	२७०
	(५) आत्मज्योति	२७१
१८७.	आत्माको स्वरूप	२७२
१८८.	आत्मा जन्म र मरणका साथ देहेन्द्रियरूप पापको ग्रण र त्याग गर्दछ	२७४
१८९.	आत्माका दुइ स्थानको वर्णन	२७४
१९०.	स्वप्नावस्थामा रथादिको अभाव छ, यस कारण त्यस समयमा आत्मा स्वयं ज्योति छ	२७५
१९१.	स्वप्न सृष्टिका विषयमा प्रमाणभूत मन्त्र	२७६
१९२.	स्वप्नस्थानका विषयमा मतभेद र उसको स्वयंज्योतिष्ट्वको निश्चय	२७८
१९३.	सुषुप्तिका भोगबाट आत्माको असंगता	२७९
१९४.	स्वप्नावस्थाको भोगबाट आत्माको असंगता	२८१
१९५.	जागरित अवस्थाका भोगबाट आत्माको असंगता	२८१
१९६.	पुरुषको अवस्थान्तर-संचारमा महामत्स्यको दृष्टान्त	२८२
१९७.	सुषुप्ति आत्माको विश्रान्ति-स्थान हो, यसमा बाजको दृष्टान्त	२८३
१९८.	स्वप्नदर्शनका स्थानभूत 'हिता' नाम गरेका नाडीहरूको वर्णन	२८३
१९९.	मोक्षको स्वरूप प्रदर्शित गर्नाका निमित्त स्त्रीसंयुक्त पुरुषको दृष्टान्त	२८५

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
२००. सुषुप्तिस्थ आत्माको निःसङ्ग र निःशोक स्थितिको वर्णन	२८७
२०१. सुषुप्तिमा स्वयंज्योति आत्माको दृष्टि आदिको अनुभव नहुनामा हेतु	२८८
२०२. जागरित र स्वप्नमा पुरुषलाई विशेष ज्ञान हुनामा हेतु	२९३
२०३. सुषुप्तिगत आत्माको अभिन्न स्थिति	२९४
२०४. निष्पाप तथा निष्काम श्रोत्रियको सार्वभौम आनन्दको दिग्दर्शन	२९५
२०५. जीवात्माको संसाररूप जागरित स्थानमा पुनरावृत्ति	२९७
२०६. मुमूर्षुका दशाको वर्णन	२९९
२०७. ऊर्ध्वोच्छ्वास किन र केको लागि हुन्छ ?	२९९
२०८. देहान्तर–ग्रहणको प्रकार	३००
२०९. प्राणहरू देहान्तरमा जाने प्रकार	३०१
चतुर्थ ब्राह्मण	
२१०. मरणोन्मुख जीवका दशाको वर्णन	३०३
२११. लिङ्गात्मामा विभिन्न इन्द्रियको लय र त्यसका उत्क्रमणको वर्णन	३०४
२१२. अर्को देहमा सर्ने विषयमा जूकाको दृष्टान्त	३०५
२१३. आत्माको देहान्तर-निर्माणमा सुवर्णकारको दृष्टान्त	३०६
२१४. सर्वमय आत्माको कर्मानुसार विभिन्न गतिहरूको निरूपण	३०७
२१५. कामनाका अनुसार शुभाशुभ गति तथा निष्काम ब्रह्मज्ञका मोक्षको निरूपण	३०९
२१६. विद्वान्को अनुत्क्रमण	३१०
२१७. आत्मकामी ब्रह्मवेत्तालाई मोक्ष प्राप्त हुन्छ, यसमा प्रमाणभूत मन्त्र	३११
२१८. मोक्षमार्गका विषयमा मतभेद	३१२
२१९. विद्यारत र अविद्यारत पुरुषको गति	३१३
२२०. अज्ञानीहरूलाई प्राप्त हुने अनन्दलोकको वर्णन	३१३
२२१. आत्मज्ञको निश्चिन्त स्थिति	३१४
२२२. आत्मज्ञको महत्व	३१४
२२३. आत्मज्ञान नहुँदा हुने दुर्गति	३१५
२२४. अभेददर्शी आत्मज्ञको निर्भयता	३१६
२२५. देवताहरूद्वारा उपास्य आयुःसंज्ञक ब्रह्म	३१६
२२६. सर्वाधारभूत ब्रह्मलाई जान्ने म अमृत नै हुँ	३१७

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
२२७. ब्रह्मलाई प्राणको प्राण आदि जान्नेहरू नै त्यसलाई जान्दछन्	३१७
२२८. नानात्वदर्शीका दुर्गतिको वर्णन	३१८
२२९. ब्रह्मदर्शनको विधि	३१८
२३०. ब्रह्मनिष्ठामा अधिक शास्त्राभ्यास बाधक छ	३१९
२३१. आत्माको स्वरूप, त्यसका उपलब्धिको साधनभूत संन्यास र आत्मज्ञका स्थितिको प्रतिपादन	३१९
२३२. ब्रह्मवेत्ताको स्थिति र याज्ञवल्क्यका प्रति जनकको आत्मसमर्पण	३२२
२३३. आत्मा अन्नाद र वसुदान छ—यस प्रकारका उपासनाको फल	३२४
२३४. ब्रह्मको स्वरूप ब्रह्मज्ञका स्थितिको वर्णन	३२५
पञ्चम ब्राह्मण	
२३५. याज्ञवल्क्य-मैत्रेयी-संवाद	३२६
२३६. याज्ञवल्क्य र उनका दुइ स्त्री	३२६
२३७. याज्ञवल्क्य-मैत्रेयी-संवाद	३२७
२३८. मैत्रेयीको अमृतत्व-साधन-विषयक प्रश्न	३२८
२३९. याज्ञवल्क्यको सान्त्वनापूर्वक समाधान	३२८
२४०. प्रियतम आत्माका निमित्त नै सब वस्तु प्रिय छन्	३२९
२४१. भेद-दृष्टिले हानि हुने देखाएर 'जे छ सब आत्मा नै हो' यस तत्त्वको उपदेश	३३२
२४२. सबलाई आत्मरूपले ग्रहण गर्नामा दृष्टान्त	३३३
२४३. निर्विशेष आत्माका विषयमा मैत्रेयीको शङ्का र याज्ञवल्क्यको समाधान	३३८
२४४. उपदेशको उपसंहार र याज्ञवल्क्यको संन्यास	३३९
षष्ठ ब्राह्मण	
२४५. याज्ञवल्कीय काण्डको वंश—परम्परा	३४२

पञ्चम अध्याय

प्रथम ब्राह्मण	
२४६. पूर्ण ब्रह्म र त्यसबाट उत्पन्न हुने पूर्ण कार्य	३४६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
२४७. ॐ खं ब्रह्म र त्यसका उपासनाको वर्णन	३४७
द्वितीय ब्राह्मण	
२४८. प्रजापतिले देव, मनुष्य र असुरलाई तीनैलाई एउटै अक्षर 'द' पृथक् पृथक् दम, दान र दयाको उपदेश गर्नु	३४९
तृतीय ब्राह्मण	
२४९. हृदय–ब्रह्मको उपासना	३५३
चतुर्थ ब्राह्मण	
२५०. सत्य ब्रह्मको उपासना	३५५
पञ्चम ब्राह्मण	
२५१. प्रथमज सत्य–ब्रह्म र 'सत्य' नामका अक्षहरूको उपासना	३५६
२५२. एक-दोस्रामा प्रतिष्ठित सत्यसंज्ञक आदित्यमण्डलस्थ र चाक्षुष पुरुष	३५७
२५३. अहः संज्ञक आदित्यमण्डलस्थ पुरुषका व्याहृतिरूप अवयव	३५८
२५४. अहं, संज्ञक चाक्षुष पुरुषको व्याहृतिरूप अवयव	३५९
षष्ठ ब्राह्मण	
२५५. हृदयस्थ मनोमय पुरुषको उपासना	३६१
सप्तम ब्राह्मण	
२५६. विद्युद्-ब्रह्मको उपासना	३६२
अष्टम ब्राह्मण	
२५७. धेनुरूपले वाणीको उपासना	३६३
नवम ब्राह्मण	
२५८. पुरुषान्तर्गत वैश्वानराग्नि, त्यसको घोष र मरणकालको सूचक अरिष्ट	३६५
दशम ब्राह्मण	
२५९. प्रकरणान्तर्गत उपासनाहरूबाट प्राप्त हुने गति	३६६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय	पृष्ठ
एकादश ब्राह्मण	
२६०. व्याधि, श्मशानगमन र अग्निदाहमा परम तपोदृष्टिको विधान	३६८
द्वादश ब्राह्मण	
२६१. अन्न-प्राणरूप ब्रह्मको उपासना र तद्विषयक आख्यान	३६९
त्रयोदश ब्राह्मण	
२६२. उक्थ-दृष्टिले प्राणोपासना	३७१
२६३. यजुर्दृष्टिले प्राणोपासना	३७२
२६४. साम-दृष्टिले प्राणोपासना	३७२
२६५. क्षत्र-दृष्टिले प्राणोपासना	३७३
चतुर्दश ब्राह्मण	
२६६. गायत्र्युपासना	३७४
२६७. गायत्रीको त्रैलोक्यरूप पहिलो पाउको उपासना	३७४
२६८. गायत्रीको त्रयी (वेद) रूप दोस्रो पाउको उपासना	३७५
२६९. गायत्रीको प्राणादिरूप तेस्रो पाउ र दर्शत परोरजारूप चौथो पाउको उपासना	३७६
२७०. गायत्रीको परम प्रतिष्ठा प्राण हो भन्ने र 'गायत्री' शब्दको निर्वचन एवं वटुलाई गरेका गायत्री-उपदेशको फल	३७७
२७१. अनुष्टुभ् सावित्री उपदेश गर्न निषेध र गायत्री सावित्रीको महत्त्व	३७८
२७२. गायत्रीका प्रत्येक पदका महत्त्वको दिग्दर्शन	३७९
२७३. गायत्रीको उपस्थान र त्यसको फल	३८१
२७४. गायत्रीको मुखविधानका निमित्त अर्थवाद	३८२
पञ्चदश ब्राह्मण	
२७५. ज्ञानकर्मसमुच्चयकारीको अन्तकालमा आदित्य र अग्निसँग प्रार्थना	३८४

षष्ठ अध्याय

प्रथम ब्राह्मण	
२७६. ज्येष्ठ श्रेष्ठ दृष्टिले प्राणकोपासना	३८६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	विषय	पृष्ठ
२७७.	वसिष्ठा-दृष्टिले वाक्को उपासना	३८७
२७८.	प्रतिष्ठा-दृष्टिले चक्षुको उपासना	३८८
२७९.	संपद्-दृष्टिले श्रोत्रको उपासना	३८८
२८०.	आयतन-दृष्टिले मनको उपासना	३८९
२८१.	प्रजाति-दृष्टिले रेतस्को उपासना	३८९
२८२.	आफ्नो श्रेष्ठताका निमित्त विवाद गर्दै वाक् आदि प्राणहरू ब्रह्माकहाँ जानु र ब्रह्माद्वारा त्यसको निर्णय गर्नलाई एक कसौटी बनाउनु	३९०
२८३.	आफ्नो उत्कृष्टताको परीक्षाका निमित्त वाक्को उत्क्रमण र पुनः प्रवेश	३९०
२८४.	चक्षुको उत्क्रमण र परीक्षामा असफल भएर पुनः प्रवेश	३९१
२८५.	श्रोत्रको उत्क्रमण र परीक्षामा असफल भई पुनः प्रवेश	३९२
२८६.	मनको उत्क्रमण र परीक्षामा असफल भएर पुनः प्रवेश	३९३
२८७.	जननेन्द्रियको उत्क्रमण र परीक्षामा असफल भई पुनः प्रवेश	३९३
२८८.	प्राणले उत्क्रमण गर्नासाथ सारा अन्य इन्द्रिय विचलित हुनु र प्राणको श्रेष्ठता स्वीकार गर्नु	३९४
२८९.	वाक् आदिले गरेको प्राणको स्तुति र उसलाई अन्न-वस्त्रको प्रदान	३९५
द्वितीय ब्राह्मण		
२९०.	प्रवाहणको सभामा श्वेतकेतु आउनु र प्रवाहणले उनीसँग प्रश्न गर्नु	३९९
२९१.	प्रवाहणका पाँच प्रश्न र श्वेतकेतुले ती सब प्रश्नप्रति अनभिज्ञता प्रकट गर्नु	४००
२९२.	श्वेतकेतु आफ्ना बाबुका साथमा आउनु र उल्याउनु	४०२
२९३.	पिता आरुणिले उनका विषयमा आफ्नो अनभिज्ञाता बताएर तिनलाई शान्त गर्नु र तिनको उत्तर जान्नाका निमित्त प्रवाहणकहाँ आउनु	४०३
२९४.	आरुणिले प्रवाहणसंग छोरालाई सोधेका कुरा भन्न प्रार्थना गर्नु	४०४
२९५.	प्रवाहणले त्यो त दैववर हो भनेर अर्को मानुषवर माग्न लगाउनु	४०४
२९६.	आरुणिको आग्रह र प्रवाहणका स्वीकृतिले आरुणिबाट वचनमात्रले राजाको शिष्यत्व स्वीकार गर्नु	४०४
२९७.	प्रवाहणको क्षमा-प्रार्थना र विद्यादानका निमित्त तत्परता	४०६

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

	विषय	पृष्ठ
२९८.	चतुर्थ प्रश्नको उत्तर-पञ्चाग्नि विद्या	४०६
	(१) द्युलोकाग्नि	४०६
	(२) पर्जन्याग्नि	४०७
	(३) इहलोकाग्नि	४०८
	(४) पुरुषाग्नि	४०९
	(५) योषाग्नि	४१०
२९९.	प्रथम प्रश्नको उत्तर-अन्त्येष्टि संस्काररूप अन्तिम आहुति	४१०
३००.	पञ्चम प्रश्नको उत्तर-देवयानमार्गको वर्णन	४११
३०१.	धूम-यान मार्गको वर्णन तथा द्वितीय र तृतीय प्रश्नको उत्तर	४१३
	तृतीय ब्राह्मण	
३०२.	श्रीमन्थ कर्म र त्यसको विधि	४१७
३०३.	मन्थकर्मको सामग्री र हवन-विधि	४१७
३०४.	हवनका मन्त्र	४१८
३०५.	मन्थाभिमर्शको मन्त्र	४२२
३०६.	मन्थलाई उठाउने मन्त्र	४२३
३०७.	मन्थभक्षणको विधि	४२३
३०८.	मन्थकर्मको वंश	४२५
३०९.	मन्थकर्मका सामग्रीको विवरण	४२८
	चतुर्थ ब्राह्मण	
३११.	सन्तानोत्पत्ति-विज्ञान अथवा पुत्रमन्थकर्म	४३०
३११.	कामना अनुसारका भोज्यविधान	४४०
३१२.	जातकर्म	४४७
	पञ्चम ब्राह्मण	
३१३.	समस्त प्रवचनको वंश	४५२

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

तत्सद् ब्रह्मणे नमः

बृहदारण्यकोपनिषद्

शान्तिपाठः

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।।
ॐ शान्तिः शान्तिः शान्तिः

दण्डान्वयी पदार्थ

अदः — त्यो (परब्रह्म) पूर्णम् — पूर्ण छ, इदम् — यो (कार्यब्रह्म) पनि, पूर्णम् — पूर्ण छ, (किनभने) पूर्णम् — कार्यात्मक ब्रह्म, पूर्णात् — कारणात्मक ब्रह्मबाट, उदच्यते — प्रकट हुन्छ, (यस कारण) पूर्णस्य — कार्यात्मक ब्रह्मको, पूर्णम् — पूर्णत्व, आदाय — लिएर, पूर्णम् एव — शुद्ध ब्रह्म नै अवशिष्यते — शेष रहन्छ ।

शान्तिः शान्तिः शान्तिः — त्रिविध तापको शान्ति होओस् ।

सरल व्याक्यार्थ

त्यो निरूपाधिक परब्रह्म पूर्ण (व्यापक) छ । कतै नभएको छैन । यो सोपाधिक (नाम-रूपमा रहेको व्यवहारदशामा प्राप्त) कार्यब्रह्म पनि पूर्ण नै छ । किनभने, यो विशेष अवस्थामा प्राप्त कार्यब्रह्म पूर्ण कारणब्रह्म (परब्रह्म) बाट प्रकट हुन्छ । कार्यरूपले प्रकट भए पनि जो पूर्णत्व (परमात्मभाव) हो, त्यसलाई छोड्दैन, अर्थात् पूर्णरूपै प्रकट भएको हुन्छ । यस कारण कार्यात्मक ब्रह्मको पूर्णत्व लिएर अर्थात् आत्मस्वरूपसँग मिलान गरेर (पृथिव्यादि भूतसँगको संसर्गले गर्दा 'यो अर्कै हो ' भन्ने पर्न गएको प्रतीतिलाई मेटेर) पूर्ण (न भित्रको न बाहिरको) प्रज्ञान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घनैकरस-स्वभाव (ठोस ज्ञान–रूप एकै स्थितिमा रहने स्वभावको) ब्रह्म नै शेष रहन्छ । मतलब–अद्वैत कायमै हुन्छ ।

आध्यात्मिक., आधिदैविक र आधिभौतिक तीनै तापको शान्ति होओस् ।

प्राक्कथन

उषा वा अश्वस्य आदि गरिएको उपनिषद् यजुर्वेदका काण्व शाखाको वाजसनेयी ब्राह्मण उपनिषद् हो । ब्रह्मविद्या आफूमा लागेकाहरूको कारणसहितै संसार उच्छिन्न गरिदिने हुनाले 'उपनिषद्' शब्दले व्यवहार गरिन्छ । उप-नि-पूर्वक सद् धातुको अर्थ त्यै छ । त्यस ब्रह्मविद्या निमित्तको ग्रन्थ हुनाले ग्रन्थ पनि उपनिषद् भनिन्छ । यो ६ अध्यायको छ । अरण्य (वन) मा प्रवचन गरिने हुनाले 'आरण्यक' भनिन्छ । ग्रन्थरूपमा र अर्थरूपमा पनि ठूलो हुनाले वृहदारण्यक नामले प्रसिद्ध छ ।

सबै नै वेद प्रत्यक्ष र अनुमानले नजानिने–इष्टप्राप्ति र अनिष्टपरिहारको उपाय प्रकाश गर्नमा छ । किनभने सबै मनुष्यलाई इष्टप्राप्ति र अनिष्टपरिहार गर्नु अपेक्षित छ । देखिने कुरामा त तिनको उपाय-ज्ञान प्रत्यक्ष र अनुमानबाट नै सिद्ध हुनाले शास्त्र-प्रमाणको आवश्यकता पर्दैन । तर अदृष्ट विषयमा पर्दछ । इष्टप्राप्ति र अनिष्टपरिहारको इच्छा पनि जन्मान्तरसँग संबन्ध राख्ने आत्माको अस्तित्व-ज्ञान भएमा मात्र हुने हुन्छ । त्यस कारण जन्मान्तरसँग संबन्ध राख्ने आत्माको अस्तित्व र जन्मान्तरका इष्टप्राप्ति र अनिष्टपरिहारको उपायविशेष-निरूपण गर्नामा शास्त्र प्रवृत्त हुन्छ । जस्तो कि "मरेका मनुष्यका विषयमा यस्तो शंका हुन्छ—कोही भन्छन् शरीरादि भिन्न देहान्तरसंबन्धी आत्मा रहन्छ र कोही भन्छन् यो रहँदैन " (कठ० उ० १।१।२०।) यसरी शुरू गरेर "आत्मा छ " भनेर नै जान्नुपर्दछ " (कठ० उ० २।३ १३ ।) भन्ने इत्यादि निर्णय गरेको देखिन्छ । तथा ब्रह्मलाई नजानेमा मृत्यु भएपछि आत्मा जस्तो हुन जान्छ " (क० उ० २।२।६) यसरी शुरू गरेर "जसले जस्तो कर्म गरेको छ, जस्तो शास्त्रज्ञान प्राप्त गरेको छ, उहीअनुसार कोही देहधारण गर्ना निमित्त कुनै योनिमा प्राप्त हुन्छन्, कोही स्थावर हुन जान्छन् ।" यसरी ; त्यस्तै "स्वयं प्रकाश छ " बृ० उ० ४।३।९) यसरी प्रारम्भ गरेर "ज्ञान र कर्म उसका जन्मान्तरका आरम्भक हुन्छन् (बृ० उ० ४।४।२।) पुण्य कर्मले पुण्यवान् हुन्छ, पाप कर्मले पापमय हुन्छ " बृ० ३।२।१३) यसरी र यस्तै "बुझाउनेछु" (२।१।१५) भनी उपक्रम गरेर "आत्मा विज्ञानमय छ " (२।१।१६) यसरी देहादिभिन्न आत्माको अस्तित्व बताइएको छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अर्को देहसँग संबन्ध राख्ने आत्मा छ' भनी जान्ने र देहान्तर्गत इष्टप्राप्ति र अनिष्टपरिहारको उपाय चाहनेका निमित्त उपायविशेष ज्ञान गराउना निमित्त कर्मकाण्ड आरम्भ गरिएको हो। त्यसमा इष्टप्राप्ति र अनिष्टपरिहारको चाहना हुनामा कारणभूत आत्मविषयक अज्ञान ('कर्त्ता, भोक्ता हुँ' भन्ने) लाई त्यसको विपरीत ब्रह्मात्मस्वरूप–ज्ञानद्वारा हटाएको छैन। जहाँसम्म त्यो अज्ञान हटाइँदैन, त्यहाँसम्म कर्मफलप्रतिका राग-द्वेषादि स्वाभाविक दोषले गर्दा शास्त्रकथित विधि र निषेधको समेत उल्लंघन गरेर रहेको मनुष्य मन, वचन, शरीरले दृष्ट–अदृष्ट अनिष्टको साधनभूत अधर्मनामक कर्म ज्यादै नै जम्मा गर्दछ, त्यसले स्थावर (वृक्ष, लता आदि) हुन जानुपर्यन्तको अधोगति हुन्छ। कहिले चाहिं शास्त्रोक्त संस्कार बलियो हुन आउँछ र मन, वचन आदिले इष्ट कुराको साधनभूत धर्म-नामक कर्म निकै जम्मा गर्दछ।

त्यो धर्म दुइ प्रकारको छ — ज्ञानपूर्वक र केवल। तिनमा केवल धर्म पितृ-लोकादि प्राप्तिरूप फल दिलाउने हो। ज्ञानपूर्वक धर्म देवलोकदेखि लिएर ब्रह्म-लोकसम्मको प्राप्तिरूप फल दिलाउने हो। शास्त्र यस्तै छ – "देवोपासकभन्दा आत्मोपासक श्रेष्ठ हो।" (शतपथ ब्राह्मण) इत्यादि। स्मृति पनि – "कर्म दुइ प्रकारको छ" (मनु०१२।८८।) इत्यादि। धर्म र अधर्म बराबर भयो भने मनुष्यत्व प्राप्ति हुन्छ। यसरी स्वाभाविक अविद्या आदि दोषले भरिएको धर्म-अधर्म-रूप साधनले गराएको, नामरूप कर्म आश्रय भएको ब्रह्मदेखि लिएर स्थावरसम्मको संसार गति छ। त्यै यो साध्य-साधनरूप व्याकृत जगत् उत्पत्तिभन्दा पहिले अव्याकृत थियो। आत्मामा क्रिया, कारक, एवं फलको आरोपरूप यो अविद्याकृत संसार बीज र अंकुरकै समान प्रवाहरूपले आदि-अन्तरहित अनर्थरूप छ। यस कारण यसबाट विरक्त भएका पुरुषको अविद्या निवृत्त गराउना निमित्त यसदेखि विपरीत ब्रह्मविद्याको प्राप्तिरूप प्रयोजन भएको यो उपनिषद् आरम्भ गरिन्छ।

यस उपनिषद्को आरम्भमा कहिएको अश्वमेध कर्मसंम्बन्धी विज्ञानको त यै प्रयोजन हो कि जसको असामर्थ्यवश अश्वमेध यज्ञमा अधिकार छैन, तिनलाई यस यज्ञविद्याका ज्ञानले नै यज्ञको फल-प्राप्ति। जस्तो कि "ज्ञान (उपासनाले) अथवा कर्मले यसको फलप्राप्ति हुन्छ", त्यो यो (प्राणदर्शन) लोकप्राप्तिको साधन हो।" बृ उ० १।३।२८) इत्यादि श्रुति छन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ भनिएला कि 'अश्वमेध-विज्ञान अश्वमेध-कर्मका साथ नै संबन्ध राख्तछ 'तर यो ठीक होइन। किनभने "जो अश्वमेधले यजन गर्दछ अथवा यसलाई यस प्रकार जान्दछ, त्यो सब पापलाई पार गर्दछ।" यस प्रकार कर्मको ज्ञान र अनुष्ठानको विकल्प कथन गर्ने श्रुति छ। यो बाहेक यसको उल्लेख विद्या– (उपासना) प्रकरणमा हुनाले र अश्वमेध बाहेकको चित्याग्निकर्ममा यसको संपादन देख्नाले पनि यो ज्ञान हुन्छ कि अश्वमेध-विज्ञानबाट पनि अश्वमेधकै फल मिल्छ। समस्टि-व्यष्टि हिरण्यगर्भको प्राप्तिरूप फलवाला हुनाले समस्त कर्महरूमध्ये अश्वमेध-कर्म उत्कृष्ट छ। यहाँ ब्रह्मविद्याका आरम्भमा यसको उल्लेख गरेको समस्त कर्म संसार-संबन्धी छन् भन्ने प्रदर्शन गराउना निमित्त हो। यै छाँटसँगै श्रुति हिरण्यगर्भलाई क्षुधारूप मृत्युभावको प्राप्ति देखाउनेछ।

अश्वका अवयवहरूमा कालादि-दृष्टि

ॐउषा वा अश्वस्य मेध्यस्य शिरः। सूर्यश्चक्षुर्वातः प्राणो व्यात्तमग्निर्वैश्वानरः संवत्सर आत्माश्वस्य मेध्यस्य। द्यौः पृष्ठमन्तरिक्षमुदरं पृथिवी पाजस्यं दिशः पार्श्वे अवान्तरदिशः पर्शव ऋतवोऽङ्गानि मासाश्चार्धमासाश्च पर्वाण्यहोरात्राणि प्रतिष्ठा नक्षत्रान्यस्थीनि नभो मांसानि। ऊवध्यꣳ सिकताः सिन्धवो गुदा यकृच्च क्लोमानश्च पर्वता ओषधयश्च वनस्पतयश्च लोमान्युद्यन्पूर्वार्धो निम्लोचञ्जघनार्धो तद्विजृम्भते तद्विद्योतते यद्विधूनुते तत्स्तनयति यन्मेहति तद्वर्षति वागेवास्य वाक् ॥१॥

वै — स्मरण हुन्छ, मेध्यस्य — यज्ञमा कामलाग्दो, अश्वस्य — घोडाको, उषा — ब्राह्म मुहूर्त्त, शिरः — टाउको हो, सूर्यः — सूर्य, चक्षुः — आँखा हो, वातः — वायु, प्राणः — प्राण हो, वैश्वानरः — अग्निः — वैश्वानर नामक अग्नि, व्यात्तम् — बाएको (मुख) हो, मेध्यस्य — यज्ञमा कामलाग्दो, अश्वस्य — घोडाको, संवत्सरः — वर्ष, आत्मा — आत्मा हो, द्यौः — द्युलोक, पृष्ठम् — पीठ हो, अन्तरिक्षम् — अन्तरिक्ष, उदरम् — पेट हो, पृथिवी — पृथिवी, पाजस्यम् — खुट्टा राख्ने ठाउँ हो, दिशः — चार दिशा, पार्श्वे — अगल-बगल हुन्, अवान्तरदिशः आग्नेय आदि कोण दिशाहरू, पर्शवः — अगल-बगलका हाड हुन्, ऋतवः — ऋतुहरू, अङ्गानि — अङ्गहरू हुन्, मासाः — महीनाहरू, च — र, अर्धमासाः — पक्षहरू, च — पनि, पर्वाणिः — सन्धिहरू (जोर्नी) हुन्, अहोरात्राणि — दिन-रातहरू प्रतिष्ठा :— खुट्टाहरू हुन्, नक्षत्राणि — नक्षत्रहरू अस्थीनि — हाडहरू हुन्, नभः — आकाशस्थ मेघ, मांसानि — मासु हो, सिकताः — बालुवा, ऊवध्यम् — उदरस्थ अर्धपक्व अन्न हो, सिन्धवः — नदीहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुदाः — नाडीहरू हुन्, पर्वताः — पर्वतहरू, यकृत् — कलेजो, च — र, क्लोमानः हृदयस्थ मांसखण्ड, च — पनि हुन्, ओषधयः — अन्नका बोटहरू, च — र, वनस्तपयः — वृक्षहरू, च — पनि, लोमानि — रौं-केशहरू हुन्, उद्यन् — चढ्दा सूर्य, पूर्वार्धः — नाभिदेखि माथिल्लो भाग हो, निम्नोचन् — ढल्दा सूर्य, जघनार्धः — नाभिमन्तिरको भाग हो यद् — जो, विजृम्भते — जीउ तन्काउनु हो, तद् — त्यो, विद्योतते — बिजुली–चम्कनु हो, यद् — जो, विधूनुते — जीउ फट्कार्नु हो, तद् — त्यो, स्तनयति — मेघ गर्जनु हो, यद् — जो, मेहति — मूत्रत्याग गर्नु हो, तद् — त्यो, वर्षति — वर्षनु हो, वाक् — शब्द, एव — नै, अस्य — यस (घोडाको) वाक् — हिनहिनाउनु हो ।

वाक्यार्थ — सम्झिन्छ कि प्रसिद्ध ब्राह्म मुहूर्त यज्ञसंबन्धी घोडाको टाउको हो, सूर्य आँखा हो, वायु प्राण हो, वैश्वानर अग्नि खुलेको मुख हो, वर्ष यज्ञ-संबन्धी घोडाको आत्मा हो, द्युलोक पीठ हो, अन्तरिक्ष पेट हो, पृथ्वी टेक्ने ठाउँ हो, पूर्व आदि दिशा अगल-वगलका भाग हुन्, आग्नेय आदि विदिशा पार्श्व भागका हाड हुन्, ऋतुहरू अङ्ग हुन्, महीना र पक्ष जोर्नीहरू हुन्, दिन र रात खुट्टा हुन्, नक्षत्रहरू हाड हुन्, मेघ मासु हो, बालुवा पेटमा रहेको अधपक्का अन्न हो, नदीहरू नाडी हुन्, पहाडहरू कलेजो र हृदयस्थ मांसपिंड हो, धान्यका बोट र रूखहरू रौं-केश हुन्, चढ्दा सूर्य नाभिदेखि माथिल्लो जीउ हो, ढल्दा सूर्य नाभिदेखि तल्लो जीउ हो, घोडाले हाई गरी आङ तन्काउनु बिजुली चम्कनु हो, शरीर फड्कार्नु मेघ गर्जनु हो, मूत्र त्याग गर्नु पानी पर्नु हो र शब्द नै त्यसको हिन-हिनाउनु हो ।

अश्वमेधसंबन्धी महिमा नामका ग्रह आदिमा अहरादि दृष्टि

सम्बन्ध — सुन र चाँदीका 'महिमा' नाम गरेका दुइ यज्ञीय पात्र घोडाका अगिल्तिर र पछिल्तिर राखिन्छन् । यो त्यस विषयको दृष्टि (भावना हो ।

अहर्वा अश्वं पुरस्तान्महिमान्वजायत तस्य पूर्वे समुद्रे योनी रात्रिरेनं पश्चान्म-हिमान्वजायत तस्यापरे समुद्रे योनिरेतौ वा अश्वं महिमानावभितः सम्बभूवतुः । हयो भूत्वा देवानवहद्वाजी गन्धर्वानर्वासुरानश्वो मनुस्यान् समुद्र एवास्य बन्धुः समुद्रो योनिः ॥ २ ॥

इति प्रथमं ब्राह्मणम्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — वै — निस्यै हो, अहः — दिन, अश्वं पुरस्तात् — घोडाका अगाडि, महिमा — सुनको पात्र, अन्वजायत — भयो । तस्य — त्यसको, पूर्वे समुद्रे — पूर्वी समुद्र, योनिः — प्राप्त गर्ने ठाउँ हो, (तथा) रात्रिः — रात, एनम् पश्चात् — यस (घोडा)का पछिल्तिर, महिमा — चाँदीको पात्रविशेष, अन्वजायत — भयो, तस्य — त्यसका, अपरे समुद्रे — पश्चिमी समुद्र, योनि— प्राप्त गर्ने ठाउँ हो, एतौ वै — यिनै दुइ, महिमानौ — पात्रविशेष, अश्वम् अभित घोडाका दुइतिर, सम्बभूवतुः — प्रकट भए, (यसले) हयः — हय, भूत्वा — भएर देवान् — देवताहरूलाई, अवहत् — बोक्यो, वाजी भूत्वा — वाजी भएर, गन्धर्वान् — गन्धर्वहरूलाई, अवहत् — बोक्यो, अर्वा भूत्वा — अर्वा भएर, असुरान् — दैत्य–दानवहरूलाई, अवहत् — बोक्यो, अश्वः भूत्वा — अश्व भएर, मनुष्यान् — मनुष्यहरूलाई, अवहत् — बोक्यो, अस्य — यस घोडाको, समुद्र एव — परमात्मा नै, बन्धुः — बाँधिने ठाउँ हो, समुद्रः — परमात्मा नै, योनिः उत्पत्तिको कारण हो ।

स० वा० — निस्सै दिन नै घोडाको अघिल्तिर रहने सुनको पात्ररूपमा प्रकट भयो । त्यस पात्रको पूर्वी समुद्र प्राप्तिस्थान हो । रात घोडाका पछिल्तिर रहने चाँदीको पात्ररूपमा प्रकट भयो । त्यस पात्रको प्राप्ति-स्थान पश्चिमी समुद्र हो । यिनै दुइ 'महिमा' नामका पात्र अश्वमेधीय घोडाका दुइतिर प्रकट भएका हुन् । यस घोडाले 'हय' भएर देवतालाई 'वाजी' भएर गन्धर्वलाई, 'अर्वा' भएर दैत्य-दानवलाई र अश्व भएर मनुष्यलाई बोकेको हो । परमात्मा नै यो घोडाको रहने ठाउँ हो र उत्पत्तिको कारण पनि हो ।

टिप्पणी — हय, वाजी, अर्वा,अश्व यी घोडाका पृथक् पृथक् जात हुन् । यस कण्डिकामा 'अवहत् को अर्थ अश्वमेधीय घोडा प्रजापतिस्वरूप हुनाले देवता-लाई देवत्व, गन्धर्वलाई गन्धर्वत्व, असुरलाई असुरत्व र मनुष्यलाई मनुष्यत्व प्राप्त गरायो भन्ने र 'समुद्र शब्दको अर्थ यथाश्रुत समुद्र भन्ने पनि गरिएको छ ।

पहिला अध्यायमा पहिलो अश्वमेध ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीय ब्राह्मण
अश्वमेधसंबन्धी अग्निको उत्पत्ति

नैवेह किञ्चनाग्र आसीन्मृत्युनैवेदमावृतमासीत् । अशनाययाशनाया हि मृत्युस्तन्मनोऽकुरुतात्मन्वी स्यामिति । सोऽर्चन्नचरत्तस्यार्चत आपोऽजायन्तार्चते वै मेकमभूदिति तदेवार्कस्यार्कत्वं कꣳ ह वा अस्मै भवति य एवमेतदर्कस्यार्कत्वं वेद॥१॥

पदार्थ — अग्रे — सृष्टि हुनुभन्दा अघि, इह — यहाँ, किञ्चन अपि — केही-पनि, न एव आसीत् — थिएन, इदम् — यो वर्तमान कार्य (जगत्) अशनाया-बुभुक्षारूप, मृत्युना — मृत्यु (हिरण्यगर्भले) एव — नै, आवृतम् — ढाकिएको थियो, हि — ठीक हो, अशनाया — खाने इच्छा, मृत्युः — मृत्यु हो, सः — त्यो, (हिरण्यगर्भरूप) मृत्युले, तत् — त्यो (कार्य आलोचन गर्न समर्थ) मनः — मन, अकुरुत — सिर्ज्यो, सः — त्यसले, अर्चन् — (आफूलाई) पूजा गर्दै, अचरत् कृतार्थ छु भन्ने भाव गऱ्यो, तस्य अर्चतः — त्यो हिरण्यगर्भ पूजा गर्न लाग्दा, आपः — जल, अजायन्त — उत्पन्न भयो, वै — निश्चय, अर्चते — पूजा गर्न लाग्दा, मे — मेरा निमित्त, कम् — जल, अभूत् — उब्ज्यो, इति — यस्तो, (अमन्यत) — ठान्यो, तत् एव — त्यसै कारणले अर्कस्य — अश्वमेधका अग्निको अर्कत्वम् — अर्कत्व हो, यः — जो, एतत् — यो, अर्कस्य — अर्क (अग्नि) को, अर्कत्वम् — अर्कत्व, एवम् — यसरी वेद — जान्दछ, अस्मै — यसलाई, कम् — जल वा सुख, भवति — प्राप्त हुन्छ ।

वाक्यार्थ — सृष्टि हुनुभन्दा अघि यहाँ केही पनि थिएन । यो जगत् बुभुक्षारूप मृत्यु (हिरण्यगर्भ) ले ढाकिएको थियो । बुभुक्षा मृत्यु हो । त्यस हिरण्यगर्भरूप मृत्युले मनवाला हुँ भनेर आलोचन गर्न सक्ने मन सिर्ज्यो । त्यसले आफूलाई पूजा गर्दै म कृतार्थ छु भन्ने ठान्यो । अनि त्यस हिरण्यगर्भले पूजा गर्दा जल उत्पन्न भयो । निश्चय नै पूजा गर्दा मेरा निमित्त जल उब्ज्यो भनी ठान्यो । त्यसैले अश्वमेध यज्ञको उपयोगि अग्नि 'अर्क' भनिएको हो । जसले यसरी अर्क (अग्नि) को अर्कत्व जान्दछ त्यसलाई जल वा सुख प्राप्त हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टिप्पणी — खाने प्राणीले अशनाया (खाने इच्छा — भोक) भएर नै जन्तु हरूलाई मार्दछ । यस आशयले यहाँ अशनायालाई मृत्यु भनिएको छ । त्यो अशनाया बुद्धिको धर्म हो र बुद्धि अवस्थाको हिरण्यगर्भ नै मृत्यु भनिएको हो ।

जलबाट विराट्रूप अग्निको उत्पत्ति

के हो त अर्क ?

आपो वा अर्कस्तद्यदपाꣳ शर आसीत्समहन्यत । सा पृथिव्यभवत्तस्यामश्राम्यत्तस्य श्रान्तस्य तप्तस्य तेजोरसो निरवर्त्ततााग्निः ॥ २ ॥

पदार्थ — आपः — जल, वै — नै, अर्कः— अर्क हो, तत् — त्यसमा, मत् — जो, अपाम् —जलको, शरः— बाक्लो भाग, आसीत् — थियो, तत्— त्यो, समहन्यत — गठ्ठिन गयो, सा— त्यो, पृथिवी — पृथ्वी, अभवत् —भयो, तस्याम् — त्यो पृथ्वी (बनेपछि), (सः)— त्यो (हिरण्यगर्भ) अश्राम्यात् — थकित भयो, श्रान्तस्य—थाकेका, अतएव तप्तस्य—खिन्न भएका (हिरण्यगर्भको) तेजोरसः— तेजको सार, निरवर्त्तत — (हिरण्यगर्भका शरीरबाट) निस्क्यो, (सः)— त्यो, अग्निः— अग्नि हो ।

वाक्यार्थ — जल नै अर्क (अग्नि) को कारण हुनाले अर्क हो । त्यसमा जो घनभाग थियो, त्यो अठ्ठिन गयो र पृथ्वी भयो। त्यो बनेपछि हिरण्यगर्भ थाक्यो । थाकेर खिन्न भएका हिरण्यगर्भका तेजको सार शरीरबाट निस्क्यो । त्यो अग्नि हो । (त्यो ब्रह्माण्डको मित्र प्रथमोत्पन्न विराट् प्रजापति हो) ।

विराट्रूप अग्निका अवयवहरूमा प्राची दिगादि दृष्टि

स त्रेधात्मानं व्यकुरुतादित्यं तृतीयं वायुं तृतीयꣳ स एष प्राणस्त्रेधा विहितः । तस्य प्राची दिक् शिरोऽसौ चासौ चेमौ । अथास्य प्रतीची दिक् पुच्छमसौ चासौ च सक्थ्यौ । दक्षिणा चोदीची च पार्श्वे द्यौःपृष्ठमन्तरिक्षमुदमियमुरः । स एषोऽप्सु-प्रतिष्ठितो यत्र क्व चैति तदेव प्रतितिष्ठत्येवं विद्वान् ॥३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — सः — त्यो प्रजापतिले, आत्मानम् — आफूलाई, त्रेधा — तीन प्रकारले, व्यकुरुत — भाग लगायो, आदित्यम— सूर्यलाई, तृतीयम् — (अग्नि र वायुका अपेक्षा) तेस्रो, वायुम् — वायुलाई, तृतीयम्– (अग्नि र सूर्यको अपेक्षा) तेस्रो, अकुरुत — बनायो, सः — त्यो संपूर्ण भूतको आत्मा भएको, एषः — यो प्राणः — प्राण पनि, त्रेधा — अग्नि, वायु, सूर्यरूपले तीन प्रकारको, विहित — (स्वयं) बनायो, तस्य — त्यस अग्निको, प्राची दिक् — पूर्व दिशा, शिरः — टाउको हो, असौ च असौ — यी ऐशानी र आग्नेयी दिशा, ईमौ — पाखुरा हुन्, अथ — तथा, अस्य — यस अग्निको, प्रतीची दिक् — पश्चिम दिशा, पुच्छम्— निम्न भाग हो, असौ च असौ च — वायव्य र नैऋत्य विदिशा, सक्थ्यौ —तिघ्रा हुन्, दक्षिणा च उदीची च — दक्षिण र उत्तर दिशा, पार्श्वे — दायाँ–बायाँ बगल हुन्, द्यौः — द्युलोक, पृष्ठम् — पीठ हो, अन्तरिक्षम् — अन्तरिक्ष, उदरम् — पेट हो, इयम् — यो पृथ्वी, उरः — छाती हो, सः एषः — त्यो लोकादि-स्वरूप प्रजापतिरूप अग्नि, अप्सु — पानीमा प्रतिष्ठितः — रहेको छ, एवम् — यसरी, विद्वान् — जान्ने मानिस, यत्र क्व वा — जहाँ कहीं पनि, एति — जान्छ, तत् एव — त्यहीं, प्रतितिष्ठति — रहन पाउँछ ।

वाक्यार्थ — त्यो प्रजापतिले आफूलाई तीन प्रकारको बनायो । सूर्यलाई अग्नि र वायुका लेखा तेस्रो वायुलाई अग्नि र सूर्यका लेखा तेस्रो (तथा अग्निलाई वायु र सूर्यका लेखा तेस्रो) बनायो र संपूर्ण भूतको आत्मा भएको यो प्राण पनि अग्नि-वायु सूर्यरूपले तीन प्रकारको भयो । त्यस अश्वमेधीय अग्निको पूर्व दिशा शिर, ऐशान र आग्नेय विदिशा पाखुरा हुन् । पश्चिम दिशा निम्न भाग हो । वायव्य र नैऋत्य विदिशा तिघ्रा हुन्। दक्षिण-उत्तर दिशा दायाँ-बायाँ बगल हुन्। द्युलोक पीठ, अन्तरिक्ष पेट र पृथ्वी छाती हो । यो लोकादिस्वरूप प्रजापतिरूप अग्नि जलमा रहेको छ । यसरी जान्ने मानिस जहाँ-कहीं पनि जाओस् त्यहाँ राम्ररी रहन पाउँछ ।

संवत्सर र वाक्को उत्पत्ति

सोऽकामयत द्वितीयो म आत्मा जायेतेति स मनसा वाचं मिथुनꣳ समभवदशनाया मृत्युस्तद्यद्रेत आसीत्स संवत्सरोऽभवत् । न ह पुरा ततः संवत्सर आस तमेतावन्तं कालमबिभः । यावान्संवत्सरस्तमेतावतः कालस्य परस्तादसृजत । तं जातमभिव्याददात्स भाणकरोत्सैव वागभवत् ॥४ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — सः — त्यो, अशनाया — बुभुक्षारूप, मृत्युः — मृत्युले, मे — मेरो, द्वितीयः — दोस्रो,आत्मा — शरीर,जायेत — उत्पन्न होओस्,इति —यस्तो अकामयत — कामना गऱ्यो, (र) सः — त्यसले, मनसा — मन, सह — सँग, वाचम् — वेदवाणीलाई, मिथुनम् — जोडी, समभवत् — भावना गऱ्यो, तत् — त्यस जोडीमा, यद् —जो, बीज—(ज्ञानकर्मरूप) आसीत्—थियो । सः—त्यो, संवत्सरः — वर्ष-निर्माता प्रजापति, अभवत् — भयो, ततः — त्यस वर्ष-निर्माता प्रजापतिभन्दा, पुरा —अघि, संवत्सरः—वर्ष रूपकाल, न ह आस–अवश्य थिएन, तम् — त्यो वर्ष-निर्माता प्रजापतिलाई, एतावन्तम् कालम् – यत्ति कालसम्म, अबिभः — धारण गऱ्यो, यावान् — जत्ति काल, संवत्सरः— वर्ष हुन्छ, तम्— त्यो वर्ष-निर्माता प्रजापतिलाई, एतावन्तम् कालम् – यति कालसम्म बिभः — धारण गऱ्यो, यावान् जत्ति काल, संवत्सरः — वर्ष, हुन्छ, तम् — वर्ष-निर्माता प्रजापतिलाई, एतावतः—यति, कालस्य–समयको, परस्तात्—पछि, असृजत्— सृष्टि गऱ्यो, सः — त्यो मृत्युले, तम्—त्यो, जातम् — जन्मेका कुमारतिर, अभिव्याददात् — मुख बायो, सः — त्यो कुमारले, भाण् —'भाण्' यस्तो शब्द, अकरोत् — गऱ्यो, सा एव — त्यै, वाक् अर्थात् शब्द, अभवत् — भयो ।

वाक्यार्थ — बुभुक्षारूप त्यो मृत्युले मेरो दोस्रो आत्मा (शरीर) उत्पन्न होओस् भन्ने कामना गऱ्यो र मनसँग वेदवाणीलाई जोडीको भावना गऱ्यो । अर्थात् वेदविहित सृष्टिक्रम मनले विचार गऱ्यो । उक्त जोडीमा प्रथम शरीरवाला प्रजापतिको उत्पत्तिमा कारणभूत जन्मान्तरकृत जो ज्ञानकर्मरूप बीज वेदविचार गर्दा देखेको थियो, त्यस भावले भावित भई जल सृष्टि गरी उक्त बीजद्वारा त्यस जलमा प्रवेश गरेर अण्डरूपको गर्भ भई संवत्सरकाल-निर्माता प्रजापति भयो। त्यस गर्भरूप प्रजापतिलाई मृत्युले यति कालसम्म धारण गऱ्यो कि जति काल वर्ष भनी प्रसिद्ध छ । वर्षदिन पुगेपछि त्यस गर्भलाई जन्मायो, अर्थात् अण्डलाई फोरिदियो । यसरी उत्पन्न भएको प्रथम शरीरी कुमार अग्निपट्टि भोको मृत्युले मुख बायो । अनि डराएको त्यस कुमारले 'भाण ' यस्तो शब्द गऱ्यो, त्यै वाक् अर्थात् शब्द भयो ।

ऋगादिको उत्पत्ति र मृत्युका अन्तृत्वको उपन्यास

स एक्षेत यदि वा इममभिमꣳस्ये कनीयोऽन्नं करिष्य इति स तया वाचा तेनात्मनेदꣳसर्वमसृजत यदिदं किञ्चर्चो यजुꣳषि साम्नानि छन्दाꣳसि यज्ञान्प्रजाः पशून् । स यद्यदेवासृजत तत्तदत्तुमध्रियत सर्वं वा अत्तीति तददितेरदितित्वम् । सर्वस्यैतस्यात्ता भवति सर्वमस्यान्नं भवति य एवमेतददितेरदितित्वं वेद ॥ ५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — सः — त्यस मृत्युले, इति— यस्तो, ऐक्षत — विचार गऱ्यो कि, यदि वै — कदाचित्, इमम् — यस कुमारलाई, अभिममंस्ये — मारुँला त, कनीयः — थोरै, अन्नम् — आहार, करिष्ये — गरुँला, (अनि) सः — त्यस मृत्युले, तथा — त्यो, वाचा — वेदले, (र) तेन — त्यो, आत्मना — मनले, इदम् — यो, सर्वम् — सबै, असृजत् — सिर्ज्यो, यत्किञ्च — जुनसुकै पनि, इदम् — यो, ऋचः—ऋक्, यजुः — यजु, सामानि — साम, छन्दांसि—छन्द, यज्ञान् — यज्ञ, प्रजाः — प्रजा, (र) पशून् — पशुहरू, सः —त्यस मृत्युले, यत् यत् जे, जे, असृजत् — सिर्ज्यो, तत् तत् एव — त्यै–त्यैलाई, अत्तुम् — खान अध्रियत् — मन गऱ्यो, वै — निश्चय, सर्वम् — सबै चीजलाई, अत्ति —खान्छ, इति — यस प्रकार, तत् — त्यो, अदितेः— अदितिसंज्ञक मृत्युको, अदितित्वम् अदितिभाव हो, यः — जो, एवम् — यसरी, अदितेः — अदितिको, अदितित्वम् अदितिभावलाई, वेद — जान्दछ, सः — त्यो, एतस्य — यो, सर्वस्य — सबै चीजको, अत्ता — भोक्ता. भवति — हुन्छ, अस्य — यसको, सर्वम् — सबै वस्तु, अन्नम् — भोज्य, भवति — हुन्छ ।

वाक्यार्थ—त्यस मृत्युले विचार गऱ्यो कि मैले यस कुमारलाई मारें भने खाना थोरै नै हुनेछ । यसै कारण उसले वेद र मनद्वारा यो सबैलाई रच्यो, जो यी ऋक्, यजु, साम, छन्द, यज्ञ, प्रजा र पशुहरू छन् । उसले जे जे रच्यो त्यसलाई खाने विचार गऱ्यो । यो मृत्यु सबलाई खान्छ । यै त्यस मृत्युसंज्ञक अदितिको अदितित्व हो । जसले यसरी अदितिको अदितित्व जान्दछ, त्यो सर्वात्मभावले यो सबै भोज्य वस्तुको भोक्ता हुन्छ । यो सब कुरा उसको आहारा हुन्छ ।

टिप्पणी — शङ्का–वेद र मनको जोडीबाट उसले सृष्टि गऱ्यो भन्ने पहिले बताइयो, फेरि उसैद्वारा ऋक् आदि वेदको सृष्टि कसरी भयो ? समाधान–मनको जो वेदका साथ जोडी भाव हो, त्यो अव्यक्त (अष्पष्ट) हो । यो सृष्टि भनेको त भैरहेकै ऋक् वेदहरूको कर्ममा विनियोगरूप भावबाट बाहिर प्रकट हुनु हो । यसले कुनै दोष छैन ।

प्रजापतिको यज्ञ-कामना र त्यसका प्राण एवं वीर्यको निष्क्रमण

सोऽकामयत भूयसा यज्ञेन भूयो यजेयेति । सोऽश्राम्यत्स तपोऽतप्यत तस्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रान्तस्य तप्तस्य यशो वीर्यमुदक्रामत्। प्राणा वै यशो वीर्यं तप्प्राणेषूत्क्रान्तेषु शरीरश्रयितुमध्रियत तस्य शरीर एव मन आसीत् ॥ ६ ॥

सः — त्यो प्रजापतिले, इति — यस्तो, अकामयत — चाहना गऱ्यो, भूयः — फेरि, भूयसा — ठूलो, यज्ञेन — यज्ञले, यजेय — यजन गरूँ (अनि) सः — त्यो, अश्राम्यत् — थकित भयो (र) सः — त्यसले, तपः — अतप्यत सन्ताप गऱ्यो, श्रान्तस्य — थकित भएको र, तप्तस्य — खिन्न भएका, तस्य — त्यो प्रजापतिको, यशः — यश (र) वीर्यम् — वीर्य, उदक्रामत् — निक्ल्यो, प्राणाः प्राण, वै — नै, यश र, वीर्यम् — वीर्य, उदक्रामत् — निक्ल्यो, प्राणाः — प्राण वै — नै यशः — ख्याति र वीर्यम् — बल हो, प्राणेषु — प्राण, उत्क्रान्तेषु निक्लेमा, तत् — त्यो, शरीरम् — शरीर, श्रयितुम् — फुल्न, अध्रियत् — शुरू गऱ्यो, (तैपनि) तस्य — त्यस प्रजापतिको, मनः — मन, शरीरे एव — शरीरमा नै, आसीत् — थियो।

वाक्यार्थ — त्यो प्रजापतिले यस्तो कामना गऱ्यो कि म फेरि यस जन्ममा पनि ठूलो यज्ञले यजन गरूँ। अनि ठूलो काम आँटेकाले थकित भयो, अनि संताप गऱ्यो थकित र खिन्न भएका त्यस प्रजापतिका शरीरबाट यश (ख्याति) र वीर्य (बल) निक्ल्यो। प्राण नै त यस र वीर्य हो। प्राण निक्लेपछि त्यो प्रजापतिको शरीर फुल्न लाग्यो र अपवित्र पनि भयो। तर त्यस प्रजापतिको मन शरीरमै थियो।

अश्वमेधोपासना र त्यसको फल

सोऽकामयत मेध्यं म इदꣳस्यादात्मन्व्यनेन स्यामिति ततोऽश्वः समभवद्यदश्ववत्तन्मेध्यमभूदिति तदेवाश्वमेधस्याश्वमेधत्वम्। एष ह वा अश्वमेधं वेद य एनमेवं वेद—तमनवरुध्यैवामन्यत। तꣳ संवत्सरस्य परस्तादात्मन आलभत। पशून्देवताभ्यः प्रत्यौहत्। तस्मात्सर्वदेवत्यं प्रोक्षितं प्राजापत्यमालभन्त। एष ह वा अश्वमेधो य एष तपति तस्य संवत्सर आत्मायमग्निरर्कस्तस्येमे लोका आत्मानस्तावेतावर्काश्वमेधौ। सो पुनरेकैव देवता भवति मृत्युरेवापुनर्मृत्युं जयति नैनं मृत्युराप्नोति मृत्युरस्यात्मा भवत्येतासां देवतानामेको भवति ॥ ७ ॥

इति द्वितीयं ब्राह्मणम् ॥ २ ॥

पदार्थ — सः — त्यस प्रजापतिले, इति — यस्तो, अकामयत — चाहना गऱ्यो, मे — मेरो, इदम् — यो शरीर, मेध्यम् — यज्ञलायक, स्यात् — होओस् अनेन — यस शरीरले, आत्मन्वी — शरीरवान्, स्याम् — होऊँ, भनेर त्यस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरीरमा प्रवेश गऱ्यो । ततः — त्यसपछि, अश्वः — घोडा, समभवत् — भयो, यत् — जो, अश्वत् — फुलेको थियो, तत् — त्यो, मेध्यम् — यज्ञलायक अभूत् — भयो, इति — यस हेतुले, तत् एव — त्यो नै, अश्वमेधस्य — अश्वमेधको अश्वमेधत्वम् — अश्वमेधत्व हो । यः — जो, एतम् — यस अश्वलाई, अग्निरूप र अर्क भनीकन तथा (बताइने विशेषणले विशिष्ट पनि) वेद — जान्दछ, सः — त्यसले, तम् — त्यस पशुलाई, अनवरुध्य एव — नरोकीकन, (उत्सृष्टम्) छोडिदिएको, अमन्यत — चितायो, (अनि) तम् — त्यसलाई, संवत्सरस्य वर्षदिनका, परस्तात् — पछि, आत्मने — आफ्नै (प्रजापतिकै) निमित्त, आलभत — अग्निमा समर्पित गऱ्यो, पशून् — अरू पशुहरू पनि, देवताभ्यः — देवताहरूलाई, प्रत्यौहत् — चढायो, तस्मात् — त्यस कारण, याज्ञिकाः — यज्ञ गर्नेहरू, प्रोक्षितम् — मन्त्रसंस्कृत हुँदा, सर्वदेवत्यम् — संपूर्ण देवतालाई हुने भएको, अश्वम् — घोडालाई, प्राजापत्यम् — प्रजापति देवतासंबन्धी गराई, आलभन्ते अग्निमा समर्पित गर्दछन्, एषः — यो, ह वै — निश्चय फलस्वरूपमा, अश्वमेधः — अश्वमेध हो, यः — जो एषः — यी सूर्य, तपति — प्रकाश गर्दछन्, तस्य — ती सूर्यको, संवत्सरः — वर्ष, आत्मा — शरीर हो, तस्य — त्यस यज्ञस्वरूप अश्वमेधको, अयम् — यो, अग्निः — पार्थिव अग्नि, अर्कः — अर्क (साधनभूत) हो, तस्य — त्यस अग्निका, इमे — यी लोकाः — लोकहरू, आत्मनः — शरीरका अवयवहरू हुन्, तौ — ती पूर्वोक्त, एतौ — यी, अर्काश्वमेधौ — अर्क र अश्वमेध, ऋतुफले — क्रमशः यज्ञ र फल हुन्, सा उ — ती पनि, पुनः — फेरि, एका एव — एउटै, देवता — देवता, भवति — हुन्छ, (त्यो कुन ?) मृत्यु एव — मृत्यु नै, यः एवम् अश्वमेधम् एका देवता वेद — जो यसरी अश्वमेधलाई मृत्यु नै एक देवता भनी जान्दछ, सः — त्यो, पुनः मृत्युम् — पुनर्मरणलाई, अपजयति — जित्तछ, एनम् — यसलाई, मृत्युः — मृत्युः — मृत्यु, न आप्नोति — प्राप्त हुँदैन, (किन) मृत्युः मृत्यु, अस्य — यस अश्वमेधका ज्ञाताको, आत्मा — आत्मा, भवति — हुन्छ, यः — जुन, मृत्यु, फलरूप भईकन, एतासाम् — यी, देवतानाम् — देवतामध्ये, एकः — एउटा, भवति — हुन्छ ।

वाक्यार्थ — त्यस प्रजापतिले चाहना गऱ्यो कि मेरो यो शरीर यज्ञलायक होओस्, म यस शरीरले शरीरवान् होऊँ, अनि त्यस शरीरमा प्रवेश गऱ्यो अश्व (घोडा) भयो । जो फुलेको थियो, त्यो यज्ञलायक भयो । यसो हुनाले अश्व-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेधको अश्वमेधत्व त्यै हो। जसले यस अश्वलाई र अग्निरूप अर्कलाई कहेअनुसारको र कहिनेअनुसारको जान्दछ, त्यो अश्वमेधलाई निश्चयसाथ जान्दछ। त्यस प्रजापतिले त्यस पशुलाई नवाँधीकन छोडिएको चितायो। त्यसलाई वर्षदिनपछि आफनै (प्रजापतिकै) निमित्त समर्पित गऱ्यो। अरू पशुहरू पनि देवताहरूलाई चढायो। त्यस कारण यज्ञ गर्नेहरू मन्त्रले संस्कार गरिएको, सबै देवतालाई योग्य भएको अश्वलाई प्रजापतिसम्बन्धी बनाई अग्निमा समर्पित गर्दछन्। यो निस्सै पनि फलरूपमा अश्वमेध हो, जो जगत् प्रकाश गर्दछ (सूर्य) त्यस सूर्यको वर्ष शरीर हो, त्यस यज्ञस्वरूप अश्वमेधको यो पार्थिव अग्नि अर्क (साधनरूप) हो। त्यस अग्निका यी लोकहरू शरीरका अवयव हुन्। ती अर्क (पार्थिव अग्नि) र अश्वमेध (सूर्यात्मक) क्रमशः यज्ञ र फल हुन्। ती पनि फेरि एउटै देवता हुन्छन्, जो मृत्यु नै हो। जो यसरी अश्वमेधलाई मृत्यु नै एक देवता भनी जान्दछ त्यो पुनर्मरण (एक पटक मरेपछि फेरि मर्नु) लाई जित्दछ। यसलाई मृत्यु प्राप्त हुँदैन। किनभने मृत्यु त यस अश्वमेधका ज्ञाताको आत्मा नै हुन्छ, जुन मृत्यु फलरूप भई देवताहरूमध्ये कुनै एक हुन जान्छ।

टिप्पणी — यहाँ अश्वमेध दुइ प्रकारले वर्णन गरिएको छ। (साधन र साध्य रूपमा)। जस्तै साधनरूपमा यज्ञ नै छ, साध्यरूपमा सूर्य। तथा यज्ञ अर्क (अग्नि) साध्य हुनाले अग्नि पनि यज्ञरूप मानिएको छ।

पहिला अध्यायमा दोस्रो अग्निब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीय ब्राह्मण
देव र असुरको स्पर्धा, देवताहरूको उद्गीथसंबधी विचार

संबन्ध — यहाँसम्मका ग्रन्थले ज्ञानसहित कर्मको फल अश्वमेधफलको कथनद्वारा मृत्युस्वरूपता कहियो। अब मृत्युस्वरूपताका साधनभूत कर्म र ज्ञानको जहाँबाट उदय हुन्छ, त्यसको प्रकाशनका निमित्त उद्गीथ ब्राह्मण आरम्भ गरिन्छ।

द्वया ह प्राजापत्या देवाश्चासुराश्च। ततः कनीयसा एव देवा ज्यायसा असुरास्त-एषु लोकेष्वस्पर्धन्त ते ह देवा ऊचुर्हन्तासुरान्यज्ञ उद्गीथेनात्ययामेति ॥ १ ॥

पदार्थ — ह — यस्तो भएको हो, प्राजापत्याः — प्रजापतिका सन्तान, द्वयाः — दुइ थरी (थिए) देवाः — देवता, च — र, असुराः — दानव, च — पनि, ततः — तिनमा, देवाः — देवताहरू, कानीयसाः — थोरै, एव — नै (थिए), असुराः — दानवहरू, ज्यायसाः — धेरै (थिए) ते — तिनीहरू, एष — यी, लोकेषु — लोकहरूका निमित्त, अस्पर्धन्त — शेखी गर्न लागे, ह — भएको कुरा हो, ते — ती, देवाः — देवताहरूले, इति — यसो, ऊचुः — भने, हन्त — अब, असुरान् — दानवहरूलाई, यज्ञे — यज्ञ (ज्योतिष्टोम) मा, उद्गीथेन — उद्गीथ (सामगान,) द्वारा, अत्ययाम — जितौं।

वाक्यार्थ — अघि यस्तो भएको हो कि प्रजापतिका सन्तान (प्राणरूप) दुइ थरी थिए। देवता र दानव। तिनमा देवताहरू थोरै थिए, दानवहरू धेरै। तिनीहरू साधारण व्यवहार वाहेकको कर्म र ज्ञानवाट साधिने लोक र देहहरूका निमित्त परस्पर शेखी गर्न लागे। अनि देवताहरूले भने कि अब यी दानवहरूलाई ज्योतिष्टोम यज्ञमा सामगानद्वारा जितौं।

टिप्पणी — शास्त्रजनित ज्ञान कर्मले भावित अतएव प्रकाशमान हुनाले 'देव' हुन्छन्। तिनै स्वाभाविक प्रत्यक्षानुमानजनित-दृष्टप्रयोजनवाला कर्म र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानले भावित 'असुर' हुन्छन् । असुर ' आफ्नै प्राणमा रमाउने हुनाले र देवभिन्न हुनाले 'असुर' भनिने हुन् । दृष्ट प्रयोजनवाला ज्ञानकर्ममा रमाउनेभन्दा अदृष्ट प्रयोजनवाला ज्ञानकर्ममा रमाउनेहरू थोरै हुनु स्वाभाविक हो ।

वाक्को उद्गान अनि त्यो पापविद्ध हुनु

ते ह वाचमूचुस्त्वं न उग्दायेति तथेति तेभ्यो वागुदगायत् । यो वाचिभोगस्तं देवेभ्य आगायद्यत्कल्याणं वदति तदात्मने । ते विदुरनेन वै न उद्गात्रात्येष्यन्तीति तमभिद्रुत्य पाप्मनाविध्यन्त्स यः स पाप्मा यदेवेदमप्रतिरूपं वदति स एव स पाप्मा ॥ २ ॥

पदार्थ — ह — यस्तो निश्चय गरेर, ते — ती देवताहरूले, वाचम् — वाक्की अभिमानिनी देवतालाई, इति — यसो, ऊचुः — भने, त्वम् —तिमी, नः — हामीहरूका निमित्त उद्गाय — उद्गाताको कर्म (साम गान) गर, तथा इति — त्यसै होस् भनेर, वाक् — वाग्देवताले, तेभ्यः — ती देवताहरूको निमित्त उद्गायत् — साम गान, वाचि — वाग्देवता निमित्त हुँदा, यः — जो, भोगः— वाक् आदि समुदायको उपकार (वचन बोल्नुबाट हुने फल) हो, तम् — त्यसलाई त्रिषु पवमानेषु कृत्वा — तीन पवमान मन्त्रमा गरेर, देवेभ्यः — देवताहरूका हितका निमित्त, आगायत् — गाइन्, अवशिष्टेषु नवषु स्तोत्रेषु — बाँकी नौ स्तोत्रमा, यत् — जो, कल्याणम् — असल, वदति — बोलिन्, तत् — त्यो, आत्मने — आफ्ना लागि भनेर गाउँथिन्, तदा — तब, ते — ती असुरहरूले, (देवताहरू) अनेन — यो, उग्दात्रा — गान गर्नेद्वारा, नः — हामीहरूलाई, वै निश्चय नै, अत्येष्यन्ति — जित्नेछन्, इति — यस्तो, विदुः — ठहराए, (र) तम् — त्यस वाणीरूप उद्गातातिर, अभिद्रुत्य — जाइपरेर, पाप्मना — (आफ्ना) पापले अविध्यन् — विद्ध (संयुक्त) गरे, सः — त्यो, यः — जुन पूर्वजन्मावस्थित (प्रजापतिका वाणीमा छोडिएको हो) सः — त्यै, पाप्मा — पाप हो, यत् एव — जुन नै, इदम् — यो, अप्रतिरूपम् — बेलायक, वदति — बोल्छ, सः एव — त्यै, प्रजापतिका वाणीमा रहेको, सः— त्यो, पाप्मा —पाप हो,

वाक्यार्थ — यस्तो निश्चय गरेर देवताहरूले वाक् इन्द्रियलाई भने कि तिमी हामीहरूका निमित्त उद्गाताको काम (सामविशेषको गान) गर । अनि 'हुन्छ'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनेर वाक् इन्द्रियले ती देवताहरूको हितका निमित्त सामगान गरे, वाणी निमित्त हुनाले वचन बोल्नुबाट जो सर्वसाधारणलाई फल (लाभ) हुन्छ, त्यसलाई तीन पवमान स्तोत्र पारेर देवताहरूको निमित्त गायो, बाँकी नौ स्तोत्रमा ऋत्विक्ले पाउने फलरूपमा राम्ररी वर्णहरूको उच्चारण गर्नुलाई आफ्ना निमित्त भनेर गायो, तब असुरहरूले ठहराए कि देवताहरू यो उद्गाताद्वारा हामीहरूलाई अवश्य जित्नेछन्। अनि त्यस वाणीरूप उद्गातातिर जाइपरेर आफ्ना पापरूप अस्त्रले विद्ध (संयुक्त) गरे। त्यो पूर्वजन्मावस्थित प्रजापतिका वाणीमा छोडिएको यै पाप हो, जसले गर्दा मानिस नचाही-नचाहीकन पनि वेलायक (असभ्य घीनलाग्दो र झूट) बोल्दछ।

प्राण, चक्षु, श्रोत्र र मनको उद्गान तथा उनीहरू पापविद्ध हुनु

अथ ह प्राणमूचुस्त्वं न उद्गायेति। तथेति तेभ्यः प्राण उदगायद्यः प्राणो भोगस्तं देवेभ्य आगायद्यत्कल्याणं जिघ्रति तदात्मने। ते विदुरनेन वै न उद्गात्रात्येष्यन्तीति तमभिद्रुत्य पाप्मनाविध्यन्स यः स पाप्मा यदेवेदमप्रतिरूपं जिघ्रति। स एव स पाप्मा॥ ३॥

पदार्थ — ह — यसो भएको हो, अथ — अनि, देवाः — देवताहरूले, प्राणम् — प्राणलाई, इति — यसो, ऊचुः — भने, त्वम् — तिमी, नः — हाम्रा निमित्त, उद्गाय — सामगान गर, तथा इति — त्यसै होस् भनेर, प्राणः — प्राणले, तेभ्यः — ती देवताहरूका निमित्त, उद्गायत् — गान गऱ्यो, यः — जो, प्राणे — प्राणमा, भोगः — फल छ, तम् — त्यसलाई, देवेभ्यः — देवताहरूका हितका निमित्त, आगायत् — गायो, यत् — जो, कल्याणम् — असल गन्ध, जिघ्रति — सुङ्छ, तत् — त्यो, आत्मने — आफूलाई (भनेर गायो,) (अनि) ते — ती असुरहरूले, इति — यो, विदुः — ठहराए, (देवताहरू) वै — निश्चय अनेन — यो, उद्गात्रा — उद्गाताद्वारा, नः — हामीहरूलाई, अत्येष्यन्ति जित्नेछन्, (अनि) तम् — त्यस प्राणतिर, अभिद्रुत्य — जाइपरेर, पाप्मना पापरूपी अस्त्रले, अविध्यन् — विद्ध (संयुक्त) पारे, सः — त्यो यः — जुन (प्रजापतिका प्राणमा छोडिएको हो) सः — त्यै, पाप्मा — पाप हो, यत् एव — जुन नै, इदम् — यो, अप्रतिरूपम् — बेलायक गन्ध, जिघ्रति सुङ्छ, सः एव — त्यै प्रजापतिका प्राणमा रहेको, सः पाप्मा — त्यो पाप हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ— अनि देवताहरूले प्राणलाई भने-तिमी हाम्रा निमित्त उद्गाताको काम गर। हुन्छ भनेर प्राणले सामगान गऱ्यो, त्यसमध्ये प्राणमा जो भोग छ,(जीवन-संचार हुनुरूप फल) छ, त्यो देवताहरूका निमित्त भनेर गायो। जो असल गन्ध सुङ्छ, त्यो आफ्ना निमित्त भनेर गायो, तब यो छिद्र पाएर असुरहरूले ठहराए कि देवताहरूले यस उग्दाताद्वारा हामीहरूलाई जित्नेछन्। अति ती असुरहरू त्यस प्राणतिर जाइपरेर पापरूपी अस्त्रले विद्ध (संयुक्त) पारे। त्यो जो प्रजापतिका प्राणमा छोडिएको पाप हो, त्यै यो हो कि जो मनुष्य बेलायक गन्ध सुङ्छ।

अथ ह चक्षुरूचुस्त्वं न उद्गायेति तथेति तेभ्यश्चक्षुरुदगायद्यश्चक्षुषि भोगस्तं देवेभ्य आगायद्यत्कल्याणं पश्यति तदात्मने ते विदुरनेन वै न उग्दात्रात्येष्यन्तीति तमभिद्रुत्य पाप्मनाविध्यन्स यः स पाप्मा यदेवेदमप्रतिरूपं पश्यति स एव स पाप्मा॥ ४॥

पदार्थ — ह — यसो भएको हो, अथ — अनि, (देवताहरूले) चक्षुः — नेत्रेन्द्रियलाई, इति — यसो, ऊचुः — भने, त्वम् — तिमी, नः — हामीहरूका निमित्त उद्गाय — सामगान गर, तथा इति — त्यसै होस् भनेर, तेभ्यः — ती देवताहरूका निमित्त, चक्षुः — नेत्रेन्द्रियले, उद्गायत् — सामगान गऱ्यो, (त्यसमा) यः — जो, चक्षुषि — नेत्रेन्द्रियमा, भोगः — देख्नुबाट हुने फल छ, तम् — त्यसलाई, देवेभ्यः — देवताहरूका निमित्त (भनेर) आगायत् — गायो, यत् — जो, कल्याणम् — असल चीज, पश्यति — हेर्दछ, तत् — त्यो, आत्मने — आफूलाई (भनेर गायो। अनि) ते — ती असुरहरूले, इति — यो, विदुः — ठहराए कि, वै — निस्सै, (देवताहरू) अनेन — यस, उद्गात्रा — उद्गाताद्वारा नः — हामीहरूलाई, अत्येष्यन्ति — जित्नेछन्, (अनि) तम् — त्यस नेत्रेन्द्रिय-तिर, अभिद्रुत्य — जाइपरेर, पाप्मना — पापरूपी अस्त्रले, अविध्यन् — विद्ध (संयुक्त) पारे, सः — त्यो, यः — जो (प्रजापतिका नेत्रेन्द्रियमा छोडिएको हो) सः — त्यो, पाप्मा — पाप हो, यद् एव — जुन नै, इदम् — यो, अप्रतिरूपम् बेलायक रूप, पश्यति — देख्छ, सः एव — त्यो नै, सः — त्यो, पाप्मा — पाप हो,

वाक्यार्थ—अनि देवताहरूले नेत्रेन्द्रियलाई भने–तिमी हाम्रा निमित्त सामगान गर। हुन्छ भनेर नेत्रेन्द्रियले सामगान गऱ्यो। त्यसमा जो दर्शनजन्य फल छ त्यसलाई देवताहरूका निमित्त भनी गायो। जो असल चीज हेर्दछ; त्यसलाई आफ्ना निमित्त भनी गायो। यै छिद्र पाएर असुरहरूले ठहराए कि देवताहरू यस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उग्दाताद्वारा हामीहरूलाई जित्नेछन् । अनि त्यस नेत्रेन्द्रियतर्फ जाइपरेर आफ्ना पापरूपी अस्त्रले विद्ध (संयुक्त) पारे । त्यो जो प्रजापतिका नेत्रेन्द्रियमा छोडिएको पाप हो, त्यो यै पाप हो, जो कि मनुष्य बेलायक रूप हेर्दछ ।

अथ ह श्रोत्रमूचुस्त्वं न उद्गायेति । तथेति तेभ्यः श्रोत्रमुदगायद्यः श्रोत्रे भोगस्तं देवेभ्य आगायद्यत्कल्याणꣳशृणोति तदात्मने । ते विदुरनेन वै न उद्गात्रात्येष्यन्तीति तमभिद्रुत्य पाप्मनाविध्यन्स यः स पाप्मा यदेवेदमप्रतिरूपꣳशृणोति स एव स पाप्मा ॥ ५ ॥

पदार्थ — ह — यसो भएथ्यो, अथ — अनि, (देवताहरूले) श्रोत्रम् — श्रोत्रेन्द्रियलाई, इति — यसो, ऊचुः — भने, त्वम् — तिमी, नः — हाम्रा निमित्त, उद्गाय — सामगान गर, तथा इति — त्यसै होस् भनेर, तेभ्यः — ती देवताहरूका निमित्त, श्रोत्रम् — श्रोत्रेन्द्रियले, उद्गायत् — सामगान गऱ्यो, (त्यसमा) यः — जो, श्रोत्रे — श्रोत्रेन्द्रियमा, भोगः — श्रवणजन्य फल छ, तम् — त्यसलाई, देवेभ्यः — देवताहरूका निमित्त (भनेर) आगायत् — गायो, यत् — जो, कल्याणम् — भलो शब्द, शृणोति — सुन्दछ, तत् — त्यो, आत्मने आफ्ना निमित्त (भनेर गायो अनि) ते — ती असुरहरूले, इति — यो, विदुः — ठहराए, वै — निस्सै, (देवताहरू) अनेन — यस, उग्दात्रा — उग्दाताद्वारा, नः — हामीहरूलाई, अत्येष्यन्ति — जित्नेछन्, (अनि) तम् — त्यस श्रोत्रेन्द्रियतिर, अभिद्रुत्य — जाइपरेर, पाप्मना — पापरूपी अस्त्रले, अविध्यन् — विद्ध (संयुक्त) पारे, सः — त्यो, यः — जुन (प्रजापतिका श्रोत्रमा छोडिएको हो) सः — त्यो, पाप्मा — पाप हो, यद् एव — जुन नै, इदम् — यो अप्रतिरूपम् बेलायक शब्द, शृणोति — सुन्छ, सः एव — त्यै, सः — पाप्मा — त्यो पाप हो ।

वाक्यार्थ — अनि देवताहरूले श्रोत्रेन्द्रियलाई भने — तिमी हाम्रा निमित्त सामगान गर । श्रोत्रेन्द्रियले हुन्छ भनेर सामगान गऱ्यो । त्यसमा जो श्रवणजन्य फल छ, त्यसलाई देवताहरूका निमित्त भनी गायो, जो भलो शब्द सुन्छ, त्यसलाई आफ्ना निमित्त भनी गायो । यो भलो सुनाइ आफ्ना निमित्त पार्ने अभिनिवेशरूप छिद्र पाएर असुरहरूले ठहराए कि देवताहरूले यस उद्गाताद्वारा हामीहरूलाई जित्नेछन् । अनि असुरहरू त्यस श्रोत्रेन्द्रियतिर जाइपरेर आफ्ना पापरूपी अस्त्रले विद्ध (संयुक्त) पारे । त्यो जो प्रजापतिका श्रोत्रेन्द्रियमा छोडिएको पाप हो त्यै यो पाप हो जो किमनुष्य बेलायक शब्द सुन्दछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ ह मन ऊचुस्त्वं न उद्गायेति । तथेति तेभ्यो मन उदगायद्यो मनसि भोगस्तं देवेभ्य आगायद्यत्कल्याण्ँ संकल्पयति तदात्मने । ते विदुरनेन वै न उद्गात्रात्येष्यन्तीति तमभिद्रुत्य पाप्मानाविध्यन्स यः स पाप्मायदेवेदमप्रतिरूप्ँ संकल्पयति स एव स पाप्मैवमु खल्वेता देवताः पाप्मभिरुपासृजन्नेवमेनाः पाप्मनाविध्यन् ॥ ६ ॥

पदार्थ — ह — यसो भएको हो, अथ — अनि, (देवताहरूले) मनः — मनलाई, इति — यसो, ऊचुः — भने, त्वम् — तिमी, नः — हाम्रा निमित्त, उद्गाय — सामगान गर, तथा इति — त्यसै होस् भनेर, तेभ्यः — ती देवताहरूका निमित्त, मनः — मनले, उदगायत् — सामगान गऱ्यो । (त्यसमा) यः — जो, मनसि — मनमा, भोगः — सङ्कल्पजन्य फल छ, तम् — त्यसलाई, देवेभ्यः — देवताहरूका निमित्त (भनेर) उद्गायत् — गायो, यत् — जो, कल्याणम् — असल कुरा, संकल्पयति — संकल्प गर्छ, तत् — त्यो, आत्मने — आफ्ना निमित्त (भनेर गायो, अनि) ते — ती, असुराः — असुरहरूले, इति — यसो, विदुः — ठहराए, (देवताहरू) वै — निस्सै, अनेन — यस, उद्गात्रा — उद्गाताद्वारा, नः — हामीहरूलाई, अत्येष्यन्ति — जित्नेछन्, (अनि) तम् — त्यस मनतिर अभिद्रुत्य — जाइपरेर, पाप्मना — पापरूपी अस्त्रले, अविध्यन् — विद्ध (संयुक्त) पारे, सः — त्यो, यः — जुन (प्रजापतिमा छोडिएको पाप हो) सः — त्यो, पाप्मा — पाप हो, यत् एव — जुन नै, इदम् — यो, अप्रतिरूपम् — बेलायक कुरा, संकल्पयति — संकल्प गर्दछ, स एव — त्यै, सः — त्यो, पाप्मा — पाप हो, एवम् — यसरी, उ खलु — निश्चय नै, एताः — यी देवता — करणका अधिष्ठाता देवताहरू, पाप्मभिः — पापले, उपासृजन् — संयुक्त भए, एवम् — यसरी (असुरहरूले) एनाः — यी देवताहरूलाई, पाप्मना — पापले, अविध्यन् — विद्ध (संयुक्त) बनाएका हुन् ।

वाक्यार्थ – अनि देवताहरूले मनलाई भने–तिमी हाम्रा निमित्त सामगान गर । मनले हुन्छ भनेर देवताहरूका निमित्त सामगान गऱ्यो । त्यसमा मनमा जो संकल्पजन्य फल छ त्यो देवताहरूका निमित्त भनी गायो । जो असल कुरा संकल्प गर्दछ, त्यो आफ्ना निमित्त भनेर गायो । अनि ती असुरहरूले असल कुराको संकल्प आफ्ना निमित्त पार्नुरूप छिद्र फेला पारेर ठहराए कि देवताहरूले यस उद्गाताद्वारा हामीहरूलाई जित्नेछन् । अनि असुरहरूले त्यस मनतिर जाइपरेर पापरूप अस्त्रले विद्ध (संयुक्त) पारे । त्यो जो प्रजापतिका मनमा छोडिएको पाप हो, त्यै यो पाप हो जो कि मनुष्य नालायक संकल्प गर्दछ । यसरी करणका अधिष्ठाता यी देवताहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पापले संयुक्त भए । यसरी नै असुरहरूले यिनीहरूलाई पापले विद्ध (संयुक्त) गरेका हुन् ।

मुख्य प्राणको उद्गान, त्यो चाहिं पापविद्ध नहुनु तथा त्यसका उपासनाको फल

अथ हेममासन्यं प्राणमुचुस्त्वं न उद्गायेति । तथेति तेभ्य एष प्राण उदगायत्ते विदुरनेन वै न उद्गात्रात्येष्यन्तीति तदभिद्रुत्य पाप्मनाविध्यन्स यथाश्मानमृत्वा लोष्ठो विध्वꣳसेतैवꣳ हैव विध्यꣳ समाना विष्वञ्चो विनेशुस्ततो देवा अभवन्-पराऽसुराः । भवत्यात्मना परास्य द्विषन्भ्रातृव्यो भवति य एवं वेद ॥ ७ ॥

पदार्थ — ह — यसो भएथ्यो । अथ — अनि, (देवताहरूले) इमम् — यो आसन्यम् — मुखको छिद्रभित्र रहेको, प्राणम् — प्राणलाई, इति — यसो, ऊचुः — भने, त्वम् — तिमी, नः — हाम्रा निमित्त, उद्गाय — सामगान गर, तथा इति — त्यसै होस् भनेर, तेभ्यः — ती देवताहरूका निमित्त, एषः — यो, प्राणः — प्राणले, उदगायत् — सामगान गऱ्यो, ते — ती असुरहरूले, इति — यस्तो, विदुः — ठहराए, वै — निश्चय, (देवताहरू) अनेन — यस, उद्गात्रा — उद्गाताद्वारा, नः — हामीहरूलाई, अत्येष्यन्ति — जित्नेछन्, (अनि) तम् — त्यस प्राणतर्फ, अभिद्रुत्य — जाइपरेर, पाप्मना — पापरूपी अस्त्रले, अविध्यन् विद्ध (संयुक्त) गर्न खोजे, सः — त्यो, दृष्टान्त छ, यथा — जसरी, लोष्ठः — माटाको डल्लो, अश्मानम् — ढुङ्गामा ऋत्वा — ठोकिएर, विध्वंसेत् — चूर्ण होला, ह — प्रसिद्ध छ, एवम् एव — यसै गरी, (ती असुरहरू) विध्वंसमानाः सब तर्फबाट ध्वस्त भएर, विष्वञ्चः — लाखा-पाखा लागी, विनेशुः — नष्ट भए, ततः — त्यस असुरवर्गको नाश हुनाले, (वाक् आदि देवताहरू) देवाः — अधिष्ठातृ अग्नि आदिरूप देवता, अभवन् — भए, असुराः — असुरहरू, परा अभवन् — पराजित भए, यः — जो, एवम् — यसरी (दोषयुक्त वाक् आदिलाई छोडेर निर्दोष प्राणलाई आत्मा भनी) वेद — जान्दछ र उपासना गर्दछ, सः — त्यो आत्मना — प्रजापतिरूप आत्मस्वरूपले, भवति — रहन्छ, अस्य — यसलाई द्विषन् — द्वेष गर्ने, भ्रातृव्यः — सौतेनी भाई, परा भवति — (हार खाएको) हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — अनि देवताहरूले मुखको छिद्रभित्र रहेको प्राणलाई भने–तिमी हाम्रा निमित्त सामगान गर। हुन्छ भनेर प्राणले तिनीहरूका निमित्त सामगान गऱ्यो। अनि ती असुरहरूले ठहराए कि देवताहरू यस उद्गाताद्वारा हामीहरूलाई जित्नेछन्। अनि त्यस प्राणनर्फ जाइपरेर आफ्ना पापरूप अस्त्रले विद्ध (संयुक्त) गर्न खोजे। तर ढुङ्गालाई फोर्न हानेको माटाको डल्लो सरी भई ध्वस्त भएर लाखा-पाखा लागी नष्ट भए। ती असुर नष्ट भएकाले वाक् आदि करणहरू अधिष्ठाता-अग्नि आदि रूपका देवता भए। असुरहरू हरुवा भई नीच भए। जो यसरी दोषयुक्त वाक् आदिलाई त्यागी निर्दोष प्राणलाई आत्मरूपले जान्दछ र उपासना गर्दछ। त्यो प्रजापतिरूप आत्मस्वरूपले रहने हुन्छ। यसलाई द्वेष गर्ने सौताने भाइ (शत्रु) हारखाने हुन्छ।

मुख्य प्राणको आङ्गिरसत्व

ते होचुः क्व नु सोऽभूद्यो न इत्थमसक्तेत्ययमास्येऽन्तरति सोऽयास्य आङ्गिरसोऽङ्गानाꣳ हि रसः ॥ ८ ॥

पदार्थ — ह — प्रसिद्ध छ, ते — ती देवताहरूले, इति — यसो, ऊचुः — भने, सः — त्यो, प्राणः — प्राण, क्व नु — कहाँ, अभूत् — होला, यः — जसले, नः — हामीहरूलाई, इत्थम् — यसरी, असक्त — (देवभावमा) जुटायो, (अनि सोचेर भन्दछन्) अयम् — यो प्राण, आस्ये — मुखमा, अन्तः — भित्र छ, अतः अयास्यः — प्रयास नपरीकन प्राप्त हुने यो प्राण, आङ्गिरसः — आङ्गिरस हो, हि — जुन कारणले, एषः — यो, अङ्गानाम् — कार्यकरणरूप अङ्गहरूको, रसः — सार (आत्मा) हो।

वाक्यार्थ — ती देवताहरूले भने–त्यो प्राण कहाँ होला? जसले हामीहरूलाई यसरी देवभावमा जुटायो। अनि विचार गरेर निश्चय गरे कि यो मुखको छिद्रभित्र छ। यस कारण यो विनाप्रयास-प्राप्य आङ्गिरस हो। किनभने यो कार्यकरणरूप अङ्गहरूको सार आत्मा हो।

प्राणका शुद्धताको प्रतिपादन

संबन्ध — वाक् आदिमा जस्तै शुभभाषणादिविषयक अभिनिवेश प्राणमा नहुनाले उसलाई शुद्ध मानियो। तर मुर्दालाई छुने मानिस पनि अशुद्धै भएजस्तो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्गको साररूपले वाक् आदिको आत्मा भएर रहेको प्राण पनि वाक् आदिका संसर्गले अशुद्धै हुनुपर्ने हो नि ! भन्ने शंकामा, प्राण शुद्ध नै छ भन्दै समाधान गर्दछ।

सा वा एषा देवता दूर्नाम दूरꣳ ह्यस्या मृत्युर्दूरꣳ ह वा अस्मान्मृत्युर्भवति य एवं वेद ॥ ९ ॥

पदार्थ — सा — त्यो, एषा — यो प्राणरूप, देवता, वै — निश्चय, दूर् — नाम — दूर् भनेर प्रख्यात छ, हि — निकभने, मृत्युः — मृत्यु (आसक्तिरूप पाप) अस्याः — यस प्राण देवताको, दूरे — टाढा छ, यः — जो., एवम् — यस्तो (प्राण विशुद्ध छ भन्ने कुरा) वेद — जान्दछ र उपासना गर्दछ, अस्मात् — यस-देखि मृत्यु — मरण, वै — निश्चय, दूरम् — टाढा, भवति — हुन्छ ।

वाक्यार्थ — यो प्राणरूप देवता 'दूर् ' नामले प्रसिद्ध छ । किनभने मृत्यु (आशक्तिरूप पाप) यसदेखि टाढा छ । यसरी प्राण विशुद्ध छ भन्ने कुरा जो जान्दछ र उपासना गर्दछ, त्यसदेखि मृत्यु टाढा हुन्छ ।

प्राणोपासकदेखि मृत्यु दूर रहन्छ–यसको उपपत्ति

सा वा एषा देवतैतासां देवतानां पाप्मानमृत्युमपहत्य यत्रासां दिशामन्तस्तद् गमयाञ्चकार तदासां पाप्मनो विन्यदधात्तस्मान्न जनमियान्नान्तमियान्नेत्पाप्मानं मृत्युमन्ववायानीति ॥ १० ॥

पदार्थ — सा — त्यो, एषा — यो, देवता — प्राणरूप देवताले, आसाम् यी, देवतानाम् — वाक् आदि देवताको, पाप्मानम् — पापरूप, मृत्युम् — मृत्यु-लाई, अपहत्य — छुटाएर, यत्र — जहाँ, आसाम् — यी, दिशाम् — दिशाको, अन्तः — छेउ छ, तद् — त्यहाँ, गमयाञ्चकार — पुऱ्यायो, (र) तत् — त्यहाँ आसाम् — यी देवताहरूका, पाप्मनः — पापहरूलाई, विन्यदधात् — तिरस्का-रपूर्वक राखिदियो । तस्मात् — त्यस कारण, अन्त्यम् — दिशाका छेउमा रहने जनम् — जनकहाँ, न इयात् — नजानू, अन्तम् — दिशाका छेउमा (पनि) न इयात् — नजानू, (किनभने) पाप्मानम् — पापरूप, मृत्युम् — मृत्युसँग, अन्ववायानि — मिलुँला, इति — यस्तो, नेत् — भयले ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — त्यो प्राणरूप देवतालें यी वाक् आदि देवताको पापरूप मृत्युलाई छुटाएर दिशाका छेउमा पुऱ्यायो र त्यहाँ त्यसलाई तिरस्कारपूर्वक राखिदियो । त्यस कारण पापरूप मृत्युसँग मिलुँला भन्ने डरले दिशाका छेउमा बस्ने जनकहाँ नजानू, दिशाका छेउमा पनि नजानू ।

टिप्पणी — यहाँ दिशाको कल्पना वेदविषयक ज्ञानवान् जनको सीमापर्यन्त नै गरिएको छ । त्यस कारण तीसँग विरुद्ध आचरणवालाहरू बसेको ठाउँ दिशाको अन्त मानिन्छ, त्यहाँ रहने 'अन्त्य' भनिन्छन् ।

प्राणद्वारा वाक् आदिलाई अग्नि आदि देव-भावमा प्राप्त गराउनु

सा वा एषा देवतैतासां देवतानां पाप्मानं मृत्युमपहत्याथैनां मृत्युमत्य-वहत ॥ ११ ॥

पदार्थ — सा — त्यो, एषा — यो, देवता — प्राणरूप देवताले, आसाम् यी, देवतानाम् — वाक् आदि देवताको, पाप्मानम् — पापरूप, मृत्युम् — मृत्युलाई, अपहत्य — थुतेर, अथ — अनि, मृत्युम् —त्यस पापरूप मृत्युलाई, अति— नाघेर, एताः — यी देवताहरूलाई, अवहत् — अग्नि आदि अधिष्ठातृ देवतारूपमा पुऱ्यायो ।

वाक्यार्थ — त्यो प्राणरूप देवताले यी वाक् आदि देवताहरूको पापरूप मृत्युलाई थुती त्यसलाई पार गरेर ती देवताहरूलाई अग्नि आदि देवभावमा पुऱ्यायो ।

स वै वाचमेव प्रथमामत्यवहत्सा यदा मृत्युमत्यमुच्यत सोऽग्निरभवत्सोऽय-मग्निः परेण मृत्युमतिक्रान्तो दीप्यते ॥ १२ ॥

पदार्थ — सः — त्यो, वै — प्रसिद्ध प्राणले, प्रथमाम् —प्रधान, वाचम् एव — वाक् देवतालाई नै, अत्यवहत् — पापरूप मृत्युको पार पुऱ्यायो, सा — त्यो वाक्, यदा — जब, मृत्युम् — मृत्युलाई, अति — पार गरेर, अमुच्यत — छुट्यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(तब) सः — त्यो, अग्निः — अग्नि, अभवत् — भयो, सः — त्यो, अयम् — यो (मृत्युदेखि छुटेको) अग्निः — अग्नि, मृत्युम् — मृत्युदेखि, परेण — पर, अतिक्रान्तः — पापलाई पार गरेको भई, दीप्यते — विशेषतः प्रकाशमान हुन्छ ।

वाक्यार्थ —त्यो प्राणले उद्गीथ कर्म (सामविशेषको गान गर्ने काम) मा प्रधान भएको वाक् देवतालाई नै मृत्युको पार पुऱ्यायो । त्यो वाक् जब मृत्युदेखि पार भयो, तब त्यो अग्नि भयो । मृत्युदेखि छुटेको त्यो अग्नि, पहिलेभन्दा विशेषरूपमा प्रकाशमान भइरहेछ ।

टिप्पणी — वाक् आदि पहिले पनि अग्नि आदि रूपकै हुन्, तर पाप (मृत्यु) संश्लिष्ट भएका वेला राम्ररी खुलेर आफ्नो गुण, कर्म देखाउन सकेका थिएनन् । अहिले पापविमुक्त भएका वेलामा आफ्नो गुण, कर्म राम्ररी देखाउन सक्ने भए ।

अथ ह प्राणमत्यवहत्स यदा मृत्युमत्यमुच्यत स वायुरभवत्सोऽयं वायुः परेण मृत्युमतिक्रान्तः पवते ॥ १३ ॥

पदार्थ — अथ — अनि, (प्राणले) घ्राणम् — घ्राणलाई, अत्यवहत् — पापरूप मृत्युदेखि पार गरायो, सः — त्यो घ्राण, यदा — जब, मृत्युम् —मृत्युलाई, अति अमुच्यत — नाघेर छुट्यो, (तब) वायुः — वायु, अभवत् — भयो, सः — त्यो मृत्युलाई पार गरेको, अयम् — यो, वायुः — वायु, मृत्युम् परेण — मृत्युदेखि पर, अतिक्रान्तः– पापलाई पार गरेको भई, पवते—असलसित बहँदो छ ।

वाक्यार्थ — अनि प्राणले घ्राणलाई पापरूप मृत्युदेखि पार गरिदियो । जब त्यो घ्राण मृत्युलाई पार गरी उसदेखि छुटेथ्यो तब, वायु भयो । मृत्युदेखि छुटेको त्यो वायु पहिलेभन्दा राम्ररी बहिरहेछ ।

अथ चक्षुरत्यवहत्तद्यदा मृत्युमत्यमुच्यत स आदित्योऽभवत्सोऽसावादित्यः परेण मृत्युमतिक्रान्तस्तपति ॥ १४ ॥

पदार्थ — अथ — अनि, (प्राणले) चक्षुः — चक्षुलाई, अति — मृत्युको पार, अवहत् — पुऱ्यायो, तत् त्यो चक्षु, यदा — जब, मृत्युम् — मृत्युलाई,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अति — पार गरेर, अमुच्यत — छुटचो, (तब) सः — त्यो, आदित्यः — सूर्य, अभवत् — भयो, सः — त्यो मृत्युदेखि छुटेको, असौ — यो, आदित्यः — सूर्य, मृत्युम् — मृत्युदेखि परेण — पर, अतिक्रान्तः — पापलाई पार गरेको भई, तपति — विशेषरूपले प्रकाश हुन्छ ।

वाक्यार्थ— अनि प्राणले चक्षुलाई पापरूप मृत्युदेखि पार गरिदियो । जब त्यो चक्षु मृत्युलाई पार गरी उसदेखि छुटेथ्यो, तब सूर्य भयो । मृत्युदेखि छुटेको त्यो पहिलेभन्दा बढिया गरी प्रकाश भैरहेछ ।

अथ श्रोत्रमत्यवहत्तद्यदा मृत्युमत्यमुच्यत ता दिशोऽभवꣳस्ता इमादिशः परेण मृत्युमतिक्रान्ताः ॥ १५ ॥

पदार्थ — अथ — अनि, (प्राणले) श्रोत्रम् — श्रोत्रलाई, अत्यवहत् — मृत्युको पार पुऱ्यायो, तत् — त्यो श्रोत्र, यदा — जब, मृत्युम् — मृत्युलाई अति — पार गरेर, अमुच्यत — छुटचो, (तब) ताः — त्यो, दिशः — दिशाहरू अभवत् — भयो, ताः — ती मृत्युदेखि छुटेका, इमाः — यी, दिशः — दिशाहरू मृत्युम् — मृत्युदेखि, परेण — पर, अतिक्रान्ताः — पापलाई पार गरेका भए ।

वाक्यार्थ— अनि प्राणले श्रोत्रलाई मृत्युको पार पुऱ्यायो । त्यो श्रोत्र जब पापरूप मृत्युलाई पार गरेर छुटचो, तब त्यो दिशा भयो । मृत्युदेखिछुटेका ती दिशा मृत्युदेखि पर पापलाई पार गरेका भए ।

अथ मनोऽत्यवहत्तद्यदा मृत्युमत्यमुच्यत स चन्द्रमा अभवत्सोऽसौ चन्द्रः परेण मृत्युमतिक्रान्तो भात्येवꣳ ह वा एनमेषा देवता मृत्युमतिवहति य एवं वेद ॥१६॥

पदार्थ — अथ — अनि, (प्राणदेवताले) मनः — मनलाई, अति — पाप-रूप मृत्युको पार, अवहत् — पुऱ्यायो, तद् — त्यो मन, यदा — जब, मृत्युम् — मृत्युलाई, अति — पार गरेर, अमुच्यत — पापबाट छुटचो, (तब) सः — त्यो, चन्द्रमाः — चन्द्रमा, अभवत् — भयो, सः — त्यो, मृत्युदेखि छुटेको, असौ — यो चन्द्रः — चन्द्रमा, मृत्युम् — मृत्युदेखि, परेण — पर, अतिक्रान्तः — पापबाट छुटेको भई, भाति — प्रकाशमान भइरहेछ, एषा — यो, देवता — प्राण देवताले, एतम् — यस पुरुषलाई, एवम् ह वै — यसरी नै, मृत्युम् — मृत्युको, अति — पार

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वहति — पुऱ्याउँछ, यः — जो, एवम् — यसै गरी, प्राणलाई वाक् आदि पाँच इन्द्रियले युक्त, वेद — जान्दछ ।

वाक्यार्थ — अनि प्राण देवताले मनलाई पापरूप मृत्युको पार पुऱ्यायो । त्यो मन जब मृत्युलाई पार गरेर पापबाट छुटयो, तब त्यो चन्द्रमा भयो । मृत्युदेखि छुटेको चन्द्रमा मृत्युदेखि पर पापबाट छुटेको भई प्रकाशमान भइरहेछ । जो यसरी यस प्राण देवतालाई वाक् आदि पाँच इन्द्रियले युक्त जान्दछ र उपासना गर्दछ त्यसलाई प्राणदेवले त्यसै गरी पापरूप मृत्युको पार पुऱ्याइदिन्छ ।

प्राणको अन्नाद्यागान

अथात्मनेऽन्नाद्यमागायद्यद्धि किञ्चान्नमद्यतेऽनेनैव तदद्यत इह प्रतितिष्ठति ।१७

पदार्थ — अथ — यसपछि (मुख्य प्राणले) आत्मने — आफ्ना निमित्त, अन्नाद्यम् — खाद्य अन्न भनेर आगात् — गायो, हि — जुन कारणले, यत्किञ्च जुनसुकै पनि, अन्नम् — खाने कुरा, अद्यते — खाइन्छ, तत् — त्यो, अनेन एव यस प्राणले नै, अद्यते — खाइन्छ, (त्यति मात्र होइन) इह — शरीराकारले, परिणत यस अन्नमा, प्रतितिष्ठति — रहन्छ ।

वाक्यार्थ — यसपछि मुख्य प्राणले आफ्ना निमित्त खाद्यान्न भनी गायो । हुन पनि हो, जुन पनि खानेकुरा खाइन्छ, त्यो प्राणले नै खाइन्छ, र प्राण टिक्ने पनि शरीराकारले परिणत अन्नमा नै हो ।

यद्यपि मुख्य प्राणले समेत आफ्ना निमित्त भनेर खाद्यान्नको आगान गऱ्यो । तर वाक् आदिले असल अंश आफ्ना निमित्त पारेर गाएजस्तो होइन, किन्तु टिक्नाका निमित्त मात्र हो । अतः यसमा शुभाभिनिवेश – जनित पापको संभावना छैन ।

प्राणको सर्वपोषकत्व र त्यसका यस प्रकारका उपासनाको फल

संबन्ध — शंका — प्राणले नै खान्छ भनेर किट्न त अयोग्य छ, वाक् आदिलाई पनि अन्नले उपकार गरेको देखिन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाधान— हो, तर प्राणद्वारा नै उपकार भएकाले दोष छैन। कसरी प्राणद्वारा भएको उपकार ? भन्ने जिज्ञासामा भनिन्छ—

ते देवा अब्रुवन्नेतावद्वा इदꣳ सर्वं यदन्नं तदात्मन आगासीरनु नोऽस्मिन्नन्न आभजस्वेति ते वै माभिसंविशतेति तथेति तꣳ समन्तं परिण्यविशन्त तस्माद्यदनेनान्नमत्ति तेनैतास्तृप्यन्त्येवꣳ हवा एनꣳ स्वा अभिसंविशन्ति भर्ता स्वानाꣳ श्रेष्ठः पुर एता भवत्यन्नादोऽधिपतिर्य एवं वेद य उ हैवंविदꣳ स्वेषु प्रतिप्रत्तिबुभूषति न हैवालं भार्येभ्यो भवत्यथ य एवैतमनुभवति यो वैतमनु भार्यान्बुभूर्षति स हैवालं भार्येभ्यो भवति ॥ १८ ॥

पदार्थ — वै — स्मरण हुन्छ कि, ते — ती, देवाः — वाक् आदि देवताले, अब्रुवन् — (मुख्य प्राणसँग) भने, इदम् — यो, यत् — जो, अन्नम् — अन्न हो, सर्वम् — सबै, एतावत् — यति नै हो, तत् — त्यो, आत्मने — आफ्ना निमित्त, आगासीः — गायौ, अनु — पछि, नः — हामीहरूलाई, (पनि) अस्मिन् — यो, अन्ने— अन्नमा, आभजस्व — भागी बनाऊ, (अनि मुख्य प्राणले) इति— यसो, (भन्यो) ते — तिमीहरू, वै — निस्सै (अन्नार्थी छौ भने) मा — ममा, अभिसंविशत — प्रवेश गर, (अनि ती देवताहरू) तथा इति — त्यसै होस् भनेर, तम् — त्यस प्राणमा, परिसमन्तम् — सबतर्फबाट न्याविशन्त — प्रवेश गरे, तस्मात् — त्यस कारण, यद् — जो, अनेन — यस प्राणद्वारा, अन्नम् — अन्न, अत्ति — (जनले) खान्छ, तेन — त्यस अन्नले, एताः — यी वाक् आदि देवताहरू तृप्यन्ति — तृप्त हुन्छन्, यः— जो, एवम् — यस्तो (मुख्य प्राण वाक् आदि देवताको आश्रय छ, यी देवता प्राणाश्रित छन् भन्ने) वेद — जान्दछ, एनम् — यस ज्ञातालाई, एवम् — यस्तै गरी, ह वै— निस्सै पनि, स्वाः— आफन्तहरू, अभिसंविशन्ति — सबतिरबाट आश्रय गर्दछन्, (त्यो) स्वानाम् — आफन्तहरूको भर्ता — पोषण गर्ने, श्रेष्ठः — उत्तम, पुरः — अगाडि, एता — हिंड्ने, अन्नादः अन्नको भोक्ता, अधिपतिः — मालिक भएर पाल्ने, भवति — हुन्छ, (अर्को कुरा) स्वेषु — बन्धुहरूमध्ये, यः उ — जो त, ह — निश्चय, एवंविदम् प्रति— यस्ता प्राणवेत्ताका उपर, प्रतिः — प्रतिकूल, बुभूषति — हुन खोज्छ, (त्यो) भार्येभ्यः — पाल्नुपर्नेहरूलाई (पाल्न) अलम् — समर्थ, न एव भवति — अवस्यै हुँदैन, ह — विदित छ, अथ — अनि, यः एव— जुन चाहिं त, एतम्—यस प्राणवेत्ताको, अनु — अनुकूल, भवति— हुन्छ, वा — अथवा, यः — जो, एतम् — यस प्राणवेत्ताको, अनु — अनुकूल भएर, भार्यान्— पाल्नुपर्नेहरूलाई,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वुभुर्षति — पालन गर्न चाहन्छ, स एव — त्यो नै, ह — निश्चयले, भार्येभ्यः — पाल्नुपर्नेहरूलाई (पालन गर्न) अलम् — समर्थ, भवति — हुन्छ ।

वाक्यार्थ— स्मरण हुन्छ कि ती देवताहरूले भने — यो जो अन्न हो । सब त यति नै हो । त्यसलाई तिमीले आफ्ना निमित्त आगान गऱ्यौ । यस कारण अब हामीहरूलाई पनि यस अन्नमा भाग पाउने बनाऊ । प्राणले बन्यो — त्यसो हो भने तिमीहरू सबतर्फबाट ममा प्रवेश गर, तब सबैले हुन्छ भनेर सबतर्फबाट प्राणमा प्रवेश गरे, अतः पुरुष प्राणद्वारा जो अन्न खान्छ, त्यसले वाक् आदि देवताहरूलाई पनि तृप्त पार्छ । अतः यो वाक् आदि सब प्राणका आश्रित हुन् भन्ने कुरा जो जान्दछ, उसलाई आफ्ना बन्धुवर्ग सबतिरबाट आश्रय गर्दछन् । त्यो आफन्तलाई पालन गर्ने उनीहरूमा श्रेष्ठ र उनका अधिल्तिर हिंड्ने (मान्य) हुन्छ । तथा अन्न उपभोग गर्ने र सबको मालिक हुन्छ । अर्को कुरा—जो यस प्रकारको प्राणवेत्ताउपर प्रतिकूल हुन खोज्छ, त्यो आफ्ना पाल्नुपर्नेहरूलाई पाल्न अवश्य सक्तैन । अनि, जुन चाहिं यस्ता प्राणवेत्ताको अनुकूल हुन्छ वा अनुकूल भई पाल्नुपर्नेलाई पालन गर्न चाहन्छ, त्यो पक्कै पाल्नुपर्नेहरू पाल्न समर्थ हुन्छ ।

प्राणका आङ्गिरसत्वको उपपत्ति

संबन्ध — प्राण भूत, इन्द्रियहरूको आत्मा हो भन्ने कुरा प्रतिपादन गर्न अघि प्राणलाई 'आङ्गिरस' भनी उल्लेख गरियो । अब त्यो कसरी आङ्गिरस छ ? यो बताइन्छ —

सोऽयास्य आङ्गिरसोऽङ्गानाꣳ हि रसः प्राणो वा अङ्गानाꣳ रसः प्राणो हि वा अङ्गानाꣳ रसस्तस्माद्यस्मात्कस्माच्चाङ्गात्प्राण उत्क्रामति तदेव तच्छुष्यत्येष हि वा अङ्गानाꣳ रसः ॥१९॥

पदार्थ — सः — त्यो, अयास्यः — विनाप्रयास-प्राप्त प्राण, आङ्गिरसः — आङ्गिरस हो, हि — किनभने, स — त्यो मुख्य प्राण, वै — नै, अङ्गानाम् — अङ्गहरूको, रसः — सार हो, प्राणः वै — प्राण नै, अङ्गानाम्— सब अङ्गको, रसः — सार हो, हि — जुन कारण, प्राणाः— प्राण, अङ्गानाम् — अङ्गहरूको, रसः — सार हो, तस्मात् — त्यसै कारण, यस्मात् कस्मात् च — जुनकुनै पनि, अङ्गात् — अङ्गबाट, प्राणः — प्राण, उत्क्रामति — निक्लन्छ, तत् एव —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यही नै, तत् — त्यो अङ्ग, शुष्यति — शुक्तछ, हि — यसै कारण, एषः — यो प्राण, वै — निश्चय, अङ्गानाम् — सब अङ्गको रसः — सार हो ।

वाक्यार्थ — जो विनाप्रयास प्राप्त प्राण 'आङ्गिरस' हो । किनभने त्यो मुख्य प्राण नै सब अङ्गको सार हो । जुन कारण प्राण अङ्गहरूको सार हो त्यसै कारण जुनसुकै अङ्गबाट प्राण निक्ले पनि त्यहाँ त्यो अङ्ग सुक्छ । यै कारण प्राण सब अङ्गको सार हो ।

प्राणका बृहस्पतत्वको उपपत्ति

एष उ एव बृहस्पतिर्वाग्वै बृहति तस्या एष पतिस्तस्मादु बृहस्पतिः ॥ २० ॥

पदार्थ — एषः — यो, एव — नै, उ — निश्चय, बृहस्पतिः — बृहती हो, (कसरी ?) वाक् — वाणी, वै — नै, बृहती — बृहती, (छत्तीस अक्षरवाला) छन्दः — छन्द हो, तस्याः — त्यस बृहती वाणीको, एषः — यो प्राण, पतिः — पालक हो, तस्मात् ऊ — त्यसैले, बृहस्पतिः — बृहस्पति हो ।

वाक्यार्थ — यो प्राण नै बृहस्पति हो । कसरी भने, वाणी बृहस्पति (छत्तीस अक्षरको पाउ हुने छन्द हो) । वाणीलाई अनुष्टुभ् (आठ अक्षरको पाउ हुने भनेको छ (नृसिंह पू० १।१) त्यो छत्तीस अक्षरवाला पाउ हुने छन्दमा अन्तर्भूत हुने नै भयो । त्यसमा समस्त ऋचा अन्तर्भूत छन् । त्यस बृहतीको पालक प्राण नै छ, निष्प्राणमा शब्द उच्चारण गर्ने सामर्थ्य हुँदैन । अतः यो प्राण नै बृहस्पति हो ।

प्राणका ब्रह्मणस्पतत्वको उपपत्ति

एष उ एव ब्रह्मणस्पतिर्वाग्वै ब्रह्म तस्या एष पतिस्तस्मादु ब्रह्मणस्पतिः ॥२१॥

पदार्थ — एषः एव — यै प्राण, उ — निश्चय, ब्रह्मणस्पतिः — ब्रह्मणस्पति हो, वाक् — वाणी नै., ब्रह्म — यजु हो, तस्याः — त्यस वाणीको, एषः — यो प्राण, पतिः — पालक हो, तस्मात् — त्यस कारण, उ — नै, ब्रह्मणस्पतिः — ब्रह्मणस्पति हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — यो प्राण नै ब्रह्मणस्पति हो। वाणी ब्रह्म (यजु) हो। त्यसको यो प्राण पालक हो। त्यस कारण प्राण ब्रह्मणस्पति हो।

प्राणका सामात्वको उपपत्ति

एष उ एव साम वाग्वै सामैष सा चामश्चेति तत्साम्नः सामत्वम्। यद्वेव समः प्लुषिणा समो मशकेन समो नागेन सम एभिस्त्रिभिर्लोकैः समोऽनेन सर्वेण तस्माद्वेव सामाश्नुते साम्नः सामुज्य्ँ सलोकतां य एवमेतत्साम वेद ॥ २२ ॥

पदार्थ — एषः — यो, एव — नै, उ निस्सै, साम — साम हो, वाक् — वाणी, वै — नै, सा — स्त्री शब्दको वाच्य वस्तु हो, एषः — यो प्राण, अम — पुं शब्दको वाच्य वस्तु हो, सा च — त्यो स्त्री शब्दवाच्य वस्तु र, अम च — पुं शब्दवाच्य वस्तु पनि, इति — यस रूपको, तत् — त्यो साम्नः — साम वेदको, सामत्वम् — सामपन हो, वा — अथवा, यद् — जो, उ — निश्चय, एव — नै, प्लुषिणा — सानो जातको मौरीको जीउले, समः — बराबर, मसकेन — लामखुट्टेका जीउले, समः — बराबर, नागेन — हात्तीका जीउले, समः — बराबर, एभिः — यी, त्रिभिः — तीन, लोकैः — लोकरूपी शरीर (प्राजापत्य) ले, समः — बराबर, (एवम्) अनेन — यो, सर्वेण — सबै, (जगत्रूप हिरण्यगर्भ) ले, समः — समान छ, तस्मात् — त्यस कारण, उ — निश्चय, एव — नै, साम — जुनसुकै प्राणीका शरीरसँग पनि, समः — (उही बराबर) भैरहेकाले, 'साम' साम कहिन्छ यः — जो, एतत् — यो, साम — सामनामक प्राणलाई, एवम् — यसरी, श्रुतिप्रकासित महत्त्व भएको, वेद — जान्दछ सः — त्यो, साम्नः — सामनामक प्राणको, सायुज्यम् — समानरूप हुन, सलोकताम् — एकै लोकका हुन्, अश्नुते — पाउँदछ।

वाक्यार्थ — यो प्राण नै साम हो। वाणी 'सा' स्त्रीशब्दवाच्य वस्तु हो। त्यो अम — प्राण पुंशब्दवाच्य वस्तु हो। 'सा' र अम' नै सामको सामत्व हो, अथवा निश्चय नै यो प्राण सानो माहुरीको जीउ, लामखुट्टेको जीउ, हात्तीको जीउ, एवम् तीनै लोकरूपी जीउ र जगद्रूप हिरण्यगर्भ जत्रै भएर रहेको हुनाले 'साम' भनिन्छ। जसले यस सामरूप प्राणलाई यसरी (श्रुतिप्रकाशित महत्त्वशाली भनी) जान्दछ, त्यो प्राणको समान रूपको र समान लोकको हुन पाउँछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणका उद्गीथत्वको उपपत्ति

एष उ वा उद्गीथः प्राणो वा उत्प्राणेन हीदꣳ सर्वमुत्तब्धं वागेव गीथोच्च गीथा चेति स उद्गीथः ॥२३ ॥

पदार्थ — एषः — यो प्राण, उ — निश्चय, वै — नै, उद्गीथः—उद्गीथ हो, प्राणः — प्राण, वै — नै, उत् — उत्तम्भक — (उठाउने धारण गर्ने) हो, हि— किनभने, इदम् — यो, सर्वम् — समस्त जगत्, उत्तम्भितम् — धानिएको छ , (अनि) वाक् एव — वाणी नै, गीथा — गीथा (गाइने शब्दविशेष) हो (तब) उत् च — प्राण र, गीथा च — वाणी पनि, इति — यी दुइ एकसाथ भन्दा, सः — त्यो, उद्गीथः — 'उद्गीथ' हुन आउँछ ।

वाक्यार्थ — यो प्राण नै उद्गीथ हो । 'प्राण उत्' (उठाउने, धारण गर्ने) हो, किनभने यो सबै जगत् प्राणले नै धानेको छ। अनि वाणी नै 'गीथा' (गान गरिने शब्दविशेष) हो। अतः 'उत्' (प्राण) र 'गीथा' वाणी एक शब्दले लिइंदा 'उद्गीथ' हुन आउँछ। अतः आफ्नो (प्राणको) अधीन वाक्‌ले सहित प्राण नै 'उद्गीथ' हो।

उक्त अर्थको प्रष्टिका निमित्त आख्यायिका

तद्धापि ब्रह्मदत्तश्चैकितानेयो राजानं भक्षयन्नुवाचायं त्यस्य राजा मूर्धानं विपातयताद्यदितोयास्य आङ्गिरसोऽन्येनोद्गायदिति वाचा च ह्येव स प्राणेन चोदगायदिति ॥ २४ ॥

पदार्थ— तत् — त्यस विषयमा, ह अपि — आख्यायिका पनि छ। चैकितानेयः— चेकितानका युवापत्य, ब्रह्मदत्तः — ब्रह्मदत्तले, राजानम् — सोमरस, भक्षयन् — खाँदै, उवाच – भने, अयम् — यो, (यज्ञपात्रको मैले खान लागिएको) राजा — सोमरसले, तस्य — त्यस (झूट बोल्ने मेरो) मूर्धानम् — टाउको, विपातयतात् — खसालोस्, यत् — यदि, इतः — यस वाक्‌संयुक्त प्राणभन्दा, अन्येन — अर्कै देवताद्वारा, उद्गायत् — उद्गान गरेको होस् त, इति — यसो, (शपथ गरेका हुन्) अतः सः — ती अर्यास्य आङ्गिरसले, हि एव — निश्चय नै, वाचा च — वाणीद्वारा र, प्राणेन च — प्राणद्वारा पनि, अर्थात् — यी दुइबाट नै, उद्गायत् — गाएका हुन्, इति — यस्तो निश्चय छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — त्यस विषयमा यो अख्यायिका पनि छ–चेकितानको युवापत्य ब्रह्मदत्तले सोमलताको रस पान गर्दै भनेका थिए कि, 'अयास्य आङ्गिरस' (मुख्य प्राण देव) ले विश्वसृट्हरूका सत्रमा वाणीयुक्त प्राण वाहेक अरू कुनै देवताद्वारा उद्गान (सामगान) गरेका भए म झूटो ठहरिउँला, त्यस स्थितिमा यो यज्ञपात्रको मैले पिउन लागेको सोमरसले त्यस्तो मिथ्यावादी मेरो टाउको गिराओस् ।' ब्रह्मदत्तले यस्तो शपथ गरेका हुन् । अतः यो निश्चय हुन्छ कि अयास्य आङ्गिरसले वाणीसहित प्राणद्वारा नै सामगान गरेका थिए ।

सामका स्वभूत स्वरको सम्पादन गर्नाको आवश्यकता

तस्य हैतस्य साम्नो यः स्वं वेद भवति हास्य स्वं तस्य वै स्वर एव स्वं तस्मादार्त्विज्यं करिष्यन्वाचि स्वरमिच्छेत तया वाचा स्वरसंपन्नयार्त्विज्यं कुर्यात्तस्माद्यज्ञे स्वरवन्तं दिदृक्षन्त एव । अथो यस्य स्वं भवति भवति हास्य स्वं य एवमेतत्साम्नः स्वं वेद ॥ २५ ॥

पदार्थ — यः — जो, तस्य — त्यो, ह — प्रसिद्ध, एतस्य — यो, साम्नः सामशब्दवाच्य मुख्य प्राणको, स्वभू— धन, वेद — वेद— जान्दछ, अस्य—त्यसलाई, स्वम् — धन, भवति — हुन्छ, तस्य — त्यस सामको, स्वरः एव — स्वर (गलाको माधुर्य) नै, वै — निश्चय, स्वम् — धन हो, तस्मात् —त्यस कारण आर्त्विज्यम् — ऋत्विक् कर्म, करिष्यन् — गर्न आँट्ता, वाचि — वाणीमा, स्वरम् — स्वर, इच्छेत — चाहोस्, तया — त्यो, स्वरसंपन्नया — माधुर्ययुक्त, वाचा — वाणीले, आर्त्विज्यम् — ऋत्विक् कर्म, कुर्यात् — गरोस्, तस्मात् — सामको धनस्वरूप भएकाले, यज्ञे — यज्ञमा, स्वरवन्तम् — गलाको माधुर्य-हुनेलाई, दिदृक्षन्ते एव — हेर्न चाहन्छन् नै, (लोकमा) अथो — पनि, यस्य — जसको, धनम् — धन, भवति — हुन्छ, (तम् दिदृक्षन्त एव) — त्यसलाई हेर्न चाहन्छन् नै । यः — जो, साम्नः — सामको, एतत् — यो, स्वम् —धनलाई, एवम् — यस्ता प्रकारले, वेद — जान्दछ, अस्य — उसलाई, स्वम् — धन, भवति — हुन्छ ।

वाक्यार्थ — जो यो साम शब्दवाच्य मुख्य प्राणको धनलाई जान्दछ, त्यसलाई धन प्राप्त हुन्छ । अवश्य पनि स्वर (गलाको माधुर्य) नै त्यस सामको धन हो । अतः ऋत्विक्–कर्म गर्न आँट्ता वाणीमा स्वरको चाहना गर्नुपर्दछ । त्यस स्वरले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युक्त वाणीले नै ऋत्विक् कर्म गर्नू । यसैले गर्दा यज्ञमा कण्ठमाधुर्य भएका उद्गाता (सामगायक) लाई हेर्न चाहन्छन् । लोकमा पनि धन भएकालाई हेर्न खोज्छन् नै । जो सामको धनलाई यसरी जान्दछ त्यसलाई धन प्राप्त हुन्छ ।

सामको सुर्वण जान्नाको फल

तस्य हैतस्य साम्नो यः सुवर्णं वेद भवति हास्य सुवर्णं तस्य वै स्वर एव सुवर्णं भवति हास्य सुवर्णं य एवमेतत्साम्नः सुवर्णं वेद ॥ २६ ॥

पदार्थ— यः — जो, तस्य—त्यो, ह—प्रसिद्ध, एतस्य—यस, साम्नः—साम शब्दवाच्य मुख्य प्राणको, सुवर्णम् — सुन, वेद — जान्दछ, तस्य—त्यसलाई सुवर्णम् — सुन, भवति — प्राप्त हुन्छ, तस्य — त्यस सामको, स्वरः एव — सुस्वरता नै, वै — निश्चयले, सुवर्णम् — सुन हो, यः — जो, अस्य — यस, साम्नः — सामको, सुवर्णम् — सुन, (सौन्दर्य), एवम् — यस्ता प्रकारले, वेद — जान्दछ, अस्य — उसलाई, सुवर्णम् — सुन, भवति — प्राप्त हुन्छ ।

वाक्यार्थ — जो यस सामको सुनलाई जान्दछ त्यसलाई सुन प्राप्त हुन्छ । त्यस सामको सुस्वरता नै सुन हो । जो यस प्रकार यस सामको सून ((सौस्वर्य) लाई जान्दछ, त्यसलाई सुन प्राप्त हुन्छ ।

टिप्पणी — यस कण्डिकामा सुवर्ण शब्दले लिएको पनि सुस्वरता नै हो । फरक के त भने, पूर्व कण्डिकामा 'स्वर ' शब्दले गलाको माधुर्य वाच्य थियो । यसमा सुवर्ण जस्तामा सुवर्ण शब्द प्रयोग गरिएकाले लक्ष भएको छ ।

सामको प्रतिष्ठा गुण जान्नेको फत

तस्य हैतस्य साम्नो यः प्रतिष्ठां वेद प्रति ह तिष्ठति तस्य वै वागेव प्रतिष्ठा वाचि हि खल्वेष एतत्प्राणः प्रतिष्ठितो गीयतेऽन्न इत्यु हैक आहुः ॥ २७ ॥

पदार्थ— यः — जो, तस्य — त्यो, ह — प्रसिद्ध, एतस्य — यो,साम्नः — सामशब्दवाच्य प्राणको, प्रतिष्ठाम् —रहने ठाउँलाई, वेद — जान्दछ सः — त्यो, हः — निश्चय, प्रतितिष्ठति — प्रतिष्ठित हुन्छ । तस्य — त्यस सामाख्य प्राणको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक् एव — जिह्वामूलीय आदि स्थान नै, प्रतिष्ठा — आधार हो, हि — जुन-कारणले, एषः — यो, प्राणः — प्राण, वाचि — जिह्वामूलीय आदि स्थानमा, प्रतिष्ठितः — रहिएर, खलु — नै, एतत् — यो गान, गीयते — गाइन्छ, अ अर्थात् गीति भावमा प्राप्त हुन्छ, एके — कुनै आचार्य, उ — निस्सै, अन्ने — अन्नमा (प्रतिष्ठितः गीयते) — रहिएर गाइन्छ, इति — यसो, आहुः — भन्दछन् ।

वाक्यार्थ — जो त्यस सामशब्दवाच्य प्राणको रहने स्थानलाई जान्दछ त्यो प्रतिष्ठित हुन्छ । त्यस सामाख्य प्राणको जिह्वामूलीय आदि स्थान नै रहने आधार हो । जिह्वामूलीय आदि स्थानमा रहिएर नै यो साम गाइन्छ—गीतिभावमा प्राप्त हुन्छ । कुनै आचार्य चाहिं अन्नमा रहिएर गाइन्छ भन्दछन् ।

प्राणोपासकका निमित्त जपको विधान

अथातः पवमानानामेवाभ्यारोहः । स वै खलु प्रस्तोता साम प्रस्तौति स यत्र प्रस्तुयात्तदेतानि जपेत् । असतो मा सद् गमय तमसो मा ज्योतिर्गमय मृत्योर्मामृतं गमयेति । स यदाहासतो मा सद् गमयेति मृत्युर्वाअसत्सदमृतं मृत्योर्मामृतं गमयाय मा कुर्वित्येवैतदाह । तमसोमा ज्योतिर्गमयेति मृत्युर्वै तमो ज्योतिरमृतं गमयामृतं मा कुर्वित्येवैतदाह । मृत्योर्मामृतंगमयेति नात्र तिरोहितमिवास्ति । अथ यानीतराणि स्तोत्राणि तेष्वात्मनेऽन्नाद्यमागायेत्तस्मादु तेषु वरं वृणीत यं कामं कामयेत तꣳस एष एवंविदुद्गातात्मने वा यजमानाय वा यं कामं कामयते तमागायति तद्धैतल्लोकजिदेव न हैवालोक्यताया आशास्ति य एवमेतत्साम वेद ।। २८ ।।

पदार्थ — अथ — अब, अतः — देवभावमा चढाउने कर्म हुनाले, पवमाना-नाम् एव — पवमान मन्त्रहरूकै, अभ्यारोहः — जपकर्म विधीयते — विधान गरिन्छ, सः — त्यो, प्रस्तोता — सामगायक, वै खलु — निश्चय नै, साम — सामवेद प्रस्तौति — गाउन शुरू गर्दछ, सः — त्यो प्रस्तोता, यत्र — जुन समयमा, प्रस्तुयात् — शुरू गर्ला, तत् — त्यस समयमा, इति — यस्ता, एतानि — यी मन्त्र जपेत् — जपोस्, 'असतो मा सद् गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मामृतं गमय' । (ब्राह्मण मंत्रार्थलाई स्वयं व्याख्या गर्दछ) सः — त्यो प्रस्तोता, यत् — जो, इति — यस्तो, आह — भन्दछ, 'असतो मा सद् गमय' (त्यसमा) मृत्युः — मृत्यु, वै — निश्चय, असत् — असत् हो, अमृतम् — अमृत, सत् — सत् हो,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतत् — यस मन्त्रले, मृत्योः — मृत्युबाट, मा — मलाई, अमृतम् — अमृततर्फ, गमय — लैजाऊ, अर्थात् — मा — मलाई, अमृतम् — अमर, कुरु — पार, इति एव — यै कुरा, आह — भन्दछ, तथा — तमसो मा ज्योतिर्गमय' इति — यसमा, मृत्युः — मृत्यु, वै — निश्चय, तमः — अन्धकार हो, अमृतम् — अमृत, ज्योतिः — प्रकाश हो, एतत् — यस मन्त्रले, मृत्यो,— मृत्युबाट, मा— मलाई, अमृतम् — अमृततर्फ, गमय — लैजाऊ, अर्थात्, मा — मलाई, अमृतम् — अमर कुरु — तुल्याऊ, इति एव — यसो नै, आह – भन्दछ, (तथा) 'मृत्योर्मामृतं गमय' इति — यस्तो, अत्र — यस मन्त्रमा, तिरोहितम् — अर्थ छिपेको इव — जस्तो, न अस्ति — छैन–अर्थ खुला छ, अथ — यी मन्त्रपछि, यानि — जो, इतराणि — अरू, स्तोत्राणि — स्तोत्रहरू छन्, तेषु — तिनमा, आत्मने — आफूलाई, अन्नाद्यम् — खाद्य अन्न, आगायेत् — गाओस्, तस्मात् — उद्गाता प्राण जस्तै कार्यसिद्ध गर्न सक्ने हुनाले, (यजमान) तेषु — तीं, स्तोत्र प्रयुक्त हुँदा, यम् — जुन, कामम् — पदार्थ, कामयेत — चाहना गर्ला, तम् — त्यो, वरम् — वर, वृणीत — बरोस्, (मागोस्) सः — त्यो, एषः — यो, एवं वित् — प्राण-उक्त प्रकारको छ भनी जान्ने, उद्गाता — उद्गाता, आत्मने — आफूलाई, वा — अथवा, यजमानाय वा — यजमानलाई नै, यम् — जुन, कामम् — पदार्थ कामयते — चाहन्छ, तम् — त्यसलाई, आगायति — आगान गर्दछ, अर्थात् गाएर साधन गर्दछ, तत् — त्यो, एतम् — यो, प्राणविज्ञान, ह — निश्चय, लोकजित् — लोक-प्राप्तिको साधन नै हो, यः — जो, एतम् — यो, साम — प्राणलाई, वेद — (कहिएको संपूर्ण महिमा-अनुसारको) वेद — जान्दछ, अर्थात् — उपासना गर्दछ, (त्यसलाई) अलोक्यतायै — लोकप्राप्तिमा योग्य नहुना निमित्तको, आशा एव— प्रार्थना नै, न अस्ति हुँदैन, ह — निश्चय हो, ।

वाक्यार्थ—अब जपकर्म देवभावमा चढाउने साधन हुनाले पवमान मन्त्रहरू-कै जपकर्म विधान गरिन्छ । त्यो प्रस्तोताले सामगान गर्ने अवश्य शुरू गर्दछ । त्यस समयमा यजमानले यस्ता मन्त्र जप्नू–'असतो मा सद् गमय', तमसो मा ज्योतिर्गमय', मृत्योर्मामृतं गमय' । (यी मन्त्रको वाख्या श्रुति स्वयं गर्दछ) जो 'असतो मा सद् गमय' भन्ने मन्त्र छ, त्यसमा मृत्यु निश्चयले असत् हो, अमृत सत् हो । तब यस मन्त्रले मलाई मृत्युबाट अमृतमा पुऱ्याऊ' यै कुरा भन्दछ । तथा जो 'तमसो मा ज्योतिर्गमय' भन्ने मन्त्र छ, त्यसमा मृत्यु अवश्य अन्धकार हो, अमृत ज्योति प्रकाश हो तब यस मन्त्रले मलाई मृत्युबाट अमृतमा पुऱ्याऊ' यै कुरा भन्दछ । एवम् जो' मृत्यो-र्मामृतं गमय' भन्ने मत्र छ, त्यसमा त अर्थ छिपेको छैन, स्पष्ट छ । सबमा'मलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमर बनाऊ भन्ने प्रार्थना छ । अब यी मन्त्रपछि जो अरू स्तोत्रहरू छन्, तिनमा आफूलाई खाद्य अन्न भनी गाउनू, उद्गाता प्राण जस्तै काम सिद्ध गर्न सक्ने हुनाले ती स्तोत्र प्रयुक्त हुँदा यजमानले आफूलाई जुन वस्तुको कामना छ त्यै वर माग्नू । प्राणलाई यथार्थ रूपमा जान्ने उद्गाताले आफूलाई अथवा यजमानलाई जुन कुरा चाहन्छ त्यै कुरा साम गाएर साधन गर्दछ । यो प्राणविज्ञान निस्सै पनि लोक-प्राप्तिको साधन हो । जो यस प्राणलाई कहेअनुसारको जान्दछ र उपासना गर्दछ त्यसलाई लोकप्राप्तिमा योग्य होओइन कि भनी प्रार्थना गर्नुपर्ने खण्डै छैन । किनभने उसलाई प्राणात्ममा आत्मत्वको अभिमान उत्पन्न भैसकेको छ र कुनै कुरा दुर्लभ छैन ।

प्रथमाध्यायमा तृतीय उद्गीथ ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ ब्राह्मण

संबन्ध — साथै मिलेका ज्ञान-कर्मले र एकलो पनि प्राण-विज्ञानले प्रजापतित्व प्राप्त हुने कुरा कहियो । फलभूत प्रजापतिलाई जगत्को सृष्टि-स्थिति-संहारमा स्वतन्त्रता हुनु आदि विभूतिको वर्णनले वैदिक ज्ञान-कर्मको फलश्रेष्ठता वर्णन गर्नुपर्ने छ । यस कारण यो चतुर्थ ब्राह्मण आरम्भ गरिन्छ ।

खास भन्न खोजिएको कुरा त यो छ—यो संपूर्ण ज्ञान-कर्मको फल संसार नै हो। किनभने यो (संसार) भय, अरति इत्यादिले युक्त भएको सुनिएको छ, कार्य-कारण स्वरूपको छ र स्थूल-व्यक्त-अनित्य-विषयवाला छ, अब कहिने खालि ब्रह्मविद्या भने मोक्षको हेतु छ, भन्ने आगामी विषय-प्रदर्शनका निमत्त पनि हो, तर तिर्खा नलागेका मानिसको जलपानमा प्रवृत्ति नहुने जस्तो साध्य–साधन आदि भेदरूप संसार-विषयदेखि विरक्त नभएकाको आत्मैकत्वज्ञान-विषयमा प्रवृत्ति हुँदैन । त्यसकारण ज्ञान-कर्मका फलश्रेष्ठताको वर्णन आउँदो विषय (ब्रह्मविद्या) का निमित्त हो ।

प्रजापति अहंनामा हुनाको कारण र त्यसको यस प्रकार उपासना गर्नाको फल

आत्मैवेदमग्र आसीत्पुरुषविधः सोऽनुवीक्ष्य नान्यदात्मनोऽपश्यत्सोऽहमस्मीत्यग्रे व्याहरत्ततोऽहंनामाभवत्तस्मादप्येतर्ह्यामन्त्रितोऽहमयमित्येवाग्र उक्त्वाथान्यन्नाम प्रब्रूते यदस्य भवति स यत्पूर्वोऽस्मात्सर्वस्मात्सर्वान्पाप्मन औषत्तस्मात्पुरुष औषति ह वै स तं योऽस्मात्पूर्वो बुभूषति य एवं वेद ॥ १ ॥

पदार्थ — अग्रे — अघि, इदम् — यो, पुरुषविधः — पुरुषाकार, आत्मा एव — प्रजापति (अण्डवाट प्रथम उत्पत्ति हुने) नै, आसीत् — थियो, सः — त्यसले, अनुवीक्ष्य — विचार गरेर, आत्मनः — आफूभन्दा, अन्यत् — अर्को, न अपश्यत् — देखेन, सः — त्यसले, अग्रे — पहिले, अहम् — म, (प्रजापति) अस्मि — हुँ, इति — यस्तो, व्याहरत् — भन्यो, अतः — यस कारण, अहंनाम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहंनामवाला, अभवत् — भयो, तस्मात् — त्यस कारण, एतर्हि अपि — यस कालमा पनि, आमन्त्रितः — तँ को होस् ? भनी सोधिएको मानिस, अयम् — यो, अहम् — म, हुँ, इति एव — यसो नै, अग्रे — पहिले, उक्त्वा — भनेर, अथ — यसपछि, अन्यत् — अरू (देवदत्त) आदि नाम — नाम, प्रब्रूते — भन्दछ, यत् — जुन नाम, अस्य — यस (मनुष्य) को, भवति — छ, यत् — जुन कारणले, सः — त्यो प्रजापति, अस्मात् — यो, सर्वस्मात् — समस्तदेखि, पूर्वः — पहिलो भई, सर्वान् — संपूर्ण, पाप्मनः — पापहरूलाई, औषत् — दग्ध गरेथ्यो, तस्मात् त्यस कारण (पूर्वम् औषत भनिएकाले) पुरुष — पुरुष भयो, यः — जो, एवम् — यस्तो, वेद — जान्दछ, सः — त्यो, तम् — त्यसलाई, ह वै — निश्चय नै, ओषति — दग्ध गर्दछ, यः — जो, अस्मात् — यसभन्दा, पूर्वः — पहिलो प्रजापति, बुभूषति — हुन चाहन्छ ।

वाक्यार्थ — अघि अण्डबाट प्रथमोत्पन्न शीर-हात-गोडा अदि अङ्गवाला यो प्रजापति नै थियो । त्यसले म को हुँ, के किसिमको छु भन्ने विचार गरेर आफू विराट्भन्दा अर्को केही देखेन । अनि पूर्वजन्मका श्रौत-विज्ञानका संस्कारले 'म सर्वात्मा प्रजापति हुँ भन्यो । त्यस कारण यो अहंनामवाला भयो । अतएव आजकल पनि 'तँ को होस् ?' भनी सोद्धा पहिले यो 'म हुँ' भनेर कारणरूप प्रजापतिको नाम लिएर यस पछिमात्र 'देवदत्त' आदि नाम भन्छ, जुन यसको नाम छ । जुन कारणले त्यो प्रजापतिले यो संपूर्ण चराचरदेखि पहिलो भई समस्त पाप (आशक्ति, अज्ञानरूप) लाई दग्ध गरेथ्यो, त्यै कारणले (पूर्वम् औषत् — अघि डढायो) भनिएकाले 'पुरुष' भयो । जो यस्तो जान्दछ त्यो, त्यसलाई निस्सै दग्ध गर्दछ जो यसभन्दा पहिले प्रजापति हुन चाहन्छ ।

टिप्पणी — शङ्का — यदि त्यो यसरी उपासना गर्नेबाट दग्ध हुन्छ भने प्रजापतित्व पाउने इच्छा गर्नु त अनर्थका निमित्त पो हुनेरहेछ !

समाधान— हैन— ज्ञानभावनाको श्रेष्ठता नहुनाका कारण पहिले प्रजापतित्व प्राप्त नहुनु नै दग्ध हुनु हो, प्रत्यक्ष उठाइने भनेको होइन ।

प्रजापतिलाई भय हुनु र विचारद्वारा त्यो हट्नु

सोऽबिभेत्तस्मादेकाकी बिभेति स हायमीक्षांचक्रे यन्मदन्यन्नास्ति कस्मान्नु बिभेमीति तत एवास्य भयं वीयाय कस्माद्धचभेष्यद् द्वितीयाद्वै भयं भवति ॥२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — सः — त्यो प्रजापति, अबिभेत् — डरायो, तस्मात् — त्यसै-कारणले, (आजकल पनि) एकाकी — एकलो मानिस, बिभेति — डराउँछ, ह — प्रसिद्ध छ, सः — त्यो प्रजापतिले, ईक्षाञ्चक्रे — विचार गऱ्यो, यद् — जो, मत् — मदेखि, अन्यत् — अर्को, न अस्ति — छैन, इति — यस्तो लागेपछि, नु — वितर्क भयो, कस्मात् — कोदेखि, बिभेमि — डराइरहेछु, ततः एव — त्यै दिनदेखि, अस्य — यस प्रजापतिको, भयम् — डर, वीयाय — हटचो, हि — ठीक हो, कस्मात् — कसदेखि, अभेष्यत् — डराओस्, वै — निश्चय छ, द्वितीयात् — दोस्रोबाट, भयम् — डर, भवति — हुन्छ ।

वाक्यार्थ —त्यो प्रजापति डरायो । त्यसै कारणले आजकल पनि एकलो मानिस डराउँछ । प्रसिद्ध छ–त्यो प्रजापतिले विचार गऱ्यो–मदेखि अर्को कोही छैन, कोदेखि म डराइरहेछु, त्यै दिनदेखि प्रजापतिको डर हरायो । ठीक हो कसदेखि डराओस् ? निस्सै कुनै दोस्रोबाट नै डर हुन्छ, दोस्रो कुनै नभएपछि के को डर ?

टिप्पणी — यहाँ प्रजापतिलाई पहिले अविद्यानिमित्तक भय भएको थियो, तर तुरुन्तै आत्मैकत्व दृष्टि खुलेकाले त्यो नष्ट भयो भनिएको छ । यसमा शंका हुन्छ—प्रजापतिलाई एकत्वदर्शनको उपदेश कसले गऱ्यो ? उपदेश नगरीकन भयो भने हामीहरू पनि हुनुपर्दछ, हुँदैन । पूर्वजन्ममा गरेका एकत्व-दर्शनका संस्कारले भयो भन्ने हो भने त्यो आत्मैकत्वदर्शन व्यर्थ हुन जाने हुन्छ । किनकि पूर्वजन्ममा एकत्वदर्शन हुँदा हुँदै पनि बन्धनको कारण अविद्या नाश गर्न सकेको रहेनछ, जुन अविद्या रहिरहनाले भय भयो । यसै गरी वर्तमानका ज्ञानीहरूको आत्मैकत्व-दर्शन पनि बेकम्मा हुन जाला । यसमा समाधान–यो दोष छैन । प्रजापतिलाई एकत्वदृष्टि उत्कृष्ट हेर्नुबाट भएको छ । लोकमा पनि पुण्य कर्मबाट प्राप्त भएका विशुद्ध देहेन्द्रियले संयुक्त जन्म छ भने प्रज्ञा, मेधा, स्मृतिहरूको निपुणता देखिन्छ । त्यस्तै प्रजापतिका धर्म, ज्ञान, वैराज्ञ र ऐश्वर्यका विपरीत अधर्मादिका हेतु समस्त पाप दग्ध भएकाले विशुद्ध देहेन्द्रिययुक्त जन्म थियो । त्यसैले यस जन्ममा विना उपदेशै पनि आत्मैकत्वदर्शन हुन जानु कुनै अयुक्त छैन । स्मृति पनि यस्तै छ –

ज्ञानमप्रतिघं यस्य वैराग्यं च जगत्पतेः ।
ऐश्वर्यं चैव धर्मश्च सह सिद्धं चतुष्टयम् ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(जगत्पतिका अव्याहत ज्ञान, वैराग्य, ऐश्वर्य र धर्म सहसिद्ध छन्)

सहसिद्ध भए ज्ञान मौजूद हुँदा हुँदै भय कसरी भयो त? भनिएला,सहसिद्ध भन्नाको आशय हो–अरूले उपदेश गर्न नपर्ने भन्ने । जन्मान्तरको धर्म नै कारण हुने भए श्रद्धा, तत्परता, प्रणिपात र परिप्रश्नहरूको त ज्ञानोत्पत्तिमा हेतुत्व नै रहने भएन त ! हैन, नैमित्तिक कार्य सिद्ध हुनलाई एउटा मात्र निमित्त हुन्छ भन्ने कुरा छैन । निमित्त अनेक हुन सक्छन् । ती कहीं वैकल्पिक हुन्छन्, कहीं समुच्छ्रित । जस्तो रूपज्ञानकै विषयमा भनौं निशाचरहरूका लागि प्रकाश विनाको चक्षु र रूपको संयोग निमित्त हुन्छ । योगीहरूलाई खालि मन नै निमित्त हुन्छ । हामीहरूलाई भने प्रकाश पनि चक्षु र रूपको संयोग पनि निमित्त हुन्छ । यस्तै आत्मैकत्वदृष्टिमा पनि कहीं जन्मान्तर-कृत धर्म निमित्त हुन्छ, जस्तो प्रजापतिको । कहीं "तपले ब्रह्मजान" (तै.उ. ३।२।१) भनेकाले तप नै निमित्त हुन्छ । कहीं "आचार्यवान् पुरुषले जान्दछ" (छा. उ. ६।१४।२) "श्रद्धावान्ले ज्ञान पाउँछ" (गीता ४।३९) "त्यसलाई प्रणिपातले जान " (गी. ४।३४), "आचार्यबाट नै विद्या स्थिर हुन्छ " (छा. उ. ४।९।३), "देख्नुपर्छ, सुन्नुपर्छ" (बृ. उ. २।४।५) इत्यादि श्रुति, स्मृति हुनाले श्रद्धा आदि कुरा अधर्मादिको हेतु हटाइदिने साधन हुनाले ज्ञानलाभको निमित्त हुन्छन् । वेदान्त–श्रवण, मनन र निदिध्यासन चाहिं साक्षात् ज्ञेयविषयक नै हुनाले निमित्त हुन्छन् । पापादि प्रतिवन्धको नाश भएपछि आत्मा र मन पनि परमार्थ-ज्ञानमा निमित्त हुनु स्वाभाविकै छ । त्यसकारण श्रद्धा प्रणिपातादिहरू ज्ञानोत्पत्तिमा कारण नहुने हुँदैनन् ।

प्रजापतिबाट मिथुनको उत्पत्ति

स वै नैव रेमे तस्मादेकाकी न रमते स द्वितीयमैच्छत् । स हैतावानास यथा स्त्रीपुमाꣳसौ सम्परिष्यक्तौ स इ ममेवात्मानं द्वेधापातयत्ततः पतिश्च पत्नी चाभवतां तस्मादिदमर्धबृगलमिव स्व इति ह स्माह याज्ञवल्क्यस्तस्मादयमाकाशः स्त्रिया पूर्यत एव ताꣳ समभवत्ततो मनुष्या अजायन्त ॥ ३ ॥

पदार्थ — सः — –त्यो प्रजापति, वै — निश्चय, न एव रेमे — केही गरी रमाएन, तस्मात् — त्यस कारण (आजकल पनि) एकाकी — एकलो पुरुष, न रमते — रमाउँदैन, सः — त्यो प्रजापतिले, द्वितियम् — दोस्रो स्त्रीवस्तुलाई, ऐच्छत् — चाहना गऱ्यो (अनि), सः — त्यो प्रजापति, ह —निश्चय, एतावान्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत्रो, आस — भयो, यथा — जत्रो परिमाणका, संपरिष्यक्तौ — आलिङ्गित, स्त्रीपुंसौ — स्त्री र पुरुष हुन्छन्, सः — त्यो प्रजापतिले, इमम् — एव यै, आत्मानम् — शरीरलाई, द्वेधा — दुइ हुने छाँटले, अपातयत् — विभक्त गऱ्यो, तत्: — त्यसबाट, पतिः च — पति र, पत्नी च — पत्नी पनि, अभवताम् — भए, तस्मात् — त्यस कारण, इदम् — यो शरीर, आत्मनः — आफ्नो, अर्धबृगलम् इव एक फल्याँटो जस्तो हो, इति — यो, याज्ञवल्क्यले, आह — भनेथे, स्म ह — निस्सै हो, तस्मात् — त्यस कारण, अयम् — यो पुरुषको आधाभाग, आकाशः — (स्त्रीरूप आधा भागले) शून्य छ, स्त्रिया — (विवाहपछि) स्त्रीले, पूर्यते एव — पूरा नै हुन्छ, ताम् — ती (शतरूपा नाम गरेकी छोरी) संग, सः — त्यो मनुनामक प्रजापति, समभवत् — संयुक्त भयो (मैथुन धर्ममा प्रवृत्त भयो), ततः — त्यस संगमबाट, मनुष्याः — मनुष्यहरू, अजायन्त — जन्मे ।

वाक्यार्थ — त्यो प्रजापति केही गरी रमाएन । यस कारण आजकल पनि एकलो मानिस रमाउँदैन । (अनि) त्यसले दोस्रो (स्त्रीवस्तु) लाई चाहना गऱ्यो त्यो यति परिमाणको भयो कि जति परस्पर आलिङ्गित स्त्री-पुरुष हुन्छन् । अनि प्रजापतिले यै शरीरलाई दुइ हुने छाँटले विभक्त गऱ्यो । त्यसबाट पति र पत्नी भए । त्यस कारण यो शरीर आफ्नो आधा फल्याँटो जस्तो हो । यो कुरा याज्ञवल्क्यले भनेथे निस्सै हो । अतः यो पुरुषको आधा भाग विवाहअघि स्त्रीरूप आधा भागले शून्य छ। विवाहपछि स्त्रीले पूरा नै हुन्छ । ती पत्नीभावले कल्पना गरिएकी शतरूपा नाम गरेकी छोरीसँग मनुनामक प्रजापति मैथुनभावले संयुक्त भयो । त्यस संगमबाट मनुष्यहरू जन्मे ।

मिथुनद्वारा गो आदि प्रपञ्चको सृष्टि

सो हेयमीक्षाञ्चक्रे कथं नु मात्मन एव जनयित्वा सम्भवति तिरोऽसानीती सा गौरभवद्वृषभ तरस्इता२ समेवाभवत्ततो गावोऽजायन्त वडवेतराभवतदश्वधवृष इतरो गर्दभीतरा गर्दभइतरस्ता २ समेभाववत्तत एकशफमजायताजेतराभवद्वस्त इतरोऽविरितरा मेष इतरस्ता २ समेवाभत्ततोऽजावयोऽजायन्तैवमेव यदिदं किञ्च मिथुनमापिपीलिकाभ्यस्तत्सर्वमसृजत ॥ ४ ॥

पदार्थ — ह — यस्तो भएको हो, सा — ती संगम गरीएकी, इयम् — यी

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शतरूपाले, उ — निश्चयले, इच्छांचक्रे — विचार गरीन्, एषः — यी, मा–मलाई, आत्मनः एव — आफूबाट नै, जनयित्वा — जन्माएर, कथन् नु — कसरी, संभवति — संभोग गर्दछन्, हन्त — अपशोच (अब), तिरः — (अर्कैं जातले) छिपेकी, असानि — हुँ, इति — यस्तो, (शोचेर) सा — ती शतरूपा, गौः — गाई, अभवत् — भइन्, इतरः — अर्को (मनु), ऋषभः — साँढे (भए) र ताम् — तीसँग सम् एव अभवत् — संगम गरिहाले, ततः — त्यस संगमबाट गावः — गाई-गोरुहरू, अजायन्त — पैदा भए, (अनि) इतरा — अर्की (शतरूपा) वडवा — घोडी, अभवत् — भइन्, इतरः — अर्को (मनु) अश्ववृषः — श्रेष्ठ घोडा, अभवत् — भए, (अनि) इतरा — अर्की (शतरूपा) गर्दभी — गदही, अभवत् — भइन्, इतरः — अर्का, गर्दभः — गदाहा, (भए) ताम् — तीसँग, सम् एव अभवत् — संगम गरिहाले, ततः — त्यस संगमबाट, एकसफम् — एक खुरवाला जात, अजायत — पैदा भयो, (अनि) इतरा — अर्की, अजा — बाख्री, अभवत् — भइन्, इतरः — अर्को, वस्तः — बाख्रा (भए), अनि) इतरा — अर्की, अविः — भेडी, अभवत् — भइन्, इतरः — अर्का, मेषः — भेडा, (भए) ताम् — तीसँग, सम् एव अभवत् — संगम गरिहाले, ततः — त्यस संगमबाट, अजावयः — बाख्रा–भेडाहरू, अजायन्त — पैदा भए, एवम् एव — यसै गरी आपिपीलि काम्यः — कमीला पर्यन्त, यत् इदम् — जो यो, किम् च — कुनै पनि मिथुनम् — जोडी छ, तत् — त्यो, सर्वम् — सबै, असृजत् — सिर्जे ।

वाक्यार्थ — ती संगम गरिएकी शतरूपाले विचार गरीन् कि यी प्रजापति मलाई अफूबाटै पैदा गरेर कसरी मसंग संभोग गर्दछन् ? अपशोच छ, अब म अर्कैं जात भएर छिप्छु । अनी ती गाई भइन्, मनु साँढे भएर (उत्पाद्य प्राणीका कर्मले प्रेरित भएकाले) तीसँग संगम गरिहाले । अनि शतरूपा घोडी भइन्, मनु असल घोडा भए । अनि शतरूपा गदही भइन्, मनु गदाहा भए । तिनीसँग संगम गरिहाले । त्यस संगमबाट एक खुर (टाप) वाला प्राणी पैदा भए । अनि शतरूपा बाखी, मनु बाख्रा भए । एवम् शतरूपा भेडी, मनु भेडा भए । तिनीसँग संभोग गरिहाले । त्यसबाट बाख्रा, भेडाहरू पैदा भए । यै किसिमसँग कमिलापर्यन्त जति पनि जोडी छन्, ती सबैलाई मनुरूप प्रजापतिले सृष्टि गऱ्यो ।

प्रजापतिको 'सृष्टि' संज्ञा र सृष्टिरूपले एसको उपासना गर्नाको फल

सोऽवेदहं वाव सृष्टिरस्म्यह ९ हीद ९ सर्वमसृक्षीति ततः सृष्टिरभवत्सृष्ट्या ९ हास्यैतस्यां भवति य एवं वेद ॥ ५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — सः — प्रजापतिले, इति — यस्तो, अवेत्— ठहरायो, अहम् — म, वाव — नै, सृष्टिः — सृष्टि, अस्मि — हुँ, हि — किनभने, इदम् — यो, सर्वम् — सबै जगत्, अहम् — मैले, असृक्षिः —सृष्टि गरें, ततः—त्यस कारण (आफूलाई सृष्टि ठान्नु) ले, सृष्टिः—सृष्टि' नामवाला, अभवत्—भयो, यः—जो, एवम् — यसरी, (प्रजापतिले ठानेजस्तै गरी जगत्लाई आफूभन्दा अभिन्न) वेद — जान्दछ, सः — त्यो, एतस्याम्— यो, सृष्ट्याम् — सृष्टिमा, भवति — स्रष्टा हुन्छ, ह — निश्चय हो,

वाक्यार्थ— त्यो प्रजापतिले यस्तो ठान्यो कि म नै सृष्टि हुँ, किनभने यो जगत् मैले सृष्टि गरेको हो र मदेखि भिन्न छैन। यस्तो ठानेकाले त्यो, 'सृष्टि' नामक भयो। अरूपनि जसले यो समस्त जगत्लाई आफूदेखि अभिन्न ठान्दछ त्यो सृष्टिमा निश्चय स्रष्टा हुन्छ ।

प्रजापति अग्नि आदि देवरूप अतिसृष्टि

अथेत्यभ्यमन्थत्स मुखाच्च योनेर्हस्ताभ्यां चाग्निमसृजत तस्मादेतदुभयमलोमकमन्तरतोऽलोमका हि योनिरन्तरतः । तद्यदिदमाहुरमुं यजामुं यजेत्येकैकं देवमेतस्यैव सा विसृष्टिरेष उह्येव सर्वे देवाः अथ यत्किञ्चेदमार्द्रं तद्रेतसोऽसृजत तदु सोम एतावद्वा इदं सर्वमन्नं चैवान्नादश्च सोम एवान्नमग्निरन्नादः सैषा ब्रह्मणोऽति सृष्टिः । यच्छ्रेयसो देवानसृजताथ यन्मर्त्यः सन्नमृतानसृजत तस्मादतिसृष्टिरति सृष्ट्या ह्यस्यैतस्यां भवति य एवं वेद ॥ ६ ॥

पदार्थ — सः — त्यो प्रजापतिले, अथ इति —यसरी (मुखमा हात हालेर) अभ्यमन्थत् — मथन गऱ्यो, (र) मुखात् — मुखरूप, योनेः — योनीबाट, च — र, हस्ताभ्याम् — दुइ हातरूप योनिबाट, च—पनि, अग्निम् — अग्निलाई, असृजत् — सिर्ज्यो, तस्मात् — मुख र हातले अग्नि सिर्जेकाले, एतत्— यी उभयम् — दुइ अङ्ग, अन्तरतः— भित्रतिर, अलोमकम् — रौं नभएका छन् । हि — ठीक हो, योनि — स्त्रीको योनि (पनि) अन्तरतः — भित्रपट्टि अलोमका, रोमरहित हुन्छ। तत् — त्यो कर्मप्रकरणमा, यत् — जो, (याज्ञिकहरू) इति — यसरी, इदम् — यो, आहुः — भन्दछन् अमुम् — यी (अग्निलाई) यज — पूज, अमुम् — यी (इन्द्र) लाई, यज — पूज, तत् तथा न विद्यात्— त्यसलाई त्यस रूपमा ठान्नु हुँदैन, (किनभने) एतस्यएव — यै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रजापतिको, सा — त्यो, विसृष्टिः — विषेश सृष्टि (देवभेद) हो, (अतः) एषः एव — यो प्राणरूप प्रजापति नै, उ हि — निश्चय, सवै — सवै, देवाः — देवता हो, अथ — अब (प्रजापतिकै भोक्ता र भोज्यस्वरूपको वर्णन-गरिन्छ), इदम् — यो, यत् किम् च — जुनसुकै पनि, आर्द्रम् — द्रवात्मक वस्तु छ, तत् — त्यसलाई, रेतसः — वीर्यबाट, असृजत — सिर्ज्यो, तत् — त्यो, उ — निस्सै, सोमः — सोम हो, इदम् — यो, सर्वम् — सबै जगत्, वै — निश्चय, एतावत् — यत्ति हो, अन्नम् च — भोज्य र अन्नादः च — भोक्ता पनि, सोमः — सोम, एव — नै, अन्नम् — भोज्य हो, अग्निः — अग्नि, अन्नादः — भोक्ता हो, सा — त्यो, एषा — यो, ब्रह्मणः — प्रजापतिको, अतिसृष्टिः — श्रेष्ठ सृष्टि हो, यत् — जो, श्रेयसः — श्रेष्ठ, देवान् — देवताहरूलाई, असृजत — सिर्ज्यो, यत् — जो, अथ — उही प्रजापतिले, मर्त्यः सन् — मरणधर्मी भैकन, अमृतान् — नमर्ने स्वभावकालाई, असृजत — सिर्ज्यो, तस्मात् — त्यस कारण (यो) अति सृष्टिः—श्रेष्ट सृष्टि हो, यः— जो, एवम्—यसरी, (यो प्रजापतिको स्वरूपभूत अति सृष्टि हो भनेर), वेद — जान्दछ सः— त्यो, एतस्याम् — यो अति सृष्टि मा, भवति — प्रजापति जस्तै स्रष्टा हुन्छ।

वाक्यार्थ— त्यो प्रजापतिले यसरी मुखमा हात हालेर मथन गऱ्यो र मुखरूप योनिबाट हातरूप योनिद्वारा अग्निलाई पैदा गऱ्यो। यस कारणले दाहक अग्निलाई पैदा गर्ने योनि हुँनाले यी मुख र हात भित्रतिर रौं नभएका छन् । ठीक हो, स्त्रीको योनिको पनि भित्रपट्टि रोमरहित हुन्छ। कर्मप्रकरणमा याज्ञिकहरू देवताहरू-लाई पृथक् पृथक् मानेर 'यिनी (अग्निलाई) पूज' यिनी (इन्द्र) लाई पूज भन्दछन्। तर वस्तुतः तिनीहरूलाई पृथक् ठान्नु हुँदैन। किनभने त्यो देवभेद प्रजापतिकै विशेष सृष्टि हो। अतः प्राणरूप प्रजापति नै सबै देवता हो। (अब प्रजापतिकै भोक्ता र भोज्यस्वरूप वर्णन हुन्छ) यो जो जुनसुकै पनि द्रवात्मक वस्तु छ, त्यसलाई प्रजापतिले वीर्यबाट सृष्टि गऱ्यो। यो सब जगत् यत्ति हो कि भोज्य र भोक्ता। सोम नै भोज्य हो र अग्नि नै भोक्ता हो। यो प्रजापतिको उत्तम सृष्टि हो, जो कि आफू मरणधर्मी भैकन पनि कर्मज्ञानरूपी अग्निले आफ्ना समस्त पापलाई डढाएर अमरस्वभावका देवतालाई सिर्जेको छ। जो यो प्रजापति को अतिसृष्टिलाई प्रजापतिकै स्वरूपभूत सृष्टि हो भनी जान्दछ त्यो यस अतिसृष्टिमा प्रजापति जस्तै स्रष्टा हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव्याकृत कारण ब्रह्मबाट व्यक्त जगत्को उत्पत्ति, दुवैको अभेद र यस अभेदोपासनाको फल ।

तद्धेदं तर्ह्यव्याकृतमासीत्तन्नामरूपाभ्यामेव व्याक्रियतासौनामायमिद ँ रूप इति तदिदमप्येतर्हि नाम रूपाभ्यामेव व्याक्रियतेऽसौनामाऽयमिद ँरूप इति । स एष इह प्रविष्टः । आ नखाग्रेभ्यो यथा क्षुरः क्षुरधानेऽवहितः स्याद्विश्वम्भरो वा विश्वम्भर कुलाये तं न पश्यन्ति । अकृत्स्नो हि स प्राणन्नेव प्राणो नाम भवति । वन्दन्वाक् पश्यँश्चक्षुः शृण्वञ्श्रोत्रं मन्वानो मनस्तान्यस्वैतानि कर्मनामान्येव । स योऽत एकैक मुपास्ते न स वेदाकृत्स्नो ह्येषोऽत एकैकेन भवत्यात्मेत्येवोपासीतात्र ह्येते सर्व एकं भवन्ति । तदेतत्पदनीयमस्य सर्वस्य यदयमात्मानेन ह्येतत्सर्वं वेद । यथा ह वै पदेनान नुविन्देदेवं ँकीर्ति श्लोकं विन्दते य एवं वेद ॥ ७ ॥

पदार्थ – तत् — त्यो बीजावस्थाको, इदम् – यो जगत्, तर्हि – त्यतिखेर (उत्पत्ति-पूर्व), अव्याकृतम् — अव्यक्त, आसीत् — थियो, ह — प्रसिद्ध छ, तत् — त्यो अव्यक्त जगत्, नामरूपाभ्याम् — नाम र रूपले, एव — नै, अयम् — यो, असौ नामा — यो नाम भएको (र) इदंरूपः — यो रूप भएको, इति — यस किसिमले, व्याक्रियत — व्यक्त भयो, एतर्हि अपि — अहिले पनि, तत् — त्यो त्यो बीजवस्थाको, इदम् — यो, (कुनै पनि दृश्यमान वस्तु) नाम रूपाभ्याम एव नाम र रूपले नै, अयम् — यो, असौनामा — यो नाम भएको (र) इदंरूपः यो (सेतो, रातो, कालो आदि)रूप भएको इति — यस छाँटले, व्याक्रियते भएको हुन्छ । सः एषः — त्यै यो आत्मा, इह — यस शरीरमा, आ नखाग्रेभ्यः — नङ्का टुप्पासम्म, प्रविष्टः — पसेको छ, यथा — जस्तै, क्षुरः — छुरा, क्षुरधाने छुरा राख्ने पेटीमा, अवहितः — छिपेर रहेको, स्यात् — हुन्छ, वा — अथवा, विश्वम्भरः अग्नि, विश्वम्भरकुलाये — अग्नि रहनेगुँड (काठ आदि) मा, अवहितः स्यात्, भित्र रहेको हुन्छ, तम् — त्यस आत्मालाई, न पश्यति — देख्तैनन् (पाउँदैनन्) हि — किनभने, सः — त्यो प्राणन आदि क्रिया गर्ने आत्मा, अकृत्स्नः — अपूर्ण रूपको छ, (किन ?) प्राणन् एव — बाँच्ने क्रिया गर्दा मात्र, प्राण नाम — प्राण नाम भएको हुन्छ, वदन् — बोल्दा, वाक् — वाक् नाम भएको हुन्छ, पश्यन् हेर्दा, चक्षुः — चक्षु नाम भएको हुन्छ, शृण्वन् — सुन्दा, श्रोत्रम् — श्रोत्र नाम भएको, हुन्छ, मन्वानः — मनन गर्दा, मनः — मन नाम भएको हुन्छ, तानि — ती, एतानि — यी, एतस्य — यस आत्माका, कर्मनामानिएव — कामबाट भएको मात्र नाम हुन्, (वस्तुमात्र-विषयक नाम हैनन्), सः — त्यो, यः — जो, अतः — यस (प्राणनादि क्रिया समुदायमध्ये) बाट, एकैकम् — एक एक प्राण आदिलाई, उपास्ते — उपासना गर्दछ, सः — त्यो, न वेद — ब्रह्म जान्दैन, हि — यस कारणले कि, एषः — यो, (प्राणानादि क्रियाविशिष्ट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा) अकृत्स्नः — अपूरो छ, अतः — यसै, अरू धर्मको उपसंहार नगर्नाले एकैकेन — एक एक विशेषण (प्राणन आदिले, प्रविभक्तः — छुयाइएको, भवति — हुन्छ, ब्रह्म कसरी जानिन्छ ? त भने आत्मा इति एव — आत्मा (प्राणनादि समस्त विशेषण पाउने) भनेर नै, उपासीत — उपासना गरोस्, हि — यसले कि, अत्र — यस आत्मामा एते — यी, सर्वे — संपूर्ण, एकम् — एक, भवन्ति — हुन्छन्, तत् —त्यो,एतत् — यो ब्रह्म, अस्य — यो, सर्वस्य — संपूर्ण गजत्को, पदनीयम् — प्राप्तव्य-वस्तु छ, यत् — जुन कारण, अयम् — यो, आत्मा — आत्मा हो, हि — जुन-कारणले, अनेन — यस आत्मतत्त्वले, अर्थात् यसका ज्ञानले, एतत् — यो, सर्वम् समस्त वस्तु, वेद — जान्दछ, यथा — जसरी, (खोजी गर्ने मानिस) पदेन — खुरहरूका चिह्नले, अनुविन्देत्— हराएका पशुलाई फेलापार्छ हवै— निश्चय नै हो, यः — जो उपासक, एवम् — यसरी (आत्मा नामरूपका अनुप्र-वेशले ख्याति प्राप्ति गरेको छ; 'आत्मा' इत्यादि नाम, रूपले प्राणादि संघातरूप इष्ट समागम पनि प्राप्त गरेको छ भनी), वेद — जान्दछ, सः — त्यो, कीर्तिम् यश र, लोकम् — इष्ट समागम, विन्दते — प्राप्त गर्दछ ।

वाक्यार्थ — त्यो बीजवस्थाको यो जगत् उत्पत्ति हुनुभन्दा अघि अव्यक्त (अस्पष्ट) थियो । त्यो नाम र रूपले गर्दा 'यस नामको र यस रूपको' भनीने गरी व्यक्त भयो । बीजावस्थाको कुनै पनि वस्तु नाम र रूपले नै 'यस नामको र यस रूपको' भनिने गरी व्यक्त हुन्छ । यो आत्मा यस शरीरमा नङ्को टुप्पासम्म पसेको छ । जस्तो छुरा राख्ने पेटीमा छुरा छिपेर रहेको हुन्छ । अथवा अग्नि काठ आदिमा भित्र दबेर रहेको हुन्छ । त्यस आत्मालाई कोही प्राप्त गर्दैनन् । किनभने त्यो अपूरो रूपमा यसरी कि श्वास फेर्दा प्राण, बोल्दा वाणी, हेर्दा चक्षु, सुन्दा श्रोत्र, मनन गर्दा, मन नाम भएको हुन्छ । यी नाम आत्माका कर्मजनित हुन्, वस्तुमात्र-विषयक होइनन् । यस कारण ती प्राण मध्य आदि कुनैलाई उपासना गर्नेले पनि ब्रह्मलाई जान्दैन । किनकि यो प्राण आदि आत्मा समस्त रूपको छैन । प्राणन आदि क्रियाले भाग लगाइएको छ । ब्रह्म कसरी जानिन्छ त ? भने 'आत्मा' भनेर नै उपासना गरे जानिन्छ । आत्मा' भनिंदा यी संपूर्ण प्राण, वाक्हरू एक हुन आउँछन् । सबैको प्राप्तव्य वस्तु पनि यै हो । आत्मतत्त्व जान्नाले संपूर्ण वस्तु जान्दछ । जस्तो खुरहरूको चिन्ह पैल्याउँदै जाँदा हराएको पशुलाई फेला पार्दछ । जुन उपासकले यसरी (आत्मा नामरूपले ख्याति प्राप्त गरेको छ र 'आत्मा' इत्यादि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नामले प्राणादि संघातरूपइष्ट समागम प्राप्त गरेको छ भनी) जान्दछ त्यो यस र इष्ट समागम प्राप्त गर्दछ ।

टिप्पणी— 'प्राण आदि आत्मा अपूरो हुन्छ' भन्नाको आशय यो हो–प्राणलाई आत्मा भनिन्छ भने श्वास फेर्ने चाहिं आत्मा रहेछ भनि ठानिने भयो । वाक्लाई अत्मा भनिन्छ भने बोल्ने चाहिं आत्मा रहेछ भनी ठानिने भयो । त्यस्तो एक एक क्रिया गर्ने मात्र त आत्मा होइन, किन्तु ति प्राणनादि संपूर्ण क्रिया गर्ने नै आत्मा हो । अतः एक क्रियाविशिष्ट मानिएको आत्मा पूरो भएन अपूरै भयो ।

निरतिशय प्रियरूपले आत्माको आपासना

संबन्ध— किन आत्मतत्त्व नै जान्नुपर्दछ, अरू नही? यसमा श्रुति भन्दछ

तदेतत्प्रेयः पुत्रात्प्रेयो वित्तात्प्रेयोऽन्यस्मात्सर्वस्मादन्तरतरं यदयमात्मा । स योऽन्यमात्मनः प्रियं ब्रुवाणं ब्रूयात्प्रियं रोत्स्यतीतीश्वरो ह तथैव स्यादात्मानमेव प्रियमुपासीत । स य आत्मानमेव प्रियमुपास्ते न हास्य प्रियं प्रमायुकं भवति ॥ ८ ॥

पदार्थ — तद् — त्यो, एतद् — यो, आत्मतत्त्व —, पुत्रात् — छोरो भन्दा, प्रेयः — प्यारो छ, वित्तात् — धनभन्दा, प्रेयः — प्यारो छ, अन्यस्मात् अरू, सर्वस्मात् — सबै प्यारावस्तुभन्दा, प्रेयः—प्यारो छ, यत् — जुन कारणले, अयम् — यो, आत्मा — आत्मा, अन्तरतरम् —ज्यादै समीपवर्ती छ; सः— त्यो, यः— जो (कोही) आत्मनः— आत्मादेखि, अन्यम्—अर्कालाई, प्रियं — (तिभ्रो) प्यारो, ब्रुवाणम् — भन्नेलाई, इति — यसो, ब्रूयात् — भनोस् कि, प्रियम् प्यारो वस्तु, रोत्स्यति — नष्ट हुनेछ, तथा एव — त्यसै, स्यात् — होला, (किन?) सः— त्यो, ह — निश्चय, ईश्वरः— समर्थ छ, अतः आत्मानम् एव— आत्मालाई नै, प्रियम्— प्यारो भनी, उपास्ते उपासना गर्दछ, अस्य— यसको, प्रियम् — प्यारो वस्तु, प्रमायुकम् — मरणशील, न भवति — हुँदैन, ह — निश्चय हो ।

वाक्यार्थ— त्यो यो आत्मतत्त्व पुत्रभन्दा बढ्ता प्यारो छ, धनभन्दा अधिक प्यारो छ, अरू संपूर्ण प्रिय वस्तुभन्दा पनि ज्यादै प्यारो छ, । किनभने यो आत्मा ती वस्तुभन्दा ज्यादै नजीकमा छ । त्यो जुन कुनै पनि आत्मादेखि भिन्नलाई प्यारो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने पुरुषप्रति भनोस् कि तिम्रो प्यारो वस्तु नष्ट हुन्छ, तब त्यसै होला, किनकि त्यो समर्थ छ । त्यसो हुनाले आत्मारूप प्रिय वस्तुलाई नै उपासना गरोस् । जो यो आत्मालाई नै प्रिय वस्तु भनी उपासना गर्दछ, उसको प्रिय वस्तु मरणशील हुँदैन ।

ब्रह्म सर्वरूप हुने विषयमा प्रश्न

तदाहुर्यद् ब्रह्मविद्यया सर्वं भविष्यन्तो मनुष्या मन्यन्ते । किमुतद् ब्रह्मविद्यस्मात्तत्सर्वमभवदिति ॥ ९ ॥

पदार्थ — ब्राह्मणाः — ब्राह्मणहरू, तत् — त्यो, (वक्षमाण) आहुः — भन्दछन्, यद् — जुन, मनुष्याः — मानिसहरू, ब्रह्मविद्यया — ब्रह्मज्ञानले, सर्वम् — सबै, भविष्यन्तः — हुनेछौं भन्ने, मन्यते — मान्दछन्,तद् — त्यो, ब्रह्म—ब्रह्म, किम् उ—के हो ? तत् किम् — त्यसले के, भवेत् —जान्यो, यस्मात् जसले गर्दा, तत् — त्यो ब्रह्म, सर्वम् — संपूर्ण, अभवत् — भयो, ।

वाक्यार्थ — ब्राह्मणहरू भन्दछन्—मानिसहरू ब्रह्मज्ञानले सबै हुनेछौं भन्ने मान्दछन् । त्यो ब्रह्म के हो ? त्यसले के जान्यो ? जसले गर्दा त्यो सबै भयो ।

ब्रह्मले के जान्यो ? यसको उत्तर र त्यस प्रकार जान्नाको फल

ब्रह्म वा इदमग्र आसीत्तेदात्मानमेवावेत् । अहं ब्रह्मास्मीति । तस्मात्तत्सर्वमभवत्तद्यो यो देवानां प्रत्यबुध्यत स एव तदभवत्तथर्षीणां तथा मनुष्याणां तद्धैतत्पश्यन्नृषिर्वामदेवः प्रतिपेदेऽहं मनुरभवꣳसूर्यश्चेति । तदिदमप्येतर्हि य एवं वेदाहं ब्रह्मास्मीति स इदꣳसर्वं भवति तस्य ह न देवाश्च नाभूत्वा ईशते । आत्मा ह्येषाꣳस भवति । अथ योऽन्यां देवतामुपास्तेऽन्योऽसावन्योऽहमस्मीति न स वेद यथा पशुरेवꣳ स देवानाम् । यथा ह वै बहवः पशवो मनुष्यं भुञ्ज्युरेवमेकैकः पुरुषो देवान्भुनक्त्येकस्मिन्नेव पशावादीयमानेऽप्रियं भवति किमु बहुषु तस्मादेषां तन्न प्रियं यदेतन्मनुस्या विद्युः ॥ १० ॥

पदार्थ — इदम् — यो जगत्, अग्रे — अघि, वै—निश्चय, ब्रह्म —ब्रह्म, आसीत् — थियो, तत् — त्यसले, आत्मानम् एव — आफूलाई, नै, अहम् — म, ब्रह्म — ब्रह्म अस्मि — हुँ, इति — यसरी, अवेत् — जान्यो, तस्मात् —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस कारण, तत्— त्यो ब्रह्म, सर्वम् — सबै अभवत् — भयो, तत् — त्यस ब्रह्मलाई, देवानाम् — देवताहरूमध्ये, यः यः — जस-जसले, प्रत्यबुध्यत — जान्यो, सः एव — त्यो नै, तत् — त्यो ब्रह्म, अभवत् — भयो, तथा —त्यस्तै, ऋषीणात — ऋषीहरूमध्ये, तथा — त्यस्तै, मनुष्याणाम् — मनुष्यहरूमध्ये, यः यः प्रत्यबुध्यत स एव तत् अभवत् —जस-जसले जान्यो, त्यो त्यो ब्रह्म भयो, ह — प्रसिद्ध छ, तद् — त्यो, एतद् — यो ब्रह्मलाई, पश्यन् — देख्ता, ऋषिः ऋषि, वामदेव— वामदेव, अहम्— म, मनुः—मनु, अभवम्—भए, सूर्यः च— सूर्य पनि, अभवम् — भएँ, इति — यस्तो, प्रतिपेदे — जाने, एतर्हि अपि — अहिले पनि, यः — जो, तत् — त्यो, इदम् — यो ब्रह्मलाई, अहम् — म, ब्रह्म — ब्रह्म, अस्मि — हुँ, इति — भनी, एवम् — यस प्रकार, वेद— जान्दछ, सः — त्यो, इदम् — यो, सर्वम्— सबै भवति — हुन्छ, ह — सुविदित छ, तस्य — त्यसलाई, न अभूत्यै— सर्वात्मभाव नहुन दिनलाई, देवाः अपि — देवताहरू पनि, न ईशते — समर्थ हुँदैनन्, हि — जुन कारणले, सः — त्यो, एषाम् — यी देवताहरूको, आत्मा — आत्मा, भवति — हुन्छ, अथ —पक्षान्तरमा, यः — जो, असौ — यी, अन्यः— अर्का हुन्, अहम् — म, अन्यः— अर्को अस्मि — हुँ, इति — यस्तो ठानी, अन्याम् — अर्का, देवताम् — देवतालाई, उपास्ते — उपासना गर्दछ, सः — त्यो, न वेद — (तत्त्व) जान्दैन, यथा— जस्तो, पशुः — जानवर हुन्छ, एवम् — यस्तै, सः — त्यो, देवानाम् —देवताहरूको, पशुः — जानवर हो, ह — सर्वविदित छ, यथा— जस्तै, बहवः— धेरै पशवः — गाई भैंसी आदि जानवरहरू, मनुष्यम् — मानिसलाई, भुञ्ज्युः — पालन गर्दछन्, एवम् — यस्तै, एकेकः — प्रत्येक, पुरुषः — अज्ञानी पुरुष, देवान् — देवताहरूलाई, भुनक्ति — (दोहन-वाहनद्वारा) पालन गर्दछ, (लोकमा) एकस्मिन् —एउटा, पशौ — पशु, आदीयमाने —(बाघहरूले) लगेमा, अप्रियम् — नमजा, भवति — हुन्छ, बहुषु — बहुपशुस्थानीय मनुष्य [पशुभावात् व्युत्तिष्ठति]—पशुभाववाट चलिदिएमा, किम् उ वक्तव्यम् — के भन्नुपर्छ ? तस्मात् — त्यस कारण, एषाम् —यी देवताहरूलाई, तत् — त्यो कुरा, न प्रियम् — मन पर्दैन, यद् — जो, एतद् — यस ब्रह्मलाई, मनुष्याः — मानिसहरू, विद्युः — जानून् ।

व्याक्यार्थ —पहिले यो जगत् ब्रह्म नै थियो । त्यसले आफूलाई जान्यो कि 'म ब्रह्म हुँ', अतः त्यो सर्व भयो, । त्यसलाई देवताहरूमध्ये जस-जसले जान्यो त्यो त्यै ब्रह्मरूपको भयो । त्यसै किसिमले ऋषिहरूमध्ये र मनुष्यहरूमध्ये पनि जसले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसलाई जान्यो त्यो तद्रूपै भयो । त्यस (ब्रह्म) लाई साक्षात् गर्दा वामदेवले 'म मनु भएँ, म सूर्य भएँ, भन्ने जानेथे । त्यै यस ब्रह्मलाई यस समय पनि जो, 'म ब्रह्म हुँ' भनेर जान्दछ त्यो सर्व हुन्छ । त्यसलाई सर्वरूप हुन नदिन देवताहरू समर्थ हुँदैनन् । किनभने त्यो तिनको आत्मा नै हुन्छ । फेरि, जो 'यी अर्का हुन्, म अर्कै हुँ' भनिठानी अरू देवतालाई उपासना गर्दछ त्यो तत्त्व जान्दैन। जस्तो पशु हुन्छ उस्तै त्यो देवताहरूको पशु हो । जस्तो लोकमा धेरै पशुहरूले दोहन-वाहनादि उपकारद्वारा मनुष्यलाई पालेका हुन्छन् त्यस्तै गरी बहुपशुस्थानीय एक एक अज्ञानी मनुष्यले यज्ञादिद्वारा देवताहरूलाई पालेको हुन्छ । यस स्थितिमा, लोकमा एउटा मात्र पशु पनि बाघ आदि बाट हरण भएमा नजाति लाग्दछ भने धेरै पशुका सट्टाको एकै मनुष्य मात्र पनि पशुभाववाट चलिदिंदा के भन्नुपर्दछ ? त्यस कारण यो कुरा देवताहरूलाई मन पर्दैन कि मनुष्यहरू ब्रह्मतत्त्वलाई जानून् ।

क्षत्रिय सर्ग तथा ब्राह्मणजातिका साथ तिनको सम्बन्धको वर्णन ।

संबन्ध — यो भनियो कि अज्ञानी ऋणी हुन्छ र पशुले जस्तै देवताहरूको यज्ञ आदि कर्म गर्नुपर्ने हुनाले परतन्त्र रहन्छ । अब देवादि कर्म गर्नामा निमित्त के हो त ? वर्ण र आश्रम । वर्ण कुन हुन् त ? भन्ने प्रश्न हुँदा यो ग्रन्थ आरम्भ गरिन्छ ।

ब्रह्म वा इदमग्र आसीदेकमेव तदेकꣳसन्नव्यभवत् । तच्छ्रेयोरूपमत्यसृजत क्षत्रं यान्येतानि देवत्रा क्षत्राणीन्द्रो वरुणः सोमो रुद्रः पर्जन्य यमो मृत्युरीशान इति । तस्मात्क्षत्रात्परं नास्ति तस्माद् ब्राह्मणः क्षत्रियमधस्तादुपास्ते राजसूये क्षत्र एव तद्यशो दधाति सैषा क्षत्रस्य योनिर्यद् ब्रह्म । तस्माद्यद्यपि राजा परमतां गच्छति ब्रह्मैवान्ततः उपनिश्रयति स्वां योनिं य उ एनꣳहिनस्ति स्वाꣳस योनिमृच्छति स पापीयान्भवति यथा श्रेयाꣳसꣳहिꣳसित्वा ।। ११ ।।

पदार्थ — अग्रे — आरम्भमा, इदम् — यो, (अग्निरूपमा प्राप्त भएको) ब्रह्म — ब्रह्म (ब्राह्मणजात्यभिमानी), वै — निश्चय, एकम्-एव—एउटै आसीत् थियो । तत् — त्यो, एकम् — एकलो, सत् — हुँदा, न व्यभवत् — (कर्म गर्न) समर्थ भएन, ततः — त्यस कारणले, तत् — त्यो ब्रह्मले, श्रेयोरूपम् —असलरूप-भएको, क्षत्रम् —क्षत्रिय जाति, अत्यसृजत्—श्रेष्ठ हुने गरी सृष्टि गऱ्यो, यानि—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन, एतानि — यी प्रसिद्ध, देवत्रा — देवताहरूमा, क्षत्राणि — क्षत्रिय, इन्द्रः— इन्द्र, वरुणः — वरुण, सोमः — चन्द्र, रुद्रः — रुद्र, पर्जन्यः — मेघ, यमः — यम, मृत्युः — मृत्यु र ईशानः — ईशान, इति — यस्ता छन् । तस्मात् — श्रेष्ठ पारी सृष्टि गरिएकाले, क्षत्रान् — क्षत्रियभन्दा, परम् — श्रेष्ठ, न अस्ति — छैन, तस्मात् — त्यस कारण, (राजसूय यज्ञमा) ब्राह्मणः— ब्राह्मण, क्षत्रियम् — क्षत्रियलाई, अधस्तात् — तलतिर रहेर, उपास्ते — उपासना गर्दछ, तत् — त्यो, क्षत्रे एव — क्षत्रियमा नै, यशः — आफ्नो यश, दधाति — स्थापित गर्दछ, सा — त्यो, एषा — यो, क्षत्रस्य — क्षत्रियको, योनिः — कारण हो, यद् — जो, ब्राह्मणः — ब्राह्मण हो, तस्मात् — त्यस कारण, यद्यपि — हुनत, राजा राजा, परमताम् — राजसूयाभिषेकरूप गुण, गच्छति — पाउँदछ, तथापि — तर पनि, अन्ततः— कर्मका अन्तमा, स्वाम् — आफ्नो, योनिम् — कारणरूप, ब्रह्म एव — ब्राह्मणलाई नै, उपनिश्रयति — आश्रय गर्दछ, अर्थात् पुरोहितलाई अगाडि राख्दछ । यः — जो, एवम् — यस ब्राह्मणलाई, हिनस्ति — नीच दृष्टिले हेर्दछ, सः — त्यो, स्वाम् — आफ्नो योनिम् — कारणलाई, हिनस्ति — विनाश गर्दछ, सः— त्यो, पापीयान् — ज्यादै पापी, भवति — हुन्छ, यथा — जस्तो, श्रेयांसम् — श्रेष्ठ पुरुषलाई, हिंसित्वा — तिरस्कार गरेर ।

वाक्यार्थ— आरम्भमा अग्नि सृष्टि भएपछि अग्निरूपमा प्राप्त भएको ब्रह्म अर्थात् ब्राह्मण नै थियो । एकलो हुनाले उसले कर्मगर्न सकेन, अनि उसले श्रेष्ठ हुने गरी असलरूपको क्षत्रियलाई सृष्टि गऱ्यो । जो यी देवताहरूमा इन्द्र, वरुण, चन्द्र, रुद्र, मेघ, यम, मृत्यु र ईशान यति छन् । यस कारण क्षत्रियभन्दा श्रेष्ठ अरू छैन । त्यसैले ब्राह्मण राजसूय यज्ञमा तलतिर रहेर राजालाई उपासना गर्दछ । त्यस ब्राह्मणले आफ्नो यश क्षत्रियमा नै राख्दछ । यो जो ब्राह्मण हो, त्यो क्षत्रियको कारण हो । यस कारण यद्यपि राजा राजसूयको अभिषेकरूप गुण पाउँदछ तर पनि यज्ञका अन्तमा ऊ आफ्नो कारणरूप ब्राह्मणलाई नै आश्रय दिन्छ । अर्थात् पुरोहितलाई अगाडि राख्तछ । जसले ब्राह्मणलाई नीच दृष्टिले हेर्दछ त्यसले आफ्नो कारणलाई विनाश गर्दछ । जस्तो श्रेष्ठ पुरुषलाई तिरस्कार गर्दा मनुष्य पापी हुन्छ त्यस्तै ऊ पापी हुन्छ ।

वैश्य जातिको उत्पत्ति ।

स नैव व्यभवत्स विशमसृजत यान्येतानि देवजातानि गणश आख्यायन्ते वसवो रुद्रा आदित्या विश्वेदेवा मरुत इति ॥ १२ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — (क्षत्रिय सृष्टि भएर पनि) सः — त्यो ब्रह्म, न एव व्यभवत् — कर्ममा समर्थ अझै भएन, (अनि) सः — त्यसले, विशम् — वैश्य जातिलाई, असृजत — सिर्ज्यो, यानि — जुन, एतानि — यी, देवजातानि — देवसमूह, गणशः — गण-गण गरिकन, आख्यायन्ते — कहिन्छन्, वसवः — वसुहरू, रुद्राः — रुद्रहरू, आदित्या — आदित्यहरू, विश्वे देवाः — विश्वे देवाहरू र मरुतः — वायु-हरू इति — यस्ता ।

वाक्यार्थ — त्यो ब्रह्म वित्तोपार्जक नभएकाले कर्ममा अझै समर्थ भएन र त्यसले वैश्य जातिको सृष्टि गऱ्यो । ती को हुन् ? जुन यी देवसमुदाय गण-गण गरीकन वसु, रुद्र, आदित्य, विश्वे देव र मरुत् भनेर कहिन्छन् ।

शूद्रवर्णको उत्पत्ति

स वै न व्यभवत्स शौद्रं वर्णमसृजत पूषणमियं वै पूषेयꣳहीदꣳसर्वं पूष्यति यदिदं किञ्च ॥१३॥

पदार्थ— (तै पनि) सः—त्यो ब्रह्म, नैव अभवत्—कर्ममा समर्थ भएन, (अनि) पूषणम् — पूषा, शौद्रम् वर्णम् — शूद्र वर्णलाई, असृजत— सिर्ज्यो, इयम् — यो पृथ्वी, वै — निश्चय, पूषा — पूषा हुन्, हि — किनभने, इदम् — यो, सर्वम्— सबै कुरा, पुष्यति — पोस्तछिन्, यत् — जो, इदम् — यो, किम् च — केही छ ।

वाक्यार्थ— तै पनि त्यो ब्रह्म कर्ममा समर्थ भएन । अनि पूषाले शूद्र वर्णलाई सिर्ज्यो । यी पृथ्वी अवश्य पूषा हुन्, किनभने यो जे जति छ सबै चीजलाई यिनी पोस्तछिन् ।

धर्मको उत्पत्ति, त्यसको प्रभाव एवं स्वरूपको वर्णन

स नैव व्यभवत्तच्छ्रेयोरूपमत्यसृजत धर्मं तदेतत्क्षत्रस्य क्षत्रं यद्धर्मस्तस्माद्ध-र्मात्परं नास्त्यथो अबलीयान्बलीयाꣳसमाशꣳसते धर्मेण यथा राज्ञैवं यो वै स धर्मः सत्यं वै तत्तस्मात्सत्यं वदन्तमाहुर्धर्मं वदतीति धर्मं वा वदन्तꣳसत्यं वदतीत्येतद्धचै-वैतदुभयं भवति ॥ १४ ॥

पदार्थ — (चार वर्ण सृष्टि गरेर पनि) सः —त्यो ब्रह्म, न एव व्यभवत्— कर्म गर्न समर्थ भएन, तत्— त्यस कारण, श्रेयोरूपम्— कल्याणस्वरूप, धर्मम् — धर्म, अत्यसृजत — असल हुने गरी सृष्टि गऱ्यो, तत् —त्यो, एतत् — यो धर्म,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षत्रस्य — क्षत्रियको, (पनि) क्षत्रम् — नियन्ता हो, यत् — जो, धर्मः — धर्म हो, तस्मात् — त्यस कारण, धर्मात्— धर्मभन्दा, परम् — उत्कृष्ट, न अस्ति — छैन, अथो — अत एव, अबलीयान् — दुर्बल मानिस, बलीयांसम् — बलियालाई, धर्मेण — धर्मद्वारा, आशंसते — जित्न खोज्छ, यथा — जसरी, राज्ञा — राजाका साहाय्यले, एवम् — यसै गरी, यः — जो, सः — त्यो, धर्मः — धर्म हो, तत् — त्यो, वै — निश्चय, सत्यम्— सत्य हो, तस्मात् — त्यस कारण, सत्यम्— साँचो, वदन्तम् — बोल्नेलाई, धर्मम् — धर्म, वदति — बोल्दछ, इति — यसो, आहुः — भन्दछन्, वा — अथवा, धर्मम् — धर्म, वदन्ताम्—बोल्नेलाई, सत्यम् — सत्य, वदति — बोल्दछ, इति — यसो, आहुः — भन्दछन्।

वाक्यार्थ— चार वर्णको सृष्टि गरेर पनि त्यो ब्रह्म कर्मलाई समर्थ भएन। त्यस कारण कल्याणस्वरूप धर्म बेस सृष्टि गऱ्यो। त्यो धर्म क्षत्रियको पनि नियामक हो। त्यस कारण धर्मधभन्दा उत्तम अर्को केही छैन। यसैले त निर्बलियाले पनि बलियालाई धर्मद्वारा जित्न खोज्छ। जसरी कि राजाका सहायताद्वारा पारिवारिक जनले। जो अनुष्ठान गरिंदाका बखत 'धर्म' भनिन्छ, त्यो शास्त्रको तात्पर्यरूपले जानिंदाका बखत 'सत्य' भनिन्छ। त्यस कारण मानिसले सत्य बोल्दा 'धर्म भन्छ' भन्दछन्, धर्म बोल्दा 'सत्य भन्छ' भन्दछन्। निस्सै यी दुइ कुरा धर्म नै हो।

आत्मोपासनाको आवश्यकता

तदेतद् ब्रह्म क्षत्रं विट् शूद्रस्तदग्नि नैव देवेषु ब्रह्माभवत् ब्राह्मणो मनुष्येषु क्षत्रियेण क्षत्रियो वैश्येन वैश्यः शूद्रेण शूद्रस्तस्मादग्नावेव देवेषु लोकमिच्छन्तो ब्राह्मणे मनुष्येष्वेताभ्याꣳहि रूपाभ्यां ब्रह्माभवत्। अथ यो ह वा अस्माल्लोकात्स्वं लोकमदृष्टवा प्रैति स एनमविदितो न भुनक्ति यथा वेदो वाननुक्तोऽन्यद्वा कर्माकृतं यदिह वा अप्यनेवंविन्महत्पुण्यं कर्म करोति तद्धास्यात्ततः क्षीयत एवात्मानमेव लोकमुपासीत स य आत्मानमेव लोकमुपास्ते न हास्य कर्म क्षीयते। अस्माद्धचेवात्मनो यद्यत्कामयते तत्तत्सृजते ॥१५॥

पदार्थ — तत् —त्यो, एतत्–यो चातुर्वर्ण्यम् सृष्टम्— चार वर्ण सृष्टि भए, ब्रह्म — ब्राह्मण, क्षत्रम् — क्षत्रिय, विट् —वैश्य र शूद्रः — शूद्र। तत् — त्यो हि — निस्सै, एतत् उभयम् — यो दुइकुरा, एतत् एव — यो (धर्म) नै हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सृस्टि गर्ने ब्रह्म, अग्निना एव—अग्निरूपले नै, देवेषु—देवताहरूमा, ब्रह्म—ब्राह्मण जाति, अभवत् — भयो, मनुष्येषु — मनुष्यहरूमा, ब्राह्मणः — (ब्राह्मणरूपले नै) ब्राह्मण, (भयो) क्षत्रियेण — क्षत्रियरूपले, क्षत्रियः — क्षत्रिय (भयो), वैश्येन — वैश्यरूपले, वैश्यः — वैश्य (भयो), शूद्रेण — शूद्ररूपले, शुद्रः — शूद्र (भयो), तस्मात् — त्यस कारण, अग्नौ एव— अग्निमा नै, [कर्म कृत्वा —] कर्म गरेर, देवेषु — देवताहरूका बीचमा, लोकम् — कर्मको फल, इच्छन्ते — चाहन्छन्, ब्राह्मणे — ब्राह्मणत्वमा अर्थात् ब्राह्मण जातिमात्रको स्वरूप पाएमा मनुष्येषु — मनुष्यहरूका बीच, लोकम् — कर्मफल, इच्छन्ते— चाहन्छन्, हि — यस कारणले कि, ब्रह्म—सृष्टि गर्ने ब्रह्म, एताभ्याम् — यी दुइ ब्राह्मण र अग्नि अर्थात् यज्ञको कर्ता र अधिकरणरूपले, अभवत् — व्यक्त भएको थियो । (अब के त त्यस कर्मले नै आत्मलोक प्राप्त हुन्छ ?) अथ— त्यो पक्ष हैन, यः — जो, स्वम् — आत्मरूप, लोकम् — लोक, अदृष्ट्वा — नजानी, अस्मात् — यस लोकबाट, प्रैति — राम्रो गरी चल्छ (मर्छ), एतम् — यस पुरुषलाई, अविदितः — नजानिएको, सः — त्यो, आत्मरूप लोकले,भुनक्ति — (शोक, मोह भयादिबाट) पालन गर्दैन, यथा वा — जस्तै, अननुक्तः — अध्यन नगरिएको, वेदः — वेद (कर्मादि बोधनद्वारा); वा — अथवा, अकृतम् — ठीक रूपमा नगरिएको, अन्यत् —अरू (खेती आदि कामले आफ्ना फल प्रदान आदिद्वारा) न भुनक्ति— पालन गर्दैन, यतः — जुन कारण, इह — यस संसारमा, वै — निश्चय, यः — जो, अपि — पनि, अनेवंवित् — यसरी आत्मलोक नजान्नाले, महत् — धेरै (अश्वमेध आदि) पुण्यम् — इष्टफलदायक, कर्म — कर्म, करोति — गर्दछ, तत् — त्यो, कर्म, अस्य — यस अज्ञानीको, अन्ततः — फलभोगका आखिरमा, क्षीयते एव — अवश्य नाश हुन्छ । ह — प्रसिद्ध छ । अतः आत्मनम् एव — आत्मा-रूप नै, लोकम् — लोकलाई, उपासीत — उपासना गरोस्, सः — त्यो, यः — जो, आत्मानम् एव— आत्मारूप नै, लोकम् — लोकलाई, उपास्ते — उपासना गर्दछ, ह — प्रसिद्ध छ, अस्य — यसको, कर्म — कर्म, न क्षीयते — नष्ट हुँदैन, अस्मात् एव — यै, आत्मनः — आत्मरूप लोकबाट, यत् यत् — जो जो, कामयते चाहन्छ, तत् तत् — त्यो त्यो, सृजते — प्राप्त गर्दछ ।

वाक्यार्थ— ती यी ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र चार वर्ण हुन् । यिनलाई उत्पन्न गर्ने ब्रह्म देवताहरूमा अग्निरूपले ब्राह्मण भयो, । मनुष्यहरूमा चाहिं ब्राह्मणरूपले ब्राह्मण, क्षत्रियरूपले, क्षत्रिय, वैश्यरूपले वैश्य र शूद्ररूपले शूद्र भयो । यसै कारण अग्निमा कर्म गरेर देवताहरूका बीच कर्मफलको, इच्छा गर्दछन् । ब्राह्मणत्व जात पाएमा मनुष्यहरूका बीच कर्म-फलहरूको चाहना गर्दछन् । किनभने सृष्टि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने ब्रह्म यी ब्राह्मण र अग्नि (यज्ञको कर्ता र आधार) रूपले व्यक्त भएको थियो। कर्म गर्नाकै निमित्त वर्णको सृष्टि भएको रहेछ। अब त्यस कर्मले नै आत्मलोक प्राप्त हुन्छ त ? भने हुँदैन। जो आत्मरूप लोक नजानीकन यस लोकबाट चल्दछ (मरेर जान्छ) त्यसलाई आफू स्वरूपै लोक हो त पनि अविदित हुनाले यसलाई शोक-मोह भयादिबाट पालन गर्दैन। जस्तै नपढिएका वेदले कर्मादि बोधनद्वारा पालन गर्दैन। अथवा ठीक रूपमा नगरिएका अरू कुनै पनि खेती आदि कामले फल-प्रदानानिद्वारा पालन गर्दैन। यस कारणले कि जुनकुनै पनि अनात्मज्ञले धेरै नै अश्वमेध आदि इष्टफलदायक कर्म गरोस्, त्यो कर्म यसका फल भोगका आखिरमा नष्ट भैहाल्छ। अतः आत्मरूप लोकलाई नै उपासना गर्नुपर्दछ। जो आत्मरूप लोकलाई नै उपासना गर्दछ। त्यसको कर्म नष्ट हुँदैन। यै आत्मरूप लोकबाट जो जो चाहन्छ त्यो त्यो प्राप्त गर्दछ।

टिप्पणी — यहाँ स्वलोक भनेर परमात्मा लिइएको छ। त्यसको उपासनाले त्यै हुन्छ भन्ने पनि निश्चित भएपछि जो जो चाहन्छ त्यो त्यो पाउँछ भनेर आत्म-प्राप्ति-भिन्न फल बनाउनु त उचित भएन नि ! भन्ने शंकामा भनिन्छ—यो स्वलोको-पासनाको, स्तुतिपरक हो। मतलब हो स्वलोकबाट नै सकल इष्टसिद्धि हुन्छ, आप्तकाम भएकाले अरू प्रार्थनीय केही रहँदैन।

कर्माधिकारी जीव कुन-कुन कर्मका कारण समस्त प्राणीको लोक हो ?

अथो अयं वा आत्मा सर्वेषां भूतानां लोकः स यज्जुहोति यद्यजते तेन देवानां लोकोऽथ यदनुब्रूते तेन ऋषीणामथ यत्पितृभ्यो निपृणाति यत्प्रजामिच्छते तेन पितृ-णामथ यन्मनुष्यान्वासयते यदेभ्योऽशनं ददाति तेन मनुष्याणामथ यत्पशुभ्य-स्तृणोदकं विन्दति तेन पशुनां यदस्य गृहेषु श्वापदा वयाꣳस्या पिपीलिकाभ्य उपजी-वन्ति तेन तेषां लोको यथा ह वै स्वाय लोकायारिष्टिमिच्छेदेव ꣳ हैवंविदे सर्वाणि भूतान्यरिष्टिमिच्छन्ति तदा एतद्विदितं मीमा ꣳ सितम् ॥ १६ ॥

पदार्थ — अथो — अब जीवको लोकत्व-निरूपक वाक्य आरम्भ गरिन्छ, अयम् — यो कर्माधिकृत गृहस्थरूप, आत्मा — आत्मा, सर्वेषाम् — संपूर्ण, भूतानां — प्राणीहरूको, लोकः — भाग्य छ, (कसरी ?) सः — त्यो, यत् — जो, जुहोति — हवन गर्दछ, यद् — जो, यजते — देवताका निमित्त स्वत्व त्याग

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दछ, तेन — त्यस होम-यागात्मक कर्मले, देवानाम् — देवताहरूको, लोकः — भोग्य छ, अथ — अनि, यद् — जो, अनुब्रूते — स्वाध्याय अध्यन गर्दछ, तेन — त्यसले, ऋषीणाम् — ऋषिहरूको, लोकः — भोग्य छ, अथ — अनि – यत् — जो, पितृभ्यः — पितृहरूलाई, निपृणाति — पिण्डजल दिन्छ (र) यत् — जो, प्रजाम् — सन्तान, इच्छते — चाहना गर्दछ, अर्थात् सन्तान पाउन प्रयत्न गर्दछ, तेन — त्यसले, पितृणाम् — पितृहरूको, लोकः — भोग्य छ, अथ — तथा, यत् — जो, मनुष्यान् — मनुष्यहरूलाई, वासयते — (घरमा ठाउँ, जल आदिले) बसाउँछ, (र) यत् — जो, एभ्यः — यिनीहरूलाई, अशनम् भोजन, ददाति — दिन्छ, तेन — त्यसले, मनुष्याणाम् — मनुष्यको, लोकः — भोग्य छ, अथ — तथा, यत् — जो, पशुभ्यः — पशुहरूलाई, तृणोदकम्— घाँस-पानी, विन्दति — प्राप्त गराउँछ तेन — त्यसले, पशूनाम् — पशुहरूको, लोकः — भोग्य छ, (अनि) यद् — जो, अस्य — यस गृहस्थका, गृहेषु — घरमा, श्वापदाः — कुक्कुर, विराला आदि श्वापद, वयांसि — चराचुरूङ्गीहरू, आपिपीलिकाभ्यः — कमिलापर्यन्त जीव-जन्तु, उपजीवन्ति — (कनिका, बलि, भाँडा पखाल्नु आदिबाट) बाँच्तछन्, तेन — त्यसले, तेषाम् — तिनीहरूको लोकः — भोग्य छ, (यो गृहस्थ) यथा — जसरी, ह वै — निश्चय, स्वयम् — आफ्नो, लोकाय — शरीरका निमित्त, अरिष्टिम् — अविनाश, इच्छते (पोषण-रक्षणादिद्वारा) चाहन्छ, एवम् — यसै गरी, ह — निश्चय, एवंविदे — यस्तो, (म यी सबैको भोग्य हुँ मैले यीनको ऋणीले झैं उपकार गर्नुपर्दछ भन्ने) विदे — जान्नेलाई, सर्वाणि — संपूर्ण, भूतानि — देवादि प्राणीहरू, अरिष्ठिम् —अविनाश, इच्छन्ति — चाहन्छन् अर्थात् आफ्नो अधिकार नछुटाउनका निमित्त कुटुम्वी-हरूले पशुहरूलाई झैं हर तरहबाट पालन गर्दछन् । तत् — त्यो, एतत् — यो, (यथोक्त कर्म ऋणचुकाउनु समान अवश्य गर्नुपर्ने), विदितम् — पञ्चमहायज्ञ प्रकरणमा जानिएको छ, तथा मीमांसितम् — कर्तव्यरूपले विचार गरिएको छ, वै — निश्चय हो, ।

वाक्यार्थ — यो कर्ममा अधिकृत गृहस्थरूप आत्मा संपूर्ण प्राणीको भोग्य छ । कसरी भने त्यो जो हवन गर्दछ, जो देवताका निमित्त स्वत्व त्याग गर्दछ । त्यस होम यागात्मक कर्मले देवताहरूको भोग्य छ । जो स्वाध्याय अध्यय गर्दछ त्यसले ऋषि-हरूको भोग्य छ । जो पितृहरूलाई पिण्डपानी दिन्छ र सन्तान पाउने यत्न गर्दछ त्यसले पितृहरूको भोग्य छ । जो अतिथि मनुष्यहरूलाई घरमा बस्ने ठाउँ र पानी आदि सहित बास दिन्छ र भोजन दिन्छ, त्यसले मनुष्यहरूको भोग्य छ । जो पशु-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूलाई घाँस-पानी दिन्छ त्यसले पशुहरूको भोग्य छ। अनि जो यसका घरमा कुक्कुर, बिराला आदि श्वापद र चरा-चुरूङ्गी एवं कमिलापर्यन्तका जीवजन्तुहरू कनिका, बलि र पात्र-प्रक्षालन आदिबाट जीवन धान्दछन्, त्यसले तिनीहरूको भोग्य छ । यो गृहस्थ जसरी आफ्नो शरीरका निमित्त पोषण-रक्षण आदिद्वारा अविनाश चाहन्छ उसै गरी म यी सबैको भोग्य हुँ, मैले यिनको ऋणीले झैं प्रत्युपकार गर्नु-पर्दछ भनिठान्नेलाई ती देवादि प्राणी आफ्नो अधिकार नछुटाउनका निमित्त जहानीयाहरूले पशुहरूलाई झैं सवतर्फबाट रक्षा गर्दछन् । यो यथोक्त कर्म ऋण चुकाउनु जस्तै अवश्यै गर्नुपर्ने पञ्चमहायज्ञ-प्रकरणमा जानिएको छ र गर्नुपर्ने रूपमा विचार गरिएको छ ।

प्रवृत्तिको बीजभूत काम र पाङ्क्त कर्मको वर्णन

आत्मैवेदमग्र आसीदेक एव सोऽकामयत जाया मे स्यादथ प्रजायेयाथ वित्तं मे स्यादथ कर्म कुर्वीयेत्येतावान्वै कामो नेच्छ ँश्च नातो भूयो विन्देत्तस्मादप्यह्येकाकी कामयते जाया मे स्यादथ प्रजायेयाथ वित्तं स्यादथ कर्म कुर्वीयेति स यावदप्येतेषामेकैकं न प्राप्नोत्यकृत्स्न एव तावन्मन्यते तस्यो कृत्स्नता मन एवास्यात्मा वाग्जाया प्राणः प्रजा चक्षुर्मानुषं वित्तं चक्षुषा हि तद्विन्दते श्रोत्रं दैव ँ श्रोत्रेण हि तच्छृणोत्यात्मैवास्य कर्मात्मना हि कर्म करोति स एष पाङ्क्तो यज्ञः पाङ्क्तः पशुः पाङ्क्तः पुरुषः पाङ्क्तमिद ँ सर्वं किञ्च तदिद ँ सर्वमाप्नोति य एवं वेद ॥१७ ॥

पदार्थ — अग्रे —विवाह-विधिभन्दा पहिले, इदम्—यो, प्रत्यक्ष, आत्मा एव—पुरुष मात्र, एकः एव—एकलै, आसीत् — थियो, सः— त्यसले, इति — यस्तो, अकामयत — कामना गऱ्यो, मे — मलाई, जाया — भार्या, स्यात् — होओस्, अथ — अनि प्रजायेय — (त्यसमा) जन्मूँ अथ — अनि, मे — मलाई, वित्तम् — धन, स्यात् — होओस्, अथ — अनि, कर्म — (अभ्युदय र निश्रेयसको साधनरूप) कर्म, कुर्वीय — गरूँ, एतावान् वै — यत्ति नै, कामः — इच्छा हुन्छ। (किन यति मात्र ?) न इच्छन् च च — इच्छागरे पनि, अतः — यस (फल साधनभूत वस्तु) भन्दा, भूयः — अधिक, न विन्देत् — पाओइन, तस्मात् त्यस कारण, एतर्हि अपि — अहिले पनि, एकाकी — एकलो छँदा, कामयते — कामना गर्दछ, मे — मलाई, जाया — भार्या, स्यात् — होओस्, अथ — अनि प्रजायेय — त्यसमा जन्मूँ, अथ — अनि, मे — मलाई, वित्तम् –धन, स्यात–होओस्, अथ — अनि, कर्म — इष्ट साधन कर्म, कुर्वीय — गरूँ, इति — यस

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किसिमको, सः — त्यो, यावत् — जहाँसम्म, एषाम् — यी फलहरूमध्ये, एकैकम् अपि — एउटा एउटा पनि, न प्राप्नोति — पाउँदैन, अर्थात् एउटा पनि पाउने बाँकी छ भने, तावत् —त्यहाँसम्म, अकृत्स्नः — अपूरो, एव — नै, मन्यते ठान्दछ, तस्य — त्यसको, कृत्स्नता तु — पूरोपन त, एवम् भवति — यसरी हुन्छ, अस्य —यसको, मनः एव —मन नै, आत्मा —आत्मा, वाक् —शब्द, जाया— भार्या, प्राणः — प्राण, प्रजा — सन्तान, चक्षुः — नेत्र, मानुषम् —मनुष्यसंबन्धी वित्तम् — धन हो, हि — किनभने, चक्षुषा — आँखाले, तत् — त्यो धन, विन्दते — पाउँछ, (देख्तछ), श्रोत्रम् — कान, दैवम् —देवसंबन्धी, वित्तम्— धन हो, हि — किनभने, श्रोत्रम् — कानले, तत् — त्यो विज्ञान, शृणोति — सुन्दछ, अस्य — यस पुरुषको, आत्मा एव — शरीर नै, कर्म — कर्म हो, हि — किनभने, आत्मना — शरीरले, कर्म — काम, करोति — गर्दछ, (अतः) सः — त्यो, एषः — यो, पाङ्क्तः — पाँच पदार्थले भिद्ध हुने, यज्ञः — यज्ञ हो, पशुः — पशु, पाङ्क्तः — पाँचले सिद्ध हुने, पुरुषः — पुरुष, पाङ्क्तः —पाँचले, सिद्ध हुने हो, इदम् — यो, सर्वम् — सबै, पाङ्क्तम् — पंचसाध्य हो, यत्—जो, इदम् यो, किम् च — केही छ, यः — जो, एवम् — यसरी, (आफूलाई पाङ्क्त यज्ञरूपले)वेद — जान्दछ (भावना गर्दछ), सः — त्यो, तत् इदम् — त्यै यो, सर्वम् — सबै वस्तु, आप्नोति — पाउँदछ ।

वाक्यार्थ — विवाह हुनुभन्दा पहिले यो पुरुष एकलो थियो । त्यसले कामना गऱ्यो कि 'मलाई पत्नी मिलोस्, त्यसमा सन्तानरूपले उत्पन्न हुँ, मलाई धन होओस् म कर्म गरूँ' । यत्ति नै कामना हुन्छ, इच्छा गरेर पनि यस (फल र साधनरूप वस्तु) भन्दा पनि बढ्ता पाओइन । यसैले आजकल पनि एकलो पुरुषले कामना गर्दछ– 'मलाई भार्या मिलोस्, त्यसमा म सन्तानरूपले जन्मूं, धन मिलोस् कर्म गरूँ । त्यसले ती वस्तुमध्ये एउटै मात्र पाउन बाँकी रहँदासम्म पनि आफूलाई अपूरो ठान्दछ । भावना राखे त्यसको पूर्णता त यस प्रकार हुन्छ–मन नै यसको आत्मा हो, (परिवारमा मालिक चाहिं प्रधान हुन्छ र आत्मा जस्तो मानिन्छ, त्यस्तै देहेन्द्रिय संघातमा प्रधान मन छ), विधिवाक्यरूप वाणी भार्या हो, (लोकमा पतिका आशय अनुसार पत्नी चल्दछे, त्यस्तै मनअनुसारनै वाणी चल्दछे), प्राण सन्तान हो, पति र पत्नीबाट सन्तान जन्मन्छ, त्यस्तै मन र विधिवाक्यात्मक वाणीबाट कर्मका निमित्त प्राण उद्भूत हुन्छ ।) आँखा मनुष्यसंबन्धी धन विज्ञान हो, किन-भने कानले नै त्यो विज्ञान सुन्दछ । शरीर नै यसको कर्म हो, किनकि शरीरले नै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म गर्दछ । यो पाङक्त (पाँच पदार्थले सिद्ध हुने) यज्ञ हो । एवं पशु पनि पाङक्त हो (मन आदि पाँचैको संबन्ध छ)। पुरुष पनि पाङक्त हो (धेरै कति भन्ने?) यो जे, जति छ सब पाङक्त नै हो, । जो यसरी आफूलाई 'पाङक्त यज्ञ हुँ' भनेर भावना गर्दछ त्यो यो सबै जगत् आत्मस्वरूपले प्राप्त गर्दछ ।

पहिला अध्यायमा चौथो सृष्ट्यादि सर्वात्मका ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चम ब्राह्मण

सप्तान्न सृष्टि, त्यसको विभाग र व्याख्या

संबन्ध — अविद्वान्ले 'यो (देवता) अर्कै हो म अर्कै हुँ' यस भावनाले अरू देवताको उपासना गर्दछ । वर्णाश्रमको अभिमान राख्ने पुरुष कर्मका कर्तव्यताले नियन्त्रित भएर कामनाले प्रेरित भई होम-याग आदि कर्मद्वारा देवता आदिको उपकार गर्नाका कारण संपूर्ण प्राणीको लोक (भोग्य) छ भन्नेकुरा पहिले कहियो । जुन किसिमले एक एक गरेर सब प्राणीले आफ्नो कर्मद्वारा त्यस लोकलाई भोज्य-रूपले उत्पन्न गरेको छ, उसै गरी उस (कर्माधिकारी)ले पनि याग-होमादि पाऽक्त कर्मद्वारा संपूर्ण भूत तथा संपूर्ण संसारलाई आफ्नो भोग्यरूपले रचेको छ ।

यसरी प्रत्येक जीव आफ्नो कर्म र ज्ञानअनुसार संपूर्ण जगत्को भोक्ता पनि छ भोग्य पनि छ तात्पर्य यो हो कि सबै सबको कर्ता पनि कार्य पनि हो । ज्ञानका प्रकरणमा आत्मैकत्वज्ञानका निमित्त यै कुरा मधुविद्याका प्रसङ्गमा भनिनेछ कि सबै सबको कार्य (मधु) हो ।

त्यस कर्ताले होम-यज्ञादि पाऽक्त काम्य कर्म र आफ्ना विज्ञानद्वारा जुन जगत् सिर्ज्यो, त्यो कार्यकारणरूपले सात प्रकारले भाग लगाइन्छ लगाईंदा भोज्य भएका 'सप्तान्न ' भनिन्छ । यो कर्ता ती अन्नको पिता हो । तिनका विनियोगसहितका मन्त्र यी हुन्:—

यत्सप्तान्नानि मेधया तपसा जनयत्पिता । एकमस्य साधारणं द्वे देवान-भाजयत् । त्रीण्यात्मनेऽकुरुत पशुभ्य एकं प्रायच्छत् । तस्मिन्सर्वं प्रतिष्ठितं यच्च प्राणिति यच्च न । कस्मात्तानि न क्षीयन्तेऽद्यमानानि सर्वदा । यो वैनामक्षिति वेद सोऽन्नमत्ति प्रतीकेन । स देवानपिगच्छति स ऊर्जमुपजीवतीति श्लोका : ॥१ ॥

पदार्थ — पिता — प्रजापतिले, मेधया — विज्ञानले, (र) तपसा — कर्मले, सप्तान्नानि — सात अन्न, यत् — जो, अजनयत् —रचना गऱ्यो, तानि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशयिश्यामः — तिनलाई प्रकाश गर्नेछौं, (ती सात अन्नमध्ये) अस्य —यस प्रजापतिको, एकम् — एक अन्न, साधारणम् —सब प्राणीको भोग्य हो, द्वे— दुइ, अन्ना देवान् —देवताहरूलाई, अभजत् — बाँड्यो, त्रीणि — तीन अन्न, आत्मने— आफूलाई, अकुरुत — बनायो, एकम् — एक अन्न, पशुभ्यः — पशुहरूलाई, प्रायच्छत् — दियो, तस्मिन् — त्यस (पशुलाई दिएको) अन्नमा, यत्— जो, प्राणिति — श्वास-प्रश्वास गर्दछ, च — र, यत् — जुन, न प्राणिति— श्वास-प्रश्वास गर्दैन, च — पनि, सर्वम् — सम्पूर्ण, प्रतिष्ठितम् — अडेको छ, तानि — ती, सर्वदा — सधैं, अद्यमानानि — खाइँदा, कस्मात् — किन, नक्षीयन्ते — घटेर सकिंदैनन्, यः — जो, एनाम् — यो, अक्षितिम् — नघट्नुलाई, वेद — जान्दछ, , सः — त्यो, अन्नम् — अन्न, प्रतीकेन — मुखरूप प्रतीकले, अत्ति — खान्छ, सः — त्यो, देवान् — देवात्मभावमा, अपिगच्छति — प्राप्त हुन्छ, सः— त्यो, ऊर्जम् — अमृत, उपजीवति — आधार लिएर बाँच्तछ, इति — यस्तो, श्लोकाः — मन्त्रहरू छन् ।

वाक्यार्थ — प्रजापतिले विज्ञान र कर्मद्वारा जो सप्तान्न रचना गऱ्यो, ती अब प्रकाश गरिन्छन्, ती सात अन्नमध्ये यस प्रजापतिको एक अन्न साधारण (सब प्राणीको भोग्य) हो । त्यसले दुइ अन्न देवताहरूलाई बाँड्यो । तीन अन्न आफूलाई बनायो। एक अन्न पशुहरूलाई दियो । त्यस पशुहरूलाई दिएका अन्नमा सास फेर्ने-नफेर्ने सब जगत् अडेको छ । ती अन्न सधैं खाइँदा किन घटेर सकिंदैनन् ? यो नघट्नुलाई जसले जान्दछ, त्यो मुखरूप प्रतीकले अन्न भोग गर्दछ तथा देवात्म-भावमा प्राप्त हुन्छ, एवम् अमृतको उपजीवी हुन्छ । यस्ता मन्त्रहरू छन् ।

संबन्ध — मन्त्रहरू प्रायशः दुर्बोध हुन्छन् भनेर तिनको व्याख्यालाई ब्राह्मण प्रवृत्त हुन्छ—

यत्सप्तान्नानि मेधया तपसाजनयत्पितेति मेधया हि तपसाजनयत्पिता । एक मस्य साधारणमितीदमेवास्य तत्साधारणमन्नं यदिदमद्यते । स य एतदुपास्ते न स पाप्मनो व्यावर्त्तते मिश्र ꣳ हचेतत् । द्वे देवानभाजयदिति हुतं च प्रहुतं च तस्माद्देवेभ्यो जुह्वति च प्र च जुह्वत्यथो आहुर्दर्शपूर्णमासाविति । तस्मान्नेष्टियाजुकः स्यात् । पशुभ्य एकं प्रायच्छदिति तत्पयः । पयो हचेवाग्रे मनुष्याश्च पशवश्चोपजीवन्ति तस्मात्कुमारं जातं घृतं वैवाग्रे प्रतिलेहयन्ति स्तनं वानुधापयन्त्यथ वत्सं जातमाहु रतणाद इति । तस्मिन्सर्वं प्रतिष्ठितं यच्च प्राणिति यच्च नेति पयसि हीद ꣳ सर्वं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिष्ठितं यच्च प्राणिति यच्च न । तद्यदिदमाहुः संवत्सरं पयसा जुह्वदपपुनर्मृत्युं जयतीति न तथा विद्याद्यदहरेव जुहोति तदहः पुनर्मृत्युमपजयत्येवं विद्वान्त्सर्वꣳहि देवेभ्योऽन्नाद्यं प्रयच्छति । कस्मान्नानि नक्षीयन्तेऽद्यमाननि सर्वदेति पुरुषो वा अक्षितिः स हीदमन्नं पुनः पुनर्जनयते । यो वैतामक्षितिं वेदेति पुरुषो वा अक्षितिः स हीदमन्नं धिया धिया जनयते कर्मभिर्यद्धैतन्न कुर्यात्क्षीयेत ह सोऽन्नमत्ति प्रतीकेनेति मुखं प्रतीकं मुखेनेत्येतत् । स देवानपिगच्छति स ऊर्जमुपजीवतीति प्रशꣳसा ॥ २ ॥

पदार्थ — 'यत्सप्तान्नानि मेधया तपसाजनयत्पिता' इति हि — यसको अर्थ प्रसिद्धै छ ; पिता — प्रजापतिले मेधया — विज्ञानले, (र) तपसा — कर्मले, सप्तान्नानि सात अन्न, अजनयत् — उत्पन्न गऱ्यो, 'एकम् अस्य साधारणम्' इति यसको अर्थ यो हो, अस्य — यस प्रजापतिको, इदम् एव — यै साधारणम् — सबैले भोग गरिने, अन्नम् — अन्न हो, यत् — जो, इदम् — यो, अद्यते — खाइन्छ, सः — त्यो, यः — जो, एतत् — यस अन्नलाई, उपास्ते — सेवन-भोग गर्दछ, सः — त्यो, पाप्मनः — पापदेखि, न व्यावर्त्तते — अलग रहँदैन, हि — किनभने, एतत् — यो अन्न, मिश्रम् — सबैको हक मिसिएको छ, 'द्वे देवान् अभाजयत्' इति — यसको अर्थ यो हो, हुतम् — हवन, च — (र) प्रहुतम् — बलिहरण, च — पनि, (यी दुइ देवताहरूलाई भाग लगायो), तस्मात् — त्यस कारणले (गृहस्थहरू), देवेभ्यः — देवताहरूका निमित्त, जुह्वति — हवन गर्दछन्, च — र, प्रजुह्वति च — बलिहरण पनि गर्दछन्, अथो — कुनै अरूले, इति — यसो, आहुः — भन्दछन्, (दुइ अन्न भनेको) दर्शपूर्णमासौ — दर्श र पूर्णमास (अग्निहोत्रीले औंसी र पूर्णिमामा गरिने याग) हुन्, तस्मात् — त्यस कारण, इष्टियाजुकः — काम्य याग गर्ने, न स्यात् — नहोओस्, 'पशुभ्यः एकम् प्रायच्छत्' इति — यसमा भनेको एक जो हो, तत् — त्यो, पयः — दूध हो, हि — किनभने, अग्रे — पहिले, मनुष्याः — मानिसहरू, च — र, पशवः — पशुहरू, च — पनि, पयः — दूध, उपजिवन्ति — आधार लिएर बाँच्तछन्, तस्मात् — त्यस कारण, जातम् — जन्मेका, कुमारम् — बालकलाई, अग्रे — अघि (जातकर्ममा), घृतम् — घिउ, वा एव — नै, प्रतिलेहयन्ति — चटाउँछन्, वा — अथवा, स्तनम् — थुन, अनुधापयन्ति — चुसाउँछन्, अथ — तथा, जातम् — जन्मेको, वत्सम् — बाच्छालाई, अतृणादः इति — घाँस नखाने अथात् दूधले पोसिने भनी, आहुः — भन्दछन्, 'तस्मिन् सर्वम् प्रतिष्ठितम् यत् च प्राणिति यद् च न' इति — यसको अर्थ, पयसि हि — त्यस दूधमा नै,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इदम् — यो, सर्वम् — समस्त, प्रतिष्ठितम् — टिकेको छ, यत् —जो, प्राणिति श्वास-प्रश्वास गर्दछ, च — र, यत् — जो, न प्राणिति— श्वास-प्रश्वास गर्दैन, च — पनि, (जस्तो पहाड आदि) तद् यद् — त्यो जो, इदम् — यो, आहुः — भन्दछन्, संवत्सरम् — वर्षभर, पयसा — दूधले, जुह्वत् — हवन गर्दा, पुनः मृत्युम् — फेरि मर्नुलाई, अपजयति — जित्तछ, तथा — त्यसो, न विद्यात् — न ठानोस्, यद् — जुन, अहः — दिनमा, एव — नै, जुहोति — हवन गर्दछ, तद् अहः — त्यै दिनमा, पुनर्मृत्युम् — फेरि मर्नुलाई, अपजयति — जित्तछ, (कसरी ?) एवम् विद्वान् — दूधमा नै सब प्रतिष्ठित छ यस्तो जान्ने हुँदा, हि — जुन कारण, देवेभ्यः — देवताहरूलाई, सर्वम् —संपूर्ण, अन्नाद्यम् — खाइने अन्न, (सायं प्रातः आहुति-प्रदानद्वारा) प्रयच्छति — दिन्छ, 'कस्मात् तानि न क्षीयन्ते अद्यमानानि सर्वदा 'इति — यसको अर्थ यो छ, पुरुषः — पुरुष, वै — निश्चय, अक्षितिः — नघट्नाको कारण छ, हि — किनभने, इदम् — यो, अन्नम् — अन्न, पुनः पुनः — वारंवार, जनयेत — पैदा गर्दछ, 'यो वैतामक्षितिं वेद ' इति — यसको अर्थ हो, पुरुषः — पुरुष, वै — निस्सै, अक्षितिः —नघट्नाको कारण हो, हि — किनभने, सः — त्यो पिता, इदम् — यो, अन्नम् — अन्न, धिया धिया — (तत्तत्कालमा हुने) बुद्धिले (र) कर्मभिः — कर्मले, जनयते उब्जाउँछ, ह — प्रसिद्ध छ, (प्रजापतिले) यत् — जो, एतत् — यो काम, न कुर्यात् — नगर्दो हो त, क्षीयते ह — अवश्य घट्तो हो, यस्तो जो जान्दछ 'सोऽन्नमत्ति प्रतिकेन ' इति — यो यसो भनेको हो, मुखम् — मुख, प्रतीकम् — प्रतीक हो,, मुखेन — मुखरूपले (त्यो अन्न भक्षण गर्दछ) 'स देवानपि गच्छति **स ऊर्जमुपजीवति' इति — यो, प्रशंसा — सहानी हो ।**

वाक्यार्थ — 'पिताले जो मेधा र सप्तान्न उब्जायो ' यसको अर्थ प्रसिद्धै छ 'प्रजापतिले विज्ञान र कर्मद्वारा सात अन्न उब्जायो । ' 'यसको एउटा अन्न साधारण हो ' यसको अर्थ यो हो–यस प्रजापतिको यो नै साधारण अन्न हो ' जो यो प्राणीले दिनदिनै खाइन्छ । जो यस अन्नलाई उपभोग गर्दछ त्यो पापदेखि अलग्ग रहँदैन, किनभने यो सबैको हक भएको चीज हो । 'दुइ अन्न देवतालाई भाग लगायो ' यसको अर्थ यो हो–हुत र प्रहुत देवताहरूलाई भाग लगायो, त्यसैले गृहस्थहरू देवताका निमित्त हवन र बलिहरण गर्दछन् । यसमा अरू कुनैले चाहिं यसो भनेका छन्–यहाँ दुइ भनेको दर्श र पूर्णमास (अग्निहोत्रीले औंसी र पूर्णिमामा गर्नुपर्ने याग) हुन् । त्यस कारण ती दुइ अन्न देवताकै निमित्त भाग लगाइएका हुनाले यजमान काम्य याग गर्ने प्रवृत्तिको नहुनू । 'पशुहरूलाई एक अन्न दियो ' यहाँ एक भनेर लिएको दूध हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनभने मानिस पनि पशु पनि पहिले दूधकै आधारमा बाँच्तछन् । यसैले भर्खर जन्मेका बाच्छालाई 'अतृणाद' घाँस नखाने अर्थात् दूधले पोसिने भन्दछन् । 'सास फेर्ने-नफेर्ने सबै त्यसमा प्रतिष्ठित छ' यसको अर्थ हो– त्यस (दूध) मा नै चर-अचर सब टिकेको छ । जो यो भन्दछन्–'वर्षभर दूधले हवन गर्दा पुनर्मरणलाई जित्तछ ।' त्यसो नठान्नू, जुन दिनमा हवन गर्दछ त्यै दिनमा पुनर्मरणलाई जित्तछ । अर्थात् सब जगत् दूधकै आहुतिको परिणामात्मक हो र सब दूधमै टिकेको छ भन्ने जानेको हुँदा एक पल्ट मरेर शरीर छोडेपछि सर्वात्मा हुन्छ र पुनर्मरणका निमित्त शरीर लिंदैन । कसरी भने त्यो देवताहरूलाई साँझ-सबेर आहुति-प्रदानद्वारा खाने अन्न दिन्छ । त्यस कारण ठिकै हो आफूलाई सब आहुतिमय बनाएर सबै देवताका अन्नरूपले सब देवतासँग एकात्मभावमा प्राप्त भई सर्वदेवमय भएपछि फेरि मर्ने हुँदैन । 'सर्वदा खाइँदा पनि यी अन्न किन घट्तैनन्' यसको उत्तर यो छ–पुरुष नै अन्न नघट्नाको कारण छ । कसरीभने त्यो नै अन्न बराबर उब्जारहन्छ। 'जसले यस अक्षयको कारणलाई जान्दछ' यसको मतलब हो–पुरुष नै अन्न नघट्नाको कारण हो, त्यस पिताले नै तत्तत् कालमा हुने बुद्धि र कर्मद्वारा अन्न उब्जाउँछ । यो जानिएकै कुरा छ कि त्यो प्रजापतिले यो काम नगर्दो हो त अन्न अवश्य घट्तै गएर खतमै हुँदो हो । 'त्यो प्रतीकले अन्न खान्छ' यहाँ 'प्रतीक' शब्दले लिएको मुख हो । तब अर्थ हुन्छ–जसले यो (अन्न नघट्ने) कुरा जान्दछ त्यसले मुख्य रूपले अन्न भोग गर्दछ, गौण रूपले होइन । 'त्यो देवात्म-भावमा प्राप्त हुन्छ, त्यो अमृतको उपजीवी हुन्छ' भन्ने यो प्रसंसा हो ।

आत्माका निमित्त तीन अन्न र उनको आध्यात्मिक विवेचन

त्रीण्यात्मनेऽकुरुतेति मनो वाचं प्राणं तान्यात्मनेऽकुरुतान्यत्रमता अभूवं नादर्शमन्यत्रमता अभूवं नाश्रौषमिति मनसा ह्येव पश्यति मनसा शृणोति । कामः संकल्पो विचिकित्सा श्रद्धा श्रद्धाधृतिरधृतिर्ह्रीर्धीर्भीरित्येतत्सर्वं मन एव तस्मादपि पृष्ठत उपस्पृष्ठो मनसा विजानाति यः कश्च शब्दो वागेव सा । एषा ह्यन्तमायत्तैषा हि न प्राणोऽपानो व्यान उदानः समानोऽन इत्येतत्सर्वं प्राण एवैतन्मयो वा अयमात्मा वाङ्मयो मनोमयः प्राणमयः ।। ३ ।।

पदार्थ — 'त्रीणि आत्मने अकुरुत' इति -- यसको अर्थ यो छ, मनः — मन, वाचम् — वाणी, प्राणम् — प्राण, तानि — तिनीहरू, आत्मने — आफ्ना निमित्त, अकुरुत — पाऱ्यो, अन्यत्रमनाः — अन्त मन गएको, अभूवम् — भएँ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न अदर्शम् —देखिनँ, अन्यत्रमनाः — अन्त चित्त गएको, अभवम् — भएँ, न अश्रौषम् —सुनिनँ, इति हि — यस्तै (लोको वदति—जन भन्दछन्, (अतः) मनसा एव — मनले नै, पश्यति — देख्तछ, मनसा एव — मनले नै, शृणोति — सुन्दछ, कामः — स्त्रीसंबन्धी अभिलाषा आदि, संकल्पः — विषयलाई विभिन्न-रूपले कल्पना गर्नु, विचिकित्सा — संशयज्ञान हुनु, श्रद्धा — आस्तिक्य बुद्धि, अश्रद्धा — नास्तिक्य बुद्धि, धृतिः — शरीर आदि धान्नु, अधृतिः — नधान्नु, ह्रीः — लाज, धीः — बुद्धि, भीः — डर, इति एतत् — यस्तो यो, सर्वम् — संपूर्ण, मनः एव — मन नै हो, अर्थात् — यी अन्तःकरणकै रूप हुन्, तस्मात् — त्यो मन भन्ने तत्त्व हुनाले, पृष्ठतः — पछाडिवाट, उपस्पृष्टः— छोइएको मानिसले मनसा — मनद्वारा, विजानाति — (यो हातको स्पर्श हो, यो घुँडाको स्पर्श हो इत्यादि छुट्टचाएर) विजानाति — जान्दछ., यः कः च — जुनकुनै पनि, शब्दः — आवाज छ, सा–त्यो वाक् एव वाणी नै हो एषा–यो हि निस्सै अन्तम् — पदार्थ निर्णयको, आयत्ता — अधीन अर्थात् अनुगत छ, एषा हि — यो निस्सै, न — प्रकाश्य होइन, किन्तु प्रकाशक छ, प्राणः — मुख-नासिका संचारी हृदयसम्म वृत्ति भएको वायु, अपानः— मल-मूत्र गिराउने तलतिर नाभि-स्थानसम्म वृत्ति भएको वायु, व्यान — प्राण र अपानको सन्धिस्वरूप र बल चाहिने क्रियाको कारण वायु, उदानः — पुष्टि र माथितिर जानु (प्राणोत्क्रमण) आदिको हेतु पैतालादेखि टाउकोसम्म नै रहने ऊर्ध्ववृत्ति भएको वायु, समानः — खाए-पिएका पदार्थलाई सम (ठीक) गर्ने पाचनकर्ता पेटमा रहने वायु, अनः इति एतत् — 'अन ' भनिने यो, सर्वम् — सबै, प्राण एव — प्राण नै हो, वै — निस्सै, अयम् — यो, आत्मा — शरीर, एतन्मयः — यिनै मन, वाक्, प्राणकै विकार हो, (अतः) यो मनोमयः — मनोमय, वाङ्मयः — वाङ्मय, प्राणमयः प्राणमय, छ ।

वाक्यार्थ — 'तीन ओटा आफ्ना निमित्त बनायो ' भनेको मन, वचन र प्राण आफ्ना निमित्तका अन्न बनायो भनेको हो । 'अन्त मन गएको भएँ, देखिनँ, ' अन्त चित्त गएको भएँ, सुनिनँ ' जन यसो भन्छ । अतः 'मन' भनिने अन्तःकरणतात्व छ र त्यसैले देख्छ, त्यसैले सुन्छ । स्त्रीसंवन्धी अभिलाषाहरू, विषयलाई विविधरूपले कल्पना गर्नु, संशयज्ञान हुनु, आस्तिक्य बुद्धि, नास्तिक्य बुद्धि, शरीर आदि धान्नु, नधान्नु, लाज, बुद्धि, डर, यो सब मन नै हो । अर्थात् यी सब अन्तःकरणकै रूप हुन । 'मन ' भनिने तत्त्व हुनाले नै पछाडिबाट कसैले छोइंदा हात वा घुँडा आदिको पर्श भनी छुट्टचाएर जानिन्छ । फेरि जुनसुकै पनि आवाज वाणी नै हो । यो पदार्थ-निर्णयको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पछि लाग्ने अर्थात् त्यसलाई प्रकास गर्ने तत्त्व हो, प्रकाश गारने तत्त्व हाइन । प्राण (मुख र नाकमा संचार गर्ने हृदयसम्म वृत्ति भएको वायु), अपान (मलमूत्रहरू गिराउने तलतिर नाभिस्थानसम्म वृत्ति भएको वायु) , व्यान (प्राण र अपानको सन्धिस्वरूप र बल पर्ने क्रिया गराउन कारण वायु) , उदान (पुष्टाइ गराउने र माथितिर जाने–प्राणोत्क्रमण गराउने वायु) र समान (खाए-पिएका पदार्थलाई सम-ठीक गर्ने पाचनकर्ता पेटमा रहने वायु), यो 'अन ' भनिएको सबै प्राण नै हो । यो शरीर यिनै मन, वाणी र प्राणको विकार हो । अतः यो मनोमय, वाङ्मय र प्राणमय छ ।

आत्मार्थ अन्नको आधिभौतिक विस्तार

त्रयो लोका एत एव वागेवायं लोको मनोऽन्तरिक्षलोकः प्राणोऽसौ लोकः ॥४ ॥

पदार्थ — त्रयः — तीन, लोकाः — लोक, एते — यी, एव — नै हुन्, वाक् एव — वाणी नै, अयम् लोकः — यो भूर्लोक हो, मनः — मन, अन्तरिक्ष-लोकः — भूवर्लोक हो, प्राणः — प्राण, असौ लोकः — स्वर्गलोक हो ।

वाक्यार्थ — यिनै (वाक्, मन र प्राण) तीन लोक हुन्–वाणी भूर्लोक, मन भूवर्लोक र प्राण स्वर्गलोक हो ।

त्रयो वेदा एत एव वागेवर्ग्वेदो मनो यजुर्वेदः प्राणः सामवेदः ॥ ५ ॥ देवाः पितरो मनुष्या एत एव वागेव देवा मनः पितरः प्राणो मनुष्याः ॥६ ॥ पिता माता प्रजैत एव मन एव पिता वाङ् माता प्राणः प्रजा ॥ ७ ॥

पदार्थ — एतै एव — यिनै (वाक्, मन र प्राण) त्रयः — तीन, वेदाः — वेद हुन्, वाक् एव — वाणी नै ऋग्वेदः — ऋग्वेद हो, मनः — मन., यजुर्वेदः — यजुर्वेद हो, प्राणः — प्राण, सामवेदः — साम वेद हो, । एते एव — यिनै, देवाः — देवता, पितरः — पितृ र, मनुष्याः — मानिस हुन्, वाक् एव — वाणी नै, देवाः — देवता हुन्, मनः — मन, पितरः — पितृ हुन्, प्राणः — प्राण, मनुष्याः — मानिस हुन्, एते एव — यिनै, पिता, — बाबु, माता — आमा र प्रजा सन्तान हुन्, मनः — एव — मन नै, पिता — बाबु हो, वाक् — वाणी, माता — आमा हो, प्राणः — प्राण, प्रजा — सन्तान हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — यिनै (वाक् मन र प्राण) वेद हुन्, वाणी ऋग्वेद, मन यजुर्वेद र प्राण सामवेद हो । यिनै देवता, पितृ र मनुष्य हुन्, वाणी देवता, मन पितृ र प्राण मनुष्य हो, । यिनै बाबु आमा र सन्तान् हुन्–मन बाबु, वाणी आमा र प्राण सन्तान हो ।

विज्ञानं विजिज्ञास्यमविज्ञातमेत एव यत्किंच विज्ञातं वाचस्तद्रूपं वाग्धि विज्ञाता वागेनं तद्भूत्वावति ॥ ८ ॥ यत्किञ्च विजिज्ञास्यं मनसस्तद्रूपं मनो हि विजिज्ञास्यं मन एनं तद्भूत्वावति ॥ ९ ॥ यत्किञ्चाविज्ञानं प्राणस्य तद्रूपं प्राणो ह्यविज्ञातः प्राण एनं तद्भूत्वावति ॥ १० ॥

पदार्थ — एते एव — यिनै (वाक्, मन, र प्राण) विज्ञातम् — विज्ञात, विजिज्ञास्यम् — विजिज्ञास्य (र) अविज्ञातम् — अविज्ञात हुन्, यत् किञ्च — जो कोही, विज्ञातम् — विस्पष्टरूपले जानिएको छ, तत् — त्यो, वाचः — वाणीको, रूपम् — रूप हो, हि — किनभने, वाक् — वाणी, विज्ञाता — प्रकाश-स्वरूपले विस्पष्टज्ञाता छ, वाक् — वाणी, एनम् — यो वाणीको विभूति जान्नेलाई, तद् — त्यो विज्ञात, भूत्वा — भएर, अवति — पालन गर्दछ । यत् किम् च — जो कोही, विजिज्ञास्यम् — विस्पष्टरूपले जान्न इष्ट छ, तत् — त्यो, मनसः — मनको, रूपम् — रूप हो, हि — किनभने, मनः — मन, विजिज्ञास्यं — संदेह गरिने आकारको हुनाले विस्पष्टरूपले जान्न वाञ्छित छ, मनः — मन, एनम् — यो मनको विभूति जान्नेलाई, तद् — त्यो विजिज्ञास्य, भूत्वा — भएर, अवति– पालन गर्दछ । यत् किम् च — जो केही, अविज्ञातम् — विज्ञानको अविषय छ, तत् — त्यो, प्राणस्य — प्राणको, रूपम् — रूप हो, हि — किनभने, प्राणः — प्राण, अविज्ञातः — श्रुतिले अनिरुक्त भनेकाले अविज्ञात छ, प्राणः — प्राण, एनम् — यो प्राणको विभूति जान्नेलाई, तद् — त्यो अविज्ञात, भूत्वा — भएर, अवति — पालन गर्छ ।

वाक्यार्थ — यिनै वाक्, मन र प्राण विज्ञात, विजिज्ञास्य र अविज्ञात हुन् । जो केही विस्पष्टरूपले जानिएको छ त्यो वाणीको रूप हो । किनभने वाणी नै प्रकाश-स्वरूप हुनाले विस्पष्टज्ञाता छ । यसले वाणीको विभूति जान्नेलाई विज्ञात भएर पालन गर्दछ । जो केही विस्पष्ट रूपले जान्न इष्ट छ, त्यो मनको रूप हो । किनभने मन नै संदेहयोग्य स्वरूपको हुनाले विस्पष्टरूपले जान्न वाञ्छित छ । त्यसले मनको विभूति जान्नेलाई विजिज्ञास्य भएर पालन गर्दछ । अर्थात् विजिज्ञास्य भएर यसैको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोज्य हुनजान्छ। जो केही विज्ञानको अविषय वस्तु छ त्यो प्राणको रूप हो। किनभने प्राण नै 'निर्वचन नगरिएको' भन्ने श्रुति हुनाले अविज्ञात छ। त्यसले प्राणको विभूति जान्नेलाई अविज्ञातै रहेर पालन गर्दछ। अर्थात् अविज्ञातैरूपले त्यसको अन्न हुन जान्छ। शिष्य तु पुर्वादिले संदेह गरिने-अविज्ञात-उपकारवाला गुरु, बाबु आदि पनि हुन्छन्, त्यस्तै मन र प्राण पनि संदेह गरिई गरिई तथा थाहै नभएको भईकन पनि अन्न हुन जान्छन्।

आत्मार्थ अन्नको आधिदैविक विस्तार

तस्यै वाचः पृथिवी शरीरं ज्योतिरूपमयमग्निस्तद्यावत्येव वाक्तावती पृथिवी तावानयमग्निः ॥ ११ ॥

पदार्थ—तस्यै — त्यस, वाच :—वाणीको, पृथिवी–पृथ्वी शरीरम् — शरीर (बाह्य आधार) हो, ज्योतिरूपम् — प्रकाशात्मक करण, अयम् — यो पार्थिव, अग्निः — अग्नि हो, तत् — त्यसमा, यावती एव — जति नै, वाक् — वाणी, भवति — हुन्छ, तावती — त्यत्ति, पृथिवी — पृथ्वी छ, तावान् — त्यति, अयम् — यो, अग्निः — अग्नि छ।

वाक्यार्थ — त्यस (प्रजापतिको अन्नरूपले प्रस्तुत) वाणीको पृथ्वी बाह्य आधार हो। प्रकाशात्मक आधेयभूत करण यो अग्नि हो। त्यसमा जति वाणी हुन्छ त्यति नै पृथ्वी छ। फेरि त्यति नै अनुप्रविष्ट अग्नि छ।

इन्द्ररूप प्राणको उत्पत्ति र त्यसका उपासनाको फल

अथैतस्य मनसो द्यौः शरीरं ज्योतीरूपासावादित्यस्तद्यावदेव मनस्तावती द्यौस्तावानसावादित्यस्तौ मिथुन ९ समैतां ततःप्राणोऽजायत स इन्द्रः स एषोऽसपत्नो द्वितीयो वै सपत्नो नास्य सपत्नो भवति य एवं वेद ॥ १२ ॥

पदार्थ — अथ — तथा, एतस्य — यो (प्रजापतिको अन्नरूपले कहिएका), मनसः — मनको, द्यौः — द्युलोक, शरीरम् — शरीर (कार्य, आधार) हो, ज्योतीरूपम् — प्रकाशात्मक करण, असौ — उ, आदित्यः — सूर्यहो, तत् — त्यहाँ, यावत् एव — जति नै, मनः — मन छ, तावती — त्यति, द्यौ — द्युलोक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ, तावान् — त्यति नै, असौ — ऊ, आदित्यः — सूर्य छ, तौ — ती अग्नि र सूर्य, मिथुनम् — पारस्परिक संसर्गमा, समैताम् — प्राप्त भए, ततः — ती दुइका संगमले, प्राणः — वायु, अजायत — पैदा भयो, सः — त्यो, इन्द्रः — परमेश्वर हो, सः एषः — त्यो यो, असपत्नः — शत्रु (द्वितीय) रहित छ, द्वातीय दोस्रो, वै — नै, सपत्नः — शत्रु हो, यः — जो, एवम् — यसरी प्राण शत्रुरहित छ भन्ने, वेद — जान्दछ, अस्य — यसको, सपत्नः — शत्रु, न भवति — हुँदैन ।

वाक्यार्थ — प्रजापतिको अन्नरूपले कहिएका मनको द्युलोक शरीर (कार्यरूप आधार) हो । प्रकाशात्मक करणरूप आधेय सूर्य हो । त्यहाँ जति मन छ, उत्ति नै द्युलोक छ । फेरि त्यति नै सूर्य छ । ती अग्नि र सूर्य परस्पर जुटे । त्यसबाट वायु उत्पन्न भयो । त्यो परमेश्वर हो र त्यो शत्रुरहित छ । दोस्रो नै शत्रु हो । जो प्राण यस्तो शत्रुरहित छ ' भन्न जान्दछ र उपासना गर्दछ, त्यसको शत्रु हुँदैन ।

आत्मार्थ अन्नको अन्तवान् र अन्त-रहितरूपले उपासना गर्नाको फल

अथैतस्य प्राणस्यापः शरीरं ज्योतिरूपमसौ चन्द्रस्तद्यावातेव प्राणास्तावत्य आपस्तावानसौ चन्द्रस्त एते सर्वे एव समाः सर्वेऽनन्ताः स यो हैतानन्तवत उपास्तेऽन्तवन्त ५ स लोकं जयत्यथ यो हैताननन्तानुपास्तेऽनन्त ५ स लोकं जयति ॥ १३ ॥

पदार्थ — अथ — तथा, एतस्य — यो (प्रजापतिको अन्नरूप), प्राणस्य प्राणको, आपः — पानी, शरीरम् — शरीर (कार्यरूप आधार) हो, ज्योतीरूपम् — प्रकाशात्मक करण, असौ — ऊ, चन्द्रः — चन्द्रमा हो, तत् — त्यहाँ, यावान् एव — जति नै, प्राणः — प्राण छ, तावत्यः — त्यति नै, आपः — पानी छ, तावान् — त्यति नै, असौ — ऊ, चन्द्रः — चन्द्रमा छ, ते एते — ती यी, सर्वे — सबै, एव — नै, समाः — बराबर छन्, सर्वे — सबै, अनन्ताः — अन्तरहित छन्, यः — जो, एतान् — यिनीलाई, अन्तवतः — अन्त हुने (ठानेर) उपास्ते — उपासना गर्दछ, सः — त्यो, अन्तवन्तम् — अन्त हुने (नाशवाला), लोकम् — लोकलाई, जयति — जित्तछ, ह — प्रसिद्ध छ, अथ — अर्को पक्ष, यः — जो, एतान् — यिनीहरूलाई, अनन्तान् — अन्तरहित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनी, उपास्ते — उपासना गर्दछ, सः — त्यो, अनन्तम् — अन्तरहित, (नाश नहुने) लोकम् — लोकलाई, जयति — जित्तछ, ह — प्रसिद्ध छ ।

वाक्यार्थ — प्रजापतिको अन्नरूप प्राणको पानी शरीर (कार्यरूप आधार हो) प्रकाशात्मक करणरूप आधेय चन्द्रमा हो । त्यहाँ जति प्राण छ, त्यति पानी छ, त्यति नै चन्द्रमा छ । ती सबै बराबर छन् तथा अन्तरहित छन् । जो यिनीहरूलाई नाश हुने ठानेर उपासना गर्दछ, त्यो नाश हुने लोकलाई जित्तछ, जो त यिनीहरूलाई नाश नहुने ठानेर उपासना गर्दछ त्यो नाश नहुने लोकलाई जित्तछ। यो प्रसिद्ध छ।

तीनअन्नवाला प्रजापतिको षोडशकल संवत्सर-रूपले निर्देश

संबन्ध — पिताले पाऽक्त कर्मद्वारा सात अन्न उब्जाई तीन अन्न आफ्ना निमित्त बनायो भनी माथि भनियो । पाऽक्त कर्मका फलभूत ती व्याख्यान गरिए । त्यसमा कसरी यी पाऽक्त कर्मका फल भए–सो कुरा कहिन्छ । किनभने ती तीन अन्न (वाक्, मन र प्राण) मा पनि वित्त र कर्मको संभावना हुनाले पाऽक्तत्व हुनाले पाऽक्तत्व ज्ञात हुन्छ । त्यसमा पृथ्वी र अग्नि माता, द्युलोक र सूर्य पिता, यी दुइका बीचमा जो प्राण छ त्यो सन्तान हो भन्ने कुरा व्याख्यात भयो । त्यसमा वित्त र कर्मको संभावना देखाउनु छ र अबको ग्रन्थ आरम्भ गरिन्छ –

स एष संवत्सरः प्रजापतिः षोडशकलस्तस्य रात्रय एव पञ्चदश कला ध्रुवैवास्य षोडषी कला स रात्रिभिरेवा च पूर्यतेऽप च क्षीयते सोऽमावास्याꣳरात्रिमेतया षोडश्या कलया सर्वमिदं प्राणभृदनुप्रविश्य ततः प्रातर्जायते तस्मादेताꣳ रात्रिं प्राणभृतः प्राणं न विच्छिन्द्यादपि कृकलासस्यैतस्या एव देवताया अपचित्यै ॥ १४ ॥

पदार्थ — सः — त्यै (तीन अन्नवाला) प्रजापतिः — प्रजापति, षोडशकलः सोह्र कला भएको, संवत्सरः — संवत्सर हो, तस्य — त्यसका, रात्रयः — दिन रातहरू, अर्थात् तिथिहरू, एव — नै, पञ्चदश — पन्ध्र, कलाः — अवयव हुन्, अस्य — यस प्रजापतिको, षोडशी — सोह्रौं कला, ध्रुवा एव — नित्य कला नै (व्यस्थित) छ, सः — त्यो संवत्सरात्मक कालरूप प्रजापति, रात्रिभिः एव — तिथिहरूले नै, आपूर्यते — पूर्ण हुन्छ, च — र, अपक्षीयते च — घट्छ पनि, सः — त्यो चन्द्ररूप प्रजापति, अमावाश्याम् — औंसीमा, रात्रिम् — रातमा, एतया — यो, षोडस्या — सोह्रौं, कलया — कलाले, सर्वम् — संपूर्ण,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इदम् — यो, प्राणभृत् — प्राणीमा, अनुप्रविश्य— प्रवेश गरेर, ततः — त्यसपछि, (अर्का दिनमा) प्रातः — विहान, जायते — (दोस्रो कलाले युक्त भएर) उत्पन्न हुन्छ ; तस्मात् — त्यस कारण, एताम् रात्रिम् — यो रातमा, एतस्याः एव — यै, देवतायाः — देवताको, अपचित्यै — सत्कारका निमित्त, प्राणभृतः — प्राणीको (यहाँसम्म कि), कृकलासस्य अपि — छेपाराको पनि, प्राणम् — प्राण, न विच्छिन्द्यात् — न छुटाओस् ।

वाक्यार्थ — त्यो यो प्रजापति सोह्र कला भएको संवत्सर हो । त्यसका तिथि-हरू नै पन्ध्र कला हुन् । यसको सोह्रौं एउटा कला नित्य रहिरहने छ। त्यो संवत्सरात्मक कालरूप प्रजापति तिथिहरूले नै भरिने र घट्ने हुन्छ। त्यो चन्द्रमारूप प्रजापति औंसीमा रातमा सोह्रौं नित्य कलाले संपूर्ण प्राणीमा प्रवेश गरेर भोलिपल्ट विहान दोस्रो कलाले युक्त भै उत्पन्न हुन्छ। यस कारण यो औंसीका रातमा त्यो चन्द्ररूप देवताको सत्कारका निमित्त प्राणीको-यहाँसम्म कि छेपारो (जसलाई कि देखिदा पनि अमङ्गल पापयोनि भनेर लोक मार्ने गर्छ) को पनि प्राण नछुटाउनू ।

अन्नोपासक नै सोह्रकलावाला संवत्सर प्रजापति हो

यो वै संवत्सरः प्रजापतिः षोडशकलोऽयमेव स योऽयमेवंवित्पुरुषस्तस्य वित्तमेव पञ्चदश कला आत्मैवाश्य षोडशी कला स वित्तेनैवा च पूर्यतेऽप च क्षीयते तदेतन्नभ्यं यदयमात्मा प्रधिर्वित्तं तस्माद्यद्यपि सर्वज्यानिं जीयत आत्मना चेज्जीवति प्रधिना-गादित्येवाहुः ।। १५ ।।

पदार्थ — यः — जो परोक्षरूपले कहिएको, सः — त्यो, षोडशकलः — सोह्र अवयव भएको, संवत्सरः — संवत्सरस्वरूप, प्रजापतिः — प्रजापति, वै — निश्चित छ, अयम् एवः — यै प्रत्यक्ष रूपमा उपलब्ध, सः— त्यो हो, यः — जो, अयम् —यो, एवंवित्—यस्तो (तीन अन्नवाला प्रजापतिलाई) जान्ने, पुरुषः— पुरुष छ, तस्य — त्यसको, वित्तम् — धन, एव — नै, पञ्चदश — पन्ध्र कला, अवयव हुन्, आत्मा — शरीर, एव — नै, षोडशी — सोह्रौं, कला—अवयव हो, सः — त्यो, वित्तेन — धनले, एव — नै, आपूर्यते— बढ्दछ, च — र, अपचीयते घट्छ, च— पनि, तद् — त्यो, एतद् — यो, नभ्यम् — चक्रको नाभि हो, यत् — जो, अयम् — यो, आत्मा — शरीर छ, वित्तम् — धन–संपत्ति, प्रधिः—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दण्डी र घेरा हुन्, तस्मात् — त्यस कारण, यद्यपि — हुनत, सर्वज्यानिम् — सर्वस्वको अपहरणमा, प्राप्य — प्राप्त भएर, जीयते — ग्लानि पाउँछ, (तर) आत्मना — शरीरले, जीवति — बाँच्छ, चेत् — भने, (लोकले) प्रधिना — बाह्य परिवारले, अगात् — गयो, अर्थात् क्षीण भयो, इति — यसो, एव — नै, आहुः — भन्दछन् ।

वाक्यार्थ — त्यो सोह्रकलावाला संवत्सरात्मक प्रजापति त्यति ज्यादै अप्रत्यक्ष मान्नुपर्दैन । यै पुरुष हो त्यो, जो तीन अन्नवाला आत्माभूत प्रजापतिलाई जान्दछ । त्यस पुरुषको गो-अश्वादि धन-संपत्ति नै सोह्र कला हुन् । शरीर नै सोह्रौं 'ध्रुवा' कला हो, । त्यो पुरुष चन्द्रमा कलाहरूले बढ्ने घट्ने गरेझैं धन-संपत्तिले नै बढ्दछ र घट्तछ । त्यो यो शरीर पाङ्ग्राको नाभिस्थानीय हो र धन-संपत्ति दण्डी र घेरा समान हो। त्यस कारण कुनै पुरुष सर्वस्व-हरणमा परेर ग्लानि हुन्छ तापनि जीउ बाँचेको छ भने लोकले 'परिवारबाट क्षीण भयो नै भन्छ, खतमै भयो भन्दैन । अर्थात् बाँचेको छ, जाय-ज्यथा फेरि पनि बढ्ला भन्ने ठान्दछ ।

लोकत्रय–प्राप्तिका साधन तथा देवलोकका उत्कृष्ठताको वर्णन

संबन्ध — यसरि दैववित्त र विद्यालेसंयुक्त पाङ्क्त कर्मले तीन अन्नवाला प्रजापति हुन्छ भन्ने व्याख्यान गरियो । त्यसपछि भार्या आदि धन परिवारस्थानीय हो भन्ने कहियो । त्यसमा पुत्र, कर्म र अपरा विद्याहरू लोकप्राप्तिका साधन हुन् भन्ने सामान्यरूपले मात्र अवगत भयो, पुत्रादिको लोक-प्राप्तिका प्रति विशेष संबन्ध भएको नियम ज्ञात भएको छैन । अतः पुत्रादि साधनको साध्यविशेषसँग संबन्ध बताउनुपर्नेछ र अबको कण्डिका रचिन्छ–

अथ त्रयो वाव लोका मनुष्यलोकः पितृलोको देवलोक इति सोऽयं मनुष्यलोकः पुत्रेणैव जय्यो नान्येन कर्मणा कर्मणा पितृलोको विद्यया देवलोको वै लोकानाꣳ श्रेष्ठस्तस्माद् विद्यां प्रशꣳसन्ति ।। १६ ।।

पदार्थ — अथ — अब, (लोकसंबन्धी कुरो बताइन्छ) त्रयः — तीन, वाव — नै, लोकाः — लोक छन्, मनुष्यलोकः — मनुष्यलोक, पतिृलोकः — पितृलोक र देवलोकः — देवलोक, इति — यी, सः — त्यो, अयम् — यो, मनुष्यलोकः — मनुष्यलोक, पुत्रेण एव — छोराले नै, जय्यः — जितिने छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मणा — कर्मले, पितृलोकः — पितृलोक, जय्यः — जितिने छ, विद्यया — विद्याले, देवलोकः — देवलोक, जय्यः — जितिने छ । देवलोकः — देवलोक, वै — निस्सै, लोकानाम — लोकहरूमध्ये, श्रेष्ठः — ज्यादै प्रसंशनीय छ । तस्मात — त्यस कारण, विद्याम — विद्यालाई, प्रशंसन्ति — प्रशंसा गर्दछन ।

वाक्यार्थ —अब लोकसंबन्धी कुरा बताइन्छ । लोकहरू तीन नै छन्, मनुष्यलोक, पितृलोक र देवलोक । यो मनुष्यलोक पुत्रद्वारा नै जितिने (प्राप्त गरिने) छ, अरू कर्मले जितिने छैन । पितृलोक कर्मद्वारा जितिने छ, अरू साधनले छैन । देवलोक विद्याले जितिने छ, अरू साधनले होइन । देवलोक चाहिं लोकहरूमध्ये ज्यादै प्रशंसनीय हो । यसैले विद्यालाई प्रशंसा गर्दछन् ।

संप्रति कर्म र त्यसको परिणाम

अथातः संप्रत्तिर्यदा प्रैष्यन्मन्यतेऽथ पुत्रमाह त्वं ब्रह्म त्वं यज्ञस्त्वं लोक इति स पुत्रः प्रत्याहाहं ब्रह्माहं यज्ञोऽहं लोक इति यद्वै किञ्चानूक्तं तस्य सर्वस्य ब्रह्मेत्येकता । ये वै के च यज्ञास्तेषा५ सर्वेषां यज्ञ इत्येकता ये वै के च लोकास्तेषा ५ सर्वेषां लोक इत्येकतैतावद्वा इद५ सर्वमेतन्मा सर्व५ सन्नयमितोऽभुनजदिति तस्मात्पुत्रमनुशिष्टं लोक्यमाहुस्तस्मादेनमनुशासति स यदैवंविदस्माल्लोकात्प्रैत्यथैभिरेव प्राणैःसह पुत्रमाविशति । स यद्यनेन किञ्चिदक्षण्याऽकृतं भवति तस्मादेन५सर्वस्मात्पुत्रो मुञ्चति तस्मात्पुत्रो नाम स पुत्रेणैवास्मिल्लोके प्रतितिष्ठत्यथैनमेते दैवाःप्राणा अमृता आविशन्ति ॥ १७ ॥

पदार्थ — अथ — अब, संप्रत्तिः — संप्रदान (कहिन्छ), यदा — जब, पिता — बाबु, प्रेष्यन् — मर्न आँटे भनी, मन्यते — ठान्दछ, अथ — तब, पुत्रम् — छोरालाई, इति — यसो, आह — भन्दछ, त्वम् — तँ, ब्रह्म — ब्रह्म होस्, त्वम् — तँ, यज्ञः — यज्ञ होस्, त्वम् — तँ, लोकः — लोक होस्, (अनि) सः — त्यो, पुत्रः — छोरो, इति — यसो, प्रत्याह — प्रतिवचन दिन्छ, अहम् — म, ब्रह्म — ब्रह्म हुँ, अहम् — म, यज्ञः — यज्ञ हुँ, अहम् — म, लोक हुँ, यत् — जो, किञ्च — केही, अनुक्त अध्ययन गरिएको र नगरिएको पनि छ, तस्य — त्यो, सर्वस्य — संपूर्णको, ब्रह्म इति — 'ब्रह्म ' यस पदमा, वै — निश्चयले, एकता — एकत्व छ, ये — जुन, के च, कुनै पनि, यज्ञाः — यज्ञहरू गरिएका-नगरिएका छन्, तेषाम् — ती, सर्वेषाम् — संपूर्णको, यज्ञ इति —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'यज्ञ ' यस पदमा, वै — निश्चयले, एकता — एकत्व छ, ये — जो, के च — कुनै पनि, लोकाः — लोक मैले जितेका-नजितेका छन्, तेषाम् — ती, सर्वेषाम् — समस्तको, लोकः इति — 'लोक ' यस पदमा, वै — निश्चयले, एकता — एकत्व छ, इदम् — यो, एतावताम् — यत्ति वै — नै, सर्वम् — सबै, (गृहस्थको कर्तव्य हो,) एतत्—यो, सर्वम्—संपूर्ण भार, [मत्तः अपच्छिद्य आत्मनि निधाय]—मबाट खिचेर आफूमा राखेर, इतः —यस लोकबाट, गएपछि, मा — मलाई, अभुनजत् — पाल्नेछ, तस्मात् — त्यस कारण, अनुशिष्टम् — शिक्षा दिइएको, पुत्रम् — छोरालाई., लोक्यम् — लोकप्राप्तिमा हिते, आहुः — भन्दछन्, तस्मात् — त्यस कारण, एनम् — यस छोरालाई, अनुशासति — शिक्षा दिन्छन्, सः — त्यो, एवंवित् — यस्तो जान्ने बाबु, यदा — जब, अस्मात् — यो, लोकान् लोकबाट, प्रैति — मर्दछ, अथ — तब, एभिः एव — यिनै (प्रकृत) प्राणैः सह — प्राणसँगसँगै, पुत्रम् — छोरामा, अविशति — पस्तछ, सः — त्यो छोरो, यदि — यदि, अनेन — यस बाबुले, अक्षण्या — असावधानीले, अकृतम् — (बीचमा कर्तव्य) नगरिएको, भवति — छ त, तस्मात् — त्यो, सर्वस्मात् — संपूर्ण, (लोकप्राप्तिमा प्रतिवन्धक भूत अकृत कर्मरूप वन्धन) बाट, एनम् — यस बाबुलाई, पुत्रः — छोराले, मुञ्चति — छुटाउँछ, (कसरी ?) (तत्सर्वं स्वयम् अनुतिष्ठन् पूरयित्वा)—त्यो सबै आफूले गरी पूर्ण पारेर, तस्मात्—त्यै पूर्ण गरेर त्राण (रक्षण) गर्ने हुनाले, पुत्रः नाम — पुत्र भनी प्रसिद्ध छ, सः — त्यो बाबु, पुत्रेण — छोराले, अस्मिन् एव — यै, लोके — लोकमा, प्रतितिष्ठति — रहन्छ, अथ — अनि, एनम् — यो संप्रति गरेका बाबुलाई, एते — यी, दैवाः — हिरण्यगर्भसंबन्धी, अमृत्ता — नमर्ने स्वभावका, प्राणाः — वाक् आदि प्राण, आविशन्ति — प्रवेश गर्दछन् ।

वाक्यार्थ — अब संप्रति (संप्रदान कर्म) कहिन्छ । जब बाबु 'मर्न आँटे' भनी ठान्छ तब छोरालाई यसो भन्छ—तँ ब्रह्म (वेद) होस् तँ यज्ञ होस्, तँ लोक होस् । अनि छोराले यस्तो प्रतिवचन गर्छ 'म ब्रह्म (वेद) हुँ, म यज्ञ हुँ, म लोक हुँ'। यी वाक्यमा अध्ययन गरे-नगरेको सबैको 'ब्रह्म (वेद) ' यस पदमा एकता छ । अर्थात् ब्रह्म-शब्दबाट त्यो सब बुझाएको छ । अतः भन्न खोजेको कुरा यो हो—यतिन्जेल जुन वेदविषयक अध्यन-व्यापार मेरो कर्तव्य थियो, त्यो अब उप्रान्त तँबाट होओस् । यस्तै गृहस्थले गर्नुपर्ने गरे-नगरेका संपूर्ण यज्ञको 'यज्ञ ' यस पदमा एकता छ अर्थात् 'यज्ञ' शब्दले ती सब बुझाइएका छन् । अतः अभिप्राय यो हो—यतिञ्जेल जुन यज्ञहरू मैले गरिन्थे ती अबदेखि तँबाट होऊन् । तथा जुन लोकहरू मैले जित्नुपर्ने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिते-नजितेका छन्, ती सबको 'लोक' यस पदमा एकता छ, अर्थात् 'लोक' शब्दबाट ती सब बुझाइएका छन् । अतः आशय यो हो–जो मेरो जित्नुपर्ने (साध्नुपर्ने) लोक थिए ती अब तँबाट जितियून् । यो यति नै हो गृहस्थको कर्तव्य। यो संपूर्ण भार मबाट खिची आफूमा राखेर यो असल छोराले यस लोकबाट मलाई पालन गर्नेछ। त्यसै कारणले शिक्षा दिइएको छोरालाई 'लोक्य ' (लोक-प्राप्ति गर्नामा हित) भन्दछन् । यसलाई शिक्षा पनि दिने गर्दछन् । यस्तो जान्ने बाबु जब यस लोकबाट मरेर जान्छ तब यी वाक् , मन र प्राणहरूसँगै छोरामा व्याप्त हुन्छ। अनि बाबुले गर्नुपर्ने कुरा असावधानीले नगरिइरहेको भए त्यो सब आफूले गरी पूर्ण गराएर त्यो संपूर्ण लोक प्राप्तिमा प्रतिबन्धक भएको अकृत कर्म हरूबाट बाबुलाई छुटाउँछ। त्यै बाबुको छिद्र पूर्णगरेर त्राण (रक्षा) गर्ने हुनाले 'पुत्र ' भनी प्रसिद्ध छ । त्यो बाबु छोराले गर्दा यै लोकमा रहेको हुन्छ । अनि त्यो संप्रत्ति (संप्रदान कर्म) गरेका बाबुमा यी हिरण्यगर्भसंबन्धी अमरणधर्मी वाक् आदि प्राणहरू प्रवेश गर्दछन् ।

संप्रत्तिकर्तामा वाक् आदि प्राणहरूको आवेशको प्रकार

पृथिव्यै चैनमग्नेश्च दैवी वागाविशति सा वै दैवी वाग्यया यद्यदेव वदति तत्तद् भवति ॥ १८ ॥

पदार्थ — पृथिव्यै — पृथ्वीबाट, च — र, अग्नेः — अग्निबाट, च — पनि, एनम् — यस संप्रतिपत्ति कर्म गर्नेमा, दैवी — अधिदेवतासंबन्धी, वाक् — वाणी, आविशति — प्रवेश गर्दछ, सा — त्यो, वै — निश्चय, दैवी — अधिदेवता-संबन्धी (अत एव झूठ आदि दोषले रहित) वाक् — वाणी हो, यया — जुन वाणीले, यद् यद् — एव — जुन जुन नै, वदति — बोल्दछ, तत् तत् — त्यो त्यो, भवति — हुन्छ ।

वाक्यार्थ — पृथिवी र अग्निबाट यस प्रपत्तिकर्म गर्नेमा अधिदेवतासंबन्धी वाणी प्रवेश गर्दछ । त्यो निस्सै अधिदेवतासंबन्धी हो र झूठ आदि दोषले रहित वाणी हो, जुनले आफ्ना वाणी वा अर्काका लागि जे जे बोल्दछ त्यो त्यो कुरा हुन्छ ।

दिवश्चैनमादित्याच्च दैवं मन आविशति तद्वै दैवं मनो येनानन्द्येव भवत्यथो न शोचति ॥ १९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — दिवः — द्युलोकबाट, च — र, आदित्यात् — सूर्यबाट–च — पनि, एनम्— यस संप्रत्तिकर्तामा, दैवम— अधिदेवतासंबन्धी, मनः — मन, आविशति — प्रवेश गर्दछ, तद— त्यो, वै — निस्सै, दैवम— अधिदैवत।-संबन्धी, (निर्मल) मनः–मन हो, येन–जसले, आनन्दी एव–सुखी नै, भवति— हुन्छ, अथो — र, न शोचति — शोक गर्ने हुँदैन ।

वाक्यार्थ — द्युलोक र सूर्यबाट यस प्रपत्तिकर्तामा अधिदेवसंबन्धी मन प्रवेश गर्दछ, त्यो निस्सै अधिदेवतासंबन्धी हो र स्वभावैले निर्मल हो, जसले गर्दा त्यो सुखी नै हुन्छ, शोकादिका कारणसँग संबन्ध हुनाले शोक नगर्ने हुन्छ ।

अद्भ्यश्चैनं चन्द्रमसश्च दैवः प्राण आविशति स वै दैवः प्राणो यः सञ्चरꣳश्चासञ्चरꣳश्च न व्यथतेऽथो न रिष्यति । स एवंवित्सर्वेषां भूतानात्मा भवति । यथैषा देवतैव ꣳ स यथैतां देवता।ꣳ सर्वाणि भूतान्यवन्त्येव ꣳ हैवनिद ꣳ सर्वाणि भूतान्यवन्ति । यदुकिञ्चेमाः प्रजाः शोचन्त्यमैवासां तत्तद्भवति पुण्यमेवायुं गच्छति न ह वै देवान्पापं गच्छति ॥ २० ॥

पदार्थ — अद्भ्यः — जलबाट, च — र, चन्द्रमसः — चन्द्रमाबाट, च — पनि एनम् — यस संप्रत्तिकर्तामा, दैवः — देवतासंबन्धी, प्राणः — प्राण, आविशति — प्रवेश गर्दछ, सः — त्यो वै — निस्सै, दैवः— देवतासंबन्धी, प्राणः — प्राण हो, यः — जो, सञ्चरन् — जङ्गममा सञ्चार गर्दा, च — र, असञ्चरन् — स्थावरमा संचार नगर्दा, च — पनि न व्यथते—भयले युक्त हुँदैन, अथो—र, न रिष्यति— नाश हुँदैन, एवंवित् — यस्तो जान्ने (तीन अन्नवाला आत्मा भन्ने दृष्टि राख्ने) पुरुष, सर्वेषाम् — समस्त, भूतानाम् — प्राणीको, आत्मा — प्राण, भवति — हुन्छ, यथा —जस्तो, एषा — यो देवता—पूर्वसिद्ध हिरण्यगर्भ छ, एवम् — यस्तै सः — त्यो पुरुष हुन्छ, यथा — जसरी एताम् — यो पूर्वसिद्ध, देवताम् — हिरण्यगर्भलाई, सर्वाणि — संपूर्ण, भूतानि — प्राणीहरू, अवन्ति — पालन गर्दछन्, एवम् ह — यसै गरी, एवंविदम् — यस्तो जानेर उपासना गर्नेलाई, सर्वाणि — संपूर्ण, भूतानि — प्राणीहरू, अवन्ति — पालन गर्दछन् । इमा — यी यी, प्रजाः — जनहरू यत् उ किञ्च — जुन कुनै पनि शोचन्ति — शोक गर्दछ, तत् — त्यो दुःख, आसाम् — यी जनहरूका, अमा एव — साथैमा, भवति — हुन्छ, अमुम् — यस प्रजापति पदमा वर्तमान विद्वान्लाई तु — त, पुण्यम् —शुभ फल, एव — नै, गच्छति — प्राप्त हुन्छ, ह —प्रसिद्ध छ, देवान् — देवताहरूमा, पापम् — पाप, वै — निश्चय, नगच्छति — प्राप्त हुँदैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — जल र चन्द्रमाबाट यस संप्रत्तिकर्तामा देवतासंबन्धी प्राण प्रवेश गर्दछ । त्यो निस्यै देवतासंबन्धी प्राण हो । जो जङ्गममा सञ्चार गर्दा र स्थावरमा सञ्चार नगर्दा पनि दुःखनिमित्तक भयले युक्त हुँदैन । र नाश पनि हुँदैन । यसरी तीनअन्नवाला आत्मा भन्ने दृष्टि राख्ने विद्वान् संपूर्ण प्राणीको प्राण हुन्छ । जस्तो हिरण्यगर्भ देवता छ, त्यस्तै त्यो पुरुष हुन्छ । जसरी यस हिरण्यगर्भ देवतालाई यज्ञ आदिद्वारा प्राणीहरू पुज्दछन्, उसै गरी यस्तो जानेर उपासना गर्नेलाई संपूर्ण प्राणी मान्दछन् । यी जनहरू जुनकुनै पनि शोक गर्दछन् त्यो दुःख यी जनहरूसँगै हुन्छ । यस प्रजापति पदमा वर्तमान विद्वान्हरूलाई त शुभ फल नै प्राप्त हुन्छ । प्रसिद्धै छ देवताहरूमा पाप निस्सै प्राप्त हुँदैन ।

व्रतमीमांसा — अध्यात्म प्राणदर्शन

अथातो व्रतमीमाꣳसा प्रजापतिर्ह कर्माणि ससृजे तानि सृष्टान्यन्योन्येनास्पर्धन्त वदिष्याम्येवाहमिति वाग्दध्रे द्रक्ष्याम्यहमिति चक्षुः श्रोष्याम्यहमिति श्रोत्रमेवमन्यानि कर्माणि यथाकर्म तानि मृत्युः श्रमो भूत्वोपयेमे तान्याप्नोत्तान्याप्त्वा मृत्युरवरुन्ध तस्माच्छाम्यत्येव वाक्छाम्यति चक्षुः श्राम्यति श्रोत्रमथेममेव नाप्नोद्योऽयं मध्यमःप्राणस्तानि ज्ञातुं दध्रिरे। अयं वैनः श्रेष्ठो यः सञ्चरꣳश्चासञ्चारꣳश्च न व्यथतेऽयो न रिष्यति हन्तास्चैव सर्वे रूपमसामेति त एतस्यैव सर्वे रूपमभवꣳस्तस्मादेत एवेनाख्यायन्ते प्राण इति तेन ह वाव तत्कुलमाचक्षते यस्मिन्कुले भवति य एवं वेद य उ हैवंविदा स्पर्धतेऽनुशुष्यत्यनुशुष्य हैवान्ततो म्रियत इत्यध्यात्मम् ॥२१ ॥

पदार्थ—अथ अतः—यसपछि, व्रतमीमांसा—उपासना कर्मको विचार गरिन्छ ह—प्रसिद्ध छ कि, प्रजापतिः—प्रजापतिले, कर्माणि—वाक् आदि करणहरू, ससृजे—सृष्टि गऱ्यो, सृष्टानि—सिर्जिएका, तानि—तिनीहरूले, अन्योन्येन—परस्पर, अस्पर्धन्त—शेखी गर्न लागे, वाक्—वाणीले, अहम्—म, वदिष्यामि एव—बोलि नै रहनेछु, इति—यस्तो (व्रत) दध्रे—धारण गऱ्यो, चक्षुः—नेत्रेन्द्रियले, अहम्—म, द्रक्ष्यामि—हेरिरहनेछु, इति—यस्तो—व्रत दध्रे—व्रत लियो श्रोत्रम्—कर्णेन्द्रियले, अहम्—म, श्रोष्यामि—सुनिरहनेछु, इति—यस्तो—व्रतम् दध्रे—व्रत लियो, एवम्—यसै गरी, अन्यानि—अरू, कर्माणि—करणहरूले यथाकर्म—आफ्ना कामअनुसार, —व्रतं दध्रिरे—व्रत धारण गरे, तानि—ती करणहरूलाई, मृत्युः—मृत्युले, श्रमः— थकाइ, भूत्वा—भएर, उपयेमे—पक्ऱ्यो तानि—तिनिहरूलाई, आप्नोत्—व्याप्त गऱ्यो अर्थात् थकाइरूपले आफूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखायो, आप्त्वा—व्याप्त गरेर, मृत्युः—मृत्युले अवारुन्धत्— (तिनका आफ्ना काममा) रोक्यो, तस्मात्—त्यस कारण, वाक्—वाणी, श्राम्यति-एव—थाकि नै हाल्छ, चक्षुः—नेत्र इन्द्रिय, श्राम्यति—थाकिहाल्छ, श्रोत्रम्—कर्णेन्द्रिय, श्राम्यति—थाकिहाल्छ, अथ—तर, इमम्—यसलाई, एव—नै, न आप्नो,त्—व्याप्त गरेन, यः—जो, अयम्—यो, मध्यमः—मझौला, प्राणः—प्राण हो, (तब) तानि—ती करणहरूले ज्ञातुम्—बुझ्न, दधिरे—मन लगाए, अयम्—यो वै निश्चय, नः — हामीहरूमध्ये श्रेष्ठः — उत्कृष्ठ छ, यः — जो, सञ्चरन् च— सञ्चार गर्दा र, असञ्चरन् च — सञ्चार नगर्दा पनि, न व्यथते — डरले युक्त हुँदैन, अथो — र न रिष्यति — नाश हुँदैन, हन्त —खुशी छ, सर्वे—हामी सबै, अस्य एव—यसैका, रूपम् — रूप, असाम — होऔं, अर्थात् प्राणलाई नै आत्मभावले मानौं, इति — यस्तो ठानेर, ते — तिनीहरू, सर्वे — सबै, रूपम् — रूप, अभवन् — भए, तस्मात् — त्यस कारण, एते — यी (वाक् आदि इद्रियहरू) एतेन — यसका नामले, प्राणाः इति — प्राणहरू भनी, आरव्यायन्ते — कहिन्छन्; तस्मात् — त्यस कारण, तेन ह वाव—त्यसै विद्वान्ले, तत्कुलम् त्यसको कुललाई (लौकिकहरू) आचक्षते — पुकार्दछन्, यस्मिन् जुन, कुले कुलमा भवति हुन्छ, यः — जो एवम् — यस्तो, (वाक् आदि प्राणरूप छन्) भन्ने, वेद — जान्दछ, यः उ ह — जो त एवंविदा — यस्तो जान्नेसँग, स्पर्धते — शेखी गर्दछ, सः — त्यो, अनुशुष्यति — शुक्छ, अनुशुष्य — सुकेर, ह एव — नै, अन्ततः — आखिरमा, म्रियते — मर्दछ। अध्यात्मम् — प्राणात्मदर्शन, इति — समाप्त भयो।

वाक्यार्थ—अब उपासना कर्मको विचार गरिन्छ। प्रजापतिले वाक् आदि करणहरू सृष्टि गऱ्यो। तिनीहरू परस्पर शेखी गर्न लागे। वाणीले म बोलि नै रहन्छु अर्थात् आफ्ना कामबाट कहिल्यै हट्तिनँ, भन्ने व्रत लियो नेत्रेन्द्रियले म हेरिनै व्रत लियो। कर्णेन्द्रियले म सुनि नै रहन्छु भन्ने व्रत लियो। यस्तै अरू करणहरूले पनि आ-आफ्ना कामअनुसार व्रत धारण गरे। तब ती करणहरूलाई मृत्युले थकाइ भएर पऱ्यो र तिनलाई व्याप्त गऱ्यो। तिनका आफ्ना काममा रोकिदियो। त्यस कारण आजकल पनि बोल्दा बोल्दा वाणी थाकिहाल्छ। नेत्रेन्द्रिय पनि हेर्दा हेर्दा थाकि हाल्छ तथा कर्णेन्द्रिय पनि सुन्दा सुन्दा थाकिहल्छ। तथा थकाइरूप मृत्युले यो एउटालाई व्याप्त गरेन जो यो मझौला प्राण हो। अनि ती करणहरूले बुझ्न मन लगाएर निश्चय गरे — यो प्राण निस्सै हामीहरूमध्ये श्रेष्ठ छ, यो जङ्गममा संचार गर्दा र स्थावरमा संचार नगर्दा पनि डराउँदैन र नाश पनि हुँदैन। खुशी छ, हामी सबै यसैका रूप

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होओं। अर्थात् प्राणलाई नँ आत्मभावले मानौं। यस्तो निश्चय गरेर तिनीहरू सबै त्यसै (प्राण) का रूप भए। त्यस कारण ती वाक् आदि इन्द्रियहरू यसै नामले 'प्राणहरू' भनिन्छन्। त्यस विद्वान्ले नै गर्दा फलानाको कुल भनी लौकिकहरू पुकार्दछन् जुन कुलमा त्यो हुन्छ। जो कि यस्तो (वाक् आदि प्राणरूप छन् भन्ने) जान्दछ। जो त यस्तो जान्नेसँग शेखी गर्दछ त्यो सुक्छ र आखिरमा मर्दछ।

प्राणात्म-दर्शन समाप्त भयो।

अधिदैव दर्शन

अथाधिदैवतं ज्वलिष्याम्येवाहमित्याग्निर्दध्रे तप्स्याम्यहमित्यादित्यो भास्यामहमिति चन्द्रमा एवमन्या देवता यथादैवतꣳस यथैषां प्राणानां मध्यमः प्राण एवमेतासां देवतानां वायुर्म्लोचन्ति ह्यन्या देवता न वायुः सैषानस्तमिता देवता यद्वायु ॥ २२ ॥

पदार्थ — अथ — यसपछि, अधिदैवतम् — देवताविषयक दृष्टि (कहिन्छ) अहम् — म, ज्वलिष्यामि एव — बलि नै रहनेछु अर्थात् बल्ने कामबाट कहिल्यै हट्तिनँ, इति — यस्तो, अग्निः — अग्निले व्रतम् — व्रत, दध्रे — धारण गऱ्यो, अहम् — म, तप्स्यामि एव — उष्ण प्रकाश दिइनँ रहनेछु, इति — यस्तो, आदित्यः — सूर्यले (व्रत लियो), अहम् — म, भास्यामि एव — प्रकाश भैं रहनेछु, इति — यस्तो, चन्द्रमाः — चन्द्रमाले, (व्रत लियो), एवम् — यस्तै, अन्याः — अरू देवताहरूले, यथादैवतम् — आफ्नो आफ्नो कामअनुसार (व्रत लिए), यथा — जस्तो, एषाम् — यो, प्राणानाम् — वाक् आदि प्राण हरूको, मध्यमः — माझमा रहेको, सः — त्यो, प्राणः — प्राण छ, एवम् — यस्तै, एतासाम् — यी, देवानाम् — अग्नि आदि देवताहरूका मध्यमा, वायुः — वायु छ, हि — किनभने, अन्याः — अरू, देवताः — देवताहरू, म्लोचन्ति — अस्त हुन्छन्, वायुः — वायु, न — अस्त हुँदैन, सा — त्यो, एषा — यो, अनस्तम् इता — न अस्ताउने, देवता — देवता हो, यद् — जो, वायुः — वायु हो।

वाक्यार्थ — अब देवताविषयक दृष्टि कहिन्छ। म बलि नै रहनेछु अर्थात् आफ्नो कामबाट कहिल्यै हट्नेछैन भनेर अग्निले व्रत लियो। म तातो प्रकाश दिइ नै रहनेछु भनेर सूर्यले व्रत लियो। म प्रकाश भैं नै रहनेछु भनी चन्द्रमाले व्रत लियो। यस्तै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अरू देवताहरूले पनि आ-आपनो कामअनुसार व्रत लिए। जस्तो अध्यात्मपट्टि वाक् आदि देवताहरूमध्ये प्राण थकाइरूप मृत्युले ग्रस्त नहुनाले श्रेष्ठ छ, उस्तै अधिदैवपट्टि अग्नि आदि देवताहरूमध्ये वायु छ। किनभने अरू देवता अस्ताउँछन् —आ-आपना कामबाट समय-समयमा हट्छन्, वायु कहिल्यै अस्ताउँदैन — आपनो बहनें कामबाट कहिल्यै हट्तैन। यस कारण यो वायु नअस्ताउने देवता हो।

प्राणव्रतको स्तुतिमत्ता

अथैष श्लोको भवति यतश्चोदेति सूर्योऽस्तं यत्र च गच्छतीति प्राणाद्वा एष उदेति प्राणेऽस्तमेति तं देवाश्चाक्रिरे धर्मꣳस एवाद्य स उ श्व इति यद्वा एतेऽमुर्ह्यध्रियन्त तदेवाप्यद्य कुर्वन्ति। तस्मादेकमेव व्रतं चरेत्प्राण्याच्चैवापान्याच्च नेन्मा पाप्मा मृत्युराप्नुवदिति यद्यु चरेत्समापिपयिषेत्तेनो एतस्यै देवतायै सायुज्यꣳ सलोकतां जयति ॥२३॥

पदार्थ—अथ— तथा, एषः— यो, श्लोकः— यै अर्थको प्रकाशक मन्त्र, भवति— छ। यतः च — जुन (वायु देवताबाट) सूर्यः — सूर्य, उदेति — उदाउँछ, यत्र च— जुन वायुदेवतामा, अस्तम् — अस्ताउन, गच्छति — जान्छ, इति — यो, (अध्यात्मपक्षमा) वै — निश्चयले, प्राणात् — प्राणबाट, एषः — यो सूर्य (चक्षुरूपले) उदेति — उदाउँछ, प्राणे — प्राणमा, (सुतेका बखत) अस्तम् — अस्त हुन, गच्छति — जान्छ, तम् — त्यस (प्राणव्रत र वायुव्रत) धर्मम् — धर्मलाई, देवाः — अग्नि आदिले, चक्रिरे — गरे, सः एव — त्यै धर्म, अद्य — आज (छ) सः उ — त्यै, श्व — भोलि, (हुनेछ), (यो यसो भनेको हो-) यत् — जुन (प्राणव्रत र वायुव्रत) वै — नै, देवाः — वाक् आदि र अग्नि आदि देवताहरूले, अमुर्हि — उहिले, अध्रियन्त — धारण गरेथे, तत् एव — त्यै व्रत, अद्य अपि— आज पनि, कुर्वन्ति — गर्दै छन् (र गरिनै रहने छन्) तस्मात् — त्यस कारण ((पुरुष) एकम् एव — एउटै, व्रतम् — व्रत, चरेत् — गरोस्, (कुन एक ?) प्राण्यात् — प्राणन व्यापार गरोस्, च — र, अपान्यात् च — अपान व्यापार पनि गरोस्। मा — मलाई, पाप्मा — पापात्मा, मृत्युः— मृत्युले, आप्नुवत् इति — पाउला भन्ने, नेत् यदि— डर छ भने, यदि उ — यदि कदाचित्, — प्राणव्रतम् — प्राणव्रत, चरेत् — गर्ला त, समापिपयिषेत् — समाप्त गर्न खोजोस्, तेन उ — त्यसै यसव्रतले, एतस्यै — यस, देवतायै — प्राण देवताको सायुज्यम् — एकात्मत्व, तथा सलोकताम् — एकै लोकको हुनु, जयति — जित्छ (पाउँछ)।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — तथा यै विषयको प्रकाशक मन्त्र छ—जुन वायु देवताबाट सूर्य उदाउँछ र जुनमा अस्ताउँछ, अध्यात्म पक्षमा जुन प्राणबाट सूर्य उदाउँछ र अस्ताउँछ त्यस प्राण वा वायुको व्रतरूप धर्म अग्नि आदि देवताहरूले गरेथे । त्यै धर्म आज छ र भोलि पनि हुनेछ, अर्थात् जुन प्राणव्रत र वायुव्रत उहिले देवताहरूले धारण गरेथे, ती व्रत अहिले पनि गर्दै छन् र गरी नै रहनेछन्। त्यस कारण मलाई पापात्मा मृत्युले प्राप्त गर्ला भन्ने डर हुनाले सो नहोस् भनेर यो एउटा व्रत अवश्य गरोस्, जो प्राणन-व्यापार र अपानन-व्यापार छ । यो प्राणव्रत गर्दछ भने समाप्त गर्न पनि खोज्नु-पर्दछ । त्यस प्राणव्रतले प्राणदेवताको एकात्मता र समानलोकता प्राप्त गर्दछ ।

प्रथमाध्यायमा पञ्चम सप्तान्न ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षष्ठ ब्राह्मण

पूर्वोक्त अविद्याकार्यको उपसंहार–नामसामान्यभूत वाक्

संबन्ध — जो यो अविद्याको विषयरूपमा प्रस्तुत भएको साध्य-साधन लक्षणवाला व्याकृत जगत् हो, तथा जो प्राणात्म-प्राप्तिसम्मको ज्यादै महत्त्वको फल हो र जो यस जगत्को स्पस्टताभन्दा अघिको 'अव्याकृत' भनिने अवस्था हो त्यो सब —

त्रयं वा इदं नाम रूपं कर्म तेषां नाम्नां वागित्येतदेषामुक्थमतो हि सर्वाणि नामान्युत्तिष्ठन्ति । एतदेषा९ सामैतद्धि सर्वैर्नामभिः सममेतदेषां ब्रह्मैतद्धि सर्वाणि नामानि बिर्भर्त्ति ॥१ ॥

पदार्थ—नाम—नाम, रूपम्—रूप (र) कर्म— कर्म, इदम्—यो, त्रयम्—तीनको समुदाय छ, तेषाम् — तीमध्ये, एषाम् — यी, नाम्नाम् — नामको वाक् इति एतत् — 'वाणी' भनिने यो वस्तु, उक्थम् — कारण हो, अतः हि — यैं नामसामान्यले, सर्वाणि — संपूर्ण, नामानि — देवदत्त आदि नामहरू उत्तिष्ठन्ति — उत्पन्न हुन्छन्, एतत् — यो, एषाम् — यी नामहरूको, साम — सामान्य हो, हि — किनभने, एतद् — यो, सर्वैः — संपूर्ण, नाममिः — नामहरूले, समम् — बारबर छ, एतद् — यो वाणी, एषाम् — यिनीहरूको, ब्रह्म — आत्मा हो, । हि — यस कारणले कि, एतद् — यो, सर्वाणि — समस्त, नामानि —नामहरूलाई, बिर्भर्त्ति — धारण गर्दछ ।

वाक्यार्थ — नाम, रूप र कर्म यी तीनको समुदाय छ । तीमध्ये नामहरूको वाणी कारण हो । यैं नाम सामान्य (वाणी) ले संपूर्ण देवदत्त आदि नाम बन्दछन् । यो (वाणी) यी नामहरूको सामान्य रूप हो । किनभने सामान्यको विशेष पर्ने हुनाले नामको बराबर छ । यो वाणी यिनीहरूको आत्मा हो । नामको शब्दव्यतिरिक्त स्वरूप नै के हुन्छ र ? यसैले समस्त नामलाई धारण गर्दछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपसामान्य चक्षुको वर्णन

अथ रूपाणां चक्षुरित्येतदेषामुक्थमतो हि सर्वाणि रूपाण्युत्तिष्ठन्त्येतदेषा२ सामैतद्धि सर्वै रूपैःसममेतदेषां ब्रह्मैतद्धि सर्वाणि रूपाणि बिभर्त्ति ॥२ ॥

पदार्थ — अथ — तथा, एषाम् — यी , रूपाणाम् — रूपहरूको, एतद् — यो, चक्षुः इति — नेत्रको विषय भनिने रूपसामान्य, उक्थम् — कारण हो, अतः हि — यै रूपसामान्यबाट, सर्वाणि — संपूर्ण, रूपाणि — सेतो, कालो आदि रूप, उत्तिष्ठन्ति — उत्पन्न हुन्छन्, एतद् — यो, एषाम् — यी रूपहरूको साम — सामान्य हो, हि — किनभने, एतद् — यो रूपसामान्य, सर्वैः — समस्त, रूपैः— रूपहरूले, समम् — बराबर छ, एतद् — यो, एतेषाम् — यी रूपहरूको ब्रह्म— आत्मा हो, हि — यस कारणले कि, एतद् — यो रूपसामान्यले, सर्वाणि — समस्त, रूपाणि — सेतो, कालो आदि रूपविशेषलाई, बिभर्ति — धारण गर्दछ ।

व्याक्यार्थ —तथा यो सेतो, कालो आदि रूपहरूको चक्षुः शब्दले कहिने रूपसामान्य (प्रकाश्यमात्र) कारण हो । यै रूपसामान्यबाट संपूर्ण रूपविशेष उत्पन्न हुन्छन् । यो रूपसामान्य यिनीहरूको सामान्य हो । किनभने यो रूपसामान्य सबै रूपविशेषमा बराबर छ । यो यिनीहरूको आत्मा हो । किनभने यसै रूपसामान्यले संपूर्ण रूपविशेष-लाई धारण गर्दछ । सामान्यमा विशेष पर्ने नै हुन्छ ।

कर्मसामान्य शरीर र त्यसमा त्रयको अन्तर्भाव

अथ कर्मणामात्मेत्येत देषामुक्थमतो हि सर्वाणि कर्माण्युत्तिष्ठन्त्येतदेषा२ सामैतद्धि सर्वैः कर्मभिः सममेतदेषां ब्रह्मैतद्धि सर्वाणि कर्माणि बिभर्त्ति तदेतत्त्रय२ सदेकमयमात्माऽत्मो एकः सन्नेतत्त्रयं तदेतदमृत २ सत्येन छन्नं प्राणो वा अमृतं नामरूपे सत्यं ताभ्यामयं प्राणश्छन्नः॥ ३ ॥ इति षष्ठं ब्राह्मणम् ॥ ६ ॥ इति प्रथमोऽध्यायः ॥१॥

पदार्थ — अथ — तथा, एषाम् — यी, कर्मणाम् — कर्मविशेषको, आत्मा इति एतद् — शरीर भनिने यो वस्तु, उक्थम् — कारण हो, अतः हि — यसै शरीरस्थ सामान्य कर्मबाट, सर्वाणि — संपूर्ण, कर्माणि — कर्मविशेष, उत्तिष्ठन्ति — हुन्छन्, एतद् — यो शरीरस्थ सामान्य कर्म, एषाम् — यी चलनादि कर्महरूको, साम — सामान्य हो, हि — किनभने, एतद् — यो शरीर-कर्म, सर्वैः — संपूर्ण, कर्मभिः — कर्महरूसँग, समम् — बराबर छ । एतद् — यो शरीर-कर्म, एषाम् —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी कर्मविशेषको, ब्रह्म — आत्मा हो, हि — किनभने, एतद् यो शरीरस्थ कर्म, सर्वाणि — समस्त, कर्माणि — कर्मविशेषलाई, बिर्भति — धारण गर्दछ, तद् एतद् — त्यै यो, त्रयम् सत् — तीनको समुदाय भैकन, एकम् — परस्पराश्रित हुनाले एकै हो, (कुन रूपले एक ?) अयम् — यो, आत्मा — कार्यकरणात्मक संघातरूप शरीर, उ — तथा, आत्मा — अन्नत्रयमा व्याख्यान गरिएको नामरूप-कर्मात्मक आत्मा, एकः सन् — एकै भैकन, एतत् — यो, त्रयम् — (नाम, रूप-कर्म) यी तीनको समुदाय हो, तद् एतद् — त्यै यो, अमृतम् — अमृत, सत्येन सत्यले, छन्नम् — ढाकिएको छ। (के हो अमृत के हो सत्य ?) प्राणः — प्राण, वै — निश्चयले, अमृतम् — अमृत (अविनाशी) हो, र नामरूपे — नाम र रूप, सत्यम् — कार्यरूपमा सत्य हो, ताभ्याम् — ती नामरूपले, अयम् — यो, प्राणः — प्राण, छन्नः — ढाकिएको छ।

वाक्यार्थ — त्यस्तै यी मनन-चलन आदि कर्मविशेषको यो शरीरस्थ कर्मसामान्य कारण हो। यसैबाट संपूर्ण कर्मविशेष हुन्छन्। यो शरीरस्थ सामान्य कर्म यी चलनादि कर्मविशेषको सामान्य हो। किनभने यो शरीरस्थ सामान्य कर्म संपूर्ण कर्मविशेषसँग बराबर छ। यो शरीरस्थ कर्मसामान्य सबै कर्मविशेषको आत्मा हो, कारण यसै कर्मसामान्यले समस्त कर्मविशेषलाई धारण गर्दछ। त्यै यो त्रय (नाम, रूप, कर्मको समुदाय) भैकन परस्परमा आश्रित, परस्परको कारण, परस्परमा लीन हुने हुनाले एकै हो। कुन रूपले एक ? भने, यो कार्यकरणात्मक संघातरूप शरीर र अन्य त्रयमा व्याख्यान गरिएको नामरूपात्मक आत्मा एकै भैकन उक्त तीनको समुदाय हो। त्यो यो अमृत सत्यले ढाकिएको छ। (यसको अर्थ) प्राण नै अमृत (अविनाशी) हो, नाम-रूप नै देखाउनु कार्यरूपमा सत्य हो। ती नामरूपले यो प्राण अप्रकाशित गरिएको छ।

प्रथम अध्यायमा षष्ठ उक्थ ब्राह्मण समाप्त
एवं प्रथमाध्याय समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वतीय अध्याय

प्रथम ब्राह्मण

संबन्ध — 'आत्मा हो भनेर नै उपासना गर्नू, सबभन्दा प्रिय वस्तु हुनाले आत्मतत्त्वकै खोजी गर्नुपर्दछ, 'त्यसले आफूलाई नै ब्रह्म हुँ भनेर जान्यो भन्ने इत्यादि निर्देश हुनाले एक मात्मतत्त्व नै विद्याको विषय छ। 'त्यो अर्कै हो, म अर्कै हुँ' भन्ने अविद्याको विषय हो। जो यस्तो भेददृष्टि राख्दछ त्यो जान्ने होइन। आत्मतत्त्वलाई एकै प्रकारको देख्नू (बृ. उ. ४।४।२०) जो अनेक प्रकारको देख्तछ त्यो मृत्युपछि मृत्यु नै पाइरहने हुन्छ, अर्थात् मोक्ष प्राप्त गर्न सक्तैन। बृ. उ. ४।४।१९) इत्यादि ग्रन्थले उपनिषद्हरूमा विद्या र अविद्याका विषय छुट्टा-छुट्टै देखाइएका छन्। अविद्याको विषय जति सबै साध्यसाधन आदि भेदविशषको विनियोगद्वारा यहाँसम्मका ग्रन्थले व्याख्यान गरियो। अब व्याख्यान गर्नु छ विद्याको विषयको।

एक भने पनि अनेक भने पनि जो छ ब्रह्म वस्तु नै छ। यस बाहेक अरू केही छैन। त्यसमा एक ब्रह्मविद्याको विषय हो, यो सिद्धान्तपक्ष हो। बुझाउनुपर्ने कुरा यिनै हुन्।

केही कठिन लौकिक विषय पनि केवल वस्तुबोधक वाक्यहरूद्वारा मात्र सम्झाउँदा त्यति चित्तले पक्रन सक्तैन, जति आख्यायिकाहरूद्वारा सम्झाउँदा। प्रस्तुत आत्मतत्त्व त झन् सूक्ष्मातिसूक्ष्म गहन विषय छ 'जो धेरैलाई सुन्न पनि नपाइँदो छ' (कठ १।२।७) अतः केही सरलतासाथ बोध गराउना निमित्त अब पूर्वपक्षी गार्ग्य र सिद्धान्तपक्षी अजातशत्रुको संवादात्मक आख्यायिका आरम्भ गरिन्छ। आख्यायिका दिनाको मतलब आचार्यबाट नै आत्मविद्या सफल हुन्छ, आत्मतत्त्व केवल तर्कवेद्य छैन, ब्रह्मविज्ञानमा सर्वप्रथम श्रद्धा नै ठूलो साधन छ भन्ने बझाउन पनि छ।

ब्रह्मविद्या उपदेश गर्ना निमित्त आफूकहाँ आएका गार्ग्यलाई
अजातशत्रुले हजार गाई दान गर्नु

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐदृप्तबालाकिर्हानूचानो गार्ग्य आस स होवाचाजातशत्रं काश्यं ब्रह्म ते ब्रवाणीति स होवाचाजातशत्रुः सहस्रमेतस्यां वाचि दद्मो जनको जनक इति वै जना धावन्तीति ॥१॥

पदार्थ — ह — अघि यस्तो भएथ्यो, अनूचानः — प्रवचनसमर्थ, गार्ग्यः गर्गगोत्रीय, दृप्तबालाकिः — घमण्डी बालाकि (बलाकाका छोरा) आस — थिए, सः — तिनले, काश्यम् — काशी देशका राजा, अजातशत्रुम् — अजातशत्रुलाई, इति — यसो, उवाच — भने, ह — प्रसिद्ध छ, ते — तिमीलाई, ब्रह्म — ब्रह्म, ब्रवाणि — बताउँछु, (अनि) सः — ती, अजातशत्रुः — अजातशत्रुले, इति — यसो, उवाच — भने, एतस्याम् — यो, वाचि — वचनमा, सहस्रम् — हजार, गवाम् — गाई, दद्मः — दिन्छु, जनाः — मानिसहरू, जनकः जनक इति — 'जनक जनक' भनेर, धावन्ति — धाउँछन् ।

वाक्यार्थ — अघि भएको कुरो हो — प्रवचनमा समर्थ गर्गगोत्रीय घमण्डी बालाकि (बलाकाका छोरा) नामक ब्राह्मण थिए। तिनले काशीका राजा अजातशत्रुलाई भने — म तिमीलाई ब्रह्म बताउँछ । तब राजाले भने — यस्तो वचनका निमित्त म तपाईंलाई हजार गाई दिन्छु । मानिसहरू 'जनक' (बडा दानी छन्) जनक (बडा श्रोता छन्) भनेर धाउँछन् । (आशय — ब्रह्मवादीहरू आऊन्-न मकहाँ, म कत्तिको आदर गर्ने रहेछु !)

गार्ग्यद्वारा आदित्यको ब्रह्मरूपले प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवासावादित्ये पुरुष एतमेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा अतिष्ठाः सर्वेषां भूतानां मूर्धा राजेति वा अहमेत मुपास इति स य एतमेवमुपास्तेऽतिष्ठाः सर्वेषां भूतानां मूर्धा राजा भवति ॥२॥

पदार्थ — (यसरी सुन्न अभिमुख भएका राजालाई) सः — ती, गार्ग्यः गार्ग्यले, ह — निश्चयले, इति यसो, उवाच — भने, यः — जुन, एव — नै, असौ — यो, आदित्ये — सूर्यमा (अध्यात्मपट्टि — नेत्रमा समेत अभिमानीरूपले रहेको) पुरुषः — अधिदेवतारूप पुरुष छ, एतम् एव — यसैलाई, अहम् — म, ब्रह्म — ब्रह्म भनी, उपासे — उपासना गर्दछु, । (त्यै तिमीलाई बताउँछु, उपासना गर)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तब सः — ती, अनातशत्रुः — अजातशत्रुले, हः — निश्चयसाथ, इति — यसो, उवाच — भने, एतस्मिन्—यो (आदित्यपुरुष) ब्रह्मका विषयमा, मा मा संवदिष्टाः — भो, संवाद नगर्नोस्, एतम् —यसलाई , अहम् म, अतिष्ठाः — सबै लाइं अतिक्रमण गरेर रहने, सर्वेषाम् — संपूर्ण, भूतानाम् — प्राणीका, मूर्धा — शिर जस्ता उत्तम, (तथा) राजा — चमकदार (देवता) हो, इति — यसो भनी, वै — निश्चयले, उपासे — उपासना गर्दछु, यः — जो, एतम् यस पुरुषलाई, एवम् — यस प्रकार उपास्ते — उपासना गर्दछ, स — त्यो, अतिष्ठाः — सबैलाई उछिनेर रहने, सर्वेषाम् — संपूर्ण, भूतानाम् — प्राणीको, मूर्धा — मस्तक समान उच्च, राजा — प्रकाशमान, भवति — हुन्छ।

वाक्यार्थ — यसरी सुन्न इच्छा गरी अभिमुख भएका राजालाई ती गार्ग्यले भने — जो यो सूर्यमा र नेत्रमा अभिमानीरूपले रहेको पुरुष छ, त्यसलाई म ब्रह्म भनेर उपासना गर्दछु त्यै तिमीलाई बताउँछु, उपासना गर।' यसपछि अजातशत्रुले भने— भो, यो (आदित्यस्य) ब्रह्मका विषयमा संवाद नगर्नुहोस्। यसलाई त म सबैलाई जित्ने संपूर्ण प्राणीको माथ जस्तो उत्तम एवं चमकदार देवता हो भनी उपासना गर्दछु। जो यस पुरुषलाई यस प्रकार उपासना गर्दछ, त्यो सबलाई हराउने मस्तक समान सबउपरको र चमकिलो हुन्छ।

टिप्पणी—गार्ग्यले सूर्यमा रहेको पुरुष भनेको सूर्यमण्डल र चक्षुरिन्द्रियको अभिमानी-देवतारूपको चक्षुद्वारा हृदयमा पसेको 'म भोक्ता हुँ, कर्ता हुँ' भनेर रहेको अधिदेवतारूप पुरुषलाई भनेको हो। आदित्यमा रहेको चैतन्यघन परमात्मा लाई होइन। नत्र अजातशत्रुले प्रत्याख्यान गर्दैनथे । यस्तै पछि कहिने चन्द्र, विद्युत् आदिका पुरुषहरूलाई जान्नू

गार्ग्यद्वारा चन्द्रान्तर्गत ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान ।

स होवाच गार्ग्यो य एवासौ चन्द्रे पुरुष एतमेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा बृहत्पाण्डरवासाः सोमो राजेतिवा अहमेतमुपास इति स य एतमेवमुपास्तेऽहरहर्ह सुतः प्रसुतो भवति नास्यान्नं क्षीयते ॥३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ— सः — ती गार्ग्यले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, यः — जुन, एव — नै, असौ — ती, चन्द्रे — चन्द्रमामा (र मनमा), पुरुषः पुरुष छ, एतम् एव — यसलाई, अहम् — म, ब्रह्म — ब्रह्म भनी, उपासे उपासना गर्दछु, (अनि) सः — ती, अजातशत्रुः — अजातशत्रुले, ह —निश्चयसाथ, इति — यसो, उवाच — भने, एतस्मिन् — यस (चन्द्रस्थ) ब्रह्मविषयमा, मा मा संवदिष्ठाः — भो, संवाद नगर्नुहोस् ! (यी) बृहत् — ठूला, पाण्डरवासा, सफेद वस्त्र धारण गरेका, सोमः — चन्द्रमा नाम गरेका. राजा — राजा हुन् । तथा लतात्मक सोम हो) , इति — यसो भनी, वै — निश्चयले, अहम् — म, एतम् — यिनलाई, उपासे — उपासना गर्दछ, सः यः — त्यो जो, एतम् —यिनलाई, एवम् — यस प्रकार, उपास्ते — उपासना गर्दछु, तस्य — त्यसका (यज्ञमा) अहरहः—दिन दिनै, सुतः —सोम लता थिचिएर बनेको रस प्रस्तुत हुन्छ, तथा प्रसुतः — (विक्लति यज्ञमा) झन् बेस हुने गरी रस प्रस्तुत हुन्छ , (एवं) अस्य — यसको, अन्तम् — खाने पदार्थ, न क्षीयते — घट्तैन ।

वाक्यार्थ— अनि गार्ग्यले भने — जो चन्द्रमामा र मनमा तद्द्वारा हृदयमा रहेको पुरुष छ, त्यसलाई म ब्रह्म भनी उपासना गर्दछ, तिमी पनि त्यसैलाई उपासना गर । अनि अजातशत्रुले भने — यस (चन्द्रस्थ) ब्रह्मविषयमा भो चर्चा नगर्नुहोस् । यी ठूला सफेद वस्त्र लगाएका चन्द्रमा र लतास्वरूप सोम हुन् भनी म यिनीलाई उपासना गर्दछु । जो यिनलाई यस प्रकार उपासना गर्दछ, त्यसका यज्ञमा दिनहूँ सोमलता थिचिएर बनेको रस प्रस्तुत हुन्छ, तथा विक्लति यज्ञमा झन् बेस हुने गरी रस प्रस्तुत भएको हुन्छ, एवं यस सोमोपासकको खाने पदार्थ घट्तैनन्, सर्वदा पर्याप्त रहन्छ ।

गार्ग्यद्वारा विद्युदभिमानी पुरुषलाई ब्रह्मरूपले उपदेश तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवासौ विद्युति पुरुष एतमेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठास्तेजस्वीति वा अहमेतामुपास इति स य एतमेवमुपास्ते तेजस्वी ह भवति तेजस्विनी हास्य प्रजा भवति ॥४॥

पदार्थ— सः— ती, गार्ग्यः — गार्ग्यले, ह — निश्चयले, इति — यसो, उवाच — भने, यः एव — जुन नै, असौ —त्यो, विद्युति — बिजुलीमा र त्वक् इन्द्रिय-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मा, पुरुषः — पुरुष छ, एतम् एव — यसैलाई, अहम् — म, ब्रह्म-ब्रह्म भनीकन, उपासे — उपासना गर्दछु, (अनि) सः — ती, अजातशत्रुः —अजातशत्रुले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, एतस्मिन् — यस विद्युत्पुरुषरूप ब्रह्मविषयमा मा मा संवदिष्ठाः — भो चर्चा नगर्नुहोस्, अहम् — म, एतम् — यसलाई, तेजस्वी इति — तेजस्वी वस्तु भनेर वै — निश्चयले, उपासे — उपासना गर्दछु, यः —जो, एतम्—यस पुरुषलाई, एवम्—यस प्रकार, उपासे—उपासना गर्दछ, सः — त्यो, ह— निस्सै, तेजस्वी तेजिलो, भवति — हुन्छ, अस्य — यसका, प्रजा — सन्तान, तेजस्विनी, तेजिलो, भवति — हुन्छ ।

वाक्यार्थ — प्रसिद्ध कुरा हो, ती गार्ग्यले भने— जुन यो विजुलीमा र त्वचामा, तद्द्वारा हृदयमा पुरुष छ, यसैलाई म ब्रह्म भनेर उपासना गर्दछु, तिमी पनि गर । अनि अजातशत्रुले भने— भो, यो विद्युत्पुरुष ब्रह्म भन्ने विषयमा संवाद नगर्नुहोस् । म यसलाई तेजिलो देवता भनेर उपासना गर्दछु । जो यस पुरुषलाई यस प्रकारले उपासना गर्दछ, त्यो निस्सै तेजिलो हुन्छ र यसको सन्तान पनि तेजिलो हुन्छ ।

गार्ग्यद्वारा आकाश ब्रह्मको उपदेश र अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवायमाकाशे पुरुष एतमेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा पूर्णमप्रवर्त्तीति वा अहमेतमुपास इति स य एतमेवमुपास्ते पूर्यते प्रजया पशुभिर्नास्यास्माल्लोकात्प्रजोद्वर्त्तते ॥५॥

पदार्थ— (अनि) सः— ती, गार्ग्यः —गार्ग्यले, ह— निश्चयले, इति — यसो उवाच — भने यः एव — जुन चाहिं, अयम् — यो, आकाशे — आकाशमा र हृदयाकाशमा, पुरुषः — पुरुष छ, एतम् — यसलाई, एव — नै, अहम, म, ब्रह्म — ब्रह्म भनेर, उपासे — उपासना गर्दछु, (अति) सः— ती, अजातशत्रुले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने , एतस्मिन् — यो आकाशस्थ पुरुष ब्रह्म भन्ने विषयमा, मा मा संवदिष्ठा : — भो संवाद नर्नुहोस्, अहम् – म, एतम् – यसलाई, पूर्णम् — पूरा र , अप्रवर्त्ति इति — विच्छिन्न नहुने देवता भनी वै — निश्चयले, उपासे—उपासना गर्दछु, यः — जो, एतम्— यस पुरुषलाई एवम् — यस प्रकार, उपास्ते — उपासना गर्दछ, सः — त्यो, प्रजया — सन्तानले, पशुभिः — पशुहरूले, पूर्यते — भरिपूर्ण हुन्छ, अस्य — यसका, प्रजा — सन्तान, अस्मात् — यस, लोकात् — लोकबाट, न उद्वर्त्तते — उच्छिन्न हुँदैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ— अनि ती गार्ग्यले भने — जो यो आकाश, हृदयाकाश र हृदयमा पुरुष छ त्यसैलाई म ब्रह्म भनेर उपासना गर्दछु तिमी पनि गर। अनि अजातशत्रुले भने— यो आकाशस्थ पुरुष ब्रह्म हो भन्ने विषयमा कुरा नगर्नुहोस्। म यस पुरुषलाई पूर्ण रूपमा रहने नाशनहुने देवता भनी उपासना गर्दछु। जो यसलाई यस प्रकार उपासना गर्दछ, त्यो सन्तान र पशुहरूले भरिपूर्ण हुन्छ। यसको सन्तान यस लोकबाट टुट्ने हुँदैन।

गार्ग्यद्वारा वायु ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवायं वायौ पुरुष एतमेवाहं ब्रह्मोपासे इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा इन्द्रो वैकुण्ठोऽपराजिता सेनेति वा अहमेतमपास इति स य एतमेवमुपास्ते जिष्णुर्हापराजिष्णुर्भवत्यन्यतस्त्यजायी ॥६॥

पदार्थ— (यसपछि) सः — ती गार्ग्यः गार्ग्यले, इति — यसो, उवाच :— भने — यः एव — जुन चाहिं, अयम् — यो, वायौ — वायुमा र प्राणमा, पुरुषः — पुरुष छ, एतम् एव — यसलाई नै, अहम् — म, ब्रह्म — ब्रह्म भनेर, उपासे — उपासना गर्दछु, (अनि) अजातशत्रुः — अजातशत्रुले, ह— निश्चयसाथ, इति — यसो, उवाच — भने, एतस्मिन् — यस वायु ब्रह्म भन्ने विषयमा, मा मा संवदिष्ठाः भो, कुरा नगर्नुहोस्, एतम्—यस पुरुषलाई, अहम् :— म, इन्द्रः — परमेश्वर, वैकुण्ठः — सहिनसक्ना, अपराजिता — अरूले नजितिएको, सेना इति—फौज भनेर, वै — निश्चयसाथ, उपासे — उपासना गर्दछु, यः — जो, एतम् —यस पुरुषलाई, एवम् — यस प्रकार, उपास्ते — उपासना गर्दछ, सः — त्यो, ह — निश्चयले, जिष्णुः — जित्ने शीलको, अपराजयिष्णुः — अरूबाट हार नखाने, अन्यतस्त्य-जायी — शत्रहरूउपर विजय गर्ने, भवति — हुन्छ।

वाक्यार्थ— यसपछि गार्ग्यले भने— जो यो वायुमा प्राणमा र तद्द्वारा हृदयमा पुरुष छ त्यसैलाई म ब्रह्म भनेर उपासना गर्दछु, तिमी पनि त्यसैलाई उपासना गर। अनि अजातशत्रुले भने — यो वायुस्थ पुरुष ब्रह्म भन्ने विषयमा संवाद नगर्नुहोस्। म यसलाई परमेश्वर, असह्य, मरुत् गण हुनाले हार नखाएको सेना भनेर उपासना गर्दछु। जो यसलाई यस किसिमले उपासना गर्दछ त्यो जित्ने स्वभावको कुनैबाट हार नखाएको शत्रुमाथि विजय गर्ने हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गार्ग्यद्वारा अग्नि–ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट उसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवायमग्नौ पुरुष एतमेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा विषासहिरिति वा अहमेतमुपास इति स य एतमेवमुपास्ते विषासहिर्ह भवति विषासहिर्हास्य प्रजा भवति ॥७॥

पदार्थ— (अनि) सः — ती, गार्ग्यः — गार्ग्यले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, यः एव — जुन चाहिं, अयम् — यो, अग्नौ — अग्निमा, र वाणीमा, पुरुषः — पुरुष छ, एतम् एव — यसै लाई, अहम् — म, ब्रह्म — ब्रह्म भनेर, उपासे उपासना गर्दछु, '(अनि) सः — ती , अजातशत्रुः — अजातशत्रुले, ह — निश्चयले, इति — यसो, उवाच — भने, एतस्मिन्—यस अग्नि-ब्रह्मविषयमा मा मा संवदिष्ठाः — यो कुरा नगर्नुहोस्, अहम् —म, एतम्—यस पुरुषलाई, विषासहिः इति — सहनशील देवता भनेर, वै —निश्चयले, उपासे — उपासना गर्दछु, यः — जो, एतम् — यसलाई, एवम् — यसरी, उपास्ते — उपासना गर्दछ, सः — त्यो, ह — निश्चयले, विषासहिः — सहनशील, भवति — हुन्छ, अस्य — यसको, प्रजा — सन्तान, विषासहिः — सहनशील, भवति — हुन्छ।

वाक्यार्थ— यसपछि ती गार्ग्यले भने — जो यो अग्निमा र वाणीमा पुरुष छ यसै-लाई म ब्रह्म भनेर उपासना गर्दछु तिमी पनि गर अनि अजातशत्रुले भने यस अग्नि-ब्रह्म भन्ने विषयमा संवाद नगर्नुहोस् । म यस पुरुषलाई सहनशील देवता भनेर उपासना गर्दछु । जो यसलाई यसरी उपासना गर्दछ, त्यो निस्सै सहनशील हुन्छ, यसको सन्तान पनि सहनशील हुन्छ ।

गार्ग्यद्वारा जलान्तर्गत ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवायमप्सु पुरुष एतमेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठाः प्रतिरूप इति वा अहमेतमुपास इति स एतमेवमुपास्ते प्रतिरूपꣳ हैवैनमुपगच्छति नाप्रतिरूपमथो प्रतिरूपोऽस्माज्जायते ॥८॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ— (यसपछि) सः — ती, गार्ग्यः — गार्ग्यले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, यः एव – जुन चाहिं, अयम् — यो, अप्सु — जलमा, र वीर्यमा, पुरुषः — पुरुष छ, एतम् एव — यसैलाई, अहम् — म, ब्रह्म — ब्रह्म भनेर उपासे — उपासना गर्दछु, (अनि) सः — ती, अजातशत्रुः — अजातशत्रुले, ह — निश्चयले, उवाच — भने। एतस्मिन् — यो जलान्तर्गत ब्रह्मविषयमा मा मा संवदिष्ठाः—भो, संवाद नगर्नुहोस्, अहम्—म एतम्—यस पुरुषलाई, वै —निश्चयले, प्रतिरूपः इति — अनकूल देवता भनी, उपासे—उपासना गर्दछु, यः—जो, एतम्— यसलाई, एवम् — यस प्रकार, उपास्ते— उपासना गर्दछ, सः — त्यो, ह — निस्सै, प्रतिरूपम् एव — अनकूल पदार्थलाई नै, उपगच्छति — प्राप्त गर्दछ, अप्रतिरूपम् — प्रतिकूल पदार्थलाई, न उपगच्छति — प्राप्त गर्दैन, अथो — तथा, अस्मात् — यसबाट, तथाविधः एव— त्यस्तै, उपजायते — उत्पन्न हुन्छ ।

वाक्यार्थ — यसपछि ती गार्ग्यले भने—जो यो जलमा, वीर्यमा र हृदयमा पुरूष छ, यसैलाई म ब्रह्म भनेर उपासना गर्दछु तिमी पनि गर । अनि ती अजातशत्रुले भने— यस जलान्तर्वर्त्ती पुरुष ब्रह्म भन्ने विषयमा संवाद नगर्नुहोस् । म यस पुरुष लाई श्रुति-स्मृतिको अनुकूल देवता भनी उपासना गर्दछु। जो यसलाई यस किसिमले उपासना गर्दछ त्यो निस्सै अनुकूल पदार्थलाई नै प्राप्त गर्दछ, प्रतिकूल पदार्थ प्राप्त गर्दैन, तथा त्यसबाट त्यस्तै (अनुकूल) सन्तान जन्मन्छ ।

गार्ग्यद्वारा आदर्शान्तर्गत ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवायमादर्शे पुरुष एतमेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा रोचिष्णुरिति वा अहमेतमुपास इति स य एतमेवमुपास्ते रोचिष्णुर्ह भवति रोचिष्णुर्हास्य प्रजा भवत्यथो यैः सन्निगच्छति सर्वाꣳ स्तानतिरोचते ॥ ६ ॥

पदार्थ— (यसपछि) सः — ती. गार्ग्यः — गार्ग्यले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने। यः एव —जुन चाहिं, अयम् — यो, आदर्शे — ऐनामा, र अन्तःकरणशुद्धिको स्वभावरूपमा, पुरुषः — पुरुष छ, एतम् एव — यसैलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्म इति — ब्रह्म भनेर, उपासे — उपासना गर्दछु (अनि) सः — ती, अजातशत्रुः — अजातशत्रुले, ह — निश्चयले उवाच — भने, एतस्मिन् — यस आदर्शान्तर्गत ब्रह्मविषयमा, मा मा संवदिष्ठाः — भो, चर्चा नगर्नुहोस्, अहम् — म, एतम् — यस पुरुषलाई, रोचिष्णुः इति — प्रकाशशील देवता भनेर, उपासे उपासना गर्दछु, यः — जो, एतम् — यस पुरुषलाई, एवम् — यसै गरी, उपास्ते — उपासना गर्दछ, सः — त्यो, ह — निस्सै, रोचिष्णुः — प्रकाशशील भवति — हुन्छ, अथो — तथा, यैः — जोसँग, सन्निगच्छति — सङ्गत गर्दछ, सः — त्यो, सर्वान् — संपूर्णलाई, अतिरोचते — जितेर प्रकाशमान हुन्छ।

वाक्यार्थ— यसपछि गार्ग्यले भने— जुन यो ऐना आदि स्वच्छ पदार्थमा र अन्तःकरण–शुद्धिको स्वभावरूपमा तद्द्वारा हृदयमा अधिदेवतारूप पुरुष छ, त्यसलाई म ब्रह्म भनेर उपासना गर्दछु। अनि अजातशत्रुले भने— त्यस ब्रह्मविषयमा संवाद नगर्नुहोस्। म त्यस पुरुषलाई प्रकाशशील देवता भनी उपासना गर्दछु। जसले यसलाई यस प्रकार उपासना गर्दछ त्यो प्रकाशशील हुन्छ तथा यसको सन्तान पनि प्रकाशशील हुन्छ एवं जोसँग समागम गर्दछ ऊ सबैलाई जितेर प्रकाशमान हुन्छ।

गार्ग्यद्वारा प्राण-ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवायं यन्तं पश्चाच्छब्दोऽनूदेत्येतमेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा असुरिति वा अहमेतमुपास इति स य एतमेवमुपास्ते सर्वꣳ हैवास्मिँल्लोक आयुरेति नैनं पुरा कालात्प्राणो जहाति॥१०॥

पदार्थ— (यसपछि) सः — ती, गार्ग्य — गार्ग्यले, ह — निश्चयसाथ. इति — यसो, उवाच — भने, यः एव — जुन चाहिं, अयम् — यो, यन्तम् — हिंड्नेका, पश्चात् — पछाडि, शब्दः — शब्द र (अध्यात्मपट्टि) प्राण, अनूदेति — उदित हुन्छ, एतम् एव — यसैलाई, अहम् — म, ब्रह्म — ब्रह्म भनी, उपासे —उपासना गर्दछु, (अनि) सः — ती, अजातशत्रुः — अजातशत्रुले, हः — निश्चयले, इति — यसो, उवाच — भने, एतस्मिन् — यो शब्द र प्राणरूप ब्रह्मविषयमा, मा मा संवदिष्ठाः — भो कुरा नगर्नुहोस्, अहम् — म, एतम् — यसलाई, असुः इति — जीवनको कारण भनेर उपासे — उपासना गर्दछु. यः — जो, एतम्— यसलाई, एवम् — यस प्रकार, उपास्ते — उपासना गर्दछ, सः — त्यो, अस्मिन् — यो,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोके — लोकमा, ह —निश्चय, सर्वम् — सबै, आयुः — आयु, एति — प्राप्त गर्दछ, एनम् — यस उपासकलाई, कालात् — कर्मफल भोग्ने समयभन्दा, पुरा — अघि, प्राणः — प्राणले, न जहाति — छोड्दैन ।

वाक्यार्थ— यसपछि गार्ग्यले भने— जो यो हिंडने प्राणीका पछि शब्द र प्राण उदित हुन्छ, त्यसैलाई म ब्रह्म भनेर उपासना गर्दछु । अनि ती अजातशत्रुले भने— यस शब्द र प्राणलाई ब्रह्म भन्ने विषयमा भो कुरा नगर्नुहोस् । म यस शब्द तथा प्राणलाई जीवनको कारण पदार्थ भनी उपासना गर्दछु । जो यसलाई यस किसिमले उपासना गर्दछ, त्यसलाई रोगादिले पीडा गर्दा पनि कर्मफल भोग्ने समयभन्दा अघि प्राणले छोड्दैन ।

गार्ग्यद्वारा दिग्ब्रह्मको प्रतिपादन र अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवायं दिक्षु पुरुष एतमेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा द्वितीयोऽनपग इति वा अहमेतमुपास इति स य एतमेवमुपास्ते द्वितीयवान् ह भवति नास्माद्गणश्छिद्यते ॥११॥

पदार्थ— (यसपछि) सः — ती, गार्ग्यः — गार्ग्यले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, यः एव — जुन चाहिं, अयम् यो, दिक्षु — दिशाहरूमा र श्रोत्रेन्द्रियमा, पुरुषः — पुरुष छ, एतम् एव — यसैलाई, अहम् — म ब्रह्म — ब्रह्म भनेर, उपासे—उपासना गर्दछु, (अनि) सः— ती, अजातशत्रुः— अजातशत्रुले, ह — निश्चयले, इति — यसो, उवाच — भने, एतस्मिन् — यो दिग्देवतारूप ब्रह्मविषयमा, मा मा संवदिष्ठाः — भो संवाद नगर्नुहोस् , अहम् — म, एतम् — यस पुरुषलाई द्वितीयः — दोस्रो, अनपग : — बिछुड नहुने, इति — यसो भनेर, उपासे — उपासना गर्दछु, यः —जो, एतम्—यसलाई, एवम्—यस प्रकार, उपास्ते — उपासना गर्दछ स — त्यो, ह — निस्सै, द्वितीयवान् — दोस्रोले युक्त भएको, भवति — हुन्छ, अस्मात् — यसबाट, गणः — जमात, न छिद्यते — छुट्तैन ।

वाक्यार्थ— यसपछि गार्ग्यले भने— जो यो दिशाहरूमा र कानमा तद्द्वारा हृदयमा अधिदेवतारूप पुरुष छ त्यसैलाई म ब्रह्म भनेर उपासना गर्दछु । अनि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अजातशत्रुले भने— यस दिग्देवतारूप ब्रह्मविषयमा भो कुरा नगर्नुहोस् । म यस पुरुषलाई दोस्रो भैकन पनि नछुट्टिने (अश्विनी-कुमार) देवता भनेर उपासना गर्दछु । जो यिनलाई यसरी उपासना गर्दछ त्यो दोस्रो साथीले युक्त हुन्छ तथा यसलाई जमातले छोड्दैन ।

गार्ग्यद्वारा छाया-ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवायं छायामयः पुरुष एतमेवाहं ब्रह्मोपास इति स होवचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा मृत्युरिति वा अहमेतमुपास इति स य एतमेवमुपास्ते सर्वꣳ हैवास्मिल्लोक आयुरेति नैनं पुरा कालान्मृत्युरागच्छति ॥१२॥

पदार्थ — (यस पछि) सः — ती, गार्ग्यः — गार्ग्यले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, यः एव — जुन चाहिं, अयम् — यो, छायामयः — (बाहिर) अन्धकार प्रचुर भएको (भित्र) अज्ञान प्रचुर भएको, पुरुषः — पुरुष छ, एतम् एव — यसैलाई, अहम् — म, उपासे — उपासना गर्दछु । (अनि) सः — ती, अजातशत्रुः — अजातशत्रुले, ह — निश्चयले, इति — यसो, उवाच — भने, एतस्मिन् — एस छायामय ब्रह्मविषयमा, मा मा संवदिष्ठा — भो, संवाद नगर्नुहोस्, अहम् — म, एतम् — यस पुरुषलाई, वै— निश्चयले, मृत्युः इति — मृत्यु भनेर, उपासे — उपासना गर्दछु, यः — जो, एतम् — यसलाई, एवम् — यस प्रकार, उपास्ते — उपासना गर्दछ, सः — त्यो, ह — निस्सै, अस्मिन् — यस, लोके — लोकमा, सर्वम् — सबै, आयुः — आयु, एति — प्राप्त गर्दछ एतम् — यसलाई, कालात् — कर्मफल भोग्ने समयभन्दा, पुरा — अघि, मृत्युः—मृत्यु, न आगच्छति — आउँदैन ।

वाक्यार्थ — यसपछि गार्ग्यले भने——जो यो अन्धकार र आवरणात्मक अज्ञानमा तद्द्वारा हृदयमा अधिदेवतात्मक पुरुष छ, त्यसलाई नै म ब्रह्म भनी उपासना गर्दछु । अनि अजातशत्रुले भने——यस छायामय ब्रह्मविषयमा यो, संवाद नगर्नुहोस् । त्यसलाई म मृत्यु भनेर उपासना गर्दछु । जो त्यसलाई यस किसिमले उपासना गर्दछ, त्यो यस लोकमा संपूर्ण आयु पाउँदछ । यसलाई कर्मफल भोग्ने समयभन्दा अघि मृत्यु आउँदैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गार्ग्यद्वारा देहान्तर्गत ब्रह्मको प्रतिपादन तथा अजातशत्रुबाट त्यसको प्रत्याख्यान

स होवाच गार्ग्यो य एवायमात्मनि पुरुष एतदेवाहं ब्रह्मोपास इति स होवाचाजातशत्रुर्मा मैतस्मिन्संवदिष्ठा आत्मन्वीति वा अहमेतमुपास इति स य एतमेवमुपास्त आत्मन्वीह भवत्यात्मन्विनी हास्य प्रजा भवति स ह तूष्णिमास गार्ग्यः॥१३॥

पदार्थ — सः — ती, गार्ग्यः — गार्यले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, यः एव — जुन चाहि, अयम् — यो, आत्मनि — प्रजापतिमा र बुद्धिमा, पुरुषः — अधिदेवतात्मक पुरुष छ, एतम् एव — यसलाई नै, अहम् — म, ब्रह्म — ब्रह्म भनेर, उपासे—उपासना गर्दछु (अनि) सः—ती, अजातशत्रुः—अजातशत्रुले, ह — निश्चयले, इति — यसो, उवाच — भने, एतस्मिन् — यस ब्रह्मविषयमा, मा मा संवदिष्ठाः — भो, संवाद नगर्नुहोस् । एतम् — यस पुरुषलाई, अहम् — म, आत्मन्वी इति — आत्मवान् भनेर, वै — निश्चयले, उपासे — उपासना गर्दछु, यः — जो, एतम् — यसलाई, एवम् —यस प्रकार, उपास्ते — उपासना गर्दछ, सः — त्यो, ह — निस्सै, आत्मन्वी, आत्मावान्, भवति — हुन्छ । अस्य — यसको, प्रजा — सन्तान, ह — निश्चयले, आत्मन्विनि — आत्मवान्, भवति — हुन्छ, (यसपछि) सः — ती, गार्ग्यः — गार्ग्य, तूष्णिम् —नबोलीकन, आस — रहे, ह — यो भएको कुरा हो ।

वाक्यार्थ — यसपछि गार्ग्यले भने — जो यो प्रजापतिमा र बुद्धिमा तद्द्वारा हृदयमा अधिदेवात्मक पुरुष छ त्यसैलाई म ब्रह्म भनेर उपासना गर्दछु । अनि अजातशत्रुले भने—यस ब्रह्मविषयमा भो, संवाद नगर्नुहोस् । त्यसलाई म आत्मवान् भनेर उपासना गर्दछु । जो त्यसलाई यसप्रकार उपासना गर्दछ, त्यो आत्मवान् हुन्छ र त्यसको सन्तान समेत आत्मावान् हुन्छ । यति संवाद भएपछि ती गार्ग्य चूप रहे । यो अधि भएको कुरा हो ।

गार्ग्यको पराभव र अजातशत्रुका प्रति उनको उपसत्ति

स होवाचाजातशत्रुरेतावन्नू इत्येतावद्धीति नैतावता विदितं भवतीति स होवाच गार्ग्य उपत्वा यानीति ॥१४॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ— (अनि गार्ग्यलाई त्यस्तो देखेर) सः — ती, अजातशत्रुः— अजातशत्रुले, ह — निश्चयले, इति — यसो, उवाच — भने, एतावत् नु — यत्तिकै हो कि, (गार्ग्यले) इति — यसो (भने) एतावत् हि — यत्तिकै हो, (अनि अजातशत्रुले) इति — यसो, (भने) एतावत् — यति जान्नाले. (ब्रह्म) विदितम् —जानिएको न — हुदैन, (अनि), सः — ती, गार्ग्यः — गार्ग्यले, इति — यसो, ह — निश्चयसाथ, (भने) त्वा — तपाईंकहाँ, उपयानि — ज्ञानलाभलाई उपसन्न हुँ कि ?

वाक्यार्थ — अनि ती अजातशत्रुले भने— भन्नु यत्ति हो कि ? गार्ग्यले भने—यत्ति नै हो, अनि अजातशत्रुले भने यति जानेर त ब्रह्म जानिएको हुँदैन यसपछि गार्ग्यले भने—त्यसो भए म तपाईंकहाँ ज्ञानलाभका लागि उपसन्न (शिष्य-भावले उपस्थित) हूँ कि ?

गार्ग्यको हात समातेर अजातशत्रु एउटा सुतेका मानिस भएका ठाउँमा जानु र प्राणहरूका नामले नउठ्ता त्यसलाई घचघच्यार जगाउनु

स होवाचाजातशत्रुः प्रतिलोमं चैतद्यद्ब्राह्मणः क्षत्रियमुपेयाद्ब्रह्म मे वक्ष्यतीति व्येव त्वा ज्ञपयिष्यामीति तं पाणावादायोत्तस्थौ तौ ह पुरुषꣳ सुप्तमाजग्मतुस्तमेतैर्नामभिरामन्त्रयाञ्चक्रे बृहन् पाण्डरवासः सोम राजन्निति स नोत्तस्थौ तं पाणिना पेषं बोधयाञ्चकार स होत्तस्थौ ॥१५॥

पदार्थ — सः — ती, अजातशत्रुः — अजातशत्रुले, ह — निश्चयसाथ, उवाच — भने, एतत् — यो कुरा प्रतिलोमम् च — उल्टा नै हुन्छ, यद् — जो, मे —मलाई, ब्रह्म–ब्रह्म, वक्ष्यति इति–बताउलान् भनेर, ब्राह्मणः–ब्राह्मण, क्षत्रियम्–क्षत्रियकहाँ उपेयात् — (शिष्यवृत्तिले) जाओस्, (परन्तु) त्वा — तपाईंलाई, विज्ञपयिष्यामि एव — ज्ञान अवश्य गराउँला, इति — यसो भनेर, तम् — ती गार्ग्यलाई, पाणौ — हातमा, आदाय— समातेर, उत्तस्थौ — उठे, ह — यो भएको कुरा हो, तौ — ती दुई, सुप्तम् — सुतेको, पुरुषम् — मानिस भएका ठाउँमा, आजग्मतुः — आए, तम् — त्यस सुतेका मानिसलाई, बृहन् — हेबडा !, पाण्डरवास — ए सफेद वस्त्र धारण गर्ने, राजन् सोम — ए प्रकाशमान चन्द्र ! इति — यसरी, एतैः — यी, नामभिः — नामहरूले, आमन्त्रयाञ्चक्रे — बोलाए, (तर) सः — त्यो मानिस, न उत्तस्थौ — उठेन, (र) तम् — त्यसलाई, पाणिना — हातले,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आपेष्यम् — घचघच्याई-घचघच्याईकन, बोधयाञ्चकार — ब्यूँझाए, (अनि) सः — त्यो मानिस, उत्तस्थौ — उठ्यो ।

वाक्यार्थ — ती अजातशत्रुले निश्चयसाथ भने — 'मलाई ब्रह्म बताओस् ' भनेर ब्राह्मण क्षत्रियकहाँ शिष्यभावले जानु त उल्टै कुरा हुन्छ, तर तपाईंलाई ज्ञान त अवश्या गराउँला' यसो भनेर ती गार्ग्यलाई हातमा समातेर उठेर ती दुवै एउटा सुतेको मानिस भएका ठाउँमा आए । अनि त्यो सुतेको मानिसलाई 'ए बडा ! ए शुक्लवस्त्रधारी ! ए प्रकाशमान चन्द्र ! यसरी यी नामहरूले बोलाए तर त्यो उठेन र त्यसलाई हातले घचघच्याई-घघच्याचईकन ब्यूँझाए अनि त्यो उठ्यो ।

सुषप्तिमा विज्ञानमयका स्थितिका विषयमा अजातशत्रुको प्रश्न

स होवाचाजातशत्रुर्यत्रैष एतत्सुप्तोऽभूद्य एष विज्ञानमय पुरुषः क्वैष तदाभूकुत एतदागादिति तदु ह न मेने गार्ग्यः ॥१६॥

पदार्थ — सः — ती, अजातशत्रुः — अजातशत्रुले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, यत्र — जुन बेला, एषः — यो, एतत् — यसरी, सुप्तः — सुतेको, अभूत् — थियो, (त्यस बेला) सः — एषः — जो यो, विज्ञानमयः — झण्डै-झण्डै अन्तःकरणस्वरूपको, पुरुषः — पुरुष हो, एषः — यो, तदा — त्यस (सुप्त) अवस्थामा, क्व — कहाँ, अभूत् — थियो (अनि) एतत् — यो, कुतः — कहाँबाट आगात् — आयो, तद् — त्यो, उ ह — निस्सै, गार्ग्यः — गार्ग्यले, न मेने — जानेनन् ।

वाक्यार्थ— (अनि) ती अजातशत्रुले निश्चय साथ भनेन— जुन बखतमा यो सुतेको थियो । त्यस बखतमा यो विज्ञानमय (प्रायशः अन्तःकरणस्वरूप) पुरुष कहाँ थियो ? अनि यो अहिले कहाँबाट आयो ? तब गार्ग्यले त्यो कुरा पक्कै जानेनन् ।

विज्ञानात्माको शयनस्थानको प्रतिपादन तथा 'स्वपिति' शब्दको निर्वचन

स होवाचाजातशत्रुर्यत्रैष सुप्तोऽभूद्य एष विज्ञानमयः पुरुषस्तदेषां प्राणानां विज्ञानेन विज्ञानमादाय य एषोऽन्तर्हृदय आकासस्तस्मिञ्छेते तानि यदा गृह्णा-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यथ हैतत्पुरुषः स्वपिति नाम तद्गृहीत एव प्राणो भवति गृहीता वाग् गृहीतꣳ श्रोत्रं गृहीतं चक्षुर्गृहीतं मनः ॥१७ ॥

पदार्थ— सः — ती, अजात शत्रुः — अजातशत्रुले, ह— निश्चयले, उवाच — भने, यत्र — जुन बखतमा, एषः — यो, एतत् — यसरी, सुप्तः — सुतेको, अभूत् — थियो, (त्यस बखतमा) यः — जो, एषः — यो, विज्ञानमयः — प्रायः अन्तःकरणस्वरूपको, पुरुषः — पुरुष (आत्मा) हो, तत् — त्यो, एषाम् — यी, प्राणानाम् — वाक् आदि प्राणहरूको, विज्ञानेन — अन्तःकरणको अभिव्यक्तिविशेषले, विज्ञानम् — वाक् आदिको आ-आफ्नो विषयगत सामर्थ्य, गृहीत्वा — लिएर, यः — जो, एषः — यो, अन्तर्हृदयदको माझमा, आकाशः — आत्मरूप आकाश छ, तस्मिन् — त्यस स्वरूपभूत आकाशमा, शेते — सुत्तछ, यदा — जुन बखत, तानि ती, वाक् आदिका विज्ञानहरूलाई, गृह्णाति — लिन्छ, अथ— त्यस बखत एतत् — यो पुरुष, स्वपिति नाम — स्वपिति नाम भएको हुन्छ, तत् — त्यति खेर (सुतेका बखत) प्राण : — घ्राणेन्द्रिय, तद्गृहीतः — त्यस (आत्मा) ले लिइएको, एव — नै, भवति — हुन्छ, वाक् — वाणी, गृहीता — लिइएको — भवति — हुन्छ, चक्षुः — चक्षु इन्द्रिय, गृहीतम् — लिइएको — भवति — हुन्छ, श्रोत्रम् — श्रोत्रेन्द्रिय, गृहीतम् —लिइएको भवति — हुन्छ, मनः — मन, गृहीतम् — लिइएको, भवति — हुन्छ।

वाक्यार्थ — — ती अजातशत्रुले निश्चयसाथ भने — जुन बखतमा यो सुतेको थियो, त्यस बखतमा यो विज्ञानमय (प्रायः अन्तःकरणै स्वरूपको) पुरुष अन्तः-करणको अभिव्यक्तिविशेषले वाक् आदि प्राणहरूको आ-आफ्नो विषयप्रति रहेको समर्थ्य लिएर हृदयको माझको आत्मरूप आकाशमा सुत्छ र जहिले ती वाक् आदि प्राणहरूका विज्ञानहरूलाई आफूले खिचेको हुन्छ, तहिले यो पुरुष 'स्वपिति' नामको हुन्छ । सुतेका बखत घ्राणेन्द्रिय, वाक् इन्द्रिय, चक्षुरिन्द्रिय, श्रोत्रेन्द्रिय र मन समेत यस विज्ञानमय पुरुषले लिइएका हुन्छन् । अत एव स्वप्नावस्थामा स्वतन्त्र भई कार्य गरेका हुँदैनन् ।

टिप्पणी — 'स्वपिति' को वास्तविक अर्थ त 'स्वम् एव अपिति' आफैंमा प्राप्त हुन्छ अर्थात् स्वरूपैमा रहन्छ' भन्ने हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वप्न वृत्तिको स्वरूप

स यत्रैतत्स्वाप्न्यया चरति ते हास्य लोकास्तबुतेव महाराजो भवत्युतेव महाब्राह्मण उतेवोच्चावचं निगच्छति स यथा महाराजो जानपबान्गृहीत्वा स्वे जनपदे यथाकामं परिवर्त्ततैवमेवैष एतत्प्राणान्गृहीत्वा स्वे शरीरे यथाकामं परिवर्त्तते ॥१८ ॥

पदार्थ — सः — त्यो आत्मा, यत्र — जुन समयमा, एतत् — यसरी, स्वाप्न्यया — स्वप्न वृत्तिले, चरति — रहन्छ, (तत्र) — त्यस समयमा, अस्य — यसका, ते — ती, लोकाः — कर्मफलहरू (उदित हुन्छन्) तत् — त्यहाँ, उत — पनि, महाराजः इव — महाराज जस्तै, भवति — हुन्छ, उच्चावचम् इव — देवभाव आदि उच्चता र, पशु-पक्षिभाव आदि नीचता जस्तै, उत — पनि, निगच्छति — प्राप्त गर्दछ, सः — त्यो पुरुष, यथा — जसरी महाराजः —ठूलो राजा, जानपदान् — देशवासीहरूलाई, गृहीत्वा — लिएर, स्वे — आफ्नो, जानपदे — देशमा, यथाकामम् — इच्छामाफिक, परिवर्त्तते — विचरण गर्ला, एवम् एव — यसै गरी एषः — यो आत्मा, एतत् — यसरी, प्राणान् — वाक् आदि प्राणहरूलाई, गृहीत्वा — लिएर, स्वे — आफ्ना, शरीरे —शरीरमा, यथा कामम् — इच्छानुसार, परिवर्त्तते — विचरण गर्दछ ।

वाक्यार्थ — जुन समयमा यो आत्मा स्वप्नवृत्तिले रहन्छ, उस समयमा ती लोक (कर्मफलहरू) उदित हुन्छन् । त्यहाँ पनि यो महाराज जस्तो हुन्छ, महान् ब्राह्मण जस्तो हुन्छ । एवं देवादि उच्च भाव र पशु-पक्षि आदि नीच भावमा समेत प्राप्त हुन्छ। जसरी ठूलो राजा देशवासीहरूलाई साथमा लिएर आफ्ना देशमा इच्छानुसार विचरण गर्दछ, त्यसै गरी यो आत्मा वाक् आदि प्राणहरूलाई लिएर आफ्ना शरीरमा स्वच्छन्द विचरण गर्दछ ।

सुषुप्तिको स्वरूप

अथ यदा सुषुप्तो भवति यदा न कस्यचन वेद हिता नाम नाडयो द्वासप्ततिः सहस्राणि हृदयात्पुरीततमभिप्रतिष्ठन्ते ताभिः प्रत्यवसृप्य पुरितति शेते स यथा राजकुमारो वा महाराजो वा महाब्राह्मणो वातिध्नीमानन्दस्य गत्वा शयीतैवमेवैष एतच्छेते ॥१९ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — अथ — अनि, यदा — जब, (त्यो आत्मा) सुषुप्तः — गाढ निद्रामा परेको, भवति — हुन्छ, यदा — जब कि, कस्यचन — केही पनि, न वेद — थाहा पाउँदैन, हिता नाम — हिता नाम गरेका, द्वासप्तति: सहस्राणि — बहत्तर हजार, नाड्यः — नाडीहरू, हृदयात् — मुटुबाट (निस्केर) पुरीततम् — शरीरभर अभिप्रतिष्ठन्ते — फैलिएर बहिर्मुख भैरहेका हुन्छन्, ताभिः — ती नाडीहरूद्वारा प्रत्यवसृप्य — फर्केर, पुरीतति — शरीरमा, शेते — सुत्छ, (यो सर्व-संसार-दुःख-विमुक्त अवस्था हो), यथा — जसरी, सः — त्यो कुनै, कुमारः — ज्यादै सानो बालक, वा — अथवा, महाराजः — प्रजा अत्यन्त वशमा भएको राजा, वा — अथवा, महाब्राह्मणः — परिपक्व विद्याविनय-संपन्न ब्राह्मण, आनन्दस्य — आनन्दको, अतिघ्नीम् — सीमानामा, गत्वा — पुगेर, शयीत — रहेको हुन्छ। एवम् — यस्तै गरी, एषः — यो, विज्ञानमय आत्मा, एतत् — यो सुताइ, शेते — सुत्छ।

वाक्यार्थ — अनि जब गाढ निद्रामा परेको हुन्छ तब केही पनि थाहा पाउँदैन, (जाग्रत् कालमा) जुन हिता नाम गरेको बहत्तर हजार नाडीहरू मुटुबाट शरीर भर फैलिएर बहिर्मुख भैरहेका हुन्छन्। (सुषुप्ति कालमा) विज्ञानमय (बुद्धि नै हो कि ! भने (जस्तो) आत्मा तिनै द्वारा बुद्धि (अन्तःकरण) सहित फर्केर शरीर-मा व्याप्त भई शयन गरेको हुन्छ। जसरी सानो बालक अथवा प्रजालाई राम्ररी वशमा पारेको शास्त्रोक्त आचरणवाला राजा अथवा परिपक्व विद्याविनय-संपन्न ब्राह्मण आनन्दको सीमानामा पुगेर रहेको हुन्छ त्यसै गरी त्यो विज्ञानमय आत्मा शयन गर्दछ।

टिप्पणी — विज्ञानमय आत्मा सुषुप्त हुने क्रम यस प्रकार छ — 'हिता' नाम गरेका बहत्तर हजार नाडी मुटुबाट शरीरभर फैलिएर बहिर्मुख भैरहेका हुन्छन्। बुद्धिको स्थान मुटु हो। बाह्य करणहरू हृदयस्थ बुद्धिका अधीन छन्। त्यसो हुनाले बुद्धिले कर्मवश श्रोत्र आदि इन्द्रियहरूलाई नाडीहरूद्वारा कानहरूबाट फैलाउँछ र जाग्रत् अवस्थामा आफू अध्यक्ष भैरहेको हुन्छ। त्यस बुद्धिलाई विज्ञानमय (झण्डै बुद्धि नै हो कि ! भने जस्तो) आत्माले आफ्नो खुलिरहेको चैतन्यमय प्रकाशले व्याप्त गरेको हुन्छ। खुम्च्याउने समयमा इन्द्रियहरू बुद्धिमा खिचिएका हुन्छन्। त्यस्तो बद्धिका साथै विज्ञानमय आफू खुम्चिन आउँछ। विज्ञानमय आत्माको सुषप्ति (गाढ सुताई) भन्नु यै हो। जाग्रत् अवस्थाको विकासको अनुभव यसको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोग हो । सुषप्तिमा आत्मालाई शरीरसँगको संबन्ध रहँदैन । यसैले यो स्थिति संपूर्ण संसार-दुःखबाट छुटेको अवस्था हुन्छ र आफ्नै स्वरूपको महान् आनन्दमा रहेको हुन्छ । यै आनन्द बुझाउनलाई महाराजहरूको दृष्टान्त दिइएको हो ।

आत्माबाट जगत्को उत्पत्तिमा माकुरो र झिल्लाको दृष्टान्त ।

स यथोर्णनाभिस्तन्तुनोच्चरेद्यथाग्नेः क्षुद्रा विस्फुलिङ्गा व्युच्चरन्त्येवमेवास्मादात्मनः सर्वे प्राणाः सर्वे लोकाः सर्वे देवाः सर्वाणि भूतानि व्युच्चरन्ति तस्यो पनिषत्सत्यस्य सत्यमिति प्राणा वै सत्यं तेषामेष सत्यम् ॥२०॥ इति प्रथमं ब्राह्मणम् ।

पदार्थ — यथा — जसरी, ऊर्णनाभिः — माकुरो, तन्तुना — तान (धागो) द्वारा, उच्चरेत् — माथितिर सर्कन्छ, यथा — जसरी, अग्नेः — अग्निबाट, क्षुद्राः — साना, विस्फुलिङ्गाः — झिल्काहरू, व्युच्चरन्ति — उड्दछन्, एवम् एव — यसै गरी, अस्मात् — यो, आत्मनः — आत्माबाट, सर्वे — समस्त, प्राणाः — वाक् आदि प्राणहरू, सर्वे — संपूर्ण, लोकाः — भूः — आदि गरिएका लोकहरू, सर्वे — समस्त, देवाः — अग्नि आदि देवताहरू, सर्वाणि — समस्त, भूतानि — प्राणीहरू, व्युच्चरन्ति — विविधरूपले उत्पन्न हुन्छन्, तस्य — त्यस आत्मा (ब्रह्म) को, इति — यो, उपनिषद् — वाचक शब्द हो, 'सत्यस्य सत्यम्' सत्यको सत्य (के भनेको यो ?) प्राणाः — प्राणहरू, वै — निश्चयले, सत्यम्, सत्य हुन्, एषः — यो आत्मा, तेषाम् — तिनीहरूको, सत्यम् — सत्य हो, अर्थात् आत्मा (ब्रह्म) पारमार्थिक सत्य वस्तु हो ।

वाक्यार्थ — जसरी माकुरो तान (धागो) द्वारा माथितिर सर्कन्छ, जसरी आगोबाट सान-साना झिल्काहरू उड्दछन्, यसै गरी यो विज्ञानमय आत्माबाट संपूर्ण वाक् आदि प्राण, पृथ्वी आदि लोक र कर्मफल, प्राण र लोकका अधिष्ठाता अग्नि आदि देवताहरू, ब्रह्मादेखि झारपात गाँजसम्मका प्राणीहरू अनेक रूपले उत्पन्न हुन्छन् । 'सत्यको सत्य' भन्नु त्यस आत्माको उपनिषद् (वाचक शब्द) हो । त्यसको अर्थ हो — त्यसको अर्थ हो — प्राणहरू सत्य हुन् , आत्मा तिनीहरूको पनि सत्य (पारमार्थिक वस्तु) हो ।

द्वितीय अध्यायमा प्रथम अजातशत्रु ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीय ब्राह्मण

संबन्ध—'म ब्रह्मको बोध गराउँछु' यसरी यहाँ प्रसङ्ग आरम्भ भएको छ। त्यसमा, जसबाट जगत् पैदा भयो, जो यसको स्वरूप हो, र जसमा सो लीन हुन्छ त्यै एक चीज हो ब्रह्म भन्ने जनाइयो। अब त्यो जगत् कुन स्वरूपको उत्पन्न हुन्छ र लीन हुन्छ ? भने पञ्चभूत-स्वरूपको। ती भूतहरू नामरूपात्मक छन्। ती नाम-रूप सत्य छन् भनियो। त्यो पञ्चभूतात्मक सत्यको सत्य ब्रह्म हो।

भूतहरू कसरी सत्य छन् ? यो कुरा बताउनाका निमित्त नै यो मूर्त्तामूर्त्त ब्राह्मण छ। मूर्तामूर्त-स्वरूप हुनाका कारण कार्यकारणात्मक भूत र प्राण सत्य छन्। कार्यकारणात्मक भूतहरूको सत्यत्व निर्धारण गर्ने इच्छाले दुई ब्राह्मण आरम्भ गरिन्छन्। यस उपविषद्को व्याख्या नै तिनै हुन्। कार्यकरणको सत्यत्व निश्चय-द्वारा नै सत्यको सत्य ब्रह्म निश्चित हुन्छ। यहाँ भनियो— 'प्राणहरू सत्य हुन् तिनको यो सत्य को। त्यसमा कुन हुन् प्राण ? कति छन् प्राणविषयक उपनिषद् ? कुन हुन् ती ? यस किसिमले ब्रह्मोपनिषद्का प्रसङ्गले बाटामा परेका कूवा, वगैंचाहरूको हरूको निश्चय गर्नु जस्तै श्रुतिले करणभूत प्राणको स्वरूपको निश्चय गर्दछ।

शिशुसंज्ञक मध्यम प्राणको त्यसका उपकरणका साथ वर्णन

यो ह वै शिशुꣳ साधनꣳ सप्रत्याधानꣳ सस्थूणꣳ सदामं वेद सप्त ह द्विषतो भ्रातृव्यानवरुणद्धि। अयं वाव शिशुर्योऽयं मध्यमः प्राणस्तस्येदमेवाधानमिदं प्रत्याधानं प्राणः स्थूणान्नं दाम ॥१॥

पदार्थ— यः—जो, ह वै—निश्चयले, साधानम्—आधानसहित, सप्रत्याधानम्—प्रत्याधान सहित, सस्थूणम्—स्थूणासहित, सदामम्—दामसहित, शिशुम्—शिशुलाई, वेद — जान्दछ (सः) — त्यो, ह — निश्चयले, सप्त— सात, द्विषतः—द्वेष गर्ने, भ्रातृव्यान्—भ्रातृपुत्रहरूलाई, अवरुणद्धि—रोक्तछ, अयम्—यो, वाव — निश्चय, शिशुः — बच्चा हो, यः — जो, अयम् — यो, मध्यमः — शरीरका माझमा रहेको, प्राणः — लिङ्ग, शरीररूप प्राण हो, तस्य— त्यसको,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इदम् एव — यो शरीर नै, आधानम् — रहने ठाउँ हो, इदम् — यो शिर, प्रत्याधानम् — ठाउँ-ठाउँमा रहिने जग्गा हो, प्राणः —बल, स्थूण — खाँबो हो, अन्नम् — खाइने पदार्थ, (घाँस आदि) दाम — दाम्लो हो ।

वाक्यार्थ—जो राख्ने जग्गा, ठाउँ-ठाउँमा राखिने थलो, बाँध्ने खामो र दाम्लो-सहित बाच्छालाई जान्छ त्यो द्वेष गर्ने सात भतिजाहरूलाई नष्ट गर्दछ। यो नै बाच्छो हो जो शरीरका माझमा रहेको लिङ्गशरीररूपी प्राण हो। त्यसको यो शरीर नै राख्ने जग्गा हो। यो शिर नै ठाउँ-ठाउँमा राख्न हुने थलो हो। बल नै खामो हो र खाद्य वस्तु नै दाम्लो हो।

टिप्पणी— (१) अंशहर भतिजाहरू द्वेष गर्ने हुन्छन् । शिरका सातद्वारबाट भएका विषयसंबन्धी रागहरू आत्मदृष्टिलाई विषयविषयक बनाइदिई द्वेष गर्ने ठहरिन्छन् । (२) बाच्छो अवस्थाले गर्दा अरू गाई-गोरु जस्तो विषयमा त्यति चलाक हुँदैन । लिङ्ग शरीरको अन्तर्गत प्राण इन्द्रियहरू जस्तो चलाक हुँदैन । (३) बाच्छो रहने आधान (गोठ) हुन्छ, यो प्राण रहने ठाउँ शरीर छ । (४) गोठमा प्रत्याधान– बाच्छो बाँध्ने थलाहरू भएको विशेष ठाउँ हुन्छ, यो शरीरमा प्राण रहने आँखा, कान आदि अनेक इन्द्रियरूप ठाउँ भएको शिर छ । (५) दाम्लो बाच्छालाई गोठमा अड्याइराख्ने साधन हुन्छ । खाएको अन्न साररूपमा बल हुन गई शरीरमा प्राणलाई धानी राख्ने साधन हुन्छ ।

यिनै समानतालै प्राणलाई बाच्छो, शरीरलाई आधान (गोठ), शिरलाई प्रत्याधान (बाँध्ने विभन्न थलाहरू भएको विशेष ठाउँ) र अन्नलाई, दाम्लो कल्पना गरिएको हो ।

मध्यम प्राणरूप बाच्छाको नेत्रान्तर्गत सात अक्षितिहरू

तमेताः सप्ताक्षितय उपतिष्ठन्ते तद्या इमा अक्षन्लोहिन्यो राजयस्ताभिरेनꣳ रुद्रोऽन्वायत्तोऽथ या अक्षन्नापस्ताभिः पर्जन्यो या कनीनका तयादित्यो यत्कृष्णं तेनाग्निर्यच्छुक्लं तेनेन्द्रोऽधरयैनं वर्तन्या पृथिव्यन्वायत्ता द्यौरुत्तरया नास्यान्नं क्षीयते य एवं वेद ॥२ ॥

पदार्थ— तम् — त्यस प्राणलाई, सप्त — सात, अक्षितयः — क्षय हुन नदिने देवताहरू, उपतिष्ठन्ते — उपस्थित छन्, तद् — तिनमा, याः — जो, इमाः—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी, अक्षन् आँखामा, लोहिताः — राता, राजयः — रेखा हुन्छन्, ताभिः — तीद्वारा, एतम् — यो मध्यम प्राणमा, रुद्रः— अन्वायत्तः — अनुगत छ, अथ — तथा, याः — जो, अक्षन् — आँखामा, आपः — पानी छ, ताभिः — त्योद्वारा, पर्जन्यः — मेघ, अन्वायत्तः — अनुगत छ, यः — जो, कनीनका — नानी (दर्शनशक्ति) छ, तया — त्यसद्वारा, आदित्यः सूर्य (अनुगत छ) , यत् — जो, कृष्णम् — कालो रङ छ, तेन — त्यसद्वारा, अग्निः — अग्नि, (अनुगत छ), यत् — जो, शुक्लम् — सेतो रङ छ, तेन — त्यसद्वारा, इन्द्रः—इन्द्र, (अनुगत छ) अधरया — तल्लो, वर्तन्या — पलकले एनम् — यस प्राणमा, पृथिवी — पृथ्वी, अन्वायत्ता — अनुगत छ, उत्तरया — उपल्लो, — वर्तन्या —पलकले, द्यौः — द्युलोक (अनुगत छ), यः — जो, एवम् — यस्तो, (यी सात अन्न भएर प्राणको उपस्थान गर्दछन् भन्ने) वेद — जान्दछ, तस्य — त्यसको, अन्नम् — अन्न, न क्षीयते — घट्दैन ।

वाक्यार्थ— त्यस प्राणमा सात ओटा अक्षिति (क्षय हुन नदिने देवताहरू) उपस्थित छन्। तिनमध्ये आँखामा जो राता धर्साहरू छन् तीद्वारा रुद्र अनुगत छ । आँखामा जो पानी छ त्योद्वारा मेघ देवता अनुगत छ । जो दर्शनशक्ति छ, योद्वारा सूर्य अनुगत छ । जो कालो भाग छ, त्यसद्वारा अग्नि अनुगत छ । जो सेतो भाग छ, त्यसद्वारा इन्द्र अनुगत छ । तल्लो पलकले पृथ्वी अनुगत छ । उपल्लो पलकले द्युलोक अनुगत छ । जुन उपासक यी सात देवता अन्न भएर प्राणमा अनुगत रहन्छन् भन्ने जान्दछ त्यसको अन्न घट्तैन ।

श्रोत्रादि प्राणहरूले सहित शिरमा चमस-दृष्टिको विधान

तदेष श्लोको भवति । अर्वाग्बिलश्चमस ऊर्ध्वबुध्नस्तस्मिन्यशो निहितं विश्वरूपम् । तस्यासत ऋषयः सप्त तीरे वागष्टमी ब्रह्मणा संविदानेति । अर्वाग्बिलश्चमस ऊर्ध्वबुध्न इतीदं तच्छिर एष ह्यर्वाग्बिलश्चमस ऊर्ध्वबुध्नस्तस्मिन्यसो निहितं विश्वरूपमिति प्राणा वै यशो विश्वरूपं प्राणानेतदाह तस्यासत ऋषयः सप्त तीर इति प्राणा वा ऋषयः प्राणानेतदाह वागष्टमी ब्रह्मणा संविदानेति वाग्व्यष्टमी ब्रह्मणा संवित्ते ॥३॥

पदार्थ— तत् — त्यस अर्थमा, एषः — यो, श्लोकः — मन्त्र भवति, — छ, अर्वाग्बिलः — मनितिर छिद्र भएको, ऊर्ध्वबुध्नः — माथितिर पींध भएको,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चमसः — यज्ञको कटौरा छ, तस्मिन् — त्यसमा, विश्वरूपम् — नाना प्रकारको, यशः — यश, निहितम् — स्थित छ, तस्य — त्यसका, तीरे — किनारमा, सप्त — सात, ऋषयः — ऋषिहरू, च — र, ब्रह्मणा — वेदद्वारा, संविदाना — संवाद, गर्ने, अष्ठमी — आठौं, वाक् — वाणी, आसते —रहेका छन्, अर्वाग्विलः — मनितिर मुख भएको, ऊर्ध्वबुध्न :— माथितिर पींध भएको, चमसः— यज्ञको कटौरा, इति — यसो भनेको, इदम् — यो, तत् — त्यो, शिरः — टाउको हो, हि — किनभने, एषः — यो, अर्वाग्विलः—तल मुख भएकाले मनितिर छिद्र भएको छ, ऊर्ध्वबुध्नः — शिर पींध जस्तो आकारको हुनाले माथितिर पींध भएको छ, चमसः — यज्ञको पान पात्र (कटौरा) जस्तो छ, तस्मिन् — त्यसमा, विश्व-रूपम् — नाना प्रकारको, यशः— यश, निहितम् — राखिएको छ, इति—यसो भनेको, प्राणाः वै — श्रोत्र आदि इन्द्रिय र वायुहरू नै, विश्वरूपम् — नाना रूप भएको, यशः—यश हो, (मन्त्र—) मन्त्रले, प्राणान् — प्राणहरूलाई, एतद्— यो, आह—भन्दछ, तस्य—त्तसका, तीरे— किनारमा, सप्त — सात, ऋषयः— ऋषिहरू आसते — रहेका छन्, इति — यसो भनेको, प्राणाः — वै — स्फुर-णात्मक प्राणहरू नै, ऋषयः — ऋषिहरू हुन् (मन्त्रले) प्राणान्—प्राणहरूलाई एतद् — यो, आह — भन्दछ, अष्ठमी — आठौं, वाक् — वाणी, ब्रह्मणा — वेदसँग, संविदाना — संवाद गर्ने छ, इति — यसो भनेको, हि — ठीक हो, अष्टमी —आठौं, वाक् — वाणी, ब्रह्मणा — वेदद्वारा, संवित्ते — संवाद गर्दछ ।

वाक्यार्थ— त्यस अर्थमा यो मन्त्र भनिएको छ— मनितिर छिद्र भएको माथितिर पींध भएको एउटा चमस (यज्ञमा सोमरस राख्ने कटौरा) छ । त्यसमा नाना प्रकारको यज्ञ रहेको छ । त्यसका किनारमा सात ऋषि र वेदद्वारा संवाद गर्ने आठौं वाणी रहेका छन् । 'मनितिर मुख, माथितिर पींध भएको कटौरा छ' भनेको शिर हो । किनभने तलतिर मुख भएकोले मनितिर छिद्र भएको पनि छ, शिर पींध जस्तो आकारको हुनाले माथितिर पींध भएको पनि छ र यज्ञमा सोमरस राख्ने कटौरा जस्तो छ ।'त्यसमा नाना प्रकारको यज्ञ रहेको छ' भनेको प्राणलाई भनेको हो,त्यसमा श्रोत्र आदि इन्द्रिय र वायुहरू सात भागमा विभक्त भएका छन् र अनेक रूपको छ । मन्त्रले प्राणहरूलाई नै यसो भनेको छ । 'त्यसका किनारामा सात ऋषि छन् भनेको शिरःस्थ सात छिद्रमा रहेका इन्द्रियरूप स्फुरणात्मक प्राणलाई नै भनेको हो । मन्त्रले प्राणलाई नै यसो भनेको छ । ' वेदद्वारा संवाद गर्ने आठौं ' वाणी छ' भनेको ठीक हो, ती सातपछिको आठौं वाणीले नै वेदद्वारा संवाद गर्दछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इमावेव गोतमभरद्वाजावयमेव गोतमोऽयं भरद्वाज इमावेव विश्वामित्र जमदग्नी अयमेव विश्वामित्रोऽयं जमदग्निरिमावेव वसिष्ठ कश्यपावयमेव वसिष्ठोऽयं कश्यपो वागेवात्रिर्वाचा ह्यन्नमद्यतेऽत्तिह वै म नामैतद्यदत्रिरिति सर्वस्यात्ता भवति सर्वमस्यान्नं भवति य एवं वेद ॥४॥ इति द्वितीयं ब्राह्मणम् ।

पदार्थ— इमौ एव — यी दुई कान नै, गोतमभरद्वाजौ — गोतम र भरद्वाज हुन्, अयम् — यो दाहिने कान, गोतमः — गोतम हो, अयम् — यो बायाँ कान, भरद्वाजः — भरद्वाज हो, इमौ एव — यिनी दुई आँखा नै, विश्वामित्र-जमदग्नी — विश्वामित्र र जमदग्नि हुन्, अयम् एव — यो दाहिने आँखा नै, विश्वामित्रः — विश्वामित्र हो, अयम् — यो बायाँ आँखा. जगदग्निः — जमदग्नि हो, इमौ एव — यी दुई नाकका छिद्र नै, वसिष्ठ-कश्यपौ — वसिष्ठ र कश्यप हुन्, अयम् एव — यो दाहिने– नाकको पोरा नै, वसिष्ठ : — वसिष्ठ हो, अयम् — यो वायाँ नाकको पोरा — कश्यपः — कश्यप हो, वाक् एव — वाणी नै, अत्रिः —अत्रि हो, हि— यस कारणले कि, वाचा — वागिन्द्रियद्वारा नै, अन्नम् अन्न, अद्यते — खाइन्छ, एतत् — यो, अत्तिः —'अत्ति' भन्ने, ह वै — प्रसिद्ध, नाम— नाम हो, यत् जो, अत्रिः इति —(अत्रि' यसो (भनिन्छ) यः— जो, एवम् — यस्तो (प्राणको यथार्थ रूप) वेद — जान्दछ, सः — त्यो, सर्वस्य — सबै, खाद्यपदार्थको, अत्ता — (मध्यम प्राण भएर) भोक्ता, भवति — हुन्छ ।

वाक्यार्थ— ती दुई कान नै गोतम र भरद्वाज हुन्, यो दाहिने कान गोतम हो, यो वायाँ कान भरद्वाज हो । यी दुई आँखा नै विश्वामित्र र जमदग्नि हुन्, यो दाहिने आँखा विश्वामित्र हो, यो बायाँ आँखा जमदग्नि हो । यी दुइ नाकका पोरा नै वसिष्ठ रकश्यप हुन्, यो दाहिने पोरा वसिष्ठ हो, यो बायाँ पोरा कश्यप हो) वाणी नै नै अत्रि हो किनभने वागिन्द्रियकै द्वारवाट खाइने पदार्थ खाइन्छ । यो 'अत्ति' प्रसिद्ध नाम हो , जो परोक्षरूपले ('अत्रि' भनिन्छ) जो यो प्राणको यथार्थ रूप जान्दछ त्यो यसरी मध्यम प्राण भएर सबै पदार्थको भोक्ता हुन्छ — सबै चीज यस प्राणोपासकको भोज्यै हुन्छ ।

दोस्रो अध्यायमा दोस्रो शिशु ब्राह्मण समाप्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीय ब्राह्मण

संबन्ध — माथि भनियो कि प्राण नै सत्य हो। जो प्राणका उपनिषद्हरू हुन् तिनको 'ती यी प्राण हुन् ' भनेर ब्रह्मोपनिषद्का प्रसङ्गले व्याख्यान पनि गरियो। अब यो बताउनु छ कि तिनको स्वरूप के हो र तिनको सत्यता कुन किसिमले हो। यस कारण शरीर र इन्द्रियरूप 'सत्य' संज्ञक पञ्च-भूतहरूको स्वरूपको निश्चय गर्नाका निमित्त यो ब्राह्मण आरम्भ गरिन्छ। जुन उपाधिविशेषको निषेधद्वारा 'नेति नेति' यस रूपले ब्रह्मको स्वरूपको निश्चय गराउनु अभीष्ट छ।

ब्रह्मका दुइ रूप

द्वे वाव ब्रह्मणो रूपे मूर्त्तं चैवामूर्त्तं च मर्त्यं चामृतं च स्थितं च यच्च सच्च त्यच्च ॥१ ॥

पदार्थ— ब्रह्मणः — ब्रह्मका, द्वे — दुइ, वाव — नै, रूपे — रूप छन्, मूर्त्तम् च एव — मूर्त्त नै, च — र, अमूर्त्तम् च एव — अमूर्त्त नै। (तिनका विशेषण–) मर्त्यम् — मरणधर्मी, च — र, अमृतम् — अमरणधर्मी, च— पनि, स्थितम् — एकत्र रहने परिच्छिन्न, च — र, यत् — सर्वत्र रहने अपरिच्छिन्न, च— पनि, सत् — विशेषरूपले निरूपण गरिने, च — र, त्यत् — सामान्य (परोक्ष) रूपले निरूपण गरिने, च — पनि।

वाक्यार्थ — ब्रह्मका रूप दुई नै छन् — मूर्त्त र अमूर्त्त। विषेष गरेर भन्दा — मर्ने स्वभावको र नमर्ने स्वभावको, एक ठाउँमा रहने परिच्छिन्न र सबै ठाउँ रहने अपरिच्छिन्न एवं विशेष रूपले निरूपण गरिने र सामान्य ('त्यो' भनेर मात्र परोक्ष-रूपले) निरूपण गरिने।

मूर्त्त-अमूर्त्तको विभागपूर्वक मूर्त्त रूप र त्यसका रसको वर्णन

तदेतन्मूर्त्तं यदन्यद्वायोश्चान्तरिक्षाच्च तन्मर्त्यमेतत्स्थितमेतत्सत्तस्यैतस्य मूर्त्तस्यैतस्य स्थितस्यैतस्य सत एषरसो य एष तपति सतो ह्येष रसः ॥२ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ— तत् — त्यो, एतत् — यो, मूर्त्तम् — अवयव जुटेको, वस्तु हो, यत् — जो, वायोः च — वायुदेखि र, अन्तरिक्षात् च — आकाशदेखि पनि, अन्यत् — भिन्न वस्तु छ, एतत् — यो, मूर्त्त भनिने तीन भूत, मर्त्यम् — मर्ने स्वभावको छ, एतत् — यो, स्थितम् — एक ठाउँमा रहने परिच्छिन्न छ, जस्तो गाग्रो एतत् — यो, सत् — विशेषरूपले निरूपण गरिने छ, तस्य — त्यो एतस्य — यो, मूर्त्तस्य, अवयव जुटेर रहने वस्तुको, एतस्य — यो, स्थितस्य — एकत्र रहनेको, एतस्य — यो, सतः — विशेषरूपले निरूपण गरिनेको, एषः — यो, रसः — सार हो, यः — जो, एषः — यो, तपतिः — प्रकाश हुन्छ, हि — यस कारणले कि, एषः — यो सविता — सतः — तीन भूतको, रसः — सार हो ।

वाक्यार्थ— त्यो मूर्त्त (अवयव जुटेर भएको) वस्तु हो, जो वायु र आकाश बाहेक-को वस्तु हो । यो मूर्त्त भनिने चीज (पृथिवी, जल र तेज) मर्ने स्वभावको छ । एक ठाउँ मा रहने घडा आदि जस्तो परिच्छिन्न छ । ' यस्तो' उस्तो' भनेर विशेष रूपले निरूपण गरिने किसिमको छ। यो मूर्त्तिमान्, मरणशील, परिच्छिन्न र विशेष-रूपले निरूपणीय पदार्थको सार वस्तु यो छ, जो यो प्रकाश हुन्छ, किनभने यो सविता पृथिवी, जल र तेजको यी तीन भूतको नै सार हो र मूर्त्तिधारी प्रकाश भइ-रहेछ ।

विशेषणसहित अमूर्त्तरूप र त्यसका रसको वर्णन

अथामूर्त्तं वायुश्चान्तरिक्षं चैतदमृतमेतद्यदेतत्यत्तस्यैतस्यामूर्त्तस्यैतस्यामृतस्यैतस्य यत एतस्य तस्यैष रसो य एष एतस्मिन्मण्डले पुरुषस्तस्य ह्येष रस इत्यधिदैवतम् ॥३॥

पदार्थ— अथ — अब, अमूर्त्तं कहिन्छ, वायुः च — वायु र, अन्तरिरक्षम् च आकाश पनि, अमूर्त्तम् — अवयव नजुटेको वस्तु हो, एतद् — यो, अमृतम् — नमर्ने स्वभावको छ, एतद् — यो, यत् — अपरिच्छिन्न (व्यापक) छ, एतद् — यो, त्यत् — विशेषरूपले निरूपण नगरिने छ, तस्य — त्यो, एतस्य—यो, अमूर्त्तस्य —अवयवरहित पदार्थको, एतस्य—यो, अमृतस्य — अमरणशीलको, एतस्य—यो, यतः— सर्वत्र रहने वस्तुको, एतस्य —यो, त्यस्य — सामान्यरूपले निरूपण गरिने पदार्थको, एषः — यो, रसः — सार हो, यः — जो, एषः — यो, एतस्मिन्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

— यो, मण्डले — सूर्यमण्डलमा, पुरुषः हिरण्यगर्भ प्राण भनिने वस्तु छ हि — किनभने, एषः— यो मण्डलस्थ पुरुष, तस्य — वायु र आकाशको दुइ भूतको रसः — सार हो, र मण्डल जस्तो विशेषरूपले ग्रहण नगरिने छ।

वाक्यार्थ— अब अमूर्त्त अहिन्छ। वायु र आकाश अमूर्त्त (अवयव जुटेर नभएको) वस्तु हो। यो नमर्ने स्वभावको छ, व्यापक छ, विशेषरूपले निरूपण गर्न नसकिने खालि 'त्यो' मात्र भनिने किसिमको छ। त्यो अमूर्त्तिमान्, अमरणशील, व्यापक र सामान्यरूपले मात्र निरूपणीय वस्तुको यो सार हो, जो कि सूर्यमण्डलमा करणात्मक हिरण्यगर्भ प्राण भनिने वस्तु छ। किनभने यो मण्डलस्थ पुरुष वायु र आकाश यी दुइ भूतको सार हो र मण्डल जस्तो विशेषरूपले ग्रहण गरिने पनि हुन्न। यो अधिदैवत मूर्त्तामूर्त्त हो।

अध्यात्म मूर्त्तामूर्त्तको विभागपूर्वक मूर्त्तको वर्णन

अथाध्यात्ममिदमेव मूर्त्तं यदन्यत्प्राणाच्च यश्चायमन्तरात्मन्नाकाश एतन्मर्त्यमेतत्स्थितमेतत्सत्तस्यैतस्य मूर्त्तस्यैतस्य मर्त्यस्यैतस्य स्थितस्यैतस्य सत एष रसो यच्चक्षुः सतो ह्येष रसः ॥४॥

पदार्थ— अथ — अब, अध्यात्मम् — अध्यात्म मूर्त्तामूर्त्त कहिन्छ। इदम्, एव — यै, मूर्त्तम् — मूर्त्त हो, यद् — जो, प्राणात् — प्राणवायुदेखि, अन्यत् — भिन्न, च— र, यः च — जो, अन्तरात्मन् — शरीरभित्र, आकाशः — आकाश छ, (तस्मात् आदि) — त्यसदेखि पनि — अन्यत् — भिन्न छ, एतत् — यो, मर्त्यम् — मरणशील छ, एतत् — यो, स्थितम् — एकत्रै रहने छ, एतत् — यो सत् — विषेषरूपले निरूपण गरिने छ, एतस्य — यो, मूर्त्तस्य — अवयव जुटेर हुनेको, एतस्य — यो, मर्त्यस्य — मरणधर्मीको, एतस्य — यो, स्थितस्य — अव्यापकको, एतस्य — यो, सत : — विशेषरूपले निरूपणीयको, एषः— यो, रस सार हो, यत् — जो, चक्षुः — चक्षु इन्द्रिय हो, हि — किनभने, एषः — यो सतः — आध्यात्मिक तीन भूतको, रसः — सार हो।

वाक्यार्थ — अब अध्यात्म मूर्त्तामूर्त्त कहिन्छ। यै मूर्त्त हो , जो प्राण वायु र शरीर-भित्रको आकाशदेखि भिन्न छ । यो मरणशील, एकत्रै रहने, विशेषरूपले निरूपण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिने छ यस अवयवीको मरणधर्मीको अव्यापकको यो सार हो, जो चक्षु इन्द्रिय हो। किनभने यो आध्यात्मिक तीन भूत (पृथ्वी, जल र तेज) को सार हो।

अध्यात्म अमूर्तको उसका विशेषणहरूसहित वर्णन

अथामूर्त्तं प्राणश्च यश्चायमन्तरात्मन्नाकाश एतदमृतमेतद्यदेतत्त्यत्तस्यैतस्यामूर्त्तस्यैतस्यामृतस्यैतस्य यत एतस्य त्यस्यैष रसो योऽयं दक्षिणेऽक्षन्पुरुषस्त्यस्य ह्येष रसः ॥५ ॥

पदार्थ— अथ— अब अमूर्त्त कहिन्छ. प्राणः च — प्राण र , यः च — जो अयम् — यो, अन्तरात्मन् — शरीरभित्र, आकाशः — आकाश छ, एतद् — यो, अमूर्त्तम् — अमूर्त्तिमान् पदार्थ हो , एतद् — यो, अमृतम् — अमरणधर्मी छ, एतद् — यो यत् — सर्वत्र रहने छ, एतद् — यो, त्यत् — विशेषरूपले निरूपण नगरिने छ, तस्य — त्यो, एतस्य — यस, अमूर्त्तस्य — अमूर्त्तिमान्को, एतस्य —यो, अमृतस्य — अमरणधर्मीको, एतस्य — यो, यतः— सर्वत्र स्थितको, एतस्य —यो तस्य — विशेषरूपले निरूपण नगरिनेको, एषः — यो, रसः — सार हो, यः— जो, अयम् — यो, दक्षिणे — दायाँ, अक्षन् — आँखामा, पुरुषः — पुरुष छ, हि — यस कारणले कि, एषा — यो त्यस्य—विशेषरूपले ग्रहण नगरिनेको रसः— सार हो।

वाक्यार्थ— अब अमूर्त्त कहिन्छ। जो प्राण र शरीरभित्र रहेको आकाश छ त्यो अमूर्त्त (मूर्त्तिमान् नभएको) हो। यो अमरणधर्मी सर्वत्र स्थित विशेषरूपले अनिरूपणीय छ। त्यस अमूर्त्तिमान्, अमरणधर्मी सर्वत्र स्थित विशेषरूपले अनिरूपणीयको यो सार हो जो दाहिने आँखामा पुरुष छ। यस कारण कि त्यो विशेषरूपले ग्रहण गर्न नसकिने किसिमको छ।

लिङ्गशरीरात्मक पुरुषका स्वरूपको वर्णन

संबन्ध— 'तस्य' शब्दका वाचा— ब्रह्मका उपाधिभूत — अध्यात्म र अधिदैवत मूर्त्तामूर्त्तको विभाग कार्य-करणको विभागद्वारा गरियो। अब लिङ्ग शरीरात्मक पुरुषका स्वरूपको वर्णन गरिन्छ।

तस्य हैतस्य पुरुषस्य रूपम। यथा माहारजनं वासो यथा पाण्ड्वाविकं यथेन्द्रगोपो यथाग्न्यर्चिर्यथा पुण्डरिकं यथा सकृद्विद्युत्तऽसकृद्विद्युत्तेव ह वा अस्य श्रीर्भवति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

य एवं वेदायात आदेशो नेति नेति नह्येतस्मादिति नेत्यन्यत्परमस्त्यथ नामधेयꣳ सत्यस्य सत्यमिति प्राणा वै सत्यं तेषामेष सत्यम् ॥६ । इति तृतीयं ब्राह्मणम्

पदार्थ — तस्य — त्यस (करणात्मक) एतस्य — यो, पुरुषस्य — पुरुषको, ह—निश्चयले, रूपम् — स्वरूप, यथा–जस्तो, माहरजनम् — हलेदोमा रङाएको, वासः — वस्त्र हुन्छ, यथा — जस्तो, पाण्डु — सफेद, आविकम् — ऊन हुन्छ, यथा — जस्तो, इन्द्रगोपः — इन्द्रगोप कीरा हुन्छ, यथा — जस्तो, अग्न्यर्चिः — आगोको ज्वाला हुन्छ, यथा — जस्तो, पुण्डरीकम् — श्वेत कमल हुन्छ, यथा — जस्तो, सकृद् विद्युतम् —बिजुली एक पटक चम्कनु, हुन्छ यः—जो, एवम्—यस्तो (लिङ्ग शरीरात्मक पुरुषको स्वरूप) वेद — जान्दछ, अस्य — यसको, श्रीः — ख्याति, सकृद्विद्युता इव — एकै पटक बिजुली चम्के जस्तै चमकदार, भवति — हुन्छ, अथ — अब (सत्को स्वरूप बताएपछि) आदेशः — (ब्रह्मको) निर्देश छ, (कुन ?) न इति न इति—'यो होइन यो होइन, भन्ने । 'इति न' — 'यो' होइन, इति भन्ने, एतस्मात् — यसभन्दा, अन्यत् — अर्को, परम् — श्रेष्ठ निर्देशन, न हि अस्ति — छँदै छैन, अथ — अतः 'सत्यस्य सत्यम्' — सत्यको सत्य, इति — यो, नामधेयम् — ब्रह्मको नाम (युक्तम् उक्तम्) — ठीक भनिएको छ, वै — निश्चयले, प्राणाः — वाक् आदि प्राणहरू, सत्यम् — सत्य हुन्, एषः — यो ब्रह्म, तेषाम् — तिनीहरूको, सत्यम् — सत्य हो ।

वाक्यार्थ — त्यस लिङ्ग शरीरात्मक पुरुषको रूप हलेदाले रङाएको वस्त्र जस्तो छ, सफेद ऊन जस्तो छ, इन्द्रगोप कीरा जस्तो छ, सेतो कमल जस्तो छ, बिजुली एक पटक चम्केजस्तो छ, जस्तो अव्याकृतबाट प्रादुर्भाव हुँदा हिरण्यगर्भलाई एकै पटक अभिव्यक्ति हुन्छ । जसले यसरी वासनाको अन्तिम स्वरूप जान्दछ उसको ख्याति एकै पटक बिजुली चम्केजस्तै प्रकाशमान हुन्छ ।

यहाँसम्मका ग्रन्थले'सत्यको स्वरूप बताइयो । अब 'सत्यको सत्य' भनिएका ब्रह्मको स्वरूप निर्देश गरिन्छ । त्यो हो 'न इति' 'न इति' यो होइन, यो होइन भन्ने । यो 'यो होइन'' भन्ने निर्देशभन्दा उत्तम अर्को निर्देशन छँदै छैन । अतः 'सत्यको सत्य भन्ने जो ब्रह्मको नाम भनियो, त्यो ठीक छ । वाक् आदि प्राणहरू सत्य हुन्, ब्रह्म तिनको पनि सत्य हो ।

टिप्पणी — यस कण्डिकामा'पुरुष' भनेर लिङ्ग शरीरलाई लिइएको छ । खास परब्रह्मस्वरूप आत्मालाई होइन ।'लिङ्ग शरीर' दश इन्द्रिय, पाँच प्राण र मन,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धि यतिको समुदायलाई भनिन्छ। यी तत्त्व विज्ञानमय आत्माका भोगादि क्रियामा साधन रूप छन् र करण भनिन्छन्। अतः यहाँ 'पुरुष' शब्दका अर्थमा भ्रम नपार्नाका निमित्त 'करणात्मक पुरुष' 'लिङ्गात्मक पुरुष' भनेर अलग्याएको छ।

प्रस्तुत प्रकरणले सत्यको सत्य परमात्मस्वरूप बताउनुपरेको छ। त्यसका निमित्त पहिले सत्यको स्वरूप जति समस्त बताइदिनु आवश्यक हुन्छ। यस प्रकरणमा 'सत्य' भनेर प्राणलाई लिइएको छ, 'प्राण वै सत्यम्'। प्राण शब्दले वाक् आदि समस्त करण लिइएका छन्। 'वासना' भनिने चीज पनि सत्य (अन्यतम सत्य चित्त) यहाँ पुरुषका रूप भनेर बताइएका वासनाकै रूप हुन्। विषय-विशेषका अपेक्षाले र चित्तवृत्तिका अपेक्षाले वासनाका रङ्ग रातो, सेतो आदि विभिन्न हुन जान्छन्। यो रातो, सेतो भनेको सत्त्वादि गुणको तारतम्यलाई संकेत गरेको हो। बुद्धि (चित्त) स्थ वासनाका रक्तादि रूपले गर्दा पुरुष रक्त आदि भनिन्छ।

दोस्रो अध्यायमा तेस्रो मूर्त्तामूर्त्त ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ ब्राह्मण

याज्ञवल्क्य-मैत्रेयी-संवाद

१। —'आत्मा हो' भनेर नै उपासना गर्नू, आत्मतत्त्व नै यी सब पदार्थमा प्राप्तव्य छ। किनभने पुत्र आदि सकल पदार्थभन्दा प्यारो यै छ भन्ने कर्तव्य बोधन गरी ले आफूलाई ब्रह्म हुँ भनेर जान्यो र त्यो सबै भयो' (बृ. उ. भा. १।४।१०) भन्ने त्यद्वारा प्रत्यगात्मा ब्रह्मविद्याको विषय हो भन्ने कुरा स्थापित गरियो। ो अर्कै हो, म अर्कै हुँ' भनी ठान्छ भने त्यो जान्ने होइन (बृ. उ. १।४।१०) भन्ने यसबाट आरम्भ गरी पाऽक्त कर्मको साध्यसाधन-स्वरूप नामरूप कर्मात्मक संसार विद्या विषय हो भन्ने कुरा 'नाम, रूप, कर्म यी तीन कुरा छन्' (बृ अ. १।६।१) नी र गरियो। संसारबाट विरक्त नभएको पुरुष ब्रह्मविद्याको अधिकारी न् मैत्रेयी वरक्ति ल्याउनलाई अविद्याका संपूर्ण विषय प्रथमाध्यायमा खिचियो। ज्ञाच — मा 'म तिमीलाई ब्रह्मको उपदेश गरुँला', 'म ब्रह्मज्ञान गराउँला' (त्यास्त यसरी ब्रह्मविद्याका विषय प्रत्येक आत्मालाई प्रस्तुत गरेर आखिरमा न इति" (२।३।६) यस वाक्यले क्रिया-कारक-फल-स्वभाववाला 'सत्य' शब्दन य संपूर्ण भूतधर्मको निषेधद्वारा सकल विशेषशून्य एक अक्षय ब्रह्मको ज्ञान गराइयो। अब यस ब्रह्मविद्याको अङ्गरूपले संन्यास विधान गर्नु छ। किनभने पत्नी-पुत्र धनादि-साध्य पाऽक्त कर्म अविद्याको विषय हो र त्यो आत्मप्राप्तिको साधन इन। एक थोकको साधन अर्का थोकमा प्रयोग गरिंदा प्रतिकूल हुन्छ। पुत्रादि धनहरू मनुष्यलोक, पितृलोक र देवलोकका साधनरूपमा सुनिएका छन्। रूप—प्राप्तिका-साधनरूपमा छैनन्। फेरि यी कर्म 'यति नै कामना वस्तु हुन्' भनी फल देखाइएकाले काम्य भनिएका छन्। ब्रह्मविद् नकाम हुनाले त्यसमा कामना उठ्नु संभव छैन। जसको कि यस्तो ार हुन्छ-'जुन हाम्रो निमित्त यो आत्मा नै लोक छ। अर्को कुरा — ब्रह्म-ाले अर्को साधनको सहायता पनि खोज्दैन। एकलै पुरुषार्थ सिद्ध गराउन समर्थ उल्टो बन्धकारी कर्मको सहायता किन खोजोस्। त्यस कारण संपूर्ण साधनहरूलाई ग गर्नुरूप सन्यास अङ्गरूपमा विधान गर्नु अभीष्ट छ। यति ब्रह्मज्ञान अमृतत्वको

Jagannath Bhattarai Collection, Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धि यतिको समुदायलाई भनिन्छ। यी तत्त्व विज्ञानमय आत्माका भोगादि क्रियामा साधन रूप छन् र करण भनिन्छन्। अतः यहाँ 'पुरुष' शब्दका अर्थमा भ्रम नपार्नाका निमित्त 'करणात्मक पुरुष' 'लिङ्गात्मक पुरुष' भनेर अलग्याएको छ।

प्रस्तुत प्रकरणले सत्यको सत्य परमात्मस्वरूप बताउनुपरेको छ। त्यसका निमित्त पहिले सत्यको स्वरूप जति समस्त बताइदिनु आवश्यक हुन्छ। यस प्रकरणमा 'सत्य' भनेर प्राणलाई लिइएको छ, 'प्राण वै सत्यम्'। प्राण शब्दले वाक् आदि समस्त करण लिइएका छन्। 'वासना' भनिने चीज पनि सत्य (अन्यतम सत्य चित्त) यहाँ पुरुषका रूप भनेर बताइएका वासनाकै रूप हुन्। विषय-विशेषका अपेक्षाले र चित्तवृत्तिका अपेक्षाले वासनाका रङ्ग रातो, सेतो आदि विभिन्न हुन जान्छन्। यो-रातो, सेतो भनेको सत्त्वादि गुणको तारतम्यलाई संकेत गरेको हो। बुद्धि (चित्त) स्थ वासनाका रक्तादि रूपले गर्दा पुरुष रक्त आदि भनिन्छ।

दोस्रो अध्यायमा तेस्रो मूर्त्तामूर्त्त ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ ब्राह्मण

याज्ञवल्क्य-मैत्रेयी-संवाद

संबन्ध —'आत्मा हो' भनेर नै उपासना गर्नु, आत्मतत्त्व नै यी सब पदार्थमा प्राप्तव्य वस्तु छ। किनभने पुत्र आदि सकल पदार्थभन्दा प्यारो यै छ भन्ने कर्तव्य बोधन गरी 'त्यसले आफूलाई ब्रह्म हुँ भनेर जान्यो र त्यो सबै भयो' (बृ. उ. त.।४।१०) भन्ने वाक्यद्वारा प्रत्यगात्मा ब्रह्मविद्याको विषय हो भन्ने कुरा स्थापित गरियो। 'यो अर्कै हो, म अर्कै हुँ' भनी ठान्छ भने त्यो जान्ने होइन (बृ. उ. १।४।१०) भन्ने यसबाट आरम्भ गरी पाऽक्त कर्मको साध्यसाधन-स्वरूप नामरूप कर्मात्मक संसार अविद्याको विषय हो भन्ने कुरा 'नाम, रूप, कर्म यी तीन कुरा छन्' (बृ अ. १।६।१) भनी उपसंहार गरियो। संसारबाट विरक्त नभएको पुरुष ब्रह्मविद्याको अधिकारी नहुने हुनाले विरक्ति ल्याउनलाई अविद्याका संपूर्ण विषय प्रथमाध्यायमा खिचियो। दोस्रो अध्यायमा 'म तिमीलाई ब्रह्मको उपदेश गरुँला', 'म ब्रह्मज्ञान गराउँला' (२।१।१५) यसरी ब्रह्मविद्याका विषय प्रत्येक आत्मालाई प्रस्तुत गरेर आखिरमा 'न इति, न इति" (२।३।६) यस वाक्यले क्रिया-कारक-फल-स्वभाववाला 'सत्य' शब्दवाच्य संपूर्ण भूतधर्मको निषेधद्वारा सकल विशेषशून्य एक अक्षय ब्रह्मको ज्ञान गराइयो। अब यस ब्रह्मविद्याको अङ्गरूपले संन्यास विधान गर्नु छ। किनभने पत्नी-पुत्र, धनादि-साध्य पाऽक्त कर्म अविद्याको विषय हो र त्यो आत्मप्राप्तिको साधन इन। एक थोकको साधन अर्का थोकमा प्रयोग गरिंदा प्रतिकूल हुन्छ। पुत्रादि नहरू मनुष्यलोक, पितृलोक र देवलोकका साधनरूपमा सुनिएका छन्। रूप—प्राप्तिका-साधनरूपमा छैनन्। फेरि यी कर्म 'यति नै कामना वस्तु हुन्' भनी फल देखाइएकाले काम्य भनिएका छन्। ब्रह्मविद् नकाम हुनाले त्यसमा कामना उठ्नु संभव छैन। जसको कि यस्तो ार हुन्छ-'जुन हाम्रो निमित्त यो आत्मा नै लोक छ। अर्को कुरा — ब्रह्म-ाले अर्को साधनको सहायता पनि खोज्दैन। एकलै पुरुषार्थ सिद्ध गराउन समर्थ उल्टो बन्धकारी कर्मको सहायता किन खोजोस्। त्यस कारण संपूर्ण साधनहरूलाई ग गर्नुरूप सन्यास अङ्गरूपमा विधान गर्नु अभीष्ट छ। यति ब्रह्मज्ञान अमृतत्वको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साधन हो' भनेर निश्चय पनि गरिएको छ। कर्म गर्ने हुँदा हुँदै पनि याज्ञवल्क्यले सन्यास लिए भन्ने प्रमाण पनि छ। अनि कर्म साधन नभएकी मैत्रेयीलाई अमृतत्वको साधन-रूपमा ब्रह्मविद्याको उपदेश गरेको र धनको निन्दा समेत गरेकोले पनि यै सिद्ध हुन्छ। अर्को कुरा — 'ब्राह्मण जातिले त्यसलाई परास्त गर्दछ, जो ब्राह्मण जाति-लाई आत्मादेखि छुट्टा ठान्दछ, क्षत्रिय जातिले त्यसलाई परास्त गर्दछ। जो क्षत्रिय जातिलाई आत्मादेखि छुट्टा ठान्दछ, (२।४।६) इत्यादि वाक्यले ब्राह्मणत्व, क्षत्रियत्व आदि भावनालाई हटाइदिएबाट 'ब्राह्मणले यस्तो गर्नुपर्छ' (क्षत्रियले यसो गर्नुपर्छ) भन्ने विधिको विषयै नरहनाले विधिको विश्वरूपै बज्न सक्तैन। जसको 'म ब्राह्मण हुँ, म क्षत्रिय हुँ' इत्यादि भावना नै हटिसकेको छ, त्यसको ब्राह्मणत्वादि भावनाको सन्यास भैसकेकाले त्यसका कर्मस्वरूप कर्मको सन्यास स्वतः हुन जाने हुन्छ। त्यस कारण आ[illegible]को अङ्गरूपमा सन्यास विधान गर्ने अभिप्रायले नै यो आख्या-यिका आरम्भ गरिन्छ।

मैत्रेयीति होवाच याज्ञवल्क्य उद्यास्यन्वा अरेऽहमस्मात्स्थानात्दस्मि हन्त तेऽनया कात्यायन्यान्तं करवाणीति ॥१॥

पदार्थ — ह — यो अघि भएको कुरा हो, अरे मैत्रेयि इति — ए मैत्रेयी! भनी संबोधन गरेर, याग्यवल्क्यः — याज्ञवल्क्यले, इति — यसो, उवाच — भने, अहम् — म, अस्मात् — यस, स्थानमा — गृहस्थाश्रमबाट, उदयास्यन् — उपर (सन्यास आश्रममा) जान आँटेको, अस्मि — छु, (अतः) हन्त — अनुमति चाहन्छु, ते — तिम्रो, अनया — यी, कात्यायन्या — कात्यायनीसँग, अन्तम् — अंशवण्डा, करवाणि — गरिदिऊँ?

वाक्यार्थ — यो अघि भएको कुरा हो। ए मैत्रेयी! भनी बोलाएर याज्ञवल्क्य महर्षिले भने — म यस गृहस्थाश्रमबाट उपर सन्यास आश्रममा जान आँटेको छु र अनुमति चाहन्छु यी कात्यायनीसँग तिम्रो अंश-वण्डा गरिदिऊँ?

सा होवाच मैत्रेयी यन्नु म इयं भगोः सर्वा पृथिवी वित्तेन पूर्णास्यात्कथं स्यामिति नेति होवाच याज्ञवल्क्यो यथैवोपकरणवतां जीवितं तथैव ते जी स्यादमृतत्वस्य तु नाशास्ति वित्तेनेति ॥२॥

पदार्थ — ह — भएको कुरा हो, सा — ती, मैत्रेयी — मैत्रेयीले, यसो, उवाच — भनिन्, भगोः — भगवन्, नु — के, यत् — यदि,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म... अतः—

नि...त्यस विषयमा केही विशेषण ... — हे ग... अवश्य सोध । शाकल्यले भ...

...को देवता कुन हो ... याज्ञवल्क्य, आक... पद—प्राण हो, यो भएको कुरा हो...

पदार्थ — ...

याज्ञवल्क्य—हे याज्ञवल्क्य ... तिरबाट व्याप्त छ ।

दुइ प्रश्न सोध्नेछु, यथा — ...

वैदेहः — मिथिलाको होस्, उग्रपुत्रः ... नं ऐनाहरू प्रति... पुरुषगर्न...

ताँदो झारिएको, धनुः — धनु, अधिज्यम् ... वाचम् — ...

सपत्नातिव्याधिनौ — शत्रुलाई छेड्ने ... षः — यो, आ...

भएका दुइ वाण, हस्ते —हातमा, रणादि — ... र-धर्मले ...

होला, एवम् एव — यसै गरी, ... — म, द्वाभ्याम् — ...

प्रश्नले, त्वा उपोदस्थाम् — तिम्रा समीप खडी छु, तौ — ती दु... ...नको उत्तर,

मे — मलाई, ब्रूहि — भन, (अनि याज्ञवल्क्यले) इति — यसो, (भने) गार्गि—

हे गार्गी ! पृच्छ — सोध ।

वाक्यार्थ—ती गार्गीले भनिन्—हे याज्ञवल्क्य ! म तिमीलाई दुइ प्रश्न सोद्धछु। जसरी काशीको वा मिथिलाको शूर-वंशमा उत्पन्न क्षत्री ताँदो झारिएको धनु ताँदो चढाइएको बनाई शत्रुलाई छेड्ने तीखा टुप्पा भएका दुइ वाँण हातमा लिएर नजीकै खडा होला, उसै गरी म दुइ प्रश्न लिएर तिम्रा समीप खडी छु। ती दुइ प्रश्नको उत्तर मलाई भन । अनि याज्ञवल्क्यले भने—गार्गी ! सोध ।

पहिलो प्रश्न

सा होवाच यदूर्ध्वं याज्ञवल्क्य दिवो यदवाक् पृथिव्या यदन्तरा द्यावापृथिवी इमे यद् भूतं च भवच्च भविष्यच्चेत्याचक्षते कामिꣳस्तदोतं च प्रोतं चेति ॥ ३ ॥

पदार्थ — सा — ती गार्गीले, इति — यसो, उवाच — भनिन्, ह — निश्चय हो, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! , यद् — जो, दिवः — द्युलोकभन्दा, ऊर्ध्वम् — माथि छ, यत् — जो, पृथिव्याः — पृथिवीभन्दा, अर्वाक् — तल छ, यद् — जो, अन्तरा—बीचमा छ, (तथा) इमे — यी, द्यावापृथिवी — द्युलोक र पृथिवी ? (एवं) यद् — जो, भूतम् — भएको छ, च — र, भवत् — हुँदो छ, च— र, भविष्यत् च — हुने पनि छ, इति — यसो, आचक्षते — भन्दछन्, तद् — त्यो सब कुरा, कस्मिन् — केमा, ओतम् च प्रोतम् च — सबतिरबाट व्याप्त छ ।

वाक्यार्थ — ती गार्गीले भनिन्—हे याज्ञवल्क्य ! जो द्युलोकभन्दा माथि छ, जो पृथ्वीभन्दा तल छ, (र) जो बीचमा छ तथा यी द्युलोक र पृथ्वी, एवं जो भएको, भइरहेको र हुने समेत छ भनी भन्दछन् त्यो सब चीज केमा सबैतिरबाट व्याप्त छ?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

दुइ प्रश्न सोध्नलाई गार्गीले आज्ञा माग्नु

अथ ह वाचक्नव्युवाच ब्राह्मणा भगवन्तो हन्ताहमिमं द्वौ प्रश्नौ
चेन्मे वक्ष्यति न जातु युष्माकमिमं कश्चिद् ब्रह्मोद्यं जेतेति पृच्छ गा

पदार्थ — अथ — उद्दालकले प्रश्न गर्न छोडेपछि, ह — यसो
वाचक्नवी — वचक्नुकी छोरी गार्गीले, इति — यसो, उवाच — भनिन्,
भगवन्त — सम्मानयुक्त, ब्राह्मणाः — हे ब्राह्मणहो ! हन्त — दया गरियोस्,
अर्थात् सोध्न अनुमति पाऊँ, अहम् — म, इमम् — यी याज्ञवल्क्यलाई, द्वौ — दुइ,
प्रश्नौ — प्रश्न, प्रक्ष्यामि — सोध्नेछु, तौ — ती दुइ प्रश्नका उत्तर, मे —
मलाई, वक्ष्यति चेत् — बताउलान् त, इमम् — यी याज्ञवल्क्यलाई, युष्माकम् —
तपाईंहरूका मध्यमा, कश्चिद् — कुनै, ब्रह्मोद्यम् — ब्रह्मसंबन्धी वादमा
जेता — जित्ने, जातु :— कुनै समय, न भवेत् — होओइन, (अनि ब्राह्मणहरूले)
इति — यसो, (भने) गार्गी — गार्गी ! पृच्छ — सोध ।

वाक्यार्थ — उद्दालकले प्रश्न गर्न छोडेपछि वचक्नुकी छोरी गार्गीले भनिन्—
हे सम्मानयुक्त ब्राह्मण हो ! दया गर्नुहोस्, म सोध्न अनुमति पाऊँ । म यी याज्ञवल्क्यलाई
दुइ प्रश्न सोध्नेछु, ती दुइ प्रश्नको उत्तर मलाई बताए भने ब्रह्मसंबन्धी वादमा
यिनलाई तपाईंहरूमध्ये कुनै पनि कुनै समय जित्नुहुनेछैन । अनि ब्राह्मणहरूले
भने सोध गार्गी !

सा होवाचाहं वै त्वा याज्ञवल्क्य यथा काश्यो वा वैदेहो वोग्रपुत्र उज्ज्यं
धनुरधिज्यं कृत्वा द्वौ बाणवन्तौ सपत्नातिव्याधिनौ हस्ते कृत्वोपोत्तिष्ठेदेवमेवाहं
त्वा द्वाभ्यां प्रश्नाभ्यामुपोदस्थां तौ मे ब्रूहीति पृच्छ गार्गीति ॥२॥

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तृ—मननकर्ता, न—छैन, अतः—यसदेखि अन्यत् —त्र **यो वाचमन्तरो**
निश्चयकर्ता, न — छैन, गार्गि— हे गार्गी ! खलु— अवश्य
अक्षरे—अविनाशी तत्त्वमा, आक पद हो। व्याकृत
यता-उता सवतिरवाट व्याप्त छ।

वाक्यार्थ — द्रियमा, तिष्ठन् — रहेको छ,
भिन्न छ, यम्—जसलाई, वाक्— वाक्
होस् हो। यस्य — जसको, वाक् — वाक् इन्द्रिय,
उने हो। यो — वाचम् — वाक् इन्द्रियलाई, अन्तरः — भिन्न
बुद्धिद्वारा निश्चय क्रिया गर्ने हो, मत गर्दछ, एषः — यो, आत्मा — आत्मा, अन्तर्यामी —
अन्तर्यामी। — मरणादि संसार-धर्मले वर्जित छ।

वाक्यार्थ — जो वाक् इन्द्रियमा रहेको छ, तर वाक् इन्द्रियको भिन्न छ, जसलाई वाक् इन्द्रियले, थाहा पाउँदैन, जसको वाक् इन्द्रिय शरीर हो, जो वाक् इन्द्रियलाई भिन्न रहेर नियमित गर्दछ, त्यै यो तिम्रो आत्मा अन्तर्यामी हो। यो मरणादि संसार-धर्मले वर्जित छ।

यश्चक्षुषि तिष्ठँश्चक्षुषोऽन्तरो यं चक्षुर्न वेद यस्य चक्षुः शरीरं यश्चक्षुरन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः ॥१८॥

पदार्थ — यः — जो, चक्षुषि — चक्षु इन्द्रियमा, तिष्ठन् — रहेको छ, (तर) चक्षुषः — चक्षुको, अन्तरः — भिन्न छ, यम् — जसलाई, चक्षुः —चक्षुले, न वेद — थाह पाउँदैन, यस्य — जसको, चक्षुः — चक्षु, शरीरम् — शरीर हो, यः — जो, चक्षुः — चक्षुलाई, अन्तरः — भिन्न रहेर, यमयति — नियमित गर्दछ, एषः — यो, ते — तिम्रो, आत्मा — आत्मा, अन्तर्यामी — अन्तर्यामी हो, अमृतः — मरणादि संसार-धर्मले वर्जित छ।

वाक्यार्थ — जो चक्षु इन्द्रियमा रहेको छ, तर चक्षुको भिन्न छ, जसलाई चक्षुले थाहा पाउँदैन, जसको चक्षु शरीर हो, जो चक्षुलाई भिन्न रहेर नियमित गर्दछ, त्यै यो तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार-धर्मले वर्जित छ।

यः श्रोत्रे तिष्ठँश्छ्रोत्रादन्तरो यँश्रोत्रं न वेद यस्य श्रोत्रँशरीरं यः श्रोत्रमन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः ॥१९॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — ... गरिएको अवश्य सोध । शाकल्यले भ
श्रोत्रात् — श्रोत्रको, ... प्राण हो, यो भएको कुरा हो
न वेद — थाहा पाउँदैन, ...को र ... पुरुषार्न
हो, यः — जो, श्रोत्रम् — श्रो... ऐनाहा ...
गर्दछ, एषः — यो, ते — तिम्रो, ...तिल
हो, अमृतः — मरणादि संसार-धर्मले ... निरुपाधिक अपरोक्ष सवान

वाक्यार्थ — जो श्रोत्र इन्द्रियमा रहेको छ तर श्र... श्रोत्रले थाहा पाउँदैन, जसको श्रोत्र शरीर हो, जो श्रोत्र... नियमि गर्दछ, त्यै यो तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार-धर्मले वर्जित छ ।

यो मनसि तिष्ठन् मनसोऽन्तरो यं मनो न वेद यस्य मनः शरीरं यो मनोऽन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः ॥२०॥

पदार्थ — यः — जो, मनसि — मनमा, तिष्ठन् — रहेको छ, (तर) मनसः — मनको, अन्तरः — भित्र छ, यम् — जसलाई, मनः — मनले, न-वेद — थाह पाउँदैन, यस्य — जसको, मनः — मन, शरीरम् — शरीर हो, यः — जो, मनः — मनलाई, अन्तरः — भित्र रहेर, यमयति — नियमित गर्दछ, एषः — यो, ते — तिम्रो, आत्मा — आत्मा, अन्तर्यामी — अन्तर्यामी हो, अमृतः — मरणादि संसार-धर्मले वर्जित छ ।

वाक्यार्थ — जो मनमा रहेको छ, तर मनको भित्र छ, जसलाई मनले थाहा पाउँदैन, जसको मन शरीर ही, जो मनलाई भित्र रहेर नियमित गर्दछ, त्यै यो तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार धर्मले वर्जित छ ।

यस्त्वचि तिष्ठꣳस्त्वचोऽन्तरो यं त्वङ न वेद यस्य त्वक् शरीरं यस्त्वचमन्तरो यमयत्येष तं आत्मान्तर्याम्यमृतः ॥२१॥

पदार्थ — यः — जो, त्वचि — त्वक् इन्द्रियमा, तिष्ठन् — रहेको छ, (तर) त्वचः — त्वक् को, अन्तरः — भित्र छ, यम् — जसलाई, त्वक् — त्वक्ले, न वेद — थाहा पाउँदैन, यस्य — जसको, त्वक् — त्वक्, शरीरम् — शरीर हो, यः — जो, त्वचम् — त्वक्लाई, अन्तरः — भित्र रहेर, यमयति — नियमित

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तृ—मननकर्ता, न—छैन, अतः—यसदेखि अन्यत् —तमको अधि-
निश्चयकर्ता, न — छैन, गार्गि— हे गार्गी ! खलु— तँ
अक्षरे—अविनाशी तत्त्वमा, आक पद हो। व्याकृत
यता-उता सवतिरबाट व्याप्त छ। भन्न रहेर, यमयति —निय-
— आत्मा, अमृतः —मरणादि

वाक्यार्थ

हो
तमी उने हो। यो
ना रहे
छ तर तमको भिन्न छ, जसलाई तमका अधि-
द्विद्वारा निश्चय
ताले
दैन, जसको तम शरीर हो, जो तमलाई भिन्न रहेर
करा हो।
नियमित गर्दछ, त्यै यो तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार-धर्मले वर्जित छ।

यस्तेजसि तिष्ठ॰स्तेजसोऽन्तरो यं तेजो न वेद यस्य तेजः शरीरं यस्तेजोऽन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः इत्यधिदैवतमथाधिभूतम् ॥१४॥

पदार्थ — यः — जो, तेजसि — तेजमा, तिष्ठन् — रहेको छ, (तर) तेजसः — तेजको, अन्तरः — भिन्न छ, यम् — जसलाई, तेजः — तेजको अधिदेवताले, (पनि) न वेद — थाहा पाउँदैन, यस्य — जसको, तेज,— तेजः शरीरम् — शरीर हो, यः — जो, तेजः — तेजलाई, अन्तरः — भिन्न रहेर, यमयति — नियमित गर्दछ, एषः — यो, ते — तिम्रो, आत्मा — आत्मा, अन्तर्यामी — अन्तर्यामी हो, अमृतः — मरणादि संसार-धर्मले वर्जित छ। इति — यो, अधिदैवतम् — देवताहरूमा अन्तर्यामिविषयक दृष्टि हो; अथ — अब, अधिभूतम् — भूतहरूमा अन्तर्यामिविषयक दृष्टि (कहिन्छ)।

वाक्यार्थ — जो तेजमा रहेको छ तर तेजको भिन्न छ, जसलाई तेजका अधिदेवताले पनि थाह पाउँदैन, जसको तेज शरीर हो, जो तेजलाई भिन्न रहेर नियमित गर्दछ, त्यो यो तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार-धर्मले वर्जित छ। यो देवताहरूमा अन्तर्यामिविषयक दृष्टि हो, अब भूतहरूमा अन्तर्यामि-विषयक दृष्टि कहिन्छ।

यः सर्वेषु भूतेषु तिष्ठन् सर्वेभ्यो भूतेभ्योऽन्तरो य॰सर्वाणि भूतानि न विदुर्यस्य सर्वाणि भूतानि शरीरं यः सर्वाणि भूतान्यन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृत इत्यधिभूतमथाध्यात्मम् ॥१५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — यँ गरिएको — प्राण हो, यो भएको कुरा हे
रहेको छ, (तर) सँ
यम् — जसलाई, सर्वाणि — सं
पाउँदैनन्, यस्य — जसको, सर्व
रम् — शरीर हो, यः — जो, सर्व
अन्तरः — भिन्न रहेर, यमयति — नि
आत्मा — आत्मा, अन्तर्यामी — अन्तर्यामी
धर्मले वर्जित छ। इति — यो, अधिभूतम् — प्राणीहरूमा
हो। अथ — अब, अध्यात्मम् — शरीरमा अन्तर्यामिविषयक दृष्ट (कहिन्छ)।

वाक्यार्थ — जो संपूर्ण प्राणीमा रहेको छ तर संपूर्ण प्राणीका भिन्न छ, जसलाई संपूर्ण प्राणीले थाहा पाउँदैनन्, जसको संपूर्ण प्राणी शरीर हो, जो संपूर्ण प्राणीलाई भिन्न रहेर नियमित गर्दछ। यै तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार-धर्मले वर्जित छ। यो प्राणीहरूमा अन्तर्यामिविषयक दृष्टि हो। अब शरीरमा अन्तर्यामिविषयक दृष्टि कहिन्छ।

यः प्राणे तिष्ठन् प्राणादन्तरो यं प्राणो न वेद यस्य प्राणः शरीरं यः प्राणमन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः ॥१६॥

पदार्थ — यः — जो, प्राणे — प्राणवायुसहित घ्राणमा, तिष्ठन् — रहेको छ (तर) प्राणात् — प्राणवायुसहित घ्राणको, अन्तरः — भिन्न छ, यम् — जसलाई, प्राणः — प्राणवायुसहित घ्राणले, न वेद — थाहा पाउँदैन, यस्य — जसको प्राणः — प्राणवायुसहित घ्राण, शरीरम् — शरीर हो, यः — जो, प्राणम् — प्राणवायुसहित घ्राणलाई, अन्तरः — भिन्न रहेर, यमयति — नियमित गर्दछ, एषः — यो, ते — तिम्रो आत्मा — आत्मा, अन्तर्यामी — अन्तर्यामी हो, (यो) अमृतः — मरणादि संसार-धर्मले वर्जित छ।

वाक्यार्थ — जो प्राणवायुसहित घ्राणमा रहेको छ, तर प्राणवायुसहित घ्राणको भिन्न छ। जसलाई प्राणवायुसहित घ्राणले थाहा पाउँदैन, जसको-प्राणवायु-सहित घ्राण शरीर हो, जो प्राणवायुसहित घ्राणलाई भिन्न रहेर नियमित गर्दछ त्यै यो तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार-धर्मले वर्जित छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तृ—मननकर्ता, न—छैन, अतः—यसदेखि अन्यत् —रहेको छ, (तर) निश्चयकर्ता, न — छैन, गार्गि—हे गार्गी ! खलु—नै, जसलाई, आदित्यः — अक्षरे—अविनाशी तत्त्वमा, आक पद हो, व्याकृ पाउँदैन, यस्य — जसको, यता-उता सबतिरबाट व्याप्त छ । [illegible] — जो, आदित्यम् — आदित्य-

वाक्यार्थ [illegible] मित गर्दछ, एषः — यो, ते — तिम्रो, हो [illegible] मी हो, अमृतः — मरणादि संसार- [illegible] उने हो। यो — [illegible]

[illegible] द्धिद्वारा निश्चय

वाक्यकरा हो। आदित्यमा रहेको छ तर आदित्यको भिन्न छ, जसलाई आदित्यका अधिदेवताले पनि थाह पाउँदैन, जसको आदित्य शरीर हो, जो आदित्यलाई भिन्न रहेर नियमित गर्दछ, त्यै यो तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार-धर्म-रहित छ ।

यो दिक्षु तिष्ठन् दिग्भ्योऽन्तरो यं दिशो न विदुर्यस्य दिशः शरीरं यो दिशोऽन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः ॥१० ॥

पदार्थ — यः — जो, दिक्षु — दिशामा, तिष्ठन् — रहेको छ, (तर) दिग्भ्यः — दिशाको, अन्तरः — भिन्न छ, यम् — जसलाई, दिशः — दिशाका अधिदेवताले (पनि), न विदुः — जान्दैनन्, यस्य — जसको, दिशः — दिशा, शरीरम् — शरीर हो, यः — जो, दिशः — दिशालाई, अन्तरः — भिन्न रहेर, यमयति — नियमित गर्दछ, एषः — यो, ते — तिम्रो, आत्मा — आत्मा, अन्तर्यामी — अन्तर्यामी हो, अमृतः — मरणादि संसार-धर्मले वर्जित छ ।

वाक्यार्थ — जो दिशाहरूमा रहेको छ तर दिशाहरूका भिन्न छ, जसलाई दिशाका अधिदेवताले पनि थाह पाउँदैनन्, जसका दिशाहरू शरीर हो, जो दिशाहरूलाई भिन्न रहेर नियमित गर्दछ त्यै-यो तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार-धर्मले वर्जित छ।

यश्चन्द्रतारके तिष्ठ॰श्चन्द्रतारकादन्तरो यं चन्द्रतारकं न वेद यस्य चन्द्रतारक॰ शरीरं यश्चन्द्रतारकमन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः ॥११ ॥

पदार्थ — यः — जो, चन्द्रतारके — चन्द्रमा र तारामा, तिष्ठन्—रहेको छ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवश्य सोध । शाकल्यले
प्राण हो, यो भएको कुरा हे
पुरुषार्न
(तर) चन्द्रतारक... गरिएको
चन्द्रतारकम् — चन्द्र... पनि कर्म सा...
यस्य — जसको, चन्द्रतारको र... ऐनाहरू पनि
यः — जो, चन्द्रतारकम् — चन्द्र... यस...
यति — नियमित गर्दछ, एषः — यो, ते...
मी — अन्तर्यामी हो, अमृतः — मरण...
...ह्मण
...रुपाधिक अपरोक्ष सवान...

वाक्यार्थ — जो चन्द्रमा र तारामा रहेको छ, तर चन्... भि...
छ, जसलाई चन्द्रमा र ताराका अधिदेवताले पनि थाह पाउँदैन, ... चन्द्रमा र तारा शरीर हो, जो चन्द्रमा र तारालाई भित्र रहेर नियमित गर्दछ, त्यै यो तिम्रो आत्मा अन्तर्यामी हो । यो मरणादि संसार-धर्मले वर्जित छ ।

य आकाशे तिष्ठन्नाकाशादन्तरो यमाकाशो न वेद यस्याकाशः शरीरं य आकाशमन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः ॥ १२ ॥

पदार्थ — यः — जो, आकाशे — आकाशमा, तिष्ठन् — रहेको छ, (तर) आकाशात् — आकाशको, अन्तरः — भित्र छ, यम् — जसलाई, आकाशः — आकाशका अधिदेवताले (पनि) न वेद — थाह पाउँदैन, यस्य — जसको, आकाशः — आकाश, शरीरम् — शरीर हो, यः — जो, आकाशम् — आकाशलाई अन्तरः — भित्र रहेर, यमयति — नियमित गर्दछ, एषः — यो, ते — तिम्रो, अत्मा — आत्मा, अन्तर्यामी — अन्तर्यामी हो, अमृतः — मरणादि संसार-धर्मले वर्जित छ ।

वाक्यार्थ — जो आकाशमा रहेको छ तर आकाशको भित्र छ, जसलाई आकाशका अधिदेवताले पनि थाह पाउँदैन, जसको आकाश शरीर हो, जो आकाशलाई भित्र रहेर नियमित गर्दछ, त्यै यो तिम्रो आत्मा अन्तर्यामी हो, यो मरणादि संसार-धर्मले वर्जित छ ।

यस्तमसि तिष्ठꣳस्तमसोऽन्तरो यं तमो न वेद यस्य तमः शरीरं यस्तमोऽन्तरो यमयत्येष त आत्मान्तर्याम्यमृतः ॥१३ ॥

पदार्थ — यः — जो, तमसि — तममा, तिष्ठन् — रहेको छ, (तर)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तृ—मननकर्ता, न—छैन, अतः—यसदेखि अन्यत् [illegible]ख, स्यन्दन्ते—निश्चयकर्ता, न—छैन, गार्गि—हे गार्गी ! खलु—[illegible]अरू सिन्धु आदि अक्षरे—अविनाशी तत्त्वमा, आक[illegible] व्याक[illegible] दिशातिर, अनुप्रवृत्ताः—यता-उता सबतिरबाट व्याप्त छ । [illegible]शातिर नै, स्यन्दन्ते—बहिरहेका [illegible]र बहेका छैनन् । गार्गि—हे गार्गी !

वाक्यार्थ [illegible]शी तत्त्वका, प्रशासने—प्रशासनमा, [illegible] हो । [illegible] —मानिसहरू, प्रशंसन्ति—प्रशंसा गर्दछन्, [illegible]उने हो । यो [illegible] मानम्—यज्ञ गर्नेका, अन्वायत्ताः—पछि लागेका छन्, [illegible]द्धिद्वारा निश्चय[illegible] पितरः—[illegible]र्गीम्—दर्वी होमका, अन्वायत्ताः—पछि लागेका छन् ।

वाक्यार्थ—हे गार्गी ! यै अविनाशी तत्त्वका प्रशासनमा सूर्य-चन्द्र धानिएर रहेका छन्, यै अविनाशी तत्त्वका प्रशासनमा द्युलोक र पृथिवीलोक अडेका छन्, यसैका प्रशासनमा निमेष, मुहूर्त, दिन-रात, पक्ष, महीना ऋतु र संवत्सर यी कालका अवयवहरू नियतरूपले चल्ने भइरहेका छन् । यसैका प्रशासनमा पूर्वतर्फ बग्न लगाइएका गङ्गा आदि नदीहरू हिमालय आदि पर्वतदेखि झरी पूर्वैतर्फ बहिरहेका छन् । पश्चिमतर्फ लगाइएका सिन्धु आदि नदीहरू पश्चिमतर्फै बहिरहेका छन् । जथाभावी बहेका छैनन् । यसैका प्रशासनमा मानिसहरू दिनेहरूलाई प्रशंसा गर्दछन् । (दिने, लिने र लिइनेको यहाँ संयोग र वियोग प्रत्यक्ष देखिन्छ, परत्रको समागमचाहिं नदेखिने छ । तब दातालाई तत्काल फल केही नमिलेको देखी-देखीकन पनि विज्ञजन समेत किन उसलाई प्रशंसा गर्दछन् ? कर्मफलको विभागज्ञ एवं कर्मफलको दाता अविनाशी प्रशासक तत्त्व मौजूद भएको हुनाले नै गर्दछन्) गार्गी ! यसैका प्रशासनमा देवता-हरू चरु-पुरोडास आदि लाभका प्रयोजनले यजमानका आश्रित हुन्छन् र पितृहरू दर्वी होमका आश्रित । (यदि आफूउपरको कुनै प्रशासकले न खटाएको भए त्यस्ता ऐश्वर्य संपन्न देवताहरू यस्तो दीन वृत्तिको चाहना गर्दैनहुन्) । अतः—संसारको सर्वशक्ति-सम्पन्न कुनै प्रशासक छ । त्यो हो यो अविनाशी ब्रह्मतत्त्व ।

अक्षरको ज्ञान-अज्ञानको परिणाम

यो वा एतदक्षरं गार्ग्यविदित्वास्मिँल्लोके जुहोति यजते तपस्तप्यते बहूनि वर्षसहस्राण्यन्तवदेवास्य तद् भवति यो वा एतदक्षरं गार्ग्यविदित्वास्माल्लोकात् प्रैति स कृपणोऽथ य एतदक्षरं गार्गि विदित्वास्माल्लोकात् प्रैति स ब्राह्मणः ॥१०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवश्य सोध । शाकल्यले
प्राण हो, यो भएको कुरा हे

पदार्थ — ... गरिएको
एतत्— यो, अक्षरम्— ...नि कर्म सा
हवन गर्दछ, यजते — याग ... ऐनाहरू
वर्ष, तपः तप्यते — तपस्या गर्दछ, त्यस
तत् — त्यो फल, भवति — हुन्छ, वै ...
जो, एतत् — यो, अक्षरम् — अविना...
अस्मात्—यस, लोकात्—लोकबाट, प्रैति— म...
पैसाले किनेको नोकरहरू जस्तो हो । अथ — अनि, यः ...
अक्षरम् — अविनाशी तत्त्वलाई, विदित्वा — जानेर, अस्मात् ..., लोकात्—
लोकबाट, प्रैति — मरेर जान्छ, सः — त्यो, ब्राह्मणः — ब्राह्मण हो ।

वाक्यार्थ— हे गार्गी, जो यस लोकमा यस अविनाशी तत्त्वलाई नजानीकन हवन गर्दछ, याग गर्दछ, तथा धेरै हजारौं वर्षसम्म तपस्या गर्दछ, त्यसलाई विनाशी नै फल मिल्छ, फल-भोगका अन्तमा ती कर्महरू क्षीण नै भैजान्छन्, यो निश्चय हो । अतः हे गार्गी ! जो यस अविनाशी तत्त्वलाई नजानी यस लोकबाट मरेर जान्छ त्यो पैसाले किनेको नोकर जस्तो दीन हो । अनि जो त यस अविनाशी तत्त्वलाई जानेर यस लोकबाट मरेर जान्छ त्यो ब्राह्मण हो । अर्थात् जुन ब्रह्म जान्नाले वा ब्रह्म-प्राप्तिको लक्ष्यले ब्राह्मण भनिन सुहाउने हो सो पूरा गरेकाले खास ब्राह्मण हो ।

अक्षरको स्वरूप, लक्षण र अद्वितीयत्व

तद् वा एतदक्षरं गार्ग्यदृष्टं द्रष्ट्रश्रुतꣳश्रोत्रमतं मन्त्रविज्ञातं विज्ञातृ नान्यदतोऽस्ति द्रष्ट्रि नान्यदतोस्ति श्रोतृ नान्यदतोऽस्ति मन्तृ नान्यदतोस्ति विज्ञात्रे-तस्मिन्नु खल्वक्षरे गार्ग्याकाश ओतश्च प्रोतश्चेति ॥११॥

पदार्थ — गार्गि — हे गार्गी ! तत् — त्यो प्रशासक भनिएको, एतत्— यो, अक्षरम् — अविनाशी तत्त्व, अदृष्टम् — दृष्टिको विषय छैन, किन्तु स्वयम् द्रष्टृ — द्रष्टा छ, अश्रुतम्—श्रोत्रको विषय छैन, किन्तु स्वयम् श्रोतृ—श्रोता छ, अमतम् — मननको विषय छैन, किन्तु मन्तृ — मन्ता छ, अविज्ञातम् — निश्चयको विषय छैन, किन्तु विज्ञातृ — विज्ञाता छ, वै — यो कुरा पक्का हो, (अर्को कुरा) अतः — यसदेखि, अन्यत्— भिन्न, द्रष्ट्रि—दर्शनकर्ता, न—छैन, अतः—यसदेखि, अन्यत्— भिन्न, श्रोतृ— श्रवणकर्ता न—छैन, अतः— यसदेखि, अन्यत्—बाहेक,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तृ—मननकर्ता, न—छैन, अतः—यसदेखि अन्यत् —जो द्युलोकभन्दा निश्चयकर्ता, न — छैन, गार्गि—हे गार्गी ! खलु—[illegible] र पृथिवी, एवं जो अक्षरे—अविनाशी तत्त्वमा, आक[illegible] पद हो। [illegible] व्याकुल भनी सूत्र बताउँछन्, त्यो यता-उता सबतिरबाट व्याप्त छ। [illegible] व्याप्त छ, यसपछि गार्गीले प्रश्न

वाक्यार्थ [illegible] तिरबाट व्याप्त छ नि ?

[illegible] को प्रश्न पनि याज्ञवल्क्यले दिएको उत्तर पनि [illegible] हो। यो [illegible] को प्रश्न गरेमा याज्ञवल्क्यबाट यस्तो उत्तर [illegible] द्वारा निश्चय [illegible] त्यो गार्गीले यस्तो प्रश्न गरेमा याज्ञवल्क्यबाट यस्तो उत्तर भएको हो [illegible] हो। यय गराई दोस्रो प्रश्न उतार्नका निमित्त हो।

याज्ञवल्क्यको उत्तर

स होवाचैतद् वै तदक्षरं गार्गि ब्राह्मणा अभिवदन्त्यस्थूलमनण्वह्रस्वमदीर्घ-मलोहितमस्नेहमच्छायमतमोऽवाय्वनाकाशमसङ्गमरसमगन्धमचक्षुष्कमश्रोत्रमवाग-मनोऽतेजस्कमप्राणममुखममात्रमनन्तरमबाह्यं न तदश्नाति किञ्चन न तदश्नाति कश्चन ॥ ८ ॥

पदार्थ — सः — ती याज्ञवल्क्यले, हः — निश्चयसाथ, उवाच — भने, गार्गि—हे गार्गी !, एतत्— यो, अक्षरम्—अविनाशी तत्त्व (भनेर), ब्राह्मणाः— ब्रह्मका ज्ञाताहरू, ह — निश्चयसाथ, अभिवदन्ति — भन्दछन्, अस्थूलम्— न ठूलो, अलघु — न सानो, अह्रस्वम् — न छोटो, अदीर्घम् — न लामो, अलोहितम् — न रातो आदि गुण भन्ने, अस्नेहम् — न स्नेह (द्रव), अच्छायम् — न छाया, अतमः— न अन्धकार, अवायुः — न वायु, अनाकाशम् — न आकाश, असङ्गम् — न सङ्ग (लाग्नु-टासिनु), अरसम् — न रस, अगन्धम् — न गन्ध, अचक्षुष्कम् — न चक्षुसहित, अश्रोत्रम् — न श्रोतसहित, अवाक्— न वाणीसहित अमनः — न मनोयुक्त, अतेजस्कम् — न अग्नि आदिको जस्तो तेज भएको, अप्राणम् — न प्राणरूप, अमुखम् — न द्वार, अमात्रम् — न नापको साधन, अनन्तरम् — न भित्र (छिद्र) भएको, अबाह्यम् — न बाहिर भएको, तद्— त्यो, किञ्चन — केही, न अश्नाति — न खान्छ, तद् — त्यसलाई, कश्चन — कसैले, न अश्नाति — न खान्छ, अर्थात् कुनै पनि विशेषण नलाग्ने अद्वैत वस्तु छ।

वाक्यार्थ — ती याज्ञवल्क्यले निश्चयसाथ भने—गार्गी ! यो जो तिमीले सोधेको कुरो अविनाशी तत्त्व भनेर ब्रह्मका ज्ञाताहरू निश्चयसाथ भन्दछन्, त्यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवश्य सोध । शाकल्यको
प्राण हो, यो भएको कुरा है
पुरुषगर्न
न ठूलो, न सानो, ... गरिएको
न अन्धकार, न वायु, न अग्नि कर्म सा
चक्षुःसहित, न श्रोत्रसहित, न ... ऐनाहरू पर्दि
तेजले युक्त, न प्राणरूप, न मुख (द्वो ... ह्मण
भएको, न बाहिर भएको, न त्यो केही ... निरुपाधिक अपरोक्ष सवान
यस्तो भनेर कुनै पनि विशेषण नलाग्ने आ...

अनुमान प्रमाणद्वारा अक्षरको निरू...

संबन्ध — अनेक विशेषणको निषेध गर्नुरूप प्रयासले अस्तित्व त त्यस अक्षर पदार्थको श्रुतिले ज्ञान गरायो, तै पनि लोक-बुद्धि हेरी शङ्का गर्न सकिने हुनाले त्यस अक्षर तत्त्वको अस्तित्वका निमित्त प्रमाणको उल्लेख गर्दछ ।

एतस्य वा अक्षरस्य प्रशासने गार्गि सूर्याचन्द्रमसौ विधृतौ तिष्ठत एतस्य वा अक्षरस्य प्रशासने गार्गि द्यावापृथिव्यौ विधृते तिष्ठत एतस्य वा अक्षरस्य प्रशासने गार्गि निमेषा मुहूर्त्ता अहोरात्राण्यर्धमासा मासा ऋतवः संवत्सरा इति विधृतास्तिष्ठन्त्येतस्य वा अक्षरस्य प्रशासने गार्गि प्राच्योऽन्या नद्यः स्यन्दन्ते श्वेतेभ्यः पर्वतेभ्यः प्रतीच्योऽन्या यां यां च दिशमन्वेतस्य वा अक्षरस्य प्रशासने गार्गि ददतो मनुष्याः प्रशꣳसन्ति यजमानं देवा दर्वीं पितरोऽन्वायत्ताः ॥९ ॥

पदार्थ — गार्गि — हे गार्गी, एतस्य वै — यै, अक्षरस्य — अविनाशी तत्त्वका, प्रशासने — प्रशासनमा, सूर्याचन्द्रमसौ — सूर्य-चन्द्र, विधृतौ — धानिएर, तिष्ठतः—रहेका छन्, गार्गि — हे गार्गी, एतस्य वै — यै, अक्षरस्य — अविनाशी तत्त्वका, प्रशासने — प्रशासनमा, द्यावापृथिवौ— द्युलोक र पृथ्वीलोक, विधृते — धानिएर, तिष्ठतः — रहेका छन्, गार्गि — हे गार्गी ! एतस्य वै — यै, अक्षरस्य — अविनाशी तत्त्वका, प्रशासने — प्रशासनमा, निमेषाः — 'झिम्' गर्दासम्मका काल, मुहूर्ताः — दुइ घडी प्रमाणका काल, अहोरात्राणि — दिन-रात, अर्धमासाः — पक्ष, मासाः — महीना, ऋतवः — ऋतु, संवत्सराः — वर्ष, इति— यी कालावयवहरू, विधृताः— नियतरूपले चल्ने भई, तिष्ठन्ति — रहेका छन्, गार्गि — हे गार्गी! एतस्य वै — यै, अक्षरस्य—अविनाशी तत्त्वको, प्रशासने—प्रशासनमा, प्राच्यः — पूर्वतर्फ बहने, अन्याः — भिन्नै, नद्यः — गङ्गा आदि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तृ—मननकर्ता, न—छैन, अतः—यसदेखि अन्यत् -
निश्चयकर्ता, न — छैन, गार्गि— हे गार्गी ! खलु— अ
अक्षरे—अविनाशी तत्त्वमा, आक [illegible] व्याकृत [illegible] यदन्तरा द्यावापृथिवी इमे
यता-उता सवतिरबाट व्याप्त छ । [illegible] पद हो । [illegible] शं तदोतं च प्रोतं चेति ॥४ ॥

वाक्यार्थ [illegible] ह — निश्चयसाथ, इति — यसो,
हो [illegible] हो । यसि [illegible] गार्गी !, यद् — जो, दिवः — द्युलोकभन्दा,
[illegible] उने हो । यो [illegible] यद् — जो, पृथिव्याः — पृथिवीभन्दा, अवाक् — तल छ,
ऊर्ध्वद्वारा निश्चय [illegible] यद् — जो, पृथिव्याः — पृथिवीभन्दा, अवाक् — तल छ,
यद् — [illegible] — बीचमा छ, (तथा) इमे — यी, द्यावापृथिवी — द्युलोक
र पृथिवी, (एवम्) यद् — जो, भूतम् — भएको छ, च — र, भवत् — भइरहेको
छ, च — र, भविष्यत् च — हुने समेत छ, इति — भनी, आचक्षते —
बताउँछन्, तत् — त्यो व्याकृत जगत्, आकाशे — अव्याकृत आकाशमा,
ओतम् च प्रोतम् च — सवतिरबाट व्याप्त छ ।

वाक्यार्थ — ती याज्ञवल्क्यले निश्चयसाथ भने—गार्गी ! जो द्युलोकभन्दा माथि छ, जो पृथ्वीभन्दा तल छ र जो बीचमा छ तथा यी द्युलोक र पृथ्वी, एवं जो भैसकेको छ, जो भैरहेको छ र जो हुने समेत छ भनी बताउँछन्, त्यो व्याकृत जगत् अव्याकृत आकाशमा सवतिरबाट व्याप्त छ ।

सा होवाच नमस्तेऽस्तु याज्ञवल्क्य, यो म एतं व्यवोचोऽपरस्मै धारयस्वेति पच्छ गार्गीति ॥ ५ ॥

पदार्थ — सा — ती गार्गीले, इति — यसो, उवाच — भनिन्, ह — निश्चयै हो, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! ते — तपाईंलाई, नमः — नमस्कार, अस्तु — होओस्, यः — जसले, मे — मलाई, एतम् — यो प्रश्नको उत्तर, व्यवोचः — बताउनुभयो, (अब) अपरस्मै — अर्को प्रश्नका लागि, धारयस्व — आफूलाई दृढ पार्नुहोस्, (अनि याज्ञवल्क्यले) इति—यसो, (भने—) गार्गि—गार्गी ! पृच्छ— सोध

वाक्यार्थ — ती गार्गीले भनिन्—हे याज्ञवल्क्य ! तपाईंलाई नमस्कार छ, जसले मलाई प्रश्नको उत्तर दिनुभयो । अब अर्को प्रश्नका लागि आफूलाई मजबत पार्नुहोस् । अनि याज्ञवल्क्यले भने—गार्गी ! सोध ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवश्य सोध । शाकल्ले
प्राण हो, यो भएको कुरा हो
गरिएको
पुरुषार्न
नि कर्म सा
सा होवाच यदूर्ध्वं य
इमे यद्भूतं च भवच्च भविष्यच्च
ह्माण

पदार्थ — सा — ती गार्गीले, इति — पुरुषाधिक अपरोक्ष सवान हो, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! यद् — जो, माथि छ, यद् — जो, पृथिव्या — पृथ्वीदेखि, अवाक् — अन्तरा — बीचमा छ, (तथा) इमे — यी, द्यावापृथिवी — द्युलोक र पृथ्वी, (एवं) यद् — जो, भूतम् — भएको छ, च — र, भवत् — हुँदो छ, च — र, भविष्यत् च — हुने समेत छ, इति — यसो, आचक्षते — भन्दछन्, तद् — त्यो सब कुरा, कस्मिन् — केमा, ओतम् च प्रोतम् च — सबतिरबाट व्याप्त छ ।

वाक्यार्थ — ती गार्गीले भनिन्–हे याज्ञवल्क्य ! जो द्युलोकभन्दा माथि छ, जो पृथिवीभन्दा तल छ, (र) जो बीचमा छ, तथा यी द्युलोक र पृथिवी एवं जो भएको छ, हुँदो छ र हुने समेत छ भनी भन्दछन्, त्यो सब चीज केमा सबतिरबाट व्याप्त छ ?

स होवाच यदूर्ध्वं गार्गि दिवो यदवाक् पृथिव्या यदन्तरा द्यावा पृथिवी इमे यद्भूतं च भवच्च भविष्यच्चेत्याचक्षत आकाश एव तदोतं च प्रोतं चेति कस्मिन्नु खल्वाकाश ओतश्च प्रोतश्चेति ॥ ७ ॥

पदार्थ — सः — ती याज्ञवल्क्यले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, गार्गि — हे गार्गी ! यद् — जो, दिवः — द्युलोकभन्दा, ऊर्ध्वम्– माथितिर छ, यद् — जो, पृथिव्याः — पृथिवीको, अवाक् — तलतिर छ, यद् — जो, अन्तरा — बीचमा छ, (तथा) इमे — यी, द्यावापृथिवी — द्युलोक र पृथिवी, (एवम्) यद् — जो, भूतम् — भएको छ, च — र, भवत् — हुँदो छ, च — र, भविष्यत् च — हुने समेत छ, इति—भनी, (सूत्रम्) – सूत्र, आचक्षते— बताउँछन्, तत् — त्यो व्याकृत जगत्, आकाशे — अव्याकृत आकाशमा, ओतम् च प्रोतम् च — सबतिरबाट व्याप्त छ। (अनि गार्गीले) इति — यसो, उवाच — भनिन्, आकाशः — अव्याकृत आकाश, कस्मिन् नु खलु— केमा, ओतः च प्रोतः च — सबतिरबाट व्याप्त छ नि ?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्तृ—मननकर्ता, न—छैन, अतः—यसदेखि अन्यत् —वाहेक, विज्ञातृ निश्चयकर्ता, न — छैन, गार्गि—हे गार्गी ! खलु— अवश्य, एतस्मिन् नु — अक्षरे—अविनाशी तत्त्वमा, आक[illegible] पद हो। व्याकृत आकाश, ओतः च प्रोतः च यता-उता सबतिरबाट व्याप्त छ।

वाक्यार्थ [illegible] एको यो अविनाशी तत्त्व देखिने हो [illegible] हो। [illegible] निने होइन, ठान्ने हो। ठमाइने होइन, [illegible] उने हो। यो [illegible] सुन्ने, [illegible] ठमाउने अर्को कुनै छैन। यो सकल बुद्धिद्वारा निश्चय क्रिया गर्ने हो, अचेतन [illegible] ति वा अर्को कुनै होइन। गार्गी ! यो पक्का कुरा हो। यै अविनाशी तत्त्वमा अव्याकृत आकाश ओतप्रोत छ। जो कुनै भिन्न वस्तुले व्यवधान नभएको खास द्रष्टा रूपको ब्रह्म हो, जुन आत्मा सबैभिन्न रहेको हो, जो क्षुत्पिपासादि संसार-धर्मदेखि बिलकुल छुट्टा छ, जसमा अव्याकृत आकाश ओतप्रोत छ, यै पराकाष्ठा हो, यै परागति हो, यै परब्रह्म हो, यै पृथिवीदेखि लिएर आकाशसम्मका सत्यको 'सत्य' हो।

गार्गीको निर्णय

सा होवाच ब्राह्मणा भगवन्तस्तदेव बहु मन्येध्वं यदस्मान्नमस्कारेण मुच्येध्वं न वै जातु युष्माकमिमं कश्चिद्ब्रह्मोद्यं जेतेति ततोह वाचक्नव्युपरराम ॥१२॥

पदार्थ — सा — ती गार्गीले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भनिन्, भगवन्तः —सम्मानयुक्त, ब्राह्मणाः — हे ब्राह्मणहो ! तत् एव — त्यै कुरो, बहु — धेरै, मन्येध्वम् — मान्नुहोस्, यत् — कि, नमस्कारेण—नमस्कारले अस्मात्— यहाँ, (याज्ञवल्क्यबाट) मुच्येध्वम् — छुट्कारा लिनुहोस्, युष्माकम्— तपाईंहरूमध्ये, कश्चित् — कुनै, इमम् — यहाँलाई, ब्रह्मोद्यम् (प्रति)— ब्रह्मसम्बन्धी वादमा, जातु — कहिल्यै पनि, न जेता — जित्नेछैन, वै — पक्का हो, ततः—त्यति भनेपछि, वाचक्नवी—वचक्नुकी छोरी गार्गी, उपरराम— प्रश्न गर्नुबाट हटिन्।

वाक्यार्थ — ती गार्गीले निश्चयसाथ भनिन्— हे सम्मानयुक्त ब्राह्मणहो ! तपाईंहरू यै कुरालाई धेरै मान्नुहोस् कि नमस्कारैले यहाँ याज्ञवल्क्यजीबाट छुट्कारा लिनुहोस्। तपाईंहरूमध्ये कुनैले पनि यहाँलाई ब्रह्मसंबन्धी वादमा कहिल्यै जित्नुहुनेछैन, यो पक्का कुरा हो। यति भनेर वचक्नुकी छोरी गार्गी चूप लागिन्।

तेस्रो अध्यायमा आठौं अक्षर ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सा
यड

ा
ाह्मण
रूपाधिक अपरोक्ष सर्वान्
व

याज्ञवल्क्यजी, कल्य-स
देखि,

संबन्ध—पृथ्वी आदिको सूक्ष्म तारतम्य क्रमले पूर्वपूर्व पदार्थको उत्तरोत्तर वर्ती पदार्थमा ओतप्रोत भाव बताएर सर्वान्तर ब्रह्म प्रकाश गरियो। अनि त्यो ब्रह्मको सर्वनियन्तृत्व बुझाउनु थियो, त्यसको चिह्न नामरूपात्मक द्वैत प्रपञ्चमा सुस्पष्ट भएकाले उक्त प्रपञ्चभित्रकै पृथ्वी आदि सूत्रविषेषमा सो कुरा (ब्रह्मको नियन्तृत्व) बुझाइयो। अब त्यै ब्रह्मको साक्षात् आफूपन र मुख्य द्रष्टापन नियन्तव्य देवता-विशेषको संकोच-विकासद्वारा जान्नुपर्ने छ। यस उसले यो शाकल्य ब्राह्मण आरम्भ गरिन्छ।

देवताहरूको संख्या

अथ हैनं विदग्धः शाकल्यः पप्रच्छ कति देवा याज्ञवल्क्येति स हैतयै वनिविदा प्रतिपेदे यावन्तो वैश्वदेवस्य निविद्युच्यन्ते त्रयश्च त्री च शता त्रयश्च त्री च सहस्रेत्योमिति होवाच कत्येव देवा याज्ञवल्क्येति त्रयस्त्रिꣳशदित्योमिति होवाच कत्येव देवा याज्ञवल्क्येति षडित्योमिति होवाच कत्येव देवा याज्ञवल्क्येति त्रय इत्योमिति होवाच कत्येव देवा याज्ञवल्क्येति द्वावित्योमिति होवाच कत्येव देवा याज्ञवल्क्येत्यध्यर्ध इत्योमिति होवाच कत्येव देवा याज्ञवल्क्येत्येक इत्योमिति होवाच कतमे ते त्रयश्च त्री च शता च त्रयश्च त्री च सहस्रेति ॥१॥

पदार्थ — अथ — वाचक्नवी चूप लागेपछि, एतम् — यी याज्ञवल्क्यलाई, शकल्यः — शकलका छोरा, विदग्धः — विदग्धले, इति — यसो, पप्रच्छ — सोधे, ह — यो कुरा भएको हो, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! देवाः — देवताहरू, कति — कति छन्, (अनि) सः — ती, याज्ञवल्क्यले, ह — निश्चयसाथ, एतया — यै, निविदा — देवता संख्यावाचक मन्त्रले, प्रतिपेदे — प्रतिपादन गरे, यावन्तः — जति, वैश्वदेवस्य — वैश्वदेवका, निविदि — देवता संख्यावाचक

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्त्र पदमा, उच्यन्ते — कहिन्छन्, त्रयः [illegible] तीन, च — र, त्री — तीन, [illegible]
सय, च — पनि, (एवम्) त्रयः — तीन [illegible] त्री — तीन, सहस्रा —
च — पनि, इति — यो मन्त्र पद हो। [illegible] ओम् — हो, इति [illegible]
(भनेर फेरि), इति — [illegible] निश्चय हो, याज्ञवल्क्य —
हे याज्ञवल्क्य [illegible] — कति मात्र ([illegible]) छन् ?
[illegible] (शाकल्यले) त्रयस्त्रिंशत् [illegible] इति — यसो (भने) छन् ?
ओम् — हो, इति — यसो (भनेर फेरि), [illegible] च — भने, ह — निश्चय हो,
याज्ञवल्क्य — हे याज्ञवल्क्य ! देवाः — देवताहरू, कति एव — कति मात्र
(अझ संक्षेपमा) छन् ? (याज्ञवल्क्यले) षट् — छ छन्, इति — यसो भने,
(शाकल्यले) ओम् इति — हो भनेर (फेरि) उवाच — भने, ह — निश्चय
हो, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! देवाः — देवताहरू, कति एव — कति
मात्र (अझै संक्षेपमा) छन् ? (याज्ञवल्क्यले) त्रयः — तीन छन्, इति —
यसो भने, (शाकल्यले) ओम् इति — हो भनेर (फेरि) उवाच — भने,
ह — निश्चय हो, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! देवाः — देवताहरू, कति
एव — कति मात्र (ज्यादै संकोच गर्दा) छन् ? (याज्ञवल्क्यले) द्वौ — दुइ छन्,
इति — यसो भने, (शाकल्यले) ओम् इति — हो भनेर, (फेरि) उवाच — भने,
याज्ञवल्क्य — हे याज्ञवल्क्य ! देवाः — देवता, कति एव — कति मात्र
(अति नै संकोच गर्दा) छन् ? (याज्ञवल्क्यले) अध्यर्धः — अध्यर्ध छ, इति —
यसो भने, (शाकल्यले) ओम् इति — हो यसो भनेर, (फेरि) उवाच — भने,
ह — निस्सै हो, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! देवाः — देवताहरू, कति एव —
कति मात्र (अत्यन्तै संक्षेप गर्दा) छन्,? (याज्ञवल्क्यले) एकः — एउटा छ,
इति — यसो (भने), (शाकल्यले) ओम् — अँ, इति — यसो भनेर, उवाच —
भने, ह — निश्चय हो, ते — ती, त्रयः — तीन, च — र, त्री — तीन, शता —
सय, च — पनि (एवम्) त्रयः — तीन, च — र, त्री — तीन, सहस्रा — हजार,
च — पनि, (भनेका) कतमे — कुन् हुन् ?

वाक्यार्थ — यो अघि भएको कुरा हो। वाचक्नवी चूप लागेपछि यी याज्ञवल्क्य-लाई शकलका छोरा विदग्धले प्रश्न गरेका हुन्, हे याज्ञवल्क्य ! देवताहरू कति छन् ? याज्ञवल्क्यले यसमा निविद् (देवताको संख्यावाचक मन्त्र पद) ले नै संख्याको प्रतिपादन गरिदिए—जति वैश्वदेवका निविद्मा कहिन्छन्, निविद् हो—'त्रयश्च त्री च शता त्रयश्च त्री च सहस्रा' तीन र तीन सय एवं तीन र तीन हजार। शाकल्यले अँ, भनेर फेरि सोधे—याज्ञवल्क्य ! (संक्षेपमा) देवताहरू कति छन् ? याज्ञवल्क्यले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने–तेत्तीस। शाकल्यले अँ भनेर फेरि [illegible] याज्ञवल्क्य ! (अझसं क्षेपमा) देवताहरू कति छन् ? याज्ञवल्क्यले भने–[illegible] अँ भनेर फेरि सोधे–याज्ञवल्क्य ! [illegible] छन् ? याज्ञवल्क्यले भने तीन। शाकल्यले [illegible] संकोच गर्दा) देवताह[illegible] [illegible] ताहरू कति मात्र छन् ? [illegible] ! (अझ पनि [illegible] अँ भनेर फेरि सोधे–[illegible] –दुइ। शाकल्य[illegible] अपरोक्ष सर्वान [illegible] याज्ञवल्क्य) देवताहरू कति [illegible] त्र [illegible] ल्क्यले [illegible] [illegible]कल्यले अँ भनेर फेरि सोधे–य[illegible]ल्क्य ! (हद-से-हद संकोच गर्दा) [illegible] कति मात्र छन् ? याज्ञवल्क्यले [illegible] एक। अनि शाकल्यले हो भनेर यस्तो प्रश्न गरे–कुन हुन् त ती 'तीन र तीन सय, तीन र तीन हजार' भनेका ?

तेत्तीस देवताको विवरण

स होवाच महिमान एवैषामेते त्रयस्त्रिꣳशत्त्वेव देवा इति कतमे ते त्रयस्त्रिꣳशदित्यष्टौ वसव एकादश रुद्रा द्वादशादित्यास्त एकत्रिꣳशदिन्द्रश्चैव प्रजापतिश्च त्रयास्त्रिꣳशाविति ॥ २ ॥

पदार्थ —सः—ती याज्ञवल्क्यले, ह—निश्चयसाथ, इति—यसो, उवाच—भने, एते—यी (निविद्का संख्यावालाहरू) एषाम्—यी देवताहरूका, महिमानः एव—विभूतिहरू मात्र हुन्, देवाः तु—देवता त, त्रयस्त्रिंशत्—तेत्तीस, एव—नै हुन्, (अनि शाकल्यले) इति—यो सोधे, ते—ती, त्रयस्त्रिंशत्—तेत्तीस देवता, कतमे—कुनचाहिं हुन् ? (याज्ञवल्क्यले) इति—यसो (भने), अष्टौ—आठ, वसवः—वसुहरू, एकादश—एघार, रुद्राः—रुद्रहरू, द्वादश—बाह्र, आदित्याः—आदित्यहरू, ते—ती, एकत्रिंशत्—एकतीस भए, इन्द्र एव—इन्द्र नै, च—र, प्रजापतिः—प्रजापति च—पनि, त्रयस्त्रिंशौ—तेत्तीस संख्याका पूरक छन् ।

वाक्यार्थ—ती याज्ञवल्क्यले निश्चयसाथ भने–यी निविद्का संख्यावालाहरू यी देवताका महिमा (विभूतिहरू) मात्र हुन्, देवता त तेत्तीस नै हुन्–। शाकल्यले सोधे–ती तेत्तीस देवता कुन हुन् त ? याज्ञवल्क्यले भने–आठ वसुहरू, एघार रुद्रहरू, बाह्र आदित्यहरू गरी एकतीस भए, अनि इन्द्र र प्रजापति गरी तेत्तीस छन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने–तेत्तीस। शाकल्यले अँ भनेर फेरि ... याज्ञवल्क्य ! (अझसंक्षेपमा) देवताहरू
... ँ भनेर फेरि सोधे–याज्ञवल्क्य !
कति छन् ? याज्ञवल्क्यले भने ... छन् ? याज्ञवल्क्यले भने तीन। शाकल्यले
... गर्दा) देवताह ब्राह्मण ... ताहरू कति मात्र छन् ?
... ब्राह्मण
... धिक अपरोक्ष सर्वत्र

कतम आदित्या इति द्वादश ... ल्य-ना: संवत्सरश्चैत आदित्या एतेहीदꣳसर्वमाद
दाना यन्ति ते यदिदꣳसर्वमाददा ... न्ति तस्मादादित्या इति ॥५॥

पदार्थ — आदित्याः — आदित्यहरू, कतमे — कुन हुन् ? इति — यसरी, (शाकल्यले प्रश्न गरे) (याज्ञवल्क्यले) इति — यसो (भने), संवत्सरस्य — वर्षका अवयव, एते — यी, द्वादश — बाह्र, मासाः — महीनाहरू, वै — निश्चयले, आदित्याः — आदित्यहरू हुन्, हि — किनभने, एते — यी, इदम् — यो, सर्वम् — प्राणीको आयु र कर्मफल, आददानाः — लिदै, यन्ति — चल्दछन्, यद् — जो, ते — तिनीहरू इदम् — यो, सर्वम् — सबै, आददानाः — लिएर, यन्ति — चल्दछन्, तस्मात् — त्यस कारण, आदित्याः — आदित्य हुन् ।

वाक्यार्थ — शाकल्यले सोधे–आदित्यहरू कुन हुन् ? याज्ञवल्क्यले भने–वर्षका अवयव यी बाह्र महीना नै आदित्य हुन्। किनभने यिनीहरू यो सबै प्राणीको आयु र कर्मफल आदान गरेर (लिएर) चल्छन्। जो तिनीहरू यो सब आयु र कर्मफल लिएर चल्दछन्, त्यसैले आदित्य हुन्।

इन्द्र र प्रजापति कुन हुन् ?

कतम इन्द्रः कतमः प्रजापतिरिति स्तनयित्नुरेवेन्द्रो यज्ञः प्रजापतिरिति कतमः स्तनयित्नुरित्यशनिरिति कतमो यज्ञ इति पशव इति ॥६॥

पदार्थ — इन्द्रः — इन्द्र, कतमः — कुनचाहिं हुन् ? (तथा) प्रजापतिः — प्रजापति, कतम — कुनचाहिं हुन् ? इति — यस्तो (शाकल्यले प्रश्न गरे), (याज्ञवल्क्यले) इति — यस्तो, (जवाफ दिए) स्तनयित्नुः — स्तनयित्नु, एव — नै, इन्द्रः — इन्द्र हुन्, यज्ञः — यज्ञ, एव — नै, प्रजापतिः — प्रजापति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्मन्छ , नत्र 'नगरेका

न हुन् ? तथा प्रजापति कुन हुन् ? वल्क्यले भने–स्तनयित्नु इन्द्र हुन्, यज्ञ ले ति हुन्। शाकल्यले सोधे– स्तनयित्नु कुन हो ? यज्ञ कुन हो ? याज्ञवल्क्यले भने- यित्नु वज्र हो, यज्ञ पशुवर्ग हो।

टिप्पणी —यहाँ इन्द्र र यज्ञलाई देख रूपमा चिनाउन खोजिएको छ। वज्र (चिर्को) ले प्राणीलाई मार्छ। लोकलाई थाहा छ। त्यो इन्द्रको काम हो। तर मेघबाट परेको जानेको छ। त्यो मेघ इन्द्रको वाहन हो। अतः स्वस्वामिभाव र कार्यकारण-भावको अभेद गरी वज्र नै मेघ हो, मेघ नै इन्द्र हो भनी परिचय गराइएको हो। एवं यज्ञ अरूप कुरा हो, तर पशु-साध्य हुनाले साध्य-साधनको अभेद गरी पशुवर्ग नै यज्ञ भनी चिनाइएको हो।

छः देवताको विवरण

कतमे षडित्यग्निश्च पृथिवी च वायुश्चान्तरिक्षं चादित्यश्च द्यौश्चैते षडेते हीदꣳसर्वꣳषडिति ॥ ७ ॥

पदार्थ —षट् — छः देवता, कतमे — कुन हुन् ? इति — यसरी (शाकल्यले सोधे), अग्निः— अग्नि, च — र, पृथ्वी — पृथ्वी, च — र, वायुः— वायु, च — र, अन्तरिक्षम् — अन्तरिक्ष, च — र, आदित्यः— आदित्य, च — र, द्यौः — द्युलोक, च — पनि, एते — यी, षट्— छः हुन्, हि— जुन कारणले,: इदम् — यो, सर्वम् — तेत्तीस आदि सबै, एते एव — यिनी नै, षट् — छ हुन्, अर्थात् वसु आदिको विस्तार यिनै छः मा अन्तर्भूत हुन्छ।

वाक्यार्थ—शाकल्यले सोधे–ती छः देवता कुन हुन् ? याज्ञवल्क्यले भने–अग्नि, पृथिवी, वायु, अन्तरिक्ष, आदित्य र द्युलोक यिनै छः हुन्। यी तेत्तीस आदि सब यिनै छः हुन् अर्थात् ती सबै यिनैमा अन्तर्भूत हुन्छन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने–तेत्तीस। शाकल्यले अँ भनेर फेरि ... याज्ञवल्क्य ! (अझसं क्षेपमा) देवताहरू कति छन् ? याज्ञवल्क्यले भने–... अँ भनेर फेरि सोधे–याज्ञवल्क्य ! ... छन् ? याज्ञवल्क्यले भने तीन। शाकल्यले ... ताहरू कति मात्र छन् ? ... ! (अझ पनि ...

पदार्थ—ते — ती, त्रयः — ती... क अपरोक्ष सर्वान् ... हुन् ? इति ... (शाकल्यले सोधे) इमे — यी, एव ... त्रयः — तीन, लोकाः — लोक हुन्, हि — जुन कारणले, एषु — यी ... मा, सर्वे — संपूर्ण, देवाः — देवताहरू (अन्तर्भूत) छन्, इति — यसरी (याज्ञवल्क्यले जबाफ दिए) तौ — ती, द्वौ — दुइ, देवौ — देवता, कतमौ देत्यकुन हुन् ? इति — यसरी, (शाकल्यले सोधे) अन्नम्— अन्न, एव— नै, च— र, प्राणः— प्राण, च— पनि, इति— यसरी, (याज्ञवल्क्यले उत्तर दिए) अध्यर्ध — अध्यर्ध देवता, कतमः — कुन हो ? इति — यसरी, (शाकल्यले प्रश्न गरे) यः—जो, अयम् — यो, पवते—बहन्छ, इति—यसरी (याज्ञवल्क्यले उत्तर दिए)।

वाक्यार्थ — शाकल्यले सोधे–ती तीन देवता कुन हुन् ? याज्ञवल्क्यले भने–यी तीन लोक नै हुन्। किनभने यिनै लोकमा ती सब देवता अन्तर्भूत छन्। शाकल्यले सोधे–ती दुइ देवता कुन हुन् ? याज्ञवल्क्यले भने–अन्न र प्राण। शाकल्यले सोधे–त्यो अध्यर्ध देवता कुन हो नि ? याज्ञवल्क्यले भने–जो यो बहन्छ।

अध्यर्धता र एक देवताको विवरण

तदाहुर्यदयमेक इवैव पवतेऽथ कथमध्यर्ध इति यदस्मिन्निदꣳसर्वमध्यार्ध्नोत्तेनाध्यर्ध इति कतम एको देव इति प्राण इति स ब्रह्म तदित्याचक्षते ॥९॥

पदार्थ — तत् — त्यस विषयमा, आहुः — सोद्धछन्, यत् — जो, अयम् — यो, वायुः — वायु, एकः इव — एउटै जस्तो, पवते — वहन्छ, अथ — अनि, कथम् — कसरी, अध्यर्धः — डेढ हुन्छ ? इति — यसरी, (शाकल्यले सोधे) यस्मिन् — जुन वायु हुँदा, इदम् — यो, सर्वम् — सबै, अध्यार्ध्नोत् — बढ्ता वृद्धि पाउँछ, तेन — त्यस हेतुले अध्यर्धः — अध्यर्ध भनिन्छ। इति — यसरी, (याज्ञवल्क्यले उत्तर दिए), एकः — एउटा, देवः — देवता, कतमः — कुन हो ? इति— यसरी, (शाकल्यले सोधे) प्राणः— प्राण हो,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्मन्छ , नत्र 'नगरेका ...

...यु 'अध्यर्ध' भनिएको हो, (नकि ...ताहतको एक भन्न) ... शाकल्य ...धे– त्यो एउटा देवता कुन हो नि ? याज्ञवल्क्यले भने– यो प्राण हो, जो ...ले आत्मक भई ठूलो हुनाले ब्रह्म हो, त्यसलाई परोक्षवाचक शब्दले 'त्यो' भन्द... ...।

टिप्पणी — यै देवताहरूको एकत्व ... ...ात्व हो। अनन्त देवताको 'निवित्' सख्या विशिष्ट देवताहरूमा अन्तर्भाव छ। अनि उनको पनि तेत्तीस आदि उत्तरोत्तर देवताहरूमा—यहाँसम्म कि एकलो प्रमाण नै अन्तर्भाव छ। एक प्राणको नै यो सब अनन्त संख्याका रूपमा विस्तार भएको छ। यस प्रकार एक, अनन्त तथा अन्यान्य संख्याहरूले विशिष्ट एकै प्राण नै हो। त्यसमा एउटै देवताको नाम, रूप, कर्म, गुण र शक्तिको भेद जो भएको छ, त्यो अधिकार-भेदले गर्दा हो।

प्राण ब्रह्मका आठ प्रकारका भेद

पृथिव्येव यस्यायतनमग्निर्लोको मनो ज्योतिर्यो वै तं पुरुषं विद्यात् सर्वस्यात्मनः परायणꣳस वै वेदिता स्यात्। याज्ञवल्क्य वेद वा अहं तं पुरुषꣳसर्वस्यात्मनः परायणं यमात्थ य एवायꣳशारीरः पुरुषः स एष वदैव शाकल्य तस्य का देवतेत्यमृतमिति होवाच ॥१० ॥

पदार्थ — (शाकल्य–) पृथिवी — पृथ्वी, एव — नै, यस्य — जसको, आयतनम् — आश्रय हो, अग्निः — अग्नि, लोकः — देख्ने साधन हो, मनः — मन, ज्योतिः — संकल्प-विकल्प गर्ने साधन हो, (यस्तो पृथ्वीको अभिमानी एक देवता छ) सर्वस्य — संपूर्ण कार्यकरणसंघातरूप, आत्मनः — आत्माको, परायणम् — श्रेष्ठ आश्रयस्वरूप, तम् — त्यो विशिष्ट, पुरुषम् — पुरुषलाई, यः — जो, वै — निश्चयसाथ, विद्यात् — जान्ला, सः — त्यो, वै — निश्चयले, वेदिता — जान्ने पण्डित, स्यात् — होला, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! (याज्ञवल्क्यले भने) अहम् — म, सर्वस्य — संपूर्ण कार्यकरण संघातरूप, आत्मनः — आत्माको, परायणम् — श्रेष्ठ आश्रय, यम् — जसलाई, आत्थ — भन्दछौ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने–तेत्तीस। शाकल्यले अँ भनेर फेरि ...याज्ञवल्क्य ! (अझसंक्षेपमा) देवताहरू ...छन् ? याज्ञवल्क्यले भने–छ ...ओ अँ भनेर फेरि सोधे–याज्ञवल्क्य ! ...छन् ? याज्ञवल्क्यले भने तीन। शाकल्यले ...। देवताहरू ...कोज... ...ताहरू कति मात्र छन् ? ...। (अझ पनि शाकल्य — शाकल्य ! (किन्तु चरुपाधिके अपरोक्ष सर्वत्र त्यस विषयमा कुनै विशेषता बताउ... ...द — ...एव — अवश्य (अनि क्षुब्ध भएका शाकल्यले) इति ...ल्यो, (सोधे) तस्य — त्यस कोशस्यरूप देवताको, देवता — देवता, का — ...दे... हो ? (याज्ञवल्क्यले) अमृतम् इति — अमृत (खाएको अन्नको रस) हो भन्... — वाच — भने, ह — यो भएको कुरा हो।

वाक्यार्थ — पृथ्वी आश्रय भएको, अग्नि देख्ने साधन भएको, मन संकल्प-विकल्प गर्ने साधन भएको पृथ्वीको अभिमानी एक देवता छ। संपूर्ण कार्यकरण संघातरूप आत्माको श्रेष्ठ आश्रय अर्थात् आमाबाट आएका क्षेत्रस्थानीय छाला-मासु-रगतरूपले, बाबुबाट आएका बीजस्थानीय हाड-मासी-वीर्यको तथा इन्द्रियहरूको आधारस्वरूप विशिष्ट पुरुषलाई जो निश्चयसाथ जान्दछ, त्यो नै पण्डित हो, याज्ञवल्क्य! तिमी त त्यसै पण्डित हुनाको अभिमान गर्दछौ। याज्ञवल्क्यले भने–तिमी जसलाई संपूर्ण-कार्यकरणसंघातरूप आत्माको श्रेष्ठ आश्रय भन्दछौ त्यो विशिष्ट पुरुषलाई म निश्चयसाथ जान्दछु। शाकल्यले भने–तिमी जान्दछौ भने भन त त्यो कुन विशेषताको छ? याज्ञवल्क्यले भने–जुन यो पार्थिवांश शरीरमा भएको पुरुष हो, त्यै यो देवता हो। शाकल्य ! त्यस विषयमा कुनै विशेषण बताउनु छ, त्यो तिमी अवश्य सोध। यसरी क्षुब्ध गराइएका शाकल्यले सोधे–त्यस शारीर देवताको देवता कुन हो त ? याज्ञवल्क्यले भने–अमृत हो अर्थात् खाएका अन्नको रस हो। जुन रस आमाबाट प्राप्त हुने रगत वस्तुमा कारण छ। जसले बीजको आश्रयभूत रुधिरमय शरीर बन्दछ।

टिप्पणी – यस प्रकरणमा जसबाट त्यो चीज बन्दछ–हुन्छ, त्यसलाई त्यस चीजको देवता मानिएको छ। जस्तो शरीरको देवता अमृत (अन्नरस) काममय पुरुषको स्त्री इत्यादि। यो शरीर आमातर्फबाट छाला, मासु, रगत ; बाबु तर्फबाट हाड, मासी, वीर्य आई छः कोश मिली बनेको छ। यसैले 'षाट्कौशिक' भनिन्छ।

काम एव यस्यायतनꣳहृदयं लोको मनो ज्योतिर्यो वै तं पुरुषं विद्यात् सर्वस्यात्मनः परायणꣳस वै वेदिता स्यात् याज्ञवल्क्य वेद वा अहं तं पुरुषꣳसर्वस्यात्मनः परायणं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्मन्छ , नत्र 'नगरेका —

... — दख्न ...धन हो, मनः —
...प ...म हो, सर्वस्य — संपूर्ण कार्यकरण-
...तरूप, आत्मनः — आत्माको, प... — श्रेष्ठ आश्रय अर्थात् मातृज तीन
कोशरूपले, पितृज तीन कोशको आध... त, तम् — त्यो विशिष्ट, पुरुषम् —
पुरुषलाई, यः — जो, वै — निश्चयले, ...ले ...ात् — जान्ला, सः — त्यो, वै — नै,
वेदिता — ज्ञाता, स्यात् — होला, या ...न्य — हे याज्ञवल्क्य ! (याज्ञवल्क्य–)
सर्वस्य — संपूर्ण कार्यकरणसंघातरूप, आ...नः — आत्माको, परायणम् — श्रेष्ठ
आधार, यम् — जसलाई, आत्थ — भन्दछौ, तम् — त्यस, पुरुषम् — पुरुषलाई,
अहम् — म, वै — निश्चयसाथ, वेद — जान्दछु, (शाकल्य–) भन त त्यो कुन
विशेषताको छ ? (याज्ञवल्क्य–) यः — जुन, एव — नै, अयम् — यो, काममयः-
कामप्रधान, पुरुषः — पुरुष हो, सः — त्यै, एषः — यो देवता हो, शाकल्य —
हे शाकल्य ! तर (त्यस विषयमा केही विशेषण बताउनु छ) तद् — त्यो, पृच्छ
एव — अवश्य सोध, (शाकल्यले) इति — यस्तो (सोधे) तस्य — त्यस
काममय देवताको, देवता — देवता, का — कुन हो ? (याज्ञवल्क्यले) स्त्रियः
इति — स्त्रीहरू भनी, उवाच — भने, ह — यो भएको कुरा हो ।

वाक्यार्थ — स्त्री-प्रसङ्गको अभिलाषा आश्रय भएको, बुद्धि देख्ने साधन
भएको, मन संकल्प-विकल्प गर्ने साधन भएको, संपूर्ण कार्यकरणरूप आत्माको श्रेष्ठ
आश्रय अर्थात् मातातर्फका छाला, मासु, रगतरूपले, पितातर्फका हाड, मासी,
वीर्यको र इन्द्रियहरू समेतको आधारभूत त्यो विशिष्ट पुरुषलाई जो निश्चयसाथ
जान्दछ त्यै ज्ञाता हो, याज्ञवल्क्य ! तिमी त त्यसै पाण्डित्यको अभिमान गर्दछौ ।
याज्ञवल्क्यले भने–तिमी जसलाई संपूर्ण कार्यकरणसंघातरूप आत्माको श्रेष्ठ आश्रय
भन्दछौ त्यो विशिष्ट पुरुषलाई म निश्चयसाथ जान्दछु । शाकल्य–'भन त त्यो कुन
विशेषताको छ ?' याज्ञवल्क्य–'जुन यो काम-प्रधान पुरुष हो, त्यो यो देवता हो ।
शाकल्य ! तर यस विषयमा केही विशेषण बताउनु छ, त्यो अवश्य सोध'
शाकल्य–'त्यस कामप्रधान देवताको देवता कुन हो त ? याज्ञवल्क्य–'स्त्रीहरू ।
किनभने स्त्रीबाट नै कामोद्दीपन हुन्छ' यो भएको कुरा हो !

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने–तेत्तीस। शाकल्यले अँ भनेर फेरि [illegible] याज्ञवल्क्य ! (अझसं क्षेपमा) देवताहरू [illegible] अँ भनेर फेरि सोधे–याज्ञवल्क्य ! [illegible] ? याज्ञवल्क्यले भने–[illegible] छन् ? याज्ञवल्क्यले भने तीन। शाकल्यले [illegible] देवताहरू [illegible] ताहरू कति मात्र छन् ? [illegible] ! (अझ पनि [illegible] ! (किन्तु [illegible] पाधिक अपरोक्ष सर्वान्[illegible]

पदार्थ — रूपाणि — शुक्ल [illegible] आयतनम् — आश्रय हो, चक्षुः — [illegible] न्द्रिय, [illegible] एख्न सोध [illegible] मनः — मन, ज्योतिः — संकल्प-वि[illegible] ो साधन हो, सर्वस्य — सम्पूर्ण कार्य-करण-संघातरूप, आत्मनः — आ[illegible], परायणम् — श्रेष्ठ आश्रय अर्थात् मातृज तीन कोशरूपले, पितृज ती[illegible] शको आधारभूत, तम् — त्यस विशिष्ट, पुरुषम् — पुरुषलाई, यः — जो, वै — [illegible] निश्चयसाथ, विद्यात् — जान्ला, सः — त्यो, वै — नै, वेदिता — ज्ञाता, स्यात् — होला, याज्ञवल्क्य — हे याज्ञवल्क्य! (याज्ञवल्क्य—) सर्वस्य — संपूर्ण कार्यकरणसंघातरूप, आत्मनः — आत्माको, परायणम्—श्रेष्ठ आश्रय, यम्—जसलाई, आत्थ—भन्दछौ, तम्—त्यस, पुरुषम्—पुरुषलाई, अहम् — म, वै — निश्चयले, वेद — जान्दछु, (शाकल्य–) भन त त्यो कुन विशेषताको छ ? (याज्ञवल्क्य–) यः — जो, एव — नै, असौ — यो, आदित्य — सूर्यमा, पुरुषः — पुरुष छ, सः — त्यो, एषः — यो देवता हो, शाकल्य — शाकल्य ! (त्यस विषयमा केही विशेषण बताउनु छ) वद एव — अवश्य सोध, (शाकल्यले) तस्य — त्यस आदित्य पुरुषरूप देवताको, देवता — देवता, का — कुन हो ? इति — यस्तो, (सोधे) (याज्ञवल्क्यले) सत्यम् इति— सत्य भनेर, उवाच — भने, ह — भएको कुरा हो ।

वाक्यार्थ — शाकल्यले भने–शुक्ल आदि रूप जसको आश्रय छ, चक्षु इन्द्रिय देख्ने साधन छ, मन संकल्प-विकल्प गर्ने साधन छ, त्यस विशिष्ट पुरुषलाई जसले संपूर्ण कार्यकरणसंघातरूप आत्माको श्रेष्ठ आश्रय (मातृज तीन कोशले, पितृज तीन कोशको आधारभूत) भनी, निश्चयसाथ जान्दछ त्यो ज्ञाता हो, याज्ञवल्क्य ! याज्ञवल्क्यले भने–तिमी जुन पुरुषलाई संपूर्ण कार्यकरणसंघातरूप आत्माको श्रेष्ठ आश्रय भन्दछौ, त्यस पुरुषलाई म निश्चयसाथ जान्दछु। शाकल्यले भने–भन त त्यो कुन विशेषताको छ ? याज्ञवल्क्यले भने–जो यो सूर्यमण्डलमा पुरुष छ, त्यै यो देवता हो। हे शाकल्य ! यस विषयमा केही विशेषण बताउनु छ, तिमी अवश्य सोध । शाकल्यले भने–त्यस सूर्यमण्डलवर्त्ती पुरुषको देवता कुन हो त ? याज्ञवल्क्यले भने–सत्य हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्, स्तनयित्नुः — स्तनयित्नु, कत [illegible] कुन हुन् ? इति — यसरी (शाक[illegible]
सोधे), (याज्ञवल्क्यले) इति— [illegible] अशनिः — वज्र हो, (अनि
यज्ञः — यज्ञ, [illegible]तमः — कुनचाहिं [illegible] शाकल्यले
(याज्ञवल्[illegible] [illegible] वेद वा अहं तं पुरुषꣳसर्वस्यात्मनः
[illegible]ण यमात्थ य एवाय श्रौत्रः प्रा[illegible] पुरुषः स एष वदैव शाकल्य तस्य का
देवतेति दिश इति होवाच ॥ १३ ॥

भने

पदार्थ — आकाशः — आकाश, [illegible] — नै, यस्य — जसको, आयतनम् — आश्रय छ, श्रोत्रम् — कर्णेन्द्रिय, लोकः — देख्ने अर्थात् सुन्ने साधन छ, मनः — मन, ज्योतिः — संकल्प-विकल्प गर्ने साधन छ, तम् — त्यस, पुरुषम् — पुरुषलाई, यः — जो, सर्वस्य — संपूर्ण कार्यकरणसंघातरूप, आत्मनः — आत्माको, परायणम् — श्रेष्ठ आश्रय, वै — निश्चयसाथ, विद्यात् — जान्ला, सः — त्यो, वै — निश्चयले, वेदिता — ज्ञाता, स्यात् — होला, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! (याज्ञवल्क्यले भने–) सर्वस्य — संपूर्ण कार्यकरणसंघातरूप, आत्मनः — आत्माको, परायणम् — श्रेष्ठ आश्रय, यम् — जसलाई, आत्थ — भन्दछौ, तम् — त्यस, पुरुषम् — पुरुषलाई, अहम् — म, वै — निश्चयले, वेद — जान्दछु, (शाकल्य–) भन त त्यो कुन विशेषताको छ ? (याज्ञवल्क्य–) यः — जो, एव — नै, श्रौत्रः — कर्णेन्द्रिय सम्बन्धी, प्रातिश्रुत्कः — हरएक श्रवण वेलामा विशेषतः रहने, पुरुषः — पुरुष छ, सः — त्यो, एषः — यो देवता हो, शाकल्य — हे शाकल्य ! (त्यस विषयमा केही विशेषण बताउनु छ) वद एव — अवश्य सोध, (शाकल्यले) तस्य — त्यस देवताको, देवता — देवता, कः — कुन हो ? इति — यस्तो (सोधे) (याज्ञवल्क्यले) दिशः इति — दिशा भनी, उवाच — भने, ह — भएको कुरा हो ।

वाक्यार्थ — शाकल्यले भने–आकाश जसको आश्रय छ, कर्णेन्द्रिय सुन्ने साधन छ, मन संकल्प-विकल्प गर्ने साधन छ, त्यस पुरुषलाई जो संपूर्ण कार्यकरणसंघातरूप आत्माको श्रेष्ठ आश्रय भनी निश्चयसाथ जान्दछ, त्यो अवश्य ज्ञाता हो । याज्ञवल्क्यले भने–तिमी जसलाई संपूर्ण कार्यकरण संघातरूप आत्माको श्रेष्ठ आश्रय भन्दछौ त्यस पुरुषलाई म निश्चयसाथ जान्दछु। शाकल्यले भने–भन त त्यो कुन विशेषताको छ ? याज्ञवल्क्यले भने–जुन कर्णेन्द्रिय-सम्बन्धी हरएक श्रवण वेलामा विशेषतः

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने–तेत्तीस। शाकल्यले अँ भनेर फेरि [illegible] याज्ञवल्क्य ! (अझसंक्षेपमा) देवताहरू [illegible] अँ भनेर फेरि सोधे–याज्ञवल्क्य ! [illegible] याज्ञवल्क्यले भने–[illegible] छन् ? याज्ञवल्क्यले भने तीन। शाकल्यले [illegible] ताहरू कति मात्र छन् ? [illegible] ! (अझ पनि [illegible]

तम एव यस्यायतनꣳ हृदयं [illegible] अधिक अपरोक्ष सर्वान्[illegible] परायणꣳ स वै वेदिता स्यात् याज्ञवल्क्य [illegible] अहं [illegible] यमात्थ य एवायं छायामयः पुरुषः स [illegible] शाकल्य तस्य का देवतेति मृत्युरिति होवाच ॥१४॥

पदार्थ — तमः — अन्धकार, [illegible] — नै, यस्य — जसको, आयतनम् — आश्रय हो, हृदयम् — बुद्धि, लोकः — [illegible] साधन हो, मनः — मन, ज्योतिः — संकल्प-विकल्प गर्ने साधन हो, तम् — त्यस पुरुषलाई, यः — जो, सर्वस्य — संपूर्ण कार्यकरणसंघातरूप, आत्मनः — आत्माको, परायणम् — श्रेष्ठ आश्रय, वै — निश्चयले, विद्यात् — जान्ला, सः — त्यो, वै — अवश्य, वेदिता — ज्ञाता, स्यात् — होला, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! याज्ञवल्क्यले भने–तिमी, यम् — जसलाई, सर्वस्य—संपूर्ण कार्यकरणसंघातरूप, आत्मनः—आत्माको, परायणम्— श्रेष्ठ आश्रय, आत्थ — भन्दछौ, तम् — त्यस, पुरुषम् — पुरुषलाई, अहम्— म, वै — निश्चयले, वेद — जान्दछु, (शाकल्य–भन त त्यो कुन विशेषताको छ ?) (याज्ञवल्क्य–) यः — जुन, एव — नै, अयम् — यो, छायामयः — अज्ञानमय, पुरुषः — पुरुष छ, सः — त्यो, एषः — यो देवता हो, शाकल्य — शाकल्य ! (तर त्यस विषयमा केही विशेषण बताउनु छ) वद एव—अवश्य सोध, (शाकल्यले) तस्य—त्यस देवताको, देवता — देवता, का — कुन हो ? इति—यसरी, (सोधे) (याज्ञवल्क्यले) मृत्यु इति — मृत्यु हो भनी, उवाच — भने, ह — हो ।

वाक्यार्थ–शाकल्यले भने–अन्धकार जसको आश्रय छ, बुद्धिलोक देख्ने साधन छ, मन संकल्प-विकल्प गर्ने साधन छ, त्यस पुरुषलाई संपूर्ण कार्यकरणसंघातरूप आत्माको आश्रय भनी जुन पुरुषले निश्चयसाथ जान्दछ, त्यो अवश्य ज्ञाता हो, याज्ञवल्क्य! याज्ञवल्क्यले भने–तिमी जसलाई संपूर्ण कार्यकरणसंघातरूप अत्माको श्रेष्ठ आश्रय भन्दछौ त्यस पुरुषलाई म निश्चयसाथ जान्दछु । शाकल्यले भने–भन त त्यो कुन विशेषताको छ ? याज्ञवल्क्यले भने–जो अज्ञानमय पुरुष छ, त्यै यो देवता हो। शाकल्य ! तर त्यस विषयमा केही विशेषण बताउनु छ, तिमी अवश्य सोध । शाकल्यले भने–त्यस देवताको देवता कुन हो त ? याज्ञवल्क्यले भने –मृत्यु हो । यो भएको कुरा हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्मन्छ , नत्र 'नगरेका कर्मको [illegible]—जान्दै आइपर्ने, गरेका कर्मको फल पाई,
' यस्तो दोष आइपर्ने हुन्छ । [illegible]सलाई, [illegible]त यस मनुष्यलाई फेरि जन्माउँ-
[illegible]पूर्ण, भर्तृहरि
[illegible]भाए [illegible]—[illegible]रूहो।

[illegible]व यस्यावि[illegible]नको मन्त्र: **[illegible]तर्यो वै तं पुरुषं विद्यात् सर्वस्यात्मनः परायणꣳस वै वेदिता स्यात् याज्ञवल्क्य वे[illegible] अहं तं पुरुषꣳसर्वस्यात्मनः परायणं यमात्थ य एवायमादर्शे पुरुषः स एष वः[illegible] शाकल्य तस्य का देवतेत्यसुरिति होवाच ॥१५॥**

[illegible]रेत-

पदार्थ — (शाकल्य–) रूपाणि — प्रकाशक विशिष्ट रूप, एव — नै यस्य — जसको, आयतनम् — आश्रय छ, चक्षुः — नेत्रेन्द्रिय, लोक — देख्ने साधन छ, मनः — मन, ज्योतिः — संकल्प-विकल्पको साधन छ, तम् — त्यस, पुरुषम् — पुरुषलाई, यः—जो, सर्वस्य—संपूर्ण कार्यकरणसंघातरूप, आत्मनः—आत्माको, परायणम् — श्रेष्ठ आश्रय, विद्यात् — जान्ला, सः — त्यो, वै — निश्चयले, वेदिता — ज्ञाता, स्यात् — होला, याज्ञवल्क्य — हे याज्ञवल्क्य ! (याज्ञवल्क्यले भने) यम् — जसलाई, सर्वस्य — संपूर्ण कार्यकरणसंघातरूप, आत्मनः — आत्माको, परायणम् — श्रेष्ठ आश्रय, आत्थ — भन्दछौ, तम् — त्यस, पुरुषम् — पुरुषलाई, अहम् — म, वै — निश्चयले, वेद — जान्दछु, (शाकल्य– भन त त्यो कुन विशेषताको छ ?) (याज्ञवल्क्य–) यः—जुन, एव—नै अयम् — यो, आदर्शे — ऐनाभित्र, पुरुषः — पुरुष छ, सः — त्यै, एषः — यो देवता हो, शाकल्य — हे शाकल्य ! (तर त्यस विषयमा केही विशेषण बताउनु छ) वद एव — अवश्य सोध, (शाकल्यले) तस्य — त्यस देवताको, देवता — देवता का — कुन हो ? इति — यस्तो (सोधे) (याज्ञवल्क्यले) असुः इति — प्राण भनी उवाच — भने ह — यो भएको कुरा हो ।

वाक्यार्थ — शाकल्यले भने–प्रकाशक विशिष्टरूप नै जसको आश्रय छ, नेत्रेन्द्रिय हेर्ने साधन छ, मन संकल्प-विकल्प गर्ने साधन छ, त्यस पुरुषलाई जसले संपूर्ण कार्यकरणसंघातरूप आत्माको श्रेष्ठ आश्रय जान्दछ त्यो निस्सै ज्ञाता हो । याज्ञवल्क्यले भने–तिमी जसलाई संपूर्ण कार्यकरणसंघातरूप आत्माको श्रेष्ठ आश्रय भन्दछौ त्यस पुरुषलाई म निश्चयसाथ जान्दछु । शाकल्यले भने–भन त त्यो कुन विशेषताको छ ? याज्ञवल्क्यले भने–जो यो ऐनाभित्र पुरुष छ त्यै यो देवता हो,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केमा, प्रतिष्ठितम् नु — रहेको [illegible] याज्ञवल्क्य ! (अझसंक्षेपमा) देवताहरू [illegible] अँ भनेर फेरि सोधे—याज्ञवल्क्य ! [illegible] छन् ? याज्ञवल्क्यले भने तीन। शाकल्यले [illegible] ताहरू कति मात्र छन् ? [illegible] । (अझ पनि [illegible] वल्क्यले) रूपेषु — रूपहरूमा, [illegible] यस्तो (उत्तर दिए) हि — चक्षुषा — चक्षुले, रूपाणि — रू[illegible]यति — देख्तछ, (शाकल्यले) रूपाणि रूप, कस्मिन्— केमा, प्रतिष्ठित[illegible]नु — रहेका छन् नि ?, इति— यस्तो, (प्रश्न गरे) (याज्ञवल्क्यले) हृ[illegible] — हृदयमा, इति — यसो, उवाच — भने, हि — ठीक हो, हृदयेन — हृद[illegible] रूपाणि — रूप, जानाति — जान्दछ, हि — यस कारणले, हृदये एव — हृदयमा नै, रूपाणि — रूप, प्रतिष्ठितानि रहेका, भवन्ति — हुन्छन्, इति — यस हेतुले, (शाकल्यले भने) याज्ञवल्क्य — हे याज्ञवल्क्य ! एतद् — यो कुरा, एवम् एव — यसै हो ।

वाक्यार्थ—

शाकल्यले सोधे—तिमी यस पूर्व दिशामा कुन देवता भएका छौ ?
याज्ञवल्क्यले भने—आदित्य देवता भएको छु।
शाकल्य—ती आदित्य देवता केमा रहेका छन् ?
याज्ञवल्क्य—चक्षु इन्द्रियमा ।
शाकल्य — चक्षु इन्द्रिय केमा रहेको छ नि ?
याज्ञवल्क्य—रूपमा ।
शाकल्य—रूप केमा रहेको छ नि ?
याज्ञवल्क्य—हृदयमा। किनभने हृदयले रूपलाई जान्दछ।
शाकल्य—याज्ञवल्क्य ! यो कुरा ठीक हो ।

टिप्पणी — यस वखत याज्ञवल्क्य दिशाहरूमा पाँच प्रकारले विभक्त हृदयोपाधिक आत्मालाई दिशास्वरूप र तद्द्वारा सव जगत्लाई आत्मभावले जानेर 'म दिक्स्वरूप हुँ' यस अनुभवमा रहेका छन्, तथा पूर्वाभिमुख छन् । यस कारण पूर्व दिशामा तिमी (दिक्स्वरूप) कुन देवतावाला छौ ? भनी प्रश्न गरिएको हो। उत्तर पनि 'आदित्य देवतावाला छु' भनी दिइएको हो। यस्तै आगामी प्रश्नोत्तरमा पनि ज्ञातव्य छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न्मन्छ , नत्र 'नगरेका कर्मको [illegible]—जान्दै आइपर्ने, गरेका कर्मको फल [illegible]ाई, यस्तो दोष आइपर्ने हुन्छ । [illegible]सलाई, [illegible] त यस मनुष्यलाई फेरि जन्मा[illegible]

[illegible]र्ण, भूत[illegible]

[illegible]—भए[illegible]—[illegible]

[illegible] [illegible]ह्येव दक्षिणा

[illegible]ष्ठित[illegible] इति होवाच हृदयेन हि श्रद्धां [illegible]ति हृदये ह्येव श्रद्धा प्रतिष्ठिता भ[illegible]मेवैतद् याज्ञवल्क्य ॥२१॥

पदार्थ — अस्याम् — यो, दक्षिणा[illegible] — दक्षिण, दिशि — दिशामा, किन्देवतः — कुन देवता भएका, असि [illegible] ? इति — यसरी, (शाकल्यले सोधे) यमदेवतः — यम देवता भएको छु, इति — यसरी, (याज्ञवल्क्यले जबाफ दिए) यमः — यम, कस्मिन् — केमा, प्रतिष्ठितः—रहेका छन् ? इति—यसरी, (शाकल्यले सोधे) यज्ञे — यज्ञमा, इति — यसरी, (याज्ञवल्क्यले उत्तर दिए) यज्ञः — यज्ञ, कस्मिन् — केमा, प्रतष्ठितः नु — रहेको छ नि ? इति — यसरी (शाकल्यले सोधे) दक्षिणायाम् — दक्षिणामा, इति — यसरी (याज्ञवल्क्यले उत्तर दिए), दक्षिणा — दक्षिणा, कस्मिन् — केमा, प्रतिष्ठिता नु — रहेको छ नि ? इति — यसरी (शाकल्यले सोधे), श्रद्धायाम् — श्रद्धा (आस्तिक्य बुद्धि)मा, हि— किनभने, यदा एव — जहिले नै, श्रद्धत्ते — श्रद्धा गर्दछ, अथ — तब नै, दक्षिणाम् — दक्षिणा, ददाति — दिन्छ, इति — यस हेतुले, श्रद्धायाम् — श्रद्धामा, हि एव — निश्चय नै, दक्षिणा— दक्षिणा, प्रतिष्ठिता — रहेको छ इति — यसरी, (याज्ञवल्क्यले समाधान गरे) श्रद्धा — श्रद्धा, कस्मिन्—केमा, प्रतिष्ठिता नु—रहेको छ नि ? इति—यसरी, (शाकल्यले सोधे), हृदये — हृदयमा, हि — किनभने, श्रद्धाम् — श्रद्धालाई, हृदयेन — हृदयले, जानाति —जान्दछ, इति — यस हेतुले, श्रद्धा — श्रद्धा, हृदये — हृदयमा, हि एव–निश्चय नै, प्रतिष्ठिता—रहेको, भवति—हुन्छ, इति—यसो, (याज्ञवल्क्यले) उवाच—भने, ह — हो, (शाकल्यले भने) याज्ञवल्क्य — हे याज्ञवल्क्य ! एतद् — यो कुरा, एवम् एव — यसै हो ।

वाक्यार्थ—

शाकल्य — यस दक्खिनमा कुन देवता भएका छौ ?
याज्ञवल्क्य — यम देवता भएको छु ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने-तेत्तीस। शाकल्यले अँ भनेर फेरि ...याज्ञवल्क्य ! (अझसंक्षेपमा) देवताहरू
...ज्ञवल्क्यले भने-छ ...ो अँ भनेर फेरि सोधे-याज्ञवल्क्य !
... ...कूल्य ! (किन्तु ... ...छन् ? याज्ञवल्क्यले भने तीन। शाकल्यले
तम प्रतिष्ठित... ... ...तर... ...ोजन... ...ताहरू कति मात्र छन् ?
... ...हण...

पराय दीक्षामा, इति—यसरी, (याज्ञवल्क्यले ...अहं ...तर दिरोक्षे ...स्थान... ...दीक्षा
यम केमा, प्रतिष्ठिता नु—रहेको छ ...ति—यसरी, (शाकल्यले प्रश्न ग...
सत्ये—सत्यमा, इति—यो उत्तर ... तस्मात् अपि—त्यसै कारणले, दीक्षि-
तम्—दीक्षा लिएकालाई, सत्य ...—साँचो, वद—बोल, इति—यसो,
आहुः—भन्दछन्, हि—ठीक ह ...क्षा—दीक्षा, सत्ये एव—सत्यमा नै,
प्रतिष्ठिता—रहेको छ, इति—य... ...ा, (याज्ञवल्क्यले समाधान गरे) सत्यम्—
सत्य, कस्मिन्—केमा, प्रतिष्ठिता नु—रहेको छ नि ? इति—यसरी, (शाकल्यले
सोधे), हृदये—हृदयमा, इति—यो उत्तर छ, हि—किनभने, हृदयेन—
हृदयले, सत्यम्—सत्य, जानाति—जान्दछ, हि—यस कारणले कि, हृदये—
हृदयमा, एव—नै, सत्यम्—साँचो, प्रतिष्ठितम्—रहेको भवति—हुन्छ,
इति—यसरी, (याज्ञवल्क्यले), उवाच—भने, ह—प्रसिद्ध छ, (शाकल्यले
भने-) याज्ञवल्क्य—हे याज्ञवल्क्य ! एतद्—यो कुरा, एवम् एव—यसै हो।

वाक्यार्थ—

शाकल्य— यस उत्तर दिशामा कुन देवता भएका छौ ?
याज्ञवल्क्य— सोम (चन्द्रमा र सोम लता) देवता भएको छु।
शाकल्य— सोम देवता केमा रहेको छ ?
याज्ञवल्क्य— यज्ञको दीक्षामा।
शाकल्य— दीक्षा केमा रहेको छ नि ?
याज्ञवल्क्य— साँचो व्यवहारमा। त्यसै कारणले दीक्षा लिएकालाई 'साँचो-बोल' भन्दछन्। सत्यैमा दीक्षा रहेको छ।
शाकल्य— साँचो व्यवहार केमा रहेको छ नि ?
याज्ञवल्क्य— हृदयमा। किन कि हृदयले सत्यलाई थाहा पाउँछ। अत एव हृदयमा नै सत्य रहेको हुन्छ।
शाकल्य— याज्ञवल्क्य ! यो कुरा यसै हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

को वाक्यार्थ– 'वीर्यबाट उत्पन्न [illegible] नभन, किनभने त्यो वीर्य जिउँदाका [illegible]छ, मरेकाको हुँदैन। वृक्ष त बीज [illegible] उत्पन्न हुने हुन्छ र काटिएर पलाउने [illegible]हुन्छ, प्रत्यक्ष [illegible]

पदार्थ— अस्याम् — यस, ध्रुवाय[illegible] - ध्रुवा, (माथितिरको) दिशि— दिशामा, किन्देवतः— कुन देवता भएका, अ[illegible] —छौ ? इति—यसरी, (शाकल्यले सोधे), अग्निदेवतः — अग्निदेवता भएक[illegible] इति — यसरी, (याज्ञवल्क्यले जबाफ दिए) सः — त्यो, अग्निः — अ[illegible] कस्मिन् — केमा प्रतिष्ठितः — रहेको छ, इति — यसरी, (शाकल्यले सोधे) वाचि — वाक् इन्द्रियमा, इति — यसरी, (याज्ञवल्क्यले उत्तर दिए) वाक् — वाक् इन्द्रिय, कस्मिन् — केमा, प्रतिष्ठिता नु — रहेको छ नि ? इति— यसरी (शाकल्यले सोधे), हृदये— हृदयमा, इति — यसरी (याज्ञवल्क्यले जबाफ दिए), हृदयम्—हृदय, कस्मिन्– केमा प्रतिष्ठितम् नु — रहेको छ नि ? इति — यसरी (शाकल्यले प्रश्न गरे)।

वाक्यार्थ—

शाकल्य — ध्रुवा (माथितिरको) दिशामा तिमी कुन देवता भएका छौ ?

याज्ञवल्क्य — अग्नि देवता भएको छु।

शाकल्य — ती अग्नि केमा रहेका छन् ?

याज्ञवल्क्य — वाक् इन्द्रियमा।

शाकल्य — वाक् इन्द्रिय केमा रहेको छ नि ?

याज्ञवल्क्य — हृदयमा।

शाकल्य — हृदय केमा रहेको छ नि ?

टिप्पणी — अरू दिशाहरू एकनासका ठेगानिया हुँदैनन्। भनौं–पूर्व भनिएको दिशा पनि कतैबाट पश्चिम, कतैबाट दक्खिन र कतैबाट उत्तर भएको हुन्छ। यस्तै अरू दिशाको पनि हालत छ। माथितिरको ऊर्ध्वदिशाचाहिं सुमेरुका जुन भागमा रहेका प्राणीका लेखा पनि माथि नै हुन्छ र त्यो ऊर्ध्व दिशा अव्यभिचारी हुनाले 'ध्रुवा' भनिन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माꣳसान्यस्य शकराणि किना... याज्ञवल्क्य ... अँ भने...
अस्थीन्यन्तरतो दारूणि मज... छन् ? या तत् स्थिरम् ।
पदार्थ ... कोच... ...पमा कृता ॥३॥
शकरा... ...कल्प... यस पुरुषको, ...

पदार्थ — याज्ञवल्क्य ... अहं ... ह — भएको कुरा हो । यत्र — बोलाएर, इति — यसो, उवाच — ... व शा... — हामीदेखि, अन्यत्र — अन्त, मन्यासै — बखतमा, एतद् — यो हृदय, अस्म... — हामीदेखि, अन्यत्र — अन्त, मन्यासै — ठान्दछौ, यद् हि — यदि, एतद् — ... हृदय, अस्मत् — हामीदेखि, अन्यत्र — भिन्नै ठाउँमा, स्यात् — हुँदो हो ... एनत् — यस शरीरलाई, श्वानः वा — कुक्कुरहरूले नै अद्युः — खाँदा हुन्... — अथवा, एनत् — यसलाई, वयांसि — चराहरू, विमथ्नीरन् — लुछ्ता हुन्, तात्पर्य यो हो कि हृदय यै शरीरमा छ । (शरीरस्यापि नामरूपकर्मात्मकत्वात् हृदये प्रतिष्ठितत्वम्) — शरीर पनि नामरूपकर्मात्मक हुनाले हृदयमा प्रतिष्ठित छ ।

वाक्यार्थ — अनि याज्ञवल्क्यले 'ए प्रेत !' भनी संबोधन गरेर शाकल्यलाई भने—यदि यो हृदय हामी (शरीर) देखि अन्यत्र भएको ठान्दछौ र त्यसै गरी यो हृदय शरीरदेखि भिन्नै ठाउँमा हुँदो हो त, यस शरीरलाई कुक्कुरहरूले नै खाँदा हुन् वा चराहरूले नै चुच्चो गाडी गाडी लुछ्ता हुन् । त्यसो नभएकाले हृदय शरीरैमा छ र शरीर पनि नामरूपकर्मात्मकै चीज हुनाले हृदयमा नै छ ।

समानपर्यन्त शरीरादिको प्रतिष्ठा तथा आत्मस्वरूपको वर्णन र शाकल्यको शिरःपतन

संबन्ध — शाकल्यले भने—याज्ञवल्क्य ! कार्य र करणरूप शरीर र हृदयको यसरी परस्पर रहने आधारभाव बतायौ । अतः तिमीलाई सोध्दछु—

कस्मिन्नु त्वं चात्मा च प्रतिष्ठितौ स्थ इति प्राण इति कस्मिन्नु प्राणः प्रतिष्ठित इत्यपान इति कस्मिन्न्वपानः प्रतिष्ठित इति व्यान इति कस्मिन्नु व्यानः प्रतिष्ठित इत्युदान इति कस्मिन्नुदानः प्रतिष्ठित इति समान इति स एष नेति नेत्यात्मागृह्यो न हि गृह्यतेऽशीर्यो न हि शीर्यतेऽसङ्गो न हि सज्यतेऽसितो न व्यथते न रिष्यति। एतान्यष्टावायतनान्यष्टौ लोका अष्टौ देवा अष्टौ पुरुषाः स यस्तान् पुरुषान्निरुह्य

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि जन्मन्छ , नत्र 'नगरेका कर्मको [—जान्दै आइपर्ने, गरेका कर्मको फल [illegible]ाई, नाशिने' यस्तो दोष आइपर्ने हुन्छ । [illegible]सलाई, [illegible] त यस मनुष्यलाई फेरि जन्मा[illegible] को होला ? [illegible]पूर्ण, भूतानि [illegible]

[illegible] । त्यस [illegible] —भए [illegible] —[illegible] हृदय, च—

मरे [illegible] याज्ञवल्क्य [illegible] नु — छौ नि ? इति — यस्तो [illegible] (शाकल्यले गरे) प्राण — प्राण [illegible] इति — यसो (याज्ञवल्क्यले भने), प्राणः—प्राण, कस्मिन् — केमा, प्रतिष्ठित [illegible] — रहेको छ नि ? इति — यसरी (शाकल्यले सोधे), अपाने — अपानमा, [illegible] — यसो (याज्ञवल्क्यले भने), अपानः — अपान, कस्मिन् — केमा, प्रति[illegible]ः नु — रहेको छ नि ? इति — यसरी, (शाकल्यले सोधे) व्याने — व्यान[illegible] इति — यसो (याज्ञवल्क्यले भने) व्यानः — व्यान, कस्मिन् — केमा, प्रतिष्ठितः नु ? — रहेको छ नि ? इति — यसरी (शाकल्यले सोधे), उदाने — उदानमा, इति — यसो, (याज्ञवल्क्यले भने) उदानः — उदान, कस्मिन् — केमा, प्रतिष्ठितः नु — रहेको छ नि ? इति — यसरी (शाकल्यले सोधे), समाने — समानमा, इति — यस्तो उत्तर छ, (अब यो सब जसबाट नियत छ र जसमा प्रतिष्ठित) छ, सः—त्यो, (मधुकाण्डमा) 'न इति, न इति' (त्यो होइन , त्यो होइन) भनेर निर्देश गरिएको, एषः — यो, आत्मा— आत्मा, अगृह्यः — ग्रहण गर्न नसकिने छ, हि — किनभने, न गृह्यते — कुनै करणले पक्रिंदैन, (तथा) अशीर्यः — नफुट्ने छ, हि — किनभने, न शीर्यते — मूर्त्त पदार्थ न हुनाले फुट्तैन, असङ्गः— कुनै चीजसँग नजुट्ने छ, हि—किनभने, न सज्यते — अमूर्त्त पदार्थ हुनाले जुट्तैन, असितः — बन्धनहीन छ, (अतः) न व्यथते — पीडित हुँदैन, (अतः) न रिष्यति — मर्दैन, एतानि — यी, अष्टौ — आठ, आयतनानि— आश्रय, अष्टौ — आठ, लोकाः — लोकहरू, अष्टौ—आठ, देवाः — देवता, अष्टौ — आठ, पुरुषाः — पुरुष छन्, सः— त्यो, यः — जो, तान् — ती, पुरुषान् — शरीर आदि पुरुषलाई, निरुह्य — निश्चयसाथ जानेर, प्रत्युह्य — प्राची दिक् आदिद्वारा उपसंहार समेत गरेर, अत्यक्रामत् — उपाधि धर्मलाई, अतिक्रमण गरेको छ, अर्थात् आफ्नै वास्तविक रूपमा अटल छ, त्यो, औपनिषदम् — उपनिषद्गम्य, पुरुषम् — पुरुषलाई, त्वा — तिमी (विद्याभिमानी) सँग, पृच्छामि — सोध्दछु, तम् — त्यो पुरुष, मा — मलाई, न विवक्ष्यसि — स्पष्टतासाथ बताउँदैनौ त, ते — तिम्रो, मूर्धा— टाउको, विपतिष्यति — खस्नेछ, तम् — त्यस पुरुषलाई, शाकल्यः— शाकल्य, ह — निस्सै, न मेने — जान्दैनथे, (अतः) तस्य — तिनको, मूर्धा — टाउको,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वाक्यार्थ—

शाकल्य — तिमी (शरी हृदयरूप) केमा प्रतिष्ठित छौ नि ?

याज्ञवल्क्य — प्राणमा ।

शाकल्य — प्राण केमा प्र त छ नि ?

याज्ञवल्क्य — अपानमा । अपानवृत्तिले नरोक्ने हो भने प्राण माथितिर निक्लिजान्थ्यो ।

शाकल्य — अपान केमा प्रतिष्ठित छ नि ?

याज्ञवल्क्य — व्यानमा । व्यानवृत्तिले बीचमा रहेर नरोक्ने हो भने अपानवृत्ति मनितिरै लाग्ला, प्राणवृत्ति माथितिरै ।

शाकल्य — व्यान केमा प्रतिष्ठित छ नि ?

याज्ञवल्क्य — उदानमा । उक्त तीनै वृत्ति कीलो जस्तो उदानमा नबाँधिने हो भने जतासुकै चलिजालान् ।

शाकल्य — उदान केमा प्रतिष्ठित छ नि ?

याज्ञवल्क्य — समानमा । सब प्राणवृत्तिलाई समानले नै सम (ठीक) राख्दछ । यहाँ भनिएको कुरो यो हो कि शरीर, हृदय र वायुहरू परस्पर आधार भएका छन् । विज्ञानमयका निमित्त संघटित भैकन नियतरूपले रहेका छन् । यो समस्त आकाशान्त तत्त्व जसले नियत छ र जसमा सब तर्फबाट ओत-प्रोत भई प्रतिष्ठित छ, त्यस निरुपाधिक साक्षात् अपरोक्ष ब्रह्मको निर्देश गर्नुपर्नेछ भनेर यो आउने कुरो प्रारम्भ गरिएको छ ।

याज्ञवल्क्य भन्दैछन्— जो मधुकाण्डमा 'न इति, न इति' (त्यो होइन, त्यो होइन) भनेर निर्देश गरिएको छ, त्यो आत्मा कुनै कारणले पक्रिने छैन, मूर्त्त पदार्थ नहुनाले टुट्ने-फुट्ने छैन, न त्यो केहीसँग जुट्ने नै छ, कुनै कुराले बाँधिएको पनि छैन र पीडित पनि छैन. अत एव यो मर्दा पनि मर्दैन ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि जन्मन्छ , नत्र 'नगरेका कर्मको [illegible]—जान्दै आइपर्ने, गरेका कर्मको फल [illegible]ाई, नाशिने' यस्तो दोष आइपर्ने हुन्छ । [illegible]सलाई, [illegible] त यस मनुष्यलाई फेरि जन्मा[illegible] को होला ? [illegible]पूर्ण, भूत[illegible]

[illegible] । त्यस [illegible] भए[illegible] [illegible]हरूकहाँ, मरे[illegible] याज्ञवल्क्य[illegible] [illegible]सँग स[illegible]दछु, स्पष्टतासा[illegible] [illegible]कनौ भन[illegible] तिम्रो [illegible]छ ।

(नभन्दै) शाकल्य त्यस पुरुषलाई [illegible] दैनथे र तिनको शिर गिरिहाल्यो । यति मात्र होइन । उनका हाडहरू पनि [illegible] केही चीज ठानेर चोरहरूले चोरेर लगे । यो पुराकालमा भएको कुरा हो । [illegible]

याज्ञवल्क्यबाट सभासद्हरूलाई प्रश्न गर्न आमन्त्रण

अथ होवाच ब्राह्मणा भगवन्तो यो वः कामयते स मा पृच्छतु सर्वे वा मा पृच्छत यो वः कामयते तं वः पृच्छामि सर्वान् वा वः पृच्छामीति ते ह ब्राह्मणा न दधृषुः ॥२७॥

पदार्थ— अथ — ब्राह्मणहरू चूप लागेपछि, (याज्ञवल्क्यले) इति — यसो, उवाच — भने, ह — निश्चय हो, भगवन्तः — संमानयुक्त, ब्राह्मणाः — हे ब्राह्मणहो ! वः — तपाईंहरूमध्ये, यः — जो, कामयते — चाहनुहुन्छ, सः — उहाँले, मा — मसँग, पृच्छतु — सोध्नुहोस्, वा — अथवा, सर्वे — सबैले, मा — मसँग, पृच्छत — सोध्नुहोस्, (यसै गरी) वः — तपाईंहरूमध्ये, यः — जो, कामयते—चाहनुहुन्छ, तम्—त्यहाँसँग, वः—तपाईंहरूका समक्ष, पृच्छामि— सोध्दछु, वा — अथवा, सर्वान् — समस्त, वः— तपाईंहरूसँग, पृच्छामि — सोध्दछु, (यसो भन्दा) ह — निश्चय हो कि, ते — ती, ब्राह्मणाः — ब्राह्मणहरू, न दधृषुः — ढीठ भएनन् (बोल्ने उत्साह गरेनन्) ।

वाक्यार्थ — सभाका ब्राह्मणहरू चूप लागेपछि याज्ञवल्क्यले भने—पूज्य ब्राह्मणहो ! तपाईंहरूमध्ये जो चाहनुहुन्छ उहाँ प्रश्न गर्नुहोस् । अथवा सबैले प्रश्न गर्नुहोस् । यसै गरी तपाईंहरूमा जो चाहनुहुन्छ उहाँसँगै म प्रश्न गर्दछु वा संपूर्ण तपाईंहरूसँग प्रश्न गर्दछु । तर ती ब्राह्मणहरूले सोध्न वा सोधिन साहस गरेनन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पदार्थ– यत्–यदि, वृक्षम्–रू ाई, समूलम्– जरै समेत, वा बीउ नै समेत आवृहेयुः– काटून् त, पुनः–फेरि, भवेत्:–उब्जोइन, (त्यस कारण) मर्त्याः– मानिस, मृत्युना– मृत्युले, वृक्णः :–काटियो भने, कस्मात्– कुन, मूलात्– मूलबाट, प्ररोहति– पलाउँछ ?

वाक्यार्थ– यदि रूखलाई जरै समेत वा बीउ नै समेत, काटिदिऊन् त त्यो फेरि उम्रँदैन। यसै गरी मानिस मृत्युले काटियो (मारियो) भने कुन मूलबाट फेरि उत्पन्न हुन्छ ?

जात एव न जायते को न्वेनं जनयेत् पुनः।
विज्ञानमानन्दं ब्रह्म रातिर्दातुः परायणं तिष्ठमानस्य तद्विद इति ॥७॥

पदार्थ– जातः– जन्मेको, एव–नै छ, (अतः प्रश्न गर्नु नै मिल्दैन भनौला, न– त्यसो हैन, (किनभने फेरि पनि अवश्य) जायते––उत्पन्न हुन्छ, (नत्र नगरेका कर्मको फल आइपर्नु, गरेका कर्मको फल नाशिनु, यस्तो दोष आइपर्ला) अतः कः नु– कुनचाहिले, एनम्– यस मनुष्यलाई, पुनः– फेरि, जनयेत्– पैदा गर्ला ?

(यो प्रश्नको उत्तर त्यहाँ जुटेका ब्राह्मणहरूलाई थाहा थिएन। यसउसले शिरोमणि ब्रह्मिष्ठ याज्ञवल्क्यले गाईलाई आश्रमतर्फ चलाए।)

यो याज्ञवल्क्यले सोधेको कुरो श्रुतिले स्वयं भनिदिन्छ– विज्ञानम्– विज्ञप्ति (ज्ञान) स्वरूप, आनन्दम्––आनन्द, ब्रह्म–ब्रह्म हो, जो रातिः– धनका, दातुः– दाता यजमानको, परायणम्– परम गति हो। (तथा) तिष्ठमानस्य त्यही ब्रह्ममा स्थित भएका, तद्विदः– ब्रह्मवेत्ताको, परायणम्– परम गति हो।

वाक्यार्थ– मनुष्य जन्मेको नै छ, नजन्मेकाको विषयमा पो प्रश्न गर्न सुहाउँछ, अतः प्रश्न गर्ने मिल्दैन, भनौला त्यसो होइन। किनभने मनुष्य अवश्य फेरि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि जन्मन्छ , नत्र 'नगरेका कर्मको —जान्दै आइपर्ने, गरेका कर्मको फल ई, नाशिने' यस्तो दोष आइपर्ने हुन्छ । सलाई, यस मनुष्यलाई फेरि जन्माउ को होला ?

मरे याज्ञवल्क्य मूल ब्राह्मणहरूलाई ने । केसको उत्तर अनि याज्ञवल्क्य नै सर्वशिरोमणि ब्रह्मिष्ठ ठहरेकाले उनैले गाईहरू आश्रमत गएथे । कथा समाप्त भयो ।

जो जगत्को मूल हो, जुन शब्दले ब्रह्म साक्षात् निर्देश गरिन्छ, जुन कुरो याज्ञवल्क्यले जनक-सभाका ब्राह्मणहरूलाई देखाउन थेथे, त्यस वस्तुलाई श्रुति स्वयम् हामीहरूप्रति निर्देश गर्दछ– ज्ञानस्वरूप आनन्द नै ब्रह्म हो, जो धनका दाता यजमानलाई फल दिने हुनाले परमगति छ, त्यस्तै ब्रह्ममा परिनिष्ठित ब्रह्मवेत्ताको पनि परमगति छ ।

तृतीयाध्यायमा नवौं शाकल्य ब्राह्मण समाप्त
एवं तृतीयाध्याय पनि समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



जनक-याज्ञवल्क्य-संवाद

सम्बन्ध—शरीर आदि आठ पुरुषको निरूपण गरेर फेरि तिनको हृदयमा उपसंहार गरेर, त्यस्तै फेरि दिशाहरूका भेदले तिनीहरूलाई पाँच भागमा विभक्त गरेर फेरि तिनलाई पनि हृदयमा उपसंहार गरेर तथा एक-दोस्रामा प्रतिष्ठित हृदय र शरीरका प्राणादि पाँच वृत्तिवाला 'समान' संज्ञक जगदात्मा सूत्रमा उपसंहार गरेर, शरीर, हृदय र सूत्र अवस्थाको जगदात्मालाई अतिक्रमण गरेर रहेको 'न इति, न इति' यस प्रकार संकेत गरिएको, जुन औपनिषद् पुरुष 'विज्ञान–आनन्दरूप छ' भनी साक्षात् र उपादानकारणरूपले निर्देश गरिएको छ, त्यसैलाई अब वाक् आदि देवताद्वारा पुनः बोध गराउनु छ। यसैका निमित्त यो आउँदो दुइ ब्राह्मणको आरम्भ गरिन्छ। कथा त गुरुशिष्य-प्रणालीबाट नै ब्रह्मबोध गर्ने आचार प्रदर्शनका निमित्त हो।

जनकका सभामा याज्ञवल्क्यको आगमन, जनकको प्रश्न

ॐ जनको ह वैदेह आसाञ्चक्रेऽथ ह याज्ञवल्क्य आववाज। तꣳहोवाच याज्ञवल्क्य किमर्थचारीः पशूनिच्छन्नण्वन्तानिति उभयमेव सम्राडिति होवाच ॥ १ ॥

पदार्थ— ह—पुराकालमा भएको कुरा हो, वैदेहः—विदेह देशका, जनकः—जनक राजा, आसाञ्चक्रे — (सिंहासनमा) वसिरहेका थिए। अथ— त्यस अवसरमा, याज्ञवल्क्यः — याज्ञवल्क्य, आववाज — आए, ह — निश्चय हो, (जनकले), तम्— तिनलाई, इति — यस प्रकार, उवाच — भने, याज्ञवल्क्य— हे याज्ञवल्क्यजी, किमर्थम्— केका निमित्त, अचारीः—आउनुभयो ? पशून्— पशु (गाईहरू), इच्छन्—चाहेर (कि), अण्वन्तान्—सूक्ष्म वस्तुका

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्णय, + इच्छन्—चाहेर श्रवणला—जान्दै याज्ञवल्क्यले) सम्राट्—हे चलाई, वर्ती ! उभयम्—दुइ, एव—नै (चा[illegible]सलाई, [illegible]ड्-

वाक्यार्थ— यो अघि भएको कु[illegible]र्ण, भूत[illegible]का राजा[illegible] सिंहासनमा बसिरहेका थिए। त्यस अवसरमा याज्ञ[illegible]—भए[illegible]—[illegible]रूकहाँ गरेर सोधे— याज्ञवल्क्य[illegible] [illegible]हरूको [illegible]गि कि सूक्ष्म-वस्तुको निर्णय सुन्नको [illegible] याज्ञवल्[illegible]भने— राजाधिराज! दुवै कुराका निमित्त।

शैलिनिले बताएका वाक् ब्रह्मका उप[illegible]को फलसहित वर्णन

यत्ते कश्चिद्ब्रवीत्तच्छृणवामेत्यब्रवीन्मे [illegible]जत्वा शैलिनिर्वाग्वै ब्रह्मेति यथा मातृमान् पितृमानाचार्यवान् ब्रूयात्तथा तच्छैलिनिरब्रवीद् वाग् वै ब्रह्मेत्यवदतो हि किꣳस्यादित्यब्रवीत्तु ते तस्यायतनं प्रतिष्ठां न मेऽब्रवीदित्येकपाद् वा एतत् सम्राडिति स वै नो ब्रूहि याज्ञवल्क्य। वागेवायतनमाकाशः प्रतिष्ठा प्रज्ञेत्येन-दुपासीत। का प्रज्ञता याज्ञवल्क्य। वागेव सम्राडिति होवाच। वाचा वै सम्राड् बन्धुः प्रज्ञायते ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरस इतिहासः पुराणं विद्या उपनिषदः श्लोकाः सूत्राण्यनुव्याख्यानानि व्याख्यानानीष्टꣳहुतमाशितं पायितमयं च लोकः परश्च लोकः सर्वाणि च भूतानि वाचैव सम्राट् प्रज्ञायन्ते वाग् वै सम्राट् परमं ब्रह्म नैनं वाग्जहाति सर्वाण्येनं भूतान्यभिक्षरन्ति देवो भूत्वा देवानप्येति म एवं विद्वानेतदुपास्ते। हस्त्यृषभꣳसहस्रं ददामीति होवाच जनको वैदेहः। स होवाच याज्ञवल्क्यः पिता मेऽमन्यत नाननुशिष्य हरेतेति ॥ २॥

पदार्थ— (याज्ञवल्क्यले) इति—यसो, अब्रवीत्—भने, (हे सम्राट्) ते—तिमीलाई, कश्चित्—कुनै आचार्यले, यद्—जुन कुरा, अब्रवीत्—भनेका-छन्, तद्—त्यो, शृणवाम—सुनौं, (जनकले भने—) मे—मलाई, शैलिनिः—शिलिनका छोरा, जित्वा—जित्वाले, वाक्—वाक् देवता, वै—निश्चयले, ब्रह्म—ब्रह्म हो, इति—यसो, अब्रवीत्—भनेथे, (याज्ञवल्क्यले भने) मातृ-मान्—(अनुशासन गर्ने) आमा भएको, पितृमान्— (अनुशासन गर्ने) बाबु भएको, आचार्यवान्— (अनुशासन गर्ने) आचार्य भएको व्यक्तिले, यथा—जसरी , ब्रूयात्—भन्ला, तथा—त्यसै गरी, शैलिनिः—शिलिनका छोराले, तद्—त्यो, वाक्—वाग् देवता, ब्रह्म—ब्रह्म हो, इति—यसो, अब्रवीत्—भने, हि—ठीक हो, अवदतः—नबोल्नेलाई, (यस लोक वा परलोकमा) किम्—कुन लाभ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

[illegible]त्—हुन्छ, इति—यसो भनेर [illegible] तु—किन्तु, ते—तिमीलाई, तस्य—यो ब्रह्मको, आयतनम्—शरीर [illegible] तिष्ठाम्—नित्यस्थायी आश्रय, अब्र- [illegible] न अब्रवीत्—बताएनन्, इति—यसो [illegible] हे राजेश्वर ! एतद्—यो ब्रह्म, वै — निश्चयले, एकपाद्—एकपा[illegible] इति—यसो (भने), (जनकले) याज्ञवल्क्य—हे याज्ञवल्क्य !, स[illegible]यो जान्ने तपाईं, न—हामीलाई, ब्रूहि—भन्नुहोस्, (अनि याज्ञवल्क्यले भने—) वाक्—वाणी, एव—नै, आयतनम्—शरीर हो, आकाशः—आकाश, प्रतिष्ठा—नित्य रहने आश्रय हो, एतद्—यस वाक्रूप ब्रह्मलाई, प्रज्ञा इति—प्रज्ञा भनी, उपासीत—उपासना गरोस्, (जनकले सोधे)— याज्ञवल्क्य—हे याज्ञवल्क्यजी ! प्रज्ञता—प्रज्ञता भनेको, का—के हो ?, (याज्ञवल्यले) सम्राट्— हे अधिराज ! वाक् एव— वाणी नै हो, इति—यसो, उवाच—भने , ह—निश्चय हो, सम्राट्—हे अधिराज ! वै—निस्सै हो, वाचा—बोलोले, बन्धुः—दाजु-भाइ, प्रज्ञायते—थाहा पाइन्छ, ऋग्वेदः—ऋग्वेद, यजुर्वेदः—यजुर्वेद, सामवेदः—सामवेद, अथर्वाङ्गिरसः— अथर्ववेद, इतिहासः—इतिहास, पुराणम् — पुराण, विद्या—देवजनविद्या, उपनिषदः—उपनिषद्, श्लोकाः—मन्त्र, सूत्राणि—वस्तुसंग्राहक वाक्य, अनुव्याख्यानानि—मन्त्रका विवरण, व्याख्यानानि—अर्थवादहरू, (एवम्) इष्टम्—यज्ञबाट हुने धर्म, हुतम्—होमबाट हुने धर्म, आशितम्—अन्नदानबाट हुने धर्म, पायितम्—पानदानबाट हुने धर्म, अयम्—यो, लोकः—जन्म, च—र, परः—अर्को, लोकः—जन्म, च—पनि, सर्वाणि—सम्पूर्ण, भूतानि—प्राणीहरू, च—पनि, सम्राट्—हे अधिराज ! वाचा—वचनले, एव—नै, प्रज्ञायन्ते—जानिन्छन्, सम्राट्—हे राजेश्वर ! वाक्—वाणी, वै—निस्सै, परमम्—पर, ब्रह्म—ब्रह्म हो, यः—जो, एवम्—यस्तो, विद्वान्—जान्दछ र एतत्—यस वाग्देवतारूप ब्रह्मलाई, उपास्ते—उपासना गर्दछ, एनम्—यसलाई, वाक्—वाणीले, न जहाति—छोड्दैन, एनम्—यसलाई, सर्वाणि—संपूर्ण, भूतानि—भूतहरू, अभिक्षरन्ति—उपकार गर्दछन्, देवः—देवता, भूत्वा—भएर, देवान्—देवताहरूकहाँ, अप्येति—प्राप्त हुन्छ, (यसपछि) वैदेहः—विदेह देशका, जनकः—जनक राजाले, हस्त्यृषभम्—हात्ती-समानका साँढे बथानमा भएको, सहस्रम्—हजार गाई, ददामि—दिन्छु, इति—यसो, उवाच—भने, ह—यो भएको कुरा हो, (भनी) सः—प्रसिद्ध, याज्ञवल्क्यः—याज्ञवल्क्यले, ह—निश्चयसाथ, इति—यसो उवाच — भने, मे — मेरा, पिता—पिताजीले, इति—यस्तो, अमन्यत—ठान्नुहुन्थ्यो, अननुशिष्य—ठीक-सँग शिक्षा नदिईकन (शिष्यलाई कृतार्थ नपारीकन) धनम्—धन, न हरेत—न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लजाओस् ।

वाक्यार्थ—याज्ञवल्क्य– 'तिमीले [illegible] आचार्यले जुन कुरा बताएका छन्, त्यो कुरा सुनौं । जनक—मलाई शिलि[illegible] हो भनेथे । याज्ञवल्क्य— जसका आमा[illegible] गर्ने छन्, त्यस्तो त्रिविध शुद्धिका हेतुले [illegible] आचार्यले जसरी प्रामाणिकरूपमा उपदेश गर्नान्, त्यसै गरी शैलिनिले त्यो वाक् देवता नै ब्रह्म हो भने, ठीक हो, नबोल्नेलाई इहलोक, परलोक कहाँ के हुन सक्छ र ! भनेर हो । तर तिमीलाई त्यस ब्रह्मको शरीर, एवं नित्यस्थायी आश्रय बताए थे ? जनक—मलाई बताएनन् । याज्ञवल्क्य—त्यसो भए त्यो त एक[illegible] वाला ब्रह्म हो, चतुष्पाद नभैकन उपासना फलदायक हुँदैन । जनक—त्यसो [illegible] त्यो जान्ने तपाईंले मलाई बताउनुहोस् । याज्ञवल्क्य—वाक् इन्द्रिय नै शरीर हो, आकाश नित्य रहने आश्रय हो, यस ब्रह्मलाई 'प्रज्ञा' भनेर उपासना गर्नुपर्दछ । जनक–प्रज्ञा भनेको के हो ? याज्ञवल्क्य —अधिराज! वाणी नै हो । बोलीले नै दाजु-भाइ चिनिन्छन् । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद, इतिहास. पुराण, देवजनविद्या, उपनिषद्, मन्त्र, वस्तुसंग्राहक वाक्य, मन्त्रका विवरण र अर्थवादहरू एवं याग, होम, अन्नदान, जलदानहरूबाट हुने धर्म, तथा यो जन्म, परजन्म र समस्त प्राणीहरू बोलीले नै जानिन्छन् । अधिराज ! वाणी नै परम ब्रह्म हो । जो यसरी जान्दछ र उपासना गर्दछ त्यसलाई वाणीले छोड्दैन । त्यसलाई संपूर्ण प्राणीहरू उपहारहरूले उपकार गर्दछन् । त्यो देवता भएर देवताहरूकहाँ प्राप्त हुन्छ । जनक—यो विद्या दिनुभएवापत म तपाईंलाई हात्तीसमानको साँढे बथानमा भएका हजार गाई प्रदान गर्छु । याज्ञवल्क्य — 'मेरा पिताजी ठान्नुहुन्थ्यो — शिष्यलाई ठीकसँग शिक्षा नदिईकन (कृतार्थ नपारीकन) उसबाट धन-द्रव्य लैजानु उचित हुँदैन ।'

उदङ्कोक्त प्राणब्रह्मको उपासनाको फलसहित वर्णन

यदेव ते कश्चिदब्रवीत्तच्छृणवामेत्यब्रवीत्मे उदङ्कः शौल्वायनः प्राणो वै ब्रह्मेति यथा मातृमान्पितृमानाचार्यवान् ब्रूयात् तथा तच्छौल्वायनोऽब्रवीत्प्राणो वै ब्रह्मेत्यप्राणतो हि क्रिꣳस्यादित्यब्रवीत्तु ते तस्यायतनं प्रतिष्ठां न मेऽब्रवीदित्येकपाद् वा एतत् सम्राडिति स वै नो ब्रूहि याज्ञवल्क्य प्राण एवायतनमाकाशः प्रतिष्ठा प्रियमित्येनदुपासीत का प्रियता याज्ञवल्क्य प्राण एव सम्राडिति होवाच प्राणस्य वै सम्राट् कामायायाज्यं याजयत्यप्रतिगृह्यस्य प्रतिगृह्णात्यपि तत्र वधाशङ्कं भवति यां दिशमेति प्राणस्यैव सम्राट् कामाय प्राणो वै सम्राट् परमं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मा॑ꣳस ह्य नैनं प्राणो जहाति सर्वाण्येनं भक्ष्य क्षरन्ति देवो भूत्वा देवानप्येति य एव अस्थीविद्वानेतदुपास्ते । हस्त्यृषभꣳ अ भ ीति होवाच जनको वैदेहः स होवाच दारूणि मज छन् ? तत्र रतेति ॥ ३ ॥

पदार्थ—(याज्ञवल्क्यले) इति—यसो, अब्रवीत्—भने, ते—तिमीलाई, कश्चित्—कुनै आचार्यले, यत् एव—जुनचाहिं कुरा, अब्रवीत्—भनेका छन्, तत्—त्यो कुरा, शृणुवाम—सुनौं, (जनकले—) शौल्वानयः—शुल्वका छोरा, उदङ्कः—उदङ्कले, मे—मलाई , प्राणः—वायु देवता, वै—निश्चयले, ब्रह्म—ब्रह्म हो, इति—यसो, अब्रवीत्—भनेथे, (याज्ञवल्क्यले भने) मातृमान्—अनुशासन गर्ने आमा भएको, पितृमान् —अनुशासन गर्ने बाबु भएको, आचार्यवान्—अनुशासन गर्ने आचार्य भएको व्यक्तिले, यथा—जसरी, ब्रूयात्—भन्ला, तथा—त्यसै गरी, शुल्वायनः—शुल्वका छोराले, तत्—त्यो, प्राणः—प्राण, वै—निश्चयले, ब्रह्म—ब्रह्म हो, इति—यसो, अब्रवीत्—भने, हि—किनभने, अप्राणतः—प्राण नभएका-बाट, (यसलोक वा परलोकमा) किम्—कुन लाभ, स्यात्—हुन्छ र, इति—यस्तो-ठानेर, तु—तर, ते—तिमीलाई, तस्य—त्यस प्राणको, आयतनम्—शरीर, (र) प्रतिष्ठाम्—नित्यस्थायी आश्रय, अब्रवीत्—बताए ? (जनकले) इति—यसो (भने), मे—मलाई, न अब्रवीत्—बताएनन्, (यावज्ञल्क्यले) इति—यसो भने, सम्राट्—हे चक्रवर्ती ! एतद्—यो ब्रह्म, वै—निश्चयले, एकपाद्—एक पाउवाला हो । (जनकले भने—) याज्ञवल्क्य—हे याज्ञवल्क्य ! सः—त्यो जान्ने तपाईं, नः—मलाई, वै—निश्चयसाथ, ब्रूहि—भन्नुहोस्, (याज्ञवल्क्यले भने—) प्राणः एव—प्राण नै, आयतनम्—शरीर हो, आकाशः—आकाश, प्रतिष्ठा—नित्यस्थायी आश्रय हो, एतद् — यस प्राणरूपब्रह्मलाई, प्रियम् इति—प्रिय भनेर, उपासीत—उपासना गरोस्, (जनकले सोधे —) याज्ञवल्क्य—हे याज्ञ-वल्क्य ! प्रियता—प्रियभाव भनेको, का— के हो, (याज्ञवल्क्यले) सम्राट्—हे राजेश्वर ! प्राण एव —प्राण नै हो, इति—यसो, उवाच—भने, ह—निश्चय हो, सम्राट्—हे अधिराज!, प्राणस्य—प्राणका, वै—नै, कामाय—प्रयोजनलाई, अयाज्यम्—यज्ञ गराउन नहुनेलाई, याजयति—यज्ञ गराउँछ, अप्रतिगृह्यस्य—दान लिन नहुनेबाट, प्रतिगृह्णाति— दान लिन्छ, अपि—तथा, याम् — जुन, दिशम्—चोर-डाँकूहरू भएका ठाउँमा, याति—जान्छ, तत्र—त्यहाँ, वधाश-ङ्कम्—मारिने आशङ्का, भवति—हुन्छ, सम्राट्—हे चक्रवर्ती ! (यो सबै) प्राणस्य—प्राणको, एव—नै, कामाय—प्रयोजनलाई (हुन्छ) अतः सम्राट्—हे अधिराज ! प्राणः—प्राण, वै—निश्चयले, परमम्—उत्कृष्ट, ब्रह्म—ब्रह्म हो,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यः—जो, एवम्— यस्तो, विद्वान्—जान्दछ, र, एतद्—यस प्राणब्रह्मलाई, उपास्ते—उपासना गर्दछ, एनम्—यसलाई, प्राणः—प्राणले, न जहाति—छोड्दैन, एतम्—यसलाई, सर्वाणि—संपूर्ण, भूतानि—प्राणीहरू, अभिक्षरन्ति—उपकार गर्ने हुन्छन्, देवः—देवता, भूत्वा—भएर, देवो—देवता, अप्येति—प्राप्त हुन्छ, (यसपछि) वैदेह—विदेह देशका, जनकः—जनक राजाले, हस्त्यृषभम्—हात्तीसमान साँढे आफूवीच भएको, सहस्रम्—हजार गाईको बथान, ददामि—दिन्छु, इति—यसो, उवाच—भने, ह—निश्चय हो, (अनि) सः—प्रसिद्ध, याज्ञवल्क्यः—याज्ञवल्क्यले, इति—यसो, उवाच—भने, मे—मेरा, पिता—पिताजीले, अमन्यत—ठान्नुहुन्थ्यो, अननुशिष्य—राम्ररी शिक्षा नदिई-कन (शिष्यलाई कृतार्थ नपारीकन) न हरेत—धन नलैजानू।

वाक्यार्थ—

याज्ञवल्क्य— तिमीलाई कुनै आचार्यले जुन कुरा बताएका छन् त्यो सुनौं।

जनक— शुल्वका छोरा उदङ्कले मलाई वायु देवता ब्रह्म हो भनेथे।

याज्ञवल्क्य— आमा पनि, बाबु पनि, गु पनि अनुशासन गर्ने भएकाले जसरी प्रामाणिक कुरा बताउला त्यसै गरी शुल्वका छोरा उदङ्कले त्यो प्राण ब्रह्म हो भन्ने कुरा बताए। किनभने प्राण नभएका-बाट के यस लोकमा, के परलोकमा, कुन लाभ हुन सक्छ र! भनेर। तर त्यस प्राण-ब्रह्मको शरीर तथा नित्यस्थायी आश्रय पनि बताएथे?

जनक— मलाई बताएनन्।

याज्ञवल्क्य— राजेश्वर! त्यसो भए यो त एक पाउवाला ब्रह्म भयो।

जनक— याज्ञवल्क्यजी! त्यसो भए त्यो जान्ने तपाईंले मलाई बताउनु-होस।

याज्ञवल्क्य— प्राण नै शरीर हो, आकाश नित्यस्थायी आश्रय हो, त्यसलाई प्रिय भनेर उपासना गर्नुपर्दछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्य—

याज्ञवल्क्य—तिमीलाई कुनै आचार्यले जुन कुरा बताएका छन्, त्यो सुनौं ।

जनक —मलाई वृष्णका छोरा बर्कुले 'आदित्य नै ब्रह्म हो' भनेथे ।

याज्ञवल्क्य— आमा पनि, बाबु पनि गुरु पनि अनुशासन गर्ने भएका व्यक्तिले जसरी प्रामाणिक कुरा बताउला उस्तै गरी वृष्णका छोरा बर्कुले आदि त्यो-ब्रह्म हो भने । किनभने नदेख्नेलाई यस लोक, परलोक कहाँ कुन लाभ हुन सक्छ र ? तर तिमीलाई त्यस चक्षुर्ब्रह्मको शरीर र नित्यस्थायी आश्रय पनि बताएका छन् ?

जनक —मलाई बताएका छैनन् ।

याज्ञवल्क्य— त्यसो भए त्यो त एकपाउवाला ब्रह्म भयो ।

जनक —याज्ञवल्क्यजी ! त्यसो भए त्यो जान्ने तपाईंले मलाई बताउनु-होस् ।

याज्ञवल्क्य— चक्षु इन्द्रिय नै शरीर हो, आकाश नै नित्यस्थायी आश्रय हो, यसलाई 'सत्य' भनेर उपासना गर्नुपर्दछ ।

जनक — सत्यभाव कुन हो याज्ञवल्क्यजी !

याज्ञवल्क्य— अधिराज ! चक्षु नै हो, किनभने चक्षु इन्द्रियले नै देख्नेलाई 'देखिथिस् ?' भन्दछन्, त्यो देख्नेले पनि 'देखेथें' भन्छ, त्यो साँचो हुन्छ, सुनेको कुरा कहिलेकहीं झूठो पनि हुन्छ । यस-कारण चक्षु (आदित्य) नै उत्कृष्ट ब्रह्म हो । जो यसलाई यसरी जान्दछ र उपासना पनि गर्दछ त्यसलाई चक्षुले छोड्-दैन, त्यसलाई सम्पूर्ण प्राणीले उपकार गर्दछन् , आफू देवता भएर देवताहरूकहाँ प्राप्त हुन्छ ।

जनक — म तपाईंलाई हात्तीसमान साँढे बथानमा भएका हजार गाई प्रदान गर्दछु ।

याज्ञवल्क्य— मेरा पिताजीको विचार थियो—शिष्यलाई कृतार्थ नपारीकन उसबाट धन–द्रव्य नलैजानू ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दभीविपीतले कहेका श्रोत्रब्रह्मका उपासनाको फलसहित वर्णन

यदेव ते कश्चिदब्रवीत्तच्छृणवामेत्यब्रवीन्मे गर्दभीविपीतो भारद्वाजः श्रोत्रं वै ब्रह्मेति यथा मातृमान्पितृमानाचार्यवान्ब्रूयात्तथा तद्भारद्वाजोऽब्रवीच्छ्रोत्रं वै ब्रह्मेत्यशृण्वतो हि किꣳस्यादित्यब्रवीत्तु ते तस्यायतनं प्रतिष्ठां न मेऽब्रवीदित्येकपाद्वा एतत्सम्राडिति स वै नो ब्रूहि याज्ञवल्क्य श्रोत्रमेवायतनमाकाशः प्रतिष्ठानन्त-इत्येनमुपासीत कानन्तता याज्ञवल्क्य दिश एव सम्राडिति होवाच तस्माद्वै सम्राडपि यां कां च दिशं गच्छति नैवास्या अन्तं गच्छत्यनन्ता हि दिशो दिशो वै सम्राट् श्रोत्रꣳश्रोत्रं वै सम्राट् परमं ब्रह्म नैनꣳश्रोत्रं जहाति सर्वाण्येनं भूतान्यभिक्षरन्ति देवो भूत्वा देवानाप्येति य एवं विद्वानेतदुपास्ते हस्त्यृषभꣳसहस्रं ददामीति होवाच-जनको वैदेहः स होवाच याज्ञवल्क्यः पिता मेऽमन्यत माननुशिष्य हरेतेति ॥ ५ ॥

पदार्थ—(याज्ञवल्क्यले) इति—यसो, अब्रवीत्—भने, ते—तिमीलाई, कश्चित्—कुनै आचार्यले, यत् एव—जुनचाहिं कुरा, अब्रवीत्—बताएका छन्, तत्—त्यो, शृणवाम—सुनौं, (जनकले भने–) मे—मलाई, भारद्वाजः—भरद्वाज गोत्रका, गर्दभीविपीतः—गर्दभी-विपीतले, श्रोत्रम्—दिशा देवता, वै—निश्चयले, ब्रह्म—ब्रह्म हो, इति—यसो, अब्रवीत्—भने थे, (याज्ञवल्क्यले भने–) मातृमान्—अनुशासन गर्ने आमा भएको, पितृमान्—अनुशासन गर्ने पिता भएको, आचार्यवान्—अनुशासन गर्ने आचार्य भएको व्यक्तिले, यथा—जसरी, ब्रूयात्—भन्ला, तथा—त्यसै गरी, भारद्वाजः—भरद्वाजगोत्रीले, तद्—त्यो, श्रोत्रम्—दिशा देवता, वै—निश्चयले, ब्रह्म—ब्रह्म हो, इति—यसो, अब्रवीत्—भने, हि—किनभने, अशृण्वतः—नसुन्नेलाई, (इहलोक–परलोकमा) किम्—कुन लाभ, स्यात्—होला ? इति—यस्तो शोचेर, तु—परन्तु, ते—तिमीलाई, तस्य—त्यस श्रोत्र ब्रह्मको, आयतनम्—शरीर, र प्रतिष्ठाम्—नित्यस्थायी आश्रम, अब्रवीत्—बताए ? (जनकले) मे—मलाई, न अब्रवीत्—बताएनन्, इति—यसो (भने), (याज्ञवल्क्यले) सम्राट्—हे चक्रवर्ती !, एतद् वै—यो त, एकपाद्—एकपाउवाला ब्रह्म भयो, इति—यसो (भने) (जनकले भने–) याज्ञवल्क्य—हे याज्ञवल्क्यजी, सः—त्यो जान्ने तपाईं, नः—हामीलाई, ब्रूहि—भन्नुहोस्, (याज्ञवल्क्यले भने–) श्रोत्रम्—कर्णेन्द्रिय, एव—नै, आयतनम्—शरीर हो, आकाशः—आकाश, प्रतिष्ठा—नित्यस्थायी आश्रय हो, एतत्—यसलाई, अनन्तः इति—अनन्त, (अन्तरहित भनेर) उपासीत—उपासना गरोस्, (जनकले भने–) याज्ञवल्क्य—याज्ञवल्क्यजी !, अनन्तता—अन्तरहित भाव, कः—कुन हो ? (याज्ञवल्क्यले) सम्राट्—हे अधिराज ! दिशः एव—दिशाहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै हुन् , इति—यसो, उवाच—भने, ह—निश्चय हो, तस्मात् वै—त्यसै कारणले, सम्राट् —हे अधिराज ! याम् काम् च अपि—जुनसुकै पनि, दिशम्—दिशामा, गच्छति —जान्छ, अस्याः—यस दिशाको, अन्तम्—छेउ, न एव गच्छति—अवश्य पाउँदैन, हि—यसै कारणले, दिशः—दिशाहरू, अनन्ताः—अन्तरहित छन्, सम्राट्—हे चक्रवर्ती ! दिशः वै—दिशा नै, श्रोत्रम्—कर्णेन्द्रिय हो, सम्राट्—हे राजवर्गका शासक ! श्रोत्रम् वै—कर्णेन्द्रिय नै, परमम्—उत्कृष्ट, ब्रह्म—ब्रह्म हो, यः—जो, एवम्—यसरी, विद्वान्—जान्दछ, र उपास्ते—उपासना गर्दछ, एनम्—यसलाई, भूतानि—प्राणीहरू, अभिक्षरन्ति—(उपहारद्वारा) उपकार गर्दछन्, देवः —देवता, भूत्वा—भएर, देवान्—देवताहरूकहाँ, अप्येति—प्राप्त हुन्छ, (यसपछि) विदेहः—विदेह देशका, जनकः—जनक राजाले (तपाईंलाई) हस्त्यृषभम् — हात्तीसमानको साँढे बथानमा भएका, सहस्रम्—हजार गाई ददामि —दिन्छु, इति यसो, उवाच—भने, ह—यो भएको कुरा हो, सः—प्रसिद्ध, याज्ञवल्क्यः—याज्ञवल्क्यले इति—यसो, उवाच—भने, मे—मेरा, पिता—पिताजी, अमन्यत—ठानुहुन्थ्यो, अननुशिष्य—ठीकसँग शिक्षा नगरीकन, न हरेत —(शिष्यबाट) धनद्रव्य, नलैजाओस् ।

वाक्यार्थ—

याज्ञवल्क्य — तिमीलाई कुनै आचार्यले जुन कुरा बताएका छन्, त्यो सुनौं ।

जनक— मलाई भरद्वाज गोत्रका गर्दभी-विपीतले दिशा नै ब्रह्म हो भनेथे ।

याज्ञवल्क्य — आमा, बाबु र गुरु क्रमशः अनुशासन गर्ने जसका छन्, त्यस्ता आचार्यले जसरी फरक नपर्ने कुरा बताउला त्यसै गरी भरद्वाजगोत्री विदर्भी-विपीतले 'दिशा नै ब्रह्म हो' भने । किनभने—नसुन्नेलाई यस लोक, परलोक जहाँ पनि कुन लाभ हुन्छ र ? तर तिमीलाई त्यस दिशारूप ब्रह्मको शरीर र नित्यस्थायी आश्रय पनि बताए ?

जनक — मलाई बताएनन् ।

याज्ञवल्क्य — त्यसो भए त्यो ब्रह्म एकपाउवाला भयो ।

जनक — याज्ञवल्क्यजी ! त्यसो भए त्यो जान्ने तपाईं मलाई बताउनुहोस् ।

याज्ञवल्क्य—राजराज ! कर्णेन्द्रिय नै शरीर हो, आकाश नित्यस्थायी आश्रय हो । यस दिशा-ब्रह्मलाई 'अनन्त' भनेर उपासना गर्नुपर्दछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनक — अनन्तभाव कुन हो याज्ञवल्क्यजी !

याज्ञवल्क्य — दिशा नै हुन् अधिराज ! यसकारण जुनसुकै दिशामा गए पनि कसैले उसको छेउ पाउँदैन । यस हेतुले दिशा अन्त-रहित छन् । राजराज! दिशा नै कर्णेन्द्रिय हो, कर्णेन्द्रिय नै उत्कृष्ट ब्रह्म हो । जसले यस दिशा-ब्रह्मलाई यस प्रकार जान्दछ र उपासना गर्दछ त्यसलाई संपूर्ण प्राणी उपकार गर्दछन् । ऊ देवता भएर देवताहरूकहाँ प्राप्त हुन्छ ।

जनक — तपाईंलाई हात्तीजस्तो साँढे बथानमा भएका हजार गाई प्रदान गर्दछु ।

याज्ञवल्क्य — मेरा पिताको विचार थियो–शिष्यलाई कृतार्थ नपारीकन उसबाट धन लिनु उचित हुँदैन ।

जावालोक्त मनोब्रह्मको उपासनाको फलसहित वर्णन

यदेव ते कश्चिदब्रवीत्तच्छृणवामेत्यब्रवीन्मे सत्यकामो जाबालो मनो वै ब्रह्मेति यथा मातृमान्पितृमानाचार्यवान् ब्रूयात्तथा तज्जाबालोऽब्रवीन्मनो वै ब्रह्मेत्य-मनसो हि किꣳस्यादित्यब्रवीत्तु ते तस्यायतनं प्रतिष्ठां न मेऽब्रवीदित्येकपाद् वा एतत् सम्राडिति स वै नो ब्रूहि याज्ञवल्क्य मन एवायतनमाकाशः प्रतिष्ठानन्द इत्येनदुपासीत कानन्दता याज्ञवल्क्य मन एव सम्राडिति होवाच मनसा वै सम्राट् स्त्रियमभिहार्यते तस्यां प्रतिरूपः पुत्रो जायते स आनन्दो मनो वै सम्राट् परमं ब्रह्म नैनं मनो जहाति सर्वाण्येनं भूतान्यभिक्षरन्ति देवो भूत्वा देवानप्येति य एवं विद्वानेत-दुपासते हस्त्यृषभꣳसहस्रं सदामीति होवाच जनको वैदेहः स होवाच याज्ञवल्क्यः पिता मेऽमन्यत नाननुशिष्य हरेतेति ॥६॥

पदार्थ — (याज्ञवल्क्यले) इति —यसो, अब्रवीत् —भने, ते —तिमीलाई, कश्चित् — कुनै पनि आचार्यले, यत् एव — जुनचाहिं कुरा, अब्रवीत् — बता-एका छन्, तत् — त्यो, शृणवाम — सुनौं, (जनकले भने–) मे — मलाई, जाबालः — जबालाका छोरा, सत्यकामः — सत्यकामले, मनः — चन्द्रमा, वै — निश्चयले, ब्रह्म — ब्रह्म हो, इति — यसो, अब्रवीत् — भनेथे, (याज्ञवल्क्यले भने–) मातृमान् — अनुशासन गर्ने आमा भएको, पितृमान् — अनुशासन गर्ने बाबु भएको, आचार्यवान् —अनुशासन गर्ने आचार्य भएको व्यक्तिले, यथा—जसरी, ब्रूयात् — भन्ला, तथा — त्यसै गरी, जाबालः — जबालाका छोराले, तद् — त्यो, मनः — चन्द्रमा, वै —निश्चयले, ब्रह्म—ब्रह्म हो, इति—यसो, अब्रवीत्— भने, हि — किनभने, अमनसः — मन नभएकालाई, (इहलोक, परलोकमा)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किम् — कुन लाभ, स्यात् — होला ? इति — यस्तो ठानेर हो, तु — परन्तु, ते — तिमीलाई, तस्य — त्यस, चन्द्र-ब्रह्मको, आयतनम् — शरीर, (र) प्रतिष्ठाम् — नित्यस्थायी आश्रय, अब्रवीत् — बताए ? (जनकले) मे — मलाई, न अब्रवीत् — बताएनन्, इति — यसो (भने), (याज्ञवल्क्यले) सम्राट् — हे चक्रवर्ती ! एतत् वै — यो त, एकपाद् — एकपाउवाला ब्रह्म हो, इति — यसो (भने) (जनकले भने–) याज्ञवल्क्य — हे याज्ञवल्क्यजी !, सः — त्यो जान्ने तपाईं, नः — हामीलाई, वै — निश्चयसाथ, ब्रूहि — भन्नुहोस्, (याज्ञवल्क्यले भने–) मनः — मन, एव — नै, आयतनम् — शरीर हो, आकाशः — आकाश, प्रतिष्ठा — नित्यस्थायी आश्रय हो, एतत् — यसलाई, आनन्दः इति — आनन्द भनेर, उपासीत — उपासना गरोस्, (जनकले भने–) याज्ञवल्क्य — याज्ञवल्क्यजी ! आनन्दता — आनन्द-भाव, का — कुन हो ? (याज्ञवल्क्यले) सम्राट् — हे राजराज ! मनः एव — मन नै हो, इति — यसो, उवाच — भने, ह — निश्चय हो, सम्राट् — हे राजवर्गशासक !, मनसा — मनले, वै — नै, स्त्रियम् — स्त्रीलाई, अभिहार्यते — प्रार्थना गर्दछ, तस्याम् — त्यस स्त्रीमा, प्रतिरूपः — आफैं जस्तो, पुत्रः — छोरो, जायते — जन्मन्छ, सः — त्यो आनन्दको हेतु छोरो (जुन मनले तयार गरिन्छ, त्यो) आनन्दः — आनन्द हो, सम्राट् — हे अधिराज ! मनः — मन (चन्द्रमा), वै — निश्चयले, परमम् — उत्कृष्ट, ब्रह्म — ब्रह्म हो, यः — जो, एनत् — यसलाई, एवम् — यस्तो, विद्वान जान्दछ र उपास्ते — उपासना गर्दछ, एनम् — यसलाई, मनः — मनले, न जहाति — छोड्दैन, सर्वाणि — संपूर्ण, भूतानि — प्राणीहरू, एनम् — यस उपासकलाई अभिक्षरन्ति — उपकार गर्दछन्, (तथा) देवः — देवता, भूत्वा — भएर, देवान् — देवताहरूकहाँ, अप्येति — प्राप्त हुन्छ, (यसपछि) वैदेहः — विदेह-देशका, जनकः — जनक राजाले, (तपाईंलाई) हस्त्यृषभम् — हात्तीजस्तो साँढे बथानमा भएको, सहस्रम् — हजार गाई, ददामि — दिन्छु, इति — यसो, उवाच — भने, ह — निश्चय हो, (अनि) सः — प्रसिद्ध, याज्ञवल्क्यः — याज्ञवल्क्यले, इति — यसो, उवाच — भने, ह — यो भएको कुरा हो, मे — मेरा, पिता — पिताजी, अमन्यत — ठान्नुहुन्थ्यो, अननुशिष्य — राम्ररी शिक्षा नदिईकन, न हरेत — धन लैजान हुँदैन ।

वाक्यार्थ—

याज्ञवल्क्य — तिमीलाई कुनै पनि आचार्यले जुन कुरा बताएका छन्, त्यो सुनौं ।

जनक — मलाई जवालाका छोरा सत्यकामले चन्द्रमा नै ब्रह्म हो भनेथे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

याज्ञवल्क्य — आमा, बाबु, आचार्य जसलाई क्रमशः अनुशासन गर्ने छन् त्यस व्यक्तिले जसरी फरक नपर्ने कुरा बताउँछ उसै गरी जबालाका छोरा सत्यकामले चन्द्रमा (मनको अधिदेवता) नै ब्रह्म हो भने। किनभने, मन नभएकालाई इहलोक, परलोक कहाँ कुन लाभ हुन्छ र? तर तिमीलाई त्यसको शरीर नित्यस्थायी आश्रय बताए ?

जनक — मलाई बताएनन् ।

याज्ञवल्क्य — त्यसो भए त्यो त एकपाउवाला ब्रह्म हो,

जनक — याज्ञवल्क्यजी ! त्यसो भए त्यो जान्ने तपाईंले मलाई बताउनुहोस् ।

याज्ञवल्क्य — राजराज ! त्यसको मन नै शरीर हो, आकाश नै नित्यस्थायी आश्रय हो, त्यसलाई आनन्द भनेर उपासना गर्नुपर्दछ।

जनक — आनन्दभाव कुन हो याज्ञवल्क्यजी !

याज्ञवल्क्य — मन नै हो अधिराज! मनले नै स्त्रीलाई चाहना गरेर प्रार्थना गर्दछ। अनि त्यसमा आफैं जस्तो छोरो जन्मन्छ। त्यो आनन्दको हेतु जसबाट तयार हुन्छ, त्यो मन अवश्य आनन्द-तत्त्व हो। अतः हे चक्रवर्ती ! मन नै उत्कृष्ट ब्रह्म हो। जो यसलाई यसरी जान्दछ र उपासना गर्दछ त्यसलाई मनले छोड्दैन तथा संपूर्ण प्राणी यसलाई उपहारहरूले उपकार गर्दछन्। तथा आफू देवता भएर देवताहरूकहाँ प्राप्त हुन्छ। (यति सुनेपछि)

जनक — म तपाईंलाई हात्तीसमानको साँढे बथानमा भएका हजार गाई प्रदान गर्दछु ।

याज्ञवल्क्य — पिताजीको यस्तो विचार थियो–शिष्यलाई कृतार्थ नपारीकन उसबाट धन नलैजानू। मलाई पनि त्यै ठीक लाग्छ।

शाकल्योक्त हृदय ब्रह्मको उपासनाको फलसहित वर्णन

यदेव ते एकश्चिदब्रवीत्तच्छृणवामेत्यब्रवीन्मे विदग्ध शाकल्यो हृदयं वै ब्रह्मेति यथा मातृमान्पितृमानाचार्यवान्ब्रूयात्तथा तच्छाकल्योऽब्रवीद्धृदयं वै ब्रह्मेत्यहृदयस्य हि किꣳस्यादित्यब्रवीत्तु ते तस्यायतनं प्रतिष्ठां न मेऽब्रवीदित्येकपाद्वाह्येतत्सम्राडिति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स वै नो ब्रूहि याज्ञवल्क्य हृदयमेवायतनमाकाशः प्रतिष्ठा स्थितिरित्येदुपासीत का स्थितता याज्ञवल्क्य हृदयमेव सम्राडिति होवाच हृदयं वै सम्राट् सर्वेषां भूतानामायतनꣳहृदयं वै सर्वेषां भूतानां प्रतिष्ठा हृदये ह्येव सम्राट् सर्वाणि भतानि प्रतिष्ठितानि भवन्ति हृदयं वै सम्राट् परमं ब्रह्म नैनꣳहृदयं जहाति सर्वाण्येनं भूतान्यभिक्षरन्ति देवो भूत्वा देवानप्येति य एवं विद्वानेतदुपास्ते हस्त्यृषभꣳ महस्रं ददामीति होवाच जनको वैदेहः स होवाच याज्ञवल्क्यः पिता मेऽमन्यत नानन्शिष्य हरेतेति ॥७॥

पदार्थ — (याज्ञवल्क्यले) इति — यसो, अब्रवीत् — भने, ते — तिमीलाई कश्चित् — कुनै पनि आचार्यले, यत् एव — जुचाहिं कुरा, अब्रवीत् — बताएका छन्, तत् — त्यो, शृणुवाम — सुनौं, (जनकले भने) मे — मलाई, शाकल्यः — शकलका छोरा, विदग्धः — विदग्धले, हृदयम् — हृदय (अधिदेवतारूपमा प्रजापति) वै — निश्चयले, ब्रह्म — ब्रह्म हो, इति — यसो, अब्रवीत् — भनेथे, (याज्ञवल्क्यले भने) मातृमान् — अनुशासन गर्ने आमा भएको, पितृमान् — अनुशासन गर्ने बाबु भएको, आचार्यवान् — अनुशासन गर्ने आचार्य भएको व्यक्तिले यथा — जसरी (फरक नपर्ने गरी) ब्रूयात् — भन्ला, तथा — त्यसै गरी, शाकल्यः — शकलका छोराले, तत् — त्यो, हृदयम् — हृदय, वै — निश्चयले, ब्रह्म — ब्रह्म हो, इति — यसो, अब्रवीत् — भने, हि — ठीक हो, अहृदयस्य — हृदय नभएकालाई (इहलोक, परलोकमा), किम् — के लाभ, स्यात् — हुन्छ र ? इति — (यस्तो ठानेर) हो, तु — परन्तु, ते — तिमीलाई, तस्य — त्यस हृदय (प्रजापति) ब्रह्मको, आयतनम् — शरीर, प्रतिष्ठाम् — नित्यस्थायी आश्रय, अब्रवीत् — बताए ? (जनकले) मे — मलाई, न अब्रवीत् — बताएनन्, इति — यसो (भने), (याज्ञवल्क्यले) सम्राट् — हे चक्रवर्ती, एतद् वै — यो त, एकपाद् — एकपाउवाला ब्रह्म हो, इति — यसो (भने), (जनकले भने) याज्ञवल्क्य — हे याज्ञवल्क्यजी ! सः — त्यो जान्ने तपाईं, नः — हामीलाई, वै — निश्चयसाथ, ब्रूहि — भन्नुहोस्, (याज्ञवल्क्यले भने—) हृदयम् एव — हृदय नै, आयतनम् — शरीर हो, आकाशः — आकाश, प्रतिष्ठा — स्थायी आश्रय हो, एतत् — यस हृदयलाई, स्थितिः इति — स्थिति भनेर, उपासीत — उपासना गरोस्, (जनकले भने) याज्ञवल्क्य — हे याज्ञवल्क्यजी ! स्थितता — स्थितभाव, का — कुन हो ? (याज्ञवल्क्यले) सम्राट् — हे राजराज ! हृदयम् एव — हृदय नै हो, इति — यसो, उवाच — भने, ह — निश्चय हो, सम्राट् — हे राजवर्ग-शासक ! हृदयम् वै — हृदय नै, सर्वेषाम् — संपूर्ण, भूतानाम — प्राणीको, प्रतिष्ठा — नित्यस्थायी आश्रय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो, सम्राट् — हे राजेश्वर !, हृदये — हृदयमा, हि एव — अवश्य नै, सर्वाणि — संपूर्ण, भूतानि —प्राणीहरू, प्रतिष्ठितानि — रहेका, भवन्ति — छन्, सम्राट् — हे अधिराज ! हृदयम् — हृदय, वै — निश्चयले, परमम् — उत्कृष्ट, ब्रह्म — ब्रह्म हो, यः — जो, एतत् — यसलाई, एवम् — यसरी, विद्वान् — जान्दछ, (र) उपास्ते— उपासना गर्दछ, एनम् — यसलाई, हृदयम् — हृदयले, न जहाति — छोड्दैन, एनम् — यसलाई, सर्वाणि — संपूर्ण, भूतानि — प्राणीहरू, अभिक्षरन्ति — उपकार गर्दछन्, (यो) देवः — देवता, भूत्वा — भएर, देवान् — देवताहरूकहाँ, अप्येति — प्राप्त हुन्छ, (यति सुनेपछि) वैदेहः— विदेह देशका, जनकः — जनक राजाले, हस्त्यृषभम् — हात्तीसमान साँढे बथानमा भएका, सहस्रम् —हजार गाई, ददामि इति — दिन्छु भनी, उवाच — भने, ह — भएको कुरा हो, सः— प्रसिद्ध, याज्ञवल्क्यः — याज्ञवल्क्यले, ह— निश्चयले, इति — यसो, उवाच — भने, मे — मेरा, पिता — पिताजी, अमन्यत — ठान्नुहुन्थ्यो कि, अननुशिष्य — शिष्यलाई कृतार्थ नपारीकन, न हरेत — धन नलैजाओस् ।

वाक्यार्थ —

याज्ञवल्क्य — तिमीलाई कुनै पनि आचार्यले जुन कुरा बताएका छन्, त्यो सुनौं ।

जनक — मलाई शकलका छोरा विदग्धले हृदय (अधिदेवरूपमा प्रजापति) नै ब्रह्म हो भनेथे ।

याज्ञवल्क्य — आमा पनि अनुशासन गर्ने, बाबु पनि अनुशासन गर्ने, आचार्य पनि अनुशासन गर्ने जसका छन् त्यस्ता व्यक्तिले जस्तो फरक नपर्ने कुरा बताउँछ, उसै गरी शाकल्यले हृदय (अधिदेवरूपमा प्रजापति) नै ब्रह्म हो भने, ठीक हो, हृदय नभएकालाई इहलोक, परलोक कहाँ कुन लाभ हुन्छ र ? भन्ने ठानेर हो । तर तिमीलाई त्यस हृदय (प्रजापति) ब्रह्मको शरीर र स्थायी आश्रय पनि बताए ?

जनक — मलाई बताएनन् ।

याज्ञवल्क्य — त्यसो भए त्यो त एकपाउवाला ब्रह्म हो ।

जनक — त्यसो भए त्यो जान्ने तपाईंले हामीलाई निश्चयसाथ बताउनुहोस् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

याज्ञवल्क्य — हृदय नै शरीर हो, आकाश नित्यस्थायी आश्रय हो । यस हृदय (प्रजापति) लाई 'स्थिति' भनेर उपासना गर्नुपर्दछ ।

जनक — याज्ञवल्क्यजी ! स्थित-भाव कुन हो ?

याज्ञवल्क्य—अधिराज ! हृदय नै हो । हे राजेश्वर ! हृदय नै संपूर्ण प्राणीको शरीर हो, हृदय नै समस्त प्राणीको स्थायी आश्रय हो । हे चक्रवर्ती ! हृदयमा नै संपूर्ण प्राणी रहेका छन् । हृदय नै उत्कृष्ट ब्रह्म हो, जो यस हृदय-ब्रह्मलाई यस्तो जान्दछ र उपासना गर्दछ त्यस मनुष्यलाई हृदयले छोड्दैन । त्यसलाई संपूर्ण प्राणीहरू उपहारद्वारा उपकार गर्दछन् । आफू देवता भएर देवता-हरूकहाँ प्राप्त हुन्छ ।

जनक — यो विद्या दिनुभएबारे म तापाईंलाई हात्तीसमानको साँढे बथानमा हुने हजार गाई प्रदान गर्दछु ।

याज्ञवल्क्य — मेरा पिताको विचार थियो–शिष्यलाई राम्ररी शिक्षा नगरी (उसलाई कृतार्थ नपारीकन) उसबाट धन लैजानु ठीक छैन । मेरो राय पनि यै छ ।

टिप्पणी — उही वस्तु अध्यात्म, अधिदैव, अधिभूतभावले गर्दा तीनरूपको हुन्छ । जस्तो आँखा–अध्यात्म-भावमा चक्षुरिन्द्रिय, अधिदैव-भावमा सूर्य, अधिभूत-भावमा नेत्र-गोलक । कान–अध्यात्म-भावमा श्रोत्रेन्द्रिय, अधिदैव-भावमा दिशा, अधिभूत-भावमा कर्णशष्कुली इत्यादि ।

यस प्रथम ब्राह्मणमा — विभिन्न आचार्यले यी विभिन्न वस्तु वाक्, चक्षु, श्रोत्र, प्राण, मन र हृदयलाई ब्रह्म मानेको कथन छ । तिनमा वाक्, चक्षु आदि शब्दले तत्-तत्का अधिदेवरूपलाई लिएको छ । नत्र वाक्, चक्षु, श्रोत्र आदिलाई ब्रह्म भन्दै आई त्यसको शरीर के हो नि ? भन्दा उही वाक्, चक्षु, श्रोत्र नै हो भन्नु संगत हुँदैनथ्यो । अतः ब्रह्म मानिएका अधिदेव हुन्, शरीर भनिएका अध्यात्मकरणचाहिं हुन ।

विभिन्न आचार्यले मानेका वाक् देवता आदि ब्रह्मलाई याज्ञवल्क्यले 'त्यो एकपाउवाला ब्रह्म हो, चारपाउवाला ब्रह्म नभैकन उपासना सफल हुँदैन' भन्ने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आशय गरी अरू तीन पाउ पनि जान्नुपर्ने आवश्यकता देखाएका छन्। ती पाउ कुन हुन् त ? भनी जनकले सोध्दा 'शरीर' भनेर करण एक पाउ, 'प्रतिष्ठा' भनेर अव्याकृत आकाश एक पाउ गरी दुइ पाउ त बताइयो, चौथो पाउ त बताइएन नि ! भन्ने लाग्दछ, तर चौथो पनि साथै बताइएको छ। 'त्यो' ब्रह्मलाई यसो भनेर उपासना गर्नु भन्ने विधान गरिएको छ। जस्तो वाक्लाई 'प्रज्ञा', प्राणलाई 'प्रिय' चक्षुलाई 'सत्य' भनेर उपासना गर्नु इत्यादि। यै वाक्लाई 'प्रज्ञा' भन्ने, प्राणलाई 'प्रिय' भन्ने, चक्षुलाई 'सत्य' भन्ने इत्यादि भवना नै चौथो पाउ हो। अतः 'ब्रह्म' भनिएको अधिदेवता पहिलो, 'शरीर' भनिएको करण दोस्रो, 'प्रतिष्ठा' भनिएको अव्याकृत आकाश तेस्रो र उक्त तत्-तत्मा गर्नुपर्ने ती-ती भावना चौथो पाउ गरी चतुष्पाद् ब्रह्म पूर्ण पारिएको छ।

चौथो अध्यायमा पहिलो षडाचार्य ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

याज्ञवल्क्य — हृदय नै शरीर हो, आकाश नित्यस्थायी आश्रय हो । यस हृदय (प्रजापति) लाई 'स्थिति' भनेर उपासना गर्नुपर्दछ ।

जनक — याज्ञवल्क्यजी ! स्थित-भाव कुन हो ?

याज्ञवल्क्य—अधिराज ! हृदय नै हो । हे राजेश्वर ! हृदय नै संपूर्ण प्राणीको शरीर हो, हृदय नै समस्त प्राणीको स्थायी आश्रय हो । हे चक्रवर्ती ! हृदयमा नै संपूर्ण प्राणी रहेका छन् । हृदय नै उत्कृष्ट ब्रह्म हो, जो यस हृदय-ब्रह्मलाई यस्तो जान्दछ र उपासना गर्दछ त्यस मनुष्यलाई हृदयले छोड्दैन । त्यसलाई संपूर्ण प्राणीहरू उपहारद्वारा उपकार गर्दछन् । आफू देवता भएर देवता-हरूकहाँ प्राप्त हुन्छ ।

जनक — यो विद्या दिनुभएबारे म तापाईंलाई हात्तीसमानको साँढे बथानमा हुने हजार गाई प्रदान गर्दछु ।

याज्ञवल्क्य — मेरा पिताको विचार थियो–शिष्यलाई राम्ररी शिक्षा नगरी (उसलाई कृतार्थ नपारीकन) उसबाट धन लैजानु ठीक छैन । मेरो राय पनि यै छ ।

टिप्पणी — उही वस्तु अध्यात्म, अधिदैव, अधिभूतभावले गर्दा तीनरूपको हुन्छ । जस्तो आँखा–अध्यात्म-भावमा चक्षुरिन्द्रिय, अधिदैव-भावमा सूर्य, अधिभूत-भावमा नेत्र-गोलक । कान–अध्यात्म-भावमा श्रोत्रेन्द्रिय, अधिदैव-भावमा दिशा, अधिभूत-भावमा कर्णशष्कुली इत्यादि ।

यस प्रथम ब्राह्मणमा — विभिन्न आचार्यले यी विभिन्न वस्तु वाक्, चक्षु, श्रोत्र, प्राण, मन र हृदयलाई ब्रह्म मानेको कथन छ । तिनमा वाक्, चक्षु आदि शब्दले तत्-तत्का अधिदेवरूपलाई लिएको छ । नत्र वाक्, चक्षु, श्रोत्र आदिलाई ब्रह्म भन्दै आई त्यसको शरीर के हो नि ? भन्दा उही वाक्, चक्षु, श्रोत्र नै हो भन्नु संगत हुँदैनथ्यो । अतः ब्रह्म मानिएका अधिदेव हुन्, शरीर भनिएका अध्यात्मकरणचाहिं हुन ।

विभिन्न आचार्यले मानेका वाक् देवता आदि ब्रह्मलाई याज्ञवल्क्यले 'त्यो एकपाउवाला ब्रह्म हो, चारपाउवाला ब्रह्म नभैकन उपासना सफल हुँदैन' भन्ने

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आशय गरी अरू तीन पाउ पनि जान्नुपर्ने आवश्यकता देखाएका छन्। ती पाउ कुन हुन् त? भनी जनकले सोध्दा 'शरीर' भनेर करण एक पाउ, 'प्रतिष्ठा' भनेर अव्याकृत आकाश एक पाउ गरी दुइ पाउ त बताइयो, चौथो पाउ त बताइएन नि ! भन्ने लाग्दछ, तर चौथो पनि साथै बताइएको छ। 'त्यो' ब्रह्मलाई यसो भनेर उपासना गर्नु भन्ने विधान गरिएको छ। जस्तो वाक्लाई 'प्रज्ञा', प्राणलाई 'प्रिय' चक्षुलाई 'सत्य' भनेर उपासना गर्नु इत्यादि। यै वाक्लाई 'प्रज्ञा' भन्ने, प्राणलाई 'प्रिय' भन्ने, चक्षुलाई 'सत्य' भन्ने इत्यादि भवना नै चौथो पाउ हो। अतः 'ब्रह्म' भनिएको अधिदेवता पहिलो, 'शरीर' भनिएको करण दोस्रो, 'प्रतिष्ठा' भनिएको अव्याकृत आकाश तेस्रो र उक्त तत्-तत्मा गर्नुपर्ने ती-ती भावना चौथो पाउ गरी चतुष्पाद् ब्रह्म पूर्ण पारिएको छ।

चौथो अध्यायमा पहिलो षडाचार्य ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीय ब्राह्मण

जनक–उपसत्ति

जनको ह वैदेहः कूर्चादुपावसर्पन्नुवाच नमस्तेऽस्तु याज्ञवल्क्यानु माशाधीति स होवाच यथा वै सम्राण्महान्तमध्वानमेष्यन् रथं वा नावं वा समाददीतेवमेवैताभिरुपनिषद्भिः समाहितात्मास्येवं वृन्दारक आढ्यः सन्नधीतवेद उक्तोपनिषत्क इतो विमुच्यमान, क्व गमिष्यसीति नाहं तद् भगवन् वद यत्र गमिष्यामीत्यथ वै तेऽहं तद् वक्ष्यामि यत्र गमिष्यसीति ब्रवीतु भगवानिति ॥१ ॥

पदार्थ – ह– यो अघि भएको कुरा हो, वैदेहः — विदेह देशका, जनकः – जनक राजा, कूर्चात् — आसन-विशेष (सिंहासन) बाट, (उत्थाय) — उठेर, उप अवर्सपन् — नजीकमा गएर (चरणमा परेर), इति — यसो, उवाच —भने, याज्ञवल्क्य — याज्ञवल्क्यजी ! ते — तपाईंलाई, नमः — नमस्कार, अस्तु — होओस्, मा — मलाई, अनुशाधि — उपदेश गर्नुहोस्, सः — ती (याज्ञवल्क्यले), इति — यसो, उवाच —भने, ह — निस्सै हो, सम्राट् —हे अधिराज! यथा— जसरी, महान्तम् —लामो, अध्वानम् — बाटो, गमिष्यन् — जान आँट्ता, रथम् —(स्थलमार्गले जानेभए) वग्गी, वा — अथवा, नावम् — (जलमार्गले जानेभए) नाउ, समाददीत — लेला, एवम् एव — यसै गरी, एताभिः—यी, उपनिषद्भिः —उपासनाहरूले, समाहितात्मा— सावधानचित्त भएका, असि— छौ, एवम्—यसरी, वृन्दारकः — पूज्य (र) आढ्यः — धनी, सन् — भएर, अधीतवेदः — वेद पढेका (र) उक्तोपनिषत्कः — आचार्यहरूले उपनिषद् सुनाइएका, असि — छौ, (यसरी सबै विभूतिले युक्त छौ तापनि) इतः— यस देहबाट, विमुच्यमानः — छुट्ता, क्व — कहाँ, गमिष्यसि—जानेछौ ? (जनकले) इति — यसो, (भने–) भगवन् — हे सत्कारसंपन्न, अहम् — म, तद् — त्यो कुरा, न वेद — जान्दिनँ, यत्र — जहाँ, गमिष्यामि — जानेछु, (याज्ञवल्क्यले) इति — यसो, (भने) अथ — त्यसो भए, तद् — त्यो कुरा, वै — अवश्य, वक्ष्यामि — बताउनेछु, यत्र — जहाँ, गमिष्यसि — जानेछौ, (जनकले) इति — यसो (भने) भगवन् — सत्कारसंपन्न तपाईं, ब्रवीतु — भन्नुहोस् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — यो अघि भएको कुरा हो। विदेह देशका राजा जनक सिंहासनबाट उठेर नजीकमा गई (चरण परेर) भने–याज्ञवल्क्यजी ! तपाईंलाई नमस्कार छ, मलाई उपदेश गर्नुहोस्। अनि याज्ञवल्क्यले भने–अधिराज ! जसरी मनुष्य ठाढाको बाटो जान आँट्ता स्थलमार्ग भए वग्गी, जलमार्ग भए नाउ–यान साधन लिन्छ, त्यसै गरी यी उपासनाहरूले सावधानचित्त भएका छौ, मान्य र धनी भएर वेद पढेका पनि छौ। आचार्यहरूले उपनिषद् सुनाइएका पनि छौ। यसरी सब विभूतिले युक्त छौ तापनि यस देहबाट छुट्ता तिमी यी रथ-नौका स्थानीय उपासनाहरूले सावधान भएर कहाँ जाउला ? जनकले भने–पूज्य! म त्यो जान्दिनँ कि यो देहबाट छुटेपछि कहाँ जाने हुँ। याज्ञवल्क्यले भने– त्यसो भए तिमीलाई त्यो कुरा म भन्नेछु कि यस देहबाट छुटेपछि जहाँ जाउला। जनकले भने–पूज्य ! भन्नुहोस्।

दक्षिण नेत्रस्थ इन्द्रसंज्ञक पुरुषको परिचय

इन्धो ह वै नामैष योऽयं दक्षिणेऽक्षन् पुरुषस्तं वा एतमिन्धꣳसन्तमिन्द्र इत्याचक्षते परोक्षेणैव परोक्षप्रिया इव हि देवाः प्रत्यक्षद्विषः ॥२॥

पदार्थ — इन्ध — 'इन्ध', ह वै — नै, नाम — नाम भएको, एषः — यो, यः — जो, अयम् — यो, दक्षिणे — दाहिने, अक्षन् — आँखामा, पुरुषः — पुरुष छ, तम् — त्यसलाई, वै — निश्चयले, इन्धम् — इन्ध, सन्तम् — हुँदा, (पनि) परोक्षेण — परोक्षरूपले, इन्द्रः इति — 'इन्द्र' भनी, आचक्षते — भन्दछन्, हि — मनासिब हो, देवाः — देवताहरू, प्रत्यक्षद्विषः — प्रत्यक्ष नाम लिनुलाई द्वेष गर्ने छन्, परोक्षप्रियाः — अप्रत्यक्षरूपले नाम लिएको मन पर्ने, इव — जस्ता छन्।

वाक्यार्थ — 'इन्ध' नाम भएको जो यो दाहिने आँखामा पुरुष छ, त्यसलाई 'इन्ध' हुँदा हुँदै पनि मनुष्यहरू परोक्षरूपले 'इन्द्र' भन्दछन्। ठीक हो, देवताहरू प्रत्यक्ष नाम लिनुलाई मन नपराउने र अप्रत्यक्षरूपले नाम लिनुलाई प्यारो मान्ने जस्ता छन्।

वामनेत्रस्थ इन्द्रपत्नी तथा विराट्को परिचय र ती दुवैका संस्ताव, अन्त प्रावरण एवं मार्गादिको वर्णन

अथैतद्वामेऽक्षणि पुरुषरूपमेषास्य पत्नी विराट् तयोरेष सꣳस्तावो य एषोऽन्तर्हृदय आकाशोऽथैनयोरेतदन्नं य एषोऽन्तर्हृदये लोहितपिण्डोऽथैनयोरेतत्प्रावरणं

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदेतदन्तर्हृदये जालकमिवाथैनयोरेषा सृतिः सञ्चरणी यैषा हृदयाद्ऊर्ध्वा नाडयुच्चरति यथा केशः सहस्रधा भिन्न एवमस्यैता हितानाम नाडयोऽन्तर्हृदये प्रतिष्ठिता भवन्त्येताभिर्वा एतदास्रवदास्रवति तस्मादेष प्रविविक्ताहारतर इवैव भवत्यस्माच्छारीरादात्मनः ॥३ ॥

पदार्थ — अथ — अनि, (यत्) — जुन, एतद् — यो, वामे — बायाँ, अक्षणि — आँखामा, पुरुषरूपम् — पुरुषरूप छ, एषा — यो, अस्य — यस, इन्द्रस्य — भोक्ता इन्द्रकी, पत्नी—भोग्या पत्नी हो, (अत एव) विराट् अन्न हो, तयोः — ती दुइ इन्द्राणी र इन्द्रको, एषः — यो, संस्तावः — पारस्परिक प्रशंसा गर्ने ठाउँ हो, यः — जो, एषः — यो, अन्तर्हृदये—मुटुभित्र, आकाशः — आकाश छ, अथ — अनि, एतयोः — यी दुइको, एतद् — यो, अन्नम् —भोज्य (धान्नामा कारण) हो, यः — जो, एषः — यो, अन्तर्हृदये — मुटुभित्र, लोहितपिण्डः — पिण्डाकार रगत छ, अथ — अनि, एनयोः — यी दुइ इन्द्र र इन्द्राणीको, एतद् — यो, प्रावरणम् — ओढ्ना हो, यद् — जो, एतद् —यो, अन्तर्हृदये —मुटुभित्र , जालकम् इव — जालोजस्तो छ, अथ — अनि, एतयोः — यी इन्द्र र इन्द्राणीको एषा — यो, सञ्चरणी — सञ्चार गर्ने, सृतिः — बाटो हो, या — जो, एषा — यो, हृदयात् — मुटुदेखि, ऊर्ध्वा— उँभोतिर मुख गरेको, नाडी — नाडी, उच्चरति — माथितिर गैरहेको छ, यथा — जस्तो, केशः — रौं, सहस्रधा — हजार टुक्रा गरी, भिन्नः — फोरिंदा, सूक्ष्मः — अत्यन्त सूक्ष्म हुन्छ, एवम् — यस्तै सूक्ष्म, अस्य — यस देहका, हिता नाम — हिता नाम गरिएका, नाडयः — नाडीहरू, अन्तर्हृदये — मुटुभित्र, प्रतिष्ठिताः — रहेका, भवन्ति — छन्, एताभिः — यी सूक्ष्म नाडीहरूद्वारा, एतद् — यो, अन्नम् — अन्न, आस्रवत् — चल्दै, आस्रवति — जान्छ, तस्मात् — त्यो सूक्ष्म आहारा भएका, अस्मात् — यस, शारीरात् — स्थूल शरीररूप, आत्मनः — वैश्वानर आत्माभन्दा, एषः — यो लिङ्गशरीररूप तैजस आत्मा, प्रविविक्ताहार इव एव — अत्यन्त सूक्ष्म आहार भएको नै, भवति — हुन्छ ।

वाक्यार्थ — जो यो बायाँ आँखामा पुरुषरूप छ, त्यो इन्द्रकी पत्नी अर्थात् भोग्य हो, अत एव अन्न हो । ती दुइको यो परस्पर सह्रानी गर्ने (मिल्ने) ठाउँ हो जो मुटुभित्रको आकाश छ । यो यी दुइको अन्न (धान्ने साधन) हो, जो मुटुभित्र पिण्डाकार रगत छ । यो यी दुइको ओढ्ना हो (खाई-पिई सुतेकाहरूको ओढ्ना पनि हुन्छ, यै समानताको कल्पना) जो मुटुभित्र जाली (अनेक नाडीका छिद्रहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको) छ। यो यी दुइको जाने बाटो हो जो मुटुदेखि माथितिर गएको नाडी छ। यस शरीरका मुटुभित्र रौं हजार टुका पार्दाखेरिको एक टुका जत्तिको मिहीं 'हिता' नाम गरेका नाडीहरू रहेका छन्। अवश्य यिनै नाडीद्वारा यो सूक्ष्म अन्नरस चल्दै शरीरभर पुग्दछ। यसउसले स्थूल शरीराभिमानी वैश्वानर जीव खाइएका चीजको सूक्ष्म भाग आहारा गर्ने हुन्छ। यस वैश्वानरभन्दा पनि सूक्ष्म शरीराभिमानी तैजस-जीव खाइएका चीजको अत्यन्त सूक्ष्म भाग आहारा गर्ने हुन्छ।

प्राणात्मभूत विद्वान्को सर्वात्मकताको वर्णन, जनकलाई अभयप्राप्ति र याज्ञवल्क्यका प्रति आत्मसमर्पण

संबन्ध— त्यै यो हृदयभूत तैजस आत्मा सूक्ष्मभूत प्राणले धानिएको हुनाले प्राण नै हुनजान्छ।

तस्य प्राची दिक् प्राञ्चः प्राणा दक्षिणे दिग् दक्षिण प्राणाः प्रतीची दिक् प्रत्यञ्चः प्राणाः उदीची दिगुदञ्चः प्राणा ऊर्ध्वा दिगूर्ध्वाः प्राणा अवाची दिगवाञ्चः प्राणाः सर्वा दिशः सर्वे प्राणाः स एष नेति नेत्यात्मागृह्यो न हि गृह्यतेऽशीर्यो न हि शीर्यतेऽसङ्गो न हि सज्यतेऽसितो न व्यथते न रिष्यत्यभयं वै जनक प्राप्तोऽसीति होवाच याज्ञवल्क्यः। स होवाच जनको वैदेहोऽभयं त्वा गच्छताद् याज्ञवल्क्य यो नो भगवन्नभयं वेदयसे नमस्तेऽस्त्वमे विदेहा अयमहमस्मि ॥४॥

पदार्थ— तस्य — त्यस प्राणात्मभावमा प्राप्त भएका विद्वान्को, प्राची — पूर्व, दिक्— दिशा, प्राञ्चः — पूर्वतर्फ फैलिएका, प्राणाः — प्राण हुन्, दक्षिणा— दक्खिन, दिक् — दिशा, दक्षिणे — दक्षिणतर्फ फैलिएका, प्राणाः — प्राण हुन्, प्रतीची—पश्चिम, दिक्—दिशा, प्रत्यञ्चः—पश्चिमतिर फैलिएका, प्राणाः—प्राण हुन्, उदीची—उत्तर, दिक्—दिशा, उदञ्चः—उत्तरतिर फैलिएका, प्राणाः—प्राण हुन्, ऊर्ध्वा — माथितिरको, दिक् — दिशा, ऊर्ध्वा : — माथितिर फैलिएका, प्राणाः — प्राण हुन्, अवाची — मनितिरको, दिक् — दिशा, अवाञ्चः — मनितिर फैलिएका, प्राणा : — प्राण हुन्, (किं बहुना ?) सर्वाः — संपूर्ण, दिशः — दिशाहरू, सर्वे — संपूर्ण, प्राणाः — प्राण हुन्, सः — त्यो, (जसलाई प्राणादि क्रमले तुरीय आत्मा भनेर विद्वान् जन प्राप्त गर्दछन्।) आत्मा—आत्मा, अगृह्यः — ग्रहण गर्न नसकिने छ, हि — किनभने, न गृह्यते — कुनै करणले पक्रिदैन, (तथा) अशीर्यः — नफुट्ने छ, हि — किनभने, न शीर्यते — मूर्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ नहुनाले फुट्तैन, असङ्गः — कुनै चीजसँग नजुट्ने छ, हि — किनभने, न सज्यते — अमूर्त्त पदार्थ हुनाले जुट्तैन, असितः — बन्धनहीन छ, (अतः) न व्यथते — पीडित हुँदैन, न रिष्यति—मर्दैन, जनक — हे जनक ! वै–निश्चयले, अभयम् — जन्म-मरणादि निमित्तक डरले शून्य ब्रह्ममा, प्राप्तः — पुगेका, असि — छौ, इति — यसो, याज्ञवल्क्यः — याज्ञवल्क्यले, उवाच — भने, ह — यो अघि भएको कुरा हो, (अनि) सः — ती, वैदेहः — विदेह देशका, जनकः— जनकले, उवाच—भने, ह—निस्सै हो, याज्ञवल्क्य हे—याज्ञवल्क्यजी ! , त्वा— तपाईंलाई, अभयम् — भयरहित पदार्थ (ब्रह्म), गच्छतात् — प्राप्त होस्, भगवन् — हे संमानयुक्त, यः — जुन तपाईं, नः — मलाई, अभयम् — भयशून्य वस्तु (ब्रह्म), वेदयसे — ज्ञान गराउनुहुन्छ (त्यस्ता) ते—तपाईंलाई, नमः — नमस्कार, अस्तु — होस्, इमे — यो, विदेहा : — विदेह देश, (तव यथेष्टं भुज्यताम्) तपाईंको हो, इच्छानुसार भोग गरियोस्, अयम् — यो, अहम् — म, (दासभावे स्थितः–) सेवकरूपमा रहेको, अस्मि — छु।

वाक्यार्थ— त्यस (वैश्वानरबाट तैजस (हृदयात्मा) मा, हृदयात्मा-बाट प्राणात्मामा प्राप्त भएका) विद्वान्को, पूर्व दिशा पूर्वतर्फ फैलिएको प्राण हो, दक्खिन दिशा दक्खिनतर्फ फैलिएको प्राण हो, पश्चिम दिशा पश्चिमतिर फैलिएको प्राण हो , उत्तर दिशा उत्तरतिर फैलिएको प्राण हो, माथितिरको दिशा माथितिर फैलिएको प्राण हो, मनितिरको दिशा मनितिर फैलिएको प्राण हो, (धेरै विस्तार गर्नाको के काम ?) सबै दिशाहरू सबै प्राणहरू हुन् ।

जसलाई विद्वान्हरू यस प्राणादि क्रमले चौथा अवस्थाको आत्मा भनेर जान्दछन्, त्यो 'त्यो होइन, त्यो होइन' भनेर निर्देश गरिएको यो आत्मा कुनै इन्द्रियले ग्रहण गरिने छैन, मूर्त्त पदार्थ नहुनाले टुट्ने – फुट्ने छैन, अमूर्त्त हुनाले नै केहीसँग जुट्ने छैन, तथा कुनै कुराले बाँधिएको छैन र पीडित पनि छैन, अनि मर्दा पनि मर्दैन । महाराज जनक ! तिमी त्यस जन्ममरणादिनिमित्तक भयले शून्य ब्रह्ममा प्राप्त भएका छौ भनी याज्ञवक्ल्यले भने । अनि जनकले भने– याज्ञवल्क्यजी ! तपाईंलाई त्यो भयरहित ब्रह्म वस्तु प्राप्त होओस् । पूज्य ! जुन तपाईंले मलाई अभय वस्तु ज्ञान गराउनुभयो — उपाधिकृत अज्ञानको व्यवधान हटाइदिएर समस्त भय–शून्य ब्रह्म प्राप्त गराउनुभयो । यसरी साक्षात् आत्मा नै दिने तपाईंलाई यस विद्याको बदला म के टक्र्याऊँ ! तपाईंलाई नमस्कार छ । यो विदेह देश तपाईंको हो, इच्छानुसार भोग गरियोस्, यो म सेवक-भावमा ग्रहण गरियूँ ।' यो वृत्तान्त पुराकालमा भएको हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टिप्पणी— प्राणादिक्रम भनेको यो हो — ' संपूर्ण दिशा संपूर्ण प्राण हुन् ' भनी जान्ने पुरुष पहिले सर्वात्मक प्राणमा आत्मभावले प्राप्त हुन्छ । अनि त्यो सर्वात्मक प्राणलाई प्रत्यक्ष आत्मा (आफू) मा मिलान गर्दछ, अनि ' नेति नेति ' (त्यो होइन, त्यो होइन) भन्दै समस्त वस्तु निषेध गर्दै आई अवशिष्ट-रूपमा निर्देश गरिएको द्रष्टाको द्रष्टृभावरूप चतुर्थ अवस्थामा भास्ने आत्मामा संप्राप्त हुन्छ ।

चौथो अध्यायमा दोस्रो कूर्चब्राह्मण समाप्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीय ब्राह्मण

संबन्ध — ' यसदेखि भिन्न कोही द्रष्टा छन ' इत्यादि श्रुति हुनाले विज्ञानमय आत्मा साक्षात् अपरोक्ष सर्वान्तर परब्रह्म नै हो । यस देहमा प्रविष्ट त्यो बोल्नु आदि चिह्नवाला विज्ञानात्मा शरीरदेखि भिन्न छ भन्ने कुरा मधुकाण्डमा अजातशत्रुका संवादमा (गार्ग्य र काश्यपका प्रश्नमा) प्राणादिको कर्तृत्व, भोक्तृत्वको निराकरणद्वारा ज्ञात भएपछि पनि फेरि उषस्तका प्रश्नमा 'जो प्राणले प्राणन गर्दछ ' इत्यादि वाक्यद्वारा प्राणनादिको उपन्यास गरेर सामान्यरूपले प्राणनादि चिह्नवाला ज्ञात भएको हो । त्यै ' दृष्टिको द्रष्टा' इत्यादि वाक्यले अलुप्त शक्ति–स्वभाव अवगत भएको छ ।

त्यसलाई अज्ञान र उसका कार्य अन्तःकरणादिरूप उपाधिले गर्दा संसारको प्राप्ति भएको हो, स्वतः होइन, जस्तो डोरीमा सर्पको प्रतीति अन्य पदार्थको आरोप गर्नाले नै हुन्छ ।

यसरी निरुपाधिक, मन-वाणीको अविषय, ' नेति नेति ' वाक्यले निर्देश्य, साक्षात् अपरोक्ष, सर्वान्तर आत्मा, ब्रह्म, अक्षर, अन्तर्यामी, प्रशास्ता, औपनिषद पुरुष विज्ञान–आनन्दरूप ब्रह्म हो भन्ने कुरा ज्ञात भयो । त्यै फेरि सूक्ष्म आहार गर्ने ' इन्ध ' संज्ञक वैश्वानर, फेरि त्योभन्दा सूक्ष्मतर आहार गर्ने हृदयान्तर्वर्त्ती लिङ्गात्मा र फेरि त्योभन्दा पनि सूक्ष्म प्राणोपाधिक जगदात्मा ज्ञात भयो । अनि त्यो उपाधिभूत जगदात्मालाई पनि ज्ञानले सर्पलाई डोरीमै जस्तो गरी लय गराएपछि 'स एष नेति नेति'यस वाक्यद्वारा साक्षात् सर्वान्तर ब्रह्मज्ञात हुन आएको छ । यसरी याज्ञवल्क्यले राजा जनक संक्षेपले शास्त्रद्वारा अभयमा पुऱ्याइएका छन् ।

द्वितीय ब्राह्मणमा उपासकको क्रममुक्ति–प्रसङ्गले ' इन्धः ' 'प्रविविक्ताहारतरः' ' सर्वे प्राणाः ' ' स एष नेति नेति ' इत्यादिरूपले जाग्रत्, स्वप्न, सुषुप्त र तुरीय (चतुर्थ) को उल्लेख गरिएको छ । अब जाग्रत् — स्वप्नादिद्वारा नै महान् तर्कले त्यसको विस्तारपूर्वक बोध गराउनु छ । अभय प्राप्त गराउनु छ, विपरीत

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञानको शङ्का हटाई आत्माको अस्तित्व, देहादिभिन्नत्व, शुद्धत्व, स्वयंप्रकाशत्व, अलुप्तशक्तिस्वरूपत्व, निरतिशयानन्दस्वभावत्व, र अद्वैतत्वको बोध गराउनु छ। यसै कारणले अबका ग्रन्थको आरम्भ गरिन्छ। कथा त विद्या दिने-लिने विधि दर्शाउन र विशेषतः विद्याको स्तुतिका निमित्त हो। वरदानादिको सूचनाबाट यै कुरा ज्ञात हुन्छ।

जनककहाँ याज्ञवल्क्य आउनु र राजाले पाएको इच्छानुसार प्रश्न गर्न पाउने वरका कारण उनसँग प्रश्न गर्नु

जनकꣳह वैदेहं याज्ञवल्क्यो जगाम स मेने न वदिष्य इत्यथ ह यज्जनकश्च वैदेहो याज्ञवल्क्यश्चाग्निहोत्रे समूदाते तस्मै ह याज्ञवल्क्यो वरं ददौ स ह कामप्रश्नमेव वव्रे तꣳहास्मै ददौ तꣳह सम्राडेव पूर्वं पप्रच्छ ॥ १ ॥

पदार्थ — याज्ञवल्क्यः — याज्ञवल्क्य, वैदेहम् — विदेह देशका, जनकम् — जनककहाँ, जगाम — गए, ह — निश्चय हो, सः — ती याज्ञवल्क्यले, इति — यस्तो, मेने — ठानेका थिए, न वदिष्ये — (म केही) भन्नेछैन, अथ ह–पछि त (यत् जनकः पृष्टवान् तत्प्रतिपेदे)–जनकले जे सोधे त्यो बताए, (किन ?) वैदेहः — विदेह देशका, जनकः — जकनले, च — र, याज्ञवल्क्यः — याज्ञवल्क्यले, च—पनि, अग्निहोत्रे—अग्निहोत्रका निमित्त, समूदाते—संवाद गरेथे, ह — हो, याज्ञवल्क्यः — याज्ञवल्क्यले, तस्मै — ती जनकलाई, वरम्— वर, ददौ — दिएका थिए, ह — निश्चय हो, सः — ती जनकले, कामप्रश्नम् — इच्छाअनुसारको प्रश्न गर्न पाउने (वर) , एव — नै, वव्रे — वरण गरेका हुन्। ह — निस्सै हो, (र) तम् — त्यो वर, अस्मै — यी जनकलाई, ह — निश्चयले, ददौ — दिएका थिए , (अतः) सम्राट् — चक्रवर्त्ती जनकले, एव— नै , पूर्वम् — पहिले, पप्रच्छ — सोधे, हः — निश्चय हो।

वाक्यार्थ— याज्ञावल्क्य विदेह देशका जनककहाँ गएका थिए, उनले पहिले विचार गरेका थिए कि म यस पाला राजालाई केही उपदेश गर्नेछैन। तर जे-जे जनकले प्रश्न गरे, त्यो त्यो बताए किन त भने अघि जनक र याज्ञवल्क्यको अग्निहोत्रका निमित्तले संवाद भएको थियो। त्यसमा जनकको अग्निहोत्रविषयक ज्ञान देखेर खुशी भई याज्ञवल्क्यले भनेका हुन् 'राजा ! जे चाहन्छौ, वर माग'। राजाले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने 'इच्छा लागेको कुरा प्रश्न गरिरहन पाऊँ'। याज्ञवल्क्यले त्यो वर 'हुन्छ' भनेर दिएका थिए, त्यस कारण राजाले नै पहिले प्रश्न गरे।

पुरुषका व्यवहारमा उपयोगी पाँच ज्योतिहरू

१ आदित्यज्योति

याज्ञवल्क्य किंज्योतिरयं पुरुष इति। आदित्यज्योतिः सम्राडिति होवाचादित्य नैवायं ज्योतिषास्ते पल्ययते कर्म कुरुते विपल्येतीत्येवमेवैतद्याज्ञवल्क्य ॥२ ॥

पदार्थ — याज्ञवल्क्य — हे याज्ञवल्क्यजी, अयम् — यो, पुरुषः — मानिस, किंज्योतिः — कुन ज्योति भएको छ, ? इति — यसरी (जनकले सोधे), (याज्ञवल्क्यले) आदित्यज्योतिः — सूर्य — ज्योति भएको छ, सम्राट् — अधिराज, इति — यसो (भने), ह — निश्चय हो, अयम् — यो पुरुष, आदित्येन — सूर्यरूप, एव — नै, ज्योतिषा — तेजले, आस्ते — बस्तछ, पल्ययते — कार्य-क्षेत्रमा जान्छ, (अनि) कर्म — काम, कुरुते — गर्दछ, विपल्येति — फर्केर पनि आउँछ, (जनकले भने –) याज्ञवल्क्य — याज्ञवल्क्यजी, एतद् — यो कुरा, एवम् एव — यसै हो।

वाक्यार्थ — याज्ञवल्क्यजी ! यो मनुष्य कुन ज्योति भएको छ ? याज्ञवल्क्यले भने — अधिराज ! सूर्य-ज्योति भएको छ। निस्सै हो, यो मनुष्य सूर्यरूप नै तेजले बस्तछ, कार्यक्षेत्रमा जान्छ, काम गर्छ र फर्केर पनि आउँछ। जनकले भने — याज्ञवल्क्यजी ! यो कुरा यसै हो।

२ चन्द्रज्योति

अस्तमित आदित्ये याज्ञवल्क्य किंज्योतिरेवायं पुरुष इति चन्द्रमा एवास्य ज्योतिर्भवतीति चन्द्रमसैवायं ज्योतिषास्ते पल्ययते कर्म कुरुते विपल्येतीत्येवमेवैतद्याज्ञवल्क्य ॥३ ॥

पदार्थ — याज्ञवल्क्य — हे याज्ञवल्क्यजी, आदित्ये — सूर्य, अस्तमिते — अस्ताएपछि, अयम् — यो, पुरुषः — पुरुष, किंज्योतिः एव — कुनचाहिं ज्योति भएको हुन्छ, इति — यसरी, (जनकले प्रश्न गरे), (याज्ञवल्क्यले भने) अस्य — यस पुरुषको, चन्द्रमा — चन्द्रमा, एव — नै, ज्योतिः — तेज, भवति —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ, इति — यसो, हुनाले अयम् — यो पुरुष, चन्द्रमसा एव — चन्द्रस्वरूप नै, ज्योतिषा — तेजले, आस्ते वस्तछ, पल्ययति — कार्यक्षेत्रमा जान्छ, कर्म — काम, करोति — गर्दछ, (अनि) विपल्येति — फर्केर पनि आउँछ, (जनकले भने–) याज्ञवल्क्य — याज्ञवल्क्यजी ! एतद् — यो कुरा, एवम् एव — यसै हो ।

वाक्यार्थ— जनकले भने, याज्ञवल्क्यजी ! सूर्य अस्ताएमा यो पुरुष कुन ज्योति भएको हुन्छ ? याज्ञवल्क्यले भने— यस पुरुषको चन्द्रमा नै तेज हुन्छ । यसो हुनाले यो पुरुष चन्द्रमारूप तेजले नै वस्तछ, कार्यक्षेत्रमा जान्छ, काम गर्छ र फर्केर पनि आउँछ । जनकले भने — याज्ञवल्क्यजी ! यो कुरा यसै हो ।

३. अग्निज्योति

अस्तमित आदित्ये याज्ञवल्क्य चन्द्रमस्यस्तमिते किंज्योतिरेवायं पुरुष इत्यग्निरेवास्य ज्योतिर्भवतीत्यग्निनैवायं ज्योतिषास्ते पल्ययते कर्म कुरुते विपल्येतीत्येवमेवैतद्याज्ञवल्क्य ॥४॥

पदार्थ— याज्ञवल्क्य — हे याज्ञवल्क्यजी ! आदित्ये — सूर्य, अस्तमिते — अस्ताएमा, (र) चन्द्रमसि — चन्द्रमा, अस्तमिते — अस्ताएमा, अयम् — यो, पुरुषः–पुरुष, किंज्योतिः एव– कुनचाहिं तेज भएको छ ? इति–यसो, (जनकले सोधे) (याज्ञवल्क्यले) अस्य — यस पुरुषको, अग्निः एव — आगो नै, ज्योतिः — तेज, भवति — हुन्छ, इति — यस हेतुले, 'अयम्— यो पुरुष, अग्निना एव — अग्निरूप नै, ज्योतिषा — तेजले, आस्ते — बस्तछ, पल्ययते — कार्यक्षेत्रमा जान्छ, कर्म — काम , कुरुते — गर्दछ, (अनि) विपल्येति — कार्यक्षेत्रबाट फर्केर पनि आउँछ, इति — यसो (भने), (जनकले भने) याज्ञवल्क्य — याज्ञवल्क्यजी ! एतद् — यो कुरा, एवम् एव — यसै हो ।

वाक्यार्थ— जनकले सोधे — याज्ञवल्क्यजी ! सूर्य अस्ताएमा र चन्द्रमा अस्ताएमा यो पुरुष कुनचाहिं ज्योति भएको हुन्छ ? याज्ञवल्क्यले भने — यस पुरुषको अग्नि नै ज्योति हुन्छ र त्यसैद्वारा यो बस्तछ कार्यक्षेत्रमा जान्छ, कार्य गर्छ र कार्यक्षेत्रबाट फर्केर पनि आउँछ । जनकले भने — याज्ञवल्क्यजी ! यो कुरा यसै हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. वाग्ज्योति

अस्तमित आदित्ये याज्ञवल्क्य चन्द्रमस्यस्तमिते शान्तेऽग्नौ किंज्योतिरेवायं पुरुष इति वागेवास्य ज्योतिर्भवतीति वाचैवायं ज्योतिषास्ते पल्ययते कर्म कुरुते विपल्येतीति तस्माद् वै सम्राडपि यत्र स्वःपाणिर्न विनिर्ज्ञायतेऽथ यत्र वागुच्चरत्युपैव तत्रन्येतीत्येवमेवैतद्याज्ञवल्क्य ॥५॥

पदार्थ— याज्ञवल्क्य — हे याज्ञवल्क्यजी ! आदित्ये — सूर्य, अस्तमिते — अस्ताएमा, चन्द्रमसि — चन्द्रमा, अस्तमिते—अस्ताएमा, (र) अग्नौ— आगो, शान्ते — शान्त भएमा, अयम् — यो, पुरुषः — पुरुष किंज्योति : एव — कुनचाहिं तेज भएको हुन्छ ?, इति— यस्तो (जनकले सोधे), (याज्ञवल्क्यले) अस्य— यस पुरुषको, वाक एव — शब्द नै, ज्योतिः — तेज, भवति — हुन्छ, इति — यसो हुनाले, अयम् — यो पुरुष, वाचा एव — शब्द रूप नै, ज्योतिषा — तेजले, आस्ते —बस्तछ, पल्ययते — कार्यक्षेत्रमा जान्छ, कर्म — काम, कुरुते — गर्दछ, (अनि) विपल्येति — फर्कन्छ, इति — यस्तो स्थिति हुन्छ, तस्मात् वै — त्यसै कारणले, (शब्दले ज्योतिको काम गर्दछ) सम्राट् — हे अधिराज ! यत्र — जुन समयमा, स्वः — आफ्नो (पनि), पाणिः — हात — न विनिर्ज्ञायते — स्पष्टतया ज्ञात हुँदैन, अथ — त्यस सकल चेष्टा बन्द हुनुपर्ने वेलामा, यत्र— जहाँ, वाक् — शब्द, उच्चरति — उच्चारण हुन्छ, तत्र— त्यहाँ, उप एव—नजीकैमा, न्येति — जान्छ (शब्दरूप ज्योतिकासाथ कर्णेन्द्रिय र मनको निरन्तरता हुन्छ), इति — यसो (भने), (अनि जनकले भने–) याज्ञवल्क्यजी ! एतद् — यो कुरा, एवम् एव — यसै हो।

वाक्यार्थ — जनकले प्रश्न गरे — सूर्य, चन्द्र अस्ताएमा र आगो शान्त भएमा यो पुरुष कुन ज्योति भएको हुन्छ ? याज्ञवल्क्यले उत्तर दिए— त्यस बखत यस पुरुषको शब्द नै ज्योति हुन्छ। शब्दरूप ज्योतिद्वारा नै बस्तछ, कार्यक्षेत्रमा जान्छ, काम गर्छ, अनि फर्कन्छ। त्यस कारण शब्दले ज्योतिको काम गरेको प्रसिद्धै छ। अधिराज ! जुन समयमा आफ्नो हात पनि स्पष्टरूपमा थाहा हुँदैनत्यो संपूर्ण चेष्टा रोकिने अवस्थामा जहाँ शब्द उच्चारित हुन्छ त्यहीं कान र मन पुगिहाल्छन्। अनि जनकले भने — याज्ञवल्क्यजी, यो कुरा यसै हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. आत्मज्योति

अस्तमित आदित्ये याज्ञवल्क्य चन्द्रमस्यस्तमिते शान्तेऽग्नौ शान्तायां वाचि किंज्योतिरेवायं पुरुष इत्यात्मैवास्य ज्योतिर्भवतीत्यात्मनैवायं ज्योतिषास्ते पल्ययते कर्म कुरुते विपल्येतीति ॥६ ॥

पदार्थ— (जनकले) याज्ञवल्क्य — हे याज्ञवल्क्यजी ! आदित्ये —सूर्य, अस्तमिते — अस्ताएमा, चन्द्रमसि — चन्द्रमा, अस्तमिते — अस्ताएमा, अग्नौ — आगो, शान्ते — शान्त भएमा, (र) वाचि —शब्द, शान्तायाम् — थामिएमा, अयम् — यो, पुरुषः — पुरुष, किं ज्योतिः एव — कुनचाहिं ज्योति भएको छ ?, इति — यसो (भने), (याज्ञवल्क्यले) अस्य — यस पुरुषको, आत्मा — आत्मा, एव — नै, ज्योतिः — ज्योति, भवति — हुन्छ, इति — यस कारणले, आत्मा एव — आत्मस्वरूप नैं, ज्योतिषा — ज्योतिले, आस्ते — बस्तछ, पल्ययते — कार्यक्षेत्रमा जान्छ, कर्म — काम, कुरुते — गर्दछ, विपल्येति—कार्यक्षेत्रबाट फर्कन्छ, इति — यसो (भने) ।

वाक्यार्थ — जनकले प्रश्न गरे — याज्ञवल्क्यजी — सूर्य, चन्द्र अस्ताएमा, आगो शान्त भएमा र शब्द पनि थामिएमा यो पुरुष कुन ज्योति भएको हुन्छ ? याज्ञवल्क्यले उत्तर दिए — त्यस बखत यस पुरुषको आत्मा नै ज्योति हुन्छ । आत्मरूप ज्योतिले नै बस्तछ, कार्यक्षेत्रमा जान्छ, काम गर्दछ र त्यताबाट फर्कन्छ ।

टिप्पणी — जाग्रत् अवस्थामा विषयमा बहिर्मुख भएका चक्षु आदि इन्द्रिय, सूर्य आदि ज्योतिबाट जब अनगृहीत हुन्छन् तब पुरुषको व्यवहार स्पष्टतर हुन्छ । त्यतिखेर (जागरित अवस्थामा) आफ्ना जीउका अवयवसंघातदेखि छुट्टै ज्योतिले ज्योतिको काम सिद्ध भएको देखिएको छ । यसबाट ठहराइन्छ कि संपूर्ण बाह्य ज्योति नभएका स्वप्न र सुषुप्ति-कालमा तथा जाग्रत्मै पनि त्यस्ता अवस्थामा आफ्ना अवयवदेखि भिन्नै ज्योतिले ज्योतिको काम सिद्ध भएको छ, जस्तो कि सपनामा ज्योतिसंबन्धी कार्यको सिद्धि—बन्धुहरूसँगको संगम-वियोग देख्नु, देशान्तरहरूमा जानु आदि र सुषुप्तिबाट उठ्नु—'मजासँग सुतें' केही थाहा पाइनँ' यस्तो अनुभव गर्नु पनि भैरहेको छ । त्यस कारण सिद्ध हुन्छ कि 'छ कुनै अवयव-संघात र सूर्यादिदेखि व्यतिरिक्त यौटा ज्योति' । त्यो हो आत्मा । आत्मा देहेन्द्रिय-रूप आफ्ना अवयवसंघातदेखि व्यतिरिक्त, देह र इन्द्रियको प्रकाशक, तथा सूर्य आदि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाह्य ज्योतिजस्तो अरू कुनैबाट प्रकाशित नहुने ज्योति भनिन्छ । त्यो कुनै बाह्य-ज्योतिहरूमध्येको नहुनाले परिशेषात् भिन्न रहेको छ । त्यो कार्यकरणव्यतिरिक्त छ भन्ने सिद्ध भैरहेकै छ । जो कार्यकरणदेखि व्यतिरिक्त, कार्यकरणसंघातको अनुग्राहक ज्योति छ त्यो बाह्य चक्षु आदिले प्राप्त गरिंदैन, सूर्यादि ज्योति हटेका अवस्थामा काम भने ज्योतिको देखिन्छ । त्यस कारण यो पुरुष आत्मरूप ज्योतिले नै बस्ने, जाने, काम गर्ने र फर्कने गर्दछ । अतः ज्ञात हुन्छ कि पक्का पनि आत्मा भित्री ज्योति छ । किन्तु त्यो सूर्यादिभन्दा विलक्षण एवं अभौतिक छ । त्यै कारणले हो कि 'यो सूर्य आदि जस्तो चक्षु आदिको ग्राह्य छैन ।'

आत्माको स्वरूप

संबन्ध — यद्यपि आत्माको देहादिदेखि भिन्न हुनु सिद्ध छ, तथापि सूर्य आदि अनुग्राहक जति समान जातीय नै देखिएकाले त्यसबाट हुने भ्रान्तिले गर्दा आत्मा करणहरूमध्येकै एक हो, कि व्यतिरिक्त हो यसको विवेक नहुनाले प्रश्न गर्दछन्—

कतम आत्मेति योऽयं विज्ञानमयः प्राणेषु हृद्यन्तर्ज्योतिः पुरुषः स समानः सन्नुभौ लोकावनुसञ्चरति ध्यायतीव लेलायतीव स हि स्वप्नो भूत्वेमंलोकमतिक्रामति मृत्यो रूपाणि ॥७॥

पदार्थ — आत्मा — आत्मा, कतमः — कुनचाहिं हो ? इति — यसरी (जनकले प्रश्न गरे), (याज्ञवल्क्यले उत्तर दिए—) यः — जो, अयम् — यो विज्ञानमयः — धेरैजसो विज्ञान (बुद्धि) नै जस्तो, प्राणेषु — प्राणदेखि भिन्न हृदि — बुद्धिमा, अन्तः — भित्र (बुद्धिवृत्तिदेखि भिन्न) ज्योतिः — प्रकाश-स्वरूप, पुरुषः — आकाशवत् पूर्ण छ, सः — त्यो आत्मा, समानः सन् — बुद्धि-वृत्ति तुल्यै भएर , ध्यायति इव — चिन्तन गर्छ कि भनेजस्तो गरी, लेलायति इव — खूब चल्छ कि भनेजस्तो गरी, उभौ — दुइ, लोकौ— लोक र परलोक, अनुसञ्चरति —सञ्चार गर्दछ, स्वप्नः — बुद्धिको स्वापवृत्त्याकार, भूत्वा— भएर, इमम् — यो, लोकम् — जाग्रत् अवस्थाको व्यवहारलाई, अतिक्रामति — नाघेर जान्छ, (तथा) मृत्योः — मृत्यका, रूपाणि— देह, इन्द्रियस्वरूप रूपलाई, अतिक्रामति — पार गर्दछ ।

वाक्यार्थ— जनकले प्रश्न गरे—आत्मा कुन हो ? याज्ञवल्क्यले उत्तर दिए—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो यो धेरैजसो बुद्धि नै जस्तो, प्राणमा तर उसदेखि भिन्न, बुद्धिवृत्तिभिन्न तर उसदेखि छुट्टै स्वयंप्रकाशरूप आकाश जस्तो पूर्ण छ त्यो आत्मा हो। त्यो बुद्धिवृत्तितुल्य नै भएर 'चिन्तन गर्दछ कि !' 'खूब चेष्टा गर्दछ कि !' भनेजस्तो गरी यो लोकपरलोक दुवैतिर सञ्चार गर्दछ। त्यो आत्मा बुद्धिको स्वापवृत्तिकै आकारको भएर यस जाग्रत् अवस्थाका व्यवहारलाई एवं शरीर-इन्द्रिय-स्वरूप मृत्युका रूपलाई पार गर्दछ।

टिप्पणी—(१) प्रकाशक हुनाले आत्मा ज्योति भनिन्छ। त्यो प्रकाशक आत्मज्योतिले चेतनावान् जस्तो भएर नै यो देहेन्द्रियसंघात सूर्यको प्रकाशमा रहेको घडा जस्तो भई वस्ने, यताउता जाने, काम गर्ने गर्दछ। अथवा जस्तो पन्ना आदि मणि परीक्षाका निमित्त दूध आदि चीजमा राखिदा त्यस दूध आदि चीजलाई आफ्नो कान्ति जस्तो कान्ति भएको बनाउँछ, त्यस्तै आत्म–ज्योतिले पनि बुद्धिभन्दा सूक्ष्म हुनाले मुटुमा रहेको बुद्धि आदिलाई र देहेन्द्रियसंघातलाई एकै पारेर आफ्नो कान्तिले युक्त बनाउँछ। किनभने परम्पराले सूक्ष्म-स्थूल तारतम्यले यो सबभन्दा भिन्न रहेको छ।

बुद्धि भनिने वस्तु स्वच्छ हुनाले र आत्माको नजीकमा हुनाले आत्माको चैतन्यरूप ज्योतिको प्रतिबिम्बले युक्त हुन्छ। यसले विवेकीहरूको पनि पहिले त्यस (बुद्धि) मा आत्मा भन्ने समझ हुन्छ। त्यसको पनि नजीकमा हुनाले बुद्धिका सम्पर्कले मनमा चैतन्यको प्रकाश हुन जान्छ। अनि त्यस मनको इन्द्रियसँग सम्पर्क हुनाले इन्द्रियमा चैतन्यको प्रकाश हुन जान्छ। अनि इन्द्रियको शरीरसँग सम्पर्क हुनाले शरीरमा चैतन्यको प्रकाश हुन आउँछ। यसरी परम्पराले समस्त कार्यकरणसंघातलाई आत्माले चैतन्यस्वरूप ज्योतिद्वारा प्रकाशित गर्दछ। त्यसैले सम्पूर्ण लोकको देहेन्द्रियसंघात र त्यसका वृत्तिहरूमा आफ्ना-आफ्ना विवेकअनुसार अनियत (बेठेगानको) 'आत्मा' भनीठान्ने बुद्धि उत्पन्न हुन्छ। त्यस कारणले यो आत्मा हृदयान्तर्गत ज्योति हो।

(२) यो आत्मा स्वयं ज्योति भैकन पनि समीपस्थ बुद्धिसमानै भएर लोकहरूमा सञ्चार गर्दछ, समानता यै हो कि घोडा र राँगो छुट्टिएजस्तै आत्मा र बुद्धि अलग उपलब्ध नहुनु। प्रकाशक र प्रकाश्य अलग-अलग नछुट्टिनु त लोकमा प्रसिद्धै छ। प्रकाश विशुद्ध हुनाले प्रकाश्य पदार्थ जस्तै हुन आउँछ। जस्तो रातो रंगको चीजलाई प्रकाश गर्दा प्रकाश पनि रातै रंगको हुन जान्छ र हरियो, नीलो, पहेंलोलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाश गर्दा पनि प्रकाश उही समान रङ्गको हुन्छ । यस्तै आत्माले बुद्धिलाई प्रकाश गर्दा बुद्धिद्वारा समस्त क्षेत्रलाई प्रकाश गर्ने हुन्छ र समस्त प्रकाश्य वस्तुजस्तै आफ बन्न जान्छ ।

आत्मा जन्म र मरणका साथ देहेन्द्रियरूप पापको ग्रहण र त्याग गर्दछ

स वा अयं पुरुषो जायमानः शरीरमभिसंपद्यमानः पाप्मभिः सꣳसृज्यते स उत्क्रामन् म्रियमाणः पाप्मनो विजहाति ॥८॥

पदार्थ– सः वै—त्यै प्रकृत, अयम्– यो, पुरुषः— पुरुष, जायमानः— जन्मदा, अर्थात्, शरीरम्– जीउमा, अभिसंपद्यमानः — प्राप्त हुँदा, (अर्थात् शरीरमा आत्मभाव गर्दा), पाप्मभिः — पापका समवायी धर्माधर्मका आधारभूत, कार्यकरणैः — देह र इन्द्रियहरूले, संसृज्यते — संयुक्त हुन्छ, सः — त्यै पुरुष, म्रियमाणः — मर्दा, (अर्थात्) उत्क्रामन् — (अर्को शरीर लिन) माथितिर उठ्दा, पाप्मनः — पापका समवायी धर्माधर्मका आश्रयभूत देह र इन्द्रियहरूलाई, विजहाति — छोड्दछ ।

वाक्यार्थ — यो पुरुष जन्मँदा (शरीरमा आत्मभाव गर्दा) पापका समवायी धर्म-अधर्मका आश्रयभूत देह र इन्द्रियहरूले संयुक्त हुन्छ । त्यै पुरुष मर्दा उक्त प्रकारका देह र इन्द्रियलाई छोड्दछ ।

आत्माका दुइ स्थानको वर्णन

तस्य वा एतस्य पुरुषस्य द्वे एव स्थाने भवत इदं च परलोकस्थानं च सन्ध्यं तृतीयꣳस्वप्नस्थानं तस्मिन्सन्ध्ये स्थाने तिष्ठन्नेते उभे स्थाने पश्यतीदं च परलोकस्थानं च । अथ यथाक्रमोऽयं परलोकस्थाने भवति तमाक्रममाक्रम्यो भयान्पाप्मन आनन्दाꣳश्च पश्यति स यत्र प्रस्वपित्यस्य लोकस्य सर्वावतो मात्रामुपादाय स्वयं विहत्य स्वयं निर्माय स्वेन भासा स्वेन ज्योतिषा प्रस्वपित्यत्रायं पुरुषः स्वयंज्योतिर्भवति ॥९॥

पदार्थ — तस्य — त्यो (प्रकृत), एतस्य — यो, पुरुषस्य — पुरुषको, वै — निश्चयले, द्वे एव — दुइ मात्र , स्थाने — ठाउँ, भवतः— छन्, इदम् — यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोक, च — र, परलोकस्थानम् — परलोकरूप स्थान, च — पनि, तृतीयम् — तेस्रो, सन्ध्यम् — सन्धिमा हुने, स्वप्नस्थानम् — स्वप्नस्थान छ, तस्मिन् — त्यो, सन्ध्ये — सन्धिमा भएका, स्थाने — स्वप्नरूप स्थानमा, तिष्ठन् — रहेर, इदम् — यो लोक, च — र, परलोकस्थानम् — परलोकरूप स्थान, च — पनि, एते — यी, उभे — दुइ, स्थाने — ठाउँ, पश्यति — देख्तछ, अथ — अनि, अयम् — यो पुरुष, परलोकस्थाने — पाउनुपर्ने परलोकस्थानरूप निमित्तमा, यथाक्रमः — जस्तो विद्या, कर्म, पूर्वप्रज्ञारूप आधार भएको, भवति — हुन्छ, तम् — त्यस, आक्रमम् — विद्या-कर्म-प्रज्ञारूप आधारलाई, आक्रम्य — आड गरेर, उभयान् — दुवै प्रकारका, पाप्मनः — पापका फल दुःख, च — र, आनन्दान् — धर्मका फल सुखलाई, पश्यति — देख्तछ, सः — त्यो पुरुष, यत्र — जुन समयमा, प्रस्वपिति — पूर्णरूपले निद्राको अनुभव गर्दछ, (तत्र) — त्यस समयमा, सर्वावतः — समस्त भूत-भौतिक मात्राले युक्त, अस्य — यस देखिएको, लोकस्य — जागरितरूप लोकको, मात्राम् — एक अवयव, उपादाय — लिएर, स्वयम् — आफैं, विहृत्य — देहलाई दलाएर (चेतनाशून्य बनाएर) अनि स्वयम् — आफैं, निर्माय — स्वप्न-देह बनाएर, स्वेन — आफ्ना, भासा — मात्रा-ग्रहणरूप प्रकाशले, स्वेन — आफ्ना, ज्योतिषा — आत्मज्योतिले, प्रस्वपिति — मजासँग सुत्तछ, अत्र — यस अवस्थामा, अयम् — यो, पुरुषः — आत्मा, स्वयं-ज्योतिः — सबै कुराबाट अलग भएको प्रकाशस्वरूप, भवति — हुन्छ ।

वाक्यार्थ— त्यै (प्रकृत) यस पुरुषका दुइ स्थान छन्—यो लोक र परलोक । यी दुइ लोकको सन्धिमा हुने तेस्रो स्वप्नस्थान छ । त्यस स्वप्नस्थानमा रहेर यस लोक र परलोक दुवै ठाउँलाई देख्तछ । अनि यो पुरुष पाउनुपर्ने परलोकका निमित्त जस्तो विद्या, कर्म र पूर्व प्रज्ञारूप आधार भएको हुन्छ, त्यै आधारलाई आड गरेर दुवै प्रकारका फल (पापको फल दुःख र धर्मको फल सुख) देख्तछ । त्यो पुरुष जुन बखत पूर्णरूपले निदाएको हुन्छ, त्यस बखतमा समस्त भूत-भौतिक मात्राले युक्त यस देखिएका जागरितरूप लोकको एक अंश लिएर आफैं देहलाई चेतनाशून्य बनाई अनि आफैं स्वप्न-देह बनाएर आफ्ना मात्राग्रहणरूप प्रकाशले र आत्मज्योतिले मजासँग सुत्तछ । यस अवस्थामा यो पुरुष सबै कुराबाट अलग्ग भएको प्रकाश-रूप हुन्छ ।

स्वप्नावस्थामा रथादिको अभाव छ, यस कारण
त्यस समयमा आत्मा स्वयंज्योति छ

न तत्र रथा न रथयोगा न पन्थानो भवन्त्यथ रथान्रथयोगान् पथः सृजते न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्रानन्दा मुदः प्रमुदो भवन्त्यथानन्दान् मुदः प्रमुदः सृजते न तत्र वेशान्ताः पुष्करिण्यः स्रवन्त्यो भवन्त्यथ वेशान्तान् पुष्करिणीः स्रवन्तीः सृजते स हि कर्ता ॥१०॥

पदार्थ — तत्र — त्यस अवस्थामा, न रथाः — न बग्गीहरू, न रथयोगाः — न बग्गीमा जोतिने घोडाहरू, न पन्थानः — न सडकहरू, भवन्ति — हुन्छन्, अथ — तर, रथान् — बग्गीहरू, रथयोगान् — बग्गीमा जोतिने घोडाहरू, (र) पथः — सडकहरू, सृजते — सिर्जन्छ, तत्र — त्यस अवस्थामा, आनन्दाः — सुखविशेष, मुदः — खुशी, प्रमुदः — दङ्दासीपन, न भवन्ति — हुँदैनन्, अथ — तर, आनन्दान् — सुखविशेष, मुदः — खुशी., प्रमुदः — दङ्दासीपन, सृजते — सिर्जन्छ, तत्र — त्यस अवस्थामा, वेशान्ताः — आहालहरू, पुष्करिण्यः — पोखरीहरू, स्रवन्त्यः — नदीहरू, न भवन्ति — हुँदैनन्, अथ — तर पनि, वेशान्तान् — आहालहरू, पुष्करिणीः — पोखरीहरू, स्रवन्तीः — नदीहरू, सृजते — सिर्जन्छ, हि — जुन कारणले, सः — त्यो आत्मा, कर्ता — तिनीहरूको स्रष्टा हो ।

वाक्यार्थ — त्यस स्वप्न अवस्थामा न बग्गी छन्, न बग्गीमा जोतिने घोडा छन्, न सडकहरू नै छन्, तर बग्गीहरू, बग्गीमा जोतिने घोडाहरू र सडकहरू आत्मालेस्वयं सिर्जन्छन् । त्यस अवस्थामा कुनै सुखविशेष, खुशी र दङ्दासीपन हुँदैनन्, तर आत्मालेस्वयं सिर्जन्छ । त्यस बेला आहाल, पोखरी र नदीहरू हुँदैनन् तर पनि आहाल, पोखरी र नदीहरू आत्मालेस्वयं सिर्जन्छ ।

टिप्पणी — प्रश्नः—स्वप्नमा वृक्ष आदि साधन पनि त छैनन्, कसरी सिर्जन्छ ? उत्तरः—भरखर भनियो—'यस जागरित लोकको एक अंश लिएर आफैं देहलाई चेतनाशून्य पारी अनि आफैं स्वप्नदेह बनाई' इत्यादि । यहाँ 'एक अंश' भनेको वासना हो । रथादि वासनारूप अन्तःकरणवृत्ति त्यस (रथादि) को उपलब्धिमा निमित्तभूत कर्मले प्रेरित भई वृक्षरूपले खडा हुन्छ ।

स्वप्न सृष्टिका विषयमा प्रमाणभूत मन्त्र

तदेते श्लोका भवन्ति । स्वप्नेन शारीरमभिप्रहत्यासुप्तः सुप्तानभिचाकशीति । शुक्रमादाय पुनरेति स्थान ५ हिरण्मयः पुरुष एकह ५ सः ॥११॥

पदार्थ — तद् — त्यस विषयमा, एते — यी श्लोकाः — मन्त्रहरू, भवन्ति-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन्, (आत्मा) स्वप्नेन — स्वप्नद्वारा, शारीरम् — शरीरलाई, अभिप्रहत्य — निश्चेष्ट बनाएर, सुप्तः — सुतेर, सुप्तान् — सुतेका भावहरूलाई, अभिचाकशीति — अलुप्त आत्म-दृष्टिले हेर्दछ (प्रकाश गर्दछ), शुक्रम्— शुद्ध, (प्रकाश-युक्त इन्द्रियमात्रा) आदाय—लिएर, पुनः— फेरि, (कर्मका निमित्त) स्थानम्— जागरित स्थानमा, ऐति — आउँदछ, हिरण्मयः — सुवर्णमयजस्तो चैतन्य ज्योति-स्वभावको, पुरुषः — आत्मा, एकहंसः— एकलै (जाग्रत्, स्वप्न, इहलोक, परलोकमा) जाने गर्छ।

वाक्यार्थ — त्यस विषयमा यी मन्त्रहरू छन्–आत्मा स्वप्नद्वारा शरीरलाई निश्चेष्ट बनाई सुतेर स्वरूपतः प्रकाश नभएका पदार्थहरूलाई अलुप्त आत्मदृष्टिले हेर्दछ–प्रकाश गर्दछ । त्यो चम्किलो इन्द्रियमात्रारूपलाई लिएर कर्मका निमित्त फेरि जागरित स्थानमा आउँदछ । चैतन्य ज्योतिस्वभावको आत्मा एकलै जाग्रत्, स्वप्न, इहलोक, परलोक सर्वत्र जाने गर्दछ ।

प्राणेन रक्षन्नवरं कुलायं बहिष्कुलायादमृतश्चरित्वा ।
स ईयतेऽमृतो यत्र कामꣳहिरण्मयः पुरुष एकहꣳसः ॥१२ ॥

पदार्थ — अमृतः — अमरणधर्मी, सः — त्यो आत्मा, अवरम्— (अनेक अपवित्र पदार्थको संघातस्वरूप हुनाले) तुच्छ, कुलायम् — गुँड (शरीर)लाई, प्राणेन — पाँच वृत्तिवाला प्राणले, रक्षन्— पालन गर्दै, कुलायात्—गुँड (शरीर) देखि, बहिः — बाहिर, चरित्वा — चरेर, एकहंसः— एकलै विचरण गर्ने, हिरण्मयः — चैतन्य ज्योतिस्वभावको, अमृतः— नमर्ने प्रकृतिको, पुरुषः—आत्मा, यत्र — जहाँ, (कामः उद्भूतवृत्तिः भवति) — कामना वासनारूपले उठेको हुन्छ, (तम्) — त्यो, कामम् — विषयमा, ईयते — जान्छ,

वाक्यार्थ — अमरणधर्मी त्यो आत्मा अनेक अपवित्र पदार्थको संघातस्वरूप हुनाले चुत्थो शरीरलाई पाँच वृत्तिवाला प्राणले रक्षा गर्दै, त्यस शरीरदेखि बाहिर विचरण गर्दछ । त्यो एकलै विचरण गर्ने चैतन्य ज्योतिस्वभावको नमर्ने प्रकृतिवाला आत्मा जुन विषयमा वासनारूपले कामना उब्जन्छ त्यै विषयमा जान्छ ।

स्वप्नान्त उच्चावचमीयमानो रूपाणि देवः कुरुते बहूनि ।
उतेव स्त्रीभिः सह मोदमानो जक्षदुतेवापि भयानि पश्यन् ॥१३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — देवः — प्रकाशशील त्यो आत्मा, स्वप्नान्ते — स्वप्न स्थानमा, उच्चावचम् — उच्च देवादिभाव र नीच पशुपक्षादि भावमा, ईयमानः — प्राप्त-हुँदै, बहूनि — धेरै, रूपाणि — वासनारूप, कुरुते — बनाउँछ, उत इव — यसै प्रकारले, (त्यो) स्त्रीभिः — स्त्रीहरू, सह — सँग, मोदमानः — आनन्द मनाउँदो, जक्षत् — मित्रहरूसँग हाँस्तो, उत अपि — तथा, भयानि — बाघ-हरूलाई, पश्यन् इव — देख्तो जस्तो, (भवति) — हुन्छ ।

वाक्यार्थ — प्रकाशशील त्यो आत्मा स्वप्नस्थानमा देवादि उच्चभाव र पशुपक्षादि नीचभावमा प्राप्त हुँदै असंख्य रूप बनाउँदछ । यै छाँटले स्त्रीहरूका साथमा आनन्द मनाउँदो, मित्रजनहरूसँग हास्तो र भयानक सिंह-बाघहरू देख्तो-जस्तो हुन्छ ।

स्वप्नस्थानका विषयमा मतभेद र उसको स्वयंज्योतिष्ठको निश्चय

आरामस्य पश्यन्ति न तं पश्यन्ति कश्चनेति तं नायतं बोधयेदित्याहुः । दुर्भि-षज्यऽहास्मै भवति यमेष न प्रतिपद्यतेऽथो खल्वाहुर्जागरित देश एवास्यैष इति यानि ह्येव जाग्रत्पश्यति तानि सुप्त इत्यत्रायं पुरुषः स्वयंज्योतिर्भवति सोऽहं भगवते सहस्रं ददाम्यत ऊर्ध्वं विमोक्षाय ब्रूहीति ॥१४॥

पदार्थ— (सब जन) अस्य – यस आत्माको, आरामम्—खेलका सामान, पश्यन्ति — देख्तछन्, तम् — त्यसलाई, कश्चन — कोही, न पश्यति — देख्तैन, तम् — त्यस सुतेका आत्मालाई, आयतम् — सहसा, न बोधयेत्— न ब्यूँझाओस्, इति — यसो, आहुः — भन्दछन्, ह — निश्चय हो, यम् — जुन इन्द्रियका द्वारस्थलमा, एषः — यो आत्मा, न प्रतिपद्यते — प्राप्त (प्रविष्ट) हुँदैन, (कदा-चित् विपरीत रूपले प्रवेश गर्दछ भने अन्धो, बहिरो हुन जाने हुन्छ र) अस्मै — यस देहलाई, दुर्भिषज्यम् — कष्टले औषधि गर्नुपर्ने, भवति — हुन्छ, अथो — यसैले, अन्ये — अरू कुनै, खलु — निश्चयसाथ, आहुः — भन्दछन्, एषः — यो, अस्य — यस आत्माको, जागरितं देश एव — जागरित देश नै हो, यः — जो, स्वप्नः — स्वप्न हो, हि — किनभने, यानि एव— जुन कुरा, जाग्रत्— जागा-अवस्थाको आत्माले, पश्यति — देख्तछ, (तदसत्, इन्द्रियोपरमात् । उपरतेषु हीन्द्रियेषु स्वप्नात् पश्यति, तस्मान्नात्यस्य ज्योतिषस्तत्र सम्भवोऽस्ति) — त्यो ठीक होइन, त्यस बेला इन्द्रियहरू आफ्ना व्यापारबाट हटेका हुन्छन्, इन्द्रियहरू

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हटेकै बेलामा आत्मा स्वप्न देख्तछ, त्यस कारण त्यस बखतमा अर्को कुनै प्रकाशको संभव छैन, अत्र — यस स्वप्न समयमा, अयम् — यो, पुरुषः — आत्मा, स्वयं-ज्योतिः — स्वयंप्रकाशरूप, भवति — हुन्छ, (अनि जनकले) स — त्यो, अहम् — म, भगवते — पूज्य तपाईंलाई, सहस्रम् — हजार मुद्रा, ददामि — अर्पण गर्दछु, अतः ऊर्ध्वम् — यसपछि, विमोक्षाय — मोक्षका निमित्त, ब्रूहि — उपदेश गर्नुहोस्, इति — यसो, (भने)।

वाक्यार्थ — सब जन आत्माका क्रीडाका साधन ग्राम, नगर, स्त्री, अन्न-पानादिरूप वासना-निर्मित देख्तछन्, त्यस आत्मालाई, कोही देख्तैनन् (चिन्दैनन्)। अपशोच छ, स्वप्न अवस्थामा अरू सब देहेन्द्रियदेखि अलग भई स्वयंज्योतिःस्वरूप रहेको हुन्छ र त्यस अवस्थाबाट चिन्न सकिने वस्तुलाई पनि कोही चिन्दैन। लोकमा यो कुरा प्रसिद्धै पनि छ कि सुतेका पुरुषलाई सहसा नब्यूँझाउनू, किनभने तिनीहरूले जानेका छन् कि आत्मा जागा अवस्थाको शरीरबाट इन्द्रियद्वार गरी निक्लेर शुद्ध (एकलो) रूपले बाहिर रहेको हुन्छ। सहसा जगाउँदा ती इन्द्रियद्वारमा प्राप्त हुन पाइसकेको हुँदैन। जहाँबाट कि इन्द्रियमात्रा लिएर बाहिर निस्केको थियो। कदाचित् विपरीतरूपले इन्द्रियमात्रालाई प्रविष्ट गराइहालेछ भने गडबड परेको हुँदा देह अन्धो, बहिरो हुने हुन्छ र मुश्किलले औषधि गरिने हुन्छ। कोही भन्दछन् 'यो जागा अवस्था नै हो, जो स्वप्न भनिन्छ। किनभने जुन कुरा जागा आत्माले देख्दछ, तिनै कुरा सुतेकाले देख्दछ।' तर त्यो ठीक होइन, किनभने त्यति खेर इन्द्रियहरू हटेका हुन्छन्, इन्द्रियको व्यापार नभएकै अवस्थामा सपना देख्छन्, त्यस कारण त्यतिखेर अरू कुनै प्रकाशको संभव छैन। केवल स्वयंज्योति आत्माले नै आफ्नो स्वरूपभूत चैतन्यज्योतिले प्रकाश गरेको हुन्छ। यति सुनेपछि जनकले भने—म यस विद्याको निष्क्रयका निमित्त पूज्य तपाईंलाई हजार मुद्रा अर्पण गर्दछु। अब मलाई मोक्षका निमित्त उपदेश गर्नुहोस्।

सुषुप्तिका भोगबाट आत्माको असंगता

स वा एष एतस्मिन्संप्रसादे रत्वा चरित्वा दृष्ट्वैव पुण्यं च पापं च पुनः प्रतिन्यायं प्रतियोन्याद्रवति स्वप्नायैव स यत्तत्र किञ्चित्पश्यत्यनन्वागतस्तेन भवत्यसङ्गो ह्ययं पुरुष इत्येवमेतवैद्याज्ञवल्क्य सोऽहं भगवते सहस्रं ददाम्यत ऊर्ध्वं विमोक्षायैव ब्रूहीति ॥१५॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — सः वै — त्यै स्वयंज्योति पुरुष हो (जो) एषः — यो, (स्वप्नमा दर्शाइयो), एतस्मिन् — यो, सम्प्रसादे — सुषुप्ति अवस्थामा (संप्रसादम् अनुभूय) — उत्तम प्रसन्नता अनुभव गरेर, रत्वा — (स्वप्नावस्थामा मिल्नदर्शनादिले) — सुख अनुभव गरेर, चरित्वा — (अनेक प्रकारले) विहार गरेर, (विहारको फल परिश्रम अनुभव गरेर) पुण्यम् — पुण्य, च — र, पापम् — पाप च — पनि, दृष्ट्वा एव — देखेर मात्र (न त संबद्ध भएर), पुनः — फेरि, प्रतिन्यायम् — आएअनुसार, प्रतियोनि — यथास्थानमा, स्वप्नाय एव — स्वप्न स्थानकै निमित्त, आद्रवति — फर्कन्छ, सः — त्यो आत्मा, तत्र — त्यस स्वप्नमा, यत् — जो, किञ्चित् — केही, पश्यति — देख्तछ, तेन — त्यसले, अनन्वागतः — संबद्ध नभएको, भवति — हुन्छ, हि — किनभने, अयम् — यो, पुरुषः — आत्मा, असङ्गः — (अमूर्त्त हुनाले) सङ्गरहित छ, इति — यो कारण हो, (अनि जनकले) याज्ञवल्क्य — हे याज्ञवल्क्यजी !, एतद् — यो कुरा, एवम् एव — यसै हो, सः — उही, अहम् — म, भगवते — पूज्य तपाईंलाई, सहस्रम् — — हजार मुद्रा, ददामि — अर्पण गर्दछु, अतः — ऊर्ध्वम् — यसपछि, विमोक्षाय एव — मोक्षकै निमित्त, ब्रूहि — उपदेश गर्नुहोस्, इति — यसो, (भने)

वाक्यार्थ— त्यै स्वयंज्योति पुरुष जो यो स्वप्नमा देखाइयो, त्यो यस सुषुप्ति अवस्थामा क्रमैसँग उत्तम प्रसन्नताको अनुभव गरेर अर्थात् स्वप्नमा मिल्नदर्शनादिले सुख अनुभव गरेर अनेक प्रकारले विहार गरी विहारको फल परिश्रम समेत अनुभव गरेर प्रसन्नताको अनुभवपछि पुण्य र पापलाई केवल देखेर फेरि आएअनुसार स्वप्नस्थानकै निमित्त यथास्थानमा फर्कन्छ । त्यो आत्मा त्यस स्वप्नमा जो जे देख्तछ त्यसले संबद्ध भएको हुँदैन । जुन कारणले कि यो आत्मा अमूर्त्त हुनाले सङ्गरहित छ । यसपछि जनकले भने—हे याज्ञवल्क्यजी ! यो कुरा यसै हो । पूज्य तपाईंलाई म यस विद्याको निष्कयका निमित्त हजार मुद्रा टक्कयाउँछु, अब मोक्षका निमित्त नै उपदेश गर्नुहोस् ।

टिप्पणी — उत्तम प्रसन्न यसरी हुन्छ—जाग्रत्मा देह र इन्द्रियका सयकडौं कामका झमेलाले गर्दा क्लेशले कलुषित हुन्छ । स्वप्नमा देह र इन्द्रियको संबन्ध छुट्ने हुनाले आत्मा केही प्रसन्न (स्वच्छ) हुन्छ । सुषुप्तिमा त वासनामय सृष्टिमा पनि रङमङ्गिन नपर्ने हुनाले राम्रै गरी प्रसन्न रहन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वप्नावस्थाको भोगबाट आत्माको असङ्गता

स वा एष एतस्मिन् स्वप्ने रत्वा चरित्वा दृष्ट्वैव पुण्यं च पापं च पुनः प्रतिन्यायं प्रतियोन्याद्रवति बुद्धान्तायैव स यत्तत्र किञ्चित्पश्यत्यनन्वागतस्तेन भवत्यसङ्गो ह्ययं पुरुष इत्येवमेवैतद्याज्ञवल्क्य सोऽहं भगवते सहस्रं ददाम्यत ऊर्ध्वं विमोक्षायैव ब्रूहीति ॥१६ ॥

पदार्थ — सः वै — उही, एषः — यो, (सुषुप्तिबाट स्वप्नमा फर्केको) आत्मा, एतस्मिन् — यो, स्वप्ने — स्वप्न अवस्थामा, रत्वा — (मित्र-दर्शनादिले) सुख अनुभव गरेर, चरित्वा — (अनेक प्रकारले) विहार गरेर, पुण्यम् — पुण्य-लाई, च — र, पापम् — पापलाई, च — पनि, दृष्ट्वा एव — देखेर मात्र, (संबद्ध नभैकन) पुनः — फेरि, प्रतिन्यायम् — आएअनुसार, प्रतियोनि — यथास्थानमा, बुद्धान्ताय — जागरित स्थानका निमित्त, एव — नै, आद्रवति — फर्कन्छ, सः — त्यो आत्मा, तत्र — त्यस स्वप्न अवस्थामा, यत् किञ्चित्— जुन-कुनै पनि कुरा, पश्यति — देख्तछ, तेन — त्यसले, अनन्वागतः — संबद्ध नभएको भवति — हुन्छ, हि — किनभने, अयम् — गो, पुरुषः — आत्मा, असङ्गः — (अमूर्त्त हुनाले) सङ्गरहित छ, इति — यो कार"ण हो, (अनि जनकले) याज्ञवल्क्य— हे याज्ञवल्क्यजी ! एतद्— यो कुरा, एवम् एव — यसै हो, सः — उही, अहम्— म, भगवते—पूज्य तपाईलाई, सहस्रम् — हजार मुद्रा, ददामि — अर्पण गर्दछु, अतः ऊर्ध्वम् — यसअगाडि, विमोक्षाय — मोक्षका निमित्त, एव — नै, ब्रूहि — उपदेश गर्नुहोस्। इति— यसो (भने)'।

वाक्यार्थ — उही सुषुप्तिबाट स्वप्नमा फर्केको आत्मा यस स्वप्न अवस्थामा मित्र-दर्शनादिले सुख अनुभव गरेर अनेक प्रकारले विहार गरी पुण्य र पापलाई केवल देखेर (संबद्ध नभई) आएकै छाँटले यथास्थानमा जागरित स्थानका निमित्त नै फर्कन्छ। त्यो आत्मा त्यस स्वप्न अवस्थामा जो केही देख्तछ त्यसले संबद्ध हुँदैन, किनभने यो आत्मा अमूर्त्त पदार्थ हुनाले सङ्गरहित छ। यसपछि जनकले भने— याज्ञवल्क्यजी ! यो कुरा यसै हो। म पूज्य तपाईलाई हजार मुद्रा अर्पण गर्दछु । अब मोक्षकै निमित्त उपदेश गर्नुहोस्।

जागरित अवस्थाका भोगबाट आत्माको असङ्गता

स वा एष एतस्मिन् बुद्धान्ते रत्वा चरित्वा दृष्ट्वैव पुण्यं च पापं च पुनः प्रतिन्यायं प्रतियोन्याद्रवति स्वप्नान्तायैव ॥१७ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — सः वै — उही, एषः — यो स्वप्नबाट जाग्रत्मा आएको आत्मा, एतस्मिन् — यो, बुद्धान्ते — जागरित अवस्थामा, रत्वा — सुख अनुभव गरेर, चरित्वा — अनेक कारले विहार गरेर, पुण्यम् — पुण्य, च — र, पापम् — पाप, च — पनि, दृष्ट्वा — देखेर, एव — मात्र, (संबद्ध नभई) पुनः — फेरि, प्रतिन्यायम् — आएकै छाँटले, प्रतियोनि — यथास्थानमा, स्वप्नान्ताय — स्वप्न-देशका निमित्त, एव — नै, आद्रवति — फर्कन्छ ।

वाक्यार्थ—उही यो स्वप्नबाट जाग्रत्मा आएको आत्मा यस जाग्रत् अवस्थामा सुख अनुभव गरेर अनेक प्रकारले विहार गरी पुण्य र पापलाई देखेर मात्र फेरि आएअनुसार यथास्थानमा स्वप्नदेशकै निमित्त फर्कन्छ ।

टिप्पणी—प्रश्न—देखेर मात्र भनेर कसरी निश्चय गरिन्छ ? जाग्रत अवस्थामा त पुण्य, पाप गरिनै हाल्छ नि ! त्यसको फल पनि देखि नै हाल्छ । उत्तर—कारकको प्रकाशक हुनाले आत्मा कर्ता जस्तो देखिएको हो, वस्तुतः गर्ने त कार्यकरणसंघात (देह, इन्द्रिय र बुद्धि) नै हो । त्यसै कारणले त 'ध्यायतीव लेलायतीव' (चिन्तन गर्छ कि ! खूब चेष्टा गर्छ कि ! भनेजस्तो) भनेर प्रतिपादन गरिएको हो । अतः जाग्रत् अवस्थामा पनि आत्मा असङ्ग नै छ ।

पुरुषको अवस्थान्तर-सञ्चारमा महामत्स्यको दृष्टान्त

तद्यथा महामत्स्य उभे कूलेऽनुसञ्चरति पूर्वं चापरं चैवमेवायं पुरुष एतावुभावन्तावनुसञ्चरति स्वप्नान्तं च बुद्धान्तं च ॥१८॥

पदार्थ — तद् — त्यस विषयमा, (यो दृष्टान्त छ) यथा — जसरी, महामत्स्यः — जङ्गी माछो, पूर्वम् — पूर्वतर्फ, च — र, अपरम् — पश्चिमतर्फ, च — पनि, उभे — दुइ, कूले — किनारमा, अनुसञ्चरति — सञ्चार गर्दछ, एवम् एव — यसै गरी, अयम् — यो, पुरुषः — आत्मा, स्वप्नान्तम् — स्वप्नस्थान, च — र, बुद्धान्तम् — जागरितस्थान च — पनि, एतौ — यी, उभौ — दुइ, अन्तौ — स्थानमा, अनुसञ्चरति — सञ्चार गर्दछ ।

वाक्यार्थ— त्यस विषयमा यो दृष्टान्त छ—जसरी जङ्गी माछो, जसलाई नदीका प्रवाहको वेगले हुत्याउन – बगाउन सक्तैन, बरु ऊ नै प्रवाहलाई रोक्न

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्छ । यस्तो स्वतन्त्र छ— पूर्व-पश्चिम दुवै तर्फका किनारमा जानु-आउनु गर्दछ, नदीका प्रवाहले त्यसलाई केही दक्खल गर्न सक्तैन, त्यस्तै यो आत्मा स्वप्न र जागरित यी दुवै स्थानमा जानु-आउनु गर्दछ, तर ती स्थान (अवस्था) का धर्मले त्यसलाई कुनै प्रकारले प्रभाव पार्न (विकृत गराउन) सक्तैन ।

सुषुप्ति आत्माको विश्रान्तिस्थान हो, यसमा बाजको दृष्टान्त

तद्यथास्मिन्नाकाशे श्येनो वा सुपर्णो वा विपरिपत्य श्रान्तः सꣳहत्य पक्षौ संलयायैव ध्रियत एवमेवायं पुरुष एतस्मा अन्ताय धावति यत्र सुप्तो न कञ्चन कामं कामयते न कञ्चन स्वप्नं पश्यति ॥१९॥

पदार्थ– तद् — त्यस विषयमा (यो पनि दृष्टान्त छ) , यथा — जसरी, अस्मिन् यो, आकाशे — आकाशमा, श्येन : — बाज, वा — अथवा, सुपर्णः — छिटो बाज, विपरिपत्य — चारौंतर्फ उडेर, श्रान्त : — थाकेर, पक्षौ — पखेटा, संहत्य — पसारेर, संलयाय — गुँडमा जानाका निमित्त, एव— नै, ध्रियते — धानिन्छ, एवम् एव — यसै गरी, अयम् — यो, पुरुषः — आत्मा, एतस्मै — यो, अन्ताय —स्थान (अवस्था)का निमित्त, धावति — दौड्दछ, यत्र—जहाँ, सुप्तः — सुतेकाले, कञ्चन — कुनै, कामम् — भोग, न कामयते— इच्छा गर्दैन, (तथा) कञ्चन — कुनै, स्वप्नम् — सपना, न पश्यति — देख्तैन ।

वाक्यार्थ— त्यस विषयमा यो पनि दृष्टान्त छ— जसरी यो आकाशमा बाज अथवा छिटो बाज चारौंतर्फ उडेर थाकेर पखेटा फिजाएर गुँडमा जानाका निमित्त नै धानिइराख्छ त्यसै गरी यो आत्मा यस स्थान (सुषुप्ति) का निमित्त दौड्दछ, जहाँ सुत्ता कुनै भोगको इच्छा गर्दैन र सपना पनि देख्तैन ।

स्वप्नदर्शनका स्थानभूत 'हिता ' नाम गरेका नाडीहरूको वर्णन

ता वा अस्यैता हिता नाम नाड्यो यथा केशः सहस्रधा भिन्नस्तावताणिम्ना तिष्ठन्ति शुक्लस्य नीलस्य पिङ्गलस्य हरितस्य लोहितस्य पूर्णा अथ यत्रैनं घ्नन्तीव जिनन्तीव हस्तीव विच्छाययति गर्तमिव पतति यदेव जाग्रद्भयं पश्यति तदत्राविद्यया मन्यतेऽथ यत्र देव इव राजेवाहमेवेदꣳसर्वोऽस्मीति मन्यते सोऽस्य परमो लोकः ॥२०॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — अस्य — यस (शिर, हात, गोडा भएका) पुरुषका, ताः — ती प्रसिद्ध, एताः — यी, हिता नाम — हिता नाम गरेका, नाड्यः — नाडीहरू छन्, वै — निश्चय हो, सहस्रधा — हजार चिरा हुने गरी, भिन्नः — फारिएको, केशः — केश, यथा — जस्तो (जत्रो) हुन्छ, तावता — त्यत्ति-कै, अणिम्ना — सानोपनले, तिष्ठन्ति — रहेका छन्, (तथा) शुक्ल-स्य — सेतो रङ्का, नीलस्य — नीलो रङ्का, पिङ्गलस्य — कैलो रङ्का हरितस्य — हरियो रङ्का, लोहितस्य — रातो रङ्का, रसैः — रसले, पूर्णः — भरिएका छन्, (तिनमा सत्र तत्त्ववाला लिङ्ग शरीर छ, त्यसमा ऊच, नीच संसारधर्मका अनुभवले पैदा गरिएका वासनाहरू रहेका छन्, त्यो वासनाश्रय लिङ्ग शरीर स्वच्छ भए पनि नाडीगत रस–रूप उपाधिका संसर्गले गर्दा धर्माधर्मप्रेरित वृत्तिविशेष उब्जेको हुन्छ र स्त्री, रथ, हात्ती, घोडा आदि आकारविशेषवाला वासनारूपले भास्ने हुन्छ। अथ — यस स्थितिमा, यत्र — जुन कालमा, एनम् — यस पुरुषलाई, (कुनै शत्रुहरू वा चोर-डाँकूहरूले) घ्नन्ति इव मार्छन् कि झैं जिनन्ति इव — वशमा पार्छन् कि झैं, तथा हस्ती—हात्तीले, विच्छाययति इव — लखेटेको छ कि जस्तै, गर्तम् — खाडलमा, पतति इव — पर्दछ कि झैं, (किं बहुना ?) जाग्रत् — जागरित अवस्थामा, यत् एव — जुन-चाहिं, भयम् — डर, पश्यति — देख्तछ, तद् — त्यो, अत्र — यस स्वप्न अवस्थामा, अविद्यया — अज्ञानका वासनाले, मन्यते — मान्दछ, अथ — फेरि, यत्र — जुन कालमा, देवः इव — देवता झैं, राजा इव — राजा झैं (आफूलाई), मन्यते — ठान्दछ, (तथा) अहम् — म, एव — नै, इदम् — यो, सर्वः — संपूर्ण, अस्मि — हुँ, इति — यस्तो, मन्यते — ठान्दछ, सः — त्यो सर्वात्मभाव, अस्य — यस पुरुषको, परमः — ठूलो, लोकः — स्वाभाविक आत्मभाव हो।

वाक्यार्थ — पुरुषका देहमा ती 'हिता' नाम गरेका नाडीहरू छन्, हजार चिरा पारिएका रौंको एक चिरा बराबर साना छन्। तथा वात, पित्त, कफका परस्पर संयोगको वैषम्यविशेषले सेतो, नीलो, कैलो, हरि-यो र रातो विभिन्न रङ्ग हुन आएका रसले भरिएका छन्। तिनमा सत्र तत्त्व (दश इन्द्रिय, पाँच प्राण, मन र बुद्धि) वाला लिङ्ग शरीर रहेको छ, त्यसमा ऊच–नीच संसारधर्मका विविध अनुभवले पैदा गरिएका वासनाहरू रहेका छन्। त्यो वासनाश्रय लिङ्ग शरीर सूक्ष्म एवं स्वच्छ छ तर नाडी-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गत रस-रूप उपाधिका संसर्गले गर्दा धर्माधर्मले प्रेरित भई उब्जेका वृत्ति-विशेषले युक्त हुन्छ र स्त्री, रथ, हात्ती, घोडा आदि आकार विशेष भएका वासनाहरूले भास्ने हुन्छ । यस स्थितिमा यस पुरुषलाई कुनै शत्रु वा चोर डाँकूहरूले मार्दछन् कि झैं, वशमा पार्दछन् कि झैं हात्तीले लखेटेझैं, खाडलमा परेझैं, धेरै कति भन्ने ? जाग्रतमा जुन डर वेहोरेको थियो त्यै डर–अहिले ती हात्तीहरू नभए पनि झूटै उब्जेका अविद्या-वासनाले गर्दा मान्दछ। यस्तै जब आफूलाई देवता जस्तो, राजा जस्तो ठान्दछ, तथा 'यो सब म नै हुँ' भन्ने ठान्दछ भने त्यो सर्वात्मभाव यस पुरुषको स्वाभाविकै आत्मभाव हो, सर्वदा रहनुपर्ने यै समझ हो।

टिप्पणी— जाग्रत् अवस्थामा गरेका अनुभववाट वासना (संस्कार) उब्जेर सूक्ष्म देहमा रहेको हुन्छ । त्यै वासना स्वप्न अवस्थामा जाग्रत्का अनुभवानुसारका विविध रूप धारण गर्ने हुन्छ र सपनामा देखिने त्यै हो । अतः यो बुझ्नुपर्दछ कि जाग्रत् अवस्थामा देवताविषयक विद्या उत्पन्न भएको रहेछ भने त्यसवाट भएको वासनाले स्वप्नमा आफूलाई देवता जस्तो, जाग्रत्मा अभिषिक्त भई राज्यमा रहेको रहेछ भने स्वप्नमा आफूलाई राजा जस्तो ठान्दछ । अविद्या अत्यन्त क्षीण भएर जाग्रत्मा सर्वात्मविषयक विद्या उब्जेको रहेछ भने स्वप्नमा पनि 'यो सब मै हुँ' भनी ठान्ने हुन्छ । वास्तविक सर्वदा हुनुपर्ने समझ यै त हो ।

मोक्षको स्वरूप प्रदर्शित गर्नानिमित्त स्त्रीसंयुक्त पुरुषको दृष्टान्त

तद्वा अस्यैतदतिच्छन्दा अपहतपाप्माऽभयꣳरूपम् । तद्यथा प्रियया स्त्रिया सम्परिष्वक्तो न बाह्यं किञ्चन वेद नान्तरमेवमेवायं पुरुषः प्राज्ञेनात्मना सम्परिष्वक्तो न बाह्यं किञ्चन वेद नान्तरं तद्वा अस्यैतदाप्तकाममात्मकाममकामꣳ रूपꣳशोकान्तरम् ॥२१ ॥

पदार्थ — तद् — त्यो सर्वात्मभाव, एव — नै, अस्य — यस पुरुषको, अतिच्छन्दा — कामवर्जित, अपहतपाप्म — धर्म-अधर्मले वर्जित, अभयम् — भयको कारण अविद्याले वर्जित, रूपम् — स्वरूप हो, तद् — त्यस विषयमा, यथा — जस्तै, प्रियया — प्यारी, स्त्रिया — स्त्रीले, संपरिष्वक्तः — आलिङ्गन गरिएको पुरुष, (एकाकार भएकाले)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न बाह्यम् — न बाहिरी कुरा, किञ्चन — केही, वेद — जान्दछ, न आन्तरम् — न भित्री, (केही कुरा) वेद — जान्दछ, एवम् — एवयसै गरी, प्राज्ञेन — परमार्थभूत, आत्मना — परम ज्योतिले, संपरिष्वक्तः — मिलेको (एक हुन आएको) हुँदा न, बाह्यम् — न बाहिरको, किञ्चन — कुनै चीज, वेद — जान्दछ, न आन्तरम् न भित्रको कुनै चीज, वेद — जान्दछ, अस्य — यस, स्वयंज्योतिःस्वभाव आत्माको, तद् वै — त्यै, एतद् — यो, आप्तकामम् — चाहेको कुरो पाइसकेको, आत्मकामम् — आत्मा नै काम्य-वस्तु भएको, अकाम्यम् — काम्य विषयरहित, तथा शोकान्तरम् — शोकशून्य, रूपम् — स्वरूप हो।

वाक्यार्थ— त्यो सर्वात्मभाव नै यस पुरुषको कामवर्जित धर्माधर्मवर्जित भएको कारणभूत अविद्याले रहित, स्वरूप हो । जस्तो प्यारी स्त्रीले अङ्कमाल गरिएका पुरुषले एकाकार हुन गएको हुँदा बाहिरी–भित्री कुनै कुरा थाह पाउँदैन, यस्तै परमार्थभूत आत्मा र (परम ज्योति) सँग एकीभूत भई सर्वात्मा भएकाले आफूव्यतिरिक्त कुनै चीज नभएको हुँदा, बाहिरी वस्तु पनि केही थाह गर्दैन, भित्री (म सुखी छु, दुःखी छु इत्यादि) पनि केही थाह गर्दैन । यस स्वयंज्योतिः स्वरूप आत्माको यै— चाहको विषय पाइसकेको, (सकाम छ भनौं भने) आत्मा नै अभीष्ट वस्तु भएको, अर्थात् चाहको विषय केही नभएको अत एव शोकशून्य रूप हो ।

टिप्पणी— यहाँ एकीभूत भएकाले केही थाह पाउँदैन भनियो । यो एकीभावको अर्थ आत्माको अद्वैत – बोध भनी ठान्न हुँदैन । बोध भएपछि त कुनै अवस्था–विशेषसँग — जसको कि शब्दद्वारा निर्देश गर्न सकियोस् – संबन्धै रहँदैन । सुषुप्तिमा चित्तको लय हुनाले केहीछिनको लागि नानात्वको भान हुँदैन । यै आशयले भान नहुनामा एकत्वलाई कारण भनिएको हो ।

सुषुप्तिमा जीव वस्तुतः आत्मनिष्ठ एक अद्वितीय एवं सर्वात्मा हुँदैन । यो त बोधवान्को स्वरूप हो । जो कुनै अवस्थाविशेषले परिच्छिन्न हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो सर्वात्मा कसरी हुन सक्तछ ? यस प्रकरणको तात्पर्य यत्ति हो कि त्यस समयमा कुनै पनि भान रहँदैन, सुषुप्तिबाट जागेपछि यै अनुभव सुनाउँछ कि ' म मजासँग सुतें, केही थाह पाइनँ' इत्यादि । त्यसलाई सर्वात्मभावको बोध रहँदैन । किनभने आवरण नहटीकन यो बोध प्रकाशित हुँदैन । जब बोध भयो त आवरण रहँदैन । सुषुप्तिबाट जीव फेरि जागरणमा आउँदछ । यस कारण यसलाई स्वरूपस्थिति भन्न सकिंदैन, स्त्री-पुरुषको मिलनको दृष्टान्त अथवा सुषुप्तिको दृष्टान्त वस्तु बुझाउनलाई सब एकदेशी दृष्टान्तमात्र हो, मुक्त पुरुषको कुनै चीजसँग वास्तविक तुलना हुनै सक्तैन ।

सुषुप्तिस्थ आत्माको निःसङ्ग र निःशोक स्थितिको वर्णन

अत्र पिताऽपिता भवति माताऽमाता लोका अलोका देवा अदेवा वेदा अवेदा अत्र स्तेनोऽस्तेनो भवति भ्रूणहाऽभ्रूणहा चाण्डालोऽचाण्डालः पौल्कसोऽपौल्कसः श्रमणोऽश्रमणस्तापसोऽतापसोनन्वागतं पुण्येनानन्वागतं पापेन तीर्णो हि तदा सर्वाञ्छोकान् हृदयस्य भवति ॥२२॥

पदार्थ— अत्र — यस सुषुप्त अवस्थामा, पिता — पिता, अपिता — अपिता, भवति — हुन्छ, माता — माता, अमाता — अमाता, भवति — हुन्छे, लोकाः — स्वर्गादिलोक, अलोकाः — अलोक, भवन्ति — हुन्छन्, देवाः — देवताहरू, अदेवाः — अदेव, भवन्ति — हुन्छन्, वेदाः — वेदहरू, अवेदाः — अवेद, भवन्ति, हुन्छन्, अत्र — यस सुषुप्तिमा, स्तेनः — चोर, अस्तेनः — अचोर, भ्रूणहा — गर्भघाती, अभ्रूणहा — अगर्भघाती, चाण्डालः — चाण्डाल (शूद्रबाट ब्राह्मणीमा जन्मेको) अचाण्डालः — अचाण्डाल, पौल्कसः — पौल्कस, (शूद्रबाट क्षत्रियामा जन्मेको), अपौल्कसः — अपौल्कस, भवति — हुन्छ, (तथा) श्रमणः — संन्यासी, अश्रमणः — असंन्यासी, तापसः — तपस्वी (वानप्रस्थ), अतापसः — अतपस्वी, भवति — हुन्छ, (किं बहुना ?) पुण्येन — शास्त्रविहित कर्मले, अनन्वागतम् — असंबद्ध, पापेन — शास्त्र-निषिद्ध कर्मले, अनन्वागतम् — असंबद्ध, भवति — हुन्छ, हि — किनभने, तदा — त्यस बखत, हृदयस्य — हृदयका सर्वान् — संपूर्ण, कामान् — विषयहरूलाई, तीर्ण — पार गरेको, भवति — हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ— यस सुषुप्त अवस्थामा बाबु बाबु हुँदैन, पुत्रका प्रति पिता हुनामा कर्म नै निमित्त हुन्छ, त्यो कर्म त्यति खेर छुटेको हुन्छ। यस्तै आमा आमा हुन्। कर्मले जितेका वा जित्नुपर्ने लोक लोक हुँदैनन्। कर्मका अङ्गभूत देवताहरू देवता हुँदैनन्। साध्य-साधनको संबन्ध बुझाउने र देवतालाई बुझाउने वेद वेद हुँदैनन्। (शुभ कर्मको मात्र संबन्ध नभएको होइन किन्तु अशुभ कर्मको पनि।) अतः चोर चोर हुँदैन। गर्भघाती गर्भघाती हुँदैन। (तात्कालिक अशुभ कर्मबाट मात्र छुट्ने होइन, अत्यन्त नीच जातिमा जन्म दिने कर्मबाट पनि छुट्तछ (अत एव) चाण्डाल (शूद्रबाट ब्राह्मणीमा जन्मेको) चाण्डाल हुँदैन। पौल्कस (शूद्रबाट क्षत्रियामा जन्मेको) पौल्कस हुँदैन। (तथा आश्रमसंबन्धी कर्मबाट पनि छुट्तछ, अत एव) संन्यासी सन्यासी हुँदैन। तपस्वी (वानप्रस्थ) तपस्वी हुँदैन। धेरै कति बखान्ने ? जीव सुषुप्ति समयमा शास्त्रविहित कर्मबाट पनि, शास्त्रनिषिद्ध कर्मबाट पनि छुटेको हुन्छ। किनभने त्यति खेर पुण्यसँग पनि संबद्ध छैन, पापसँग पनि संबद्ध छैन जब कि हृदयका संपूर्ण विषयलाई पार गरेको हुन्छ।

सुषुप्तिमा स्वयंज्योति आत्माको दृष्टि आदिको अनुभव नहुनामा हेतु

संबन्ध— प्रश्न :— स्त्री-पुरुषको जस्तै एकता भएकाले देख्तैन पनि भनियो, 'स्वयंज्योति छ' पनि भनेर आइएको छ। स्वयं ज्योतिष्ट्व भन्नु चैतन्यरूप स्वभाव हो। यदि अग्निको उष्णता जस्तै आत्माको चैतन्य स्वभाव हो भने जीव परमात्मासित एक हुन आए पनि स्वभाव कसरी छोड्ला र नानात्व थाहा नपाउला ? जब स्वभाव त छोड्दैन भने सुषुप्तिमा कसरी देख्तैन ? यो त एकदम विरुद्ध कुरा भयो कि 'चैतन्य आत्माको स्वभाव हो' पनि भन्नु 'सुषुप्तिमा थाह पाउँदैन' पनि भन्नु। समाधान — यो दुवै कुरा ठीक हुन आउँछ, कसरी भने—

यद्वै तन्न पश्यति पश्यन् वै तन्न पश्यति न हि द्रष्टुर्दृष्टेर्विपरिलोपो विद्यतेऽविनाशित्वात् न तु तद् द्वितीयमस्ति ततोऽन्यद् विभक्तं यत् पश्येत् ॥२३॥

पदार्थ— यद् — जुन, (सुषुप्तिमा जीवले) वै — अवश्य, न पश्यति— देख्तैन, तत् — त्यो, पश्यन् — देख्ने शक्ति भै-भैकन, न पश्यति— देख्तैन, वै— निश्चय हो, हि — किनभने, द्रष्टुः — देख्ने (आत्मा) को, दृष्टिः — दृष्टि,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(चैतन्यात्मकता) को, विपरिलोपः — विनाश, न विद्यते — छैन , (किन ?) अविनाशित्वात् — नाश नहुने हुनाले, तु — परन्तु, ततः— त्यस आत्मादेखि, विभक्तम् — छुट्टा, अन्यद् — अर्को, तद् — त्यो कुनै पनि द्वितीयम् — दोस्रो भन्नु चीज, न अस्ति — छैन, यत् — जेलाई, पश्येत् — देखोस् ।

वाक्यार्थ— जो त्यो सुषुप्तिमा देख्तैन, त्यो देख्ने शक्ति भै भैकन देख्तैन, निश्चय हो। किनभने द्रष्टा (आत्मा) को दृष्टि (चैतन्यात्मकता) को लोप कहिल्यै हुँदैन। किन कि त्यो अविनाशी वस्तु छ। चैतन्य भै भैकन पनि किन देख्तैन ? भने त्यतिखेर आफूभन्दा छुट्टा दोस्रो कुरा के छ र देखोस् ?

यद्वै तन्न जिघ्रति जिघ्रत् वै तन्न जिघ्रति न हि घ्रातुर्घ्रातेर्विपरिलोपो विद्यतेऽविनाशित्वान्न तु तद् द्वितीयमस्ति ततोऽन्यद् विभक्तं यज्जिघ्रेत् ॥२४॥

पादर्थ— यद् — जो, तद् — त्यो, (सुषुप्तिमा जीवले) वै — अवश्य, न जिघ्रति-सुङ्दैन, तद् — त्यो, जिघ्रन् — सुङ्ने शक्ति भै भैकन, न जिघ्रति — सुङ्दैन, वै — निश्चय हो,, हि — किनभने, घ्रातुः — सुङ्ने (आत्मा) का, घ्रातेः— गन्धग्रहणशक्ति (चैतन्यात्मकता) को, विपरिलोपः — विनाश, न विद्यते — हुँदैन, (किन ?) अविनाशित्वात् — नाश हुने स्वभावको नहुनाले, तु — परन्तु, ततः— त्यस आत्मादेखि, अन्यत् — अर्को, विभक्तम् — छुट्टा, तद् — त्यो कुनै , द्वितीयम् — दोस्रो चीज, न अस्ति — छैन, यत् — जेलाई, जिघ्रेत् — सुङ्गोस् ।

वाक्यार्थ — जो त्यो सुषुप्तिमा सुङ्दैन, त्यो सुङ्ने शक्ति भै भैकन पनि सुङ्दैन, निस्सै हो। कारण यो हो — सुङ्ने (आत्मा)का सुङ्ने शक्ति (चैतत्यात्मकता) को लोप कहिल्यै हुँदैन, त्यो अविनाशी वस्तु छ। चैतन्य भै भैकन किन सुङ्दैन त? भने, त्यस बेला आफूभन्दा छुट्टा दोस्रो भनु चीजै केही छैन, केलाई सुङ्गोस् ?

यद्वै तन्न रसयते रसयन् वै तन्न रसयते न हि रसयितू रसयतेर्विपरिलोपो विद्यतेऽविनाशित्वान्न तु तद्द्र-द्वितीयमस्ति ततोऽन्यद् विभक्तं यद् सयेत् ॥ २५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ —यद्—जो, तद्—त्यो (सुषुप्तिमा), वै अवश्य, न रसयते—स्वाद लिंदैन, तद्—त्यो, रसयन्—स्वाद लिने शक्ति भैभैकन, न रसयते—स्वाद लिंदैन, वै—निश्चय हो, हि—किन भने, रसयितुः—स्वाद लिने (आत्मा) का, रसयतेः—स्वाद लिने शक्ति (चैतन्यात्मकता) को, विपरिलोपः—विनाश, न विद्यते—हुँदैन, (किन ?) अविनाशित्वात्—नाश हुने स्वभावको नहुनाले; तु—परन्तु, ततः—त्यस आत्मादेखि, अन्यत्—अर्को, विभक्तम्—छुट्टा, तद्—त्यो कुनै, द्वितीयम्—दोस्रो भन्नु चीज, न अस्ति—छैन, यद्—जेलाई, रसयेत्—स्वाद लेओस्।

वाक्यार्थ—जुन त्यो सुषुप्तिमा जीवले स्वाद लिंदैन त्यो स्वाद लिने शक्ति भैभैकन लिंदैन, पक्का हो। किनभने स्वाद लिने कर्ता (आत्मा) स्वाद लिने शक्ति (चैतन्यात्मकता) को नाश कहिल्यै हुँदैन, किन कि त्यो नाश हुने स्वभावको वस्तु छैन। किन स्वाद लिंदैन त ? भने, त्यति खेर आफूभन्दा छुट्टा दोस्रो भनिने चीजै छैन, जेलाई स्वाद लेओस्।

यद्वै तन्न वदति वदन् वै तन्न वदति न हि वक्तुर्वक्तेर्विपरिलोपो विद्यतेऽविनाशित्वान्न तु तद् द्वितीयमस्ति ततोऽन्यद् विभक्तं यद् वदेत् ॥२६॥

पदार्थ—यद्—जो, तत्—त्यो (सुषुप्तिमा जीवले), वै—अवश्य, न वदति—बोल्दैन, तद्—त्यो, वदन्—बोल्ले शक्ति भैभैकन, न वदति—बोल्दैन, वै—निश्चय हो, हि—किनभने, वक्तुः—बोल्ने (आत्मा) का, वक्तेः—बोल्ने शक्ति (चैतन्यात्मकता) को, विपरिलोपः—विनाश, न विद्यते—हुँदैन, (किन ?) अविनाशित्वात्—नाश हुने स्वभावको नहुनाले, तु—परन्तु, ततः—त्यस आत्मादेखि अन्यद्—अर्को, विभक्तम्—छुट्टा, तत्—त्यो कुनै, द्वितीयम्—दोस्रो भनिने चीज, न अस्ति—छैन, यद्—जेलाई, वदेत्—बोलोस्।

वाक्यार्थ—जुन त्यो सुषुप्तिमा जीवले बोल्दैन त्यो बोल्ने शक्ति भैभैकन बोल्दैन, निश्चय हो। किनभने बोल्ने (आत्मा) का बोल्ने शक्ति (चैतन्यात्मकता) को विनाश कहिल्यै हुँदैन। कारण त्यो अविनाशी वस्तु छ। किन बोल्दैन त ? भने त्यति खेर आफूदेखि भिन्न दोस्रो भनिने चीजै केही छैन, केलाई बोलोस् ?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यद्वै तन्न शृणोति शृण्वन् वै तन्न शृणोति न हि श्रोतुः श्रुतेर्विपरिलोपो विद्यते-ऽविनाशित्वान्न तु तद् द्वितीयमस्ति ततोऽन्यद् विभक्तं यच्छृणुयात् ॥२७॥

पदार्थ— यद् — जो, तद् — त्यो, (सुषुप्तिमा) वै— अवश्य, न शृणोति— सुन्दैन, तद् — त्यो, श्रृण्वन् — सुन्ने शक्ति भैभैकन न श्रृणोति — सुन्दैन, वै — निश्चय हो, हि — किनभने, श्रोतुः — सुन्ने (आत्मा) का, श्रुतेः — सुन्ने शक्ति (चैतन्यात्मकता) को, विपरिलोपः — विनाश, न विद्यते — हुँदैन, (किन ?) अविनाशित्वात् — नाश हुने स्वभावको नहुनाले, तु — परन्तु, ततः — त्यस आत्मादेखि, अन्यद् — अर्को, विभक्तम् — छुट्टा, तद् — त्यो कुनै, द्वितीयम् — दोस्रो भन्नु चीज, न अस्ति —छैन, यद् — जेलाई, श्रृणुयात्— सुनोस् ।

वाक्यार्थ— जुन त्यो सुषुप्तिमा जीवले सुन्दैन, त्यो सुन्ने शक्ति भैभैकन सुन्दैन, निश्चय हो । किनभने सुन्ने कर्ता आत्माका सुन्ने शक्ति (चैतन्यात्मकता) को विनाश कहिल्यै हुँदैन, कारण – त्यो अविनाशीतत्त्व छ । किन सुन्दैन त ? भने त्यतिखेर आफूभन्दा भिन्न दोस्रो भनिने चीज कुनै छैन जेलाई किं सुनोस् ।

यद्वै तन्न मनुते मन्वानो वै तन्न मनुते न हि मन्तुर्मतेर्विपरिलोपो विद्यतेऽविनाशित्वान्न तु तद् द्वितीयमस्ति ततोऽन्यद् विभक्तं यन्मन्वीत ॥२८॥

पदार्थ— यद् — जुन, तद् — त्यो, (सुषुप्तिमा) वै — अवश्य, न मनुते— मनन गर्दैन, तद् — त्यो, मन्वानः — मनन-शक्ति भैभैकन न मनुते — मनन गर्दैन, वै—निश्चय हो । हि—किनभने, मन्तुः—मनन गर्ने कर्ता (आत्मा) का, मतेः — मनन-शक्ति (चैतन्यात्मकता) को, विपरिलोपः — विनाश, न विद्यते — हुँदैन, (किन ?) अविनाशित्वात् — नाश हुने स्वभावको नहुनाले, तु — परन्तु, ततः — त्यस आत्मादेखि, अन्यत् — अर्को, विभक्तम् — छुट्टा, तद् — त्यो कुनै, द्वितीयम् — दोस्रो चीज, न अस्ति — छैन, यद्— जेलाई, मन्वीत— मनन गरोस् ।

वाक्यार्थ— जुन त्यो सुषुप्तिमा मनन गर्दैन, त्यो मननशक्ति भैभैकन मनन गर्दैन, पक्का हो । किनभने मनन गर्ने आत्माको मननशक्ति (चैतन्यात्म-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कता) को विनाश कहिल्यै हुँदैन। किनभने त्यो नाश हुने स्वभावको छैन। किन मनन गर्दैन त ? भने त्यति खेर आफूभन्दा भिन्न दोस्रो भनिने चीजै केही छैन जसलाई मनन गरोस्।

यद्वै तन्न स्पृशति स्पृशन् वै तन्न स्पृशति न हि स्प्रष्टुः स्पृष्टेर्विपरिलोपो विद्यतेऽविनाशित्वान्न तु तद् द्वितीयमस्ति ततोऽन्यद् विभक्तं यत्स्पृशेत् ॥२९॥

पदार्थ — यद् — जुन, तद् — त्यो, (सुषुप्तिमा) वै — अवश्य, न स्पृशति — छुँदैन, तद् — त्यो, स्पृशन् — स्पर्शशक्ति भैभैकन, न स्पृशति — छुँदैन, वै — निश्चय हो, हि — किनभने, स्प्रष्टुः — स्पर्श गर्ने (आत्मा) का, स्पृष्टेः — स्पर्शशक्ति (चैतन्यात्मकता) को, विपरिलोपः — विनाश, न विद्यते — हुँदैन, (किन ?) अविनाशित्वात् — नाश हुने स्वभावको नहुनाले, तु — परन्तु, ततः — त्यस आत्मादेखि, अन्यत् — अर्को विभक्तम् — छुट्टा, तद् — त्यो कुनै, द्वितीयम् — दोस्रो भनिने चीज, न अस्ति — छैन, यद् — जेलाई, स्पृशेत् — स्पर्श गरोस्।

वाक्यार्थ— जुन त्यो सुषुप्तिमा स्पर्श गर्दैन, त्यो स्पर्शशक्ति भैभैकन स्पर्श गर्दैन, निश्चय हो। किनभने, स्पर्श गर्ने (आत्मा) का स्पर्शशक्ति (चैतन्यात्मकता) को विनाश कहिल्यै हुँदैन। कारण — त्यो अविनाशी वस्तु छ। किन स्पर्श गर्दैन त ? भने त्यति खेर आफूभन्दा पृथक् दोस्रो भनिने चीज कुनै छैन, जेलाई कि स्पर्श गरोस्।

यद्वै तन्न विजानाति विजानन् वै तन्न विजानाति न हि विज्ञातुर्विज्ञातेर्विपरिलोपो विद्यतेऽविनाशित्वान्न तु तद् द्वितीयमस्ति ततोऽन्यद् विभक्तं यद् विजानीयात् ॥३०॥

पदार्थ — यद् — जुन, तद् — त्यो (सुषुप्तिमा) वै — अवश्य, न विजानाति — जान्दैन, तद् — त्यो, विजानन् — जान्ने शक्ति भैभैकन न विजानाति — जान्दैन, वै — निश्चय हो, हि — किनभने, विज्ञातुः — जान्ने (आत्मा) का, विज्ञातेः — जान्ने शक्ति (चैतन्यात्मकता) को, विपरिलोपः — विनाश, न विद्यते — हुँदैन, (किन ?) अविनाशित्वात् — नाश हुने स्वभावको न हुनाले, तु — परन्तु, ततः — त्यस आत्मादेखि, अन्यद — अर्को, विभक्तम् — छुट्टा,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तद् — त्यो कुनै, द्वितीयम् — दोस्रो भनिने चीज, न अस्ति — छैन, यद् — जेलाई, विजानीयात् — जानोस् (थाह गरोस्)।

वाक्यार्थ— जुन त्यो सुषुप्तिमा आत्माले थाहा गर्दैन, त्यो थाहा गर्ने शक्ति भैभैकन थाहा गर्दैन, अवश्य हो, किनभने थाहा गर्ने (आत्मा)का थाहा गर्ने शक्ति (चैतन्यात्मकता) को विनाश कहिल्यै हुँदैन , कारण त्यो अविनाशी वस्तु छ। किन थाहा गर्दैन त ? भने त्यतिखेर आफूदेखि भिन्न दोस्रो भनिने चीज कुनै छैन, जेलाई थाहा गरोस् ।

जागरित र स्वप्नमा पुरुषलाई विशेष ज्ञान हुनामा हेतु

यत्र वान्यदिव स्यात् तत्रान्योऽन्यत् पश्येदन्योऽन्यज्जिघ्रेदन्योऽन्यद्रसयेदन्योऽन्यद्वदेदन्योऽन्यच्छृणुयादन्योऽन्यन्मन्वीतान्योऽन्यत्स्पृशेदन्योऽन्यद्विजानीयात् ॥ ३१ ॥

पदार्थ— वै — निश्चय हो, यत्र — जुन अवस्था (जागरित वा स्वप्न) मा, अन्यत् इव—आत्मादेखि भिन्न अर्कै जस्तो (अविद्याले उपस्थापित), स्यात्— हुन्छ, तत्र — त्यस अवस्थामा, अन्यः — अर्कालि, अन्यत् — अर्कालाई, पश्येत् — देख्ला, अन्य : — अर्कालि, अन्यत् — अर्कालाई, जिघ्रेत् — सुङ्ला, अन्य : — अर्कालि, अन्यत् — अर्कालाई, रसयेत् — स्वाद लेला, अन्यः— अर्कालि अन्यत् — अर्कालाई, वदेत् — बोल्ला, अन्य : — अर्कालि, अन्यत् — अर्कालाई, शृणुयात् — सुन्ला, अन्य : — अर्कालि, अन्यत् — अर्कालाई, मन्वीत — मनन गर्ला, अन्यः — अर्कालि, अन्यत्—अर्कालाई, स्पृशेत् — स्पर्श गर्ला, अन्यः — अर्कालि, अन्यत् — अर्कालाई, विजानीयात् — थाह गर्ला।

वाक्यार्थ— यो कुरा पक्कै हो कि जुन जाग्रत् वा स्वप्न अवस्थामा विषयहरू अविद्याले गर्दा आत्मादेखि भिन्न प्रतीत हुन्छन्, त्यै अवस्थामा एउटाले अर्कालाई देख्ने हुन्छ, एउटाले अर्कालाई सुङ्ने हुन्छ, एउटाले अर्कालाई स्वाद लिने हुन्छ, एउटाले अर्कालाई बोल्ने हुन्छ, एउटाले अर्कालाई सुन्ने हुन्छ, एउटाले अर्कालाई मनन गर्ने हुन्छ , एउटाले अर्कालाई स्पर्श गर्ने हुन्छ र एउटाले अर्कालाई थाह गर्ने हुन्छ । सुषुप्तिमा त प्रत्यगात्मा परमात्मामा एक हुन गएकाले त्यसदेखि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भिन्न — अविद्याले उपस्थापित — वस्तु केही नहुँदा द्वैतमा हुने दर्शनादि क्रिया हुन न सक्ने स्वतः भयो।

सुषुप्तिगत आत्माको अभिन्न स्थिति

सलिल एको द्रष्टाऽद्वैतो भवत्येष ब्रह्मलोकः सम्राडिति हैनमनुशशास याज्ञवल्क्य एषास्य परमा गतिरेषास्य परमा सम्पदेषोऽस्य परमो लोक एषोऽस्य परम आनन्द एतस्यैवानन्दस्यान्यानि भूतानि मात्रामुपजीवन्ति ॥३२॥

पदार्थ— सम्राट् — हे चक्रवर्ती, सलिलः — पानीजस्तो स्वच्छ, एकः — दोस्रो कुनै नभएको, द्रष्टा — हमेशाको साक्षीरूप, अद्वैतः — द्रष्टव्य केही न भएको, भवति — छ, (र) एषः — यो, ब्रह्मलोकः — ब्रह्मरूप लोक हो, इति — यसरी, (राजा जनकलाई) याज्ञवल्क्यः — याज्ञवल्क्यले, अनुशशास — उपदेश गरे, एषा — यो, अस्य —यस विज्ञानमय जीवको, परमा— श्रेष्ठ, गतिः— गति हो, एषा — यो, अस्य — यसको, परमा– (स्वाभाविक हुनाले) सर्वोत्तम, सम्पत् — संपत्ति हो, (तथा) एषः — यो, अस्य — यसको, परमः — (नित्य हुनाले) सर्वश्रेष्ठ, आनन्दः — आनन्द हो, एतस्य एव — यै, आनन्दस्य— आनन्दको, मात्राम् — अंशलाई, अन्यानि — अरू, भूताति — जीवहरू, उपजीवन्ति — भर गरेर सुखभोग गर्दछन्।

वाक्यार्थ— हे अधिराज ! सुषुप्तिमा जीवात्मा पानी जस्तो स्वच्छ, एक (छुट्टा वस्तु खडा गर्ने अविद्या शान्त भएकाले द्वितीय वस्तुरहित) द्रष्टा (आत्म–ज्योतिःस्वभावको दृष्टि कहिल्यै लुप्त नहुने हुनाले द्रष्टारूप कायम भएको) अद्वैत (द्रष्टव्य चीज केही नभएको) हुन्छ। याज्ञवल्क्यले यी जनक राजालाई यसरी उपदेश गरे कि यो यस विज्ञानमय जीवात्माको — देवत्वादि गतिभन्दा श्रेष्ठ गति हो जो कि सर्वात्मभाव हो। यो यस जीवात्माको — समस्त संपत्ति-मध्ये नित्य हुनाले उत्तम संपत्ति हो। त्यस्तै यो — यस जीवात्माको — क्रिया-जन्य नभई स्वाभाविक भएकाले परम-लोक हो। एवं यो — यस जीवात्माको — विषयेन्द्रिय संबन्धबाट हुने सुखभन्दा नित्य हुनाले सर्वोत्तम आनन्द हो। अरू प्राणी यै आनन्दको किञ्चित् अंशलाई भर गरेर सुख–भोग गर्दछन।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निष्पाप तथा निष्काम श्रोत्रियको सार्वभौम आनन्दको दिग्दर्शन

स यो मनुष्याणाꣳराद्धः समृद्धो भवत्यन्येषामधिपतिः सर्वैर्मानुष्यकैर्भोगैः सम्पन्नतमः स मनुष्याणां परम आनन्दोऽथ ये शतं मनुष्याणामानन्दाः स एकः पितॄणां जितलोकानामानन्दोऽथ ये शतं पितॄणां जितलोकानामानन्दाः स एको गन्धर्वलोक आनन्दोऽथ ये शतं गन्धर्वलोक आनन्दाः स एकः कर्मदेवानामानन्दो ये कर्मणादेवत्वमभिसंपद्यन्तेऽथ ये शतं कर्मदेवानामानन्दाः स एक आजानदेवानामानन्दो यश्च श्रोत्रियोऽवृजिनोऽकामहतोऽथ ये शतमाजानदेवानामानन्दाः स एकः प्रजापतिलोक आनन्दो यश्च श्रोत्रियोऽवृजिनोऽकामहतोऽथ ये शतं प्रजापतिलोक आनन्दाः स एको ब्रह्मलोक आनन्दो यश्च श्रोत्रियोऽवृजिनोऽकामहतोऽयैष एव परम आनन्द एष ब्रह्मलोकः सम्राडिति होवाच याज्ञवल्क्यः सोऽहं भगवते सहस्रं ददाम्यत ऊर्ध्वं विमोक्षायैव ब्रूहीत्यत्र ह याज्ञवल्क्यो बिभयाञ्चकार मेधावी राजा सर्वेभ्यो मान्तेभ्य उदरौत्सीदिति ॥ ३३ ॥

पदार्थ— सः — त्यो, यः — जो कुनै, मनुष्याणाम् — मनुष्यहरूमध्ये, राद्धः —सावूत अङ्ग भएको, समृद्धः — भोग-सामग्रीयुक्त, भवति — छ, (तथा) अन्येषाम् — अरूहरूको, अधिपतिः — स्वतन्त्र मालिक छ, (एवं) सर्वैः — सबै, मानुष्यकैः — मनुष्यसंवन्धी, भोगैः — भोगहरूले, संपन्नतमः— खूब परिपूर्ण छ, सः — त्यो (त्यस्तो हुनु) मनुष्याणाम् — मनुष्यहरूको, परमः — ठूलो, आनन्दः— आनन्द हो । (यहाँ आनन्द र आनन्दीको अभेद निर्देशनले 'आनन्दी आत्मादेखि आनन्द भिन्न पदार्थ होइन' भन्ने बुझाएको छ) अथ — तथा, मनुष्याणाम्—मनुष्यहरूका, ये—जो, शतम्—सयगुना, आनन्दाः—आनन्द-विशेष हुन्, सः — त्यो, जितलोकानाम् — पितृलोक आर्जेका, पितॄणाम् — पितृहरूको, एकः — एउटा, आनन्दः — आनन्द हो, अथ— तथा, पितॄणाम् — पितृहरूको, ये — जो, शतम् — शयगुना, आनन्दाः— आनन्द-विशेष हुन्, सः— त्यो, गन्धर्वलोके — गन्धर्वलोकमा, एकः — एउटा, आनन्दः — आनन्द हो, अथ — तथा, गन्धर्वलोके — गन्धर्वलोकमा, ये — जो, शतम् — शयगुना, आनन्दाः — आनन्द-विशेष हुन्, सः— त्यो, कर्मदेवानाम् — कर्मदेवको, एकः— एउटा, आनन्दः — आनन्द हो, ये — जो, कर्मणा — अग्निहोत्रादि कर्मले, देवत्वम्— देवभाव, अभिसंपद्यन्ते—प्राप्त गर्दछन्, अथ—तथा, कर्मदेवानाम् — कर्मदेवहरूको, ये — जो, शतम् — शयगुना, आनन्दाः — आनन्द-विशेष हुन्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सः — त्यो, आजानदेवानाम्— देवरूपमा नै उत्पन्न भएकाहरूको, एकः—एउटा, आनन्दः — आनन्द हो , च — र, यः — जो, श्रोत्रियः — वेदाध्ययन गरेको, अवृजिनः — पापरहित, अकामहतः — कामनाले नदबाइएको (तृष्णा हटिसकेको) छ (त्यसको पनि हो) , अथ — एवम्, आजानदेवनाम् — जन्मसिद्ध देवताहरूका, ये — जो, शतम् — शयगुना, आनन्दा : — आनन्द-विशेष हुन्, सः — त्यो, प्रजापतिलोके — विराट् शरीरमा, एकः — एउटा, आनन्दः— आनन्द हो, च—र, यः—जो, श्रोत्रियः—वेद पढेको, अवृजिनः—पाप नभएको, (र) अकामहतः — तृष्णा हटेको छ, (त्यसको पनि हो), अथ—तथा, एषः—यो, एव — नै, परमः — सर्वश्रेष्ठ, आनन्दः — आनन्द हो, सम्राट् — हे अधिराज ! एषः —यो, ब्रह्मलोकः — ब्रह्मरूप लोक हो, याज्ञवल्क्यः — याज्ञवल्क्यले, इति— यस्तो, उवाच — भने, ह — प्रसिद्ध छ, (अनि जनकले) सः — उही, अहम्— म, भगवते— पूज्य तपाईंलाई, सहस्रम् — हजार मुद्रा, ददामि — टक्याउँछु, अतः — यहाँदेखि, ऊर्ध्वम् — उँभो (अगाडि), विमोक्षाय — मोक्षका निमित्त, एव — नै, ब्रूहि — उपदेश गर्नुहोस्, इति — यसो (भने), अत्र— यहाँ, याज्ञवल्क्यः — याज्ञवल्क्य, मेधावी — प्रशस्त बुद्धि भएका, राजा — राजाले, मा — मलाई सर्वेभ्य : — संपूर्ण, अन्तेभ्य : — प्रश्न निर्णयको अन्त (समाप्ति) गर्नानिमित्त, उदरौत्सीत् — रोके, इति — यस्तो ठानेर, ह— निस्सै, विभयाञ्चकार — डराए ।

वाक्यार्थ— मनुष्यहरूमा जो साबूत अङ्ग भएको, भोग-सामग्री पूरा भएको, अरूहरूको मालिक समेत भएको छ र मनुष्यसंबन्धी सबै भोगले परिपूर्ण छ, त्यस्तो हुनु मनुष्यहरूको ठूलो आनन्द हो । अनि मनुष्यको शयगुना आनन्द पितृलोक आर्जेका पितृहरूको एक आनन्द हो । अनि पितृहरूको शयगुना आनन्द गन्धर्वलोकको एक आनन्द हो । अनि गन्धर्वलोकको शयगुना आनन्द अग्निहोत्रादि कर्मले देवभावमा पुगेकाहरूको एक आनन्द हो । अनि ती कर्मदेवको शयगुना आनन्द उत्पत्तिदेखिकै जो देवता छन्, तिनको एक आनन्द हो । त्यै आनन्द जो वेद पढेको, पाप नभएको, तृष्णा हटेको व्यक्ति छ, त्यसको पनि हो । अनि औत्पत्तिक देवताहरूको शयगुना आनन्द प्रजापतिलोक (विराट्-शरीर) मा हुने एक आनन्द हो । त्यो आनन्द वेद पढेका, पाप नभएका, तृष्णा छुटेका व्यक्तिको पनि हो । अनि विराट्-शरीरमा हुने शयगुना आनन्द ब्रह्मलोक (हिरण्यगर्भरूप) मा हुने एक आनन्द हो । त्यो आनन्द वेद पढेका, पाप नभएका, तृष्णा छुटेका व्यक्तिको पनि हो । यो सर्वश्रेष्ठ आनन्द हो , यो ब्रह्मरूप लोक हो । याज्ञवल्क्यले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो उपदेश गरे। अनि जनक राजाले भने – 'याज्ञवल्क्यजी ! यसरी उपदेश गरिएको म पूज्य तापईंलाई हजार मुद्रा अर्पण गर्दछु। यसपछि मोक्षकै निमित्त उपदेश गर्नुहोस्।' यस अवस्थामा याज्ञवल्क्य 'प्रशस्त बुद्धि भएका राजाले मलाई संपूर्ण प्रश्न – निर्णयको अन्त गर्नानिमित्त रोकिरहेछन्' भनी डराए।

टिप्पणी— यस कण्डिकामा 'वेद पढेको, शास्त्र-विहित कर्म गर्ने, तृष्णा नभएको व्यक्ति छ भने त्यसको आनन्द जन्मसिद्ध देवताको बराबर हुन्छ' भनेर फेरि 'यस्तै व्यक्तिको आनन्द विराट्-शरीरमा र हिरण्यगर्भमा भए बराबरको हुन्छ' पनि भनिएको छ, जुन आनन्द उत्तरोत्तर शयगुना बढी परिमाणको छ। यो कुरा कसरी संगत हुन्छ भने तृष्णाक्षयका तारतम्यले हुन्छ। अभिप्राय यो हो– वेदाध्ययन गरेको,शास्त्रविहित कर्म गर्ने र जन्म-सिद्ध देवताका भोगदेखि मानिका भोगमा तृष्णा नभएको व्यक्ति भए त्यसको आनन्द जन्मसिद्ध देवताको बराबर हुन्छ। वेदाध्ययन गरेको शास्त्रविहित कर्म गर्ने भई जन्मसिद्ध देवताका भोगमा पनि तृष्णारहित भए त्यसको आनन्द विराट्-शरीरमा भएबराबर हुन्छ। उक्त गुणको भई विराट्-शरीरको भोगमा पनि वितृष्ण भए त्यसको आनन्द हिरण्य–गर्भमा भएबराबर हुन्छ।

जीवात्माको संसाररूप जागरित स्थानमा पुनरावृत्ति

संबन्ध— यहाँ स्वप्नमा विज्ञानमय आत्मा– स्वयंज्योति छ भन्ने कुरा देखाइयो। स्वप्न स्थान र जागरित स्थानमा संचारद्वारा त्यस (आत्मा) को देह र इन्द्रियदेखि भिन्नता पनि देखाइयो। तथा महामत्स्यको दृष्टान्तद्वारा असङ्गताका कारण, त्यस (आत्मा) को काम, कर्महरूसँग पृथक्ता पनि प्रदर्शित गरियो। फेरि 'घ्नन्ति इव' (मार्छ कि जस्तो) इत्यादि वाक्यले स्वप्नमा नै अविद्याको कार्य समेत देखाइयो। अर्थात् अर्काको धर्म आरोप हुनुरूप र आत्माको धर्म नहुनुरूप अविद्याको स्वरूप प्रदर्शित गरियो। तथा 'अहमेवेदं' सर्वोऽस्मीति मन्यते सोऽस्य परमोलोकः' (यो सब म नै हुँ भनी ठान्छ, त्यो यस पुरुषको स्वाभाविक आत्मभाव हो) [बृ.अ.४, ब्रा.३ क.२०] भनेर स्वप्नैमा प्रत्यक्षरूपले सर्वात्मभाव हुनुरूप विद्याको कार्य पनि प्रदर्शित गरियो। एवम् अविद्या – काम-कर्मादि सकल संसारधर्मको संबन्धदेखि अतीत भएको यस पुरुषको साक्षात्रूप सुषुप्तिमा ग्रहण गरिन्छ भन्ने कुरा पनि ज्ञापित गरियो। एवं च यहाँसम्मका ग्रन्थले 'आत्मा स्वयंप्रकाश छ, यो परमआनन्दस्वरूप छ, यो विद्याको विषय हो, यो परम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसन्नता नै सुखको परा काष्ठा हो' भन्ने कुरा व्याख्यान गरियो। 'यो सब मोक्षको र बन्धनको दृष्टान्तरूप कुरा हो। यी कारण र प्रपञ्चसहित मोक्ष र बन्धन विद्या र अविद्याका कार्य हुन् भनी निर्देश गरियो। त्यो यो सब दृष्टान्तभूत कुरा भयो। अतः इच्छानुसार गर्न पाइएका मेरा प्रश्नका विषयरूप दार्ष्टान्तिक स्थानीय कारण-सहित मोक्ष र बन्धन तपाईंले बताउनुपर्दछ' भनेर जनक राजा पुनः प्रश्न गर्दछन् कि 'मोक्षकै निमित्त उपदेश गर्नुहोस्।'

त्यहाँ 'ह्वेल माछा नदीका दुइ किनारतिर जस्तै स्वप्न र जागरितमा एउटै स्वयंप्रकाश असंग आत्मा सञ्चार गर्दछ' भनियो। त्यै किसिमले जन्म र मरणमा पनि प्राप्त हुन्छ जसरी मृत्युरूप देह-इन्द्रियलाई छोड्दै-लिंदै जङ्गी माछो जस्तै स्वप्न र जागरितमा सञ्चार गर्दछ, त्यसै गरी जन्मदै-मर्दै तिनै मृत्युरूप देह र इन्द्रिय-हरूसँग जुट्तछ एवं छुट्तछ। 'उभौ लोकावन सञ्चरति, (दुवै लोकमा सञ्चरण गर्दछ) भनेर स्वप्न र जागरितमा गरेको सञ्चारलाई दार्ष्टान्तिकरूपमा सूचित गरियो। त्यै सञ्चरण निमित्तसहित गरी विस्तार साथ वर्णन गर्नुपर्नेछ भनेर अबको ग्रन्थ आरम्भ गरिन्छ।

त्यहाँ (सत्रौं कण्डिकामा) यस आत्मालाई जागरितबाट स्वप्नमा प्रवेश गराइएको थियो। अतः संप्रसाद (सुषुप्त स्थान) मोक्षको दृष्टान्तरूप हो। अब त्यसबाट छुटाएर जागरितमा भएको संसार-व्यवहार दर्शाउनु छ। यस कारण त्यस कुरासँग यस आउँदो वाक्यको संबन्ध छ।

स वा एष एतस्मिन् स्वप्नान्ते रत्वा चरित्वा दृष्ट्वैव पुण्यं च पापं च पुनः प्रतिन्यायं प्रतियोन्याद्रवति बुद्धान्तायैव ॥ ३४ ॥

पदार्थ— सः — त्यो (जागरितबाट स्वप्न-क्रमले संप्रसाद (सुषुप्ति) मा प्राप्त भएको), एषः — यो पुरुष, एतस्मिन् — यो, (संप्रसादे स्थित्वा ततः पुनरीषत्प्रच्युतः) — सुषुप्तिमा रहेर त्यसबाट केही च्युत भईकन, स्वप्नान्ते — स्वप्न अवस्थामा, रत्वा — रमण गरेर, चरित्वा — विहार गरेर, पुण्यम् — पुण्य, च — र, पापम् — पाप, च — पनि, दृष्ट्वा एव — देखेर मात्र, (नकि त्यसबाट संवद्ध भएर) पुनः—फेरि, प्रतिन्यायम्—आएअनुसार, प्रतियोनि—यथास्थानमा, बुद्धान्ताय एव —जागरित स्थानकै निमित्त, वै — अवश्य, आद्रवति — फर्कन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ— त्यो जागरितबाट स्वप्न क्रमले सुषुप्तिमा प्राप्त भएको यो पुरुष यस सुषुप्तिमा रहेर त्यस सुषुप्ति (गाढ निद्रा) बाट केही छूट भईकन स्वप्न अवस्था (हलुका निद्रा) मा रमण गरेर विहार गरी पुण्य र पाप देखेर मात्र (तिनसँग संबद्ध नभईकन) आएअनुसार फेरि यथायोनिमा जागरित स्थानकै निमित्त फर्कन्छ ।

मुमूर्षुका दशाको वर्णन

संबन्ध— यहाँदेखि आरम्भ गरेर संसारको वर्णन गरिन्छ । जसरी यो आत्मा स्वप्नस्थानबाट जागरितस्थानमा आयो, त्यसै गरी यो यस देहबाट अर्को देहमा प्राप्त हुनेछ; यसमा श्रुतिले दृष्टान्त दिन्छ —

तद्यथा नः सुसमाहितमुत्सर्जेद्यायादेवमेवायꣳशारीर आत्मा प्राज्ञेनात्मनान्वारूढमुत्सर्जन्याति यत्रैतदूर्ध्वोच्छ्वासी भवति ॥ ३५ ॥

पदार्थ— तद् — त्यस अवस्थामा, यथा — जस्तो, अनः — गाडा, सुसमाहितम् — भाँडा-कुँडा आदि घरका सामानहरू र खाद्यपदार्थहरूले भारपूर्ण हुँदा, उत्सर्जेद् — शब्द गर्दै, यायात् — चल्ला, एवम् एव — यसै गरी, अयम् — यो, शारीरः — शरीरमा भएको, आत्मा — लिङ्ग-शरीर उपाधि भएको आत्मा, प्राज्ञेन — प्राज्ञस्वरूप, आत्मना — परमात्माले, अन्वारूढः — प्रकाशित भएर, उत्सर्जत् — शब्द गर्दै, याति — जान्छ, यत्र — जुन समयमा, एतद् — यो, ऊर्ध्वोच्छ्वासी — श्वासको गति माथितिर भएको, भवति — हुन्छ ।

वाक्यार्थ— त्यस अवस्थामा, जस्तो भाँडा-कुँडा आदि घरका सामानहरू र खाद्य पदार्थहरू समेत लादिएकाले पूरा भार भएको गाडा गाडीवान्ले हाँक्दा शब्द गर्दै चल्दछ, त्यसै गरी यो शरीरमा रहेको लिङ्ग-शरीर उपाधि भएको आत्मा स्वयंज्योतिःस्वभाव भएका परमात्माले प्रकाशित भएर शब्द गर्दै जान्छ जबकि यो श्वासको गति माथितिर भएको हुन्छ ।

ऊर्ध्वोच्छ्वास किन र केको लागि हुन्छ ?

स यत्रायमणिमानं न्येति जरया वोपतपता वाणिमानं निगच्छति तद्यथाम्रं वौदुम्बरं वा पिप्पलं वा बन्धनात्प्रमुच्यत एवमेवायं पुरुष एभ्योऽङ्गेभ्यः संप्रमुच्य पुनः प्रतिन्यायं प्रतियोन्याद्रवति प्राणायैव ॥ ३६ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ— सः — त्यो प्राकृत, अयम् — यो हस्तपादादियुक्त देह, यत्र — जुन बखतमा, जरया — बुढ्याइँले, अणिमानम् — दुब्लाउन, न्येति— जान्छ, वा—अथवा, उपतपता — ताप गराउने ज्वरादि रोगले, अणिमानम् — दुब्लो हुन, निगच्छति — जान्छ, तत् — त्यस अवस्थामा, यथा — जस्तै, आम्रम् — आँपको फल, वा — अथवा, उदुम्बरम् — डुम्रीको फल, वा — अथवा, पिप्पलं वा — पिप्पलको नै फल होस्, (कालपक्व भएपछि) बन्धनात् — भेट्नाबाट, प्रमुच्यते — छुट्तछ, एवम् एव — यस्तै, अयम् — यो, पुरुषः — पुरुष, एभ्यः — यी, अङ्गेभ्यः — अवयहरूबाट, सम्प्रमुच्य — छुटेर, पुनः — फेरि, प्रतिन्यायम् — आएअनुसार, प्रतियोनि — यथास्थानमा, प्राणाय — प्राण-समूहका निमित्त, आद्रवति — जान्छ ।

वाक्यार्थ— यो देह जब बुढ्याइँले दुब्लाउन जान्छ, अथवा ज्वरादि रोगले दुब्लो हुन जान्छ तब जस्तो आँपको फल वा डुम्रीको फल अथवा पिप्पलको फल कालले परिपक्व भएपछि भेट्नाबाट छुट्तछ । यस्तै यो पुरुष यी अवयवहरूबाट छुटेर फेरि जसरी एक अवस्थाबाट अर्को अवस्थामा आउँछ, उसै गरी यथास्थानमा प्राणसमूह (अन्य देह) का निमित्त जाने गर्दछ ।

देहान्तर–ग्रहणको प्रकार

संबन्ध— शङ्का — यो शरीर छोडेर जाँदा पुरुषलाई देह इन्द्रियसँग वियोग भएकाले अर्को देह लिने सामर्थ्य हुँदैन । नआउन लागेका राजालाई सेवक-हरूले वासस्थान तयार गरेर प्रतीक्षा गरेजस्तै भृत्यस्थानीय कुनैले यस पुरुषलाई अर्को देह तयार गरी प्रतीक्षा गरिरहेका हुन्छन्, तब यस स्थितिमा यस पुरुषले अर्को देह लिन कसरी सक्नु ?

समाधान—यो समस्त जगत् यस पुरुषलाई कर्मफल भोग्ने-गर्ने साधन-रूपमा प्राप्त भएको छ , आफू पनि आफ्नो कर्मफल भोग्नै भनेर एक देहबाट अर्को देह पाउन प्रवृत्त भएको छ । त्यस कारण आफ्ना कर्मले प्रेरित भएको समस्त जगत् त्यसको कर्मफल-भोगको योग्य साधन तयार गरेर प्रतीक्षा गरेकै हुन्छ, जसरी स्वप्नबाट जागरितमा जाँदाखेरि भएथ्यो । त्यसको लोक-प्रसिद्ध दृष्टान्त दिइन्छ—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तद्यथा राजानमायान्तमुग्राः प्रत्येनसः सूतग्रामण्योऽन्नैः पानैरावसथैः प्रतिकल्पन्तेऽयमायात्ययमागच्छतीत्येवꣳहैवंविदꣳसर्वाणि भूतानि प्रतिकल्पन्त इदं ब्रह्मायातीदमागच्छतीति ॥ ३७ ॥

पदार्थ—तद् — त्यसमा, यथा — जस्तो, राजानम् — राजा, आयान्तम् — आउनलाग्दा, उग्राः — भयङ्कर कर्म गर्ने (पुलिसहरू), प्रत्येनसः— दण्डदानमा नियुक्त (न्यायाधीश), सूतग्रामण्यः — स्तुतिपाठक र गाउँका मुखियाहरू, (तयार गरिएका) अन्नैः — भक्ष्य-भोज्यादि प्रकारले, पानैः — मदिरा आदिले, आवसथैः —भवन आदिले, अयम्— यी, आयाति आउँदै छन्, अयम्— यी, आगच्छति — आइरहेछन्, इति — यसो भनेर, प्रतिकल्पन्ते — प्रतीक्षा गरिरहेका हुन्छन्, एवम्—यसै गरी, एवं विदम् — यस्तो कर्मफलको वेत्ता संसारी आत्मालाई, सर्वाणि — संपूर्ण, भूतानि — शरीर-रचना गर्ने इन्द्रियका अनुग्राहक सूर्य आदि भूतहरू (जो यस आत्माका कर्मले प्रेरित छन्) तयार पारिएका कर्मफल उपभोग गर्ने साधनहरू सहित, इदम्— यो, ब्रह्म—भोक्ता, कर्ता जीव, आयाति— आउँदै छ, इदम् — यो जीवात्मा, आगच्छति — आइरहेछ, इति— यस भावनाले, प्रतिकल्पन्ते— प्रतीक्षा गरिरहेका हुन्छन्।

प्राणहरू देहान्तरमा जाने प्रकार

तद्यथा राजानं प्रयियासन्तमुग्राः प्रत्येनसः सूतग्रामण्योऽभिसमायन्त्येवमेवंममात्मानमन्तकाले सर्वे प्राणाः अभिसमायन्ति यत्रैतदूर्ध्वोच्छ्वासी भवति ॥३८॥

पदार्थ— तद् — त्यस विषयमा, (दृष्टान्त छ) यथा — जस्तो, प्रतियासन्तम् — प्रस्थान गर्न आँटेका, राजानम् — राजाछेउ, उग्राः — भयङ्कर काममा रहेका (पुलिसहरू), प्रत्येनसः — दण्डदानमा नियुक्त न्यायाधीशहरू, सूतग्रामण्यः — स्तुतिपाठक र गाउँका मुखियाहरू, अभिसमायन्ति — तयार भएर जुट्न आउँछन्, एवम् एव — यसै गरी, प्रयियासन्तम् — राम्रै गरी देहान्तरमा जान आँटेका, आत्मानम् — आत्माका साथ, सर्वे — संपूर्ण, प्राणाः — वाक् आदि गरिएका करणहरू, अभिसमायन्ति— सम्मुख जुट्न आउँदछन्, यत्र— जुन अवस्थामा, एतत् — यो, ऊर्ध्वोच्छ्वासी— ऊर्ध्वश्वास भएको, भवति — हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ—त्यस विषयमा दृष्टान्त छ—जस्तो प्रस्थान गर्न आँटेका राजाछेउ पुलिसहरू, न्यायाधीशहरू, स्तुतिपाठकहरू र गाउँका मुखियाहरू जान तयार भएर जुट्न आउँछन्, उसै गरी देहान्तरमा जान आँटेका आत्मा (भोक्ता) का साथ वाक् आदि गरिएका संपूर्ण करणहरू साम्ने जुट्न आउँछन् । जुन अवस्थामा कि यो पुरुषश्वास माथितिर लागेको हुन्छ ।

चौथो अध्यायमा तेस्रो ज्योतिर्ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ ब्राह्मण

मरणोन्मुख जीवका दशाको वर्णन

संबन्ध— यहाँ संसरणका उपवर्णनको प्रसङ्ग छ। त्यसमा 'यो आत्मा, यी अङ्गहरूबाट राम्रै गरी छुटछ' भन्ने कुरा गरियो। त्यो छुटाइ कुन कालमा, कुन प्रकारले हुन्छ, यो कुरा विस्तारसाथ वर्णन गर्नुपर्नेछ भनेर यो आगामी ग्रन्थ आरम्भ गरिन्छ।

स यत्रायमात्माबल्यं न्येत्य सम्मोहमिव न्येत्यथैनमेते प्राणां अभिसमायन्ति स एतास्तेजोमात्राः समभ्याददानो हृदयमेवान्ववक्रामति स यत्रैष चाक्षुषः पुरुषः पराङ् पर्यावर्ततेऽथारूपज्ञो भवति ॥ १ ॥

पदार्थ— सः — त्यो प्रस्तुत आत्मा, यत्र — जुन अवस्थामा, अबल्यम् — निर्बल-भावमा, नि एत्य — प्राप्त भएर, (तथा) सम्मोहम् — मूढ-भाव (केही-विवेक नहुनु) मा, इव — झैं, नि एति — जान्छ, अथ — तब, एते —यी वाक् आदि, प्राणाः — प्राणहरू, एनम् — यस आत्माका, अभिसमायन्ति — संमुख जुट्न आउँछन्, सः — त्यो आत्मा, एताः — यी, तेजोमात्रा — तेजका अवयव-हरू (चक्षु आदि करण), समभ्याददानः — निर्लेप भावले लिएर, हृदयम् — मुटुको आकाशमा, एव — नै, अन्ववक्रामति — रहन आउँदछ, सः — त्यो आत्मा, यत्र — जुन बखतमा, एषः — यो, चाक्षुषः — आँखामा भएको, पुरुषः — सूर्यको अंश, पराङ्ः— सवतिरबाट, व्यावर्त्तते — खिचिएर रहन्छ, अथ — त्यै बखतमा, अरूपज्ञः — रूप थाहा नपाउने भवति—हुन्छ।

वाक्यार्थ— त्यो आत्मा जुन समयमा निर्बलियो भएर मूढ-भावना प्राप्त हुन्छ त्यसै अवस्थामा यी वाक् अदि प्राणहरू आत्माका संमुख जुट्न आउँछन्। अनि त्यो आत्मा चक्षु आदि करणलाई निर्लेपभावले लिएर मुटुका आकाशमा नै रहन आउँछ। त्यो आत्मा — जुन बखत चक्षुमा रहेको सूर्यांश सब तर्फबाट खिचिएर रहन्छ त्यसै बखत रूप थाहा नपाउने हुन्छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिङ्गात्मामा विभिन्न इन्द्रियको लय र त्यसका उत्क्रमणको वर्णन

एकी भवति न पश्यतीत्याहुरेकी भवति न जिघ्रतीत्याहुरेकी भवति न रसयत इत्याहुरेकी भवति न वदतीत्याहुरेकी भवति न शृणोतीत्याहुरेकी भवति न मनुत इन्याहुरेकी भवति न स्पृशतीत्याहुरेकी भवति न विजानातीत्याहुस्तस्य हैतस्य हृदयस्याग्रं प्रद्योतते तेन प्रद्योतेनैष आत्मा निष्कामति चक्षुष्टो वा मूर्ध्नो वान्येभ्योवा शरीरदेशेभ्यस्तमुत्क्रामन्तं प्राणोऽनुत्क्रामति प्राणमनुत्क्रामन्तं सर्वे प्राणा अनुत्क्रामन्ति सविज्ञानो भवति सविज्ञानमेवान्ववक्रामति तं विद्याकर्मणी समन्वारभेते पूर्वप्रज्ञा च ॥२॥

पदार्थ— (चक्षु इन्द्रिय लिङ्गात्मासँग) एकी भवति — एकाम्य हुन आउँछ, (तव मानिसहरू) न पश्यति — हेर्दैन, इति — यसो, आहुः — भन्दछन् , (घ्राण इन्द्रिय) एकी भवति — एकरूप हुन आउँछ, (तव मानिसहरू) न जिघ्रति — सुङ्दैन, इति — यसो, आहुः — भन्दछन् , (रसना इन्द्रिय) एकी भवति — एकरूप हुन आउँछ, (तव मानिसहरू) न रसयते— स्वाद लिदैन, इति — यसो, आहुः — भन्दछन्, (वाक् इन्द्रिय) एकी भवति— एकरूप हुन आउँछ, (तव मानिसहरू) न वदति — बोल्दैन, इति — यसो, आहुः — भन्दछन्, (श्रोत्र इन्द्रिय) एकी भवति — एकरूप हुन आउँछ, (तव मानिसहरू) न शृणोति — सुन्दैन, इति—यसो, आहुः—भन्दछन्, (मन) एकी भवति — एकरूप हुन आउँछ, (तव मानिसहरू) न मनुते — मनन गर्दैन, इति — यसो, आहुः — भन्दछन्, (त्वक् इन्द्रिय) एकी भवति— एकरूप हुन आउँछ, (तव मानिहरू) न स्पृशति — स्पर्श गर्दैन, इति — यसो, आहुः — भन्दछन्, (बुद्धि लिङ्गात्मासँग) एकी भवति — एकरूप हुन आउँछ, (तव मानिसहरू) न विजानाति — जान्दैन, इति — यसो, आहुः — भन्दछन्, तस्य — त्यस, एतस्य — यो प्रकृत, हृदयस्य — मुटुका छिद्रको, अग्रम् — नाडीको मुख, (निक्लने द्वार) प्रद्योतते — खूब चम्कन लाग्दछ, तेन — त्यस, प्रद्योतेन — आत्मज्योतिले, प्रकाशित मुटुका अग्रभागबाट, एषः — यो, आत्मा — विज्ञानमय लिङ्गोपाधि, चक्षुषः— आँखारूप मार्गबाट, वा — अथवा, मूर्ध्नः— शिरबाट, वा — अथवा, अन्येभ्यः — अरू, शरीरदेशेभ्यः — शरीरका अवयवहरूदेखि, वा — नै, (जस्तो कर्म वा ज्ञान छ) निष्कामति — निक्लन्छ, तम् — त्यो लिङ्गात्मा, उत्क्रामन्तम्— निक्लन लाग्दा, प्राणः—प्राण, अनूत्क्रामति — निक्लन्छ, प्राणम् — प्राण, अनूत्क्रामन्तम् — निक्लन लाग्दा, सर्वे — संपूर्ण,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणाः — इन्द्रियहरू, अनूत्क्रामन्ति—पछि लागेर निक्लन्छन्, (त्यस वखत यो लिङ्गात्मा) सविज्ञानः—विशेष ज्ञानवान् हुन्छ, सविज्ञानम्—विशेष ज्ञानसहित, एव — नै, अन्ववक्रामति— अनुगमन गर्दछ, तम् — त्यो जान लागेको विज्ञानात्मालाई, विद्याकर्मणी — ज्ञान र कर्महरू, समन्वारभेते — पछि लाग्दछन्, च — र, पूर्वप्रज्ञा — पहिले अनुभव गरिएका विषयको वासना, समन्वारभते — पछि लाग्दछ ।

वाक्यार्थ— चक्षुरिन्द्रिय लिङ्गात्मासँग एकरूप हुन आउँछ, तव अगलवगलका मानिसहरू भन्दछन् — यो हेर्दैन । घ्राणेन्द्रिय लिङ्गात्मासँग एकरूप हुन आउँछ, तव मानिसहरू भन्दछन् — यो सुङ्दैन । रसनेन्द्रिय एकरूप हुन आउँछ , तव भन्दछन् — यो स्वाद लिदैन । वाक् इन्द्रिय एक रूप हुन आउँछ, तव भन्दछन् — यो वोल्दैन । श्रोत्रेन्द्रिय एकरूप हुन आउँदछ, तव भन्दछन्— यो सुन्दैन । मन एकरूप हुन आउँछ, तव भन्दछन्— यो मनन गर्दैन । त्वक् इन्द्रिय एकरूप हुन आउँछ, तव भन्दछन्— यो स्पर्श गर्दैन । वुद्धि लिङ्गात्मासँग एकरूप हुन आउँछ, तव भन्दछन् — यो थाहा गर्दैन । त्यस अवस्थामा मुटुका छिद्रको अग्रभाव (नाडीको मुख — निक्लने द्वार) तेजोमात्रा लिएकाले खूव प्रकाश हुन लाग्दछ । त्यै आत्मा ज्योतिले प्रकाशित हृदयद्वारवाट यो विज्ञानमय लिङ्गोपाधि आँखारूप मार्गवाट अथवा ब्रह्मरन्ध्र मार्गवाट, अथवा शरीरका अरू कुनै अवयवरूप मार्गवाट निक्लन्छ । त्यो लिङ्गात्मा निक्लन लाग्दा प्राण पछिलागेर निक्लन्छ । त्यो प्राण निक्लन लाग्दा वाक् आदि समस्त इन्द्रिय निक्लन्छन् । त्यस वेला यो लिङ्गात्मा स्वप्नमा जस्तो कर्मवश विशेष विज्ञानवान् हुन्छ र विशेष विज्ञानसहितै सर्न जाने गर्दछ । त्यस जान लागेका विज्ञानात्मासँगसँगै जो भएका ज्ञान र कर्म एवं पहिले अनुभव गरिएका विषयको वासना समेत पछि लाग्ने हुन्छन् ।

टिप्पणी— यहाँ जीवात्मा आदित्यलोक पाउने किसिमको ज्ञान-कर्म छन् भने आँखावाट, ब्रह्मलोक पाउने किसिमका ज्ञान-कर्म छन् भने ब्रह्मरन्ध्रवाट र अरू साधारण स्थल पाउने किसिमका ज्ञान-कर्म छन् भने शरीरका साधारण अवयवहरूवाट निक्लन्छ भन्ने व्यवस्था वुझ्नुपर्दछ ।

अर्को देहमा सर्ने विषयमा जूकाको दृष्टान्त

तद्यथातृण जलायुका तृणस्यान्तं गत्वान्यमाक्रममाक्रम्यात्मानमुपसंहरत्ये-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वमेवायमात्मेदꣳशरीरं निहत्याविद्यां गमयित्वान्यमाक्रमाक्रम्यात्मानमुपसꣳहरति ॥३॥

पदार्थ— तद् — त्यस देहान्तर संचारमा, (इदं निदर्शनम्) — यो दृष्टान्त छ, यथा— जसरी, तृणजलायुका—जूका, तृणस्य—झारको, अन्तम्—छेउमा, गत्वा — पुगेर, अन्यम् — अर्को, आक्रमम् — आश्रयलाई, आक्रम्य—पक्रेर, आत्मानम् — आफूलाई, उपसंहरति — खुम्च्याउँछ, एवम् — यसरी, एव — नै,, अयम् — यो, आत्मा — जीव, इदम् — यो शरीरम् — शरीरलाई, निहत्य — लडाएर, अविद्याम् — विचेत अवस्थामा, गमयित्वा — पुऱ्याएर, अन्यम् — अर्को, आक्रमम् — आश्रय, (शरीर) आक्रम्य— ग्रहण गरेर, आत्मानम् — आफूलाई, उपसंहरति — शरीरलाई नै आफू मान्ने, भवति — हन्छ ।

वाक्यार्थ— त्यस देहान्तरको संचारविषयमा दृष्टान्त छ— जसरी झारमा रहने जूका झारको छेउमा पुगेर अर्को आश्रयलाई पक्रेर आफूलाई खुम्च्याउँछ, यसै गरी यो जीवात्मा यो शरीरलाई ढलाएर विचेत अवस्थामा पुऱ्याई अर्को शरीर ग्रहण गरेर आफूलाई त्यै शरीरमा आत्मभाव गर्ने बनाउँछ ।

आत्माको देहान्तर-निर्माणमा सुवर्णकारको दृष्टान्त

तद्यथा पेशस्कारी पेशसोमात्रामपादायान्यन्नवतरं कल्याणतरꣳरूपं तनुत एवमेवायमात्मेदꣳशरीरं निहत्याविद्यां गमयित्वान्यन्नवतरं कल्याणतरꣳरूपं कुरुते पित्र्यं वा गान्धर्वं वा दैवं वा प्राजापत्यं वा ब्राह्मं वान्येषां वा भूतानाम ॥४॥

पदार्थ— तद् — त्यस विषयमा (अयं दृष्टान्तः) — यो दृष्टान्त छ, यथा — जस्तो, पेशस्कारी — सुवर्णकार, पेशसः — सुनको, मात्राम् — अंश, अपादाय — ग्रहण गरेर, अन्यत् — अर्को, नवतरम् — खूब नयाँ, कल्याणतरम् — निकै असल, रूपम् — रूप, तनुते — बनाउँछ, एवम् — यस्तो, एव — नै, अयम् — यो, आत्मा — जीव, शरीरम् — शरीर, निहत्य — ढलाएर, अविद्याम् — विचेत अवस्थामा, गमयित्वा — पुऱ्याएर, अन्यत् — अर्को, पित्र्यम — पितृलोकको उपभोगयोग्य, वा — अथवा — गन्धर्वम् — गन्धर्वलोकको

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपभोगयोग्य, वा — अथवा दैवम् — देवलोकको उपभोगयोग्य वा — अथवा, प्राजापत्यम् — प्रजापतिलोकको उपभोगयोग्य, वा — अथवा, ब्राह्मम्— ब्रह्मलोकको उपभोगयोग्य, वा अथवा, अन्येषाम् — अरू, भूतानाम् — प्राणी-हरूको संबन्धी, नवतरम् — खूब नयाँ, कल्याणतरम् — ज्यादै असल रूपम्— रूप, कुरुते — रचना गर्दछ ।

वाक्यार्थ—त्यस विषयमा यो दृष्टान्त छ— जस्तो सुनारले सुनको एक टुक्रा लिएर अर्को खूब नयाँ ज्यादै असल रूप निर्माण गर्दछ, त्यस्तै यस जीवले शरीर ढलाएर विचेत अवस्थामा पुऱ्याई अर्को पितृलोकको उपभोगयोग्य, अथवा गन्धर्वलोकको उपभोगयोग्य अथवा देवलोकको उपभोगयोग्य अथवा प्रजा-पतिलोकको उपभोगयोग्य अथवा ब्रह्मलोकको उपभोगयोग्य अथवा अरू प्राणीहरूको संबन्धी निकै नयाँ खूबै असल रूप निर्माण गर्दछ ।

सर्वमय आत्माको कर्मानुसार विभिन्न गतिहरूको निरूपण

संबन्ध— जो यस पुरुषका बन्धन नामका उपाधिभूत पदार्थ हुन्, जुनले युक्त हुँदा यो तन्मयै ठानिन्छ , ती पदार्थ थुप्रो लगाएर यही एक ठाउँमा निर्देश गरिन्छन ।

स वा अयमात्मा ब्रह्म विज्ञानमयो मनोमयः प्राणमयश्चक्षुर्मयः श्रोत्रमयः पृथ्वीमय आपोमयो वायुमय आकाशमयस्तेजोमयोऽतेजोमयः काममयोऽकाममयः क्रोधमयोऽक्रोधमयो धर्ममयोऽधर्ममयः सर्वमयस्तद् यदेतादिदम्मयोऽदोमय इति यथाकारी यथाचारी तथा भवति साधुकारी साधुर्भवति पापकारी पापो भवति पुण्यः पुण्येन कर्मणा भवति पापः पापेन । अथो खल्वाहुः काममय एवायं पुरुष इति स यथाकामो भवति तत्क्रतुर्भवति यत्क्रतुर्भवति तत् कर्म कुरुते यत् कर्म कुरुते तदभिसम्पद्यते ॥ ५ ॥

पदार्थ—सः— त्यो संसरण गर्ने, अयम्— यो, आत्मा—आत्मा, ब्रह्म एव— परब्रह्म नै हो, तर विज्ञान (बुद्धि) ले उपलक्षित हुँदा), विज्ञानमयः — बुद्धिमय छ, (तथा मनको नजीक हुँदा) मनोमयः—मनोमय हुन्छ, (त्यसै गरी) प्राणमयः — प्राणमय हुन्छ, (जसले चल्छ जस्तो प्रतीत हुन्छ) तथा चक्षुर्मयः — (रूप देख्ने वेलामा) चक्षुमय, तथा श्रोत्रमयः — (सुन्ने वेलामा) श्रोत्रमय,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा पृथ्वीमयः — (पार्थिव शरीरको आरम्भमा) पृथ्वीमय, आपोमयः— (जलीय शरीरको आरम्भमा) जलमय, वायुमयः— (वायवीय शरीरको आरम्भमा) वायुमय, तथा — आकाशमयः — (आकाशीय शरीरको आरम्भमा) आकाशमय, तेजोमयः (तैजस शरीरको आरम्भमा) तेजोमय, अतेजोमयः—(पशु-नारकादि शरीरको आरम्भमा अतेजोमय छ, तथा काममयः—(विषयाभिलाष हुँदा) काममय, अकाममयः — (विषयाभिलाष शान्त हुँदा) अकाममय, क्रोधमयः — (अभिलषित विषयमा बाधा पारिंदा) क्रोधमय, अक्रोधमयः — (क्रोध हटी चित्त प्रसन्न हुँदा) अक्रोधमय, धर्ममयः — (धर्मविषयक अभिलाषा हुँदा) धर्ममय, अधर्ममयः— (अधर्मविषयक अभिलाषा हुँदा) अधर्ममय हुन्छ, र सर्वमयः — धर्माधर्ममय हुन जाँदा नै समस्त जगत् धर्म-अधर्मको फल हुनाले त्यसलाई प्राप्त गर्दा सर्वमय हुन्छ। (किं बहुना ?) तद् — त्यो, (भनेअनुसार) एतद् — यै सिद्ध भयो, यद् — जो, इदंमयः — यो प्रत्यक्षमय छ, (तथा) अदोमयः — त्यो अप्रत्यक्षमय छ, इति— यसो भन्नु हो, (संक्षेपमा) यथाकारी — जस्तो (नियत) काम गर्ने छ, यथाचारी — जस्तो (अनियत) काम गर्ने छ, तथा — त्यस्तै, भवति — हुन्छ, साधुकारी — असल काम गर्ने, साधुः — असल, भवति — हुन्छ, असाधुकारी — कमसल गर्ने, पापः — पापी, भवति— हुन्छ, पुण्येन — पुण्यकर्मले, पुण्यः — पुण्यात्मा, भवति — हुन्छ, पापेन — पापकर्मले, पापः — पापी, भवति — हुन्छ, अथो — अर्को कुरा पनि छ, (अन्ये) — अरू-बन्धमोक्षविषयक विचारमा कुशलहरू, खलु — निश्चयसाथ, इति यसो, आहुः—भन्दछन्, अयम्—यो, पुरुषः—जीव, काममयः— इच्छामय, एव — नै छ, सः — त्यो, यथाकामः — जस्तो कामना भएको हुन्छ, तत्क्रतुः — त्यस्तै अध्यवसाय भएको, भवति — हुन्छ, यत्क्रतुः — जस्तो अध्यवसाय भएको छ, तत् — त्यै योग्य, कर्म — कर्म, कुरुते — गर्दछ, यत् — जुन, कर्म — कर्म, कुरुते — गर्दछ, तत् — त्यसैको फल, अभिसंपद्यते — प्राप्त गर्दछ ।

वाक्यार्थ— जीवका बन्धननामक उपाधिभूत पदार्थ जुन हुन्, जुनले युक्त हुँदा जीव तन्मयै ठानिन्छ , ती पदार्थ एकत्रित गरेर यहीं एक ठाउँमा निर्देश गरिन्छन् —यो देह-देहमा सरिरहने आत्म, वस्तुतः ब्रह्म नै हो, तर विज्ञान — बुद्धिले उपलक्षियत हुँदा बुद्धिमय छ, मनको नजीक हुँदा मनोमय छ, त्यसै गरी प्राणमय छ, जसले यो चेतन चल्छ जस्तो प्रतीत हुन्छ, एवं रूप देख्ताको वेला चक्षुर्मय छ, शब्द सुन्दाको वेलाको श्रोत्रमय छ, यस्तै बुद्धि-प्राणद्वारा चक्षुरादिकरणमय

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भई पार्थिव शरीर बन्दा पृथिवीमय, जलीय शरीर बन्दा जलमय, वायवीय शरीर बन्दा वायुमय, आकाशीय शरीर बन्दा आकाशमय, तैजस शरीर बन्दा तेजोमय, पशु-नारकादि शरीर बन्दा अतेजोमय, विषयको कामना हुँदा काममय, विषय-कामना शान्त हुँदा अकाममय, अभिलषित विषयमा बाधा पारिंदा क्रोधमय, सो क्रोध हटी चित्त प्रसन्न हुँदा अक्रोधमय, धर्मविषयक अभिलाषा हुँदा धर्ममय, अधर्मविषयक अभिलाषा हुँदा अधर्ममय हुन्छ र धर्माधर्ममय हुन जाँदा समस्त जगत् धर्माधर्मकै फल हुनाले त्यस (जगत्) लाई प्राप्त गर्दा सर्वमय हुन जान्छ। धेरै कति भन्ने ? यो प्रत्यक्षवस्तुमय पनि छ, अप्रत्यक्षवस्तुमय पनि छ, जस्तो नियत (विधि – प्रतिषेध - गम्य) कर्म गर्दछ र जस्तो अनियत कर्म गर्दछ त्यस्तै हुन्छ। असल काम गर्ने असल हुन्छ, कमसल काम गर्ने कमसल (पापी) हुन्छ। पुण्य-कर्मले पुण्यात्मा हुन्छ र पाप-कर्मले पापात्मा। अर्को कुरा पनि छ— बन्ध-मोक्षविषयक विचारमा कुशल आचार्यहरू निश्चयसाथ भन्दछन् — यो जीव कामनामय नै छ, त्यो जस्तो कामना भएको छ त्यस्तै अठोट भएको हुन्छ र जस्तो अठोट भएको छ त्यै योग्य कर्म गर्ने हुन्छ, अनि जस्तो कर्म गर्दछ त्यैअनुरूप फल प्राप्त गर्ने हुन्छ।

कामनाका अनुसार शुभाशुभ गति तथा निष्काम ब्रह्मज्ञका मोक्षको निरूपण

तदेष श्लोको भवति। तदेव शक्तः सह कर्मणैति लिङ्गं मनो यत्र निषक्तमस्य। प्राप्यान्तं कर्मणस्तस्य यत्किञ्चेह करोत्ययम्। तस्माल्लोकात्पुनरैत्यस्मै लोकाय कर्मण इति नु कामयमानोऽथाकामयमानो योऽकामो निष्काम आप्तकाम आत्मकामो न तस्य प्राणा उत्क्रामन्ति ब्रह्मैव सन् ब्रह्माप्येति ॥ ६ ॥

पदार्थ— तत् — त्यस विषयमा, एषः — यो, श्लोकः — मन्त्र, भवति— छ, तत् — त्यसमा, एव — नै, सक्तः— आसक्त (अभिलाषायुक्त) भएर, कर्मणा — कर्म, सह — सँग, एति — जान्छ, अस्य— यसको, लिङ्गम् — ज्ञानको साधन भएको, मनः— मन, यत्र — जेमा, निषक्तम् — साभिलाष छ, (तथा) इह — यस लोकमा, अयम् — यो जीव, यत् — जुन, किञ्च — कुनै पनि कर्म, करोति — गर्दछ, तस्य — त्यो, कर्मणः — कर्मको, अन्तम् — आखिरी-सम्म, प्राप्य — पुगेर अर्थात् फलभोग गरेर, तस्मात् — त्यो, लोकात् — लोकबाट, पुनः — फेरि, कर्मणे — कर्मका निमित्त, अस्मै — यस, लोकाय —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकमा, एति आउँदछ, इति नु — यसरी नै, कामयमानः — कामना गर्दा, (संसरति) देहान्तरमा सर्ने गर्दछ, अथ — अर्को कुरा — यः — जो, आत्म-कामः — आत्मा नै कामना गरिने विषय भएको छ, अत एव आप्तकामः — कामना गरेको विषय पाइसकेको छ, अत एव निष्काम : — कामना जति निस्कि-सकेको छ, (अत एव) अकामः– कामना हुँदै नभएको छ अकामयमानः– कामना नगर्ने छ, तस्य — त्यसका, प्राणाः— प्राण न उत्क्रामन्ति — देहबाट माथितिर निक्लँदैनन्—(किन्तु विद्वान् स इहैव ब्रह्म):—त्यो विद्वान् यहीं ब्रह्म भएको छ, ब्रह्म एव सन् — ब्रह्म नै रहीरहीकन, ब्रह्म — ब्रह्म, अप्येति — प्राप्त गर्दछ, देह ढलेपछि मात्र पाउने होइन।

वाक्यार्थ — त्यस विषयमा यो मन्त्र छ— यो जीव त्यसप्रति साभिलाष भएकाले कर्मसहित त्यस फलप्रति जान्छ जसमा यसको मन आसक्त हुन्छ। तथा यो जीव यस लोकमा जुन कर्म गर्दछ त्यस कर्मको फल भोग गरेर फेरि कर्मका निमित्त यस लोकमा आउँदछ। यसरी नै कामना गर्ने हुँदा देह-देहमा सरिरहने हुन्छ। जसको त आत्मासिवाय अभीष्ट वस्तु कुनै छैन र पाउनुपर्ने कुरा (आत्मा) पाईपनि सकेको छ, अत एव त्यसबाट सारा कामना निक्लिसकेका छन् र कामना-शून्य हुन्छ। त्यसै हुनाले कुनै कुराको कामना नगर्ने भएको हुँदा अब देह लिनुपर्ने खण्डै नरहेकाले त्यसका प्राण देहबाट निक्लँदैनन्। त्यो यहीं' ब्रह्म भैसकेको छ, ब्रह्म रहीरहीकन बह्म प्राप्त गर्दछ, शरीर ढलेपछि मात्र प्राप्त गर्ने होइन।

टिप्पणी— यहाँ ब्रह्म प्राप्त गर्दछ भनेको ब्रह्म नै हुन्छ भनेको हो। ब्रह्म हुने भनेको पनि एक थोकको अर्को थोक हुने होइन ; किन्तु आफू ब्रह्म छँदैछ, तर बीचमा अविद्याले ' म देही हुँ ' भन्ने अन्यथा प्रतीति गराएको थियो, सो विद्याले हटाइदिएकाले वास्तविक ब्रह्मस्वरूपैको अनुभवमा स्थित भयो भनेको हो।

विद्वान्को अनुत्क्रमण

तदेष श्लोको भवति । यदा सर्वे प्रमुच्यन्ते कामा येऽस्य हृदि श्रिताः। अथ मर्त्योऽमृतो भवत्यत्र ब्रह्म समस्नुत इति ॥ तद् यथाऽहिनिर्ल्वयनी वल्मीके मृता प्रत्यस्ता शयीतैवमेवेदꣳशरीरꣳशेतेऽथायमशरीरोऽमृतः प्राणो ब्रह्मैव तेजः एव सोऽहं भगवते सहस्रं ददामीति होवाच जनको वैदेहः ॥ ७ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — तत् — त्यो विषयमा, एषः— यो, श्लोकः— मन्त्र छ, यदा— जहिले, अस्य — यसका, हृदि — बुद्धिमा, श्रिताः—रहेका, सर्वे — समस्त, कामाः— कामनाहरू, प्रमुच्यन्ते— छुट्तछन्, अथ— तहिले, मर्त्यः — मर्ने भैरहेको पनि, अमर्त्यः — नमर्ने स्वभावको, भवति — हुन्छ र अत्र — यहीं, ब्रह्म— ब्रह्म, समश्नुते — प्राप्त गर्दछ, इति — यस प्रकार, तद् — त्यस विषयमा, (दृष्टान्त छ) यथा — जसरी, अहिनिर्ल्वयनी — सर्पको काँचुली, वल्मीके — धमिराका गोलामा, मृता– मरेको र प्रत्यस्ता—सर्पले छोडिदिएकाले, शयीत — पडिरहन्छ, एवम् — यसरी, एव — नै, इदम् — यो, शरीरम्— शरीर, शेते – पडिरहन्छ, अथ — अनि, अयम् — यो, अशरीरः— शरीर-रहितको, अमृतः— नमरेको, प्राणः — प्राणको पनि प्राण, ब्रह्म एव — ब्रह्म नै छ, तेजः एव — विज्ञानरूप ज्योति नै हो , (अनि) वैदेहः — विदेहराज, जनकः — जनकले, सः — त्यो मोक्ष गराइएको, अहम् — म, भगवते — पूज्य तपाईंलाई, सहस्रम्— हजार गाई, ददामि,— अर्पण गर्दछु, इति— यसो, उवाच — भने, ह— भएको कुरा हो।

वाक्यार्थ— त्यसै विषयमा यो मन्त्र छ— जहिले यस जीवका बुद्धिमा रहेका समस्त कामना छुट्तछन्, तहिले मर्ने भैरहेको जीव पनि नमर्ने स्वभावको हुन्छ र यै शरीरमा ब्रह्म प्राप्त गर्दछ। त्यस विषयमा यो दृष्टान्त छ— जसरी धमिराका गोलामा मरेको एवं सर्पले छोडिदिएको काँचुली पडिरहेको हुन्छ, यसै गरी मुक्तात्माले छोडेको यो शरीर पडिरहन्छ। अनि यो आत्मा सर्वात्म-भावले त्यहाँ रहँदा-रहँदै पनि शरीररहित हुन्छ, अनि अमर नै कायम रहन्छ। त्यो प्राणको प्राण ब्रह्म नै हो। आत्मज्योति नै छ। (यति याज्ञवल्क्यले भनेपछि) विदेहराज जनकले भने — यसरी यहाँले मुक्त गराइएको म पूज्य यहाँलाई हजार गाई अर्पण गर्दछु ।

आत्मकामी ब्रह्मवेत्तालाई मोक्ष प्राप्त हुन्छ, यसमा प्रमाणभूत मन्त्र

तदेते श्लोका भवन्ति । अणुः पन्था विततः पुराणो माऽस्पृष्टोऽनुवित्तो मयैव । तेन धीरा अपियन्ति ब्रह्मविदः स्वर्गं लोकमित ऊर्ध्वं विमुक्ताः ॥ ८ ॥

पदार्थ— तत् — त्यस विषयमा, एते — यी, श्लोकाः — मन्त्र, भवन्ति — छन्, पन्थाः — ज्ञानमार्ग, अणुः — दुर्विज्ञेय हुनाले सूक्ष्म छ, विततः — विस्तीर्ण छ, पुराणः — धेरै अघि देखिको पुरानो छ, माम् — मैले, स्पृष्टः— पाइएको छ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मया — मैले, एव — नै, अनुवित्तः — फल मिल्ने हृदसम्मकै निष्ठामा प्राप्त गरिएको छ, तेन — त्यस ब्रह्मविद्यामार्गले, धीराः–प्रज्ञावान् अरू पनि, ब्रह्मविदः — ब्रह्मवेत्ताहरू, विमुक्ता– जीउँदै मुक्त भएका हुनाले, इतः— यस शरीरको छुटाइपछि स्वर्गम् लोकम्, मोक्ष—अपियन्ति—पाउँदछन् ।

वाक्यार्थ— त्यस विषयमा यी मन्त्रहरू छन्— ज्ञानमार्ग दुर्विज्ञेय हुनाले सूक्ष्म छ, विस्तीर्ण छ र धेरै अघिदेखिको पुरानो छ । मैले त्यो पाएको छु र फल मिल्ने हृदसम्मकै निष्ठामा प्राप्त गरेको छु । त्यस ब्रह्म-विद्या-मार्गले प्रज्ञावान् अरू पनि ब्रह्मवेत्ताहरू जीउँदै मुक्त भएका छन् र शरीर छुटेपछि अवश्य मोक्ष प्राप्त गर्दछन् ।

मोक्षमार्गका विषयमा मतभेद

तस्मिञ्छुक्लमुत नीलमाहुः पिङ्गलꣳहरितं लोहितं च । एष पन्था ब्रह्मणा हानुवित्तस्तेनैति ब्रह्मवित् पुण्यकृत्तैजसश्च ॥ ९ ॥

पदार्थ— तस्मिन् — त्यस मोक्षसाधन मार्गमा (विप्रतिपत्तिर्मुमूक्षूणाम्) मुमुक्षुहरूको मतभेद छ, (यसमा कोही) शुक्लम् — उज्ज्वल वर्ण, आहुः — भन्दछन्, उत — अथवा, (कोही) नीलम् — नीलो, (कोही) पिङ्गलम् — कैलो, (कोही) हरितम् — हरियो, च — र, (कोही) लोहितम् — रातो, आहुः— भन्दछन्, (नाडचस्तु एताः सुषुम्नाद्याः श्लेष्मादिरसपूर्णाः) तर यी कफ आदि रसले भरिएका सुषुम्ना आदि गरिएका नाडीहरू हुन्, (न ते मोक्षमार्गाः संसारविषया एव हि ते) ती मोक्षका मार्ग होइनन्, संसार-विषयकै हुन्, (तस्मादयमेव मोक्षमार्गः — य आत्मकामत्वेन आप्तकामतया सर्वकामक्षयें गमनानुपपत्तौ प्रदीपनिर्वाणवच्चक्षुरादीनां कार्यकरणानामत्रैव समवनयः— त्यस कारण यो नै मोक्षमार्ग हो, जो आत्मा मात्र चाहेको र चाहेको कुरा पाइसकेकाले संपूर्ण काम क्षय भएको हुँदा कुनै योनिमा जानु भन्ने कुरा असंभव भएकाले बत्ती निभेझैं गरी चक्षु आदि कार्यकरणहरूको यहीं लीन हुन जानु हो । यसो हुनाले) एषः — यो, पन्थाः— ज्ञानमार्ग, ब्रह्मणा (समस्त एषणा त्याग गरेका) परमात्मस्वरूपै ब्राह्मणले, अनुवित्तः—उपलब्ध गरिएको छ, अरू पनि, पुण्यकृत् — पहिले पुण्य गरेको भई (पुत्रादि एषणा त्याग गरेर परमात्मतेजमा आफूलाई जुटाएर उपशान्त भएकाले) तैजसश्च — यै शरीरमा आत्मरूपसमेत भएको, ब्रह्मवित्— ब्रह्मवेत्ता, तेन — त्यस उक्त मार्गले, एति — जान्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ— त्यस मोक्ष गराउने मार्गका विषयमा मुमुक्षुहरूको मतभेद छ। त्यस मार्गमा कोही उज्ज्वल वर्ण छ भन्दछन्, केही नीलो, कोही कैलो, कोही हरियो, कोही रातो वर्ण छ भन्दछन्। तर यी कफ आदि रसले भरिएका सुषुम्ना आदि गरिएका नाडीहरू हुन्। ती ब्रह्मलोक आदिमा पुऱ्याउने संसार-विषयकै मार्ग हुन्। मोक्ष-मार्ग होइनन्। मोक्ष भन्नु यो नै हो। जो आत्मा मात्र चाहेको र चाहेको कुरा मिलिसकेकाले समस्त कामना क्षय भएको हुँदा कुनै योनिमा जानु भन्ने कुरा असंभव भएकाले चक्षु आदि कार्यकरणहरू यहीं लीन हुन जानु हो। यो ज्ञान-मार्ग परमात्मरूपै ब्राह्मणले प्राप्त गरेको बाटो हो। त्यस मार्गले अरू कुनै ब्रह्मवेत्ता पनि जान्छ, जो पहिले पुण्य गरेको भई पुत्रादि एषणा त्याग गरेर परमात्म-तेजमा आफूलाई जुटाएर उपशान्त भई यै शरीरमा आत्मरूप भैसकेको छ।

विद्यारत र अविद्यारत पुरुषको गति

अन्धं तमः प्रविशन्ति येऽविद्यामुपासते।
ततो भूय इव ते तमो य उ विद्यायाꣳरताः ॥११॥

पदार्थ— (ती) अन्धम् — अज्ञानरूप, तमः — अन्धकारमा, प्रविशन्ति — पस्तछन्, ये — जो, अविद्याम् — विद्याभिन्न साध्य-साधनरूप कर्म, उपासते — पछि लाग्दछन्, ततः — त्यसभन्दा पनि भूयः इव — धेरैजसो तमः — अन्धकारमा, (ती) प्रविशन्ति — पस्तछन्, ये — जो, उ — त, विद्यायाम् — अविद्यावस्तु-प्रतिपादक कर्मनिमित्तक वेदमा, रताः — लागेका छन्।

वाक्यार्थ— ती मानिस अज्ञानरूप अन्धकारमा प्रवेश गर्दछन् जो कर्मका पछि लाग्दछन् ती चाहिं त्यसभन्दा पनि अझ धेरैजसो अन्धकारमाप्रवेश गर्दछन् जो अविद्यावस्तुका प्रतिपादक केवल कर्मनिमित्तक वेदमा मात्र रत छन्। न कि उपनिषत्प्रतिपाद्य अर्थमा।

अज्ञानीहरूलाई प्राप्त हुने अनन्दलोकको वर्णन

अनन्दा नाम ते लोका अन्धेन तमसा वृताः।
ताꣳस्ते प्रेत्याभिगच्छन्त्यविद्वाꣳसोऽबुधो जनाः ॥१२॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ— अनन्दाः नाम— 'अनन्द' नाम गरेका, ते — ती, लोकाः — लोक, अन्धेन — नदेख्नुरूप, तमसा — अन्धकारले, आवृताः — व्याप्त छन्, तान् — ती लोकमा, ते — तिनीहरू, प्रेत्य — मरेर, अभिगच्छन्ति — जान्छन्, ये — जो, जनाः — मनुष्य, अवुधः— आत्मज्ञान नभएका, अविद्वांसः — अविद्वान् छन् ।

वाक्यार्थ— 'अनन्द' (सुखहीन) नाम गरेका ती लोक नदेख्नुरूप अन्धकारले ढाकिएका छन् । ती लोकमा ती मनुष्यहरू मरेर जान्छन् जो आत्मज्ञान नभएका अविद्वान्हरू छन् ।

आत्मज्ञको निश्चिन्त स्थिति

आत्मानं चेद्विजानीयादयमस्मीति पूरुषः ।
किमिच्छन् कस्य कामाय शरीरमनुसंज्वरेत् ॥ १२ ॥

पदार्थ— पुरुषः — मनुष्य, आत्मानम् — आफूलाई, अयम् — यो, पर आत्मा, (सर्वप्राणिप्रत्ययको साक्षी) अस्मि — हुँ, इति — यस्तो, यदि — यदि विजानीयात् — जानोस् त, किम् — के, इच्छन् — चाहेर, कस्य आत्मव्यतिरिक्त—केको, कामाय—प्रयोजनका लागि, शरीरम्—जीउलाई अनुसंज्वरेत् — जलाउला ?

वाक्यार्थ— मनुष्य आफूलाई 'म पर आत्मा (संपूर्ण प्राणीका ज्ञानको साक्षी) हुँ' भनेर जान्दछ भने आत्मभिन्न वस्तु नै के छ र? के चाहेर केको प्रयोजनलाई शरीररूप उपाधिले गराएका दुःखपछि लागेर दुःखी होस् ?

आत्मज्ञको महत्त्व

यस्यानुवित्तः प्रतिबुद्ध आत्माऽस्मिन् संदेह्ये गहने प्रविष्टः ।
स विश्वकृत् स हि सर्वस्य कर्ता तस्यलोका स उ लोक एव ॥ १३ ॥

पदार्थ— अस्मिन् — यो, संदेह्ये — अनेक अनर्थको पुञ्जरूप, गहने — विषम स्थानमा, प्रविष्टः — पसेको, आत्मा — आत्मा, यस्य — जसलाई,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिबुद्धः — बोध भएको छ (र) अनुवित्तः — फल मिल्ने दहसम्मकै निष्ठामा प्राप्त छ, सः — त्यो, विश्वकृत् — जगत्को कर्ता हो, हि — किनभने, सः — त्यो, सर्वस्य — समस्त वस्तुको, कर्ता — रचयिता हो, लोकः — संपूर्ण लोक, तस्य — त्यसको हो (के त्यो आफूभन्दा पृथक् सत्ताको ? हैन) सः उ — त्यो त, लोकः एव — आत्मा नै हो।

वाक्यार्थ— यस अनेक अनर्थको पुञ्जरूप विवेक--विज्ञानको विरोधी विषम स्थान (शरीर) मा प्रविष्ट भएको आत्मा जसलाई बोध भएको छ र फल मिल्ने हृदसम्मकै निष्ठामा प्राप्त छ त्यो जगत्को कर्ता हो। किनभने त्यो नै समस्त वस्तुको रचयिता हो, त्यो सबै लोक त्यसैको हो अनि त्यो सबैको आत्मा नै हो।

आत्मज्ञान नहुँदा हुने दुर्गति

इहैव सन्तोऽथ विद्मस्तद्वयं न चेदवेदिर्महती विनष्टिः।
ये तद्विदुरमृतास्ते भवन्त्यथेतरे दुःखमेवापियन्ति ॥ १४ ॥

पदार्थ– वयम् — हामी, इह एव — (अनेक अनर्थले व्याप्त) यस शरीरमा नै, सन्तः—रहँदा रहँदै, अथ— कथञ्चित्, तत्—त्यस ब्रह्मलाई, विद्मः — जान्दछौं (भने कृतार्थ भयौं), न चेत् — जानिएन भने (अहम्) — म, अवेदिः — नजान्ने, (स्याम्) — हुँला, (त्यसो भएर के त ?) महती — ठूलो जन्ममरणादिरूप, विनष्टिः — नाशिनु छ, ये — जो, तद् — त्यस ब्रह्मलाई, विदुः — जान्दछन्, ते–ती, अमृताः – अमरणधर्मी, भवन्ति — हुन्छन्, अथ— अनि, इतरे— ब्रह्म जान्नेदेखि भिन्न मनुष्यहरू, दुःखम् एव — दुःख नै, अपियन्ति — पाउँदछन् ।

वाक्यार्थ— हामीले अनेक अनर्थले व्याप्त यस शरीरमा अज्ञान निद्राले मोहित हुँदाहुँदै पनि कुनै उपायले त्यस ब्रह्मलाई जानीछोड्छौं भने कृतार्थ हुन्छौं। जानेनौं भने जन्ममरणादि भोगिरहनुपर्ने भयो, यो ठूलैरूपले नाशिनु हो। अरू पनि जो त्यस ब्रह्मलाई जान्दछन् ती अमरणधर्मी हुन्छन्। जो नजान्ने छन् तीचाहिं जन्ममरणादिरूप दुःखमा परिरहन्छन्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभेददर्शी आत्मज्ञको निर्भयता

यदैतमनुपश्यत्यात्मानं देवमञ्जसा ।
ईशानं भूतभव्यस्य न ततो विजुगुप्सते ॥ १५ ॥

पदार्थ— यदा— जब, भूतभव्यस्य — भएको, हुने र भैरहेकोसमेत तीनै कालका, ईशानम् — मालिक, देवम् — स्वयंप्रकाश, एतम् — यसलाई, अञ्जसा — साक्षात्, आत्मानम् — आफू भनेर, अनुपश्यति — देख्तछ, (तदा) — तब, ततः — त्यस ईशान देववाट, न विजुगुप्सते — रक्षा खोज्दैन, अथवा अरूलाई निन्दा गर्दैन ।

वाक्यार्थ—मनुष्य जब भूत, भविष्यत्, वर्तमान तीनै कालको मालिक यस प्रकाशशील तत्त्वलाई साक्षात् आफू नै हुँ भनेर अनुभव गर्दछ तब त्यो मालिकबाट आफ्नो रक्षा होस् भनेर चाहँदैन । मालिक मानिएको तत्त्व आफूभन्दा भिन्न भए पो त्यसबाट सुरक्षित हुन चाहना राखिन्छ, आफू नै हो भन्ने भएपछि त उसबाट रक्षा चाहनुपर्ने खण्डै हुँदैन । अथवा त्यसले अरूलाई घृणा पनि गर्दैन, अरू भन्नु नै के छ र ! जब कि सबै चीजलाई आफू नै देख्तछ ।

देवताहरूद्वारा उपास्य आयुःसंज्ञक ब्रह्म

यस्मादर्वाक् संवत्सरोऽहोभिः परिवर्त्तते ।
तद्देवा ज्योतिषां ज्योतिरायुर्होपासतेऽमृतम् ॥ १६ ॥

पदार्थ— यस्मात् — जुन मालिकदेखि, अर्वाक् — वर, (अर्थात् कालरूपले अरू प्राणीलाई अड्कले पनि त्यो मालिकलाई अड्कल्न नसक्ने) भई, संवत्सरः — वर्षरूप काल, अहोभिः —दिन–रातहरूद्वारा, परिवर्त्तते — घुमिरहन्छ, तत्–त्यो, ज्योतिषाम् — सूर्यादि ज्योतिको पनि, ज्योतिः —प्रकाशक, अमृतम्–अविनाशी ब्रह्मलाई, देवाः —देवताहरू, आयुः —आयु भनेर, उपासते— उपासना गर्दछन् ।

वाक्यार्थ— जुन मालिक (ब्रह्म) देखि वरै अर्थात् कालरूपले अरू प्राणी-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई अड्कल्ले छ तापनि मालिकलाई अड्कल्न नसक्ने भई वर्षरूप काल आफ्ना अवयव दिनरातहरूद्वारा घुमिरहन्छ, त्यो सूर्यादि ज्योतिको पनि अमर ज्योति (ब्रह्म) लाई देवताहरू आयु भनेर उपासना गर्दछन् ।

सर्वाधारभूत ब्रह्मलाई जान्ने म अमृत नै हुँ

यस्मिन् पञ्च पञ्चजना आकाशश्च प्रतिष्ठितः
तमेव मन्य आत्मानं विद्वान् ब्रह्मामृतोऽमृतम् ॥ १७ ॥

पदार्थ— यस्मिन् — जुन ब्रह्ममा, पञ्च — पाँच, पञ्चजनाः — गन्धर्व, पितृ, देव, असुर र राक्षस यी, च — र, आकाशः — अव्याकृतसंज्ञक आकाश, प्रतिष्ठितः — अडेको छ, तम् — त्यो, एव — नै, आत्मानम् — आत्मालाई, अमृतम् — अमरणशील ब्रह्म, मन्ये — ठान्दछु, (त्यसले के भयो त ?) ब्रह्म-ब्रह्मलाई, विद्वान् — जान्ने (म) अमृतः — अमरणधर्मी छु ।

वाक्यार्थ—जुन ब्रह्ममा गन्धर्व, पितृ, देव, असुर, राक्षस—यी पाँच र आव्याकृत भनिएको आकाश अडेको छ, त्यै आत्मालाई अमरणशील ब्रह्म ठान्दछु । त्यसले के भयो त भने, त्यसरी ब्रह्मलाई जान्ने म सर्वदा अमृत छु ।

ब्रह्मलाई प्राणको प्राण आदि जान्नेहरू नै त्यसलाई जान्दछन्

प्राणस्य प्राणमुत चक्षुषश्चक्षुरुत श्रोत्रस्य श्रोत्रं मनसो ये मनो विदुः । ते निचिक्यु-र्ब्रह्म पुराणमग्र्यम् ॥ १८ ॥

पदार्थ— तम् — त्यस ब्रह्मलाई, ये — जो, प्राणस्य — प्राणको, प्राणम्— प्राण, उत — तथा, चक्षुषः — आँखाको, चक्षुः — आँखा, उत — तथा, श्रोत्र-स्य — कानको, श्रोत्रम् — कान, मनसः — मनको, मनः — मन, भनी, ये — जुन विद्वान्हरू, विदुः — जान्दछन्, ते — तिनीहरूले, पुराणम् — पुरानो, (सर्वदा स्थायी) अग्र्यम् — सबैभन्दा अघि भएको, ब्रह्म — ब्रह्मलाई, निचिक्युः — निश्चय गरे ।

वाक्यार्थ— जो त्यस ब्रह्मलाई प्राणको पनि प्राण, आँखाको पनि आँखा,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कानको पनि कान, मनको पनि मन भनेर जान्दछन्, तिनीहरूले सर्वदा स्थायी सबैभन्दा अघि भैरहेको ब्रह्मलाई निश्चय गरे।

टिप्पणी— ब्रह्मशक्तिले अधिष्ठित भएवाट नै करणवाट प्राणनादि व्यापार हुन सकेकाले ब्रह्मलाई 'प्राणको प्राण' इत्यादि भनिएको हो।

नानात्वदर्शी का दुर्गतिको वर्णन

मनसैवानुद्रष्टव्यं नेह नानास्ति किञ्चन ।
मृत्योः स मृत्युमाप्नोति य इह नानेव पश्यति ॥ १९ ॥

पदार्थ— (ब्रह्मलाई) मनसा — मनले, एव — नै,, अनु द्रष्टव्यम् — आचार्यको उपदेशपूर्वक देख्नुपर्दछ, इह — यस ब्रह्ममा, नाना — अनेक भन्नु, किञ्चन — केही, न — छैन , यः — जो, इह — यस ब्रह्ममा, नाना इव— द्वैत जस्तो, पश्यति—देख्तछ, सः — त्यो, मृत्योः — मृत्युवाट, मृत्युम् — मृत्यु नै, आप्नोति — पाउँदछ।

वाक्यार्थ— ब्रह्मलाई, आचार्यको उपदेश पाएपछि परमार्थ-ज्ञानले संस्कार गरिएको मनले नै देख्नुपर्दछ। यस ब्रह्ममा अनेक केही छैन। केवल अविद्याले आरोप गरिएको हो। अतः जो यसमा द्वैत जस्तो देख्तछ त्यो मृत्युबाट मृत्यु नै पाउँछ, अर्थात् अद्वैत-दृष्टि नहुँदासम्म जन्ममरणबाट छुट्कारा मिल्दैन।

ब्रह्म–दर्शनको विधि

एकधैवानुद्रष्टव्यमेतदप्रमेयं ध्रुवम् ।
विरजः पर आकाशादज आत्मा महान् ध्रुवः ॥ २० ॥

पदार्थ— (ब्रह्म) एकधा — एक प्रकारले (विज्ञानघनैकरस भन्ने किसिमले), एव — नै, अनुद्रष्टव्यम् — आचार्यको उपदेशपूर्वक देख्नुपर्दछ, (किनभने) एतद् — यो सर्वस्वरूप एक, अप्रमेयम् — प्रमाणले गम्य छैन, ध्रुवम्—निश्चल, विरजः — धर्माधर्मादिले मलले रहित छ, आत्मा—आत्मा,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकाशात् — आकाशभन्दा, पर : — सूक्ष्म, अजः —जन्मने स्वभाव नभएको, महान् — परिमाणमा ठूलो, (र) ध्रुवः — अविनाशी छ ।

वाक्यार्थ— ब्रह्मलाई आचार्यको उपदेशपूर्वक ' एकै स्थितिको गाढ चैतन्य' भन्ने यै एक प्रकारले देखनुपर्दछ । किनभने यो सर्वस्वरूप एकै पदार्थ हुनाले प्रमाणले जानिने कुरो छैन (प्रमाण भने पनि, प्रमेय भने पनि वस्तु उही छ) तथा अचल छ । यो आत्मा आकाशभन्दा पनि सूक्ष्म जन्मने स्वभाव नभएको परिमाणमा ठूलो र अविनाशी छ ।

टिप्पणी— शङ्का — 'ब्रह्म जान्नुपर्छ' पनि भन्ने ' यो प्रमाणले जानिने कुरो छैन' पनि भन्ने यो त विरुद्ध भो नि ! समाधान— ' अरू चीज जस्तो आगमभिन्न प्रमाणले जानिने छैन ' भनेको हो; केही विरोध छैन ।

ब्रह्मनिष्ठामा अधिक शास्त्राभ्यास बाधक छ

तमेव धीरो विज्ञाय प्रज्ञां कुर्वीत ब्राह्मणः ।
नानुध्यायाद् बहूञ्छब्दान् वाचो विग्लापनꣳहि तदिति ॥ २१ ॥

पदार्थ— धीरः — बुद्धिमान्, ब्राह्मणः — ब्राह्मण, तम्— त्यस ब्रह्मलाई, एव — नै, विज्ञाय — जानेर , प्रज्ञाम् — (शास्त्र र आचार्यले उपदेश गरेको वस्तुसंबन्धी) बुद्धि, कुर्वीत — गरोस् , बहून् — धेरै, शब्दान् — शब्द, न अनुध्यायात् — चिन्तन नगरोस्, हि— किनभने तद्— त्यो चिन्तन गर्नु वाचः — वाणीलाई, विग्लापनम् — ग्लानि गराउनु हो ।

वाक्यार्थ— बुद्धिमान् ब्राह्मण ब्रह्मलाई नै जानेर शास्त्र र आचार्यले उपदेश गरेको विषयसंबन्धी एवं जिज्ञासा राम्रैसँग समाप्त गरिदिने बुद्धि गर्नुपर्दछ । आत्मैकत्व प्रतिपादक परिमित शब्दबाहेक धेरै शब्दको चिन्तन गर्नु ठीक छैन, किन कि त्यो केवल वाणीलाई ग्लानि गराउनु मात्र हो । ब्रह्मनिष्ठामा रहने विषयमा त्यसको प्रयोजन छैन ।

आत्माको स्वरूप, त्यसका उपलब्धिको साधनभूत संन्यास र आत्मज्ञको स्थितिको प्रतिपादन

संबन्ध— हेतुसहित बन्ध र मोक्ष मन्त्र र ब्राह्मणद्वारा कहिए, फेरि श्लोक-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूद्वारा मोक्षको स्वरूप विस्तारसाथ प्रतिपादन गरियो । यसरी यसै आत्म-विषयमा संपूर्ण वेद जसरी उपयुक्त हुन जान्छ त्यो त्यसै गरी बताउनु छ र त्यसैका निमित्त यो कण्डिका आरम्भ गरिन्छ । यस प्रपाठकमा प्रयोजनसहित आत्मज्ञानको जुन प्रकारले निरूपण गरियो त्यसै प्रकारले त्यसको अनुवाद गरेर काम्यकर्मप्रतिपादक वेदराशिवाहेक संपूर्ण वेदको यसै आत्म-ज्ञानमा उपयोग छ भन्ने कुरा देखाउनका लागि उक्त विषयकै अनुवादरूप छ यो ' स वा एषः ' इत्यादि कण्डिका ।

स वा एष महानज आत्मा योऽयं विज्ञानमयः प्राणेषु य एषोऽन्तर्हृदय आकाश-स्तस्मिञ्छेते सर्वस्य वशी सर्वस्येशानः सर्वस्याधिपतिः स न साधुनाकर्मणा भूयान्नो एवासाधुना कनीयानेष सर्वेश्वर एष भूताधिपतिरेष भूतपाल एष सेतुर्विधरण एषां लोकानामसम्भेदाय तमेतं वेदानुवचनेन ब्राह्मणा विविदिषन्ति यज्ञेन दानेन तपसाऽनाशकेनैतमेव विदित्वा मुनिर्भवति एतमेव प्रव्राजिनो लोकमिच्छन्तः प्रव्रजन्ति एतद्ध स्म वैतत्पूर्वे विद्वाꣳसः प्रजां न कामयन्ते किं प्रजया करिष्यामो येषां नोऽयमात्माऽयं लोक इति ते ह स्म पुत्रैषणायाश्च वित्तैषणायाश्च लोकैषणायाश्च व्युत्थायाथ भिक्षाचर्यं चरन्ति याह्येव पुत्रैषणा सा वित्तैषणा या वित्तैषणा सा लोकैषणो-भे ह्येते एषणे एव भवतः । स एष नेति नेत्यात्मागृह्यो न हि गृह्यतेऽशीर्यो न हि शीर्यतेऽ-सङ्गो न हि सज्यतेऽसितो न व्यथते न रिष्यत्येतमुहैवैते न तरत इत्यतः पापमकरव-मित्यतः कल्याणमकरवमित्युभे उ हैवैष एते तरति नैनं कृताकृते तपतः ॥ २२ ॥

पदार्थ— सः — त्यो कहेअनुसारको, एषः — यो, महान् — ठूलो, अजः — अजन्मा, आत्मा — आत्मा हो, वै — निश्चय छ, यः — जो, अयम् — यो, प्राणेषु — प्राणहरूमा, विज्ञानमयः — बुद्धिवृत्ति नै हो कि भनेजस्तो छ, यः — जो, एषः — यो, अन्तर्हृदये — मुटुभित्र, आकाशः — आकाश छ, तस्मिन् — त्यसमा, शेते — रहन्छ, सर्वस्य — समस्त, ब्रह्मा, इन्द्र आदिको, वशी — नियामक, सर्वस्य — सबैको, ईशानः — शासनकर्ता, सर्वस्य — समस्तको, अधिपतिः — अधिष्ठाता भएर पालन गर्ने, सः — त्यो (यस किसिमको हृदयमा रहेको अन्तर्ज्योति पु-रुष) साधुना — बढिया, कर्मणा — कर्मले, न भूयात् — बढ्दैन , असाधुना — न बढिया, कर्मणा — कर्मले, न कनीयान् — कसै सानो हुँदैन, (किनभने) एषः — यो, सर्वेश्वरः — सबको मालिक हो, (एवम्) एषः — यो, भूताधि-पतिः — ब्रह्मादेखि लिएर घाँसका गाँजसम्मको अधिष्ठाता भैकन पालन गर्ने, (तथा) एषः—यो, भूतपालः — प्राणीहरूको रक्षक, एषाम् — यी, लोकानाम् — लोकहरूको, असंभेदाय — मर्यादा भङ्ग नहोस् भन्नाका निमित्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एषः— यो, विधरणः — वर्णाश्रमादि व्यवस्थाको धारक, सेतुः — पुल जस्तो छ, तम् — त्यो, एतम् — यो औपनिषद् पुरुषलाई, ब्राह्मणाः — द्विजातिहरू, वेदानुवचनेन — मन्त्र ब्राह्मणात्मक वेदका स्वाध्यायले (कुन तरीकाले ?) यज्ञेन — यज्ञद्वारा, दानेन — दानद्वारा, (र) अनाशकेन — मनपरी नखानु-रूप, तपसा— तपस्याद्वारा, विविदिषन्ति— जान्न चाहन्छन्, एतम् — यस औषनिषद् पुरुषलाई, एव— नै, विदित्वा — जानेर, मुनिः — केवल मननशील, भवति — हुन्छ, एतम् एव — यै, लोकम् — लोक, इच्छन्तः— चाहँदा, प्रव्राजिनः — त्यागशीलहरू, प्रव्रजन्ति — राम्रैसँग सब त्याग गरेर हिंड्दछन्, तत् — त्यो, एतत् — यो कारण, ह स्म वै — निश्चित एवं प्रसिद्ध छ, पूर्वे — अघिका, विद्वांसः — आत्मज्ञहरू, प्रजाम् — सन्तान, (कर्म र अपर ब्रह्मविद्या समेत) न कामयन्ते — चाहँदैनथे, प्रजया — सन्तानले, किम् — के, करिष्यामः — गरौंला, येषाम् — जुन, नः — हाम्रो, अयम् — यो भोक - प्यास - रहित, अयम् — यो, आत्मा — आत्मा छ, (र) अयम् — यो आत्मरूप, लोकः — लोक, (फलम् अभिप्रेतम्) — फल मानिएको छ, इति यस्तो विचारले, ते — तीं परमार्थदर्शीहरू, पुत्रैषणायाः — छोराका इच्छाबाट, च — र, वित्तैषणायाः — धनका चाहनाबाट, च — र, लोकैषणायाः — लोकका अभिलाषाबाट, च — पनि, व्युत्थाय — छुटेर, अथ — अनि, भिक्षाचर्यम् — (संन्यासको अभिव्यञ्जक) भैक्ष्यवृत्ति, चरन्तिस्म — गर्दथे, या — जुन, पुत्रैषणा — छोराको चाहना हो, सा — त्यो, हि — निश्चयले वित्तैषणा — धन-संपत्तिको एषणा हो, या— जुन, वित्तैषणा — धन-संपत्तिको इच्छा हो, सा — त्यो, लोकैषणा — लोकको इच्छा हो, हि — यस कारणले कि, एते उभे— यी दुइ, एव — नै, (साध्य–साधनरूपले) एषणे— एषणा, भवतः — हुन्, सः — त्यो, 'नेति नेति' — त्यो होइन, त्यो होइन भनेर निर्देश गरिएको, एषः— यो, आत्मा — आत्मा हो, (जो) अगृह्यः— नसमातिने छ, हि — किनभने न गृह्यते — इन्द्रियले ग्रहण गरिंदैन, अशीर्यः—नाश नहुने छ, हिः — किन-भने, न शीर्यते—नष्ट हुने स्वभावको छैन, असङ्गः — सङ्गरहित छ, हि— किन-भने, न सज्ज्यते — केहीमा लाग्दैन, (तथा) असितः — बाँधिएको छैन, (अतः) न व्यथते — पीडित छैन, न रिष्यति — हिंसित हुने छैन, एतम् — यसलाई, उ ह एव — अवश्य नै, एते — यी दुइ कुरा, न तरतः — प्राप्त हुँदैनन्, इति — यो कुरा, (युक्तम् एव) — योग्य नै छ, (कुन ?) अतः — यस शरीरधारण-बाट, पापम् — पाप, अकरवम् — गरें, इति — यस्तो, (ताप र) अतः — यस शरीरधारणरूप निमित्तबाट, कल्याणम् — पुण्य, अकरवम् — गरें, इति —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो हर्ष, उभे — दुइ, उ ह एव — नै, एते — यी पापपुण्यात्मक कर्मलाई, एषः — यो ब्रह्मवेत्ता, तरति — पार गर्दछ, (तथा) एतम् — यस ब्रह्मवित्लाई, कृताकृते — नित्य कर्म गर्नु र नगर्नुले, न तपतः — ताप पार्दैनन् ।

वाक्यार्थ— त्यो बताएअनुसारको यो महान् अजन्मा आत्मा हो, निश्चय छ । जो प्राणहरूमध्ये बुद्धिवृत्ति नै हो कि भनेजस्तो छ । जो यो मुटुभित्र आकाश छ, त्यसमा रहन्छ । ब्रह्मा, इन्द्र आदि समस्तको नियामक सबैको शासन-कर्ता सबैको अधिष्ठाता भएर पालनकर्ता त्यो हृदयस्थ अन्तर्ज्योति-पुरुष असल कर्मले बढ्ने र घटिया कर्मले घट्ने हुँदैन । यो संपूर्णको मालिक ब्रह्मदेखि लिएर घाँसको गाँजसम्मका समस्तको पालक छ । एवं लोकहरूको मर्यादाभङ्ग नहोस् भन्नाका निमित्त वर्ण, आश्रम आदि व्यवस्थाको धारक पुल जस्तो छ । यस औपनिषद् पुरुषलाई द्विजातिहरू वेदका स्वाध्यायले — यज्ञ, दान र मनपरी-नखानुरूप तपद्वारा जान्न चाहन्छन् । यस पुरुषलाई जानेपछि मनुष्य केवल मनन-शील हुन्छ । यै आत्मरूप लोकलाई चाहना गरेर त्यागशीलहरू राम्रै गरी कर्म छोडेर, हिंड्दछन् । यसमा कारण स्पष्ट छ कि अघिका ब्राह्मणहरू ' सन्तानले के गर्नु छ र! जुन हाम्रो क्षुधा-पिपासारहित यो आत्मरूप लोक नै अभिप्रेत छ' भनेर सन्तान-को कामना गर्दैनथे । तिनीहरू छोराका इच्छाबाट छुटेर संन्यासको अभिव्यञ्जक भैक्ष्यवृत्तिमा रहन्थे । पुत्रैषणा पनि वित्तैषणा नै हो र वित्तैषणा पनि लोकैषणा नै हो । किनभने पुत्रैषणा र वित्तैषणा साधनका एषणा (चाहना) हुन् । लोकैषणा साध्य (फल) को एषणा हो । साध्य-साधन-रूपले खास एषणा दुइ नै हुन् । त्यो ' त्यो हैन, त्यो हैन' भनी संकेत गरिएको यै आत्मा हो, जो इन्द्रियको विषय नहुनाले ग्रहण गरिँदैन, अमूर्त पदार्थ हुनाले नष्ट हुँदैन, तथा केहीसँग जुट्दैन, बाँधिने पनि छैन र पीडित पनि हुँदैन । यिनै हेतुले गर्दा कुनै प्रकारले नाशिदैन । यसलाई यस शरीरधारणरूप निमित्तबाट पाप गरें भन्ने ताप र पुण्य गरें भन्ने हर्ष हुँदैनन् । यस ब्रह्मविद्ले पापपुण्यात्मक दुवै कर्मलाई पार गरेको हुन्छ । अत एव नित्यकर्म गर्नु र नगर्नु कुनैले ताप पार्दैनन् ।

ब्रह्मवेत्ताको स्थिति र याज्ञवल्क्यका प्रति जनकको आत्मसमर्पण

तदेतदृचाभ्युक्तम् । एष नित्यो महिमा ब्राह्मणस्य न वर्धते कर्मणा नो कनीयान् । तस्यैव स्यात् पदवित्तं विदित्वा न लिप्यते कर्मणा पापकेनेति । तस्मादेवंविच्छान्तो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दान्त उपरतस्तितिक्षुः समाहितो भूत्वात्मन्येवात्मानं पश्यति सर्वमात्मानं पश्यति नैनं पाप्मा तरति सर्वं पाप्मानं तरति नैनं पाप्मा तपति सर्वं पाप्मानं तपति विपापो विरजोऽविचिकित्सो ब्राह्मणो भवत्येष ब्रह्मलोकः सम्राडेनं प्रापितोऽसीति होवाच याज्ञवल्क्यः सोऽहं भगवते विदेहान् ददामि मां चापि सह दास्यायेति ॥ २३ ॥

पदार्थ— तत् — त्यो, एतत् — यो ब्राह्मणले भनेको कुरा, ऋचा — मन्त्रले, इति — यसरी, अभ्युक्तम् — प्रकाश गरिएको छ, ब्राह्मणस्य — ब्रह्मविद्को, एषः — यो 'नेति नेति' ले संकेत गरिएको, महिमा — महत्त्व, नित्यः — स्वाभाविक हुनाले नित्य छ, (कसरी ?) कर्मणा — शुभ कर्मले, न वर्धते — बढ्दैन। कर्मणा — अशुभ कर्मले, न कनीयात् — घट्तैन, अर्थात् कुनै पनि कारणले विकारमा प्राप्त हुँदैन, (अतः) तस्य एव — त्यै महत्त्वको, पदवित् — स्वरूपको वेत्ता, स्यात् — होओस्, तम् — त्यस महिमालाई, विदित्वा — जानेपछि, पापकेन — धर्माधर्मरूप, कर्मणा — कर्मले, न लिप्यते — संबद्ध हुँदैन, तस्मात् — त्यस कारण, एवंवित् — यस्तो जान्ने पुरुष, शान्तः — बाह्येन्द्रिय व्यापारबाट हटेको, दान्तः — अन्तःकरणको तृष्णाबाट हटेको, उपरतः — संपूर्ण एषणाबाट निर्मुक्त भएको संन्यासी, तितिक्षुः — सुख-दुःख आदि द्वन्द्व सहन गर्ने, समाहितः — एकाग्रताले समाहित भएर, आत्मनि एव — कार्यकरणसंघातरूप आफूमा नै, आत्मानम् — अन्तर्वर्त्ती चेतनालाई, पश्यति — देख्तछ, (त्यति मात्र होइन) सर्वम् — समस्त वस्तुलाई, आत्मानम् — आफू नै, पश्यति — देख्तछ, एनम् — यस प्रकार देख्ने ब्राह्मणलाई, पाप्मा — पुण्यपापरूप दोष, न तरति — प्राप्त हुँदैन, (भने ता) सर्वम् — समस्त, पाप्मानम् — पुण्यपापरूप दोषलाई, तरति — आत्मभावले व्याप्त गर्दछ, एनम् — यस ब्राह्मणलाई, पाप्मा — पुण्यपापरूप दोषले, न तपति — (इष्टफलदान र प्रत्यवायोत्पादनद्वारा) ताप गराउँदैन, सर्वम् — संपूर्ण, पाप्मानम् — दोषलाई, तपति — (सर्वात्मदर्शनरूप आगाले) भस्म गर्दछ, विपापः — यसरी धर्माधर्म-रहित भएको, विरजः — निष्काम भएको, अविचिकित्सः — संशय छिन्न भएको, अर्थात् 'म सर्वात्मा परब्रह्म हुँ' भने निश्चय भएको, ब्राह्मणः — ब्रह्मस्वरूपमा स्थित, भवति — हुन्छ, एषः — यो सर्वात्मभाव, ब्रह्मलोकः — ब्रह्मरूपै लोक हो, सम्राट् — हे अधिराज ! , एनम् — यस सर्वात्मभावमा, प्रापितः असि — पुऱ्याइएका छौ, इति — यसो, (याज्ञवल्क्यले) उवाच — भने, ह — निश्चय हो, (अनि राजा जनकले) सः — त्यो (यसरी तपाईंले ब्रह्मभावमा पुऱ्याइएको), अहम् — म, भगवते — पूज्य तपाईंलाई, विदेहान् — विदेह देश, ददामि-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टक्याउँदछु, सह — सँगै, माम् — मलाई, च अपि — पनि, दास्याय— सेवा-कार्यका निमित्त, ददामि — अर्पण गर्दछु, इति — यसो, उवाच — भने ।

वाक्यार्थ— त्यो यस ब्राह्मणले भनेको कुरा मन्त्रले यसरी प्रकाश गरिएको छ, ब्रह्मविद्को 'नेति नेति' ले संकेत गरिएको महिमा स्वाभाविक हुनाले नित्य छ । कसरी भने, यो शुभ कर्मले बढ्दैन, अशुभ कर्मले घट्तैन, अर्थात् कुनै कारणले विकारमा प्राप्त हुँदैन । अतः त्यस महत्त्वको स्वरूप जान्ने हुनुपर्दछ । त्यसलाई जानेपछि, धर्म-अधर्मरूप कर्मले लिप्त हुँदैन । त्यस कारण यस्तो जान्ने पुरुष, बाह्येन्द्रियव्यापारबाट हटेको, अन्तःकरणको तृष्णाबाट छुटेको र संपूर्ण एषणाबाट निर्मुक्त भएको संन्यासी सुख-दुःख आदि द्वन्द्व सहन गर्ने र एकाग्रतामा रहने भएर कार्यकरणसंघातरूप आफूमा नै अन्तर्वर्ती चेतनलाई देख्तछ । त्यति मात्र होइन, समस्त वस्तुलाई आफू नै देख्तछ । यस प्रकार देख्ने ब्राह्मणलाई पुण्य-पापरूप कुनै दोष लाग्दैन । ती दोषलाई यसले आत्मभावले नै व्याप्त गर्दछ । यस ब्रह्मविद्लाई ती पुण्य–पापले इष्टफलदान र प्रत्यवायोत्पादनद्वारा ताप गराउँदैनन्, समस्त दोषलाई सर्वात्मदर्शनरूप आगाले भस्म गर्दछ । यसरी धर्माधर्मरहित निष्काम, छिन्नसंशय अर्थात् 'सर्वात्मा परब्रह्म हुँ' भन्ने निश्चय भएको ब्राह्मण ब्रह्मस्वरूपमा स्थित हुन्छ । यो सर्वात्मभाव ब्रह्मरूपै लोक हो । हे अधिराज ! तिमी यस सर्वात्मभावमा प्राप्त गराइएका छौ भनी याज्ञवल्क्यले भने । यसपछि राजा जनकले भने– यसरी तपाईंले ब्रह्मभावमा प्राप्त गराइएको म पूज्य तपाईंलाई यो विदेह देश टक्याउँदछु । साथसाथै आफूलाई पनि सेवाकार्यका निमित्त अर्पण गर्दछु ।

आत्मा अन्नाद र वसुदान छ– यस प्रकारका उपासनाको फल

स वा एष महानज आत्माऽन्नादो वसुदानो विन्दते वसु य एवं वेद ॥२४॥

पदार्थ– सः — त्यो, एषः — यो, महान् — ठूलो, अजः — अजन्मा, आत्मा — आत्मा, अन्नादः — सम्पूर्ण अन्नको भोक्ता छ, (एवम्) वसुदानः — समस्त प्राणीका कर्म-फलको दाता छ, वै — निश्चय हो, यः— जो, एवम् — यस्तो, वेद — जान्दछ (सः) — त्यो, वसु — अन्न र कर्मफल, विन्दते—प्राप्त गर्दछ ।

वाक्यार्थ— त्यै यो महान् अजन्मा आत्मा संपूर्ण अन्नको भोक्ता एवं समस्त प्राणीका कर्मफलको दाता छ, निस्सै हो । जो यस्तो जान्दछ त्यो संपूर्ण प्राणीमा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मभूत पुरुष अन्न भक्षण गर्दछ र कर्मफलसमूह पनि प्राप्त गर्दछ। अथवा दृष्ट-फलार्थी भई यस किसिमका ब्रह्मको उपासना गर्दछ भने सब किसिमका अन्न भोग गर्ने र धन-संपत्ति लाभ गर्ने हुन्छ।

ब्रह्मको स्वरूप र ब्रह्मज्ञका स्थितिको वर्णन

स वा एष महानज आत्माऽजरोऽमरोऽमृतोऽभयो ब्रह्माभयं वै ब्रह्माभयꣳ हि वै ब्रह्म भवति य एवं वेद ॥२५॥

पदार्थ —सः— त्यै, एषः —यो, महान् —ठूलो, अजः — जन्मरहित, आत्मा — आत्मा, अजरः — अपरिणामी, अमरः — अमरणशील, (अत एव) अमृतः — अमृत, अभयः — भयरहित, (यो के हो त ?) ब्रह्म — परब्रह्म हो, अभयम् — भयरहित पदार्थ, वै — निश्चयले, ब्रह्म — ब्रह्म हो, यः — जो, एवम् — यस्तो अभय ब्रह्म, वेद — जान्दछ, (सः) —त्यो, अभयम्— भयरहित, ब्रह्म हि — ब्रह्म नै, भवति — हुन्छ, वै — निश्चय हो।

वाक्यार्थ — त्यै यो महान् अजन्मा आत्मा जरारहित अर्थात् अपरिणामी अमरणशील अत एव जन्म – जरा–मरण– त्रिविध विकारले रहित हुनाले अमृत र भयहीन छ। यो वस्तु के हो त? भने खास परब्रह्म हो। भयरहित पदार्थ निस्सै ब्रह्म हो। जुन पुरुष यस्तो भय-रहित ब्रह्मलाई जान्दछ, त्यो अभय ब्रह्म नै हुन्छ। संशय छैन।

चौथो अध्यायमा चौथो शारीरक ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चम ब्राह्मण

याज्ञवल्क्य–मैत्रेयी–संवाद

संबन्ध — दोस्रो अध्यायमा आगम-प्रधान मधुकाण्डले ब्रह्मतत्त्व निश्चित गरियो । फेरि त्यसैको उपपत्ति-प्रधान याज्ञवल्कीय काण्डले पक्ष-प्रतिपक्ष लिएर जल्पन्यायद्वारा विचार गरियो । छैटौं प्रपाठक अर्थात् चौथा अध्यायमा शिष्य र आचार्यको संबन्धले प्रश्नोत्तरको शैलीद्वारा विस्तारपूर्वक विचार गरेर उपसंहार गरियो । अब अहिले निगमस्थानीय मैत्रेयी ब्राह्मण आरम्भ गरिन्छ । वाक्य-मर्म-ज्ञहरूले यो न्याय स्वीकार गरेका छन् । जस्तै : हेतुको उल्लेख गरेर प्रतिज्ञाको पुनः कथन गर्नु निगमन हो ।

अथवा आगम-प्रधान मधुकाण्डले जुन संन्यासयुक्त आत्मज्ञानलाई अमृतत्वको साधन बताएको छ, त्यै संन्यासयुक्त आत्मज्ञान तर्कले पनि अमृतत्वको साधन ज्ञात गरिन्छ । याज्ञवल्कीय काण्ड तर्क-प्रधान नै छ । त्यस कारण शास्त्र र तर्कले यो निश्चय गरियो कि संन्यासयुक्त आत्मज्ञान अमृतत्वको साधन छ । त्यस कारण अमृतत्व प्राप्तिका इच्छुक एवं शास्त्रमा श्रद्धा राख्ने पुरुषले यसलाई जान्नुपर्दछ । किनभने शास्त्र र उपपत्तिले निश्चय गरिएकै कुरा अव्यभिचारी हुने हुनाले विश्वसनीय हुन्छ ।

याज्ञवल्क्य र उनका दुइ स्त्री

अथ ह याज्ञवल्कस्य द्वे भार्ये बभूवतुर्मैत्रेयी च कात्यायनी च । तयोर्ह मैत्रेयी ब्रह्मवादिनी बभूव स्त्रीप्रज्ञैव तर्हि कात्यायन्यथ ह याज्ञवल्क्योऽन्यद् वृत्तमुपाकरिष्यन् ॥१॥

पदार्थ — अथ — अब, (हेतु-प्रधान वाक्यहरूपछि) आगम-प्रधान वाक्यले प्रतिज्ञा गरिएको कुरा मैत्रेयी ब्राह्मणले निगमन गरिन्छ । ह —यो कुरा प्रसिद्ध छ कि, याज्ञवल्क्यस्य — याज्ञवल्क्यका, मैत्रेयी— मैत्रेयी, च — र, कात्यायनी — कात्यायनी, च—पनि, द्वे—दुइ, भार्ये—पत्नी, बभूवतुः—थिए, तयोः—ती दुइमा,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैत्रेयी— मैत्रेयी, ब्रह्मवादिनी —ब्रह्मसंबन्धी कुरा गर्ने शीलकी, बभूव — थिइन् ह — निश्चय हो, तर्हि — त्यस बखत, कात्यायनी — कात्यायनी, स्त्रीप्रज्ञा — साधारण स्त्रीकै बुद्धि भएकी अर्थात् घर-धन्दाकै खोजी गर्ने, बभूव — थिइन्, अथ —अनि, याज्ञवल्क्यः— याज्ञवल्क्यले, अन्यद् —अर्को, (गार्हस्थ्य बाहेकको) वृत्तम् — चर्या अर्थात् संन्यास, उपाकरिष्यन्— लिन खोजेर ।

वाक्यार्थ— अब आगम-प्रधान वाक्यले प्रतिज्ञा गरेको कुरा मैत्रेयी ब्राह्मणले निगमन गरिन्छ । अघि भएकै कुरा हो कि याज्ञवल्क्य महर्षिका मैत्रेयी र कात्यायनी दुइ पत्नी थिए । तिनमध्ये मैत्रेयी ब्रह्मचर्चा गर्ने शीलकी थिइन्, कात्यायनी घर-धन्दाकै खोजी गर्ने खालकी थिइन् । कुनै दिन याज्ञवल्क्यले गार्हस्थ्य छोडी संन्यास-आश्रम लिन खोजेर ।

याज्ञवल्क्य–मैत्रेयी–संवाद

मैत्रेयीति होवाच याज्ञवल्क्यः प्रव्रजिष्यन् वा अरेऽहमस्मात् स्थानादस्मि हन्त तेऽनया कात्यायन्यान्तं करवाणीति ॥ २ ॥

पदार्थ — अरे मैत्रेयि — ए मैत्रेयी ! इति — यसरी संबोधन गरेर, याज्ञवल्क्यः — याज्ञवल्क्यले, इति— यसो, उवाच— भने, ह — भएको कुरा हो, अहम् — म, अस्मात् — यस, स्थानात् — गार्हस्थ्य-आश्रमबाट., वै —निश्चय-साथ, प्रव्रजिष्यन् — हिंड्न आँटेको अर्थात् संन्यास लिन लागेको, अस्मि—छु, हन्त — अनुमति चाहन्छु, ते — तिम्रो, अनया — यी, कात्यायन्या— कात्यायनीसँग, अन्तम् — अंशबण्डा, करवाणि — गरिदिऊँ ?

वाक्यार्थ—ए मैत्रेयी ! भनी बोलाएर याज्ञवल्क्यले भने–म यस गार्हस्थ्य-आश्रमबाट हिंड्न (संन्यास-आश्रम लिन) आँटेको छु । तिमी चाहन्छ्यौ भने तिम्रो कात्यायनीसँग अंश-बण्डा गरिदिऊँ कि ?

सा होवाच मैत्रेयी यन्नु म इयं भगोः सर्वा पृथिवी वित्तेन पूर्णा स्यात् स्यां न्वहं तेनामृताऽहो३ नेति नेति होवाच याज्ञवल्क्यो यथैवोपकरणवतां जीवितं तथैव ते जीवित्ऽस्यादमृतस्य तु नाशास्ति वित्तेनेति ॥ ३ ॥

पदार्थ — ह — भएको कुरा हो, सा—ती, मैत्रेयी — मैत्रेयीले, उवाच— भनिन्, भगोः — भगवन् ! यत्—यदि, मे — मलाई, इयम् — यो, वित्तेन —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धनले, पूर्णा — परिपूर्ण, सर्वा — समस्त, पृथिवी — पृथिवी, स्यात् नु — होओस् त, तेन— त्यसले, अहम् — म, अमृता — नमर्ने, स्याम् नु — हुँला ? याज्ञवल्क्यः — याज्ञवल्क्यले, इति — यसो, ह — निश्चयसाथ, उवाच — भने, अहो — आश्चर्य, न इति न इति — हुन्नौ हुन्नौ, उपकरणवताम् — भोग-सामग्री हुनेहरूको, जीवितम् — जिन्दगी, यथा एव — जस्तो हुन्छ, तथा एव—त्यस्तै, ते — तिम्रो, जीवितम् — जीवन, स्यात् —होला, वित्तेन— धनले, अमृतत्वस्य — नमर्नेपनको, आशा तु — आशा त, न अस्ति— छैन ।

वाक्यार्थ— भएको कुरा हो, मैत्रेयीले भनिन्—भगवन् ! यदि मलाई धनले परिपूर्ण भएको यो सब पृथ्वी भयो भने त्यसले म नमर्ने हुँला ? याज्ञवल्क्यले भने—अहो ! हुन्नौ हुन्नौ। भोगका सामग्री हुनेहरूको जिन्दगी जस्तो हुन्छ त्यस्तै तिम्रो जिन्दगी हुन्छ । धनले नमर्नेपनको आशा त छैन ।

मैत्रेयीको अमृतत्व–साधन–विषयक प्रश्न

सा होवाच मैत्रेयी येनाहं नामृतास्यां किमहं तेन कुर्यां यदेव भगवान् वेद तदेव मे ब्रूहीति ॥ ४ ॥

पदार्थ — सा — ती, मैत्रेयी — मैत्रेयीले, इति — यसो, उवाच—भनिन्, ह — अवश्य हो, येन — जेले, अहम् — म, अमृता — नमर्ने, न स्याम्— हुनसक्तिनँ, तेन — त्यसले, अहम् —म, किम् — के, कुर्याम् – गरुँला, यत् एव — जुनचाहिं कुरो, भगवान् — हजूर, वेद — जान्नुहुन्छ, तत् एव— त्यै कुरो, मे — मलाई, ब्रूहि— आज्ञा गर्नुहोस् ।

वाक्यार्थ — ती मैत्रेयीले भनिन्– जेले म नमर्ने हुन सक्तिनँ, त्यसले म के गरुँला ? अतः हजूर अमृतत्वको साधन जुन कुरो जान्नुहुन्छ त्यै कुरो मलाई आज्ञाहोस् ।

याज्ञवल्क्यको सान्त्वनापूर्वक समाधान

स होवाच याज्ञवल्क्यः प्रिया वै खलु नो भवती सती प्रियमवृधद्धन्त तर्हि भवत्येतद् व्याख्यास्यामि ते व्याचक्षाणस्य तु मे निदिध्यासस्वेति ॥ ५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — सः — ती, याज्ञवल्क्यः — याज्ञवल्क्यले, उवाच — भने, ह — निश्चय हो, भवती — तिमी, खलु — अवश्य, मे — मेरी, प्रिया वै — प्यारी नै, सती — रहीकन, प्रियम् — प्यारो लाग्ने कुरा, अवृधत् — बढायौ, (निश्चय गऱ्यौ), हन्त — दयालाग्दो कुरा छ, भवति — मैत्रेयी !, तर्हि — त्यसो भए, एतद् — यो कुरा (अमृतत्वको साधन) ते — तिमीलाई, व्याख्यास्यामि — राम्ररी बताउनेछु, मे — मैले, व्याचक्षाणस्य — बताउँदा, तु — भने, निदिध्यासस्व — निश्चयसाथ चिन्तन गर्न खोजे ।

वाक्यार्थ — याज्ञवल्क्यले भने — मैत्रेयी ! तिमी पहिले पनि मेरो प्यारी नै हौ, अहिले पनि प्यारो लाग्ने कुरा नै निश्चय गरेकी छौ । दया लाग्छ, त्यसो भए म तिमीलाई यो अमृतत्वको साधन राम्ररी बताउनेछु । मैले बताउँदा — खेरि भने निश्चयसाथ चिन्तन गर्न खोजे ।

प्रियतम आत्माका निमित्त नै सब वस्तु प्रिय छन्

स होवाच न वा अरे पत्युः कामाय पतिः प्रियो भवत्यात्मनस्तु कामाय पतिः प्रियो भवति । न वा अरे जायायै कामाय जाया प्रिया भवत्यात्मनस्तु कामाय जाया प्रिया भवति । न वा अरे पुत्राणां कामाय पुत्राः प्रिया भवन्त्यात्मनस्तु कामाय पुत्राः प्रिया भवन्ति । न वा अरे वित्तस्य कामाय वित्तं प्रियं भवत्यात्मनस्तु कामाय वित्तं प्रियं भवति । न वा अरे पशूनां कामाय पशवः प्रिया भवन्त्यात्मनस्तु कामाय पशवः प्रिया भवन्ति । न वा अरे ब्रह्मणः कामाय ब्रह्म प्रियं भवत्यात्मनस्तु कामाय ब्रह्म प्रियं भवति । न वा अरे क्षत्रस्य कामाय क्षत्रं प्रियं भवत्यात्मनस्तु कामाय क्षत्रं प्रियं भवति । न वा अरे लोकानां कामाय लोकाः प्रिया भवन्त्यात्मनस्तु कामाय लोकाः प्रिया भवन्ति । न वा अरे देवानां कामाय देवाः प्रिया भवन्त्यात्मनस्तु कामाय देवाः प्रिया भवन्ति । न वा अरे वेदानां कामाय वेदाः प्रिया भवन्त्यात्मनस्तु कामाय वेदाः प्रिया भवन्ति । न वा अरे भूतानां कामाय भूतानि प्रियाणि भवन्त्यात्मनस्तु कामाय भूतानि प्रियाणि भवन्ति । न वा अरे सर्वस्य कामाय सर्वं प्रियं भवत्यात्मनस्तु कामाय सर्वं प्रियं भवति । आत्मा वा अरे द्रष्टव्यः श्रोतव्यो मन्तव्यो निदिध्यासितव्यो मैत्रेय्यात्मनि खल्वरे दृष्टे श्रुते मते विज्ञाते इदꣳसर्वं विदितम् ॥ ६

पदार्थ — सः — ती याज्ञवल्क्यले, उवाच — भनेथे, ह — निश्चय हो, अरे — हे मैत्रेयी ! पत्युः — पतिको, कामाय — मतलबका निमित्त, पतिः — पति, प्रियः — प्यारो, न भवति — हुँदैन, वै — निस्सै हो, तु — के त, आत्मनः —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो, कामाय — मतलबका निमित्त, पतिः —पति, प्रियः —प्यारो, भवति— हुन्छ, अरे — हे मैत्रेयी ! जायायै — भार्याको, कामाय— मतलबका निमित्त, जाया — भार्या, प्रिया — प्यारी, न भवति —हुन्न, वै — निश्चय हो, तु—के त, आत्मनः — आफ्नो, कामाय — मतलबका निमित्त, जाया — भार्या, प्रिया — प्यारी, भवति — हुन्छे, अरे — हे मैत्रेयी ! पुत्राणाम् — छोराहरूको, कामाय— मतलबका निमित्त, पुत्राः — छोराहरू, प्रियाः —प्यारा, न भवन्ति— हुँदैनन्, वै—अवश्य हो, तु—के त, आत्मनः—आफ्ना, कामाय— मतलबक निमित्त, पुत्राः — छोराहरू, प्रियाः — प्यारा, भवन्ति — हुन्छन्, अरे —हे मैत्रेयी ! वित्तस्य — धनका, कामाय — मतलबका निमत्त, वित्तम् — धन, प्रियम् — प्यारो, न भवति — हुँदैन, वै — अवश्य हो, तु — के त, आत्मनः—आफ्ना, कामाय — मतलबका निमित्त, वित्तम् — धन, प्रियम्— प्यारो, भवति— हुन्छ, अरे — हे मैत्रेयी ! पशूनाम् — पशुहरूका, कामाय — मतलबका निमित्त, पशवः — पशुहरू, प्रियाः — प्यारा, न भवन्ति — हुँदैनन्, वै — निस्सै हो, तु — के त, आत्मनः — आफ्ना, कामाय — मतलबका निमित्त, पशवः — पशुहरू, प्रिया—प्यारा, भवन्ति—हुन्छन्, अरे—हे मैत्रेयी ! ब्रह्मणः — ब्राह्मणको, कामाय — मतलवका निमित्त, ब्रह्म — ब्राह्मण, प्रियम् — प्यारो, न भवति— हुँदैन, वै — अवश्य हो, तु — के त, आत्मनः — आफ्नो, कामाय — मतलबका निमित्त, ब्रह्म — ब्राह्मण, प्रियम् — प्यारो, भवति — हुन्छ, अरे — मैत्रेयी ! क्षत्रस्य — क्षत्रियको, कामाय — मतलबका निमित्त, क्षत्रम् — क्षत्रिय, प्रियम् प्यारो, न भवति — हुँदैन, वै — निस्सै हो, तु — के त, आत्मनः — आफ्नो, कामाय— — मतलबका निमित्त, क्षत्रम् — क्षत्रिय, प्रियम् — प्यारो, भवति— हुन्छ, अरे — हे मैत्रेयी ! लोकानाम् — लोकहरूको, कामाय — मतलबलाई, लोकाः — लोकहरू, प्रियाः — प्यारा, न भवन्ति — हुँदैनन्, वै —निश्चय हो, तु — के त, आत्मनः — आफ्नो, कामाय — मतलबलाई, लोकाः — लोकहरू, प्रियाः — प्यारा, भवन्ति — हुन्छन्, अरे—हे मैत्रेयी ! देवानाम्— देवताहरूको, कामाय — मतलबलाई, देवाः — देवताहरू, प्रियाः— प्यारा, न भवन्ति — हुँदैनन्, वै — निश्चय हो, तु — के त, आत्मनः — आफ्नो, कामाय — मतलबका निमित्त, देवाः — देवताहरू, प्रियाः —प्यारा, भवन्ति — हुन्छन्, अरे — हे मैत्रेयी, वेदानाम् — वेदहरूको, कामाय — मतलबका निमित्त, वेदाः — वेदहरू, प्रियाः— प्यारा, न भवन्ति— हुँदैनन्, वै — अवश्य हो, तु — के त, आत्मनः— आफ्ना, कामाय — मतलबका निमित्त, वेदाः — वेदहरू, प्रियाः — प्यारा, भवन्ति — हुन्छन्, अरे — हे मैत्रेयी ! भूतानाम् — प्राणीहरूका, कामाय—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मतलबका निमित्त, भूतानि—भूतहरू, प्रियाणि— प्यारा, न भवन्ति— हुँदैनन्, वै — निश्चय हो, तु — के त, आत्मनः— आफ्नो, कामाय — मतलबलाई, भूतानि — भूतहरू, प्रियाणि — प्यारा, भवन्ति — हुन्छन्, अरे —हे मैत्रेयी ! सर्वस्य—सबैको, कामाय— प्रयोजनका निमित्त, सर्वम्— सबै, प्रियम्— प्यारो, न भवति—हुँदैन, वै—अवश्य हो, तु—के त, आत्मनः— आफ्नो, कामाय — प्रयोजनलाई, सर्वम् — सबै, प्रियम् — प्यारो, भवति — हुन्छ, अरे — हे मैत्रेयी ! आत्मा — आत्मा, वै — निश्चयसाथ, द्रष्टव्य — देख्नुपर्दछ, (कसरी ?) श्रोतव्यः — सुन्नुपर्दछ, मन्तव्यः — मनन गर्नुपर्दछ, निदिध्यासितव्यः — निश्चयसाथ ध्यान गर्नुपर्दछ, अरे मैत्रेयि — हे मैत्रेयी ! आत्मनि — आत्मा, दृष्टे — देखेपछि, श्रुते — सुनिएपछि, मते — मनन गरिएपछि, विज्ञाते — निश्चय गरिएपछि, इदम् — यो, सर्वम् — संपूर्ण जगत्, विदितम्— जानिएको, (भवति) — हुन्छ ।

वाक्यार्थ — याज्ञवल्क्यले भनेथे—यो निश्चय हो, हे मैत्रेयी ! पतिको प्रयोजनलाई पति प्यारो हुँदैन, किन्तु आफ्नो प्रयोजनका निमित्त पति प्यारो हुन्छ । भार्याका निमित्त भार्या प्यारी हुन्न, किन्तु आफ्ना निमित्त भार्या प्यारी हुन्छे । छोराहरूका मतलबका निमित्त छोराहरू प्यारा हुँदैनन्, किन्तु आफ्नो मतलबका निमित्त छोराहरू प्यारा हुन्छन् । धनका मतलबका निमित्त धन प्यारो हुँदैन, किन्तु आफ्नो मतलबका निमित्त धन प्यारो हुन्छ । पशुहरू (वस्तु-भाउहरू) का निमित्त पशुहरू प्यारा हुँदैनन्, किन्तु आफ्ना निमित्त पशुहरू प्यारा हुन्छन् । ब्राह्मणका मतलबका निमित्त ब्राह्मण प्यारा हुँदैनन्, किन्तु आफ्ना मतलबका निमित्त ब्राह्मणहरू प्यारा हुन्छन् । क्षत्रीको मतलबका निमित्त क्षत्री प्यारो हुँदैन, किन्तु आफ्नो मतलबका निमित्त क्षत्री प्यारो हुन्छ । स्वर्गादि-लोकहरूका निमित्त स्वर्गादि लोक प्यारा हुँदैनन्, किन्तु आफ्ना निमित्त स्वर्गादि लोक प्यारा हुन्छन् । देवताहरूका प्रयोजनलाई देवताहरू प्यारा हुँदैनन्, आफ्ना प्रयोजनलाई देवताहरू प्यारा हुन्छन् । वेदहरूका प्रयोजनलाई वेदहरू प्यारा हुँदैनन्, किन्तु आफ्ना प्रयोजनलाई वेदहरू प्यारा हुन्छन् । भूत (प्राणी) हरूका मतलबलाई भूतहरू प्यारा छैनन्, किन्तु आफ्ना मतलबलाई भूतहरू प्यारा छन् । किं बहुना? सबैको प्रयोजनका निमित्त सबै प्यारो हुँदैन, किन्तु आफ्नो प्रयोजनका निमित्त सबै प्यारा हुन्छन् । अतः हे मैत्रेयी ! आत्मा (आफू) को साक्षात्कार गर्नुपर्दछ । कुन तरीकाले भने, पहिले गुरु र शास्त्रहरूबाट श्रवण गर्नुपर्दछ ; अनि श्रवण गरिएको कुरा ठीक हो-होइन भनी मनन गर्नुपर्दछ, तर्क-उपपत्तिले मननबाट

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठीक ठहरेपछि निश्चयपूर्वक ध्यान गर्नुपर्दछ । आत्मा देखिएपछि, सुनिएपछि, मनन गरिएपछि र निश्चयपूर्वक जानिएपछि यो संपूर्ण जगत् जानिएको हुन्छ ।

भेद–दृष्टिले हानि हुने देखाएर 'जे छ सब आत्मा नै हो' यस तत्त्वको उपदेश

ब्रह्म तं परादाद् योऽन्यत्रात्मनो ब्रह्म वेद क्षत्रं तं परादाद् योऽन्यत्रात्मनः क्षत्रं वेद लोकास्तं परादुर्योऽन्यत्रात्मनो लोकान् वेद देवास्तं परादुर्योऽन्यत्रात्मनो देवान् वेद वेदास्तं परादुर्योऽन्यत्रात्मनो वेदान् वेद भूतानि तं परादुर्योऽन्यत्रात्मनो भूतानि वेद सर्वं तं परादाद् योऽन्यत्रात्मनः सर्वं वेदेदं ब्रह्मेदं क्षत्रमिमे लोका इमे देवा इमे वेदा इमानि भूतानीदꣳसर्वं यदयमात्मा ॥ ७ ॥

पदार्थ — ब्रह्म — ब्राह्मण-जातिले, तम् — त्यसलाई, परादात् — पर फ्याँकिदिन्छ, यः — जो, ब्रह्म — ब्राह्मण-जातिलाई, आत्मनः — आत्मस्वरूप-देखि, अन्यत्र — भिन्नै, वेद — जान्दछ, क्षत्रम्— क्षत्रिय-जातिले, तम् — त्यस-लाई, परादात्—पर फ्याँकिदिन्छ, यः –जो, क्षत्रम्—क्षत्रिय-जाति, आत्मनः— आत्मस्वरूपदेखि, अन्यत्र — भिन्नै, वेद — जान्दछ, लोकाः — लोकहरूले, तम् — त्यसलाई, परादुः — फ्याँकिदिन्छन्, यः — जो, लोकान् — लोकहरूलाई आत्मनः — आत्मस्वरूपदेखि, अन्यत्र — भिन्न, वेद — जान्दछ, देवाः — देवता-हरूले, तम् — त्यसलाई, परादुः — फ्याँकिदिन्छन्, यः — जो, देवान् — देवता-हरूलाई, आत्मनः — आत्मस्वरूपदेखि, अन्यत्र —भिन्न, वेद—जान्दछ, वेदा— वेदहरूले, तम् — त्यसलाई, परादुः — फ्याँकिदिन्छन्, यः — जो, वेदान् —वेद-हरूलाई, आत्मनः—आत्म-स्वरूपदेखि, अन्यत्र – भिन्न, वेद—जान्दछ, भूतानि – प्राणीहरूले, तम् — त्यसलाई, परादुः — फ्याँकिदिन्छन्, यः — जो, भूतानि — प्राणीहरूलाई, आत्मनः — आत्मस्वरूपदेखि, अन्यत्र — भिन्न, वेद — जान्दछ, सर्वम् — सबै कुराले, तम् — त्यसलाई, परादुः— फ्याँकिदिन्छन्, यः — जो, सर्वम् — सब कुरालाई, आत्मनः — आत्मस्वरूपदेखि, अन्यत्र — भिन्न, वेद–जान्दछ, इदम्—यो, ब्रह्म—ब्राह्मण-जाति, इदम्—यो, क्षत्रम्—क्षत्रिय-जाति, इमे — यी, लोकाः — लोकहरू, इमे— यी, देवाः — देवताहरू, इमे — यी, वेदाः — वेदहरू, इमानि — यी, भूतानि — प्राणीहरू, इदम् — यो, सर्वम् — सबै कुरा, यत् — जो छ, अयम् — यो, आत्मा — आत्मा हो,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — ब्राह्मण-जातिले त्यसलाई फ्याँकिदिन्छ, जसले ब्राह्मण-जातिलाई आत्मस्वरूपदेखि भिन्न ठान्दछ । क्षत्रिय-जातिले त्यसलाई फ्याँकिदिन्छ जसले क्षत्रिय-जातिलाई आत्मस्वरूपदेखि भिन्न ठान्दछ । लोकहरूले त्यसलाई फ्याँकिदिन्छन्, जसले लोकहरूलाई आत्मस्वरूपदेखि पृथक् ठान्दछ । देवताहरूले त्यसलाई फ्याँकिदिन्छन् जसले देवताहरूलाई आत्मस्वरूपदेखि पृथक् ठान्दछ । वेदहरूले त्यसलाई फ्याँकिदिन्छन् जसले वेदहरूलाई आत्मस्वरूपदेखि भिन्न ठान्दछ । प्राणीहरूले त्यसलाई फ्याँकिदिन्छन् जसले प्राणीहरूलाई आत्मस्वरूपदेखि भिन्न ठान्दछ । सबै कुराले त्यसलाई फ्याँकिदिन्छ, जसले सब कुरालाई आत्मस्वरूपदेखि भिन्न ठान्दछ । अभिप्राय के हो त भने ब्राह्मणजाति, क्षत्रियजाति, लोकहरू, देवताहरू, वेदहरू, प्राणीहरू र किं बहुना ? यो समस्त वस्तु जो छ त्यो सब आत्मा हो ।

सबलाई आत्मरूपले ग्रहण गर्नामा दृष्टान्त

स यथा दुन्दुभेर्हन्यमानस्य न बाह्याञ्छब्दाञ्छक्नुयाद् ग्रहणाय दुन्दुभेस्तु ग्रहणेन दुन्दुभ्याघातस्य वा शब्दो गृहीतः ॥ ८ ॥

पदार्थ — (यस विषयमा) सः —त्यो दृष्टान्त छ, यथा — जस्तै, हन्यमानस्य —पिटिंदो, दुन्दुभेः—नगराका, बाह्यान्—बाहिर फैलिएका, शब्दान्—शब्दविशेषलाई, ग्रहणाय (शब्द-सामान्यबाट अलग गरेर) ग्रहण गर्न, न शक्नुयात् — सक्तैन, दुन्दुभेः तु — नगराका शब्द हुन् भनेर त, वा — अथवा, दुन्दुभ्याघातस्य — नगरा ठोकाइबाट भएका शब्द हुन् भनेर, ग्रहणेन — लिनाले, शब्दः — शब्द-विशेष, गृहीतः — ग्रहण गरिएको हुन्छ ।

वाक्यार्थ यसमा (सबलाई आत्मरूपले ग्रहण गर्ने विषयमा) त्यो दृष्टान्त छ, जस्तो हानिंदो नगराका बाहिर फैलिएका शब्द विशेषलाई, शब्दसामान्यबाट अलग गरी ग्रहण गर्न सकिंदैन, 'नगराका शब्द हुन्' भनेर वा 'नगरा ठोकाइबाट निक्लेका शब्द हुन्' भनी शब्द सामान्य रूप लिएमा त शब्दविशेष ग्रहण गरिएकै हुन्छ । अर्थात् 'दुम् दुम्' यस रूपको शब्द पनि शब्द नै भएकाले 'शब्द' भनेर ग्रहण गर्दा 'दुम् दुम्' पनि ग्रहण भै हाल्दछ ।

सूचना — यस विषयमा विशेष टिप्पणी तृतीयाध्यायका चतुर्थ ब्राह्मणको सप्तम कण्डिकामा द्रष्टव्य ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स यथा शङ्खस्य ध्मायमानस्य न बाह्याञ्छब्दाञ्छक्नुयाद् ग्रहणाय शङ्खस्य तु ग्रहणेन शङ्खध्मस्य वा शब्दो गृहीतः ॥९॥

पदार्थ — (यसमा दोस्रो) सः — त्यो दृष्टान्त छ, यथा — जस्तो, ध्मायमानस्य — फुकिंदो, शङ्खस्य — शङ्खका, बाह्यान् — बाहिर फैलिएका, शब्दान् — शब्द-विशेषलाई, ग्रहणाय — ग्रहण गर्न, न शक्नुयात् — (कोही) सक्तैन, शङ्खस्य तु — शङ्खका शब्द हुन् भनेर त, वा — अथवा, शङ्खध्मस्य — शङ्ख फुकाइबाट निक्लेका शब्द हुन् भनेर, ग्रहणेन — लिनाले, शब्दः — शब्द-विशेष, गृहीतः — ग्रहण गरिएको हुन्छ ।

वाक्यार्थ — यसमा दोस्रो दृष्टान्त छ—जस्तो फुकिंदो शङ्खका बाहिर फैलिएका शब्द-विशेष (भूँ भूँ) लाई शब्द-सामान्यबाट छुट्याएर लिन सकिंदैन, 'शङ्खका शब्द हुन् ' भनेर वा शङ्ख फुकाइबाट निक्लेका शब्द हुन् भनी सामान्यरूपले लिनाले त यो शब्द-विशेष लिइएकै हुन्छ ।

यथा वीणायै वाद्यमानायै न बाह्याञ्छब्दाञ्छक्नुयाद् ग्रहणाय वीणायै तु ग्रहणेन वीणावादस्य वा शब्दो गृहीतः ॥१०॥

पदार्थ — (यसमा दोस्रो) सः — त्यो दृष्टान्त छ, यथा — जस्तो, वाद्यमानायै — बजाइँदो, वीणायै — वीणाको, बाह्यान् — बाहिर फैलिएका, शब्दान् — शब्द-विशेष (झङ्कार) लाई, ग्रहणाय — शब्द-सामान्यबाट छुट्याएर ग्रहण गर्न, न शक्नुयात् — (कोही) सक्तैन, वीणायै — वीणाका शब्द हुन् भनेर, वा — अथवा, वीणावादस्य — वीणा बजाइबाट निक्लेका शब्द हुन् भनेर, ग्रहणेन ग्रहण गर्नाले, तु — त, शब्दः — शब्द-विशेष, गृहीतः — ग्रहण गरिएको हुन्छ ।

वाक्यार्थ — यसमा तेस्रो दृष्टान्त छ— जस्तो बजाइँदा वीणाको बाहिर फैलिएका शब्द-विशेष (झङ्कार) लाई शब्द-सामान्यबाट छुट्याई ग्रहण गर्न सकिंदैन, 'वीणाका शब्द हुन्' भनेर वा वीणा बजाइबाट निक्लेका शब्द हुन् भनी सामान्य-रूपमा लिएमा त शब्द-विशेष ग्रहण गरिएकै हुन्छ ।

स यथार्द्रेधाग्नेरभ्याहितस्य पृथग्धूमा विनिश्चरन्त्येवं वा अरेऽस्य महतो भूतस्य निःश्वसितमेतद्यदृग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरसं इतिहासः पुराणं विद्या

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपनिषदः श्लोकाः सूत्राण्यनुव्याख्यानानि व्याख्यानानीष्टꣳहुतमाशितं पायितमयं च लोकः परश्चलोकः सर्वाणि च भूतान्यस्यैवैतानि सर्वाणि निःश्वसितानि ॥११॥

पदार्थ — (यसमा चौथो) सः — त्यो दृष्टान्त छ, यथा — जस्तो, अभ्याहितस्य — स्थापन गरिएका, आर्द्रेधाग्नेः — चिसा समिधा भएका अग्निदेखि, पृथक् — नाना प्रकारका, धूमाः — धूवाँ–झिल्काहरू, विनिश्चरन्ति — निक्लन्छन्, एवम् — यसरी, वै — नै, अरे — हे मैत्रेयी ! अस्य — यो प्रकृत, महतः भूतस्य — महान् आत्मा (परमात्मा) को, एतत् — यो सबै, निःश्वसितम्-श्वास हो, यद् — जो, ऋग्वेदः — ऋग्वेद, यजुर्वेदः — यजुर्वेद, सामवेदः — सामवेद, अथर्वाङ्गिरसः — अथर्ववेद, इतिहासः — इतिहास, पुराणम् — पुराण, विद्या — देवजनविद्या, उपनिषदः — उपनिषद्हरू, श्लोकाः — ब्राह्मण-भागका मन्त्रहरू, सूत्राणि — वस्तुसंग्राहक वाक्यहरू, अनुव्याख्यानानि — मन्त्रका विवरणहरू, व्याख्यानानि — अर्थवादहरू, इष्टम् — यज्ञ, हुतम् — हवन हुने कर्म, आशितम् — खुवाउने कर्म, पायितम् — पियाउने कर्म, अयम्— यो, लोकः लोक, च — र, परः — पल्लो, लोकः — लोक, च — र, सर्वाणि — संपूर्ण, भूतानि — प्राणीहरू, च — पनि, एतानि — यी, सर्वाणि — समस्त वस्तु, अस्य — यस (परमात्मा)का, एव — नै, निःश्वसितानि — श्वास हुन् ।

वाक्यार्थ — यसमा चौथो दृष्टान्त छ– जस्तो स्थापन गरिएका चिसा समिधावाला अग्निबाट नाना प्रकारका धूवाँ–झिल्काहरू निक्लन्छन्, त्यसै गरी यस महान् आत्माबाट निस्केका यी श्वास हुन्, जो ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद यी चार प्रकारका मन्त्र-समुदाय, 'उर्वशी हाप्सराः' (उर्वशी अप्सरा थिइन्) इत्यादि रूपका उर्वशी पुरुरवाका संवाद आदि इतिहास ब्राह्मण, 'असद्वा इदमग्र आसीत्' (आरम्भमा यो सब असत् नै थियो) (तैत्ति. उप. २।६।१) इत्यादि रूपको पुराण, 'वेदः सोऽयम्' (त्यै यो वेद) इत्यादि देवजनविद्या, 'प्रियमित्येतदुपासीत' (यो प्रियवस्तु हो) भनी उपासना गरोस् (बृ. उ. ४।१।३।) इत्यादि उपनिषद्हरू, 'तदेते श्लोकाः' (त्यस अर्थमा यी मन्त्र छन्) (बृ.उ. ४।३।१०) इत्यादि 'श्लोक' भनिने मन्त्रहरू, 'आत्मेत्येवोपासीत' (आत्मा हो भनी उपासना गर्नू) (१।४।७) इत्यादि वस्तु-संग्राहक सूत्रहरू, तथा मन्त्रका विवरणहरू, अर्थवादहरू, तथा यज्ञ, हवन हुने कर्म, खुवाउने कर्म, पियाउने कर्म, यो लोक, परलोक र संपूर्ण प्राणीहरू, यी सब चीज यसै महान् आत्माका श्वास (विना प्रयास प्रकट भएका वस्तु) हुन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स यथा सर्वासामपाꣳसमुद्र एकायनमेवꣳसर्वेषाꣳस्पर्शानां त्वगेकायनमेवꣳ सर्वेषां गन्धानां नासिके एकायनमेवꣳसर्वेषाꣳरसानां जिह्वैकायनमेवꣳ सर्वेषाꣳरूपाणां चक्षुरेकायनमेवꣳसर्वेषाꣳशब्दानाꣳश्रोत्रमेकायनमेवꣳसर्वेषाꣳ संकल्पानां मन एकायनमेवꣳसर्वासां विद्यानाꣳहृदयमेकायनमेवꣳसर्वेषां कर्मणाꣳ हस्तावेकायनमेवꣳसर्वेषामानन्दानामुपस्थ एकायनमेवꣳसर्वेषां विसर्गाणां पायुरे-कायनमेवꣳसर्वेषामध्वनां पादावेकायनमेवꣳसर्वेषां वेदानां वागेकायनम् ॥१२॥

पदार्थ— (यसमा पाँचौं) सः— त्यो दृष्टान्त छ, यथा — जस्तो, सर्वासाम्— सबै, अपाम् — पानीको, समुद्रः — समुद्र, एकायनम् — एउटै भइने आश्रय छ, एवम् — यस्तै, सर्वेषाम् — संपूर्ण, स्पर्शानाम् — स्पर्श-विशेषको, त्वक् — त्वचाको विषय स्पर्शसामान्य, एकायनम् — एउटै भइने आश्रय छ, एवम् — यस्तै, सर्वेषाम् — संपूर्ण, गन्धानाम् — गन्ध-विशेषको, नासिके — घाणेन्द्रियको विषय गन्धसामान्य, एकायनम्— एउटै भइने आश्रय छ, एवम्— यस्तै, सर्वेषाम्— संपूर्ण, रसानाम् — रसविशेषको, जिह्वा — रसनेन्द्रियको विषय रससामान्य, एकायनम्— एउटै भइने आश्रय छ, एवम्—यस्तै, सर्वेषाम्— संपूर्ण, रूपाणाम्— रूपविशेषको, चक्षुः — चक्षुरिन्द्रियको विषय रूपसामान्य, एकायनम् — एउटै भइने आश्रय छ, एवम् — यस्तै, सर्वेषाम् — समस्त, शब्दानाम्— शब्दविशेषको, श्रोत्रम् — श्रोत्रेन्द्रियको विषय शब्दसामान्य, एकायनम् — एउटै भइने आश्रय छ, एवम् — यस्तै, सर्वेषाम् — समस्त, संकल्पानाम् — संकल्पविशेषको, मनः — मनको विषयभूत संकल्पसामान्य, एकायनम् — एउटै भइने आश्रय छ, एवम् — यस्तै, सर्वासाम् — समस्त, विद्यानाम् — ज्ञानविशेषको, हृदयम् — बुद्धिको विषय ज्ञानसामान्य, एकायनम् — एउटै भइने आश्रय छ, एवम् — यस्तै, सर्वेषाम् — समस्त, कर्मणाम् — कर्मविशेषको, हस्तौ — पाणीन्द्रियको विषय कर्मसामान्य, एकायनम् — एउटै भइने आश्रय छ, एवम् — यस्तै, सर्वेषाम् — समस्त, आनन्दानाम् — आनन्दविशेषको, उपस्थः — गुप्तेन्द्रियको विषय आनन्दसामान्य, एकायनम् — एउटै भइने आश्रय छ, एवम् — यस्तै, सर्वेषाम्— समस्त, विसर्गाणाम् — त्यागविशेषको, पायुः — गुदेन्द्रियको विषय त्याग-सामान्य, एकायनम् — एउटै भइने आश्रय छ, एवम् — यस्तै, सर्वेषाम् — संपूर्ण, अध्वनाम् — गमनविशेषको, पादौ — पादेन्द्रियको विषय गमनसामान्य, एकायनम्— एउटै भइने आश्रय छ, एवम्— यस्तै, सर्वेषाम्— संपूर्ण, वेदानाम्— वेदको, वाक् — वागिन्द्रियको विषय वचनसामान्य, एकायनम् — एउटै भइने आश्रय छ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — यस विषयमा पाँचौं दृष्टान्त त्यो छ जस्तो सबै पानीको एउटै भइने आश्रय समुद्र छ, यस्तै कमलो, साह्रो आदि स्पर्शविशेषको–त्वगिन्द्रियको विषय स्पर्शसामान्य एउटै भइने आश्रय छ। यस्तै सुगन्ध-दुर्गन्ध आदि गन्धविशेषको घ्राणेन्द्रियको विषय गन्धसामान्य एउटै भइने आश्रय छ। यस्तै गुलियो, अमिलो–आदि रसविशेषको-रसनेन्द्रियको विषय रससामान्य एउटै भइने आश्रय छ। यस्तै सेतो, रातो आदि रूपविशेषको–चक्षुरिन्द्रियको विषय रूपसामान्य एउटै भइने आश्रय छ, यस्तै वर्ण, ध्वनि आदि शब्दविशेषको श्रोत्रेन्द्रियको विषय शब्दसामान्य एउटै भइने आश्रय छ। यस्तै संपूर्ण संकल्पविशेषको–मनको विषय संकल्पसामान्य एउटै भइने आश्रय छ। यस्तै संपूर्ण ज्ञानविषेषको–बुद्धिको विषय ज्ञानसमान्य एउटै भइने आश्रय छ। यस्तै संपूर्ण कर्मविशेषको–पाणीन्द्रियको विषय कर्मसामान्य एउटै भइने आश्रय छ। यस्तै संपूर्ण सुखविशेषको–गुप्तेन्द्रियको विषय सुखसामान्य एउटै भइने आश्रय छ। यस्तै समस्त त्यागविशेषको–गुदेन्द्रियको विषय त्याग-सामान्य एउटै भइने आश्रय छ। यस्तै संपूर्ण गमनविशेषको–पादेन्द्रियको विषय गमनसामान्य एउटै भइने आश्रय छ। यस्तै संपूर्ण वेदहरूको—वागिन्द्रियको विषय वचनसामान्य एउटै भइने आश्रय छ।

स यथा सैन्धवघनोऽनन्तरोऽबाह्यः कृत्स्नो रसघन एवैवं वा अरेऽयमात्मानन्तरोऽबाह्यः कृत्स्नः प्रज्ञानघन एवैतेभ्यो भूतेभ्यः समुत्थाय तान्येवानुविनश्यति न प्रेत्यसंज्ञास्तीत्यरे ब्रवीमीति होवाच याज्ञवल्क्य : ॥१३ ॥

पदार्थ— (यसमा छैटौं) सः— त्यो दृष्टान्त छ, यथा — जस्तो, सैन्धवघनः— नूनको ढिको, अनन्तरः — भित्र भन्नु नभएको, अबाह्यः— बाहिर भन्नु नभएको, कृत्स्नः — सबका सब, रसघनः — ठोसरूपमा नुनिलो स्वादवाला वस्तु हुन्छ, एवम् — यस्तै, अरे — हे मैत्रेयी ! अयम् — यो—आत्मा—जीवात्मा, अनन्तरः, न भित्र भएको भन्नु, अबाह्यः— न बाहिर भएको भन्नु, (किन्तु) कृत्स्नः—संपूर्ण, प्रज्ञानघनः — ठोस चैतन्यमात्र भएको हुन्छ, (यो आत्मा) एतेभ्यः — यी, भूतेभ्यः — पञ्चमहाभूतहरूबाट, समुत्थाय — उठेर, (विशेषरूपमा प्राप्त भएर) तानि एव — तिनकै, अनुविनश्यति — पछि लागेर नाश हुन्छ, अर्थात् विद्याद्वारा भूतवर्ग लय हुँदा तिनले उठाएको आत्माको विशेष रूप पनि लीन हुन्छ, प्रेत्य— मरेपछि, संज्ञा— बुद्धिले गराउने प्रतीति, न–हुँदैन, अरे — हे मैत्रेयी ! (म) इति — यसो, ब्रवीमि — भन्दछु, इति — यसो, याज्ञवल्क्यः — याज्ञवल्क्यले, आह — भने, ह — यो पुराकालमा भएको कुरा हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — यसमा छैटौं दृष्टान्त छ–जस्तो नूनको ढिको भित्रतिर-बाहिरतिर भन्ने केही विशेष नभई सबका सब नुनिलो स्वादवाला वस्तु छ, त्यस्तैं हे मैत्रेयी ! यो आत्मा पनि भित्र-बाहिर भन्ने कुनै विशेष नभई सबका सब नै ठोस चैतन्य मात्र छ । यी पञ्चमहाभूतहरूबाट उठेर अर्थात् यिनका संसर्गले विशेष (विज्ञान–बुद्धि)–रूपमा प्राप्त भएर, (विद्याको उदय भएपछि) तिनै भूतका साथ आफू (विशेषरूप विज्ञान) पनि लीन हुन्छ । मरेपछि संज्ञा (कुनै प्रतीति) हुँदैन, हे मैत्रेयी ! म यसै भन्छु भनेर याज्ञवल्क्यले भने ।

निर्विशेष आत्माका विषयमा मैत्रेयीको शङ्का र याज्ञवल्क्यको समाधान

सा होवाच मैत्रेय्यत्रैव मा भगवान् मोहान्तमापीपिपन्न वा अहमिमं विजानामीति स होवाच न वा अरेऽहं मोहं ब्रवीम्यविनाशी वा अरेऽयमात्मानुच्छित्तिधर्मा ।। १४ ।।

पदार्थ — सा — ती, मैत्रेयी — मैत्रेयीले, इति — यसो, उवाच — भनिन्, ह — निश्चय हो, अत्र एव — यै विषय (प्रज्ञानघनमा मरेपछि प्रतीति हुँदैन भन्ने) मा, मा — मलाई, भगवान्— हजूरले, मोहान्तम्— मोहका बीचमा, अपीपिपत् — पार्नुभयो, अहम् — म, इमम् — यस आत्मालाई, न जानामि — बुझ्दिनँ, वै — निश्चय हो, सः — ती याज्ञवल्कले, ह — निश्चयसाथ, उवाच — भने, अरे — हे मैत्रेयी ! अहम् — म, वै — अवश्य पनि, मोहम्—मोहमा पार्ने वाक्य, न ब्रवीमि — बोल्दिनँ, अरे — हे मैत्रेयी ! , अयम् — यो, आत्मा — आत्मा, अविनाशी — विकार नहुने स्वभावको छ, (तथा) अनुच्छित्तिधर्मा— विनाश नहुने स्वभावको छ, वै — यो कुरा पक्का हो ।

वाक्यार्थ — अनि मैत्रेयीले भनिन्– प्रज्ञानघनमा मरेपछि संज्ञा (प्रतीति) हुँदैन भन्ने यै विषयमा मलाई हजूरले मोहमा पार्नुभयो । अर्थात् मरेपछि कुनै प्रतीति नहुने हो भने त आत्माकै सत्ता नरहने रहेछ भन्ने पो लाग्छ । यसमा लगत्तै याज्ञवल्क्यले भने–मैत्रेयी ! म मोहमा पार्ने वाक्य कहिल्यै बोल्दिनँ । तिमीलाई बताउँदै आए-अनुसार यो कुरा त निश्चितै छ कि 'आत्मा अविकारी एवं अविनाशी नै छ ।'

टिप्पणी — यहाँ आत्मा अविनाशी छ भने ज्ञानीको देहपात भएपछि पनि किन कुनै प्रतीति नहुने त ? भन्ने मैत्रेयीको शङ्का त्यसै रहेजस्तो देखिन्छ । तर गत कण्डिका १३ अनुसार याज्ञवल्क्यको आशय हो–संज्ञा (प्रतीति) हुन्न भनेको विद्यालै विशेष विज्ञान (बौद्ध प्रत्यय) र त्यसको कारणरूप भूतसंसर्ग लीन भैसकेकालै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धिले गर्दा उने प्रतीति हुँदैन भनेको हो । आत्माको स्वरूपभूत चैतन्यको स्फुरण त किन हराउँथ्यो र ?

उपदेशको उपसंहार र याज्ञवल्क्यको संन्यास

संबन्ध — चारै प्रपाठकमा एक आत्मा निश्चित गरियो । त्यो परब्रह्म हो । त्यसलाई प्राप्त गर्ने विषयमा उपाय भने भिन्न-भिन्न छन् । तर उपेय वस्तु त एउटा आत्मा हो । , जो चौथा प्रपाठक (द्वितीयाध्याय) मा 'अथात आदेशो नेति नेति' यस प्रकार निर्देश गरियो । त्यै आत्मा पाँचौं प्रपाठक (तृतीयाध्याय) मा प्राणरूप पणको उल्लेखद्वारा शाकल्य–याज्ञवल्क्य–संवादमा निश्चित गरियो । फेरि पञ्चम प्रपाठकको समाप्तिमा, अनि जनक–याज्ञवल्क्य–संवादमा पुनः यहाँ उपनिषद्का समाप्तिमा पनि सोही कुरा निर्धारित छ । चार प्रपाठकको तात्पर्य आत्मामा छ, यिनमा अरू कुनै विषय विवक्षित छैन । यै कुरा प्रदर्शित गर्न अन्तमा 'नेति नेति' इत्यादिरूपले उपसंहार गरिएको छ । जब तत्त्व शर्यो प्रकारले निरूपण गरिदा पनि पर्यवसानचाहिं तर्कबाट पनि, शास्त्रबाट पनि 'नेति नेति' यस प्रकारले निरूपण गरिएको आत्मामा नै भएको पाइन्छ, अन्यत्र भएको पाइँदैन ; तब यो जो 'नेति नेति' यस प्रकार आत्माको परिज्ञान हुनु र संपूर्ण कर्मको संन्यास गर्नु हो त्यो नै अमृतत्वको साधन रहेछ भन्ने उपसंहार गर्दै याज्ञवल्क्य भन्दछन्—

यत्र हि द्वैतमिव भवति तदितर इतरं पश्यति तदितर इतरं जिघ्रति तदितर इतरꣳरसयते तदितर इतरमभिवदति तदितर इतरꣳशृणोति तदितर इतरं मनुते तदितर इतꣳस्पृशति तदितर इतरं विजानाति यत्र त्वस्य सर्वमात्मैवाभूत् तत् केन कं पश्येत् तत् केन कं जिघ्रेत् तत् केन कꣳरसयेत् तत् केन कमभिवदेत् तत् केन कꣳशृणुयात् तत् केन कं मन्वीत तत् केन कꣳस्पृशेत तत् केन कं विजानीयाद् यनेदꣳसर्वं विजानाति तं केन विजानीयात् स एष नेति नेत्यात्मागृह्यो न हि गृह्यतेऽशीर्यो न हि शीर्यतेऽसङ्गो न हि सज्यतेऽसितो न व्यथते न रिष्यति विज्ञातारमरे केन विजानीयादित्युक्तानुशासनासि मैत्रेय्येतावदरेखल्वमृतत्वमिति होक्त्वा याज्ञवल्क्यो विजहार ॥ १५ ॥

पदार्थ — हि— यस कारणले कि, यत्र — जुन विशेषात्मरूप ढिकोपनमा, द्वैतम् इव — दोस्रो वस्तु भएजस्तो हुन्छ, तत्— त्यसै विशेषात्मभावमा, इतरः — अर्को (एक), इतरम् — अर्को (दोस्रो) लाई, पश्यति — देख्तछ, तत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसै विशेषात्मभावमा, इतरः — अर्को (एक), इतरम्— अर्को (दोस्रो) लाई, जिघ्रति — सुङ्छ, तत् — त्यसै भावमा, इतरः — अर्को, इतरम् — अर्कालाई, रसयते— स्वाद लिन्छ, तत् —त्यसै भावमा,इतरः— अर्को, इतरम् —अर्कालाई, अभिवदति — भन्छ, तत्— त्यसै भावमा, इतरः — अर्को, इतरम्—अर्कालाई, शृणोति — सुन्छ, तत् — त्यसै भावमा, इतरः — अर्को, इतरम् — अर्कालाई, मनुते — ठान्दछ, तत् — त्यसै भावमा, इतरः — अर्को, इतरम् — अर्कालाई, स्पृशति — छुन्छ, तत् — त्यसै भावमा, इतरः — अर्को, इतरम् —अर्कालाई, विजानाति — जान्दछ, यत्र तु — जुन सामान्य आत्मभावमा त, अस्य — यस ब्रह्मवेत्ताको, सर्वम्—सबै कुरा, आत्मा—आत्मा, एव—नै, अभूत् — भएको छ, तत्—त्यस सर्वात्मभावमा, केन— केले, कम्— केलाई, पश्येत् —हेरोस्, तत् — त्यस सर्वात्मभावमा, केन — केले, कम् — केलाई, जिघ्रेत् — सुङ्घोस्, तत् — त्यस भावमा, केन —केले, कम् — केलाई, रसयेत् — स्वाद लेओस्, तत् — त्यस, भावमा, केन — केले, कम् — केलाई, अभिवदेत् —भनोस्, तत् — त्यस भावमा केन — केले, कम् — केलाई, शृणुयात् — सुनोस्, तत् — त्यस भावमा, केन — केले, कम्—केलाई, मन्वीत—ठानोस्, तत्—त्यस भावमा, केन — केले, कम्— केलाई, स्पृशेत् — छोओस्, तत् — त्यसमा, केन — केले, कम् — केलाई, विजानीयात् — थाहा गरोस्, सः— त्यो, एषः — यो, 'नेति नेति' — 'त्यो हैन, त्यो हैन 'यस रूपले, संकेत गरिने, आत्मा — आत्मा, अगृह्यः — न समातिने छ, हि — किनभने, (त्यो) न गृह्यते — कुनै करणद्वारा ग्रहण गरिंदैन, (तथा) अशीर्यः — नफुट्ने छ, हि—किनभने, न शीर्यते — मूर्त्त पदार्थ नहुनाले फुट्तैन, असङ्गः —कुनै चीजसँग नजुट्ने छ, हि — किनभने, न सज्यते — अमूर्त्त पदार्थ हुनाले जुट्तैन, असितः — बन्धनहीन छ, (अतः) न व्यथते — पीडित हुँदैन, (तथा) न रिष्यति — मर्दैन, अरे — हे मैत्रेयी ! विज्ञातारम् — जान्नेलाई, केन — कुन करणले, विजानीयात् — जानोस्, अरे मैत्रेयि — हे मैत्रेयी ! इति — यसरी, उक्तानुशासना — आत्मतत्त्व शिक्षा गरिएकी, असि — छौ, एतावत् — यति ('नेति नेति' भनेर संकेत गरिएको आत्माको साक्षात्कार), एव — नै, खलु — निश्चयले, अमृतत्वम् — अमृतत्वको साधन हो, इति — यसो, उक्त्वा — भनेर, याज्ञवल्क्यः — याज्ञवल्क्य, विजहार — संन्यास लिएर हिंडे, ह — यो अघि भएको कुरा हो ।

वाक्यार्थ — जुन विशेषात्मभावमा द्वैत (दोस्रो वस्तु हुनु) जस्तो हुन्छ, त्यसै द्वैतभावमा एकले अर्कालाई देख्छ, एकले अर्कालाई सुङ्छ, एकले अर्कालाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वाद लिन्छ, एकले अर्कालाई भन्छ, एकले अर्कालाई सुन्छ, एकले अर्कालाई ठान्छ, एकले अर्कालाई स्पर्श गर्छ, एकले अर्कालाई थाहा गर्छ। जुन सर्वात्मभाव रूप-सामान्यात्मभावमा त ब्रह्मवेत्ताका सबै कुरा आत्मा नै भैसकेको छ, त्यस दृष्टिमा आत्मादेखि बाहेकको दोस्रो चीज के छ र केले (कुन करण पदार्थले) केलाई (कुन कर्म पदार्थलाई) देखोस्, एवं केले केलाई सुङ्घोस्, केले केलाई स्वाद लेओस्, केले केलाई सुनोस्, केले केलाई ठानोस्, केले केलाई छोओस्,केले केलाई थाहा गरोस्, मनुष्य जुन आत्माले गर्दा यो सब कुरो जान्दछ, त्यस आत्मालाई केले जानोस् ? त्यै यो 'नेति नेति ' (त्यो होइन, त्यो होइन) यस प्रकार संकेत गरिएको आत्मा समात्न नसकिने छ। किनभने त्यो कुनै इन्द्रियहरूद्वारा ग्रहण गरिदैन, तथा नफुट्ने छ, किनभने त्यो मूर्त्त पदार्थ नहुनाले फुट्तैन, तथा कुनै चीजसँग नजुट्ने नै छ, किनभने अमूर्त्त पदार्थ हुनाले जुट्तैन तथा बन्धनहीन छ, अतः पीडित हुँदैन। अत एव मर्दा पनि मर्दैन। हे मैत्रेयी ! जान्ने (कर्ता) लाई कुन (करण) ले जान्ने ? जानिने (कर्म) पदार्थ भए पो जान्ने ! यसरी तिमी आत्मतत्त्व शिक्षा गरिएकी (बोध गराइएकी) छौ। मैत्रेयी ! यति (नेति नेति यस रूपले संनिषेधको अधिष्ठान स्वरूपबाट संकेत गरिएको आत्मालाई साक्षात्कार गर्नु र संपूर्ण कर्मको संन्यास गर्नु) नै तिमीले खोजेअनुसारको अमृतत्वको साधन हो, अरू केही छैन। यसरी उपदेश दिङ्गचाएर याज्ञवल्य महर्षि संन्यास आश्रममा गए।

चौथो अध्यायमा पाँचौं मैत्रेयी ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षष्ठ ब्राह्मण

याज्ञवल्कीय काण्डको वंश-परम्परा

अथ वꣳ शः । पौतिमाष्यो गौपवनाद् गौपवनः पौतिमाष्यात् पौतिष्यो गौपवनाद् गौपवनः कौशिकात् कौशिकः कौण्डिन्यात् कौण्डिन्यः शाण्डिल्याच्छाण्डिल्यः कौशिकाच्च गौतमाच्च गौतमः ॥ १ ॥ अग्निवेश्यादाग्निवेश्यो गार्ग्याद् गार्ग्यो गौतमाद् गौतमः सैतवात् सैतवः पाराशर्यायणात् पाराशर्यायणो गार्ग्यायणाद् गार्ग्यायण उद्दालकायनादुद्दालकायनो जाबालायनाज्जाबालायनो माध्यन्दिनायनान्माध्यन्दिनायनः सौकरायणात् सौकरायणः काषायणात् काषायणः सायकायनात् सायकायनः कौशिकायनेः कौशिकायनिः ॥२ ॥ घृतकौशिकाद् घृतकौशिकः पाराशर्यायणात्पाराशर्यायणः पाराशर्यात् पाराशर्यो जातूकर्ण्याज्जातूकर्ण्य आसुरायणाच्च यास्काच्चासुरायण स्त्रैवणेस्त्रैवणिरौपजन्धनेरौपजन्धनिरासुरेरासुरिर्भारद्वाजाद् भारद्वाज आत्रेयादात्रेयो माण्टेर्माण्टिर्गौतमाद् गौतमो गौतमाद् गौतमो वात्स्याद्वात्स्यः शाण्डिल्याच्छाण्डिल्यः कैशोर्यात् काप्यात् कैशोर्यः काप्यः कुमारहारितात् कुमारहारितो गालवाद् गालवो विदर्भीकौण्डिन्याद् विदर्भीकौण्डिन्यो वत्सनपातो बाभ्रवाद् वत्सनपाद्बाभ्रवः पथः सौभरात् पन्थाः सौभरोऽन्यास्यादाङ्गिरसादन्यास्य आङ्गिरस आभूतेस्त्वाष्ट्रादाभूतिस्त्वाष्ट्रो विश्वरूपात् त्वाष्ट्राद् विश्वरूपस्त्वाष्ट्रो ऽश्विभ्यामश्विनौ दधीच आथर्वणाद् दध्यङङाथर्वणोऽथर्वणो दैवादथर्वा दैवो मृत्योः प्राध्वꣳ सनान्मृत्युः प्राध्वꣳ सनः प्रध्वꣳ सनात् प्रध्वꣳ सन एकर्षेरेकर्षिर्विप्रचित्तेर्विप्रचित्तिर्व्यष्टेर्व्यष्टिः सनारोः सनारुः सनातनात् सनातनः सनगात् सनगः परमेष्ठिनः परमेष्ठी ब्रह्मणो ब्रह्म स्वयंभु ब्रह्मणे नमः ॥ ३ ॥

पदार्थ — अथ — अब, वंशः — वंश-परम्परा (कहिन्छ), पौतिमाष्यः — पौतिमाष्यले, गौपवनात्—गौपवनबाट, गौपवनः—गौपवनले, पौतिमाष्यात्—पौतिमाष्यबाट, पौतिमाष्यः— — पौतिमाष्यले, गौपवनात् — गौपवनबाट, गौपवनः — गौपवनले, कौशिकाद् — कौशिकबाट, कौशिकः — कौशिकले, कौण्डिन्यात्—कौण्डिन्यबाट, कौण्डिन्यः—कौण्डिन्यले, शाण्डिल्यात् —शाण्डिल्य-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाट, शाण्डल्यः — शाण्डिल्यले, कौशिकात् च — कौशिकबाट र, गौतमात् च— गौतमबाट पनि, गौतमः — गौतमले, आग्निवेश्यात्— आग्निवेश्यबाट, आग्निवेश्यः— आग्निवेश्यले गार्ग्यात् — गार्ग्यबाट, गार्ग्यः — गार्ग्यले, गार्ग्यात् — गार्ग्यबाट, गार्ग्यः — गार्ग्यले, गौतमात् — गौतमबाट, गौतमः — गौतमले, सैतवात् — सैतवबाट, सैतवः—सैतवले, पाराशर्यायणात्—पाराशर्यायणबाट, पाराशर्यायणः— पाराशर्यायणले, गार्ग्यायणात् — गार्ग्यायणबाट, गार्ग्यायणः — गार्ग्यायणले, उद्दालकायनात् — उद्दालकायनबाट, उद्दालकायनः — उद्दालकायनले, जाबालायनात् — जाबालायनबाट, जाबालायनः — जाबालायनले, माध्यन्दिनायनात्— माध्यन्दिनायनबाट, माध्यन्दिनायनः — माध्यन्दिनायनले, सौकरायणात् — सौकरायणबाट, सौकरायणः—सौकरायणले, काषायणात्—काषायणबाट, काषायणः—काषायणले, सायकायनात्—सायकायनबाट, सायकायनः—सायकायनले, कौशिकायनेः — कौशिकायनिबाट, कौशिकायनिः — कौशिकायनिले, घृतकौशिकात् — घृतकौशिकबाट, घृतकौशिकः — घृतकौशिकले, पाराशर्यायणात्— पाराशर्यायणबाट, पाराशर्यायणः — पाराशर्यायणले, पाराशर्यात्— पाराशर्यबाट, पाराशर्यः — पाराशर्यले, जातूकर्ण्यात् — जातूकर्ण्यबाट, जातूकर्ण्यः — जातूकर्ण्यले, आसुरायणात् च, आसुरायणबाट, र यास्कात् च — यास्कबाट पनि, आसुरायणः — आसुरायणले, त्रैवणेः — त्रैवणिबाट, त्रैवणिः — त्रैवणिले, औपजन्धनेः — औपजन्धनिबाट, औपजन्धनिः — औपजन्धनिले, आसुरेः — आसुरिबाट, आसुरिः — आसुरिले, भारद्वाजात् — भारद्वाजबाट, भारद्वाजः — भारद्वाजले, आत्रेयात् — आत्रेयबाट, आत्रेयः — आत्रेयले, माण्टेः — माण्टिबाट, माण्टिः — माण्टिले, गौतमात् — गौतमबाट, गौतमः — गौतमले, वात्स्यात् — वात्स्यबाट, वात्स्यः — वात्स्यले, शाण्डिल्यात् — शाण्डिल्यबाट, शाण्डिल्यः— शाण्डिल्यले, कैशोर्यात् काप्यात् — कैशोर्य काप्यबाट, कैशोर्यः काप्यः— कैशोर्य काप्यले, कुमारहारितात् — कुमारहारितबाट, कुमारहारितः —कुमारहारितले, गालवात् — गालवबाट, गालवः — गालवले, विदर्भी कौण्डिन्यात् — विदर्भी कौण्डिन्यबाट, विदर्भी कौण्डिन्यः — विदर्भी कौण्डिन्यले, वत्सनपातः बाभ्रवात् वत्सनपात् बाभ्रवबाट, वत्सनपात् बाभ्रवः—वत्सनपात् बाभ्रवले, पथः सौभरात्— पन्था सौभरबाट, पन्थाः सौभरः — पन्था सौभरले, अयास्यात् आङ्गिरसात् — अयास्य आङ्गिरसबाट, अयास्यः आङ्गिरसः — अयास्य आङ्गिरसले, आभूतेः त्वाष्ट्रात्—आभूति त्वाष्ट्रबाट, आभूतिः त्वाष्ट्रः—आभूति त्वाष्ट्रले, विश्वरूपात् त्वाष्ट्रात्—विश्वरूप त्वाष्ट्रबाट, विश्वरूपः त्वाष्ट्रः — विश्वरूप त्वाष्ट्रले, अश्विभ्याम्—अश्विनीकुमारबाट, अश्विनौ — अश्विनीकुमारले, दधीचः आथर्वणात्—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दध्यङ आथर्वणबाट, दध्यङ आथर्वणः — दध्यङ आथर्वणले, अथर्वणः दैवात् — अथर्वण दैवबाट, अथर्वा दैवः — अथर्वा दैवले, मृत्योः प्राध्वंसनात्, — मृत्यु प्राध्वंसनबाट, मृत्युः प्राध्वंसनः — मृत्यु प्राध्वंसनले, प्रध्वंसनात् — प्रध्वंसनबाट, प्रध्वंसनः — प्रध्वंसनले, एकर्षेः — एकर्षिबाट, एकर्षिः — एकर्षिले, विप्रचित्तेः — विप्रचित्तिबाट, विप्रचित्तिः — विप्रचित्तिले, व्यष्टेः — व्यष्टिबाट, व्यष्टिः — व्यष्टिले, सनारोः — सनारुबाट, सनारुः — सनारुले, सनातनात् — सनातनबाट, सनातनः — सनातनले, सनगात् — सनगबाट, सनगः — सनगले, परमेष्ठिनः — परमेष्ठीबाट, परमेष्ठी — परमेष्ठीले, ब्रह्मणः — ब्रह्माबाट, यो विद्या प्राप्त गरियो । ब्रह्म — ब्रह्म, स्वयंभु — आप-से-आप हुने तत्त्व हो, ब्रह्मणे — त्यस्ता ब्रह्मलाई, नमः — नमस्कार छ ।

वाक्यार्थ — अब (याज्ञवल्कीय काण्डको) वंश बताइन्छ । पौतिमाष्यले गौपवनबाट, गौपवनले पौतिमाष्यबाट, पौतिमाष्यले गौपवनबाट, गौपवनले कौशिकबाट, कौशिकले कौण्डिन्यबाट, कौण्डिन्यले शाण्डिल्यबाट, शाण्डिल्यले कौशिकबाट र गौतमबाट, गौतमले आग्निवेश्यबाट, आग्निवेश्यले गार्ग्यबाट, गार्ग्यले गार्ग्यबाट, गार्ग्यले गौतमबाट, गौतमले सैतवबाट, सैतवले पाराशर्यायणबाट, पाराशर्यायणले, गार्ग्यायणबाट, गार्ग्यायणले उद्दालकायनबाट, उद्दालकायनले जाबालायनबाट, जाबालायनले माध्यन्दिनायनबाट, माध्यन्दिनायनले सौकरायणबाट, सौकरायणले काषायणबाट, काषायणले सायकायनबाट, सायकायनले कौशिकायनिबाट, कौशिकायनिले घृतकौशिकबाट, घृतकौशिकले पाराशर्यायणबाट, पाराशर्यायणले पाराशर्यबाट, पाराशर्यले जातूकर्ण्यबाट, जातूकर्ण्यले आसुरायणबाट र यास्कबाट, आसुरायणले त्रैवणिबाट, त्रैवणिले औपजन्धनिबाट, औपजन्धनिले आसुरिबाट, आसुरिले भारद्वाजबाट, भारद्वाजले आत्रेयबाट, आत्रेयले माण्टिबाट, माण्टिले गौतमबाट, गौतमले गौतमबाट, गौतमले वात्स्यबाट, वात्स्यले शाण्डिल्यबाट, शाण्डिल्यले कैशोर्य काप्यबाट, कैशोर्य काप्यले कुमारहारितबाट, कुमारहारितले गालवबाट, गालवले विदर्भी कौण्डिन्यबाट, विदर्भी कौण्डिन्यले वत्सनपाद् बाभ्रवबाट, वत्सनपाद् बाभ्रवले पन्या सौभरबाट, पन्या सौभरले अयास्य आङ्गिरसबाट, अयास्य आङ्गिरसले आभूति त्वाष्ट्रबाट, आभूति त्वाष्ट्रले विश्वरूप त्वाष्ट्रबाट, विश्वरूप त्वाष्ट्रले अश्विनीकुमारबाट, अश्विनीकुमारले दध्यङ आथर्वणबाट, दध्यङ आथर्वणले अथर्वा दैवबाट, अथर्वा दैवले मृत्यु प्राध्वंसनबाट, मृत्यु प्राध्वंसनले प्रध्वंसनबाट, प्रध्वंसनले एकर्षिबाट, एकर्षिले विप्रचित्तिबाट, विप्रचित्तिले व्यष्टिबाट,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यष्टिले सनारुबाट, सनारुले सनातनबाट, सनातनले सनगबाट, सनगले परमेष्ठी-(विराट्) बाट, परमेष्ठीले ब्रह्मा (हिरण्यगर्भबाट) यो ब्रह्म-विद्या प्राप्त गरे। ब्रह्म नित्य स्वयंभु छ, त्यस ब्रह्मलाई नमस्कार छ ।

चौथा अध्यायमा छैटौं वंश ब्राह्मण समाप्त ।

एवं चतुर्थाध्याय पनि समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चम अध्याय

प्रथम ब्राह्मण

पूर्ण ब्रह्म र त्यसबाट उत्पन्न हुने पूर्ण कार्य

संबन्ध — 'पूर्णमदः' इत्यादि खिलकाण्ड आरम्भ गरिन्छ। उक्त चार अध्याय द्वारा जुन साक्षात् अपरोक्ष ब्रह्म तथा जुन सर्वान्तर निरुपाधिक क्षुत्पिपासादिरहित र 'नेति नेति' यस प्रकार संकेत गरिन योग्य आत्माको निश्चय गरियो तथा जसको राम्ररी ज्ञान हुनु नै एकमात्र अमृतत्वको साधन छ, शब्दार्थादि व्यवहारको विषमतामा प्राप्त भएका त्यै सोपाधिक आत्माका उपासनाहरू जो कि पहिले बताइएका छैनन्, कर्मसँग अविरुद्ध परम उत्तम अभ्युदयका साधनभूत एवं क्रममुक्ति गराउने छन्। तिनको अब वर्णन गर्नु छ। यसैलाई आउँदो ग्रन्थ छ, संपूर्ण उपासनाको अङ्गरूपले ओङ्कार, दम, दान र दया यिनको विधान गर्नु अभीष्ट छ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥ १॥

पदार्थ – अदः—त्यो निरुपाधिक परब्रह्म, पूर्णम्—व्यापक छ, इदम्—यो सोपाधिक (नामरूपस्थ) ब्रह्म (पनि), पूर्णम् — वास्तविक रूप (परमात्म-स्वरूप) ले व्यापक नै छ, इदम् —यो, विशेषभावमा प्राप्त भएको कार्यात्मक ब्रह्म, पूर्णात् — कारणात्मक ब्रह्मदेखि, पूर्णम् — व्यापक रहीरहीकन, उदच्यते — प्रकट भएको छ। पूर्णस्य — कार्यात्मक ब्रह्मको, पूर्णम् — व्यापकत्व, आदाय — लिएर, अर्थात् अविद्याले गराएको उपाधिसंसर्गजन्य अन्यत्व (अर्कोपन) लाई त्याग गरेर, पूर्णम् एव — भित्र–बाहिर भन्ने भेद केही नभएको प्रज्ञानघनरूप एकनास स्वभावको ब्रह्म नै, अवशिष्यते — शेष रहन्छ।

वाक्यार्थ— त्यो निरुपाधिक परब्रह्म आकाश जस्तो सर्वव्यापी छ। यो जगत्

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूप सोपाधिक ब्रह्म पनि सर्वव्यापी नै छ । किनभने यो कार्यात्मक ब्रह्म त्यो कारणात्मक पूर्ण ब्रह्मबाट पूर्ण रहीरहीकनै प्रकट भएको छ । अतः यस कार्य-ब्रह्मको अविद्याकृत उपाधिसंसर्गजन्य भिन्नता (अर्कोपना) लाई वास्ता नगरी केवल प्रज्ञानघनरूप एकनासे खास स्वभावलाई मात्र लिएर्पछि त व्यापक ब्रह्म नै बाँकी रहन्छ । अभिप्राय यो हो—यो कार्यब्रह्म छुट्टा देखिए पनि यसले पूर्णतालाई नछोडेकाले औपाधिक भिन्नतालाई नलिई यो पूर्णता मात्र लिएमा त उत्पत्ति, स्थिति, प्रलय सर्वदा परब्रह्मरूप अद्वैत नै कायम भै रहेको हुन्छ ।

ॐ खं ब्रह्म र त्यसका उपासनाको वर्णन

ॐ खं ब्रह्म खं पुराणं वायुरं खमिति हस्माह कौरव्यायणीपुत्रो वेदोऽयं ब्रह्मणा विदुर्वेदैनैव यद् वेदितव्यम् ॥ १ ॥

पदार्थ – खम्—आकाशरूप, ब्रह्म—ब्रह्म, ॐ—ओङ्कार हो, खम्—(यहाँ भनिएको) आकाश, पुराणम् — पुरानो, (परमात्मरूप) आकाश हो (नयाँ सृष्टि हुनेचाहिं भौतिक आकाश होइन), कौरव्यायणीपुत्रः — कौरव्यायणीका पुत्रले, खम् (यहाँ लिइएको) आकाश, वायुरम् — वायु रहने अर्थात् भौतिक नै आकाश हो, इति — यसो, आह स्म — भनेथे, ह — निश्चय हो, ब्राह्मणाः — ब्राह्मणहरू, अयम् — यो ओङ्कार, वेदः — वेद हो, (भनी) आहुः — भन्दछन्, (किनभने) यद् — जो, वेदितव्यम् – जान्नुपर्ने ब्रह्म हो, (त्यसलाई पुरुष) अनेन –यस ओङ्कारद्वारा, वेद — जान्दछ ।

वाक्यार्थ— आकाशरूप— ब्रह्म ओङ्कार हो । यहाँ आकाश भनेर नयाँ अर्थात् सृष्टि हुने मेलको आकाश होइन किन्तु पुरानो परमात्मरूप आकाश हो । कौरव्यायणीका पुत्रले भने,'यहाँ भनिएको आकाश वायु रहने प्रसिद्ध भौतिक आकाश नै हो' भने । पुरानो आकाश लिएको ठाने निरुपाधिकरूप (परब्रह्म) लिएको मान्नुपर्दछ, नयाँ आकाश लिएको ठाने सोपाधिक (अपरब्रह्म) लिएको मान्नुपर्दछ । जुन होस्, उपासनामा ओङ्कारलाई साधन लिने विषयमा केही फरक पर्दैन । किनभने 'एतद् वै सत्यकाम परं चाऽपरं च ब्रह्म यदोङ्कारः ' (हे सत्यकाम ! जो यो ओङ्कार हो त्यो परब्रह्म पनि हो, अपर ब्रह्म पनि हो) (प्रश्न उ. ५।२) भनिएको छ । यस ओङ्कारलाई ब्राह्मणहरूले 'वेद' भन्दछन् किनभने मनुष्य परमात्मालाई यै ओङ्कारद्वारा जान्दछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टिप्पणी— यस ब्राह्मणले 'ॐ खं ब्रह्म' यो मन्त्र परमात्माको ध्यान-कर्ममा विनियोग गरिन्छ । त्यसमा ओङ्कार दुइ प्रकारले साधन हुन आउँछ । एक–विष्णु आदिको शिला आदि प्रतिमा जस्तो परमात्माको प्रतीकरूपले, दोस्रो परमात्माको वाचकरूपले । उपासना दुवै रूपले शास्त्रसिद्ध छ ।

पाँचौं अध्यायमा पहिलो 'ॐ खं ब्रह्म ' ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीय ब्राह्मण

प्रजापतिले देव, मनुष्य र असुर तीनैलाई एउटै अक्षर 'द' ले पृथक्-पृथक् दम, दान र दयाको उपदेश गर्नु

संबन्ध — अब दम आदि तीन साधन विधान गर्नाका निमित्त यो ग्रन्थ आरम्भ गरिन्छ।

त्रया प्राजापत्याः प्रजापतौ पितरि ब्रह्मचर्यमूषुर्देवा मनुष्या असुरा उषित्वा ब्रह्मचर्यं देवा ऊचुर्ब्रवीतु नो भवानिति तेभ्यो हैतदक्षरमुवाच द इति व्यज्ञासिष्टा ३ इति व्यज्ञासिष्मेति होचुर्दाम्यतेति न आत्थेत्योमिति होवाच व्यज्ञासिष्टेति ॥ १ ॥

पदार्थ — त्रयाः — तीन, देवाः — देवता, मनुष्याः — मनुष्य, असुराः — दानव, प्राजापत्याः — प्रजापतिका छोराहरू, पितरि — बाबु, प्रजापतौ — प्रजापतिकहाँ, ब्रह्मचर्यम् — (उपदेश पाउनलाई) ब्रह्मचर्यपूर्वक, ऊषुः — बसेका थिए, ह — यो अघि भएको कुरा हो, ब्रह्मचर्यम् — ब्रह्मचर्यपूर्वक, उषित्वा, बसिसकेपछि, देवाः — देवताहरूले, इति — यसो, ऊचुः — भने, भवान् — तपाईं, नः — हामीहरूलाई, ब्रवीतु — उपदेश गर्नुहोस्, (अनि प्रजापतिले) तेभ्यः — तीं देवताहरूलाई, द इति — 'द' यो, अक्षरम् — अक्षर, उवाच — उपदेश गरे, ह — यो अघि भएको कुरा हो, (अनि) व्यज्ञासिष्ट — बुझ्यौ ? इति — यसो, उवाच — भने, (तव देवताहरूले) व्यज्ञासिष्म — बुझ्यौं, नः — हामीहरूलाई, दाम्यत इति — इन्द्रिय दमन गर भनी, आत्थ — भन्नुभयो, इति — यसो, ह — निश्चयसाथ, ऊचुः — भने, (अनि प्रजापतिले) ओम् — हो, इति — यसो भनीकन, व्यज्ञासिष्ट — बुझ्यौ, इति — यसो, उवाच — भने, ह — निश्चय हो।

वाक्यार्थ — देवता, मनुष्य र दानव यी तीन थरीका प्रजापतिका छोराहरू उपदेश लिन बाबु प्रजापतिकहाँ ब्रह्मचर्यपूर्वक बसेका थिए। ब्रह्मचर्य-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वक उचित समयसम्म बसिसकेपछि देवताहरूले भने– पिताजी ! तपाईं हामी-हरूलाई उपदेश गर्नुहोस् । अनि प्रजापतिले भने 'द' । अनि तिमीहरूले बुझ्यौ ? भनी सोधे । तब देवताहरूले भने–'तिमीहरूले इन्द्रिय जितेका छैनौ, इन्द्रिय दमन गर' भन्नुभएको हो, बुझ्यौं । अनि प्रजापतिले भने–ठीक हो, बुझ्यौ । निश्चय छ कि यो अघि भएको कुरा हो ।

अथ हैनं मनुष्या ऊचुर्ब्रवीतु नो भवानिति तेभ्यो हैतदेवाक्षरमुवाच द इति व्यज्ञासिष्टा ३ इति व्यज्ञासिष्मेति होचुर्दत्तेति न आत्थेत्योमिति होवाच व्यज्ञासिष्टेति ॥ २ ॥

पदार्थ — अथ — यसपछि, एनम् — यी प्रजापतिलाई, मनुष्याः — मनुष्य-हरूले, इति — यसो, ऊचुः — भने, भवान् — तपाईं, नः – हामीहरूलाई, ब्रवीतु — उपदेश गर्नुहोस्, ह — यो अघि भएको कुरा हो, (अनि प्रजापतिले) तेभ्यः — तिनीहरूलाई, द इति — 'द' भने, एतद् — यो, एव — नै, अक्षरम् — अक्षर, उवाच — उपदेश गरे, ह — निश्चय हो, (अनि) व्यज्ञासिष्ट — बुझ्यौ ? इति–यसो, उवाच–भने, (तब मनुष्यहरूले) व्यज्ञासिष्म–बुझ्यौं, नः — हामीहरू-लाई, दत्त इति —देओ भनी, आत्थ—भन्नुभयो, इति —यसो, ह— निश्चय-साथ., ऊचुः— भने, (अनि प्रजापतिले) ओम् — हो, इति — यसो भनीकन, व्यज्ञासिष्ट — बुझ्यौ, इति— यसो, उवाच — भने, ह — निश्चय हो ।

वाक्यार्थ—यसपछि प्रजापतिसँग मनुष्यहरूले भने–पिताजी! हामीहरूलाई उप-देश गर्नुहोस् । अनि प्रजापतिले यै अक्षर उपदेश गरे 'द' । अनि तिमीहरूले बुझ्यौ? भनी सोधे । तब मनुष्यहरूले भने–तिमीहरू लोभी छौ, देओ, भन्नुभएको हो; बुझ्यौ, अनि प्रजापतिले भने–ठीक हो, बुझ्यौ । निश्चय छ कि यो अघि भएको कुरा हो ।

अथ हैनमसुरा ऊचुर्ब्रवीतु नो भवानिति तेभ्यो हैतदेवाक्षरमुवाच द इति व्यज्ञा-सिष्टा ३ इति व्यज्ञासिष्मेति हो चुर्दयध्वमिति न आत्थेत्योमिति होवाच व्यज्ञा-सिष्टेति तदेतदेवैषा दैवी वागनुवदति स्तनयित्नुर्द द द इति दाम्यत दत्त दयध्वम् इति तदेतत् त्रय्यँशिक्षेद्दमं दानं दयामिति ॥ ३ ॥

पदार्थ — अथ — यसपछि, एनम् — यी प्रजापतिलाई, असुराः — दैत्य-दानवहरूले, इति — यसो, ऊचुः — भने, भवान् — तपाईं, नः — हामीहरूलाई

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रवीतु— उपदेश गर्नुहोस् । ह—यो अघि भएको कुरा हो, (अनि प्रजापतिले) तेभ्यः — तीं दैत्य–दानवहरूलाई द इति — 'द' भन्ने, एतद् — यो, एव — नै, अक्षरम् — अक्षर, उवाच—उपदेश गरे, ह—निश्चय हो, (अनि) व्यज्ञासिष्टः— बुझ्यौ ? इति– यसो, उवाच –भने, (तव दैत्य-दानवहरूले) व्यज्ञासिष्म—बुझ्यौं नः— हामीहरूलाई, दयध्वम् इति — दया गर भनी, आत्थ — भन्नुभयो, इति — यसो, ह — निश्चयसाथ, ऊचुः — भने, (अनि प्रजापतिले) ओम् इति — हो यसो भनीकन, व्यज्ञासिष्ट — बुझ्यौ, इति — यसो, उवाच — भने, ह — निश्चय हो, तत्– त्यो, एतत्– यो, एव — नै, एषा — यो, दैवी — देवता (प्रजापति संबन्धी, वाक्—वाणी, (अद्यापि) (श्रूयते)—सुनिन्छ, यत्—जुन, स्तनयित्नुः— मेघ, दाम्यत — दमन गर, दत्त— दान गर, दयध्वम् — दया गर, इति — यस उपलक्षणका निमित्त, द द द इति—'द' 'द' 'द' यसरी, अनुवदति—गर्जन्छ, तत् — त्यस कारण, दमम् — इन्द्रियदमन, दानम् — दान, दयाम् — दया, इति — यस प्रकार, एतत् — यो, त्रयम् — तीन कुरा, शिक्षेत् — सिकोस् ।

वाक्यार्थ — यसपछि यी प्रजापतिसँग दैत्य–दानवहरूले भने– पिताजी ! हामीहरूलाई उपदेश गर्नुहोस् । अनि प्रजापतिले यै अक्षर उपदेश गरे — 'द' । अनि तिमीहरूले बुझ्यौ ? भनी सोधे । तब दैत्य-दानवहरूले भने–तिमीहरू क्रूर छौ, दया गर भन्नुभएको हो, बुझ्यौं अनि प्रजापतिले भने–ठीक हो बुझ्यौ । निश्चय छ कि यो अघि भएको कुरा हो । त्यो यो प्रजापतिसम्बन्धी वाणी अद्यापि सुनिन्छ जुनकि दमन गर, दान गर, दया गर भन्ने कुरा उपलक्षणरूपले बुझा– उनलाई मेघ 'द' 'द' 'द' यसरी गर्जँदै छ । त्यस कारण इन्द्रिय दमन, दान, दया भन्ने यी तीन कुरा मनुष्यले सिक्नुपर्दछ ।

टिप्पणी — शङ्का–प्रजापतिले उच्चारण गरेको एउटै अक्षर 'द' बाट देव, मनुष्य, असुरहरूले कसरी विभिन्न अर्थ बुझेर उपदेश लिए ? उत्तर–प्राणीको प्रायशः यस्तो छाँट हुन्छ कि उसले आफूमा रहेको दोष महसूस गरिरहेको हुन्छ । त्यसो हुनाले ऊ उपदेशका अगाडि 'मलाई के भन्ने हुन् !, भन्ने शङ्का लिई-लिईकन बसेको हुन्छ । अनि त्यस बखत उपदेशकले कुनै सांकेतिक शब्द बोलेको छ भने मलाई यै दोष छोड् भनेको हो' भन्ने अड्कल गर्दछ । यै स्वभावअनुसार, देवताहरू आफूलाई इन्द्रिय नजितेका मान्दथे 'द' भन्दा दमन गर भनेको हो भन्ने सम्झे । मनुष्यहरू आफूलाई लुब्ध मान्दथे । 'द' भन्दा दान गर भनेको हो भन्ने सम्झे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असुरहरू आफूलाई क्रूर मान्दथे । 'द' भन्दा दया गर भनेको हो भन्ने सम्झे । कुरा मिल्दो नै छ । उस अवस्था पछिका मनुष्यहरूमा यी तीनै दोष कुनै-भन्दा कुनै-कम नभएकाले तीन ओटै हटाउनका निमित्त दमन, दान,र दया तीनै गुण सिक्नुपर्दछ भनी उपदेश गरिएको हो ।

पाँचौं अध्यायमा दोस्रो प्राजापत्य ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीय ब्राह्मण

हृदय-ब्रह्मको उपासना

संबन्ध — सबै उपासनाको अङ्गभूत दमन, दान र दयारूप तीनै साधन विधान गरिए। दान्त अलुब्ध र दयालु भएपछि सबै उपासनामा अधिकारी हुन्छ। त्यसमा निरुपाधिक ब्रह्मका ज्ञानको निरूपण समाप्त भयो। अब सोपाधिक ब्रह्मका उपासनाहरू जो अभ्युदय फलवाला छन्—बताउनु छ। यसै कारणले अबको ग्रन्थ आरम्भ गरिन्छ।

एष प्रजापतिर्यद्धृदयमेतद्ब्रह्मैतत् सर्वं तदेतत् त्र्यक्षरꣳहृदयमिति हृश्चेत्येकमक्षरमभिहरन्त्यस्मै स्वाश्चान्ये च य एवं वेद द इत्येकमक्षरं ददत्यस्मै स्वाश्चान्ये च य एवं वेद यमित्येकमक्षरमेति स्वर्गं लोकं य एवं वेद ॥ १ ॥

पदार्थ — एषः — यो, प्रजापतिः — प्रजापति हो, यद् — जो, हृदयम् — हृदय हो, एतद् — यो, ब्रह्म — ठूलो हुनाले र सर्वात्म हुनाले ब्रह्म हो, एतद् — यो, सर्वम् — सकल वस्तु हो, (अतः उपासना गर्न योग्य छ), तद् एतद् — त्यै यो, हृदयम् इति — हृदय भन्ने नाम, त्र्यक्षरम् — तीन अक्षरवाला छ, (तिनमा) हृ इति — 'हृ' यो, एकम् — एउटा, अक्षरम् — अक्षर हो, अस्मै — यस, हृदयरूप ब्रह्मका निमित्त, स्वाः — आफ्ना, (इन्द्रियहरू) च — र, अन्ये — अरू (शब्दादि — विषय) च — पनि, स्वं स्वं कार्यम् — आफ्ना आफ्ना कार्य, अभिहरन्ति — ल्याउँदछन्, (हृदयञ्च भोक्त्रे) — हृदयलेचाहिं आफ्नो कार्यभोक्ता आत्मामा ल्याउँदछ, (यस कारण हृदय नाम भिन्नको हुलाई) यः — जो, (ल्याउने अर्थ भएका हृ धातुको रूप हो भनी) वेद — जान्दछ, अस्मै — त्यस पुरुषलाई, स्वाः — आत्मीयहरू, च — र, अन्ये — अरूहरू, च — पनि, अभिहरन्ति — भोग्य वस्तु प्रस्तुत गर्दछन्, (तथा) द इति — 'द' यो, एकम् — एउटा, अक्षरम् — अक्षर हो, अस्मै — यस हृदय ब्रह्मलाई, स्वाः — आफ्ना (इन्द्रियहरू) च — र, अन्ये — अरू (शब्दादि विषय) स्वं स्वं वीर्यम् — आ-आफ्नो शक्ति, ददति —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिन्छन्,(हृदयञ्च भोक्त्रे)–हृदयलेचाहिं आफ्नो शक्ति भोक्ता आत्मालाई दिन्छ (उसको भोगका निमित्त काम लगाउँछ), (यस कारण हृदय नामभित्रको 'द ' लाई) यः — जो, एवम् — दिने अर्थ भएका दा धातुको रूप हो भनी, वेद — जान्दछ, अस्मै — त्यस पुरुषलाई, स्वाः — आफन्तहरू, च — र, अन्ये-अरूहरू, च — पनि, ददति — आ-आफ्नो शक्ति उसको प्रयोजनीय कार्यका निमित्त प्रस्तुत गर्दछन् (तथा) यम् इति — 'यम् ' यो, एकम्—एउटा, अक्षरम्–अक्षर हो, अस्मै — यस हृदय-ब्रह्मलाई, स्वर्गम् — स्वर्ग, लोकम् — लोक, एति — प्राप्त गराउँछ, (हृदयं च भोक्त्रे)– हृदयलेचाहिं त्यो स्वर्गभोक्ता आत्मालाई प्राप्त गराउँदछ, (यस कारण हृदय नामभित्रको 'यम् 'लाई) यः— जो, एवम् — जाने अर्थका इण् धातुको रूप हो भनी , वेद — जान्दछ, सः — त्यो, स्वर्गम् — स्वर्ग, लोकम् — लोक, एति — जान्छ ।

वाक्यार्थ — यो प्रजापति हो, जो हृदय हो । यो ठूलो हुनाले र शाकल्य ब्राह्मणका अन्तमा भनेअनुसार सर्वात्म हुनाले ब्रह्म हो र संपूर्ण वस्तु हो । अतः उपासना गर्न योग्य छ । यो 'हृदय ' भन्ने नाम तीन अक्षरवाला छ । तिनमा 'हृ ' यो एक अक्षर हो । यस हृदय ब्रह्मका निमित्त इन्द्रिय र विषयहरू आफाफ्ना कार्य ल्याउँदछन् (प्रस्तुत गर्दछन्),हृदयले चाहिं भोक्ता आत्मालाई प्रस्तुत गर्दछ । यस कारण यस 'हृ ' लाई ल्याउने अर्थ भएका हृ धातुको रूप हो भनी जो जान्दछ त्यसलाई आत्मीय जनहरू र अरूहरूले पनि भोग्य वस्तु प्रस्तुत गर्दछन् । 'द ' यो एक अक्षर हो, यस हृदय ब्रह्मलाई इन्द्रिय र विषयहरू आ-आफ्ना शक्ति दिन्छन्, हृदयले चाहिं भोक्ता आत्मालाई दिन्छ अर्थात् उसलाई उपभोग गराउने आफ्नो सामर्थ्य काम लगाउँछन् । अतः यस 'द ' लाई जसले दिने अर्थ भएका दा धातुको रूप हो भनी जान्दछ त्यसलाई आत्मीय र अरूहरूले पनि प्रयोजनीय कार्यका निमित्त सामर्थ्य प्रदान गर्दछन् । 'यम्' यो एक अक्षर हो । यसले हृदय ब्रह्मलाई स्वर्ग प्राप्त गराउँदछ, हृदयले चाहिं भोक्ता आत्मालाई त्यो प्राप्त गराउँदछ । अतः यस 'यम ' लाई जसले जाने अर्थ भएका इण् धातुको रूप हो भनी जान्दछ त्यो स्वर्ग जान्छ ।

टिप्पणी — यस ब्राह्मणमा हृदय भनिएको छ तापनि हृदय (मुटु) मा रहेको बुद्धिलाई भनेको हो ।

पाँचौं अध्यायमा तेस्रो हृदय ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुथ ब्राह्मण

सत्य ब्रह्मको उपासना

संबन्ध — त्यै हृदय–ब्रह्मलाई सत्य भनी उपासना गर्ने कुरा विधान गर्ने इच्छाले भन्दछ–

तद्वै तदेतदेव तदास सत्यमेव स यो हैतं महद्यक्षं प्रथमजं वेद सत्यं ब्रह्मेति जयतीमाँल्लोकाञ्जित इन्वसावसद्य एवमेतन्महद्यक्षं प्रथमजं वेद सत्यं ब्रह्मेति सत्यꣳह्येव ब्रह्म ॥ १ ॥

पदार्थ — तद् — त्यो हृदय-ब्रह्म, वै — निश्चयले, तद् एव — त्यै, आस — थियो, (कुन ?) तद् — त्यो, एतत् — यो, सत्यम् एव — सत्य नै हो, यः —जो, एतम् — यस सत्यलाई, प्रथमजम् — सब संसारीभन्दा पहिले पैदा भएको, महत् — ठूलो, यक्षम् — पूज्य, सत्यम् — सत्यरूप, ब्रह्म इति — ब्रह्म भनी, ह — निश्चयले वेद — जान्दछ, सः — त्यो, इमान् — यी, लोकान् —लोकहरू, जयति — जित्तछ, (तथा) असौ — त्यो, शत्रुः — शत्रु, इन्तु — जसरी, जितः — (ब्रह्मले सब वस्तु) वस गरिएको हुन्छ, (तथा)—त्यसै गरी, असत् — नभएको, च — पनि हुन्छ, (यो फल कसलाई ?) यः — जो, एतम् — यस सत्यलाई, प्रथमजम् — संसारीहरूभन्दा पहिले उत्पन्न भएको, महत् — ठूलो, यक्षम् — पूज्य, सत्यम् — सत्यरूप, ब्रह्म इति — ब्रह्म भनी, ह — निश्चयले, वेद — जान्दछ, (त्यसलाई) हि — ठीक हो, ब्रह्म — ब्रह्म, सत्यम् एव — सत्य नै छ ।

वाक्यार्थ — त्यो हृदय–ब्रह्म त्यै थियो जो सत्य हो। जो यस सत्यलाई सकल संसारीभन्दा पहिले उत्पन्न भएको ठूलो पूजनीय सत्यरूप ब्रह्म भनी निश्चयसाथ जान्दछ, त्यो यी लोकहरूलाई जित्तछ–आफ्ना भोग्य पार्दछ तथा ब्रह्मले सबै वस्तुलाई वश पारेजस्तै गरी त्यस उपासकले शत्रुलाई पनि वश पार्छ ।

पाँचौं अध्यायमा चौथो सत्य-ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पञ्चम ब्राह्मण

प्रथमज सत्य-ब्रह्म र 'सत्य' नामका अक्षरहरूको उपासना

आप एवेदमग्र आसुस्ता आपः सत्यमसृजन्त सत्यं ब्रह्म ब्रह्म प्रजापतिं प्रजापतिर्देवाꣳस्ते देवाः सत्यमेवोपासते तदेतत् त्र्यक्षरꣳसत्यमिति स इत्येकमक्षरं तीत्येकमक्षरं यमित्येकमक्षरं प्रथमोत्तमे अक्षरे सत्यं मध्यतोऽनृतं तदेतदनृतमुभयतः सत्येन परिगृहीत ꣳ सत्यभूयमेव भवति नैवं विद्वाꣳसमनृतꣳहिनस्ति ॥ १ ॥

पदार्थ — इदम् — यो व्यक्त जगत्, अग्रे —उत्पत्तिभन्दा अगाडि, आपः— अग्निहोत्रादिको आहुतिरूप जल, (जो कर्म-समाप्ति भएपछि कुनै अदृष्ट सूक्ष्म-रूपले कर्म-संबन्ध नछोडीकन अरू चार भूतहरूका साथ रहेको थियो) एव — नै, आसुः — थियो, ताः — त्यो अव्याकृत अवस्थाको, आपः — जलले, तद्— त्यो, सत्यम्—सत्यस्वरूप ब्रह्म (हिरण्यगर्भ) लाई, असृजन्त— सिर्ज्यो, (त्यसैले सत्य-ब्रह्म प्रथमोत्पन्न भयो) (त्यो महान् छ, किन ? सबैको स्रष्टा हुनाले, कसरी ?) सत्यम् ब्रह्म — त्यो सत्य-ब्रह्मले, प्रजापतिम्—विराट्लाई, (असृजत)—सिर्ज्यो, प्रजापतिः — विराट्ले, देवान् — देवताहरूलाई, असृजत — सिर्ज्यो, ते — ती, देवाः — देवताहरू, सत्यम् — सत्य-ब्रह्मलाई, एव — नै, उपासते —उपासना गर्दछन्, (यसैले सत्य-ब्रह्म पूज्य छ) त्यस सत्य-ब्रह्मको नाम 'सत्य' छ। तत् — त्यो, एतत् — यो, सत्यम् इति — 'सत्य' भन्ने नाम, त्र्यक्षरम् — तीन अक्षरवाला छ, स इति — 'स' यो, एकम् — एउटा, अक्षरम् — अक्षर हो, ति इति — 'ति' यो, एकम् — एउटा, अक्षरम् — अक्षर हो, यम् इति — 'यम्' यो, एकम् — एक, अक्षरम्— अक्षर हो, (तिनमा) प्रथमोत्तरे — पहिलो र पछिल्लो, अक्षरे — दुई अक्षर, सत्यम् — (मृत्युरूप नहुनाले) साँचा हुन्, मध्यतः — माझको तकार, अनृतम् — (मृत्युरूप हुनाले) झूटो हो, तत् एतत् — त्यै यो, अनृतम् — झूटो तकार, उभयतः — दुइतिरबाट, सत्येन — साँचाले, परिगृहीतम् — भिन्न पारिएको छ, अतः सत्य भूयम् एव— साँचो अंश नै धेरै भएको, भवति — छ, (अतः केही अनिष्ट गर्न नसक्ने भएको छ), विद्वांसम् — यो कुरा जान्ने, एनम् —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस पुरुषलाई, अनृतम् — (कदाचित् असावधानीमा बोलिएका) झूटाले, न हिनस्ति — अनिष्ट गर्दैन ।

वाक्यार्थ — यो व्यक्त जगत् उत्पत्ति हुनुभन्दा अगाडि जल नै थियो । यो जल अग्निहोत्रादिका आहुति-कर्म समाप्त भएपछि कर्म-संबन्ध नछोडीकन अदृष्ट सूक्ष्म-रूपले पृथिवी, तेज, वायु र आकाशले सहित भई अव्याकृत अवस्थामा रहेको जल हो । त्यस जलले हिरण्यगर्भरूप सत्य-ब्रह्मलाई सिर्ज्यो । यसैले सत्य-ब्रह्म प्रथमोत्पन्न ठहरियो । त्यो महान् छ, किनभने त्यसैले विराट्लाई सिर्ज्येथ्यो । विराट्लेचाहिं देवताहरूलाई सिर्ज्यो, ती देवताहरूले हिरण्यगर्भरूप सत्य-ब्रह्मकै उपासना गर्छन् । आफ्नो जनक विराट्लाई छोडी हिरण्यगर्भको उपासना गरेबाट सत्य-ब्रह्म पूज्य छ भन्ने बुझिन्छ । त्यस सत्य-ब्रह्मको नाम पनि 'सत्य' छ । त्यो तीन अक्षरवाला छ । पहिलो 'स ' दोस्रो 'ति ' तेस्रो 'य ' । तिनमा पहिलो र तेस्रो यी दुइ अक्षर मृत्युका रूप नहुनाले साँचा छन् । माझको 'ति' (त्) मृत्युको रूप हुनाले झूटो छ । त्यो मृत्यु-रूप तकार, सकार र यकार ले दुइतिरबाट बीचमा पारिएको छ । त्यसले केही अनिष्ट गर्न सक्दैन । साँचोको अंश नै धेरै भएको छ । यो कुरा जसले जान्दछ, त्यस विद्वान्लाई कदाचित् भूलचूकमा बोलेको झूटले अनिष्ट गर्दैन ।

टिप्पणी — अनृत शब्दमा र मृत्यु शब्दमा तकार परेकाले त्यै समानताबाट झूटो कुरा र मृत्युको एकता मानिएको हो ।

एक-दोस्रामा प्रतिष्ठित सत्यसंज्ञक आदित्यमण्डलस्थ र चाक्षुष पुरुष

तद्यत्तत् सत्यमसौ स आदित्यो य एष एतस्मिन् मण्डले पुरुषो यश्चायं दक्षिणेऽक्षन् पुरुषस्तावेतावन्योन्यस्मिन् प्रतिष्ठितौ रश्मिभिरेषोऽस्मिन् प्रतिष्ठितः प्राणैरयममुष्मिन् स यदोत्क्रमिष्यन् भवति शुद्धमेवैतन्मण्डलं पश्यति नैनमेते रश्मयः प्रत्यायन्ति ॥ २ ॥

पदार्थ — तत् त्यो, (कुन ?) यद् तद् — जुन त्यो, सत्यम् — सत्य-ब्रह्म हो, असौ — त्यो, सः आदित्यः — त्यो आदित्य हो, यः — जो, एतस्मिन् — यो, मण्डले — मण्डलमा, पुरुषः — मण्डलको अभिमानी छ, च — र, यः — जुन, अयम् — यो, दक्षिणे — दाहिने, अक्षन् — आँखामा, पुरुषः — पुरुष छ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(त्यो पनि सत्य–ब्रह्म नै हो), तौ — ती, एतौ — यी दुइ, अन्योन्यस्मिन् — परस्परमा, प्रतिष्ठितौ — उपकार गर्ने भएर रहेका छन्, (कसरी ?) एषः — यो आदित्य, रश्मिभिः — प्रकाशले उपकार गर्दै, अस्मिन् — यस चाक्षुष-पुरुष-(अध्यात्म) मा, प्रतिष्ठितः — रहेको छ, अयम् — यो चाक्षुष पुरुष, प्राणैः — प्राणहरूले, अमुष्मिन् — त्यस आदित्य (अधिदैव) मा, प्रतिष्ठितः — उपकार गर्दै रहेको छ, सः — त्यो विज्ञानमय भोक्ता, यदा — जब, उत्क्रमिष्यन् — निक्लन आँटेको, भवति — हुन्छ, (तदा असौ चाक्षुषः आदित्य पुरुषः) — तब त्यो आँखामा रहेको आदित्य पुरुष, एतत् — यो, मण्डलम् — आदित्यमण्डललाई शुद्धम् — किरणहरू नभएको, एव — नै, पश्यति — देख्तछ, एतम् — यस चाक्षुष-पुरुषलाई अनुग्रह गर्न, एते — यी, रश्मयः — किरणहरू, न प्रत्यायन्ति — फर्कदैनन् ।

वाक्यार्थ — त्यो जो सत्य-ब्रह्म हो त्यो त्यो आदित्य हो, जो यस सूर्यमण्डलमा मण्डलको अभिमानी भएर रहेको पुरुष छ । जो यो दाहिने आँखामा पुरुष छ त्यो पनि यो सत्य-ब्रह्म नै हो । ती यी दुइ मण्डलस्थ र चक्षुःस्थ पुरुष परस्पर उपकार गर्ने भएर रहेका छन् । (कसरी ?) भने यो आदित्य प्रकाशले उपकार गर्दै चाक्षुष अध्यात्म पुरुषमा रहेको छ । यो चाक्षुष पुरुष प्राणले उपकार गर्दै त्यस आदित्य (अधिदैव) मा रहेको छ । यो शरीरस्थ विज्ञानमय भोक्ता जब निक्लन लाग्दछ, तब त्यो आँखामा रहेको आदित्य-पुरुषले यस आदित्य-मण्डललाई किरणहीन देख्तछ । यस चाक्षुष पुरुषलाई अनुग्रह गर्न यी किरणहरू फर्कदैनन् । यसरी परस्पर उपकार्योपकारकभाव भएकाले यी चाक्षुष पुरुष र आदित्यमण्डलस्थ पुरुष एक सत्य-ब्रह्मका नै अंश हुन् ।

अहःसंज्ञक आदित्यमण्डलस्थ पुरुषका व्याहृतिरूप अवयव

य एष एतस्मिन्मण्डले पुरुषस्तस्य भूरिति शिर एकꣳशिर एकमेतदक्षरं भुव इति बाहू द्वौ बाहू द्वे एते अक्षरे स्वरिति प्रतिष्ठा द्वे प्रतिष्ठे द्वे एते अक्षरे तस्योपनिषदहरिति हन्ति पाप्मानं जहाति च य एवं वेद ॥ ३ ॥

पदार्थ — यः — जो, एष — यो, एतस्मिन् — यस, मण्डले — आदित्य-मण्डलमा, पुरुषः — सत्यनामक पुरुष छ, तस्य — त्यसको, भूः इति — 'भूः' यो, शिरः — शिर हो, (कुन समानताले?) शिरः — शिर, एकम् — एउटा हुन्छ, एतद् — यो, अक्षरम् — भूः अक्षर (पनि) एकम् — एउटा छ, भुवः इति —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'भुव' यो, बाहू— बाहाँ हुन्, (समानता यो हो) बाहु — बाहाँ, द्वौ — दुइ हुन्छन्, एते—यी, अक्षरे—(भुवः) यी अक्षर (पनि), द्वे — दुइ छन्, स्वः इति— 'स्वः' यो, प्रतिष्ठा — पाउ हो, (कुन तुल्यताले ?) प्रतिष्ठे — पाउ, द्वे — दुइ हुन्छन्, एते — यी, अक्षरे — 'स्व' अक्षर पनि, द्वे — दुइ छन्, अहः— इति — अहः यो, तस्य— त्यस व्याहृति अवयव भएका सत्य-ब्रह्मको, उपनिषद्— गोप्य नाम हो, (त्यो) पाप्मानम् — पापलाई, हन्ति — नाश गर्दछ, जहाति च- त्याग्दछ पनि, यः — जो, एवम् — यस्तो, (अहः' यो हन् धातु र हा धातुको रूप हो भन्ने) वेद — जान्दछ, (सः) — त्यो, पाप्मानम् — पापलाई, हन्ति —नाश- गर्दछ, च — र, जहाति — छोड्दछ ।

वाक्यार्थ — यस सूर्यमण्डलमा जुन सत्यनामक पुरुष छ, त्यसको 'भू' यो शिर हो, कुन समानताले भने,शिर पनि एउटा हुन्छ, 'भूः' यो अक्षर पनि एउटै छ । 'भुवः' यो बाहाँ हुन्, कुन तुल्यताले, बाहाँ पनि दुइ हुन्छन्, 'भुव' यी अक्षर पनि दुइ छन्, 'स्वः' यी पाउ हुन्, कुन समानताले भने, पाउ दुइ हुन्छन्, 'स्वः' यी अक्षर पनि दुइ छन्, 'अहः' यो त्यस व्याहृति अवयव भएका सत्य-ब्रह्मको गोप्य नाम हो, त्यसले पापलाई नाश गर्दछ एवं त्याग गर्दछ । जो 'अहः' यो हन् धातु र हा धातुको रूप हो भनी जान्दछ त्यो पापलाई नाश गर्दछ र सदाका लागि त्याग गर्दछ ।

'अहं'संज्ञक चाक्षुष पुरुषको व्याहृतिरूप अवयव

योऽयं दक्षिणेऽक्षन् पुरुषस्तस्य भूरिति शिर एकꣳशिर एकमेतदक्षरं भुव इति बाहू द्वौ बाहू द्वे एते अक्षरे स्वरिति प्रतिष्ठा प्रतिष्ठे द्वे द्वे एते अक्षरे तस्योपनिषद- हमिति हन्ति पाप्मानं जहाति च य एवं वेद ॥ ४ ॥

पदार्थ — यः — जो, अयम् — यो, दक्षिणे — दाहिने, अक्षन् — आँखामा, पुरुषः— सत्यनामक पुरुष छ, तस्य— त्यसको 'भूः' इति—'भूः' यो, शिरः — शिर हो, (कुन समानताले ?) शिरः — शिर, एकम् — एउटा हुन्छ, एतद् — यो, अक्षरम् — 'भूः' यो अक्षर (पनि), एकम् — एउटा छ, 'भुवः' इति — 'भुवः' यो, बाहू — बाहाँ हुन्, (कुन तुल्यताले ?) बाहू — बाहाँ, द्वौ — दुइ हुन्छन्, एते — यी, अक्षरे — 'भुवः' यी अक्षर (पनि) द्वे — दुइ छन्, स्वः इति — 'स्वः' यो, प्रतिष्ठा — पाउ हो, (कुन सदृशताले ?) प्रतिष्ठे — पाउ, द्वे — दुइ हुन्छन्, एते — यी, अक्षरे — 'स्वः' अक्षर (पनि) द्व — दुइ छन् , 'अहम्' इति—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अहम् ' यो, तस्य — त्यो सत्य-ब्रह्मको, उपनिषद् — गोप्य नाम हो, (त्यो) पाप्मानम् — पापलाई, हन्ति — नाश गर्दछ, च — र, जहाति — त्याग गर्दछ, यः — जो, एवम् — यस्तो, (अहम् यो हन् धातु र हा धातुको रूप हो भन्ने), वेद — जान्दछ, सः — त्यो, पाप्मानम् — पापलाई, हन्ति — नाश गर्दछ , च — र, जहाति — त्याग गर्दछ ।

वाक्यार्थ — जो यो दाहिने आँखामा सत्यनामक पुरुष छ, त्यसको 'भूः' यो शिर हो, कुन समानताले भने, शिर पनि एउटा हुन्छ 'भूः ' यो अक्षर पनि एउटा छ । 'भुवः 'यो बाहाँ हो, कुन तुल्यताले भने, बाहाँ पनि दुइ हुन्छन्, 'भुवः ' यी अक्षर पनि दुइ छन् । 'स्वः' यो पाउ हो, (कुन सदृशताले ?) भने, पाउ पनि दुइ हुन्छन्, स्वः (सुवः) यी अक्षर पनि दुइ छन् । 'अहम्' यो त्यस सत्यनामक ब्रह्मको गोप्य नाम हो । त्यो पापलाई नाश गर्दछ, त्याग पनि गर्दछ, जो 'अहम्' यो हन् धातु र हा धातुको रूप हो भनी जान्दछ । त्यो पापलाई नाश गर्दछ र सदाका लागि त्याग पनि गर्दछ ।

पाँचौं अध्यायमा पाँचौं सत्य-ब्रह्मसंस्थान ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षष्ठ ब्राह्मण

हृदयस्थ मनोमय पुरुषको उपासना

संबन्ध — उपाधि अनेक हुनाले र उनका विशेषण पनि नाना हुने हुनाले मन उपाधि भएका त्यै प्रकृत-ब्रह्मको उपासना बताउन चाहँदै भन्दछ—

मनोमयोऽयं पुरुषो भाः सत्यस्तस्मिन्नन्तर्हृदये यथा व्रीहिर्वा यवो वा स एष सर्वस्येशानः सर्वस्याधिपतिः सर्वमिदं प्रशास्ति यदिदं किञ्च ॥ १ ॥

पदार्थ — भाः सत्यः — प्रकाशस्वरूप, अयम् — यो, पुरुषः — पुरुष, मनोमयः — धेरैजसो मनरूपको छ, तस्मिन् — त्यो, अन्तर्हृदये — हृदयका अन्तर्भागमा,व्रीहिः — धान, वा — अथवा, यवः — जौ,यथा— जस्तो, (जस्तो) छ, सः — त्यो, एषः — यो, सर्वस्य — औपाधिक समस्त वस्तुको, ईशानः — मालिक छ, सर्वस्य — संपूर्ण जगत्को, अधिपतिः — अधिष्ठाता भैकन पालन गर्ने छ, र इदम् — यो, सर्वम् — सबलाई, यद् — जो, इदम् — यो, किम् च — कुनै पनि चीज छ, प्रशास्ति — शासन गर्दछ, (एवं मनोमयस्य उपासनात् अपि तद्रूपापत्तिरेव फलम्) — यस्तै मनोमय पुरुषको उपासकलाई पनि त्यै रूप प्राप्त हुने फल हुन्छ ।

वाक्यार्थ — प्रकाशस्वरूप यो पुरुष धेरैजसो मनै रूपको छ । त्यो हृदयका अन्तर्भागमा धान वा जौ जस्तो छ । त्यो औपाधिक समस्त वस्तुको मालिक छ । संपूर्ण जगत्को अधिष्ठाता भएर पालन गर्ने छ र यो जुन कुनै पनि चर-अचर समस्त जगत्को शासनकर्ता छ । यस्तो मनोमय पुरुषको उपासना गर्नेलाई त्यै रूप प्राप्त हुने फल हुन्छ ।

पाँचौं अध्यायमा छैटौं मनोमय ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF-.Delhi

सातौं ब्राह्मण

विद्युद्-ब्रह्मको उपासना

विद्युद्ब्रह्मेत्याहुर्विदानाद् विद्युद्विद्यत्येनं पाप्मनो य एवं वेद विद्युद्ब्रह्मेति विद्युद्ध्येव ब्रह्म ॥ १ ॥

पदार्थ — विद्युत् — बिजुली, ब्रह्म — ब्रह्म हो, इति — यसो, आहुः — भन्दछन्, (किन ?) विदानात् — (अन्धकार — मेघान्धकारलाई) नाश गर्ने हुनाले, विद्युत् — 'विद्युत् ' हो, यः — जो, विद्युत् — बिजुली, ब्रह्म इति — ब्रह्म हो भनी, वेद — जान्दछ, (सः) — त्यो, एनम् — यस आत्माप्रति, (प्रतिकूल भएका) पाप्मनः — पापहरूलाई, विद्यति— टुक्र्याउँछ, हि — यस कारणले कि, विद्युत् एव — बिजुली नै, ब्रह्म — ब्रह्म हो ।

वाक्यार्थ — बिजुली ब्रह्म हो भनी भन्दछन् । किनभने तम (मेघरूप अन्धकार)लाई नाश गर्दछ, अतः 'विद्युत्' छ । जो यस्तो गुण भएको बिजुलीलाई ब्रह्म भनेर जान्दछ र उपासना गर्दछ त्यो आत्माका प्रतिकूल पापहरूलाई नाश गर्दछ । किनकि विद्युत् (विशेषतः खण्डन गर्ने) नै ब्रह्म छ । उपासनाको अनुरूप फल हुन्छ नै ।

पाँचौं अध्यायमा सातौं विद्युत्-ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अष्टम ब्राह्मण

धेनुरूपले वाणीको उपासना

वाचं धेनुमुपासीत तस्याश्चत्वारः स्तनाः स्वाहाकारो वषट्कारो हन्तकारः स्वधाकारस्तस्य द्वौ स्तनौ देवा उपजीवन्ति स्वाहाकारं च वषट्कारं च हन्तकारं मनुष्याः स्वधाकारं पितरस्तस्याः प्राण ऋषभो मनो वत्सः ॥ १ ॥

पदार्थ — वाचम् — वाणीरूप (वेदरूप), धेनुम — गाईलाई, उपासीत— उपासना गरोस्, तस्याः — त्यस वाणीरूप गाईका, चत्वारः — चार, स्तनाः — थुन छन्, (कुन् ?) स्वाहाकारः — 'स्वाहा' शब्द, वषट्कारः — 'वषट्' शब्द, हन्तकारः — 'हन्त' शब्द र, स्वधाकारः — 'स्वधा' शब्द, तस्यै —त्यसका स्वाहाकारम् — 'स्वाहा' शब्द, च — र, वषट्कारम्— 'वषट्' शब्द, द्वौ—दुइ, स्तनौ — थुनलाई, देवाः — देवताहरू, उपजीवन्ति — आश्रय गरी बाँच्तछन्, हन्तकारम् — 'हन्त' शब्दरूप एक थुनलाई, मनुष्याः — मनुष्यहरू, उपजीवन्ति– आश्रय गरी बाँच्तछन्, स्वधाकारम् — 'स्वधा' शब्दरूप एक थुनलाई, पितरः — पितृहरू, उपजीवन्ति — आश्रय गरी बाँच्तछन्, तस्याः —त्यस वाणीरूप गाईको, प्राणः — प्राण, ऋषभः — साँढे हो, मनः — मन, वत्सः — बाच्छो हो ।

वाक्यार्थ — वाणी (वेद) रूप गाईलाई उपासना गरोस् । त्यस गाईका स्वाहा शब्द, वषट् शब्द, हन्त शब्द र स्वधा शब्द यी चार थुन छन्। तिनमा देवताहरू 'स्वाहा' र 'वषट्' शब्दरूप थुनको आधार गरी बाँच्तछन् । मनुष्यहरू 'हन्त' शब्दरूप एक थुनको आधार गरी बाँच्तछन् । पितृहरू 'स्वधा' शब्दरूप एक थुनको आधार गरी बाँच्तछन् । त्यस वाणीरूप गाईको प्राण साँढे हो, मन बाच्छो हो ।

टिप्पणी —गाईलाई बियाउने–फलतः दूध दिने पार्न साँढे चाहिन्छ । दूध पनि बाच्छाले पघारेपछि मात्र आउने हुन्छ । यस्तै वाणीलाई प्रसव गराउन अर्थात् अर्थ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिने (बोधन गर्ने) पार्न प्राण चाहिन्छ। वाणीले अर्थ दिन पनि मनले सोचेपछि मात्र सोचेका कुरामा दिन्छ। मतलब–अनालोचित विषयमा त्यसै के बोध गराउन प्रवृत्त होस् र ? यै उपमानोपमेयभावले प्राणलाई साँढे, मनलाई बाच्छो पारी वाणीलाई धेनुरूपमा वर्णन गरिएको हो ।

पाँचौं अध्यायमा आठौं वाग्धेनु ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवम ब्राह्मण

पुरुषान्तर्गत वैश्वानराग्नि, त्यसको घोष, र मरणकालको सूचक अरिष्ट

अयमग्निर्वैश्वानरो योऽयमन्तः पुरुषे येनेदमन्नं पच्यते यदिदमद्यते तस्यैष घोषो भवति यमेतत् कर्णावपिधाय शृणोति स यदोत्क्रमिष्यन् भवति नैनं घोषꣳ शृणोति ॥ १ ॥

पदार्थ—अयम्—यो, अग्निः—अग्नि, वैश्वानरः—वैश्वानर हो । यः—जो, अयम् — यो, अन्तःपुरुषे — पुरुषभित्र छ, येन — जसले गर्दा, इदम् — यो, अन्नम् — अन्न, पच्यते — पच्तछ, (कुन ?) यद् — जुन, इदम् — यो, अद्यते — खाइन्छ, तस्य — त्यस अग्निको, एषः — यो, घोषः — शब्द, भवति — हुन्छ, यम् — जुनलाई, एतत् — यो, कर्णौ — कान, अपिधाय — (ओंलाले) वन्द गरेर, शृणोति — सुन्दछ, सः — त्यो भोक्ता पुरुष, यदा — जब, उत्क्रमिष्यन् — निक्लन आँटेको, भवति — हुन्छ, (तदा) —तब, एनम्—यो, घोषम्—शब्दलाई, न शृणोति — सुन्दैन ।

वाक्यार्थ — यो अग्नि वैश्वानर हो, जो पुरुषभित्र छ, जसले गर्दा अन्न पच्तछ, जुन कि प्राणीले खाइन्छ । यो त्यसै अग्निको शब्द हो, जो कान थुन्दा सुनिन्छ । जब त यो भोक्ता पुरुष शरीर छोडेर निक्लन लाग्दछ, तब त्यो शब्द सुन्दैन । (यो मरणकालको अरिष्ट प्रसङ्गवश भनिएको हो) यहाँ त्यस प्रजापतिरूप वैश्वानराग्नि-लाई उपासना गर्नू, उपासकलाई त्यै रूप प्राप्त हुन्छ भन्ने कुरा छँदैछ ।

पाँचौं अध्यायमा नवौं वैश्वानराग्नि ब्राह्मण समाप्त

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दशम ब्राह्मण

प्रकरणान्तर्गत उपासनाहरूबाट प्राप्त हुने गति

यदा वै पुरुषोऽस्माल्लोकात् प्रैति स वायुमागच्छति तस्मै स तत्र विजिहीते यथा रथचक्रस्य खं तेन स ऊर्ध्व आक्रमते स आदित्यमागच्छति तस्मै स तत्र विजिहीते यथा लम्बरस्य खं तेन स ऊर्ध्व आक्रमते स चन्द्रमसमागच्छति तस्मै स तत्र विजिहीते यथा दुन्दुभेः खं तेन स ऊर्ध्व आक्रमते स लोकमागच्छत्यशोकमहिमं तस्मिन वसति शाश्वतीः समाः ॥ १ ॥

पदार्थ– यदा — जब, पुरुषः — उपासक, अस्मात् — यो, लोकात् — लोकबाट, प्रैति — शरीर छोडेर जान्छ, तदा — तब, सः — त्यो, वायुम् — (अन्तरिक्षमा तेर्सिएर रहेको जमोठ) वायुमा, आगच्छति — आइपुग्छ, तस्मै — त्यस पुरुषलाई सः — त्यो वायु, तत्र — त्यहाँ, विजिहीते — प्वाल परेको भइदिन्छ, यथा — जस्तो, रथचक्रस्य — बग्गीका पाङ्ग्राको, खम् — छिद्र हुन्छ, तेन — त्यस बाटाले, सः — त्यो पुरुष, ऊर्ध्वः — उँभो हुँदै, आक्रमते — चढ्दछ, सः — त्यो पुरुष, आदित्यम् — सूर्यमा, आगच्छति — आइपुग्दछ, तस्मै — त्यसलाई, सः — त्यो सूर्य, विजिहीते — छिद्रित भइदिन्छ, यथा — जस्तो, लम्बरस्य — लम्बर-नामक बाजाको, खम् — छिद्र हुन्छ, तेन — त्यस मार्गले, सः — त्यो पुरुष, ऊर्ध्वः — माथितिर हुँदै, आक्रमते — चढ्दछ, सः — त्यो, चन्द्रमसम् — चन्द्रमामा, आगच्छति — आउँछ, तस्मै — त्यसलाई, सः — त्यो चन्द्रमाले, तत्र — त्यहाँ, विजिहीते — छिद्र परेको भइदिन्छ, यथा — जस्तो, दुन्दुभेः — दुन्दुभि बाजाको, खम् — छिद्र हुन्छ, तेन — त्यस मार्गले, सः — त्यो पुरुष, ऊर्ध्वः — ऊँभो हुँदै, आक्रमते — चढ्दछ, (र) सः — त्यो, अशोकम् — मानसिक दुःख नभएको, अहिमम् — हिउँ नभएको अर्थात् शारीर-दुःख नभएको, लोकम् — प्रजापति-लोकमा, शाश्वतीः — अनन्त, समाः — वर्षसम्म (अर्थात् ब्रह्मका धेरै कल्पसम्म) वसति — बस्तछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — जब उपासक यस लोकबाट शरीर छोडेर जान्छ तब अन्तरिक्षमा तेर्सिएर रहेको घना वायुमा आइपुग्दछ । त्यसलाई त्यो वायुले बग्गीका पाङ्ग्राको जस्तो छिद्र दिन्छ । त्यो पुरुष त्यस मार्गले माथितिर चढ्दछ र सूर्यमण्डलमा आइपुग्छ। त्यसका निमित्त त्यो सूर्य लम्बर बाजा जस्तै प्वाल परेको भइदिन्छ । त्यस बाटाले त्यो पुरुष माथितिर चढ्दछ र चन्द्रमामा आइपुग्छ । त्यसका निमित्त त्यो चन्द्रमा प्वाल परेको भइदिन्छ । त्यस बाटाले त्यो पुरुष ऊँभो चढ्दछ र मानसिक, शारीरिक कुनै दुःख नभएको प्रजापति-लोकमा आइपुग्छ । त्यहाँ त्यो पुरुष अनन्त वर्षसम्म अर्थात् ब्रह्माका धेरै कल्पसम्म बस्तछ ।

पाँचौं अध्यायमा दशौं गतिनामक ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकादश ब्राह्मण

व्याधि, श्मशानगमन र अग्निदाहमा परम तपोदृष्टिको विधान

एतद्वै परमं तपो यद्व्याहितस्तप्यते परमꣳहैव लोकं जयति य एवं वेदैतद्-वै परमं तपो यं प्रेतमरण्यꣳहरन्ति परमꣳहैव लोकं जयति य एवं वेदै-तद्वै परमं तपो यं प्रेतमग्नावभ्यादधति परमꣳहैव लोकं जयति य एवं वेद॥१॥

पदार्थ — एतद् — यो, वै — निश्चयले, परमम् — ठूलो, तपः — तपस्या हो, यद् — जो, व्याहितः — रोगले धडिएर, तप्यते — तपायमान भएको हुन्छ, यः — जो, एवम् — यस्तो, वेद—जान्दछ र भावना गर्दछ, (सः)— त्यो, ह — निश्चयले, परमम् — ठूलो, एव — नै, लोकम् — लोक, जयति — जित्तछ, (तथा) एतद्—यो, वै — निश्चयले, परमम्— ठूलो, तपः – तपस्या हो, यम् — जुन, प्रेतम् — मरेको, (मलाई) ग्रामात् — गाउँबाट, अरण्यम् — जङ्गलमा, हरन्ति — लैजान्छन्, यः—जो, एवम् — यस्तो, वेद— जान्दछ, (सः)—त्यो, ह — निश्चय नै, परमम् एव — ठूलै, लोकम् — लोक, जयति — जित्तछ, (तथा) एतद् – यो, वै – निश्चयले, परमम् – ठूलो, तपः – तपस्या हो, यम् – जुन, प्रेतम् — मरेका (मलाई) अग्निमा, अभ्यादधति — राख्तछन्, यः — जो, एवम् — यस्तो, वेद — जान्दछ सः — त्यो, ह — निश्चयले, परमम् — ठूलो, एव — नै, लोकम् — लोक, जयति — जित्तछ ।

वाक्यार्थ — यो निस्सै ठूलो तपस्या हो, जो मनुष्य रोगले धडिएर तपायमान हुन्छ । जो यस्तो जान्दछ र त्यस्ता अवस्थामा 'म तपस्या गरिरहेको छु' भन्ने भावना गर्दछ, त्यो निस्सै ठूलै लोक जित्तछ । अर्थात् भोग गर्न पाइने पार्छ । तथा यो ठूलै तप हो, जो मरेका मलाई बन्धुहरूले गाउँबाट जङ्गलमा लैजान्छन् । यस्तो जसले जान्दछ र 'म गाउँबाट जङ्गलमा जानु तप हो' भन्ने भावना गर्दछ, त्यो निश्चयले ठूलै लोक जित्तछ । एवम् यो निस्सै पनि ठूलै तप हो, जो मरेका मलाई अग्निमा राख्तछन्, यस्तो जसले जान्दछ र 'म अग्निमा राखिनु तप हो' भन्ने भावना गर्दछ त्यो अवश्य ठूलै लोक साध्दछ ।

पाँचौं अध्यायमा एघारौं तपोब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वादश ब्राह्मण

अन्न-प्राणरूप ब्रह्मको उपासना र तद्विषयक आख्यान

अन्नं ब्रह्मेत्येक आहुस्तन्न तथा पूयति वा अन्नमृते प्राणात् प्राणो ब्रह्मेत्येक आहुस्तन्न तथा शुष्यति वै प्राण ऋतेऽन्नादेते हत्वेव देवते एकधाभूयं भूत्वा परमतां गच्छतस्तद्ध स्माह प्रातृदः पितरं किꣳस्विदेवैवंविदुषे साधु कुर्या किमेवास्मा असाधु कुर्यामिति स ह स्माह पाणिना मा प्रातृदः कस्त्वेनयोरेकधाभूयं भूत्वा परमतां गच्छतीति तस्मा उ हैतदुवाच वीत्यन्नं वै व्यन्ने हीमानि सर्वाणि भूतानि विष्टानि रमिति प्राणो वै रं प्राणे हीमानि सर्वाणि भूतानि रमन्ते सर्वाणि ह वा अस्मिन् भूतानि विशन्ति सर्वाणि भूतानि रमन्ते य एवं वेद ॥ १ ॥

पदार्थ—एके—कुनै आचार्यहरू, अन्नम्—अन्न, ब्रह्म—ब्रह्म हो, इति—यसो, आहुः—भन्दछन्, तत्—त्यो कुरा, तथा—त्यसरी, (न ग्रहीतव्यम्)—स्वीकार गर्न हुँदैन, (किन ?) प्राणात् ऋते—प्राण नभए, अन्नम्—अन्न, वै—अवश्य, पूयति—सड्दछ, (दुर्गन्ध हुन लाग्दछ), (त्यस्तो चीज कसरी ब्रह्म हुनसक्तछ ?) एके—अर्का थरी, आचार्याः—आचार्यहरू, प्राणः—प्राण, ब्रह्म—ब्रह्म हो, इति—यसो, आहुः—भन्दछन्, तत्—त्यो कुरा, (पनि) तथा—त्यसरी, न स्वीकर्तव्यम्—स्वीकार नगर्नू, (किन ?) अस्मात् ऋते—अन्नविना, प्राणः—प्राण, वै—अवश्य, शुष्यति—सुक्तछ, तु—के त भने, एते एव—यी अन्न र प्राणहरू दुवै, देवते—देवता, एकधाभूयम् भूत्वा—एकै भावमा प्राप्त भएर, परमताम्—ब्रह्मभावमा, गच्छतः—प्राप्त हुन्छन्, ह—यो निश्चय हो, तत्—त्यो कुरा, (एवम् अव्यवस्य)—यसरी निश्चय गरेर, प्रातृदः—प्रातृद नामक ऋषिले, पितरम्—बाबुसँग, इति—यसो, आहस्म—भनेथे, ह—भएको कुरा हो, एवं विदुषः—यस्तो जान्नेलाई, किंस्वित्—के, साधु—सत्कार, एव—नै, कुर्याम्—गरूँ, किम्—के, अस्मै—यस ज्ञातालाई, असाधु—अनादर, एव—नै, कुर्याम्—गरूँ, अर्थात् कृतकृत्य हुनाले उसलाई समानै छ, (यसो भन्ने छोरालाई) सः—ती बाबुचाहिले, पाणिना—हातले, निवारयन्—रोक्तै, ह—निश्चयसाथ, इति—यसो, आह—भनेथे, प्रातृद—हे प्रातृद ! मा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(एवं वोचः)—यसो नभन, एतयोः—यी अन्न र प्राणको, एकधाभूयम् भूत्वा—एक रूपमा प्राप्त भएर, कः तु — कुनचाहिं, परमताम् — ब्रह्मभावमा, गच्छति — प्राप्त हुन्छ, (कोही पनि हुँदैन) , (यसो भनेर) तस्मै — ती छोरा प्रातृदलाई, एतद् — यो कुरा, उ ह — स्पष्टतासाथ, इति — यो, उवाच — भने, वि — 'वि', अन्नम् — अन्न, वै — निश्चयले, वि — वि हो, हि — किनभने, अन्ने — अन्नमा, इमानि — यी, सर्वाणी — संपूर्ण, भूतानि — प्राणीहरू, विष्टानि — आश्रित छन्, (अनिं) इति — यसो, (भने) रम् — 'रम्' प्राणः — प्राण, वै—निश्चयले, रम्— 'र' हो, हि—यस कारणले कि, प्राणे— प्राणमा, इमानि — यी, सर्वाणि — संपूर्ण, भूतानि — प्राणीहरू, रमन्ते — रमाउँछन्, यः — जो, एवम् — यस्तो अन्न र प्राणको गुण, वेद — जान्दछ, अस्मिन् — त्यस पुरुषमा, सर्वाणि — संपूर्ण, भूतानि— प्राणीहरू, विशन्ति — आश्रय गर्ने हुन्छन्, सर्वाणि-संपूर्ण, भूतानि — प्राणीहरू, रमन्ते — रमाउने हुन्छन्।

वाक्यार्थ — कुनै आचार्य अन्न ब्रह्म हो भन्दछन्, तर त्यस्तो मान्न हुँदैन। किनभने प्राण नभए अन्न सड्छ, दुर्गन्ध हुन्छ। त्यस्तो चीज कसरी ब्रह्म हुन्छ ? कुनै-चाहिं आचार्य प्राण ब्रह्म हो भन्दछन्। त्यस्तो पनि मान्न हुँदैन। किनभने अन्नविना प्राण सुक्ने हुन्छ। त्यस्तो वस्तु पनि कसरी ब्रह्म हुन्छ ? कुरा के त भने—यी अन्न र प्राणरूप दुइ देवता एकै भएर (मिलेर) ब्रह्मभावमा प्राप्त हुन्छन्। यस्तो निश्चय गरेर प्रातृद नामका ऋषिले आफ्ना बाबुलाँग भनेथे—'यस्तो (मैले कल्पना गरेजस्तो) जान्नेलाई म आदर गरूँ कि अनादर ? हुन त कृतकृत्य भएका उसलाई के फरक छ र ! ' यसो भन्ने छोरालाई बाबुचाहिं ऋषिले हातले रोक्दै भने—प्रातृद ! यसो नभन, मिलेर रहेका अन्न र प्राणलाई ब्रह्म मानी उपासना गरेर ब्रह्मभावमा को जान्छ र ? कसरी जान्छ त ? भने 'वि' अर्थात् अन्नमा सबै प्राणी आश्रित छन्। 'रम्' अर्थात् बलको आधार प्राणमा सबै प्राणी रमाउँछन्। संपूर्ण प्राणीको आश्रय हुनुरूप गुण भएको अन्न छ र सम्पूर्ण प्राणी रमाउनुरूप गुण प्राणमा छ। रहने ठाउँ नभए पनि कोही रमाउँदैन, रहने ठाउँ छ तर आफू दुर्बल छ भने पनि कोही रमाउँदैन। आश्रयवान् पनि छ, बलवान् पनि छ भने बल्ल रमाउँछ। जान्नुपर्ने र भावना राख्नुपर्ने कुरा यै छ। जो यस्तो अन्नको गुण र प्राणको गुण जान्दछ र त्यस रूपबाट तिनमा ब्रह्म-भावना गर्दछ त्यसमा संपूर्ण प्राणी प्रवेश पनि गर्छन्, रमण पनि गर्दछन्।

पाँचौं अध्यायमा बाह्रौं अन्न-प्राण ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रयोदश ब्राह्मण

उक्थ–दृष्टिले प्राणोपासना

उक्थं प्राणो वा उक्थं प्राणो हीदꣳसर्वमुत्थापयत्युद्धास्मादुक्थविद्वीरस्तिष्ठत्युक्थस्य सायुज्यꣳसलोकतां जयति य एवं वेद ॥ १ ॥

पदार्थ — उक्थम् — 'उक्थ' नाम भएको (अर्को एक उपासना छ), प्राणः — प्राण, वै — निश्चयले, उक्थम् — शस्त्र (मन्त्रविशेष) हो, हि—यस कारणले कि, प्राणः — प्राण, इदम् — यो, सर्वम् — सबैलाई, उत्थापयति — उठाउँदछ, यः — जो, एवम् — यस्तो, वेद — जान्दछ, अस्मात् — त्यस उपासकबाट, उक्थवित् — प्राणवेत्ता, वीरः — पुत्र, उत्तिष्ठति — पैदा हुन्छ, ह —यो दृष्ट-फल हो, (अदृष्टचाहिं फल) उक्थस्य—उक्थको, सायुज्यम्–साथै मिल्नु, (र) सलोकताम् — एकै लोकमा रहनुरूप फल, जयति —जित्तछ। ह — अवश्य हो,

वाक्यार्थ — उक्थनामक एक उपासना छ। प्राण नै उक्थ (शस्त्र — मन्त्र-विशेष) हो। किनभने प्राणले सबैलाई उठाउँछ। प्राण नभएको कुनै उठ्न सक्तैन यस्तो जसले जान्दछ र उपासना गर्दछ त्यसबाट प्राणको महिमा जान्ने पुत्र पैदा हुन्छ। यो देखालु फल हो। त्यो उपासक उक्थ साथै मिल्न जानु र एकै लोकमा रहनुलाई वश गर्दछ। यो नदेखिने फल हो।

टिप्पणी— वेदमा केही मन्त्र 'शस्त्र' नामका हुन्छन्। तीमध्ये 'उक्थ' एउटा हो। महाव्रत नाम गरेका यज्ञमा पढ्नुपर्नेमध्ये मुख्य शस्त्र उक्थ हुन्छ। त्यो उक्थ पढ्नासाथ सबै ऋत्विक् जन्याक्-जुरुक् उठी आफाफ्ना कार्य गर्न लाग्दछन्। प्राणले सबैलाई उठाएजस्तो उक्थले पनि सबै ऋत्विक्लाई उठाउने हुनाले त्यै समानताका आधारमा उक्थ–दृष्टिले प्राणको उपासना गरिने भएको हो।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यजुर्दृष्टिले प्राणोपासना

यजुः प्राणो वै यजुः प्राणे हीमानि सर्वाणि भूतानि युज्यन्ते हास्मै सर्वाणि भूतानि श्रैष्ठ्याय यजुषः सायुज्यꣳसलोकतां जयति य एवं वेद ॥ २ ॥

पदार्थ—यजुः—'यजुः' भन्ने रूपले पनि, प्राणम् उपासीत—प्राणलाई उपासना गरोस्, प्राणः — प्राण, वै — निश्चयले, यजुः — यजु हो, हि — यस कारणले कि, प्राणे — प्राणमा, इमानि — यी, सर्वाणि — संपूर्ण, भूतानि — — प्राणीहरू, युज्यन्ते — जुट्तछन्, अस्मै— यसलाई, श्रैष्ठ्याय—श्रेष्ठताका निमित्त, सर्वाणि-संपूर्ण, भूतानि — प्राणीहरू, युज्यन्ते — जुट्तछन्, (तथा त्यसले) यजुषः — प्राणको, सायुज्यम् — साथै मिल्नु, (र) सलोकताम् — एकै लोकमा रहनुलाई, जयति— वश गर्दछ, यः — जुन, एवम् — यस्तो, (यजुः भनिने प्राणको महत्त्व) वेद — जान्दछ र भावना गर्दछ, ह — अवश्य हो ।

वाक्यार्थ—यजुः भन्ने भावले पनि प्राणको उपासना गर्नू । प्राण नै यजुः हो । किनभने प्राणमा सबै प्राणीहरू जुट्तछन् । प्राण नभएमा कसैको कसैसाथ जुट्ने सामर्थ्य हुँदैन । त्यस उपासकलाई श्रेष्ठ बनाउनाका निमित्त संपूर्ण प्राणीहरू जुट्तछन्, तथा त्यो 'यजुः ' भनिने प्राणका साथै मिल्नु र समान लोकमा रहनुलाई स्वाधीन गर्दछ जो यजुः भनिने प्राणको महिमा जान्दछ र तदनुसार भावना गर्दछ ।

साम-दृष्टिले प्राणोपासना

साम प्राणो वै साम प्राणे हीमानि सर्वाणि भूतानि सम्यञ्चि सम्यञ्चि हास्मै सर्वाणि भूतानि श्रैष्ठ्याय कल्पन्ते साम्नः सायुज्यꣳसलोकतां जयति य एवं वेद ॥३॥

पदार्थ — साम — साम (इति च उपासित प्राणम्) — भनेर पनि प्राणको उपासना गर्नू, प्राणः— प्राण, वै — निश्चयले, साम — साम हो, हि —यस-कारणले कि, प्राणे — प्राणमा, इमानि — यी, सर्वाणि— समस्त, भूतानि — प्राणीहरू, सम्यञ्चि — संगत हुन्छन्, अस्मै — यस उपासकमा, सर्वाणि — संपूर्ण, भूतानि — प्राणीहरू, सम्यञ्चि — मिल्न आउने हुन्छन्, (तथा, त्यसको) श्रैष्ठ्याय— श्रेष्ठताका निमित्त, कल्पन्ते — समर्थ हुन्छन्, (त्यो) साम्नः— साम भनिने प्राणको, सायुज्यम् — साथै मिल्नु (र), सलोकताम्— एकै लोकमा रहनु-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाई, जयति — वश गर्दछ, यः — जुन उपासक, एवम् — यस्तो (साम भनिने प्राणको महिमा) वेद — जान्दछ, र भावना गर्दछ ।

वाक्यार्थ—साम भनेर पनि प्राणको उपासना गर्नू । प्राण नै साम हो । किनभने प्राणमा सबै प्राणी संगत हुन्छन्, प्राण नभए कसैसँग कोही मिल्न आउँन सक्तैन । जो यो साम भनिने प्राणको महिमा जान्दछ र भावना गर्दछ त्यसमा सबै प्राणी संगत हुन्छन्, तथा त्यसलाई श्रेष्ठ बनाउन समर्थ हुन्छन् । त्यो साम-प्राण साथै मिल्नु र उहीं लोकमा रहने हुनुलाई वश गर्दछ ।

क्षत्र-दृष्टिले प्राणोपासना

क्षत्रं प्राणो वै क्षत्रं प्राणो वै क्षत्रं हि त्रायते हैनं प्राणः क्षणितोः प्र क्षत्रमत्र-माप्नोति क्षत्रस्य सायुज्य॰सलोकतां जयति य एवं वेद ॥ ४ ॥

पदार्थ—क्षत्रम्—'क्षत्र' भनेर, (प्राणम् उपासीत)– प्राणको उपासना गर्नू, प्राणः — प्राण, वै — निश्चयले, क्षत्रम् — क्षत्र हो, प्राणः — प्राण, क्षत्रम् — क्षत्र हो, (यो कुरा) हि वै — प्रसिद्ध छ, ह — ठीक हो, प्राणः — प्राणले, एनम्— यस देहलाई, क्षणितोः — हतियारहरूको चोटको क्षतिबाट, त्रायते (पलाएर मासु भरिदिने गरी) रक्षा गर्दछ, यः— जो, एवम्—यस्तो, (क्षत्र-प्राणको गुण) वेद — जान्दछ, सः — त्यो, अत्रम्—अरू केहीले रक्षा नगरिने, क्षत्रम् — प्राण, प्राप्नोति — पाउँदछ, (तथा) क्षत्रस्य—क्षत्र भनिने प्राणको, सायुज्यम् — साथै मिल्नु, (र) सलोकताम् — एकै लोकमा रहनुलाई, जयति — आपनो अधीन गर्दछ ।

वाक्यार्थ —क्षत्र भनेर प्राणको उपासना गर्नू । प्राण निस्सै क्षत्र हो । 'प्राण क्षत्र हो' भन्नेकुरा प्रसिद्ध छ । किनभने मासु पलाइदिने गर्नाले प्राणले देहलाई हति-यारहरूका चोटको क्षतिबाट बचाउ गर्दछ । जो यस्तो ('क्षत्र भनिने प्राणको गुण') जान्दछ र भावना गर्दछ, त्यो कसैबाट रक्षा गरिन नपर्ने प्राण प्राप्त गर्दछ । एवं क्षत्र भनिने प्राणको साथै मिल्नु र एकै लोकमा रहनुरूप फललाई स्वाधीन बनाउँछ ।

पाँचौं अध्यायमा तेह्रौं उक्थ ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्दश ब्राह्मण

गायत्र्युपासना

संबन्ध — हृदय आदि अनेक उपाधिले विशिष्ट ब्रह्मको उपासना कहियो। अब गायत्री उपाधिले विशिष्ट ब्रह्मको उपासना बताउनु छ र अबको ग्रन्थ आरम्भ गरिन्छ।

संपूर्ण छन्दहरूमध्ये गायत्री छन्द प्रधान छ। त्यसलाई प्रयोग गर्ने गयलाई त्राण गर्ने हुनाले 'गायत्री' भनिन्छ भनी बताइनेछ। अरू छन्दको प्रयोगकर्ताका प्राणको रक्षा गर्ने सामर्थ्य छैन। गायत्रीचाहिं अरू छन्दको प्राणस्वरूप छ र त्यो प्राण तिनको आत्मा हो। प्राण चोटहरूबाट रक्षा गर्ने कुरो हो भन्ने कुरा अघि गरियो। प्राणचाहिं गायत्री हो। त्यस कारण त्यसको उपासना विधान गर्नु अभीष्ट छ। अर्को कुरा "ब्राह्मणलाई गायत्रीले, क्षत्रियलाई त्रिष्टुभ्ले, वैश्यलाई जगती छन्दले सृष्टि गरे" भन्ने श्रुति हुनाले ब्राह्मणको दोस्रो जन्म गायत्रीले गराउँदछ। त्यसले पनि गायत्री प्रधान छ। "ब्राह्मण निष्पाप, निर्दोष र निःशङ्क हुन्छ।" इत्यादि श्रुतिले उत्तम पुरुषार्थसँगको संबन्ध ब्राह्मणको देखाउँछ। त्यो ब्राह्मणत्व गायत्रीजन्ममूलक छ, गायत्रीले सृष्टि गरिएको द्विजोत्तम बेरोक उत्तम पुरुषार्थ-साधनमा अधिकार प्राप्त हुन्छ। अतः परम पुरुषार्थको संबन्ध गायत्रीमूलकै छ। यसले पनि गायत्रीको महिमा ठूलो हुनाले त्यसको उपासना विधान गर्न भन्दछ—

गायत्रीको त्रैलोक्यरूप पहिलो पाउको उपासना

भूमिरन्तरिक्षं द्यौरित्यष्टावक्षराण्यष्टाक्षरꣳह वा एकं गायत्र्यै पदमेतदु हैवास्या एतत्स यावदेषु त्रिषु लोकेषु तावद्ध जयति योऽस्या एतदेवं पदं वेद ॥ १ ॥

पदार्थ — 'भूमिरन्तरिक्षं द्यौः' इति — 'भूमिरन्तरिक्षं द्यौ' यो, अष्टौ — आठ, अक्षराणि — अक्षर छन्, गायत्र्यै — गायत्रीको, एकम् — एक, पदम् — पाउ, अष्टाक्षरम् — आठ अक्षरवाला, ह वै — प्रसिद्धतर छ, एतद् — यो पृथ्वी आदि तीन लोक, उ ह — नै, वै — अवश्य, अस्याः — यस गायत्रीको,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतत् — यो पहिलो पाउ हो, सः — त्यो विद्वान्, यावत् — जति, त्रिषु–तीन, लोकेषु — लोकमा, (जेतव्यम्) — जित्नुपर्ने छ, तावत् — त्यति, ह — निश्चयले जयति — जित्तछ, यः — जो, अस्याः — यस गायत्रीको, एवम् — यस प्रकारको, एतत् — यो, पदम् — पहिलो पाउ, वेद — जान्दछ ।

वाक्यार्थ — 'भूमिरन्तरिक्षं द्यौः' यी आठ अक्षर छन् । गायत्रीको एक पाउ पनि आठ अक्षरको हुन्छ । यस समानतालेपृथ्वी, अन्तरिक्ष, द्यौ यो त्रैलोक्य अवश्य गायत्रीको पहिलो पाउ हो । यो गायत्रीको त्रैलोक्यात्मक पहिलो पाउ जो जान्दछ त्यो विद्वान् तीन लोकमा जे जति जित्नुपर्ने (साध्नुपर्ने) कुरा छ त्यति अवश्य जित्तछ (साद्ध छ) ।

टिप्पणी–'भूमिरन्तरिक्षं द्यौः' मा पछिल्लो यकारलाई अलग गनेर आठ संख्या पूर्त्ति गर्नुपर्दछ ।

गायत्रीको त्रयी (वेद)-रूप दोस्रो पाउको उपासना

ऋचो यजूꣳषि सामानीत्यष्टावक्षराण्यष्टाक्षरꣳह वा एकं गायत्र्यै पदमेतदु हैवास्या एतत्स यावतीयं त्रयी विद्या तावद्ध जयति योऽस्या एतदेवं पदं वेद ॥ २ ॥

पदार्थ — 'ऋचो यजूंषि सामानि' — 'ऋचो यजूंषि सामानि', इति — यी, अष्टौ — आठ, अक्षराणि — अक्षर छन्, गायत्र्यै — गायत्रीको, एकम् — एक, पदम् — पाउ, (पनि) अष्टाक्षरम् — आठ अक्षरवाला छ, एतद् — यो त्रयी, उ ह — नै, वै — अवश्य, अस्याः — यस गायत्रीको, एतद् — यो दोस्रो पाउ हो, सः — त्यो विद्वान्, यावती — जति, इयम् — यो, त्रयी विद्या — वेदरूप विद्या छ, अर्थात् वेदविद्याले जति फल पाइने हो, तावत् — त्यति ह — निश्चयले, जयति — जित्तछ, यः — जुन, अस्याः — यस गायत्रीको, एवम् — यस्तो वेदविद्यात्मक, एतद् — यो, पदम् — पाउ, वेद — जान्दछ ।

वाक्यार्थ — 'ऋचो यजूंषि सामानि' यी आठ अक्षर छन् । गायत्रीको एक पाउ पनि आठ अक्षरवाला हुन्छ । यस तुल्यताले गर्दा त्रयी (ऋक्, यजुः, साम) अवश्य गायत्रीको दोस्रो पाउ हो । गायत्रीको यो त्रयीरूप दोस्रो पाउ जो जान्दछ, त्यो त्रयी विद्याले जति फल दिने हो, त्यति फललाई अवश्य जित्तछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गायत्रीको प्राणादिरूप तेस्रो पाउ र दर्शत परोरजारूप चौथो पाउको उपासना

प्राणोऽपानो व्यान इत्यष्टावक्षराण्यष्टाक्षरꣳह वा एकं गायत्र्यै पदमेतदु हैवास्या एतत्स यावदिदं प्राणि तावद्ध जयति योऽस्या एतदेवं पदं वेदाथास्या एतदेवं तुरीयं दर्शतं पदं परो रजा य एष तपति यद्वै चतुर्थं तत्तुरीयं दर्शतं पदमिति ददृश इव ह्येष परो रजा इति सर्वमु ह्येवैष रज उपर्युपरि तपत्येवꣳहैव श्रिया यशसा तपति योऽस्या एतदेवं पदं वेद ॥ ३ ॥

पदार्थ — 'प्राणः अपानः व्यानः' इति — 'प्राण, अपान, व्यान' यी प्राणादिका नामाक्षर, अष्टौ — आठ छन्, गायत्र्यै — गायत्रीको, एकम् — एक, पदम् — पाउ, अष्टाक्षरम्— आठ अक्षरवाला, ह वै — निश्चित छ, एतद् — यो प्राणादि, उ ह — नै, एव — अवश्य, गायत्र्याः — गायत्रीको, एतद् — यो तेस्रो पाउ हो, सः — त्यो जान्ने पुरुष, इदम् — यो, प्राणि — प्राणिजात, यावत् — जति छ, तावत् — त्यतिलाई, जयति — वश गर्दछ, यः — जो, एतस्याः — यस गायत्रीको, एवम् — यस्तो, प्राणादिरूप, पदम् — तेस्रो पाउ, वेद — जान्दछ, अथ — यसपछि, (गायत्र्याः तुरीयम् पदम् उच्यते)—गायत्रीको चौथो पाउ कहिन्छ, अस्याः- यस गायत्रीको, एतत् एव — यो नै, तुरीयम् — चौथो, पदम् — पाउ, दर्शतम् — दर्शत नाम भएको छ, परोरजाः — परोरजा छ, यः — जो, एषः — यो, आदित्य-मण्डलभित्रको पुरुष, तपति — प्रकाश गर्दछ, यद् — जो, चतुर्थम् — चौथो हो, तत् — त्यो, वै — निश्चयले, तुरीयम् — तुरीय भनिन्छ, दर्शतम् पदम् इति — दर्शतम् पदम् यसको अर्थ, एषः — यो मण्डलान्तर्गत पुरुष, हि — निस्सै, ददृशे इव — देखिन्छ कि जस्तो छ, परोरजाः इति—परोरजा यसको अर्थ, एषः— यो पुरुष, सर्वम् — संपूर्ण, रजः — लोकलाई, उपरि उपरि— उत्त-रोत्तर आधिपत्यले, उ हि एव — अवश्य नै तपति — प्रकाश गर्दछ (त्यो उपासक विद्वान्) श्रिया— सम्पत्तिले, यशसा — यशले, एवम् हि एव— यसै गरी, तपति — प्रकाश गर्दछ, यः— जो, अस्याः — यस गायत्रीको, एतत् — यो, पदम्— चौथो पाउलाई, एवम् —यस प्रकारको, (आदित्य-मण्डलान्तर्गत पुरुष भन्ने) वेद — जान्दछ।

वाक्यार्थ — प्राण, अपान, व्यान यी प्राणादिका नामाक्षर आठ छन्, गायत्रीको एक पाउ पनि आठ अक्षरवाला निश्चित छ। यस समानताले यो प्राणादि नै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गायत्रीको तेस्रो पाउ हो । जसले गायत्रीको प्राणादिरूप तेस्रो पाउ जान्दछ, त्यो समस्त प्राणीसमूहलाई वशमा पार्ने हुन्छ ।

अब गायत्रीको चौथो पाउ कहिन्छ । यस गायत्रीको चौथो पाउ 'दर्शत' भनिन्छ, त्यो परोरजा छ । जो यो (आदित्य-मण्डलभित्रको पुरुष) प्रकाश गर्दछ । जो चौथो हो त्यो तुरीय भनिन्छ । 'दर्शत' भनेको त्यो आदित्य-मण्डलान्तर्गत पुरुष 'देखिन्छ जस्तो छ' भनेको हो । 'परोरजाः' भनेको उक्त पुरुष संपूर्ण रज (लोक) लाई उत्तरोत्तर आधिपत्यले प्रकाश गर्दछ भनेको हो । जुन उपासक गायत्रीको यो चौथो पाउलाई यस्तो (आदित्य-मण्डलान्तर्गत पुरुष भनेर) जान्दछ त्यो संपत्तिले र यशले यसै गरी प्रकाशमान हुन्छ ।

गायत्रीको परम प्रतिष्ठा प्राण हो भन्ने र 'गायत्री' शब्दको निर्वचन एवं बटुलाई गरेका गायत्री-उपदेशको फल

सैषा गायत्र्येतस्मिꣳस्तुरीये दर्शते पदे परोरजसि प्रतिष्ठिता तद्वैतत्सत्ये प्रतिष्ठितं चक्षुर्वै सत्यं चक्षुर्हि वै सत्यं तस्माद् यदिदानीं द्वौ विवदमानावेयातामहमदर्शमहमश्रौषमिति य एवं ब्रूयादहमदर्शमिति तस्मा एव श्रद्दध्याम तद्वै तत्सत्यं बले प्रतिष्ठितं प्राणो वै बलं तत्प्राणे प्रतिष्ठितं तस्माद्बाहुबलꣳसत्यादं जोय इत्येवं वैषा गायत्र्यध्यात्मं प्रतिष्ठिता सा हैषा गयाꣳस्तत्रे प्राणा वै गयास्तत्प्राणाꣳस्तत्रे तद्यद् गयाꣳस्तत्रे तस्माद् गायत्री नाम स यामेवामूꣳसावित्रीमन्वाहैषैव स यस्मा अन्वाह तस्य प्राणाꣳस्त्रायते ॥ ४ ॥

पदार्थ — सा — त्यो, एषा — यो, गायत्री — गायत्री, एतस्मिन् — यो, तुरीये — चौथो, दर्शते — देखिन्छ कि जस्तो, परोरजसि — लोकहरूलाई उत्तरोत्तर प्रकाश गर्ने, पदे — आदित्य-मण्डलान्तर्गत पुरुषरूप पाउमा, प्रतिष्ठिता — रहेको छ, तत् — त्यो चौथो पाउ, सत्ये — सत्यमा, प्रतिष्ठितम् — रहेको छ, तत् — त्यो सत्य, वै — निश्चयले, चक्षुः — चक्षु इन्द्रिय हो, चक्षुः — चक्षु इन्द्रिय, वै — अवश्य, सत्यम् — सत्य हो, हि — प्रसिद्ध छ, तस्मात् — त्यस कारण, यद् — यदि, इदानीम् — अहिले, एव — नै, अहम् — मैले, अदर्शम् — देखको हुँ, अहम् — मैले, अश्रौषम् — सुनेको हुँ, इति — यसरी द्वौ — दुइ जना, विवादमानौ, — झगडा गर्दै, एयाताम् — आऊन्, (तीमध्ये) यः — जो, एवम् — यसरी, ब्रूयात् — भन्ला, (कसरी ?) अहम् — मैले, अदर्शम् — देखको हुँ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति — यसरी, (तव) तस्मै एव — त्यसैलाई, श्रद्दध्याम — पत्याउँला, (अत एव) तद् — त्यो चक्षु, वै — निश्चयले, तत्— सत्य हो, सत्यम्— सत्य, बले— बलमा, प्रतिष्ठितम्— रहेको छ, प्राणः—प्राण, वै— निश्चयले, बलम्— बल हो, तत् — त्यो बल, प्राणे — प्राणमा, प्रतिष्ठितम् — रहेको छ, तस्मात् — त्यस कारण, बलम् — बल, सत्यात् — सत्यभन्दा, ओजीयः — ओजस्वी छ, इति — यसो, आहुः — भन्दछन्, एवम् — यसरी, (उक्त प्रकारले) उ एषा — यो गायत्री, अध्यात्मम् — प्राणमा, प्रतिष्ठिता — रहेको छ, सा — त्यो, एषा— यो गायत्रीले, गयान् — गयहरूलाई, तत्रे — रक्षा गरेको छ, प्राणाः — प्राणहरू, वै — नै, गयाः — 'गय ' हुन्, तत् — त्यसो हुनाले, प्राणान् — प्राणहरूलाई, तत्रे — रक्षा गरेको छ, तत् — त्यसमा, यत् — जो, गयान् — गयहरूलाई, तत्रे— रक्षा गरेको छ, तस्मात् — त्यस कारण, गायत्री नाम— गायत्री नाम छ, सः — ती आचार्य, याम् एव — खास जुन, अमूम् — यो, सावित्रीम् — सविता देवता भएको, गायत्रीम् — गायत्री, अन्वाह — (वटुलाई) अन्वाह — उपदेश गर्दछन्, तस्य — त्यसका, प्राणान् — प्राणहरूलाई, त्रायते — रक्षा गर्दछन् ।

वाक्यार्थ— यो गायत्री मन्त्र दर्शत (देखिन्छ कि जस्तो) परोरजा—(लोक-हरूलाई, उत्तरोत्तर आधिपत्यले प्रकाश गर्ने) आदित्य-मण्डलान्तर्गत पुरुषरूप चौथो पाउमा रहेको छ । त्यो चौथो पाउ सत्यमा प्रतिष्ठित छ । त्यो सत्य चक्षु इन्द्रिय हो । चक्षु इन्द्रिय अवश्य सत्य हो । यो कुरा प्रसिद्ध छ । यदि अहिले एउटा 'त्यो घटना मैले देखको छु ' भनेर अर्को 'त्यो घटना मैले सुनेको छु' भन्ने दुइ जना विवाद गर्दै आऊन् त तीमध्ये हामी 'मैले देखेको छु' भन्नेलाई नै पत्याउनेछौं । यसै कारणले चक्षु नै सत्य हो । त्यो सत्य बलमा रहेको छ । प्राण नै बल हो, किन कि बल प्राणमा प्रतिष्ठित छ । यसैले सत्यभन्दा बल ओजस्वी छ भनी भन्दछन् । उक्त प्रकारले गायत्री प्राणमा प्रतिष्ठित छ । त्यो गायत्रीले गयहरूलाई रक्षा गरेको छ । 'गय ' भनेको प्राणहरू हुन् । यसै कारणले 'गायत्री' नाम भएको हो । ती आचार्य जुन यो सविता देवता भएको गायत्री वटु (उपनयन गरिएको) लाई उपदेश गर्दछन्, त्यो गायत्री यै व्याख्यान गरिएको हो । ती आचार्यले जुन वटुलाई यो गायत्री उपदेश गर्दछन् त्यसका प्राणहरूलाई नरकपातादिबाट रक्षा गर्दछन् ।

अनुष्टुभ् सावित्री उपदेश गर्न निषेध र गायत्री सावित्रीको महत्त्व

ताꣳहैतामेके सावित्रीमनुष्टुभमन्वाहुर्वागनुष्टुबेतद्वाचमनुब्रूम इति न तथा

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुर्याद्गायत्रीमेव सावित्रीमनुब्रूयाद्यदिह वा अप्येवंविद् बह्विव प्रतिगृह्णाति न हैव तद्गायत्र्या एकंचन पदं प्रति ॥ ५ ॥

पदार्थ — एके — कुनै शाखावालाहरू, वाक् — वाणी, अनुष्ठुप् — अनुष्ठुप् छन्द हो, (यस कारण) एतद् वाचम् — यै अनुष्टुप्रूप वाणी, अनुब्रूम — उपदेश गर्दछौं, इति — यसो भनेर, ताम् एताम् — त्यै यो, सावित्रीम् — सविता देवता भएको, अनुष्टुभम्— अनुष्टुप् छन्दवाला मन्त्र , अन्वाहुः— उपदेश गर्दछन्, तथा—त्यस्तो, न कुर्यात्—नगरोस्, गायत्रीम् एव—गायत्री चाहि नै,सावित्रीम्— सविता देवता भएको मन्त्र, अनुब्रूयात् — उपदेश गरोस्, यदि— यदि, ह वै अपि — निस्सै पनि, एवंविद् — यस्तो जान्ने पुरुष, बहु इव — धेरै नै जस्तो, प्रतिगृह्णाति, प्रतिग्रह लेओस्, तद् — त्यो, गायत्र्याः—गायत्रीको, एकञ्चन— एउटै पनि, पदम् प्रति — पाउकाउपर, न एव पर्याप्तम् — पुग्दो हुँदैन, ह — निश्चित कुरा हो ।

वाक्यार्थ — कुनै शाखावाला आचार्य 'वाणी अनुष्टुभ् छन्द हो, वाणी नै शरीरमा सरस्वती हुन् । अतः यै अनुष्टुभ् छन्दको मन्त्र उपदेश गर्दछौं' भनेर सविता नै देवता भएको त्यो अनुष्टुभ् छन्दको मन्त्र बटुलाई, उपदेश गर्दछन् । त्यसो नगर्नू । गायत्री छन्दवाला नै सावित्री उपदेश गर्नू । किनभने 'प्राण नै गायत्री हो' भनियो । तब, जब प्राणको उपदेश गरिन्छ त वाक् सरस्वती र अरू प्राणहरू पनि सबै थोक बटुलाई समर्पण गरिएको हुन्छ, यस्तो गायत्रीको बेत्ताले यदि धेरै नै जस्तो प्रतिग्रह लेओस् त पनि गायत्रीको एउटा पाउलाई पनि पर्याप्त हुन्न । अर्थात् त्यो प्रतिग्रहको दोष-निवारण गर्न गायत्रीका तीन पाउमध्ये एक पाउका मात्र उपासना पनि पूरा चाहिँदैन ।

गायत्रीका प्रत्येक पदका महत्त्वको दिग्दर्शन

स य इमाꣳस्त्रींल्लोकान्पूर्णान्प्रतिगृह्णीयात्सोऽस्या एतत्प्रथमं पदमाप्नुयादथ यावतीयं त्रयी विद्या यस्तावत्प्रतिगृह्णीयात्सोऽस्या एतद्द्वितीयं पदमाप्नुयादथ यावदिदं प्राणि यस्तावत् प्रतिगृह्णीयात्सोऽस्या एतत् तृतीयं पदमाप्नुयादथास्या एतदेव तुरीयं दर्शतं पदं परोरजा य एष तपति नैव केनचनाप्यं कुत उ एतावत् प्रतिगृह्णीयात् । ॥ ६ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — सः — त्यो, यः — जुन गायत्रीका उपासकले, इमान् — यी, पूर्णान्—गाई, घोडा आदिले पूर्ण, त्रीन्—तीन, लोकान्—लोक, प्रतिगृह्णीयात्—प्रतिग्रह लेला, सः — त्यस प्रतिग्रहले, अस्याः — यस गायत्रीको, एतद् — यो, (व्याख्या गरिएको) प्रथमम् — पहिलो, पादम् — पाउलाई, आप्नुयात् — पाउला, अथात् त्यसले गायत्रीको पहिलो पाउ उपासना गरेको फलसम्म भोगिएको हुन जाला, त्यसभन्दा बढ्ता दोष उत्पन्न गर्ने होओइन, अथ — अनि, यः—जुन उपासकले, यावति — जति, इयम् — यो, त्रयी विद्या — वेद-विद्या छ, तावत् —त्यति प्रतिग्रह लेला, सः — त्यो प्रतिग्रहले, अस्याः — यस गायत्रीको, एतद्— यो, (व्याख्या गरिएको) द्वितीयम्— दोस्रो, पदम्—पाउ, आप्नुयात्—पाउला, अर्थात् गायत्रीको दोस्रो पाउ उपासना गरेको फलसम्म भोगिएको हुन जाला, त्यसभन्दा बढ्ता दोष उत्पन्न गन होओइन, अथ—अनि, यः—जुन उपासकले, यावत् — जति, इदम् — यो, प्राणि— प्राणिजात छ, तावत् — त्यति, प्रतिगृह्णीयात्—प्रतिग्रह लेला, सः— त्यस प्रतिग्रहले, अस्याः— यस गायत्रीको, एतत् — यो, (व्याख्या गरिएको) तृतीयम् —तेस्रो, पदम्—पाउ, आप्नुयात्—पाउला, अर्थात् तेस्रो पाउ उपासना गरेको फलसम्म भोगिएको हुन जाला, त्योभन्दा बढ्ता दोष उत्पन्न गर्ने होओइन, अथ — अनि, अस्याः — यस गायत्रीको, एतद् — यो, एव—नै, तुरीयम्— चौथो, दर्शतम्— देखिएला जस्तो, परोरजाः—माथि-माथि सब लोक प्रकाश गर्ने, पदम्—आदित्य-मण्डलान्तर्गत पुरुषरूप पाउ हो, यः — जो, एषः — यो, तपति — प्रकाश गर्दछ, (त्यो) केनचन — कुनै वस्तुले, न आप्यम् — पाइने छैन, एतावत् — यति प्रचुर चीज, कुतः उ — कताबाट पो, प्रतिगृह्णीयात् — प्रतिग्रह लेला र ? (संसारैमा हुँदैन)।

वाक्यार्थ — गायत्र्युपासकले गाई, घोडा आदि समस्त वस्तुले पूर्ण यी तीनै लोक प्रतिग्रह किन नलेओस् ! तर त्यस प्रतिग्रहले गायत्रीको पहिलो पाउको उपासना गरेको फलसम्म कटाउला, त्योभन्दा बढ्ता दोष उत्पन्न गर्न सक्नेछैन। गायत्र्युपासकले जति वेद-विद्या छ त्यति नै प्रतिग्रह किन नलेओस् ! तर त्यस प्रतिग्रहले गायत्रीका दोस्रा पाउको उपासना गरेको फलसम्म कटाउला, त्योभन्दा बढ्ता दोष उत्पन्न गर्न सक्नेछैन। गायत्र्युपासकले प्राणिजात भएजति नै प्रतिग्रह किन नलेओस् तर त्यति प्रतिग्रहले गायत्रीका तेस्रा पाउको उपासना गरेको फलसम्म कटाउला, त्योभन्दा बढ्ता कुनै दोष उत्पन्न गर्न सक्नेछैन। जुन त गायत्रीको चौथो दर्शत परोरजा सर्वलोक-प्रकाशक (आदित्य-मण्डलान्तर्गत पुरुषरूप) पाउ छ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसको उपासना गरेको फल कटाउने चीज त संसारमा कसले–के छ र प्रतिग्रह लेला ! अर्थात् त्यो फल त अनन्त छ, केहीले कट्ने कुरा छैन।

वास्तवमा उक्त तीन पाउका उपासनाको फल कटाउने त्रैलोक्य आदि बराबरको चीजै के हुन्छ र गायत्र्युपासकले प्रतिग्रह लेला ? त्यो पनि असंभव हो। खालि कल्पनाले भनिएको कुरा मात्र हो। अतः गायत्री अपार महिमाको वस्तु छ र अवश्य उपासनीय छ ।

गायत्रीको उपस्थान र त्यसको फल–

तस्या उपस्थानं गायत्र्यस्येकपदी द्विपदी त्रिपदि चतुष्पद्यपदसि न हि पद्यसे नमस्ते तुरीयाय दर्शताय पदाय परोरजसेऽसावदोमा प्रापदिति यं द्विष्यादसावस्मै कामो मा समृद्धीति वा न हैवास्मै स कामः समृद्धचते यस्मा एवमुपतिष्ठतेऽमदः प्रापमिति वा ॥ ७ ॥

पदार्थ— तस्याः — त्यस गायत्रीको, उपस्थानम् — समीपमा रहनु अर्थात् नमस्कार गर्नु (यस मन्त्रले हुन्छ), गायत्रि— हे गायत्री! (तिमी) एकपदि— त्रैलोक्यरूप पाउले एकपाउ भएकी, असि— छौ, द्विपदी — वेद-विद्यारूपले दुइ पाउ भएकी, असि—छौ, त्रिपदी—प्राणादिरूपले तीन पाउ भएकी, असि– छौ, चतुष्पदी — आदित्य-मण्डलान्तर्गत पुरुषरूपले चार पाउ भएकी, असि — छौ, (अनि) अपद् — (यसउपर निरुपाधिकरूपले) पाउ नभएकी छौ, (अतः) न हि पद्यसे — जानी नसकिने छौ, (अतः) ते— तिम्रो, तुरीयाय—चौथो, दर्शताय — देखिन्छ कि जस्तो, परोरजसे — माथि-माथि सब लोकलाई प्रकाश गर्ने, पदाय — उक्त पुरुषरूप पाउलाई, नमः — नमस्कार छ, असौ — त्यो पापरूप शत्रु, (तिमीलाई प्राप्त गर्ने काममा विघ्नकारक) अदः — त्यो आफ्नो काम गर्न, (विघ्न पार्न)मा प्रापत् — नपाओस्, इति — यो मन्त्र समाप्त भयो, वा — अथवा, (यो गायत्र्युपासक) यम् — जसलाई, द्विष्यात्— द्वेष गर्ला, (त्यस प्रति यो उपस्थान छ–) असौ — फलानो शत्रु हो, अस्मै— यसलाई, कामः — इच्छा लागेको कुरो, मा समृद्धि — पूर्ण नहोओस्, इति — यसरी, (उपस्थान गरोस्) अनि, अस्मै — यस शत्रुलाई, सः— त्यो, कामः — चिताएको कुरो, न ह एव समृद्धचते—अवश्यै पूर्ण हुँदैन, वा — अथवा, यस्मै — जसका निमित्त , अहम् — म, अदः — यो कुरो, प्रापम् — पाऊँ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति — यसो भनेर, उपतिष्ठते — उपस्थान गर्दछ, (त्यसलाई) सः कामः— त्यो अभीष्ट कुरो, समृध्यते — पूर्ण हुन्छ ।

वाक्यार्थ — त्यो गायत्रीको उपस्थान (नमस्कार) यस मन्त्रले हुन्छ–हे गायत्री ! तिमी त्रैलोक्यरूप पाउले एक पाउ भएकी छौ, वेद-विद्यारूप पाउले दुइ पाउ भएकी छौ, प्राणादिरूप पाउले तीन पाउ भएकी छौ, सूर्य-मण्डलान्तर्गत पुरुषरूप पाउले चार पाउ भएकी छौ, यसरी उपासकले चार पाउद्वरा जानिन्छ्यौ । यसभन्दा पनि उपरको निरुपाधिक रूपले त पाउ नै नभएको छौ र जानीनसकिने छौ, अतः तिम्रो चौथो दर्शनीय सर्वलोक-प्रकाशक सूर्यमण्डलस्थ पुरुषरूप पदलाई, नमस्कार छ । तिमीलाई प्राप्त गर्ने काममा विघ्नकारक पापरूप शत्रुले आफ्नो काम गर्न (विघ्न पार्न) नपाओस् । यतिसम्म मन्त्र हो । अथवा यो गायत्र्युपासकले जसलाई द्वेष गर्दछ, उसलाई लक्ष्य गरेर गायत्रीको यस्तो उपस्थान गरोस्–'फलानो शत्रु हो, त्यसलाई इच्छा लागेको कुरा पूर्ण नहोओस् ।' अनि त्यसलाई चिताएको कुरा अवश्यै पूर्ण हुँदैन । अथवा गायत्र्युपासक जसका निमित्त 'म यो कुरा पाउँ' भनेर उपस्थान गर्दछ, त्यसलाई त्यो अभीष्ट कुरो पूर्ण हुन्छ ।

गायत्रीको मुखविधानका निमित्त अर्थवाद

एतद्ध वै तज्जनको वैदेहो बुडिलमाश्वतराश्विमुवाच यन्नु हो तद्गायत्रीविदब्रूथा अथ कथꣳहस्तीभूतो वहसीति मुखꣳह्यस्याः सम्राण्न विदाञ्चकारेति होवाच तस्या अग्निरेव मुखं यदिह वा अपि बह्विवाग्नावभ्यादधति सर्वमेव तत्संदहत्येवꣳहैवैवंविद् यद्यपि बह्विव पापं कुरुते सर्वमेव तत्संप्साय शुद्धः पूतोऽजरोऽमृतः संभवति ।। ८।।

पदार्थ – एतद्–यो कुरा, वै — निस्सै, ह — भएको हो, तत् — त्यस गायत्री-विज्ञान-विषयमा, विदेहः—विदेह नामका, जनकः—जनकले, आश्वतराश्विम्– अश्वतराश्वका छोरा, बुडिलम् — बुडिलसँग, इति — यसो, उवाच — भनेथें, तत्— त्यो कुरा, हो —आश्चर्यकारक छ, यन्नु — किन होला, (यत्) — जो, (तिमी) गायत्रीविद् — गायत्री जान्ने (छु) अब्रूथाः — भन्थ्यौ, अथ — अनि, कथम् — कसरी, (प्रतिग्रह दोषले) हस्ती — हात्ती, भूतः — भएर, वहसि — भारी बोकिरहेछौ ? (अनि बुडिलले) सम्राट्–हे चक्रवर्त्ती ! अस्याः–यी गायत्रीको, मुखम्—मुख, न विदाञ्चकार — जानिनँ, (यसैले गायत्री-विज्ञान विफल भयो)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति — यसो, उवाच — भने, (यसपछि जनकले भने–) तस्याः — ती गायत्रीको, अग्निः — अग्नि, एव — नै, मुखम् — मुख हो, यदि — यदि, अग्नौ— आगामा, बहु इव — धेरै नै, (दाउरा) अभ्यादधाति अपि — हाल्दछन् त पनि, तत्— त्यो, सर्वम् — समस्त, ह वै — अवश्य, संदहति — डढाउँदछ, एवम् — यसै गरी, एवंवित् — यस्तो (गायत्रीको मुख अग्नि हो भनी) जान्ने पुरुष, यद्यपि —हुन त, बहु इव—धेरै नै, पापम्—पाप, कुरुते—गर्दछ, (तर) (गायत्र्यात्मा अग्निमुखः सन्) — गायत्रीस्वरूप भई, अग्निमुख भएकाले, तत् — त्यो, सर्वम् एव — सबै, संप्साय — खाएर, शुद्धः — शुद्ध भएर, पूतः— प्रतिग्रह-दोष हटी पवित्र भएर, अजरः — जरारहित, अमृतः — मृत्युरहित संभवति — हुन्छ ।

वाक्यार्थ — यो कुरो खास अघि भएको हो । त्यो गायत्री-विज्ञान विषयमा विदेह नामका जनक राजाले अश्वतराश्वका छोरा वुडिललाई भनेथे–यो आश्चर्यको कुरा छ, कि तिमी गायत्रीको ज्ञाता छु भन्छौ, तर किन प्रतिग्रह दोषले हात्ती भएर भार वोकिरहेछौ ? तब वुडिलले भने— अधिराज ! मैले गायत्रीको मुख जानिनँ । यसैले गायत्री-विज्ञान विफल भयो । यसपछि राजाले भने–वुडिल ! गायत्रीको अग्नि नै मुख हो । आगामा धेरै नै दाउरा हालिदिए पनि सब भस्म गरिदिन्छ । यसै गरी गायत्रीको मुख अग्नि हो भनी जान्ने उपासकले कदाचित् धेरै नै पाप गरेको होस्, उपासक गायत्रीरूप भई अग्निमुख भएकाले त्यो सब खाएर शुद्ध भई प्रतिग्रह दोष हटेकाले पवित्र भई जरामरण-रहित हुन्छ ।

पाँचौं अध्यायमा चौधौं ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्ध्रौं ब्राह्मण

ज्ञानकर्मसमुच्चयकारीको अन्तकालमा आदित्य र अग्निसँग प्रार्थना

संवन्ध — जो ज्ञान र कर्म साथैसाथ गर्ने छ, त्यो अन्तकालमा आदित्यसँग प्रार्थना गर्दछ । प्रसङ्ग पनि त्यै छ । किनभने आदित्य गायत्रीको चौथो पाउ हो र त्यसको उपस्थानको प्रकरण छ । अतः त्यसैसँग प्रार्थना गरिन्छ–

हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् । तत्त्वं पूषन्नपावृणु सत्य धर्माय दृष्टये । पूषन्नेकर्षे यमसूर्यप्राजापत्य व्यूह रश्मीन्समूह तेजो यत्ते रूपं कल्याणतमं तत्ते पश्यामि योऽसावसौ पुरुषः सोऽहमस्मि । वायुरनिलममृतमथेदं भस्मान्तꣳशरीरम् । ॐ ३ क्रतो स्मर कृतꣳस्मर क्रतो स्मर कृतꣳस्मर । अग्ने नय सुपथा राये अस्मान्विश्वानि देव वयुनानि विद्वान् । युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां ते नम उक्तिं विधेम ।। १ ।।

पदार्थ — हिरण्मयेन — ज्योतिर्मय, पात्रेण — भाँडो जस्तो मण्डलले, सत्यस्य—सत्यसंज्ञक ब्रह्मको, मुखम्— मुख्य स्वरूप, अपिहितम् — ढाकिएको छ, पूषन् — हे पोषणकर्ता आदित्य, त्वम् — तिमी. तत् — त्यो मण्डलरूप ढकना, सत्यधर्माय — सत्यस्वभाव भएका (तिम्रै स्वरूपभूत मलाई), दृष्टये— देख्नका निमित्त, अर्थात् आत्मसाक्षात्कारका निमित्त, अपावृणु—हटाइदेऊ, पूषन् — हे पोषणकर्ता, एकर्षे — हे एक मात्र द्रष्टा ! यम —हे जगत्का नियामक, सूर्य — हे रस, किरण, प्राण अथवा बुद्धिका प्रेरक, प्राजापत्य — हे हिरण्यगर्भका पुत्र, रश्मीन् — किरणहरू, व्यूह — हटाइदेउ, तेजः —तेज, समूह — छिर्चिदेऊ, यत् — जो, ते — तिम्रो, कल्याणतमम् — अतिशय कल्याणमय, रूपम् — रूप छ, तत् — त्यो, ते — तिम्रो (रूप), पश्यामि — देखूँ, यः — जो, असौ — त्यो व्याहृति अवयव भएको, असौ — तिमीमा, पुरुषः — पुरुष छ, सः— त्यो, अहम्-म, अमृतम् — अमर, अस्मि — हुँ, (अमरणधर्मी सत्यस्वरूप मेरो शरीर ढलेपछि) वायुः — प्राण, अनिलम् — बाह्य वायुमा, (प्रतिगच्छतु) – मिल्न जाओस्, अथ — तथा, इदम् — यो, शरीरम् — शरीर, भस्मान्तम् — आखिर भस्म

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएर, पृथिवीं यातु — पृथिवीमा मिलोस्, ओम् — हे अङ्कारस्वरूप, क्रतो — हे मनोमय अग्निदेव, स्मर — (सम्झनुपर्ने कुरा) सम्झ, (तथा) कृतम् — गरेका कुरा, स्मर— सम्झ, क्रतो — हे मनोमय अग्निदेव, सम्झनुपर्ने कुरा सम्झ, कृतम् — गरेको कुरा (पनि), स्मर— सम्झ, देव — हे प्रकाशशील, वयुनानि— प्रज्ञानहरू, विद्वान् — जान्ने, अग्ने — हे अग्निदेव, अस्मान् — हामीहरूलाई, राये — कर्मफल-प्राप्तिका निमित्त, सुपथा — असल बाटो (शुक्ल मार्ग) बाट, नय — लैजाऊ, जुहुराणम्— कुटिल स्वभावको, एनः — पाप, अस्मत् — हामी-हरूबाट, युयोधि — हटाऊ, ते — तिमीलाई, भूयिष्ठाम्— धेरै, नमः उक्तिम् — नमस्कारका वचन, विधेम–गर्दछौं ।

वाक्यार्थ— ज्योतिर्मय भाँडो जस्तो मण्डलले सत्यसंज्ञक ब्रह्मको मुख्य स्वरूप ढाकिएको छ । हे पोषणकर्ता आदित्य ! तिमी त्यो मण्डलरूप ढकना, सत्यस्वभाव भएको तिम्रै स्वरूपभूत मलाई देखनाका निमित्त (आत्मसाक्षात्कार गर्ना निमित्त) हटाइदेऊ । हे पोषणकर्ता ! एक मात्र द्रष्टा ! जगत्का नियामक रस, किरण, प्राण वा बुद्धिका प्रेरक ! हिरण्यगर्भका पुत्र ! आफ्ना किरणहरू हटाइदेऊ, तेजलाई खिचिंदेऊ, जो तिम्रो अतिशय कल्याणमय रूप छ, त्यो मै अमरणधर्मी हुँ । अमृत-सत्यस्वरूप मेरो शरीर लडेपछि शरीरस्थ प्राणवायु बाह्य वायुमा मिलोस्, यो शरीर आखिर भस्म भएर पृथ्वीमा मिलोस्, हे ओङ्कारस्वरूप मनोमय अग्निदेव ! अन्त्य-कालमा सम्झनुपर्ने कुरा सम्झ, तिम्रो स्मरणले हाम्रो शुभ गर्न मिल्दछ । मैले जीवनभर गरेको कुरा पनि सम्झ, हे मनोमय अग्निदेव ! सम्झनुपर्ने कुरा सम्झ, गरेका काम-कुरा पनि सम्झ । संपूर्ण प्रज्ञान जान्ने हे अग्निदेव ! हामीहरूलाई कर्मफल-प्राप्ति-का निमित्त असल बाटो (शुक्ल मार्ग) बाट लैजाऊ, तथा कुटिल स्वभावको पापलाई हामीबाट हटाइदेऊ, हामी तिम्रो परिचर्या गर्न सक्तैनौं, अतः तिमीलाई धेरै नमस्कारका वचन गर्दछौं, ।

पाँचौं अध्यायमा पन्ध्रौं सूर्याग्निप्रार्थना ब्राह्मण समाप्त ।

पञ्चम अध्याय पनि समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

षष्ठ अध्याय

प्रथम ब्राह्मण

संबन्ध — 'ॐ प्राण गायत्री हो ' भनियो । किन प्राणभाव भयो गायत्रीको वागादिभाव भएन ? भने प्राण नै ज्येष्ठ र श्रेष्ठ हुनाले । वाक् आदि ज्येष्ठ र श्रेष्ठ छैनन् । कसरी प्राण ज्येष्ठ र श्रेष्ठ छ त ? भन्ने कुरा निश्चय गराउनानिमित्त आउँदो ग्रन्थ आरम्भ गरिन्छ ।

अथवा चक्षुरादि करण हुँदा हुँदै पनि प्राणको नै उपासना बताइयो । त्यसमा कारण के हो त्यसको मात्र यहाँ संबन्ध छ, पूर्वग्रन्थको शेषचाहिं होइन । भन्न खोजेको कुरो त यो हो कि यो काण्ड खिलस्वरूप (परिशिष्ट रूप) हुनाले पहिले नबताएको विशिष्ट फलवाला प्राणविषयक उपासना हो । त्यै अब बताइन्छ ।

ज्येष्ठ श्रेष्ठ दृष्टिले प्राणको उपासना

ॐ यो ह वै ज्येष्ठं च श्रेष्ठं च वेद ज्येष्ठश्च श्रेष्ठश्च स्वानां भवति प्राणो वै ज्येष्ठश्च श्रेष्ठश्च ज्येष्ठश्च श्रेष्ठश्च स्वानां भवत्यपि च यैषां बुभूषति य एवं वेद ॥ १ ॥

पदार्थ—यः—जो, ह वै—निश्चयले, ज्येष्ठम्—जेठालाई र श्रेष्ठम्—उत्तमलाई, च — पनि, वेद — जान्दछ, (सः) — त्यो, स्वानाम्— बन्धुहरूमध्येमा, ज्येष्ठः — जेठो र, श्रेष्ठः— उत्तम, च — पनि, भवति —हुन्छ, प्राणः — प्राण, वै — अवश्य, ज्येष्ठः — जेठो, च —र, श्रेष्ठः —उत्तम, च — पनि छ, (त्यो उपासक) स्वानाम् — बन्धुमध्येमा ज्येष्ठः — जेठो, च — र, श्रेष्ठः — उत्तम, च — पनि, भवति —हुन्छ, अपि च — अर्को कुरा पनि, येषाम् — जुन इतर जनहरूमध्ये, बुभूषति—(जेठो र उत्तम) हुन खोज्दछ, (तेषाम् अपि ज्येष्ठः श्रेष्ठश्च भवति)—तिनीहरूमध्ये पनि जेठो र उत्तम हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यः — जो, एवम् — यस्तो ज्येष्ठ र श्रेष्ठ प्राणलाई, वेद — जान्दछ र उपासना गर्दछ ।

वाक्यार्थ — जुन पुरुष जेठो र उत्तमलाई जान्दछ त्यो पुरुष वन्धुवर्गमा जेठो र उत्तम हुन्छ । के हो त त्यो जेठो र उत्तम ? भने प्राण नै जेठो र उत्तम हो । जो यस्तो (प्राण जेठो र उत्तम हो भन्ने) जान्दछ र सोही रूपले उपासना पनि गर्दछ त्यो वन्धुवर्गमा जेठो र उत्तम हुन्छ । त्यति मात्र हैन, अरू सबै जनहरूमध्ये पनि जेठो र उत्तम हुन चाहन्छ भने हुन्छ ।

टिप्पणी — शङ्का–प्राण जेठो र उत्तम कसरी छ ? गर्भाधानका समयमा शुक्र-शोणितसँगको संबन्ध त प्रागादि सबैसँग बराबरै छ नि ! समाधान–हो, तर प्राण नभैकन वीर्यमा शरीरका अङ्ग रोत्पत्ति हुन लाग्दैन । अतः चक्षु आदि करणको-भन्दा पहिले प्राणलाई नै वृत्तिलाभ भएको हुन्छ, त्यसपछि मात्र चक्षु आदिलाई वृत्तिलाभ हुन्छ । अतः प्राण उमेरमा जेठो छ । उत्तम कसरी छ नि ? भने,अवपछि (बृ. आ. अ. ६।१।७–१४) कहिने प्राण-संवादवाट थाह हुनेछ ।

वसिष्ठा-दृष्टिले वाक्को उपासना

यो ह वै वसिष्ठां वेद वसिष्ठः स्वानां भवति वाग्वै वसिष्ठा वसिष्ठः स्वानां भवत्यपि च येषां बुभूषति य एवं वेद ॥ २ ॥

पदार्थ — यः — जो, ह वै — निश्चयसाथ, वसिष्ठाम् — वसिष्ठालाई, वेद — जान्दछ, सः — त्यो, स्वानाम् — स्वजनमा, वसिष्ठः — श्रेष्ठ, भवति — हुन्छ (के हो त वसिष्ठा भनेको ?) वाक् — वाणी, वै — नै वसिष्ठा — वसिष्ठा हो, यः — जो, एवम् — यस्तो, वेद — जान्दछ र उपासना गर्दछ, सः — त्यो, स्वानाम् — स्वजनमध्येमा, वसिष्ठः — श्रेष्ठ, भवति — हुन्छ, अपि च — अर्को कुरा, येषाम् — जुन इतर जनहरूमध्ये, बुभूषति — श्रेष्ठ हुन खोज्दछ, (तिनीहरूमध्ये पनि श्रेष्ठ हुन्छ) ।

वाक्यार्थ — जो वसिष्ठालाई जान्दछ त्यो स्वजनमध्ये श्रेष्ठ हुन्छ, वाणी नै वसिष्ठा हो । जो यस्तो जान्दछ र तदनुसार उपासना गर्दछ त्यो स्वजनहरूमध्ये श्रेष्ठ हुन्छ । त्यति मात्र हैन, अरू सब जनहरूमध्ये पनि श्रेष्ठ हुन चाहन्छ भने हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिष्ठा-दृष्टिले चक्षुको उपासना

यो ह वै प्रतिष्ठां वेद प्रतितिष्ठति स मे प्रतितिष्ठति दुर्गे चक्षुर्वै प्रतिष्ठा चक्षुषा हि समे च दुर्गे च प्रतितिष्ठति प्रतितिष्ठति समे प्रतितिष्ठति दुर्गे य एवं वेद ॥ ३ ॥

पदार्थ — यः — जो, ह वै — निश्चयसाथ, प्रतिष्ठाम् — प्रतिष्ठा गुण भएकालाई, वेद — जान्दछ, सः — त्यो, समे — समान स्थितिको देश–कालमा, प्रतितिष्ठति — रहन्छ, चक्षुः — नेत्रेन्द्रिय, वै — नै, प्रतिष्ठा — प्रतिष्ठा गुण-युक्त वस्तु हो, हि — किनभने, चक्षुषा — नेत्रेन्द्रियले, (दृष्ट्वा) — देखेर, समे — ठीक देश-कालमा, च – र, विषमे — वेठीक देशकालमा, च — पनि, प्रतितिष्ठति – रहन्छ, यः — जो, एवम् — यस्तो, वेद — जान्दछ र उपासना गर्दछ, (त्यो) समे — ठीक देश–कालमा, प्रतितिष्ठति — रहन्छ, दुर्गे — वेठीक देशकालमा (पनि), प्रतितिष्ठति — रहन्छ ।

वाक्यार्थ — जो प्रतिष्ठा गुण भएको चीजलाई जान्दछ, त्यो ठीक देश-कालमा पनि, वेठीक देश कालमा पनि रहन्छ । नेत्रेन्द्रिय नै प्रतिष्ठा गुणयुक्त वस्तु हो । किनभने प्राणी आँखाले देखर नै ठीक-वेठीक देश-कालमा रहनसक्छ । जो यस्तो जान्दछ र उपासना गर्दछ त्यो सम-विषम जस्तोसुकै देश-कालमा पनि रहन सक्तछ ।

संपद्-दृष्टिले श्रोत्रको उपासना

यो ह वै संपदं वेद सꣳहास्मै पद्यते यं कामं कामयते श्रोत्रं वै संपच्छोत्रे हीमे सर्वे वेदा अभिसंपन्नाः सꣳहास्मै पद्यते यं कामं कामयते य एवं वेद ॥ ४ ॥

पदार्थ — यः — जो, संपदम् — संपद्गुणले युक्त भएको वस्तुलाई, ह वै — निश्चयसाथ, वेद — जान्दछ, अस्मै — त्यसलाई, यम् — जुन, कामम् — अभीष्ट वस्तु, कामयते — चाहना गरेको छ, (सः) — त्यो, संपद्यते — प्राप्त हुन्छ, श्रोत्रम् – कर्णेन्द्रिय, वै – नै, संपद् – संपद्गुणयुक्त वस्तु हो, हि – किनभने, श्रोत्रे — कर्णेन्द्रिय, (सति) – भएमा, सर्वे – संपूर्ण, वेदाः – वेदहरू अभिसंपन्नाः – अध्ययन गरिएका हुन्छन् यः — जो, एवम् — यस्तो, वेद — जान्दछ र उपासना गर्दछ (त्यो) यम् — जुन, कामम् — अभीष्ट वस्तु, कामयते — चाहन्छ, अस्मै — त्यसलाई, (सः) – त्यो पदार्थ, संपद्यते — प्राप्त हुन्छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — जो संपद्गुणयुक्त वस्तुलाई निश्चयसाथ जान्दछ त्यसलाई जुन अभीष्ट वस्तु चाहेको छ त्यो प्राप्त हुन्छ। कर्णेन्द्रिय नै संपद्गुणयुक्त वस्तु हो। किनभने कर्णेन्द्रिय भएमा नै संपूर्ण वेदहरू अध्यन गर्न सकिन्छन्। जो यस्तो जान्दछ र उपासना गर्दछ त्यसलाई जुन अभीष्ट वस्तु चाहेको छ सो मिल्दछ।

आयतन-दृष्टिले मनको उपासना

यो ह वा आयतनं वेदायतनꣳस्वानां भवत्यायतनं जनानां मनो वा आयतनमायतनꣳस्वानां भवत्यायतनं जनानां य एवं वेद ॥ ५ ॥

पदार्थ — यः — जो, ह वै — निश्चयले, आयतनम् — आश्रयलाई, वेद — जान्दछ, (सः) — त्यो, स्वानाम् — आत्मीयजनको, आयतनम् — आश्रय, भवति — हुन्छ, जनानाम् — साधारणजनको, (पनि) आयतनम् — आश्रय, भवति — हुन्छ, मनः — मन, वै — निश्चयले, आयतनम् — आश्रय हो, (त्यो) स्वानाम् — आत्मीयजनको, आयतनम् — आश्रय, भवति — हुन्छ, (तथा) जनानाम् — अरू जनको (पनि) आयतनम् — आश्रय, भवति — हुन्छ, यः — जो, एवम् — यस्तो, (मन आश्रय हो भन्ने कुरा) वेद — जान्दछ र उपासना गर्दछ

वाक्यार्थ — जो निश्चयसाथ आयतनलाई जान्दछ त्यो आत्मीयजनको र इतरजनसमेतको आश्रय हुन्छ। मन नै आयतन (आश्रय) हो। जो यस्तो जान्दछ र उपासना गर्दछ त्यो आत्मीयजन र अरू जनसमेतको आश्रय हुन्छ।

प्रजाति-दृष्टिले रेतको उपासना

यो ह वै प्रजातिं वेद प्रजायते ह प्रजया पशुभी रेतो वै प्रजातिः प्रजायते ह प्रजया पशुभिर्य एवं वेद ॥ ६ ॥

पदार्थ — यः — जो, प्रजातिम् — प्रजातिलाई, ह वै — निश्चयसाथ, वेद — जान्दछ, (सः) — त्यो, प्रजया — सन्तानले, पशुभिः — पशुहरूले, प्रजायते — संपन्न हुन्छ, ह — निश्चय हो रेतः — जननेन्द्रिय, वै — नै, प्रजातिः — प्रजाति हो, यः — जो, एवम् — यस्तो, वेद — जान्दछ र उपासना गर्दछ

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सः— त्यो, प्रजया — सन्ततिले, पशुभिः — पशुहरूले, प्रजायते — संपन्न हुन्छ। ह — अवश्य हो।

वाक्यार्थ — जो प्रजातिलाई निश्चयसाथ जान्दछ त्यो सन्तान र पशुहरूले संपन्न हुन्छ। जननेन्द्रिय नै प्रजाति हो। जो यस्तो जान्दछ र उपासना गर्दछ त्यो सन्तान र गाई, घोडा आदि पशुहरूले संपन्न हुन्छ।

आफ्नो श्रेष्ठताका निमित्त विवाद गर्दै वाक् आदि प्राणहरू ब्रह्माकहाँ जानु र ब्रह्माद्वारा त्यसको निर्णय गर्नलाई एक कसौटी बताउनु

ते हेमे प्राणा अहꣳश्रेयसे विवदमाना ब्रह्म जग्मुस्तद्धोचुः को नो वसिष्ठ इति तद्धोवाच यस्मिन्व उत्क्रान्त इदꣳशरीरं पापीयो मन्यते स वो वसिष्ठ इति ॥ ७ ॥

पदार्थ — ते — ती, इमे — यी, प्राणाः — वाक् आदि इन्द्रियहरू, अहं-श्रेयसे — म श्रेष्ठ हुँ भन्ने प्रयोजनलाई, विवदमानाः — विवाद गर्दै, ब्रह्म — प्रजापतिकहाँ, जग्मुः — गए, ह — निस्सै हो, (अनि) तत् — तिनीसँग, इति — यसो, ऊचुः — भने, ह — भएको कुरा हो, नः — हामीहरूमध्ये, कः — कुनचाहिं वसिष्ठः — बस्ने र बसाउने, (श्रेष्ठ) छ, तत् — ती प्रजापतिले, ह — निश्चय-साथ, उवाच — भने, वः — तिमीहरूमध्ये, यस्मिन् — जो, उत्क्रान्ते — निक्लेमा, इदम् — यो, शरीरम् — जीउ, पापीयः — ज्यादै पापी, (अपवित्र) मन्यते — ठानिन्छ, सः — त्यो, वः — तिमीहरूमध्ये, वसिष्ठः — श्रेष्ठ छ।

वाक्यार्थ — ती वाक् आदि प्राणहरू 'म श्रेष्ठ हुँ' भन्ने प्रयोजनलाई विवाद गर्दै प्रजापतिकहाँ गए, र उनीसँग सोधे—'हामीहरूमध्ये श्रेष्ठ को छ ?' अनि प्रजापतिले भने—तिमीहरूमध्ये शरीरबाट जो निक्लँदा शरीर ज्यादै अपवित्र मानिन्छ, त्यै तिमीहरूमध्येमा श्रेष्ठ हो।

आफ्नो उत्कृष्टताको परीक्षाका निमित्त वाक्को उत्क्रमण र पुनः प्रवेश

संबन्ध — प्रजापतिले यसो भनेपछि वाक् आदि इन्द्रियहरू आफ्नो बीर्य परीक्षा गर्न शरीरबाट क्रमशः निक्लन लागे। तिनमध्ये—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाग्घोच्चक्राम सा संवत्सरं प्रोष्यागत्योवाच कथमशकत मदृते जीवितुमिति ते होचुर्यथाकला अवदन्तो वाचा प्राणन्तः प्राणेन पश्यन्तश्चक्षुषा शृण्वन्तः श्रोत्रेण विद्वाꣳसो मनसा प्रजायमाना रेतसैवमजीविष्मेति प्रविवेश ह वाक् ॥ ८ ॥

पदार्थ — वाक् — वाक् इन्द्रिय, उच्चक्राम — शरीरबाट निक्ल्यो, ह — हो, सा — त्यसले, संवत्सरम्—वर्षदिनभर, प्रोष्य—प्रवासमा रहेर, आगत्य—आई, इति — यसो, उवाच — भन्यो, मत् ऋते — म विना, जीवितुम् — बाँच्न, कथम् — कसरी, अशकत — शक्यौ ? ते — ती (अरू इन्द्रियहरूले) इति — यसो, उवाच — भने, ह — निश्चय हो, अकलाः यथा — लाटाहरूजस्तै, वाचा — वाक् इन्द्रियले, अवदन्तः — नबोलीकन, प्राणेन — प्राणवायुद्वारा, प्राणन्तः — सास फेर्दै, चक्षुषा — आँखाले, पश्यन्तः — हेर्दै, श्रोत्रेण — कानले, शृण्वन्तः — सुन्दै, मनसा — मनले, विद्वांसः — थाह गर्दै, रेतसा — जननेन्द्रियले, प्रजायमानाः — सन्तान उत्पन्न गर्दै, एवम् — यस रीतले, अजीविष्म — बाँच्यौं (यो सुनेर) वाक् — वाक् इन्द्रिय, प्रविवेश — शरीरमा पस्यो, ह — यो भएको कुरा हो ।

वाक्यार्थ —पहिले वाक् इन्द्रिय शरीरबाट निक्ल्यो र वर्षदिनसम्म प्रवासमा रहेर आई भन्यो–तिमीहरू म बेगर कसरी बाँच्न सक्यौ ? अनि ती अरू इन्द्रियहरूले भने–लाटाहरू जस्तै वाक् इन्द्रियले नबोलीकन प्राणवायुद्वारा सास फेर्दै, आँखाले हेर्दै, कानले सुन्दै, मनले थाह गर्दै, जननेन्द्रियले सन्तान जन्माउँदै यस रीतले बाँच्यौं । यो सुनेर वाक् इन्द्रिय 'म नभएर प्राणी मर्दा रहेनछन्, अतः म श्रेष्ठ रहेनछु' भनीठानी शरीरभित्र पस्यो ।

चक्षुको उत्क्रमण र परीक्षामा असफल भएर पुनः प्रवेश

चक्षुर्होच्चक्राम तत्संवत्सरं प्रोष्यागत्योवाच कथमशकत मदृते जीवितुमिति ते होचुर्यथान्धा अपश्यन्तश्चक्षुषा प्राणन्तः प्राणेन वदन्तो वाचा शृण्वन्तः श्रोत्रेण विद्वाꣳसो मनसा प्रजायमाना रेतसैवमजीविष्मेति प्रविवेश ह चक्षुः ॥ ९ ॥

पदार्थ — चक्षुः — चक्षुरिन्द्रिय, उच्चक्राम — शरीरबाट निक्ल्यो, ह — हो, तत्—त्यो, संवत्सरम्—वर्षदिनभर, प्रोष्य—प्रवासमा रहेर, आगत्य— आई,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इति — यसो, उवाच — भन्यो, मत् ऋते — म बेगर, जीवितुम् — बाँच्न, कथम् — कसरी, अशकत — सक्यौ ? ते — ती (अरू इन्द्रियहरूले), इति — यसो, ऊचुः — भने, ह — निश्चय हो, अन्धाःयथा — अन्धाहरू-जस्तै, चक्षुषा — आँखाले, अपश्यन्तः — नदेखीकन, प्राणेन — प्राणले, प्राणन्तः — सास फेर्दै, वाचा — वाक् इन्द्रियले, वदन्तः — बोल्दै, श्रोत्रेण — कानले, शृण्ववन्तः — सुन्दै, मनसा — मनले, विद्वांसः — थाह गर्दै, रेतसा — जनन-नेन्द्रियले, प्रजायमानाः — सन्तान जन्माउँदै, एवम् — यस रीतले, अजीविष्म — बाँच्यौं, (यो सुनेर) चक्षुः — चक्षुरिन्द्रिय, प्रविवेश — शरीरमा पस्यो । ह — यो भएको हो ।

वाक्यार्थ — अनि चक्षुरिन्द्रिय शरीरबाट निक्ल्यो र वर्षदिनभर प्रवासमा रहेर आई भन्यो–तिमीहरू म बेगर कसरी बाँच्यौ ? अरू इन्द्रियले भने–अन्धा-हरूजस्तै आँखाले नदेखीकन, प्राणले सास फर्दै, वाक् इन्द्रियले बोल्दै, कानले सुन्दै, मनले थाह गर्दै, जननेन्द्रियले सन्तान जन्माउँदै यस रीतले बाँच्यौं । यो सुनेर चक्षु-रिन्द्रिय 'म नभएर प्राणी मर्दा रहेनछन्, अतः म श्रेष्ठ रहेनछु' भनी ठानी शरीर भित्र पस्यो ।

श्रोत्रको उत्क्रमण र परीक्षामा असफल भई पुनः प्रवेश

श्रोत्रꣳहोच्चक्राम तत्संवत्सरं प्रोष्यागत्योवाच कथमशकत मदृते जीवितुमिति ते होचुर्यथा बधिरा अशृण्वन्तः श्रोत्रेण प्राणन्तः प्राणेन वदन्तो वाचा पश्यन्तश्चक्षुषा विद्वाꣳसो मनसा प्रजायमाना रेतसैवमजीविष्मेति प्रविवेश ह श्रोत्रम् ॥ १० ॥

पदार्थ — श्रोत्रम् — श्रोत्र इन्द्रिय, उच्चक्राम — शरीरबाट निक्ल्यो, ह — हो, तत् — त्यो, संवत्सरम् — वर्षदिनभर, प्रोष्य — प्रवासमा रहेर, आगत्य — आई, इति — यसो, उवाच — भन्यो, मत् ऋते — मविना, कथम् — कसरी, जीवितुम् — बाँच्न, अशकत — सक्यौ ?, ते — ती (अरू इन्द्रियले) इति — यसो, ऊचुः — भने, ह — निश्चय हो, बधिराः यथा — बहिराहरू जस्तै, श्रोत्रेण — कानले, अशृण्वन्तः — नसुनीकन, प्राणेन — प्राणले, प्राणन्तः — सास फेर्दै, वाचा — वाक् इन्द्रियले, वदन्तः — बोल्दै, चक्षुषा — आँखाले, पश्यन्तः — हेर्दै, मनसा — मनले, विद्वांसः — थाह गर्दै, रेतसा — जननेन्द्रियले, प्रजायमानाः — सन्तान जन्माउँदै, एवम् — यस चालले, अजीविष्म — बाँच्यौं, (यो सुनेर) श्रोत्रम् — श्रोत्र इन्द्रिय, प्रविवेश — शरीरमा पस्यो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ –अनि श्रोत्रेन्द्रिय शरीरबाट निक्ल्यो र वर्षदिनभर प्रवासमा रहेर आई भन्यो–तिमीहरू म विना कसरी बाँच्यौ ? अरू इन्द्रियहरूले भने–वहिराहरू-जस्तै कानले नसुनीकन प्राणले सास फेर्दै, वाक् इन्द्रियले बोल्दै, आँखाले हेर्दै, मनले थाह गर्दै, जननेन्द्रियले सन्तान जन्माउँदै यस रीतले बाच्यौं । यो सुनेर श्रोत्र इन्द्रिय 'म नभएर प्राणी मर्दा रहेनछन्, अतः म श्रेष्ठ रहेनछु' भनी ठानी शरीरभित्र पस्यो ।

मनको उत्क्रमण र परीक्षामा असफल भएर पुनः प्रवेश

मनो होच्चक्राम तत्संवत्सरं प्रोष्यागत्योवाच कथमशकत मदृते जीवितुमिति ते होचुर्यथा मुग्धा अविद्वाꣳसो मनसा प्राणन्तः प्राणेन वदन्तो वाचा पश्यन्तश्चक्षुषा शृण्वन्तः श्रोत्रेण प्रजायमाना रेतसैवमजीविष्मेति प्रविवेश ह मनः ॥ ११ ॥

पदार्थ — मनः — मन, उच्चक्राम — शरीरबाट निक्ल्यो, ह — हो, तत् — त्यो, संवत्सरं — वर्षदिनसम्म, प्रोष्य — प्रवासमा रहेर, आगत्य — आई, इति — यसो, उवाच — भन्यो, मत् ऋते — म वेगर, कथम् —कसरी, जीवितुम् — बाँच्न, अशकत — सक्यौ ? ते— ती (अरू इन्द्रियहरूले),इति — यसो, ऊचुः — भने, ह – निश्चय हो, मुग्धाः यथा—मूढ–जन जस्तै मनसा — मनले, अविद्वांसः — थाह नगरीकन, प्राणेन— प्राणले, प्राणन्तः — सास फेर्दै, वाचा – वाक् इन्द्रियले, वदन्तः — बोल्दै, चक्षुषा — आँखाले, पश्यन्तः — हेर्दै, श्रोत्रेण — कानले, शृण्वन्तः — सुन्दै, रेतसा — जननेन्द्रियले, प्रजायमानाः — सन्तान जन्माउँदै, एवम् — यस रीतले, अजीविष्म — बाच्यौं, (यो सुनेर) मनः — मन, प्रविवेश — शरीरमा पस्यो, ह — यो भएको कुरा हो ।

वाक्यार्थ — अनि मन शरीरबाट निक्ल्यो र वर्षदिनभर प्रवासमा रहेर आई भन्यो–म वेगर कसरी बाँच्न सक्यौ ? अरू इन्द्रियले भने–मूढ–जनजस्तै मनले थाह नगरीकन प्राणले सास फेर्दै , वाक्इन्द्रियले बोल्दै, आँखाले हेर्दै, कानले सुन्दै, जननेन्द्रियले सन्तान जन्माउँदै, यस छाँटले बाँच्यौं । यो सुनेर मनले 'म नभएर प्राणीहरू मर्दा रहेनछन्, अतः म श्रेष्ठ रहेनछु' भनी ठानी शरीरभित्र पस्यो ।

जननेन्द्रियको उत्क्रमण र परीक्षामा असफल भई पुनः प्रवेश

रेतो होच्चक्राम तत्संवत्सरं प्रोष्यागत्योवाच कथमशकत मदृते जीवितुमिति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ते होचुर्यथा क्लीवा अप्रजायमाना रेतसा प्राणन्तः प्राणेन वदन्तो वाचा पश्यन्त-श्चक्षुषा शृण्वन्तः श्रोत्रेण विद्वाꣳसो मनसैवमजीविष्मेति प्रविवेश ह रेतः ॥ १२ ॥

पदार्थ — रेतः — जननेन्द्रिय, उच्चक्राम — शरीरबाट निक्ल्यो, ह — हो, तत् — त्यो, संवत्सरम् — वर्षदिनभर, प्रोष्य — प्रवासमा रहेर, आगत्य — आई, इति — यसो, उवाच — भन्यो, मत् ऋते — म बेगर, कथम् — कसरी, जीवि-तुम् — बाँच्न, अशकत — सक्यौ ? ते — ती (अरू इन्द्रियले,) इति — यसो, ऊचुः — भने, ह — निश्चय हो, क्लीवाः यथा — नपुंसकहरू जस्तै, अप्रजायमानाः — सन्तान नजन्माईकन, प्राणेन — प्राणले, प्राणन्तः — सास फेर्दै, वाचा — वाक् इन्द्रियले, वदन्तः — बोल्दै, चक्षुषा — आँखाले, पश्यन्तः — हेर्दै, श्रोत्रेण — कानले, शृण्वन्तः — सुन्दै, मनसा — मनले, विद्वांसः — थाह गर्दै, एवम् — यस छाँटले, अजीविष्म — बाँच्यौं, (यो सुनेर जननेन्द्रिय) प्रविवेश — शरीरमा पस्यो ।

वाक्यार्थ — अनि जननेन्द्रिय शरीरबाट निक्ल्यो र वर्ष दिनभर प्रवासमा रही आएर भन्यो — तिमीहरू म बेगर कसरी बाँच्न सक्यौ ? अनि ती अरू इन्द्रियहरूले भने — नपुंसकहरूजस्तै जननेन्द्रियले सन्तान उत्पन्न नगरीकन प्राण वायुद्वारा सास फेर्दै, वाक् इन्द्रियले बोल्दै, आँखाले हेर्दै, कानले सुन्दै, मनले थाह गर्दै यस छाँटले बाँच्यौं । (यो सुनेर) जननेन्द्रिय 'म नभएर प्राणीहरू मर्दा रहेनछन्, अतः म श्रेष्ठ रहेनछु ' भनी ठानी शरीरभित्र पस्यो ।

प्राणले उत्क्रमण गर्नासाथ सारा अन्य इन्द्रिय विचलित हुनु र प्राणको श्रेष्ठता स्वीकार गर्नु ।

अथ ह प्राण उत्क्रमिष्यन् यथा महासुहयः सैन्धव पड्वीशशङ्कून् संवृहेदेवꣳ हैवेमान् प्राणान्त्संववर्ह ते होचुर्मा भगव उत्क्रमीर्न वै शक्ष्यामस्त्वदृते जीवितुमिति तस्यो मे बलिं कुरुतेति तथेति ॥ १३ ॥

पदार्थ — अथ — यसपछि, प्राणः — प्राण, उत्क्रमिष्यन् — शरीरबाट निक्लन आँट्ता, यथा — जसरी, सैन्धवः — सिन्धु देशको, (उच्च जातको) महासुहयः — ठूलो असल घोडा, (परीक्षाका निमित्त सवार चढ्ने बित्तिकै)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पड्वीशशङ्कून् — खुट्टा बाँध्ने डोरी सहित कीलाहरूलाई, संवृहेत्— खुट्टा झट्-कारेर उखेलिदिन्छ, एवम् ह एव — यसै गरी, इमान् — यी, प्राणान् — वाक् आदि इन्द्रियहरूलाई, संवर्वह — (आफ्ना ठाउँबाट) विचलित गराइदियो, (अनि त) ते — ती वाक् आदि इन्द्रियहरूले, इति — यसो, ऊचुः — भने, भगव — हे भगवन् ! मा उत्क्रमीः — न निक्लनुहोस्, त्वत् ऋते — तपाईंविना, जीवितुम् — बाँच्न, न वै शक्ष्यामः — केही गरी सक्तैनौं, (तव प्राणले) इति — यसो, (भन्यो) , (त्यसो भए) ऊ — हे इन्द्रिय हो ! तस्य — त्यस (श्रेष्ठ ठहरेको), मे —मलाई, वलिम् — कर, कुरुत — दिने गर; (तव इन्द्रियहरूले) इति — यसो, (भने–) तथा — त्यसै होओस् ।

वाक्यार्थ–– यसपछि प्राण शरीरबाट निक्लन आँट्ता जसरी सिन्धुदेशीय उच्च जातको ठूलो असल घोडा परीक्षाका निमित्त सवार चढ्नासाथ खुट्टाका बन्धनसहितका कीलाहरू एकदम खुट्टा झट्कारेर उखेलिदिन्छ, त्यसै गरी यो सब वाक् आदि इन्द्रियहरूलाई आफ्ना ठाउँबाट विचलित गराइहाल्यो । अनि त ती इन्द्रियहरूले भने– भगवन् ! न निक्लनुहोस्, तपाईं नहुने हो भने हामी केही गरी बाँच्न सक्दैनौं । तब प्राणले भन्यो–त्यसो हो भने हे इन्द्रियहो ! त्यस्तो श्रेष्ठ ठहरेको मलाई कर देओ । इन्द्रियहरूले भने–त्यसै होओस् (हामी मञ्जूर छौं) ।

वाक् आदिले गरेको प्राणको स्तुति र उसलाई अन्न-वस्त्रको प्रदान

सा ह वागुवाच यद्वा अहं वसिष्ठास्मि त्वं तद्वसिष्ठोऽसीति यद्वा अहं प्रतिष्ठास्मि त्वं तत्प्रतिष्ठोऽसीति चक्षुर्यद्वा अहꣳ संपदस्मि त्वं तत्संपदसीति श्रोत्रं यद्वा अहमायतनमस्मि त्वं तदायतनमसीति मनो यद्वा अहं प्रजातिरस्मि त्वं तत्प्रजातिरसीति रेतस्तस्यो मे किमन्नं किं वास इति यदिदं किञ्चाश्वभ्य आकृमिभ्य आकीटपतङ्गेभ्यस्तत्तेऽन्नमापो वास इति न ह वा अस्यानन्नं जग्धं भवति नान्नं परिगृहीतं य एवमेतदनस्यान्नं वेद तद्विद्वाꣳ सः श्रोत्रिया अशिष्यन्त आचामन्त्यशित्वाचामन्त्येतमेव तदनमनग्नं कुर्वन्तो मन्यन्ते ॥ १४ ॥

पदार्थ — सा — त्यो, वाक् — वाक् इन्द्रियले, उवाच — भन्यो, ह — यो कुरा प्रसिद्ध छ, यद् — जो, अहम् — म, वै — निश्चयले, वसिष्ठा — वसिष्ठा, अस्मि — छु, तत्—त्यो वसिष्ठत्व, (तव एव)—तपाईंकै हो, (अतः) त्वम् — तपाईं, वसिष्ठः — वसिष्ठ-गुणले युक्त, असि — हुनुहुन्छ, यद् — जो, वै — निश्चयले, अहम् — म, प्रतिष्ठा — प्रतिष्ठा, अस्मि — छु, तत् —त्यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिष्ठत्व, तव एव—तपाईंकै हो, (अतः) त्वम्—तपाईं, प्रतिष्ठोः—प्रतिष्ठा-गुणले युक्त, असि — हुनुहुन्छ, इति — यसो, चक्षुः — चक्षु इन्द्रियले, (भन्यो) यद् — जो, वै — निश्चयले, अहम् — म, संपद् — संपद्, अस्मि — छु, तत् — त्यो संपत्व, (तव एव) — तपाईंकै हो, (अतः) त्वम् — तपाईं, संपद् — संपद्-गुणले युक्त, असि — हुनुहुन्छ, इति — यसो, श्रोत्रम् — कर्णेन्द्रियले (भन्यो), यद् — जो, वै — निश्चयले, अहम् — म, आयतनम् — आश्रय, अस्मि — छु, तत् — त्यो आयतनत्व, (तव एव) — तपाईंकै हो, (अतः) त्वम् — तपाईं, आयतनम् — आश्रय, असि — हुनुहुन्छ, इति — यसो, मनः — मनले (भन्यो), यद् — जो, वै — निश्चयले, अहम् — म, प्रजातिः — प्रजाति, अस्मि — छु, तत् — त्यो, प्रजातित्व, (तव एव) — तपाईंकै हो, (अतः) त्वम् — तपाईं, प्रजातिः — प्रजाति, असि — हुनुहुन्छ, इति — यसो, रेतः — जननेन्द्रियले (भन्यो), (यसपछि प्राणले) इति — यसो (भन्यो), उ — हे इन्द्रियहो ! तस्य — त्यो, (कर दिएर मानिएका) मे — मेरो, अन्नम् — खाने चीज, किम् — के हो ? वासः — लगाउने चीज, किम् — के हो ? (तब सब इन्द्रियले) इति — यसो, (भने) आ श्वभ्यः — कुक्कुरदेखि लिएर, आ कृमिभ्यः — कीरा-देखि लिएर, अर्थात् तिनको खानादेखि लिएर, यत् किम् च — जुन कुनै पनि (अन्न छ), तत् — त्यो, ते — तपाईंको, अन्नम् — अन्न भयो, आपः — जल, वासः — वस्त्र भयो, (उपासनाको फल) यः—जो, एवम्—यसरी, एतत्—यो, अन्नस्य—प्राणको, अन्नम्— खाद्य वस्तु, वेद — जान्दछ, अस्य — त्यसको, अनन्नम्—अभक्ष्य कुरा, जग्धम्—खाइएको, न—हुँदैन, (तथा) अनन्नम्—अभक्ष्य कुरा, परिगृहीतम्—अर्काबाट लिइएको (पनि), न—हुँदैन, तत्—जल नै प्राणको वस्त्र भएकाले, विद्वांसः — जान्ने, श्रोत्रियाः — वेद अध्यन गर्ने ब्राह्मणहरू, आशिष्यन्तः—खान लाग्दा, आचामन्ति—आचमन गर्दछन्, अशित्वा च — खाइसकेपछि पनि, आचामन्ति — आचमन गर्दछन्, (आशय के हो त ? भने) तत् — त्यो कर्म, कुर्वन्तः — गर्दा, एतम् एव—यै, अनम्— प्राणलाई, अनग्नम् — नाङ्गो नपारेको, मन्यन्ते — ठान्दछन् ।

वाक्यार्थ — कर दिने प्रसङ्गमा सर्वप्रथम त्यो वाक् इन्द्रियले भन्यो—'म जो वसिष्ठ छु त्यो वसिष्ठत्व तपाईंकै हो, अतः तपाईं वसिष्ठ-गुणले युक्त हुनुहुन्छ । (कर यै भयो)'। अनि 'जो म प्रतिष्ठ छु त्यो प्रतिष्ठत्व तपाईंकै हो, अतः तपाईं प्रतिष्ठ-गुणले युक्त हुनुहुन्छ' भनी चक्षु इन्द्रियले भन्यो । अनि 'जो म संपत् छु,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो संपत्व तपाईंकै हो, अतः तपाईं संपद्गुणले युक्त हुनुहोस्' भनी श्रोत्र इन्द्रियले भन्यो। अनि 'जो म आयतन (आश्रय) छु, त्यो आयतनत्व तपाईंकै हो, अतः तपाईं आश्रयत्व गुणले युक्त हुनुहोस्' भनी मनले भन्यो। अनि 'जो म प्रजाति छु, त्यो प्रजातित्व तपाईंकै हो, अतः तपाईं प्रजातित्व (प्रजनन-साधनत्व) गुणले युक्त हुनुहोस्' भनी जननेन्द्रियले भन्यो। यति भएपछि प्राणले भन्यो– 'त्यसो भए हे इन्द्रियहो! यसरी कर दिएर मानिएको मेरो खाने चीज के हो? लगाउने चीज के हो?' तब सब इन्द्रियले भने–'कुक्कुर, कृमि, (मसिना कीरा) कीराहरूको खानादेखि लिएर जे-जति पनि खाइने चीज हुन्छ त्यो सब तपाईंकै अन्न भयो, जलचाहिं वस्त्र भयो।'

यस उपासनाको फल–जो यसरी प्राणको खाद्य-वस्तु जान्दछ र सोअनुसार भावना गर्दछ त्यसले अभक्ष चीज खाइएको पनि हुँदैन, अर्काबाट लिइएको पनि हुँदैन। जल नै प्राणको वस्त्र भएकाले जान्ने वेदाध्यायीहरू भोजन गर्न लाग्दा पनि, भोजन गरिसकेपछि पनि आचमन गर्दछन्। त्यो गरेको प्राणलाई नाङ्गो नपारेको ठान्दछन्।

टिप्पणी–– यहाँ 'त्यसले अभक्ष्य चीज खाएको हुँदैन' भन्नाले अभक्ष्य पदार्थ खाए पनि प्राणवेत्तालाई खाएको ठहर्दैन र दोष लाग्दैन भनेको होइन। किन्तु जुनसुकै प्राणीले खाइने कुरो पनि प्राणैको अन्न हो र हामीले जे खाए पनि प्राणका-लेखा अन्नै हो भन्ने दृष्टि-विधान गरिएको हो।

छैटौं अध्यायको पहिलो प्राण-संवाद ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीय ब्राह्मण

संबन्ध—'श्वेतुकेतुर्ह वा' यसबाट आरम्भ हुने ब्राह्मणको संबन्ध यस प्रकार छ। यो परिशिष्ट प्रकरण हो। अघि नबताएको कुरा यसमा बताइन्छ। सातौं अध्याय (उपनिषद्को पाँचौं अध्याय) का अन्तमा ज्ञान-कर्म-समुच्चयकारीले 'अग्ने नय सुपथा' यसरी अग्निसँग मार्ग-याचन गरेको छ। त्यसमा 'सुपथा' भनेकाले अनेक बाटा भएको कुरा मन्त्रले नै दर्शाएको छ। ती बाटा गरेका कर्मका फल पाउने बाटा हुन्। भनिनेछ– 'यत्कृत्वा' इत्यादि। त्यसमा कर्मविपाकका गति कति छन् सो बताएर यति संसारको गति छ तथा यति नै स्वाभाविक एवं विज्ञानयुक्त शास्त्रीय कर्मको परिणाम छ भनी संपूर्ण संसार-गतिको उपसंहार गर्नानिमित्त यो आरम्भ गरिन्छ। हुन त 'द्वया ह प्राजापत्याः' यस प्रसङ्गमा स्वाभाविक पाप सूचित गरिएको छ, तर त्यसको कार्य यो हो भनेर विपाक देखाइएन। ब्रह्म-विद्याका आरम्भमा त्यसबाट वैराग्य लिने कुरा बताउनुपर्ने हुनाले अन्नरूपत्व प्राप्तिसम्मले शास्त्रीय कर्मको नै विपाक बताइयो। त्यसमा पनि 'केवल कर्मले पितृलोक प्राप्ति, विद्या-संयुक्तकर्मले देवलोक-प्राप्ति' भन्नेसम्म मात्र बताइयो; 'कुन मार्गले पितृलोक जान्छ, कुन मार्गले देवलोक' यो बताइएन। त्यो यस खिल-प्रकरणमा बाँकी नराखी बताउनु छ र यो आरम्भ गरिन्छ। अन्तमा सबैको उपसंहार हुनु शास्त्रलाई अभीष्ट छ।

अरू पनि–'अमृतत्व यत्ति नै हो', 'कर्मले अमृतत्वको आशा छैन' भनियो, कारण बताइएन; त्यसका निमित्त पनि यो आरम्भ हो। किनभने यो कर्मको गति हो। नित्य अमृतत्वमा त कुनै व्यापार छैन, त्यस कारण 'यति नै अमृतत्वको साधन हो' यस वचनका सामर्थ्यले यै (ज्ञान) उसको हेतु हुन आउँछ।

अर्को कुरा अग्निहोत्र–प्रकरणमा भनियो–तिमी यी सायंकालिक-प्रातःकालिक अग्निहोत्रका दुइ आहुतिको न उत्क्रान्ति जान्दछौ, न गति, न प्रतिष्ठा, न तृप्ति, न पुनरावृत्ति र न लोकका प्रति उत्थान गर्ने यजमानलाई नै जान्दछौ। त्यहाँ उत्तरमा ती दुवै आहुति होमिएपछि उत्क्रमण गर्दछन् भनेर आहुतिको कार्य बताइयो। त्यो

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि कर्ताका आहुतिरूप कर्मको फल हो । कर्ताको आश्रयविना स्वतन्त्ररूपले उत्क्रान्त्यादि कर्म हुन सक्तैन । कर्मको कार्यारम्भ कर्ताकै निमित्त हुन्छ र कर्म पनि साधनाधीन नै हुन्छ । त्यहाँ (जनकयाज्ञवल्क्य संवाद) अग्निहोत्र स्तुतिकै निमित्तको हुनाले उक्त छः प्रकार अग्निहोत्रैको कार्य भनेर बताइयो । यहाँचाहिं कर्मफलको विज्ञान विवक्षित हुनाले त्यो छ वै प्रकारको फल कर्ताको हो भनी उपदेश गरिन्छ । तद्द्वारा पञ्चाग्निदर्शन उत्तरमार्ग प्राप्तिको साधन हो भन्ने विधान गर्न खोजिएको छ । यस प्रकार 'यो समस्त संसार गतिको उपसंहार हो' भन्ने र 'यो कर्मकाण्डको निष्ठा हो' भन्ने यी दुइ कुरा दर्शाउन चाहँदै श्रुतिले आख्यायिका रच्तछ ।

प्रवाहणको सभामा श्वेतकेतु आउनु र प्रवाहणले उनीसँग प्रश्न गर्नु

श्वेतकेतुर्ह वा आरुणेयः पञ्चालानां परिषदमाजगाम स आजगाम जैवलिं प्रवाहणं परिचारयमाणं तमुदीक्ष्याभ्युवाद कुमार ३ इति स भो ३ इति प्रतिशुश्रावानुशिष्टो न्वसि पित्रेत्योमिति होवाच ॥ १ ॥

पदार्थ — आरुणेयः — आरुणिका छोरा, श्वेतकेतुः — श्वेतकेतु, पञ्चालानाम् — पञ्चालदेशीय विद्वान्हरूको, परिषदम्— सभामा, आजमाग — आए, ह — अघि भएको कुरा हो, (त्यस सभालाई जितेर) सः — ती, परिचारयमाणम्— सेवकहरूलाई सेवा गराइरहेका, जैवलिम् — जीवलका छोरा, प्रवाहणम् — प्रवाहण नाम गरेका राजाकहाँ, आजगाम — आए, तम् — ती श्वेतकेतुलाई, उदीक्ष्य— देखेर, कुमार ३ — ए कुमार, इति – यसरी, अभ्युक्तवान्– बोलाए, सः — ती श्वेतकेतुले, भो ३ इति — भगवन् ! भनेर, प्रतिशुश्राव — उत्तर दिए, (अनि) राजाले, इति — यसरी, (सोधे) नु — के, पित्रा — बाबुले, अनुशिष्टः— शिक्षा दिइएका, असि— छौ ?, (तब श्वेतकेतुले) ओम् इति — अँ यसो, उवाच — भने, ह — पुरातन कुरा हो ।

वाक्यार्थ — आरुणिका छोरा श्वेतकेतु पञ्चाल देशका विद्वान्हरूको सभामा आएर त्यस सभालाई जितेर नोकरहरूलाई सेवा गराइरहेका जीवलका छोरा प्रवाहण नामका राजाकहाँ आए । तिनीलाई देखेर राजाले ए कुमार ! भनी संबोधन गरे । श्वेतकेतुले-भगवन् ! भनी बोले । अनि राजाले सोधे–के तिमी बाबुबाट शिक्षा गरिएका छौ ? श्वेतकेतुले जवाफ दिए–'अँ' यो अघि भएको कुरा हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेत्थ यथेमाः प्रजाः प्रयत्यो विप्रतिपद्यन्ता ३ इति नेति होवाच वेत्थो यथेमं लोकं पुनरापद्यन्ता ३ इति नेति हैवोवाच वेत्थो यथासौ लोक एवं बहुभिः पुनः पुनः प्रयद्भिर्न संपूर्यता ३ इति नेति हैवोवाच वेत्थो यतिथ्यामाहुत्याꣳहुतायामापः पुरुषवाचो भूत्वा समुत्थाय वदन्ती ३ इति नेति हैवोवाच वेत्थो देवयानस्य वा पथः प्रतिपदं पितृयाणस्य वा यत्कृत्वा देवयानं वा पन्थानं प्रतिपद्यन्ते पितृयाणं वापि हि न ऋषेर्वचः श्रुतम् । द्वे सृती अश्रृणवं पितॄणामहं देवानामुत मर्त्यानाम् । ताभ्यामिदं विश्वमेजत्समेति यदन्तरा पितरं मातरं चेति नामहत एकञ्चन वेदेति होवाच ॥ २ ॥

पदार्थ — वेत्थ — के तिमी जान्दछौ, यथा — जसरी, इमाः — यी, प्रजाः — जनहरू, प्रयत्य — मरेपछि, विप्रतिपद्यन्ते — विभिन्न मार्ग लिन्छन्, इति — यो कुरा (प्रवाहणले सोधे), न — जानेको छैन, इति — यसो, (श्वेतकेतुले) उवाच — भने, ह — हो, (त्यसो भए) वेत्थ उ — जान्दछौ कि, यथा — जसरी, प्रजाः — जनहरू, इमम् — यो, लोकम् — लोकमा पुनः — फेरि, आपद्यन्ते — आउँदछन्, इति — यसरी, (प्रवाहणले सोधे), न — जान्दिनँ, इति — यसो, ह एव — नै, (श्वेतकेतुले) उवाच — भने, (त्यसो भए) वेत्थ उ — यो जान्दछौ कि, असौ — त्यो लोक, (परलोक) एवम् — यसरी, पुनः पुनः — बराबर, प्रयद्भिः — मरेर जाने, बहुभिः — धेरैले (पनि), यथा — जसरी, न संपूर्यते — भरिँदैन, इति — यस्तो, (प्रवाहणले सोधे) न — जान्दिनँ, इति — यसो, ह एव — नै, (श्वेतकेतुले) उवाच — भने, (त्यसो भए) वेत्थ उ — यो जान्दछौ कि, यतिथ्याम् — जतिओं, आहुत्याम् — आहुति, हुतायाम् — होमेपछि, आपः — जल, पुरुषवाचः — पुरुषको बोली आफ्नो बोली भएका, भूत्वा — भएर, समुत्थाय — उठेर, वदन्ति — बोल्दछन्, इति — यसरी, (प्रवाहणले सोधे), न — जान्दिनँ, इति — यसो, ह एव — नै, (श्वेतकेतुले) उवाच — भने, (त्यसो भए) वेत्थ उ — यो जान्दछौ कि, देवयानस्य — देवयानरूप, पथः — बाटाको, प्रतिपदम् — साधनभूत कर्म, वा-अथवा, पितृयाणस्य-पितृयाणरूप, पथः-बाटाको, प्रतिपदम्- साधनभूत कर्म, यत्कृत्वा -जुन कर्म गरेर, देवयानम् - देवयानरूप, पन्थानम् - बाटो, वा - अथवा, पितृयाणम्-पितृयाणरूप, पन्थानम् — बाटो, प्रतिपद्यन्ते — प्राप्त हुन्छन्, अपि हि — यस कुराको प्रकाशक, इति — यस्तो, ऋषेः — मन्त्रको, वचः — वाक्य, नः — हामी-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरूले, श्रुतम् — सुनिएको छ, अहम् — मैले, पितॄणाम्— पितृहरूको, (र) देवानाम् — देवताहरूको (गरी), द्वे–दुइ, सृती –बाटा, अशृणवम् — सुनेको छु, अपि — यी दुवै बाटा, मनुष्याणाम् — मनुष्यहरूका हुन्, (अरू प्राणीका होइनन्) ताभ्याम् — ती दुइ बाटाले, एजत् — जानेजति, इदम् — यो, विश्वम् — संपूर्ण, समेति — जान्छ, यत् — जुन मार्ग, मातरम् च पितरम् च — आमा र बाबु (द्यावा-पृथ्वी) का, अन्तरा — बीचमा छ, इति — यसरी, (प्रवाहणले सोधे) अतः — यस प्रश्न-समुदायबाट, एकञ्चन— एउटा पनि, अहम् — म, न वेद — जान्दिनँ, इति — यसो, (श्वेतकेतुले) उवाच — भने, ह — यो अघि भएको कुरा हो ।

वाक्यार्थ — (१) प्रवाहण–के यो तिमी जान्दछौ ? जसरी कि यी प्रजाहरू मरेपछि विभिन्न मार्ग लिन्छन् ।

श्वेतकेतु–जान्दिनँ ।

(२) प्रवाहण–उसो भए यो जान्दछौ कि ? प्रजाहरू यो लोकमा कसरी आउँदछन् ।

श्वेतकेतु–जान्दिनँ ।

(३) प्रवाहण–उसो भए यो जान्दछौ कि ? त्यो परलोक यसरी बराबर मरेर जाने असंख्य प्राणीले पनि जसरी भरिँदैन ।

श्वेतकेतु–थाह छैन ।

(४) प्रवाहण–त्यसो भए यो थाह छ कि ? जतिओं आहुति होमिएपछि जल-पुरुषका बोली आफ्ना बोली भएका भई उठेर बोल्दछन् ।

श्वेतकेतु–थाह छैन ।

(५) प्रवाहण–त्यसो भए यो जान्दछौ कि ? देवयान–मार्गको साधनभूत कर्म र पितृयाण–मार्गको साधनभूत कर्म, जुनद्वारा पुरुष उक्त मार्गमा प्राप्त हुन्छन् । हामीले यस विषयको प्रकाशक-मन्त्र सुनेका छौं–"दुइ बाटा सुनेको छु । एक पितृहरूको र दोस्रो देवताहरूको । यी दुवै बाटा मनुष्यहरूले गइने हुन् । जानेजति यी सबै यिनै दुइ बाटाले जान्छन्, जो द्युलोक र पृथ्वीलोकका बीचमा छन् ।

श्वेतकेतु–म यी प्रश्नहरूमध्ये एउटा प्रश्न पनि जान्दिनँ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथैनं वसत्योपमन्त्रयाञ्चक्रेऽनादृत्य वसतिं कुमारः प्रदुद्राव स आजगाम पितरं तꣳहोवाचेति वाव किल नो भवान्पुरानुशिष्टानवोचदिति कथꣳसुमेध इति पञ्च मा प्रश्नान् राजन्यबन्धुरप्राक्षीत्ततो नैकञ्चन वेदेति कतमेत इतीम इति ह प्रतीकान्युदाजहार ॥ ३ ॥

पदार्थ — अथ— यसपछि, (विद्याको घमण्ड तोडिदिइसकेपछि राजा प्रवाहणले) एनम् — यी श्वेतकेतुलाई, वसत्या — वस्नाका निमित्त, उपमन्त्रयाञ्चक्रे — विनयसाथ निवेदन गरे, कुमारः — श्वेतकेतु, वसतिम् — वसाइलाई अनादृत्य— वास्ता नगरेर, प्रदुद्राव—दौडिहाले, सः — ती पितरम् —बाबुकहाँ, आजगाम — आए, तम् — ती बाबु आरुणिलाई, इति — यसो, उवाच — भनेथे, ह — भएको कुरा हो, भवान् — तपाईंले, नः — हामीहरूलाई, पुरा — समावर्तन कालमा, अनुशिष्टान् — समस्त विद्याले शिक्षित पारिएका, अवोचः— भन्नुभएको थियो, इति —यो कुरा, वाव किल — अवश्य हो क्यार, (बाबुले) हे सुमेधः—हे असल बुद्धिका छोरा ! कथम् —कसरी, (तिमीलाई दुःख भयो ?) इति — यसो, (भने) श्वेतकेतुले, इति —यसो, (भने) राजन्यबन्धुः — राजाखलककाले, मा — मलाई, पञ्च — पाँच, प्रश्नान्—प्रश्नहरू, अप्राक्षीत्— सोध्यो, ततः — तीमध्येबाट, एकञ्चन — एउटा पनि, न वेद —जानिनँ, (अनि आरुणिले) इति — यसरी, (सोधे) ते — ती, प्रश्नाः — प्रश्नहरू, कतमे — कुनचाहिं हुन् ? (श्वेतकेतुले) इमे—यी हुन्, इति—यसो भनेर, प्रतीकानि—शुरूका अंशहरू, उदाजहार — भनिदिए, ह — यो अघि भएको कुरा हो ।

वाक्यार्थ —विद्याको घमण्ड तोडिदिइसकेपछि राजा प्रवाहणले श्वेतकेतुलाई वस्नाका निमित्त सविनय निवेदन गरे । तर श्वेतकेतु वसाइको वास्ता नगरी दौडिहाले, र बाबु आरुणिकहाँ आए । अनि बाबुलाई भने—तपाईंले समावर्तन-कालमा 'हामीहरूलाई सारा विद्याले शिक्षित पारिएका छौं, भन्नुभएको हो, यो कुरा अवश्यै हो क्यार ! अनि बाबुले भने— असल मेधाशक्तिवाला छोरा ! तिमीलाई कसरी दुःख पऱ्यो र ? श्वेतकेतुले भने— एउटा राजाखलककाले मलाई पाँच प्रश्न सोध्यो । तीमध्ये एउटा प्रश्न पनि जानिनँ । अनि बाबुले सोधे— ती कुनचाहिं प्रश्न हुन् ? अनि छोराले यी प्रश्न हुन् भनी शुरूका अंश बताइदिए ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिता आरुणिले उनका विषयमा आफ्नो अनभिज्ञता बताएर तिनलाई शान्त गर्नु र तिनको उत्तर जान्नाका निमित्त प्रवाहणकहाँ आउनु

स होवाच तथा नस्त्वं तात जानीथा यथा यदहं किञ्च वेद सर्वमहं तत्तुभ्यमवोचं प्रेहि तु तत्र प्रतीत्य ब्रह्मचर्यं वत्स्याव इति भवानेव गच्छत्विति स आजगाम गौतमो यत्र प्रवाहणस्य जैवलेरास तस्मा आसनमाहृत्योदकमाहारयाञ्चकाराथ हास्मा अर्घ्यं चकार तꣳहोवाच वरं भगवते गौतमाय दद्म इति ॥ ४ ॥

पदार्थ — सः — ती बाबुले, इति — यसो, उवाच — भनेथे, ह — हो, तात — बाबु, त्वम् — तिमी, नः — हामीलाई, तथा — त्यस्ता, जानीथा — ठान, यथा — जस्तो, अहम् — म, यत् किञ्च — जो केही, वेद — जान्दछु, तत् — त्यो, सर्वम् — सबै, तुभ्यम् — तिमीलाई, अवोचम् — बताएको हुँ, प्रेहि तु — आऊ त, तत्र — त्यहाँ, प्रतीत्य — गएर, (राजाकहाँ) ब्रह्मचर्यम् — विद्याका निमित्त ब्रह्मचर्यसाथ, वत्स्यावः — बसौंला, (छोराले) इति — यसो, उवाच — भने, भवान् एव — तपाईं नै, गच्छतु — जानुहोस्, (अनि) सः — ती, गौतमः — गौतमवंशीय आरुणि, आजगाम — आए, यत्र — जहाँ, जैवलेः — जीवलका छोरा, प्रवाहणस्य — प्रवाहणको, आस — आसन अर्थात् बैठक थियो, (अनि प्रवाहणले) तस्मै — ती आरुणिलाई, आसनम् — आसन, आहृत्य — दिएर, उदकम् — पाउ धुनलाई जल, आहारयाञ्चकार — नोकरहरूलाई ल्याउन लगाए, अथ — अनि, अस्मै — यी आरुणिलाई, अर्घ्यम् — अर्घ्यदान, चकार — गरे, (अनि) तम् — ती, आरुणिलाई, इति — यसो, उवाच — भने, भगवते — पूज्य, गौतमाय — गौतमजीलाई, वरम् — चाहिएको कुरा, दद्मः — दिन्छु, ह — यो भएको कुरा हो ।

वाक्यार्थ — ती बाबुले रिसाएका छोरालाई भनेथे–'बाबु ! तिमी मलाई यस्तो ठान, जस्तो कि जो केही जान्दछु त्यो तिमीलाई बताएको छु । यी प्रश्नको उत्तर मलाई पनि थाह छैन । अतः आऊ त, राजाकहाँ गएर विद्याला भका निमित्त ब्रह्मचर्यसाथ बसौंला ।' छोराले भने–'तपाईं नै जानुहोस् (म त्यसको मुख हेर्न पनि साहस गर्दिनँ) । छोराले यति भनेपछि ती आरुणि राजाका बैठकमा आए । उनलाई राजाले आसन दिएर पाउ धुनका निमित्त जल मगाएर अर्घ्यदान समेत गरे । अनि तिनलाई भने–'पूज्य गौतमीजीलाई म चाहेका कुरा टक्र्याउँछु ।' यो अघि भएको कुरा हो ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आरुणिले प्रवाहणसँग छोरालाई सोधेका कुरा भन्न प्रार्थना गर्नु

स होवाच प्रतिज्ञातो म एष वरो यां तु कुमारस्यान्ते वाचमभाषथास्तां मे ब्रूहीति ॥ ५ ॥

पदार्थ — सः — ती गौतमले, इति — यसो, उवाच — भने, मे — मलाई, एषः — यो, वरः — चाहेको कुरा, (दिन) प्रतिज्ञातः — प्रतिज्ञा गरियो, (अतः म माग्दछु) कुमारस्य — मेरा छोराका, अन्ते — समीपमा, याम् तु — जुनचाहिं, वाचम् — कुरा, अभाषथाः — भन्नुभएथ्यो, ताम् — त्यो कुरा, मे — मलाई, ब्रूहि — भन्नुहोस् ।

वाक्यार्थ— ती गौतम आरुणिले (भने–) मलाई चाहेको कुरा दिन प्रतिज्ञा गर्नुभयो, अतः म माग्दछु कि जुन कुरा छोरालाई सोध्नुभएथ्यो, त्यो कुरा मलाई बताउनुहोस् ।

प्रवाहणले 'त्यो त देववर हो' भनेर अर्को मानुषवर माग्न लगाउनु

स होवाच दैवेषु वै गौतम तद्वरेषु मानुषाणां ब्रूहीति ॥ ६ ॥

पदार्थ — सः — ती राजाले, ह — निश्चयसाथ, इति — यसो, उवाच — भने, गौतम ! — हे गौतमजी ! तद् — त्यो कुरा, वै — निश्चयले, दैवेषु — देवतासंबन्धी वरेषु — वरमध्येको हो, मानुषाणाम् — मनुष्यसंबन्धी, वरम् — वर, ब्रूहि — भन्नुहोस् ।

वाक्यार्थ — ती राजाले निश्चयसाथ भने–गौतमजी ! त्यो कुरा त देवता-संबन्धी वर हो, मनुष्यसंबन्धी वर माग्नुहोस् ।

आरुणिको आग्रह र प्रवाहणका स्वीकृतिले आरुणिद्वारा वचन मात्रले राजाको शिष्यत्व स्वीकार गर्नु

स होवाच विज्ञायते हास्ति हिरण्यस्यापात्तं गोअश्वानां दासीनां प्रवाराणां परिधानस्य मा नो भवान्वहोरनन्तस्यापर्यन्तस्याभ्यवदान्योऽभूदिति स वै गौतम

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीर्थेनेच्छासा इत्युपैम्यहं भवन्तमिति वाचा ह स्मैव पूर्व उपयन्ति स होपायनकीर्त्यो-वास ॥ ७ ॥

पदार्थ — सः — ती गौतमले, इति — यसो, उवाच — भने, ह — निस्सै, विज्ञायते (तपाईंले) जानिएको छ, (मलाई) हिरण्यस्य — सुनको, गो-अश्वा-नाम् — गाई-गोरू-घोडाहरूको, दासीनाम् — सुसारेहरूको, प्रवाराणाम् — परिवारको, परिधानस्य — पहिरने कुराको, अपात्तम् — प्राप्ति, अस्ति — छ, (मानुष-वर भनेका यिनै हुन्, यी मसँग मौजूद छन्, माग्नुपर्ने अवस्था छैन) भवान्-तपाईं, वहोः — धेरै, अनन्तस्य — अनन्त फल भएको, अपर्यन्तस्य — समाप्त नहुने, अर्थात् छोरा–नातिहरूका पालासम्म पुग्ने संपत्तिका, वदान्यःभूत्वा — दाता भएर, माम् अभि — मेरा उपर, अवदान्यः — कञ्जुस, मा भूत् — नहुनुहोस्, (यसपछि) सः — ती राजाले, वै — निश्चयले, इति — यसो, (भने) गौतम — हे गौतमजी, तीर्थेन — शास्त्रोक्त विधिले, इच्छासै — (प्राप्त गर्न) चाहनुहोस्, (गौतमले) इति — यसो, (भने) भवन्तम् — तपाईंकहाँ, उपैमि — शिष्य-भावले रहन्छु, पूर्वे – ब्राह्मणहरू, (क्षत्रियान्, वैश्यान् वा क्षत्रियः) – क्षत्रियकहाँ, अथवा क्षत्रियहरू वैश्यकहाँ, वाचा एव — वचनले मात्र, उपयन्ति स्म — उपसन्न (शिष्यभावले रहने) हुन्थे, ह — यो कुरा प्रसिद्ध छ, (अतः) सः — ती गौतम, उपायनकीर्त्या — समीपमा रहने वचनले मात्र, (न त सेवा गर्ने गरी) उवास — बसे ।

वाक्यार्थ — गौतमले भने–राजन् ! तपाईंलाई थाहै छ कि मलाई सुन, गाई-गोरु-घोडाहरू,सुसारेहरू,परिवार र पहिरने वस्त्र यी कुरा प्राप्त छन् । मानुष-वर भनेका यिनै हुन्, यी मौजूदै छन् । तपाईंसँग माग्नुपर्ने खण्ड छैन । तपाईं अरू-हरूका प्रति अनन्त फलवाला र समाप्त नहुने अर्थात् छोरा-नातिहरूका पालासम्म रहने प्रशस्त संपत्तिका दाता भएर केवल म प्रति कञ्जुस नहुनुहोस् । राजाले भने–गौतमजी ! त्यसो भए शास्त्रीयविधि (गुरूकहाँ रहने, सेवा-शुश्रूषा गर्ने आदि) ले विद्या प्राप्त गर्न चाहनुहोस् । गौतमले भने–राजन् ! तपाईंकहाँ म शिष्यभावले रहन्छु । विद्या प्राप्त गर्न चाहने अधिका ब्राह्मणहरू आपत्कालमा क्षत्रियकहाँ र क्षत्रियहरू वैश्यकहाँ रहँदा वचन (तपाईंका समीपमा रहन्छु भन्ने) ले मात्र रहन्थे, सेवा गर्ने गरी होइन । अतः ती गौतम समीपमा रहने वचनले मात्र (न त सेवा गर्ने गरी) राजा प्रवाहणकहाँ बसे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवाहणको क्षमा-प्रार्थना र विद्या-दानका निमित्त तत्परता

स होवाच यथा नस्त्वं गौतम मापराधास्तव च पितामहा यथेयं विद्यतः पूर्वं न कस्मि९श्चन ब्राह्मण उवास तां त्वहं तुभ्यं वक्ष्यामि को हि त्वैवं ब्रुवन्तमर्हति प्रत्याख्यातुमिति ॥ ८ ॥

पदार्थ — ह — प्रसिद्ध छ, सः — ती प्रवाहणले, उवाच — भने, गौतम — हे गौतमजी ! त्वम् — तपाईं, नः — हाम्रा उपर, तथा—त्यसै गरी, मा अपराधाः- कुभलो नगर्नुहोला, यथा — जसरी, तव — तपाईंका, पितामहाः — बाजेहरूले (गरेनथे); इयम् — यो, विद्या — विद्या, इतः — अहिलेभन्दा, पूर्वम् — अघि, कस्मिश्चन — कुनै, ब्राह्मणे — ब्राह्मणमा, न उवास — रहेको थिएन, अहम् तु — म त, ताम्– त्यो विद्या, तुभ्यम् –तपाईंलाई, वक्ष्यामि —बताउनेछु, हि — यस कारणले कि, एवम् —यस्तो, (शिष्यभावमा रहन्छु भनी) ब्रुवन्तम्– भन्नेलाई, प्रत्याख्यातुम् — नदिन, तु — त, कः — को, अर्हति — योग्य हुन्छ।

वाक्यार्थ—यो प्रसिद्ध कुरा हो । ती प्रवाहणले भने–गौतमजी ! मैले 'यो त देव-वरहो, मनुष्य-वर माग' भनेका अपराधमा तपाईं हाम्राउपर त्यसै गरी कुभलो नगर्नुहोला, जसरी तपाईंका बाजेहरूले गरेनथे । यो विद्या अहिलेभन्दा अघि कुनै ब्राह्मणमा रहेको थिएन । केवल क्षत्रिय परंपरामा चलिआएको हो । त्यसो हुँदा मैले पनि त्यो थिति कायमै गर्नुपर्ने हुनाले त्यसो भनेको हुँ । तर मचाहिं तपाईंलाई यो विद्या दिन्छु । कारण यसरी ' म तपाईंकहाँ शिष्यभावले बस्तछु' भनी उपसन्न हुनेलाई, 'हुन्न ' भन्न को योग्य हुन्छ ?

चतुर्थ प्रश्नको उत्तर—पञ्चाग्नि-विद्या

१–द्युलोकाग्नि

असौ वै लोकोऽग्निर्गौतम तस्यादित्य एव समिद्रश्मयो धूमोऽहरर्चिर्दिशोऽङ्गारा अवान्तरदिशो विस्फुलिङ्गास्तस्मिन्नेतस्मिन्नग्नौ देवाः श्रद्धां जुह्वति तस्या आहुत्यै सोमो राजा संभवति ॥ ९ ॥

पदार्थ — गौतम — हे गौतमजी ! असौ — त्यो, लोकः — द्युलोक, वै– निश्चयले, अग्निः — अग्नि हो, अर्थात् द्युलोकमा अग्नि-दृष्टि गर्नू, तस्य — त्यस अग्निको, आदित्यः एव — आदित्य नै, समित् — समिधा हो, रश्मयः— किरण-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरू, धूमः — धूवाँ हो, अहः — दिन, अर्चिः — ज्वाला हो, दिशः — दिशाहरू, अङ्गाराः — फिलिङ्गाहरू हुन्, अवान्तर दिशः — कोण दिशाहरू, विस्फुलिङ्गाः — झिल्काहरू हुन्, तस्मिन् — त्यो, एतस्मिन् यो, अग्नौ — अग्निमा, देवाः — देवताहरू, श्रद्धाम् — श्रद्धा, जुह्वति — होम्दछन्, तस्यै — त्यो, आहुत्यै — आहुतिबाट, सोमः — चन्द्रमा, राजा, पितृहरूका र ब्राह्मणहरूका राजा, संभवति — उत्पन्न हुन्छन् ।

वाक्यार्थ — हे गौतमजी ! त्यो द्युलोक (स्वर्ग) नै एक अग्नि हो, त्यसको सूर्य नै समिधा (प्रज्वलित गर्ने साधन) हो, त्यसका किरणहरू नै धूवाँ हो, (अग्निबाट धूवाँ निस्केजस्तै सूर्यबाट किरण निस्कने हुन्) दिन ज्वाला हो (दिनजस्तै प्रकाशमान हुन्छ ज्वाला पनि), दिशाहरू फिलिङ्गा हुन्, (ज्वाला नभएकाले दुवैमा शान्त स्थिति छ) कोण दिशाहरू झिल्का हुन् (छरिनेपनको समानता छ), त्यस अग्निमा इन्द्रादि देवताहरू श्रद्धा होम्दछन् (त्यस आहुतिबाट पितृहरूका र ब्राह्मणहरूका राजा चन्द्रमा उत्पन्न हुन्छन् ।

२–पर्जन्याग्नि

पर्जन्यो वा अग्निर्गौतम तस्य संवत्सर एव समिदभ्राणि धूमो विद्युदर्चिरशनिरङ्गारा ह्रादुनयो विस्फुलिङ्गास्तस्मिन्नेतस्मिन्नग्नौ देवाः सोमꣳराजानं जुह्वति तस्या आहुत्यै वृष्टिः संभवति ॥ १० ॥

पदार्थ — गौतम — हे गौतमजी, पर्जन्यः — वृष्टि-सामग्रीका अभिमानी देवता, वै — निश्चयले, अग्निः — अग्नि हो अर्थात् पर्जन्यमा अग्नि–दृष्टि गर्नू, तस्य — त्यस अग्निको, संवत्सरः एव — वर्षदिन नै, समित् — समिधा हो, अभ्राणि — बादल, धूमः — धूवाँ हो, विद्युत् — बिजुली, अर्चिः — ज्वाला हो, अशनिः — वज्र, अङ्गाराः — फिलिङ्गा हुन्, ह्रादुनयः — मेघका गर्जन, विस्फुलिङ्गाः — झिल्काहरू हुन्, तस्मिन् — त्यो, एतस्मिन् — यो, अग्नौ — अग्निमा, देवाः — देवताहरू, सोमम् — सोम, राजानम् — राजालाई, जुह्वति होम्दछन्, तस्याः — त्यो, आहुत्यै — आहुतिबाट, वृष्टिः — वर्षा, संभवति — हुन्छ ।

वाक्यार्थ – हे गौतमजी ! वृष्टि –सामग्रीको अभिमानी देवता नै एक अग्नि

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो। त्यस अग्निको वर्ष दिन नै समिधा हो, (शरद् आदि ग्रीष्मान्त आफ्ना अवयव-द्वारा परिवर्तित संवत्सरले नै पर्जन्यरूप अग्नि दीप्त हुन्छ)। बादल नै धूवाँ हो, (धूवाँबाट नै बादल उत्पन्न हुन्छ)। बिजुली नै ज्वाला हो (दुवै प्रकाशमान छन्)। बज्र नै फिलिङ्गा हुन् (कडापन र शान्त भएका अवस्थाले दुइमा समानता छ)। मेघका गर्जन नै झिल्का हुन् (छरिने र अनेक हुनाले समानता छ)। त्यस अग्निमा इन्द्रादि देवताहरू राजा सोमलाई होम्दछन् (पहिलो द्युलोकाग्निमा श्रद्धा होमिंदा उत्पन्न भएको सोम दोस्रो पर्जन्याग्निमा होमिन्छ। त्यस सोमबाट वर्षा हुने हुन्छ।

३– इहलोकाग्नि

अयं वै लोकोऽग्निर्गौतम तस्य पृथिव्येव समिदग्निर्धूमो रात्रिर्र्चिश्चन्द्रमा अङ्गारा नक्षत्राणि विस्फुलिङ्गास्तस्मिन्नेतस्मिन्नग्नौ देवा वृष्टिं जुह्वति तस्या आहुत्या अन्नꣳसंभवति ॥ ११ ॥

पदार्थ — गौतम — हे गौतमजी, अयम् — यो, लोकः — लोक, वै — निश्चयले, अग्निः — अग्नि हो, अर्थात् यस लोकमा अग्नि-दृष्टि गर्नू; तस्य — त्यसको, पृथिवी एव — पृथिवी नै, समित् — समिधा हो, अग्निः — अग्नि, धूमः — धूवाँ हो, रात्रिः — रात, अर्चिः — ज्वाला हो, चन्द्रमाः — चन्द्रमा, अङ्गाराः — फिलिङ्गा हुन्, नक्षत्राणि — नक्षत्रहरू, विस्फुलिङ्गाः — झिल्काहरू हुन्, तस्मिन् — त्यो, एतस्मिन् — यो, अग्नौ — अग्निमा, देवाः — इन्द्रादि देवताहरू, वृष्टिम् — वृष्टिलाई, जुह्वति — होम्दछन्, तस्यै—त्यो, आहुत्यै–आहुतिबाट, अन्नम् — अन्न, सम्भवति — पैदा हुन्छ।

वाक्यार्थ — हे गौतमजी ! यो कारक र फलले युक्त लोक नै एउटा अग्नि हो। अर्थात् इहलोकमा पनि अग्नि-भावना गर्नू। त्यस अग्निको पृथिवी नै समिधा हो। (अनेक प्राणीको उपभोगले संपन्न पृथिवीले नै यो लोक चम्किलो भैरहेको छ)। अग्नि नै धूवाँ हो (पृथिवीरूप आश्रयबाट उठ्ने हुनाले दुइमा समानता छ)। रात ज्वाला हो (समिधाका संबन्धले उत्पन्न हुने हुँदा दुइमा समानता छ)। ज्वाला पनि समिधाका संबन्धले हुन्छ, रात पनि पृथिवीरूप समिधाका सम्बन्धले हुन्छ (पृथिवीको छाया त हो रात)। चन्द्रमा फिलिङ्गा हुन् (ज्वालाबाटै उत्पन्न हुने हुँदा दुइमा समानता छ (आगो ज्वाला छुटी राम्ररी बल्नाले नै फिलिङ्गा बन्दछन्)।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तै ज्वाला मानिएको रातमा नै चन्द्रमा हुन्छन्) । नक्षत्रहरू नै झिल्का हुन् (छरिएर रहने हुनाले समानता छ) । त्यस अग्निमा इन्द्रादि देवताहरू वृष्टिलाई होम्दछन् । त्यस आहुतिबाट अन्न उब्जन्छ ।

४–पुरुषाग्नि

पुरुषो वाग्निर्गौतम तस्य व्यात्तमेव समित्प्राणो धूमो वार्गार्चश्चक्षुरङ्गाराः श्रोत्रं विस्फुलिङ्गास्तस्मिन्नेतस्मिन्नग्नौ देवा अन्नं जुह्वति तस्या आहुत्यै रेतः संभवति ॥१२॥

पदार्थ — गौतम — हे गौतमजी, पुरुषः — पुरुष (मस्तक, हस्तपादादि-युक्त), वै — निश्चयले, अग्निः — अग्नि हो, तस्य — त्यसको, व्यात्तम् — बाएको, (मुखम्) — मुख, एव — नै, समित् — समिधा हो, (बाएको मुखले नै मानिस बोल्न र पढ्न आदिमा चम्किलो हुन्छ), प्राणः — प्राण, धूमः — धूवाँ हो, वाक् — शब्द, अर्चिः — ज्वाला हो, चक्षुः — आँखा, अङ्गाराः — फिलिङ्गा हो, श्रोत्रम् — कान, विस्फुलिङ्गाः — झिल्का हो, तस्मिन् — त्यस, अस्मिन् — यो, अग्नौ — अग्निमा, देवाः — देवताहरू, अन्नम् — अन्न, जुह्वति — होम्दछन्, तस्यै — त्यस, आहुत्यै — आहुतिबाट, रेतः — वीर्य, संभवति — हुन्छ ।

वाक्यार्थ — हे गौतमजी ! टाउको-हात-गोडा आदि अवयवले युक्त पुरुष नै एउटा अग्नि हो, अर्थात् शरीरविशिष्टपुरुषमा पनि अग्नि-भावना गर्नू । त्यस अग्निको बाएको मुख नै समिधा हो (मानिस बाएको मुखले नै बोल्न-पढ्न आदिमा चम्किलो हुन्छ समिधाले अग्नि झैं) । त्यस अग्निको प्राण नै धूवाँ हो । (बाएको मुख समिधा हो भने त्यसबाट निस्कने प्राण धूवाँ हो) । शब्द ज्वाला हो (शब्दले अर्थलाई प्रकाश गर्छ, ज्वालाले पनि वस्तुहरूलाई प्रकाश गर्छ) । आँखा फिलिङ्गा हो (दुवै प्रकाशका आश्रय छन्) । कान झिल्का हो, (झिल्का यताउति छरिन्छन्, श्रोत्र इन्द्रिय पनि श्रव्य विषयहरूमा यत्रतत्र छरिन्छ) । त्यै यस पुरुषरूप अग्निमा प्राणरूप देवताहरू अन्न (खाने कुरा) होम्दछन् । त्यसै आहुतिबाट वीर्य बन्दछ (अन्नकै परिणाम त हो शुक्र) ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५–योषाग्नि

योषा वा अग्निर्गौतम तस्या उपस्थ एव समिल्लोमानि धूमो योनिरर्चिर्यदन्तः करोति तेऽङ्गारा अभिनन्दा विस्फुलिङ्गास्तस्मिन्नेतस्मिन्नग्नौ देवा रेतो जुह्वति तस्या आहुत्यै पुरुषः संभवति स जीवति यावज्जीवत्यथ यदा म्रियते ॥ १३ ॥

पदार्थ — गौतम — हे गौतमजी !, योषा — स्त्री, वै — निश्चयले, अग्निः — अग्नि हो, तस्याः — त्यस स्त्रीको, उपस्थः — गुप्तेन्द्रिय, एव — नै, समित् — समिधा हो, लोमानि — रौंहरू, धूमः — धूवाँ हो, योनिः — योनि, अर्चिः — ज्वाला हो, यद् — जो, अन्तःकरोति — मैथुन-व्यापार गर्दछ, ते — ती, अङ्गाराः — फिलिङ्गा हुन्, अभिनन्दाः—लेशमात्रका सुख, विस्फुलिङ्गाः— झिल्का हुन्, तस्मिन् — त्यो, एतस्मिन् — यो, अग्नौ — अग्निमा, देवाः — देवताहरू, रेतः — वीर्य, जुह्वति — होम्दछन्, तस्यै — त्यो, आहुत्यै — आहुतिबाट, पुरुषः — पुरुष, संभवति — उत्पन्न हुन्छ, सः — त्यो पुरुष, जीवति — बाँच्तछ, यावत् — जहाँसम्म, जीवति — शरीर-स्थितिमा हेतुभूत कर्म रहन्छ, अथ — अनि, यदा — जब, (त्यो कर्म क्षीण हुन्छ, तब) म्रियते — मर्दछ ।

वाक्यार्थ — हे गौतमजी ! स्त्री नै एउटा अग्नि हो । त्यस स्त्रीको गुप्तेन्द्रिय नै समिधा हो (त्यै इन्द्रियले स्त्री दीप्त हुन्छे) । रौंहरू धूवाँ हुन् (समिधाबाट धूवाँ उठ्तछ त गुप्तेन्द्रियबाट रौं उम्रन्छन्) । योनि ज्वाला हो (वर्ण एकै छ) । मैथुन-व्यापार फिलिङ्गा हो (फिलिङ्गा हुनु अग्नि शान्त हुँदै जानाको कारण हुन्छ । रति हुनु वीर्य क्षीण हुँदै जानाको कारण हुन्छ । यै समानता छ) । लेशमात्रको सुख झिल्का हो (दुवै क्षुद्र छन्) । यस स्त्रीरूप अग्निमा देवताहरू वीर्य होम्दछन् । त्यै आहुतिबाट पुरुष जन्मन्छ र जिएर रहन्छ । त्यो त्यतिसम्म जीवित रहन्छ जतिसम्म शरीर रहनामा कारणभूत कर्म रहन्छ । जब त त्यो कर्म क्षीण हुन्छ तब त्यो मर्दछ ।

प्रथम प्रश्नको उत्तर—अन्त्येष्टि-संस्काररूप अन्तिम आहुति

अथैनमग्नये हरन्ति तस्याग्निरेवाग्निर्भवति समित्समिद्धूमोधूमोऽर्चिरर्चिरङ्गारा अङ्गारा विस्फुलिङ्गा विस्फुलिङ्गास्तस्मिन्नेतस्मिन्नग्नौ देवाः पुरुषं जुह्वति तस्या आहुत्यै पुरुषो भास्वरवर्णः संभवति ॥ १४ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — अथ — मरेपछि, एतम् — यस पुरुषलाई, अग्नये — अग्निका निमित्त, (अन्तिम आहुति दिन) हरन्ति — लैजान्छन्, तस्य — त्यस पुरुषरूप आहुतिका, अग्निः एव — प्रसिद्ध अग्नि नै, अग्निः — अग्नि, भवति — हुन्छ, समित् — प्रसिद्ध समिधा नै, समित् — समिधा हुन्छ, धूमः — प्रसिद्ध धूवाँ नै धूमः — धूवाँ हुन्छ, अर्चिः — प्रसिद्ध ज्वाला नै, अर्चिः — ज्वाला हुन्छ, अङ्गाराः — प्रसिद्ध फिलिङ्गा नै, अङ्गाराः — फिलिङ्गा हुन्छन्, विस्फुलिङ्गाः— प्रसिद्ध झिल्का नै, विस्फुलिङ्गाः— झिल्का हुन्छन्, तस्मिन् — त्यो, एतस्मिम्— यो प्रसिद्ध, अग्नौ — अग्निमा, देवाः — देवताहरू, पुरुषम् — शरीरधारी पुरुष (शवरूपको) लाई, जुह्वति — होम्दछन्, तस्यै — त्यस, आहुत्यै — आहुतिबाट, पुरुषः — पुरुष, भास्वरवर्णः — अत्यन्त प्रकाशमान, संभवति — बन्दछ ।

वाक्यार्थ — अनि मरेपछि यस पुरुषलाई अन्तिम आहुति दिनाका निमित्त अग्निमा पुऱ्याउन ऋत्विक्हरू लैजान्छन् । त्यस पुरुषरूप आहुतिको त प्रसिद्ध अग्नि नै अग्नि हुन्छ । प्रसिद्ध समिधा नै समिधा हुन्छ । प्रसिद्ध धूवाँ नै धूवाँ हुन्छ । प्रसिद्ध ज्वाला नै ज्वाला हुन्छ । प्रसिद्ध फिलिङ्गा नै फिलिङ्गा हुन्छन् । प्रसिद्ध झिल्का नै झिल्का हुन्छन् । त्यस प्रसिद्ध अग्निमा देवताहरू शवरूप पुरुषलाई होम्दछन् । त्यस आहुतिबाट पुरुष अत्यन्त प्रकाशमान बन्दछ । गर्भाधान कालदेखि अन्त्येष्टि पर्यन्तका संपूर्ण कर्महरूले संस्कार गरिएको हुनाले पुरुष अतिशय दीप्तिमान् हुने हुन्छ ।

पञ्चम प्रश्नको उत्तर—देवयान मार्गको वर्णन

संबन्ध — प्रथम प्रश्नको समाधान गर्न राजा भन्दछन्—

ते य एवमेतद्विदुर्ये चामी अरण्ये श्रद्धा ९ सत्यमुपासते तेऽर्चिरभिसंभवन्त्यर्चिषोऽहरह्न आपूर्यमाणपक्षमापूर्यमाण पक्षाद्यान्षण्मासानुदङ्ङादित्य एति मासेभ्यो देवलोकं देवलोकादादित्यमादित्याद्वैद्युतं तान्वैद्युतान्पुरुषो मानस एत्य ब्रह्मलोकान् गमयति ते तेषु ब्रह्मलोकेषु पराः परावतो वसन्ति तेषां न पुनरावृत्तिः ॥ १५ ॥

पदार्थ — ते — तिनीहरू, ये — जो, एवम् — कहेअनुसार, एतद् — यो, पञ्चाग्नि-दर्शन (पाँच कुरामा अग्नि-दृष्टि), विदुः — जान्दछन्, (तथा) ये —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जो, अमी — यी, अरण्ये — जङ्गलमा, श्रद्धाम् — श्रद्धासाथ, सत्यम् — हिरण्यगर्भलाई, उपासते — उपासना गर्दछन्, ते — ती, अर्चिः — ज्वालाको अभिमानी देवतामा अभिसंभवन्ति — प्राप्त हुन्छन्, अर्चिषः — ज्वालाभिमानी देवतावाट, अहः— दिनको अभिमानी देवतामा, अभिसंभवन्ति— प्राप्त हुन्छन्, अह्नः— दिनाभिमानी देवतावाट, आपूर्यमाणपक्षम् — शुक्लपक्षको अभिमानी देवतामा, अभिसंभवन्ति — प्राप्त हुन्छन्, आपूर्यमाणपक्षात् — शुक्लपक्षको अभिमानी देवतावाट, आदित्यः — सूर्य, यान्— जुन, षण्मासान्—छः महीना, उदङ्—उत्तर दिशामा, एति—जान्छन्, (तान् षण्मासान्)—ती उत्तरायण हुने छः महीनाका अभिमानी देवताहरूमा, अभिसंभवन्ति — प्राप्त हुन्छन्, मासेभ्यः — ती छः महीनाका अभिमानी देवताहरूबाट, देवलोकम् — देवलोकको अभिमानी देवतामा, अभिसंभवन्ति—प्राप्त हुन्छन्, देवलोकात्—देवलोकाभिमानी देवतावाट, आदित्यम्—आदित्यमा, अभिसंभवति — प्राप्त हुन्छन् । आदित्यात् — आदित्यबाट, वैद्युतम् बिजुलीको अभिमानी देवतामा अभिसंभन्ति — प्राप्त हुन्छन्, तान् — ती, वैद्युतान् — विद्युद्देवतामा प्राप्त भएकाहरूलाई, मानसः — ब्रह्माले मनबाट सृष्टि गरिएको, पुरुषः — पुरुष, एत्य — आएर, ब्रह्मलोकान् — ब्रह्मलोकहरूमा, गमयति — पुऱ्याउँदछ । तेषु — ती, ब्रह्मलोकेषु — ब्रह्मलोकहरूमा, पराः — उत्तम भएर, परावतः — उत्तम वर्ष अर्थात् अनेकवर्षसम्म, वसति — वस्तछन्, तेषाम् — तिनीहरूको, पुनरावृत्तिः — फेरि फर्कने काम, न — हुँदैन ।

वाक्यार्थ — जो वताएअनुसारको अग्नि-दृष्टि गर्ने कुरा जान्दछन्, अथवा जो वनमा श्रद्धापूर्वक हिरण्यगर्भको उपासना गर्दछन्, ती ज्वालाका अभिमानी (म ज्वाला हुँ भनी ठान्ने) देवतामा पुग्दछन् । त्यहाँबाट दिनका अभिमानी देवतामा पुग्दछन् । दिनाभिमानी देवतालेमाथितिर उठाईदिंदा, शुक्लपक्षका अभिमानी देवतामा पुग्दछन् । त्यहाँवाट–जुन छः महीना सूर्य उत्तरतर्फ लाग्दछन् ती उत्तरायणी छ महीनाका अभिमानी देवतामा पुग्दछन् । त्यहाँबाट माथितिर उठाईदा देवलोकका अभिमानी देवतामा पुग्दछन् । त्यहाँबाट आदित्यमा पुग्दछन् । त्यहाँबाट बिजुलीका अभिमानी देवतामा पुग्दछन् । त्यहाँ पुगेकालाई ब्रह्माले मनबाट सृष्टि गरिएको एक पुरुष आउँदछ र भिन्न भिन्न तहका ब्रह्मलोकमा पुऱ्याउँदछ । ब्रह्मलोकमा पुगेका ती उपासकहरू उत्कृष्ट भएर धेरै वर्षसम्म त्यहाँ वस्दछन् । तिनीहरू फेरि फर्कने हुँदैनन् ।

टिप्पणी — उपासनाका तारतम्यले भिन्न भिन्न स्तरका ब्रह्मलोकमा रहनु उपपन्न नै छ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ ये यज्ञेन दानेन तपसा लोकाञ्जयन्ति ते धूममभिसंभवन्ति धूमाद्रात्रिꣳ रात्रेरपक्षीयमाणपक्षमपक्षीयमाणपक्षाद्यान्षण्मासान्दक्षिणादित्य एति मासेभ्यः पितृलोकं पितृलोकाच्चन्द्रं ते चन्द्रं प्राप्यान्नं भवन्ति ताꣳस्तत्र देवा यथा सोमꣳराजानमाप्यायस्वापक्षीयस्वेत्येवमेनाꣳस्तत्र भक्षयन्ति तेषां यदा तत्पर्यवैत्यथेममेवाकाशमभिनिष्पद्यन्त आकाशाद्वायुं वायोर्वृष्टिं वृष्टेः पृथिवीं ते पृथिवीं प्राप्यान्नं भवन्ति ते पुनः पुरुषाग्नौ हूयन्ते ततो योषाग्नौ जायन्ते लोकान्प्रत्युत्थायिनस्त एवमेवानुपरिवर्त्तन्तेऽथ य एतौ पन्थानौ न विदुस्ते कीटाः पतङ्गा यदिदं दन्दशूकम् ॥ १६ ॥

पदार्थ — अथ — अब अर्को कुरा, ये — जो, यज्ञेन — अग्निहोत्रादि यज्ञले, दानेन — दानले, तपसा — तप (कृच्छ्र-चान्द्रायणादि) ले, लोकान्— लोकहरूलाई, जयन्ति — जित्तछन्, ते — ती, धूमम् — धूवाँका अभिमानी देवतामा, अभिसंभवन्ति — प्राप्त हुन्छन्, धूमात् —धूवाँका अभिमानी देवताबाट, रात्रिम् — रातका अभिमानी देवतामा, अभिसंभवन्ति — प्राप्त हुन्छन्, रात्रेः— रात्र्यभिमानी देवताबाट, अपक्षीयमाणपक्षम् — कृष्णपक्षाभिमानी देवतामा, अभिसंभवन्ति — प्राप्त हुन्छन्, अपक्षीयमाणपक्षात् — कृष्णपक्षाभिमानी देवताबाट, आदित्यः — सूर्य, यान् — जुन, षट्—छ, मासान्—महीनाभर, दक्षिणा— दक्षिणतर्फ, एति — चल्छन्, (तान् षड्मासान्)—ती छ महीनाका अभिमानी देवतामा, अभिसंभवन्ति — प्राप्त हुन्छन्, मासेभ्यः—ती दक्षिणायनी छ महीनाका देवताबाट, पितृलोकम्—पितृलोकका अभिमानी देवतामा, अभिसंभवन्ति— प्राप्त हुन्छन्, पितृलोकात् — पितृलोकाभिमानी देवताबाट, चन्द्रम्—चन्द्रमामा, प्राप्य — पुगेर, अन्नम् — अन्न, भवन्ति — हुन्छन्, तान् — ती अन्न भएकालाई, तत्र — त्यहाँ, देवाः — देवताहरू, सोमम्— सोम, राजानम्—राजालाई, (यज्ञे ऋत्विजः)—यज्ञमा ऋत्विक्हरू, यथा — जसरी, आप्यायस्व —भरी-भरीकन, अपक्षीयस्व — सिध्याई-सिध्याईकन, भक्षयन्ति — खान्छन्, एवम्— यसै गरी, एतान् —यी चन्द्रमामा पुगेकाहरूलाई, तत्र— त्यहाँ, देवाः —देवताहरू, भक्षयन्ति — खान्छन्, तेषाम् — ती चन्द्रमामा पुगेकाको, यदा —जब, तत्— त्यो चन्द्रमामा पुऱ्याउने कर्म, पर्यवैति — क्षीण हुन्छ, अथ — अनि, इमम् — यो, एव — नै, आकाशम् — आकाशमा, अभिनिष्पद्यन्ते— प्राप्त हुन्छन्, आकाशात्-आकाशबाट, वायुम् — वायुमा, अभिनिष्पद्यन्ते — प्राप्त हुन्छन्, वायोः —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वायुबाट, वृष्टिन् — वृष्टिमा, वृष्टेः — वृष्टिबाट, पृथिवीम्—पृथ्वीमा, अभिनिष्पद्यन्ते — प्राप्त हुन्छन्, ते — ती, पृथिवीम् — पृथ्वीमा, प्राप्य — प्राप्त भएर, अन्नम् — अन्न, भवन्ति — हुन्छन्, ते — ती अन्नरूपमा प्राप्त भएका-हरू, पुरुषाग्नौ — पुरुषरूप अग्निमा, हूयन्ते — होमिन्छन्, ततः — त्यहाँबाट, योषाग्नौ — स्त्रीरूप अग्निमा, जायन्ते — जन्मन्छन्, लोकान् प्रत्युत्थायिनः— लोकतर्फ उठेका, ते — तीनीहरू, एवम् एव — यसै गरी, अनुपरिवर्त्तन्ते — घुमिरहन्छन्, अथ — तथा, ये — जो, एतौ — यी दुइ, पन्थानौ — बाटा, न विदुः — जान्दैनन्, अर्थात् उत्तरी मार्ग पाउन ज्ञान र दक्षिणी मार्ग पाउन कर्म गर्दैनन्, ते — ती, कीटाः — कीरा, पतङ्गाः — पुतली, (र) यद्— जो, इदम् — यो, दन्दशूकम्—लामखुट्टे आदि हो, तत्—त्यो, (भवन्ति)—हुन्छन् ।

वाक्यार्थ — अब अर्को कुरा—जो अग्निहोत्र आदि यज्ञले, माग्नेहरूलाई दिनाले, कृच्छ्र चान्द्रायण आदि तपले लोकहरू वश गरेका हुन्छन्, ती पहिले धूवाँका अभिमानी देवतामा पुग्दछन्, अनि त्यहाँबाट रातका अभिमानी देवतामा पुग्दछन् । त्यहाँबाट माथि उठाईँदा कृष्णपक्षका अभिमानी देवतामा, त्यहाँबाट दक्षिणायनी छ महीनाका अभिमानी देवतामा, त्यहाँबाट पितृलोकका अभिमानी देवतामा, त्यहाँबाट चन्द्रमामा पुग्दछन् । तिनीहरू चन्द्रमामा पुगेपछि अन्न हुन्छन् । ती अन्नरूप भएकालाई, यज्ञमा ऋत्विक्हरू जसरी सोमरस भरी-भरीकन सिध्याई-सिध्याईकन पान गर्दछन्, त्यसै गरी त्यहाँ देवताहरू खान्छन् । अनि तिनीहरूको त्यो शरीर रहनामा कारण कर्म क्षीण हुन्छ, तब ती यै आकाशमा प्राप्त हुन्छन् । आकाशबाट वायुमा, वायुबाट वृष्टिमा वृष्टिबाट पृथ्वीमा, प्राप्त हुन्छन् । पृथ्वीमा पुगेर तिनीहरू अन्न हुन्छन् । ती पुरुषरूप अग्निमा होमिन्छन् । त्यहाँपछि वीर्य बनेर स्त्रीरूप अग्निमा प्रविष्ट भई जन्मन्छन् । लोकहरू प्रति उठ्ने तिनीहरू यसरी नै चक्कर मारिरहन्छन् । जो त यी दुवै बाटा थाह नभएका छन् अर्थात् उत्तरी मार्ग पाउन ज्ञान र दक्षिणी मार्ग पाउन कर्म गर्दैनन्, ती कीरा, पुतली र डाँस, लामखुट्टे आदि हुन्छन् ।

छैटौं अध्यायका यस द्वितीय ब्राह्मणमा प्रवाहण राजाले आरुणिका पुत्र श्वेतकेतुलाई, यी पाँच प्रश्न सोधेका थिए:—

१. प्रजाहरू मरेपछि छुट्टा छुट्टै मार्गमा कसरी प्राप्त हुन्छन् ?
२. तिनीहरू फेरि यस लोकमा कसरी आउँछन् ?

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३. असंख्य प्राणीहरू बराबर मरेर जाँदा पनि त्यो परलोक किन भरिँदैन ?
४. कतिओं आहुति होमिएपछि आहुतिरूप जल (दूध आदि द्रव) पुरुष हुन आउँछ ?
५. मनुष्य कुन कर्म गर्नाले देवयानमा प्राप्त हुन्छन् र कुन कर्म गर्नाले पितृयानमा प्राप्त हुन्छन् ?

तिनीमध्ये (४) कतिओं आहुति होमिसकिएपछि आहुतिरूप जल पुरुष हुन आउँछ ? भन्ने चौथो प्रश्नको उत्तर (यसैका अधीनमा अरू उत्तर हुने हुनाले) पहिले दिइएको छ–'पाँचौं आहुति दिइसकेपछि आहुतिरूप जल पुरुष बन्न आउँछ।'

कसरी बन्न आउँछ यो जान्नलाई पञ्चाग्नि, तिनमा पर्ने आहुति, तिनबाट हुने उत्पत्ति बुझ्नु जरूरी छ। सो कुरा निम्न तालिकाबाट अवगत हुनेछः–

अग्नि	आहुति	उत्पत्ति
(क) द्युलोक	श्रद्धा (आहुतिरूप दुग्ध आदि)	सोम (वृष्टिको पूर्वी रूप)
(ख) पर्जन्य (वृष्टि सामग्रीको अभिमानी देवता)	सोम	वृष्टि
(ग) इहलोक	वृष्टि	अन्न
(घ) पुरुष	अन्न	वीर्य
(ङ) स्त्री	वीर्य	पुरुष

यी द्युलोकहरू खास अग्नि त अवश्य होइनन्, तर उपासनाका निमित्त यिनमा अग्निभावना गर्नू भन्ने विधान गरिएको हो। प्रस्तुतमा यस रूपले बुझाउन खोजेको कुराचाहिं यो होः–

अग्निहोत्र यज्ञमा अग्निमा होमिएका दूध आदि द्रव पदार्थ सूक्ष्मरूपले माथितिर उठ्तछन्। ती अन्तरिक्ष भैकन द्युलोकमा पुग्दछन् र सोम बन्दछन्। त्यो पर्जन्यमा पुग्दछ र वृष्टि बन्दछ। त्यो वृष्टि यस लोकमा पर्ने आउँदछ र अन्न बन्दछ। त्यो अन्न खाद्यरूपले पुरुषमा पर्दछ र वीर्य बन्दछ। त्यो वीर्य स्त्रीमा पर्दछ र पुरुष बन्दछ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि (५) मनुष्य कुन कर्म गर्नाले देवयान र कुन कर्म गर्नाले पितृयानमा प्राप्त हुन्छन् ? भन्ने पाचौं प्रश्नको उत्तर दिइएको छ—'पञ्चाग्नि विद्या जानी उपासना गर्ने जङ्गलमा रही हिरण्यगर्भको उपासना गर्ने गृहस्थ, वानप्रस्थ र परिव्राजकहरू देवयानमा प्राप्त हुन्छन्। यज्ञ-दान र तप गर्नेहरू पितृयानमा प्राप्त हुन्छन्।' देवयान, पितृयानमा प्राप्त हुने हेतु यसैमा बताएकोले (१) छुट्टा छुट्टै मार्गमा कसरी प्राप्त हुन्छन् ? भन्ने प्रथम प्रश्नको उत्तर पनि यै पाचौं हुन आउँछ। प्रजाहरू कर्मभोग सकिएपछि आकाशादि क्रमले यस लोकमा झर्ने कुरा पनि यस पाचौंमा आएकाले (२) तिनीहरू फेरि यस लोकमा कसरी आउँछन् ? भन्ने दोस्रा प्रश्नको समाधान पनि यसैमा भएको छ। तथा कैयौं प्राणी परलोकबाट यस लोकमा फर्कने कुरा र उक्त कुनै मार्ग पाउन पनि कर्म नगर्नेहरू कीट-पतङ्गादि योनिमै रङ्मङ्डिइरहन्छन् भन्ने कथन यसैमा भएकाले (३) असंख्य प्राणीहरू बरावर मरेर जाँदा पनि परलोक किन भरिँदैन ? भन्ने तेस्रो प्रश्नको समाधान पनि यै पाँचौं हुन आउँदछ। यस छाँटले यहाँ पाँचै प्रश्नको समाधान भएको छ।

छैटौं अध्यायमा दोस्रो कर्म-विपाक ब्राह्मण समाप्त।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीय ब्राह्मण

श्रीमन्थ-कर्म र त्यसको विधि

सम्बन्ध—ज्ञान र कर्मको गति बताइयो। त्यसमध्ये ज्ञान स्वतन्त्र छ। कर्म-चाहिं दैव-मानुष यी दुइ थरी धनको अधीन छ। त्यसो हुनाले कर्मका निमित्त धनको उपार्जन गर्नुपर्दछ। त्यो पनि प्रत्यवाय नलाग्ने उपायले उपार्जन गर्नुपर्दछ। अतः त्यसका निमित्त महत्त्व प्राप्त गर्न मन्थनामक कर्म आरम्भ गरिन्छ। महत्त्व भएमा धन त स्वतः सिद्ध हुन्छ। अतः अब त्यै कहिन्छ।

मन्थ-कर्मको सामग्री र हवन विधि

स यः कामयेत महत्प्राप्नुयामित्युदगयन आपूर्यमाणपक्षस्य पुण्याहे द्वादशाहमुपसद्व्रती भूत्वौदुम्बरे कꣳसे चमसे वा सर्वौषधं फलानीति संभृत्य परिसमुह्य परिलिप्याग्निमुपसमाधाय परिस्तीर्यावृताज्यꣳसꣳस्कृत्य पुꣳसा नक्षत्रेण मन्थꣳसन्नीय जुहोति। यावन्तो देवास्त्वयि जातवेदस्तिर्यञ्चो घ्नन्ति पुरुषस्य कामान् तेभ्योऽहंभागधेयं जुहोमि ते मा तृप्ताः सर्वैः कामैस्तर्पयन्तु स्वाहा। या तिरश्ची निपद्यतेऽहं विधरणी इति तां त्वा घृतस्य धारया यजे सꣳराधनीमहꣳस्वाहा॥१॥

पदार्थ—सः—त्यो पुरुष, यः—जो, महत्—महत्त्व, प्नुयाम् इति—पाउँ भनेर, कामयेत—कामना गर्ला, (सः)—त्यो, उदगयने—उत्तरायणमा, आपूर्यमाणपक्षस्य—शुक्लपक्षका, पुण्याहे—पुण्यदिनमा, द्वादशाहम्—बाह्र दिनसम्म, उपसद्व्रती—उपसद् यागमा लिनुपर्ने (दूधपान मात्र गर्ने) व्रत लिएको भई, औदुम्बरे—डुम्रीको, कंसे—पान-पात्रमा, वा—अथवा, चमसे—चमसाकार डुम्रीका पात्रमा, सर्वौषधम्—संपूर्ण धान्यहरू, (र) फलानि—फलहरू, इति—यस्ता सबै सामग्री, संभृत्य—जोरेर, परिसमुह्य—वेदी बढाएर, परिलिप्य—लिपेर, अग्निम्—अग्नि, उपसमाधाय—स्थापन गरेर, परिस्तीर्य—कुशहरू बिछ्याएर, आवृता—विधिले, आज्यम्—घिउ,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत्य — संस्कार गरेर, पुंसा — पुंलिङ्गी नामवाला, नक्षत्रेण — नक्षत्रले, मन्थम्— सर्वौषधि फलहरू पिधेको पीठो, संनीय— माझमा राखेर, (यावन्तः इति मन्त्रेण)—'यावन्तः' यस मन्त्रले, जुहोति—हवन गर्दछ, (मन्त्रार्थं यो हो–) जातवेदः — हे अग्नि ! , यावन्तः — जति, देवाः — देवताहरू, त्वयि—तिमीमा, तिर्यञ्चः — तेसिएर, पुरुषस्य — पुरुषका, कामान — अभिलषित कुरालाई, घ्नन्ति — नाश गर्दछन्, अर्थात् फल-प्राप्तिमा विघ्न पार्दछन्, तेभ्यः — ती देवताहरूलाई, अहम् — म, भागधेयम् — भागस्वरूप घिउ, जुहोमि — होम्दछु, ते — ती देवता, तृप्ताः — अघाएर, मा — मलाई, सर्वैः — संपूर्ण, कामैः — अभिलषित वस्तुहरूले, तर्पयन्तु — तृप्त पारून्, स्वाहा — यो आहुति दिन्छु, (तथा) या — जो, तिरश्ची — तेसिएर विघ्न गर्ने देवी, अहम् — म, विघ्नरणी इति — निग्रह गर्ने हुँ भनेर, त्वयि — तिमीमा, निपद्यते — रहेकी छ, ताम्—त्यस्ती, संराधनीम् —प्रसन्न भएमा सिद्ध गरिदिने देवीलाई उद्देश्य गरेर, त्वान् — तिमीलाई, अहम् — म, घृतस्य — घिउका, धारया — धारालै, यजे — पूज्दछु, स्वाहा — यो भाग दिन्छु ।

वाक्यार्थ — जुन पुरुष महत्त्व पाउँ भन्ने कामना गर्दछ, त्यो उत्तरायणमा शुक्ल-पक्षका पुण्यदिनमा बाह्र दिनसम्म दूध मात्र पान गर्ने नियम लिएर डुम्रीका भाँडामा वा चमस (यज्ञको पात्र-पात्र) को, जस्तो आकार भएका डुम्रीका पात्रमा यथा-प्राप्त सबै धान्यहरू र फलहरू यस्तै अरू पनि सामग्री जोरेर हवन गर्ने ठाउँलाई बढारी, लिपी, अग्नि-स्थापन गरेर कुशहरू बिछ्याई विधिपूर्वक घिउलाई संस्कार गरेर हस्त आदि पुंलिङ्गी नाम भएका नक्षत्रमा मन्थ (सर्वौषधि, फलहरू पिधेको डल्लो) लाई अग्नि र आफ्ना माझमा राखेर यस (यावन्तः इत्यादि मूलस्थ) मन्त्रले हवन गर्दछ । (जसको अर्थ छ– हे अग्नि ! जति देवताहरू तिमीमा तेसिएर पुरुषका अभिलषित कुरा नाश गर्दछन्-फल-प्राप्तिमा विघ्न पार्दछन्, ती देवताहरूका निमित्त भागस्वरूप घिउ होम्दछु । ती देवताहरू तृप्त भएर मलाई संपूर्ण अभि-लषित वस्तुहरूले तृप्त पारून्, म यो आहुति दिन्छु । तथा जुन देवी 'म सबैलाई निग्रह गर्ने हुँ' भनेर तिमीमा तेसिएर विघ्न गर्नेछिन्, ती संतुष्ट हुँदा कामना सिद्ध गरिदिने देवीलाई म घिउका धारालै पूज्दछु, यो आहुति तिनीलाई अर्पन्छु ।

हवनका मन्त्र

ज्येष्ठाय स्वाहा श्रेष्ठाय स्वाहेत्यग्नौ हुत्वा मन्थेस॰स्रवमवनयति प्राणाय स्वाहा वसिष्ठायै स्वाहेत्यग्नौ हुत्वा मन्थे स॰स्रवमवनयति वाचे स्वाहा प्रतिष्ठायै

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वाहेत्यग्नौ हुत्वा सन्थेसꣳस्रवमवनयति चक्षुषे स्वाहा संपदे स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति श्रोत्राय स्वाहाऽऽयतनाय स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति मनसे स्वाहा प्रजात्यै स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति रेतसे स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति ॥ २ ॥

पदार्थ–'ज्येष्ठाय स्वाहा'–ज्येष्ठका निमित्त आहुति दिन्छु, 'श्रेष्ठाय स्वाहा'— श्रेष्ठका निमित्त आहुति दिन्छु, इति — यस मन्त्रले, अग्नौ — अग्निमा, हुत्वा — होमेर, संस्रवम् — स्रुवको अवशेष घिउलाई, मन्थे — सर्वौषधिहरूका पीठामा, अवनयति — छोडिदिन्छ, 'प्राणाय स्वाहा' — प्राणका निमित्त आहुति दिन्छु, 'वसिष्ठायै स्वाहा' — वसिष्ठका निमित्त आहुति दिन्छु, इति — यी मन्त्रले, अग्नौ — अग्निमा, हुत्वा — होमेर, संस्रवम् — स्रुवको अवशेष घिउ, मन्थे — सर्वौषधिहरूका पीठामा, अवनयति — छोडिदिन्छ, 'वाचे स्वाहा' — वाक्लाई आहुति दिन्छु, 'प्रतिष्ठायै स्वाहा' — प्रतिष्ठालाई आहुति दिन्छु, इति — यी मन्त्रले, अग्नौ — अग्निमा, हुत्वा — होमेर, संस्रवम् — स्रुवको अवशेष घिउ, मन्थे — सर्वौषधिहरूका पीठामा, अवनयति — छोडिदिन्छ, 'चक्षुषे स्वाहा' — चक्षुलाई आहुति दिन्छु, 'संपदे स्वाहा' — संपद्लाई आहुति दिन्छु, इति — यी मन्त्रले, अग्नौ — अग्निमा, हुत्वा — होमेर, मन्थे — सर्वौषधिहरूका पीठामा, संस्रवम् — स्रुवको अवशेष घिउ, अवनयति — छोडिदिन्छ, 'श्रोत्राय स्वाहा' — श्रोत्रलाई आहुति दिन्छु, 'आयतनाय स्वाहा' — आयतनलाई आहुति दिन्छु, इति — यी मन्त्रले, अग्नौ — अग्निमा, हुत्वा — होमेर, संस्रवम् — स्रुवको अवशेष घिउ, मन्थे — सर्वौषधिहरूका पीठामा, अवनयति — छोडिदिन्छ, 'मनसे स्वाहा' — मनलाई आहुति दिन्छु, 'प्रजात्यै स्वाहा' — प्रजातिलाई आहुति दिन्छु, इति — यी मन्त्रले, अग्नौ — अग्निमा, हुत्वा — होमेर, संस्रवम् — स्रुवको अवशेष घिउ, मन्थे — सर्वौषधिहरूका पीठामा, अवनयति — छोडिदिन्छ, 'रेतसे स्वाहा' — वीर्यका निमित्त आहुति दिन्छु, इति — यस मन्त्रले, अग्नौ, — अग्निमा, हुत्वा — होमेर, संस्रवम् — स्रुवको अवशेष घिउ, मन्थे — सर्वौषधिहरूका पीठामा, अवनयति — छोडिदिन्छ,

वाक्यार्थ —'ज्येष्ठाय स्वाहा' 'श्रेष्ठाय स्वाहा' भनेर अग्निमा होमेर स्रुवको अवशेष घिउ मन्थ (सर्वौषधि र फलहरू पिधेको पीठो) मा छोडिदिन्छ। 'प्राणाय स्वाहा' 'वसिष्ठायै स्वाहा' भनेर अग्निमा होमेर स्रुवको अवशेष घिउ मन्थमा छोडिदिन्छ।' वाचे स्वाहा', 'प्रतिष्ठायै स्वाहा' भनेर अग्निमा होमेर स्रुवको अवशेष

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घिउ मन्थमा छोडिदिन्छ ।'चक्षुषे स्वाहा', 'संपदे स्वाहा' भनेर अग्निमा होमेर स्रुवको अवशेष घिउ मन्थमा छोडिदिन्छ । 'श्रोत्राय स्वाहा', 'आयतनाय स्वाहा' भनेर अग्निमा होमेर, स्रुवको अवशेष घिउ मन्थमा छोडिदिन्छ । 'मनसे स्वाहा', 'प्रजात्यै स्वाहा' भनेर अग्निमा होमेर स्रुवको अवशेष घिउ मन्थमा छोडिदिन्छ । 'रेतसे स्वाहा' भनी अग्निमा हवन गरेर स्रुवको अवशेष घिउ मन्थमा छोडिदिन्छ ।

अग्नये स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति सोमाय स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति भूः स्वाहेत्यग्नौ हुत्वा मन्थेसꣳस्रवमवनयति भुवः स्वाहेत्यग्नौ हुत्वा मन्थेसꣳस्रवमवनयति स्वः स्वाहेत्यग्नौ हुत्वा मन्थेसꣳस्रवमवनयति भूर्भुवः स्वः स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति ब्रह्मणे स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति क्षत्राय स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति भूताय स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति भविष्यते स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति विश्वाय स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति सर्वाय स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवममवनयति प्रजापतये स्वाहेत्यग्नौ हुत्वा मन्थे सꣳस्रवमवनयति ॥ ३ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ र वाक्यार्थ–

'अग्नये स्वाहा'	इति	अग्नी	हुत्वा	मन्थे	संस्रवम्	अवनयति
,,	यसो भनी	अग्निमा	होमेर	मन्थमा	स्रुव-शेष घिउ	छोडिदिन्छ
'सोमाय स्वाहा'	,,	,,	,,	,,	,,	,,
'भूः स्वाहा'	,,	,,	,,	,,	,,	,,
'भुवः स्वाहा'	,,	,,	,,	,,	,,	,,
'स्वः स्वाहा'	,,	,,	,,	,,	,,	,,
'भूर्भुवःस्वः स्वाहा'	,,	,,	,,	,,	,,	,,
'ब्रह्मणे स्वाहा'	,,	,,	,,	,,	,,	,,
'क्षत्राय स्वाहा'	,,	,,	,,	,,	,,	,,
'भूताय स्वाहा'	,,	,,	,,	,,	,,	,,
'भविष्यते स्वाहा'	,,	,,	,,	,,	,,	,,
'विश्वाय स्वाहा'	,,	,,	,,	,,	,,	,,
'सर्वाय स्वाहा'	,,	,,	,,	,,	,,	,,
'प्रजापतये स्वाहा'	,,	,,	,,	,,	,,	,,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथैनमभिमृशति भ्रमदसि ज्वलदसि पूर्णमसि प्रस्तब्धमस्येकसभमसि-हिङ्कृतमसि हिङ्क्रियमाणमस्युद्गीथमस्युद्गीयमानमसि श्रावितमसि प्रत्या-श्रावितमस्यार्द्रे संदीप्तमसि विभूरसि प्रभूरस्यन्नमसि ज्योतिरसि निधनमसि संवर्गोऽसीति ॥४॥

पदार्थ — अथ — यसपछि, एनम् — यस मन्थलाई, इति — यो, 'भ्रम-दसि' इत्यादि मन्त्रले, अभिमृशति — स्पर्श गर्दछ, (मन्त्रार्थ छ–) भ्रमत् — घुम्ने, असि — छस्, ज्वलत् — बल्ने, असि — छस्, पूर्णम् — भरिभराउ, असि — छस्, प्रस्तब्धम् — निष्कम्प, असि — छस्, एकसभम् — एकै सभारूपको, असि — छस्, हिङ्कृतम् — हिङ्कृत, असि — छस्, हिङ्क्रियमाणम् — हिङ्कार गरिंदो, असि — छस्, उद्गीथम् — उद्गीथ, असि — छस्, उद्गीय-मानम्—उच्चस्वरले गाइने, असि — छस्, श्रावितम् — सुनाइएको, असि छस्, प्रत्याश्रावितम् — पुनः सुनाइएको, असि — छस्, आर्दे — मेघमा, संदीप्तम् — सम्यक् प्रकारले दीप्त, असि — छस्, विभूः — विविध रूप हुने, असि — छस्, प्रभूः — समर्थ, असि — छस्, अन्नन् — अन्न, असि — छस्, ज्योतिः — ज्योति, असि — छस्, निधनम् — प्रलयस्थान, असि — छस्, संवर्गः — संहार गर्ने, असि — छस् ।

वाक्यार्थ — यसपछि मन्थलाई 'भ्रमदसि' इत्यादि मन्त्रले स्पर्श गर्दछ । (मन्थ-द्रव्यको अधिष्ठातृ देव प्राण हो । अतः प्राणसँग एकरूप हुनाका कारण त्यो सर्वात्मक छ र यस रूपले स्तुति गरिन्छ ।) हे मन्थ ! तँ प्राणरूपले संपूर्ण देहमा भ्रमण गर्ने छस्, अग्निरूपले बल्ने छस्, ब्रह्मरूपले पूर्ण छस्, आकाशरूपले निष्कम्प छस्, सबसँग अविरोध हुनाले जगद्रूप एक सभासमान छस्, यज्ञका आरम्भमा प्रस्तोताले हिङ्कार गरिएको छस्, तथा यज्ञमा हिङ्कार गरिंदो छस्, यज्ञका आरंभमा उद्गाताले उच्च स्वरले गाइने उद्गीथ छस्, यज्ञका मध्यमा गाइने पनि छस्, अध्वर्युद्वारा सुनाइने छस् आग्नीध्रद्वारा पुनः सुनाइने पनि छस्, मेघमा चम्कने छस्, विविध रूप हुने छस्, समर्थ छस्, अन्नरूप छस्, भोक्ता अग्निरूपले ज्योति छस्, कारणरूपले सबको प्रलयस्थान छस्, सबलाई संहार गर्ने हुनाले संवर्ग पनि छस् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्थलाई उठाउने मन्त्र

अथैनमुद्यच्छत्यामꣳस्यामꣳहि ते महि स हि राजेशानोऽधिपतिः स माꣳराजेशानोऽधिपतिं करोत्विति ॥ ५ ॥

पदार्थ— अथ — अनि, एनम् — यस मन्थलाई, इति— 'आमंसि' इत्यादि मन्त्रले, उद्यच्छति — उठाउँछ, (मन्त्रार्थ छ–) (हे मन्थ ! तँ) आमंसि— सब जान्ने छस्, ते — तेरो, महि — महिमा, आमंहि — जान्दछु सः — त्यो प्राण, हि — अवश्य, राजा — राजा, ईशानः — हैकम गर्ने, अधिपतिः — पालनकर्ता छ, सः — त्यो प्राणले, माम् — मलाई, राजा — राजा, ईशानः — हैकम गर्ने, अधिपतिम् — पालनकर्ता, करोतु — बनाओस् ।

वाक्यार्थ — यसपछि मन्थलाई 'आमंसि' इत्यादि मन्त्रले उठाउँछ । (मन्त्रार्थ छ–) हे मन्थ ! तँ सब थोक जान्दछस् । म तेरो महिमा राम्ररी जान्दछु । त्यो प्राण अवश्य राजा, हैकमदार, पालनकर्ता छ । त्यसले मलाई राजा, हैकमदार र पालनकर्ता बनाओस् ।

मन्थ भक्षणको विधि

अथैनमाचामति तत्सवितुर्वरेण्यं मधु वाता ऋतायते मधु क्षरन्ति सिन्धवः माध्वीर्नः सन्त्वोषधीर्भूः स्वाहा भर्गो देवस्य धीमहि मधु नक्तमुतोषसो मधुमत्पार्थिवꣳरजः मधुद्यौरस्तु नः पिता भुवः स्वाहा धियो यो नः प्रचोदयान्मधुमान्नो वनस्पतिर्मधुमाँ३ अस्तु सूर्यः माध्वीर्गावो भवन्तु नः स्वः स्वाहेति सर्वाभ्यश्च सावित्रीमन्वाह सर्वाभ्श्च मधुमतीरहमेवेदꣳसर्वं भूयासं भूर्भुवः स्वः स्वाहेत्यन्तत आचम्य पाणी प्रक्षाल्य जघनेनाग्निं प्राक्शिराः संविशति प्रातरादित्यमुपतिष्ठते दिशामेकपुण्डरीकमस्यहं मनुष्याणामेकपुण्डरीकं भूयासमिति यथेतमेत्य जघनेनाग्निमासीनो वꣳशं जपति ॥ ६ ॥

पदार्थ — अथ — अनि, एनम् — यस मन्थलाई, इति— 'तत्सवितुः' इत्यादि मन्त्रले, आचामति — खान्छ, (मन्त्रार्थ छ–) तत् सवितुः — सूर्यको, वरेण्यम् — श्रेष्ठ, (तेजलाई ध्यान गर्दछु) वाताः मधु ऋतायते — हावा मधुर गतिले चलिरहेका छन्, सिन्धवः मधु क्षरन्ति — समुद्रहरू मह बहाइरहेछन्,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नः ओषधीः माध्वीः सन्तु — हाम्रा धान्यहरू मीठा होऊन्, भूः स्वाहा — पृथ्वी-लोकलाई आहुति दिन्छु, (यति अर्थ भएका मन्त्रले मन्थको पहिलो ग्रास खानू), देवस्य भर्गः धीमहि — सविता देवको तेजलाई हामी ध्यान गर्छौं, नक्तम् उत उषसः मधु—रात-दिन मीठा (सुखकर) होऊन्, पार्थिवम् रजः मधुमत्—पृथ्वीको धूलिकण दिग्दार नगर्ने होस्, द्यौः पिता नः मधु अस्तु — पिता द्युलोक हामीलाई सुखकर होओस्, भुवः स्वाहा—अन्तरिक्ष-लोकलाई आहुति दिन्छु, (यति अर्थ भएका मन्त्रले मन्थको दोस्रो ग्रास खानू) यः नः धियः प्रचोदयात् — जो सविता देव हाम्रो बुद्धिलाई प्रेरित गर्दछन्, नः वनस्पतिः मधुमान् — हाम्रा निमित्त वनस्पति (सोम) मधुर रसमय होस्, सूर्यः मधुमान् अस्तु — सूर्य हाम्रा निमित्त सुखधारण गर्ने होऊन्, गावः नः माध्वीः सन्तु — किरण वा दिशाहरू हाम्रा निमित्त सुखकर होऊन्, स्वः स्वाहा — स्वर्गलोकलाई आहुति दिन्छु, (यति अर्थ भएका मन्त्रले तेस्रो ग्रास खानू, (अनि) सर्वाम् — सबै, (पूरै) सावित्रीम् — गायत्री, अन्वाह–भन्दछ, च— र, सर्वाम् — पूरै, मधुमतीः — मधुमती मन्त्र, च—पनि, अन्वाह — भन्दछ, अहम् एव इदम् सर्वम् भूयासम् — म नै यो सबै हुँ, भूर्भुवः स्वः स्वाहा — पृथ्वी, अन्तरिक्ष र स्वर्ग सबै लोकलाई आहुति छ, इति — यस्तो मन्त्र पढेर, अन्ततः — पछिबाट, आचम्य—सबै खाएर, पाणी—दुइ हात, प्रक्षाल्य—पखालेर, जघनेन अग्निम् — अग्नितिर पेट पारेर, प्राक्शिराः — पूर्व सिरान गरेर, संविशति — सुत्तछ, (अनि) प्रातः — बिहान, (उठेर) आदित्यम् — सूर्यलाई, इति — यस मन्त्रले, उपतिष्ठते — उपस्थान गर्दछ, दिशाम् — दिशा-हरूका, एकपुण्डरीकम् — एउटै श्वेतकमल छौं, अहम् — म, (पनि) मनुष्याणाम् — मनुष्यहरूमध्ये, एकपुण्डरीकम्— एक श्वेतकमल, भूयासम् — होऊँ, (अनि) यथेतम् — गएकै बाटो गरी, आगत्य — फर्केर, जघनेन अग्निम् — अग्नितिर पेट पारेर, आसीनः — बसेर, वंशम — मन्थ-कर्मको वंश, जपति — जप्तछ ।

वाक्यार्थ — अनि मन्थलाई 'तत्सवितुः' इत्यादि मन्त्रले खान्छ । मन्त्रार्थ छ—त्यो सवितृदेवको श्रेष्ठ तेजलाई ध्यान गर्छु, हावा मधुर गतिले बहिरहेछन् । समुद्र-हरू मधु बहाइरहेछन्, हाम्रा धान्यहरू मीठा होऊन् । पृथिवीलाई यो आहुति छ । (यस्तो अर्थ भएको मन्त्र भनेर पहिलो गाँस खान्छ) । सविता देवको तेजलाई हामी ध्यान गर्दछौं, रात र दिन सुखकर होऊन्, पृथिवीको धूलिकण पनि दिक्दार नपार्ने होओस्, पिता—द्युलोक हाम्रा निमित्त सुखकर होओस् । अन्तरिक्षलाई यो आहुति

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ, (यस्तो अर्थ भएको मन्त्र भनेर दोस्रो गाँस खानू) (अनि) जुन सविता देवले हाम्रो बुद्धिलाई प्रेरित गर्दछन्, हाम्रा निमित्त सोम मधुर, रसमय होओस्, सूर्य हाम्रा निमित्त सुख धारण गर्ने होऊन्, किरण वा दिशाहरू हाम्रा निमित्त सुखकर होऊन्, स्वर्गलोकलाई यो आहुति दिन्छु, (यस्तो अर्थ भएका मन्त्रले तेस्रो गाँस खानू) (अनि) पूरै गायत्री तथा पूरै मधुमती मन्त्र र 'म नै यो सबै होऊँ' पृथ्वी, अन्तरिक्ष, स्वर्ग सबै लोकलाई आहुति दिन्छु। (यस्तो अर्थ भएको मन्त्र पढेर) पछिबाट सबै (जो बाँकी छ) मन्थ खान्छ र दुइ हात पखालेर आचमन गरी अग्नितिर पेट पारी पूर्वतिर सिरान गरी सुत्तछ। अनि विहान उठेर 'हे सूर्य तिमी दिशाहरूका एक श्वेतकमल छौ। म मनुष्यहरूको एक श्वेतकमल होऊँ भनी उपस्थान गर्दछ। अनि गएकै बाटो गरी फर्केर अग्नितिर पेट पारी बसेर मन्थ-कर्मको वंश जप्तछ।

मन्थ-कर्मको वंश

तꣳहैतमुद्दालक आरुणिर्वाजसनेयाय याज्ञवल्क्यायान्तेवासिन उक्त्वोवाचापि य एनꣳशुष्के स्थाणौ निषिञ्चेज्जायेरञ्छाखाः प्ररोहेयुः पलाशानीति ॥ ७ ॥

पदार्थ — अघि भएको कुरा हो, तम् — त्यो (पूर्वोक्त), एतम् — यो मन्थ-कर्म, आरुणिः — अरुणका छोरा, उद्दालकः — उद्दालकले, अन्तेवासिने — शिष्य, वाजसनेयाय — वाजसनेय शाखाका, याज्ञवल्क्याय — याज्ञवल्क्यलाई, उक्त्वा — बताएर, इति — यसो, उवाच अपि — भने पनि, यः — जुन, (कुनै) ले, एतम् — यस मन्थलाई, शुष्के — सुकेका, स्थाणौ — ठुटामा, निषिञ्चेत् — छिटिदेला त, शाखाः — हाँगा, जायेरन् — उत्पन्न होलान्, पलाशानि — पातहरू, प्ररोहेयुः — पलाउलान्।

वाक्यार्थ — हो, यो मन्थ-कर्म अरुणका छोरा उद्दालकले शिष्य वाजसनेय शाखावाला याज्ञवल्क्यलाई बताएथे। अनि यसो पनि भनेथे—यस मन्थलाई कसैले सुकेका ठुटामा छिटिदिए पनि हाँगा निक्लालान् र पात पलाउलान् भने कामना सिद्ध होओइन भन्ने के कुरा ?

एतमुहैव वाजसनेयो याज्ञवल्क्यो मधुकाय पैङ्ग्यायान्तेवासिन उक्त्वोवाचापि य एनꣳशुष्के स्थाणौ निषिञ्चेज्जायेरञ्छाखाः प्ररोहेयुः पलाशानीति ॥ ८ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ—ह— अघि भएको कुरा हो, एतम् एव—यै मन्थकर्म, वाजसनेयः— वाजसनेय शाखावाला, याज्ञवल्क्यः — याज्ञवल्क्यले, अन्तेवासिने — शिष्य, पैङ्गचाय — पिङ्गका पुत्र, मधुकाय— मधुकलाई, उ — कृपापूर्वक, उक्त्वा — बताएर, इति — यसो, उवाच अपि — भनेथे पनि, यः — जोकोहीले, एनम्— यस मन्थलाई, शुष्के — सुकेका, स्थाणौ — ठुटामा, निषिञ्चेत् — सेचन गर्ला त, शाखाः— हाँगाहरू, जायेरन् — उत्पन्न होलान्, पलाशानि — पातहरू, प्ररोहेयुः — पलाउलान् ।

वाक्यार्थ—अघि भएको कुरा हो, यो मन्थकर्म वाजसनेय शाखाका याज्ञवल्क्यले शिष्य पिङ्गका छोरा मधुकलाई बताएथे र यसो पनि भनेथे—यो मन्थ कसैले सुकेका ठुटामा छिटिदिएछ भने पनि हाँगाहरू उब्जलान् र पातहरू पलाउलान् ।

एतमुहैव मधुकः पैङ्गचश्चूलाय भागवित्तयेऽन्तेवासिन उक्त्वोवाचापि य एनꣳ शुष्के स्थाणौ निषिञ्चेज्जायेरञ्छाखाः प्ररोहेयुः पलाशानीति ॥ ९ ॥

पदार्थ — ह — यो अघिको कुरा हो, एतम् एव — यै मन्थकर्म, पैङ्गचः — पिङ्गका छोरा, मधुकः — मधुकले, अन्तेवासिने — शिष्य, भागवित्तये — भगवित्तका छोरा, चूलाय — चूललाई, उ — कृपाले, उक्त्वा — बताएर, इति — यसो, उवाच अपि — भनेका पनि थिए, यः — जुनकसैले, एनम् —यस मन्थलाई, शुष्के — सुकेका, स्थाणौ — ठुटामा, निषिञ्चेत् — सिचिदेओस् त, शाखाः — हाँगाहरू, जायेरन् — उब्जलान्, पलाशानि — पातहरू, प्ररोहेयुः— पलाउलान् ।

वाक्यार्थ — अघिको कुरा हो, यै मन्थकर्म पिङ्गका छोरा मधुकले शिष्य भगवित्तका छोरा चूललाई कृपापूर्वक बताएर यसो पनि भनेथे— यदि कसैले यस मन्थलाई सुकेका ठुटामा छिटिदेला त त्यसमा हाँगाहरू उब्जलान् र पातहरू पलाउलान् ।

एतमुहैव चूलो भागवित्तिर्जानकय आयस्थूणायान्तेवासिन उक्त्वोवाचापि य एनꣳशुष्के स्थाणौ निषिञ्चेज्जायेरञ्छाखाः प्ररोहेयुः पलाशानीति ॥ १० ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — ह — यो भएको कुरा हो, एतम् एव — यै मन्थकर्म, भागवित्तिः — भगवित्तका छोरा, चूलः — चूलले, अन्तेवासिने — शिष्य, जानकाय — जनकका छोरा, आयस्थूणाय — आयस्थूणलाई, उ — कृपाले, उक्त्वा — बताएर, इति — यसो, उवाच अपि — भनेका पनि थिए, यः — जुनकसैले, एतम् — यस मन्थलाई, शुष्के — सुकेका, स्थाणौ — ठुटामा, निषिञ्चेत् — सिंचिदेला त, शाखाः — हाँगाहरू, जायेरन् — उब्जलान्, पलाशानि — पातहरू, प्ररोहेयुः — पलाउलान् ।

वाक्यार्थ — यो भएको कुरा हो — यो मन्थ-कर्म भागवित्तका छोरा चूलले शिष्य जनकका छोरा आयस्थूणलाई कृपाले बताएर भनेका पनि थिए — कसैले यो मन्थ सुकेका ठुटामा छिटिदिए पनि हाँगाहरू उब्जलान् र पातहरू पलाउलान् ।

एतमुहैव जानकिरायस्थूणः सत्यकामाय जाबालायान्तेवासिन उक्त्वोवाचापि य एनꣳशुष्के स्थाणौ निषिञ्चेज्जायेरञ्छाखाः प्ररोहेयुः पलाशानीति ॥ ११ ॥

पदार्थ — ह — यो भएको कुरा हो, एतम् एव — यै मन्थ-कर्म, जानकिः — जनकका छोरा, आयस्थूणः — आयस्थूणले, अन्तेवासिने — शिष्य, जाबालाय — जबालाका छोरा, सत्यकामाय — सत्यकामलाई, उ — कृपाले, उक्त्वा — बताएर, इति — यसो, उवाच अपि — भनेका पनि थिए, यः — जुनकुनैले, एतम् — यस मन्थलाई, शुष्के — सुकेका, स्थाणौ — ठुटामा, निषिञ्चेत् — छिट्ला त, शाखाः — हाँगाहरू, जायेरन् — उब्जलान्, पलाशानि — पातहरू, प्ररोहेयुः — पलाउलान् ।

वाक्यार्थ — अघिको कुरा हो, यसै मन्थ-कर्मलाई जनकका छोरा आयस्थूणले शिष्य जबालाका छोरा सत्यकामलाई कृपाले बताएर भनेका पनि थिए — यस मन्थलाई कसैले सुकेका ठुटामा छिटिदिए पनि हाँगा उब्जलान् र पात पलाउलान् ।

एतमुहैव सत्यकामो जाबालोऽन्तेवासिभ्य उक्त्वोवाचापि य एनꣳशुष्के स्थाणौ निषिञ्चेज्जायेरञ्छाखाः प्ररोहेयुः पलाशानीति तमेतन्नापुत्राय वानन्तेवासिने वा ब्रूयात् ॥ १२ ॥

पदार्थ — ह — अघि भएको कुरा हो, एतम् एव — यै मन्थ कर्म, जाबालः —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जबालाका छोरा, सत्यकामः — सत्यकामले, अन्तेवासिभ्यः — शिष्यहरूलाई, उ — कृपापूर्वक, उक्त्वा — बताएर, इति — यसो, उवाच अपि — भनेका पनि थिए, यः — जुनकुनैले, एनम्—यस मन्थलाई, शुष्के—सुकेका, स्थाणौ—ठुटामा, निषिञ्चेत् — छिट्ला त, शाखाः — हाँगाहरू, जायेरन् —उब्जलान्, पलाशानि — पातहरू, प्ररोहेयुः — पलाउलान्, तम् — त्यो, एतम् — यो मन्थ-कर्म, अपुत्राय वा — पुत्रबाहेकलाई वा, अनन्तेवासिने वा — शिष्य बाहेकलाई वा, न ब्रूयात् — नबताओस् ।

वाक्यार्थ — अघि भएको कुरा हो– यै मन्थकर्म जबालाका छोरा सत्यकामले शिष्यहरूलाई कृपापूर्वक बताएथे र यसो पनि भनेथे–कसैले यस मन्थलाई सुकेका ठुटामा छिटिदियो भने पनि त्यसमा हाँगा उब्जन्छन् र पात पलाउँछन् । यथोक्त कामना सिद्ध होओइन भन्ने त के कुरा ! त्यस्तो यो मन्थ-कर्म छोराबाहेक वा शिष्यबाहेक जो कोहीलाई उपदेश नगर्नू ।

मन्थकर्मका सामग्रीको विवरण

चतुरौदुम्बरो भवत्यौदुम्बरः स्रुव औदुम्बरश्चमस औदुम्बर इध्म औदुम्बर्या उपमन्थन्यौ दश ग्राम्याणि धान्यानि भवन्ति व्रीहियवास्तिलमाषा अणु प्रियङ्गवो गोधूमाश्च मसूराश्च खल्वाश्च खलकुलाश्च तान्पिष्टान्दधनि मधुनि घृत उपसिञ्चत्याज्यस्य जुहोति ॥ १३ ॥

पदार्थ—(यो मन्थकर्म) चतुरौदुम्बर—चार ओटा डुम्रीका चीज भएको, भवति — हुन्छ, औदुम्बरः — डुम्रीको, स्रुवः — खोपिल्टो भएको सुरो, औदुम्बरः — डुम्रीले बनेको, चमसः — पानपात्र, औदुम्बरः — डुम्रीको, इध्मः — समिधा, (र) औदुम्बर्यौ — डुम्रीले बनेका, उपमन्थन्यौ — दुइ ओटा मथ्ने मधानी हुन्छन्, दश — दश ओटा, ग्राम्याणि—गाउँमा हुने, धान्यानि—अनाजहरू, भवन्ति — हुन्छन्, (के के?) व्रीहियवाः—धान र जौ, तिलमाषाः—तिल र मास, अणुप्रियङ्गवः — सामा र कागुनु, गोधूमाः — गहुँ, च — र, मसूराः — मसुरो, च — र, खल्वाः — व्राल (बोडी), च — र, खलकुलाः — गहत, च — पनि हुन्छन्, तान् — तिनीहरूलाई, पिष्ठान् — पीठो, (बनाएर) दधनि — दहीमा, मधुनि — महमा, घृते — घिउमा, उपसिञ्चति — मिलाउँदछ, (र) आज्यस्य — घिउले, जुहोति — हवन गर्दछ ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — यो मन्थकर्म चार ओटा डुम्रीका चीज भएको हुन्छ । जस्तैः– खोपिल्टो भएको सुरो, पिउने पात्र, समिधा अनि दुइ मधानी तथा दश थरी गाउँमा उब्जने अन्नहरू हुन्छन् । जस्तैः–धान, जौ, तिल, मास, सामा, कागुनु, गहुँ, मसुरो, बोडी र गहत । यति कुरालाई पिंधेर त्यो पीठो दही, मह, घिउमा मिलाई घिउका साथ हवन गर्दछन् ।

टिप्पणी — यी यहाँ भनिएका चीजबाहेक जो मिलेका सर्वौषधिहरू र यज्ञमा वर्जित नगरिएका फलहरू पनि मन्थमा पर्दछन् ।

छैटौं अध्यायको तेस्रो श्रीमन्थ ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ ब्राह्मण

सन्तानोत्पत्ति-विज्ञान अथवा पुत्रमन्थकर्म

संबन्ध—जस्तो जन्म भएको, जसरी उत्पन्न गरिएको, जुन गुणले युक्त भएको छोरो आफ्नो र बाबुको समेत परलोकमा हित गर्ने हुन्छ, त्यस्ता छोराको उत्पत्ति कसरी हुन्छ, यो बताउनाका निमित्त चतुर्थ ब्राह्मण आरम्भ गरिन्छ ।

जब पुरुष पुत्रमन्थकर्म गर्न खोज्दछ तब श्रीमन्थकर्म गरेर पत्नीको ऋतु-कालको प्रतीक्षा गर्दछ भन्ने कुरा 'वीर्य-अनाज आदि पदार्थको सारतम वस्तु हो' भनी प्रशंसा गरेबाट ज्ञात हुन्छ । जस्तैः—

एषां वै भूतानां पृथिवी रसः पृथिव्या आपोऽपामोषधय ओषधीनां पुष्पाणि पुष्पाणां फलानि फलानां पुरुषः पुरुषस्य रेतः ॥ १ ॥

पदार्थ — एषाम् — यी, भूतानाम् — चराचरको, पृथिवी — पृथिवी, रसः —सार हो, पृथिव्याः — पृथ्वीको, आपः — पानी (सार हो), अपाम् — पानीको, ओषधयः — धान्यहरू, (सार हुन्), ओषधीनाम् — धान्यहरूको, पुष्पाणि — फूलहरू (सार हुन्), पुष्पाणाम् — फूलहरूका, फलानि — फलहरू (सार हुन्) , फलानाम् — फलहरूको, पुरुषः — पुरुष (सार हो), पुरुषस्य — पुरुषको, रेतः — वीर्य (सार हो) ।

वाक्यार्थ — यी सब चर-अचरको पृथ्वी सार हो, पृथ्वीको पानी सार हो, पानीको धान्यहरू सार हुन्, धान्यहरूका फूलहरू सार हुन्, फूलहरूका फलहरू सार हुन्, फलहरूको पुरुष सार हो, पुरुषको वीर्य सार हो ।

सम्बन्ध — जब वीर्य यस्तो सारतम वस्तु छ, तब यसलाई राख्न योग्य पात्र कुन होला ! भनी—

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स ह प्रजापतिरीक्षाञ्चक्रे हन्तास्मै प्रतिष्ठां कल्पयानीति स स्त्रियꣳससृजे ताꣳ सृष्ट्वाऽध उपास्त तस्मात्स्त्रियमध उपासीत स एतं प्राञ्चं ग्रावाणमात्मन एव समुदपारयत्तेनैनामभ्यसृजत् ॥ २ ॥

पदार्थ — सः — ती, ह — प्रसिद्ध, प्रजापतिः — प्रजापतिले, ईक्षाञ्चक्रे — विचार गरे, हन्त — आहा, अस्यै — यस वीर्यका निमित्त, प्रतिष्ठाम् — आधार-भूमि, कल्पयानि — रचूँ, इति — यस्तो सोचेर, सः — तीं प्रजापतिले, स्त्रियम् — स्त्रीलाई, ससृजे — सिर्जे, ताम् — त्यो स्त्रीलाई, सृष्ट्वा — सिर्जेर, अधः — मनितिरको भागलाई, उपास्त — सेवन गरे, (मैथुन-कर्म गरे), तस्मात् — त्यस कारण, स्त्रियम् — स्त्रीलाई, अधः — मनितिरको भागमा, उपासीत — सेवन गर्नू, सः — ती प्रजापतिले, आत्मनः एव — आफ्नै, एतम् — यो, प्राञ्चम् — गतिशील, ग्रावाणम् — लोहोरो जस्तो जननेन्द्रियलाई, समुदपारयत् — स्त्रीको योनितर्फ प्रेरित गरे, तेन — त्यसद्वारा, एनाम् — यो स्त्रीसँग, अभ्यसृजत — संसर्ग गरे ।

वाक्यार्थ — ती प्रसिद्ध प्रजापतिले विचार गरे कि, 'अहा ! यस्तो सारतम वस्तुको निमित्त म आधारभूमि रचूँ' यस्तो सोचेर स्त्रीलाई सिर्जे । त्यसलाई सिर्जेर त्यसका अधोभागको उपासना गरे अर्थात् मैथुन-कर्म गरे । यस कारण स्त्रीलाई अधोभागमा सेवन गर्नू । ती प्रजापतिले आफ्नो जननेन्द्रियलाई स्त्रीको योनितर्फ प्रेरित गरे— त्यसद्वारा स्त्रीसँग संसर्ग गरे ।

टिप्पणी — सृष्टि-कार्यमा यस क्रियाको अत्यन्त आवश्यकता छ । भोग-बुद्धिले नभएर यदि केवल उत्तम सन्तानोत्पादनका निमित्त यो क्रिया हुन्छ भने त्यो धर्म-संमत छ र आवश्यक पनि छ । यस क्रियामा प्राणीमात्रको प्रवृत्ति छ । यो प्रवृत्ति संयमित होस्, भोगार्थ नभएर केवल सन्तानोत्पादनार्थ होस्, पुरुषको स्वेच्छाचारिता र असंयमको निरोध होस्, शुभ एवं श्रेष्ठ सन्तानोत्पादनका विज्ञानसँग मानिस परिचित हुन्, यो मनुष्यलाई पतन गर्ने पाशविक क्रिया मात्र नरहेर लोक-कल्याण-कारी नररत्नहरूको उत्पादन तथा निर्माणमा सफल साधन होस् । यसैका निमित्त शास्त्रमा यस विषयको स्पष्ट विधान गरिएको छ । जगत्का प्रातःस्मरणीय महान् पुरुषहरूको उत्पत्तिमा यै विज्ञान साधनस्वरूप रहेको छ । अत एव यसलाई जानेर नै प्रत्येक पुरुष यसद्वारा विश्व-कल्याणमा सहायक हुन सक्तछ । अवश्य नै यो विज्ञान उनैका निमित्त हो, जो प्रजोत्पादनका योग्य गृहस्थ आश्रममा तथा तरुण

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवस्थामा छन् । ब्रह्मचारी, वानप्रस्थ, यति एवं बाल-वृद्धहरूका निमित्त अथवा संसारबाट सर्वथा विरक्त पुरुषका निमित्त यो विषय त्याज्य छ। यो विज्ञानको प्रतिपादनमा ती वाक्य अथवा शब्द आउनु अनिवार्य छ, जो अश्लील सम्झिन्छन्; किनभने यहाँ त्यै कुरा बुझाउनु छ। अत एव यस प्रसङ्गमा पाठकहरू यै दृष्टिले यसलाई पढून् र विचार गरून् ।

संबन्ध — वैध मैथुन-क्रियालाई वाजपेय यज्ञको समानता दिई प्रशंसा गरिन्छ ।

तस्या वेदिरुपस्थो लोमानि बर्हिश्चर्माधिषवणे समिद्धो मध्यतस्तौ मुष्कौ स यावान् ह वै वाजपेयेन यजमानस्य लोको भवति तावानस्य लोको भवति य एवं विद्वानधोपहासं चरत्यासाꣳस्त्रीणाꣳसुकृतं वृङ्क्तेऽथ य इदमविद्वानधोपहासं चरत्यस्य स्त्रियः सुकृतं वृञ्जते ॥ ३ ॥

पदार्थ — तस्याः — त्यस स्त्रीको, उपस्थः — गुप्तेन्द्रिय, वेदिः — वेदि हो, लोमानि — रौंहरू, बर्हिः — कुश हुन्, मध्यतः — योनिको मध्यभाग, समिद्धः — अग्नि हो, तौ — ती, मुष्कौ — योनिका पार्श्वभागका मांसखण्ड, चर्माधिषवणे — 'अधिषवण' नामक चर्ममय सोमफलक हुन्, वाजपेयेन — वाजपेय यज्ञले, यजमानस्य — यजमानलाई, सः — त्यो, यावान् — जति, लोकः — लोक, ह वै — निश्चयले, भवति — हुन्छ, तावान् — त्यति, अस्य — यो मैथुन-विज्ञान जान्नेका मैथुन-क्रियाको, लोकः — फल, भवति — हुन्छ, यः — जो, एवम् — यस्तो मैथुन-विज्ञान, विद्वान् — जान्ने भैकन, अधोपहासम् — मैथुन-क्रिया, चरति — गर्दछ, (त्यो) आसाम् — यी, स्त्रीणाम् — स्त्रीहरूको, सुकृतम् — पुण्य, वृङ्क्ते — खिच्तछ, अथ — अर्को कुरा, यः — जो, इदम् — यो मैथुन-विज्ञान, अविद्वान् — नजानीकन, अधोपहासम् — मैथुन-क्रिया, चरति — गर्दछ, अस्य — त्यसको, सुकृतम् — पुण्य, स्त्रियः — स्त्रीहरू, आवृञ्जते — खिच्तछन् ।

वाक्यार्थ — स्त्रीको गुप्तेन्द्रिय वेदि हो, रौंहरू कुश हुन्, योनिको मध्यभाग अग्नि हो, अगल-वगलका मांस-खण्ड 'अधिषणव' भनिने चर्ममय सोमरसको फल हो, वाजपेय यज्ञले यजमानलाई जति लोक (फल) हुने हो, उति नै मैथुन-विज्ञान जान्नेका मैथुन-क्रियाको हुन्छ। जो यो कुरा जानेर मैथुन-क्रिया गर्दछ त्यो स्त्रीहरूको पुण्य आफूतर्फ खिच्तछ, जो उक्त विज्ञान नजानीकन मैथुन-क्रिया गर्दछ त्यसको पुण्य स्त्रीहरूले खिच्तछन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतद्ध स्म वै तद्विद्वानुद्दालक आरुणिराहैतद्ध स्म वै तद्विद्वान्नाको मौद्गल्य आहैतद्ध स्म वै तद्विद्वान्कुमार हारित आह बहवो मर्या ब्राह्मणायना निरिन्द्रिया विसुकृतोऽस्माल्लोकात्प्रयन्ति य इदमविद्वाꣳसोऽधोपहासं चरन्तीति बहु वा इदꣳसुप्तस्य वा जाग्रतो वा रेतः स्कन्दति ॥ ४ ॥

पदार्थ — एतद् — यो, तद् — त्यो मैथुन-कर्म वाजपेय फल-युक्त छ भनी, ह वै — निश्चयसाथ, विद्वान् —जान्ने, आरुणिः—अरुणका छोरा, उद्दालकः— उद्दालकले, इति — यसो, आह स्म — भनेथे, एतद् — यो, तद् — त्यो मैथुन-कर्म वाजपेय फल-युक्त छ भनी, ह वै—निश्चयले, विद्वान्—जान्ने, मौद्गल्यः— मुद्गलका पुत्र, नाकः — नाकले, इति — यसो, आह स्म — भनेथे, एतद् — यो, तद् — त्यो मैथुन-कर्म , वाजपेय फलयुक्त छ भनी, ह वै—निश्चयसाथ, विद्वान्— जान्ने, कुमारहारितः — कुमारहारितले, इति — यसो, आह स्म — भनेथे, बहवः — धेरै, मर्या — मरणधर्मी, ब्राह्मणायनाः — ब्राह्मणका सन्तान (जात-मात्रले जीवन-वृत्ति गर्ने) निरिन्द्रियाः — इन्द्रियवृत्ति छरिएका, विसुकृतः — पुण्यकर्म-रहित अर्थात् विनाविधिज्ञान रतिमा आसक्तहरू, अस्मात् — त्यो, परलोकात् — परलोकबाट, प्रयन्ति — भ्रष्ट हुन्छन्, ये —जो, इदम् — यो मैथुन-विज्ञान, अविद्वांसः — नजानीकन, अधोपहासम् — मैथुन-कर्म, चरन्ति — गर्दछन्, यदि — यदि, इदम् — यो, रेतः — वीर्य, बहु — धेरै, वा — अथवा, (अल्पम्) — थोरै, सुप्तस्य — सुतेकाको, वा — अथवा, जाग्रतः — जागाको, स्कन्दति— गिर्दछ, (त त्यसले लगत्तै अब कहिने प्रायश्चित्त गर्नू ?)

वाक्यार्थ —त्यै मैथुन-कर्म वाजपेय फल-युक्त छ भनी निश्चयसाथ जान्ने अरुणका छोरा उद्दालक, मुद्गलका छोरा नाक र कुमारहारितले निश्चयले भनेथे— मरणधर्मी ब्राह्मणका सन्तान (जातिले मात्र जीवनवृत्ति गर्ने) इन्द्रियवृत्ति छरिएका पुण्यकर्मरहित अर्थात् रतिमा आसक्त जनहरू धेरै नै परलोकबाट भ्रष्ट हुन्छन्, जो यो मैथुन-विज्ञान नजानीकन मैथुन-क्रिया गर्दछन्, सुतेका वा जागा मानिसको यदि धेरै वा थोरै वीर्य स्खलित हुन्छ भने यो कहिने प्रायश्चित्त गर्नू ?

तदभिमृशेदनु वा मन्त्रयेत यन्मेऽद्य रेतः पृथिवीमस्कान्त्सीद्यदोषधीरप्यसरद्य-दप इदमहं तद्रेत आददे पुनर्मामैत्विन्द्रियं पुनस्तेजः पुनर्भगः पुनरग्निर्धिष्ण्या यथा-स्थानं कल्पन्तामित्यनामिकांगुष्ठाभ्यामादायान्तरेण स्तनौ वा भ्रुवौ वा निमृज्यात् ॥ ५ ॥

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदार्थ — तद् — त्यो वीर्यलाई, अभिमृशेत्— स्पर्श गरोस् र, अनुमन्त्रयेत्— मन्त्रोस्, यद् — जो, अद्य — आज, मे — मेरो, रेतः — वीर्य, पृथिवीम् — भुईमा, अस्कान्त्सीत् — गिऱ्यो, यद् — जो, ओषधीः — धान्यहरूमा, अप्यसरत् — गिऱ्यो, यद् — जो, अपः — पानीमा, अप्यसरत् — गिऱ्यो, तद् — त्यो, एतद् — यो, रेतः — वीर्य, अहम् — म, आददे — लिन्छु, माम् — मलाई, पुनः— फेरि, इन्द्रियम् — इन्द्रियशक्ति, एतु — आओस्, पुनः — फेरि, तेजः— तेज, (र) पुनः — फेरि, भगः — भाग्य, एतु — आओस्, पुनः — फेरि, अग्निर्धिष्ण्याः — अग्नि-स्थान भएका देवताहरू, तत् — त्यो वीर्य, यथास्थानम् — ठाउँअनुसार, कल्पन्ताम् — राखिदिऊन्, इति — यसो भनेर, अनामिकाङ्गुष्ठाभ्याम्— साहिंली औंला र बूढी औंलाले, अदाय—लिएर, स्तनौ–दुइ स्तनका, अन्तरेण — बीचमा, वा — अथवा, भ्रुवौ — दुइ आँखीभौंका, अन्तरेण — बीचमा, निमृज्यात् — लगाओस् ।

वाक्यार्थ — त्यो स्खलित भएको वीर्यलाई स्पर्श गर्नू र 'यन्मेद्य' देखि 'आददे' सम्मका मन्त्रले मन्त्रनू । मन्त्रको अर्थ छ–'आज जो मेरो वीर्य स्खलित भएर भैंमा गिऱ्यो, जो पहिले कहिल्यै अनाजमा पऱ्यो, तथा जो पानीमा पऱ्यो, त्यै यो वीर्य म ग्रहण गर्दछु ।' अनि त्यो वीर्य साहिंली औंला र बूढी औंलाले लिएर 'पुनर्मामेतु' देखि 'कल्पन्ताम्' सम्मको मन्त्र पढेर दुइ स्तनका बीचमा अथवा दुइ आखीभौंका बीचमा लगाउनू । मन्त्रको अर्थ छ–मलाई इन्द्रिय-शक्ति, कान्ति र भाग्य फेरि आऊन्, अग्निमा रहने देवताहरूले त्यो वीर्य फेरि ठाउँअनुसार राखिदिऊन् ।

अथ यद्युदक आत्मानं पश्येत्तदभिमन्त्रयेत मयि तेज इन्द्रियं यशो द्रविणꣳ सुकृतमिति श्रीर्ह वा एषां स्त्रीणां यन्मलोद्वासास्तस्मान्मलोद्वाससं यशस्विनीमभिक्रम्योपमन्त्रयेत ॥ ६ ॥

पदार्थ — यदि — यदि, उदके — वीर्य-पतन भएका पानीमा, आत्मानम् — आफूलाई, पश्येत् — देख्ला त, तत — त्यो पानीलाई, इति — यस मन्त्रले, अभिमन्त्रयेत — मन्त्रोस्, (देवताहरूले) मयि — ममा, तेजः — कान्ति, इन्द्रियम् — इन्द्रिय-शक्ति, यशः — यश, द्रविणम् — धन, सुकृतम् — सत्कर्म (राखिदिऊन्), (अब ऋतुमती स्त्रीको प्रशंसा) एषा — यो स्त्री, ह वै— निस्सै, श्रीः — लक्ष्मी हो, यत् — यस कारणले कि, मलोद्वासाः — स्पष्ट रजवाला वस्त्र

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएकी छ, तस्मात् — त्यस कारण, मलोद्धाससम् — स्पष्ट रजवाला वस्त्र भएकी, यशस्विनीम् — पुत्रवती कहलाउने हुनाले यश भएकी पत्नीसँग, अभिक्रम्य — गएर , उपमन्त्रयेत — पुत्रोत्पादन गर्ने विषयमा सल्लाह गरोस् ।

वाक्यार्थ — यदि वीर्य-पतन भएका पानीमा आफ्नो छाया देख्ला त त्यस पानीलाई 'मयि तेजः' देखि 'सुकृतम्' सम्मका मन्त्रले मन्त्रनू । मन्त्रार्थ छ–देवता-हरूले ममा कान्ति, इन्द्रिय-शक्ति, यश र धन तथा सत्कर्म राखिदिऊन् । (ऋतुमती स्त्रीलाई यसरी प्रशंसा गर्नू) 'यो स्त्रीहरूमा निस्सै लक्ष्मी हो, किनभने, रजको दाग स्पष्ट भएको वस्त्र लगाएकी छ, अनि चौथा दिनको स्नान गरेकी त्यस्ती पत्नीसँग गएर राय गर्नू–'आज तिमीले र मैले यो काम गर्नु छ जसबाट पुत्रोत्पादन हुन्छ ।'

सा चेदस्मै न दध्यात्काममेनामवक्रीणीयात् सा चेदस्मै नैव दद्यात्काममेनां यष्ट्या वा पाणिनावोपहत्यातिक्रामेदिन्द्रियेण ते यशसा यश आदद इत्ययशा एव भवति ॥ ७ ॥

पदार्थ — सा — त्यस पत्नीले, अस्मै — यस पुरुषलाई, न दद्यात् चेत् — संभोग दिइन भने, एनाम्—यसलाई, कामम्—इच्छानुसार, अवक्रीणीयात्— गहना-कपडा दिएर अनुकूल बनाओस्, सा — त्यसले, अस्मै — यसलाई, न एव चेत् दद्यात् — दिंदै दिइन भने, एनाम् — यसलाई, कामम् — इच्छानुसार यष्ट्या — छडीले, वा — अथवा, पाणिना — हातले, उपहत्य — हान्ने डर देखाएर, अतिक्रामेत्—बलपूर्वक संगम गरोस्, (तैपनि संभव नभएमा) यशसा— यशरूपी , इन्द्रियेण — इन्द्रियले, ते — तेरो, यशः — यश, आददे — लिइदिन्छु, अर्थात् शरापले तँलाई अभागिनी बनाइदिन्छु, इति — यसो, (भनी संगम गर्न प्रयत्न गर्नू, त्यति गर्दा पनि सहमत भइन भने, त्यो) अयशाः — अभागिनी, एव — नै, भवति — हुन्छे ।

व्याक्यार्थ—पत्नीले पुरुषलाई संभोग दिइन भने त्यसलाई गहना कपडाहरूले अनुकूल बनाउनू । तैपनि दिइन भने त्यसलाई इच्छानुसार छडीले वा हातले हान्ने डर देखाई बलपूर्वक संगम गर्नू । तै पनि संभव नभएमा मेरा यशरूपी इन्द्रियले तेरो यश लिइदिन्छु अर्थात् शरापेर अभागिनी बनाइदिन्छु भनी डराउन दिएर संभोग गर्न प्रयत्न गर्नू । त्यति गर्दा पनि सहमत नभएमा त्यो अवश्य बाँझी 'अभागिनी' कहलाउने अबजसे हुन्छे ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सा चेदस्मै दद्यादिन्द्रियेण ते यशसा यश आदधामीति यशस्विनावेव भवतः ॥ ८ ॥

पदार्थ — साः — त्यस स्त्रीले, अस्मै — यस पतिलाई, दद्यात् — मैथुनको अवसर दिई भने, इति — यसो, (भन्नू–) यशसा — यशरूपी, इन्द्रियेण — इन्द्रियले, ते—तिमीमा, यशः — यश, आदधामि — राखिदिन्छु, (अनि ती दुइ) यशस्विनौ एव — जसिला नै, भवतः — हुन्छन् ।

वाक्यार्थ — पत्नीले पतिलाई मैथुनको अवसर दिई भने यसरी आशीर्वाद दिनु—'म आफ्नो यशरूपी इन्द्रियले तिमीमा यश राखिदिन्छु ।' अनि ती दुवै जोसिला हुन्छन् ।

स यामिच्छेत्कामयेत मेति तस्यामर्थं निष्ठाय मुखेन मुखꣳसंधायोपस्थमस्या अभिमृश्य जपेत् – अङ्गादङ्गात्संभवसि हृदयादधिजायसे । स त्वमङ्गकषायोऽसि दिग्धविद्धामिव मादयेमाममूं मयीति ॥ ९ ॥

पदार्थ — सः — त्यस पुरुषले, यम् — जुन् आफ्नी पत्नीलाई, मा — मलाई, कामयेत इति—हृदयैदेखि चाहोस् भनी, इच्छेत्—इच्छा गर्ला, तस्याम्—त्यसका योनिमा, अर्थम् — —जननेन्द्रिय, निष्ठाय — राखेर, मुखेन — पत्नीका मुखसँग, मुखम् — आफ्नो मुख, संधाय — जोडेर, अस्याः — यस पत्नीको, उपस्थम् — नाभिस्थाननिरको पेटलाई, अभिमृश्य — छोएर, इति — यो, 'अङ्गात्' देखि 'मयि' सम्मको मन्त्र, जपेत् — जप्नू, (त्यसको अर्थ छ–) (हे वीर्य ! तँ) अङ्गात् अङ्गात् — हरएक अङ्गबाट, संभवसि — प्रकट हुन्छस्, (विशेषतः) हृदयात् — हृदयबाट (नाडीद्वारा) अधिजायसे — प्रादुर्भूत हुन्छस्, सः — त्यो, त्वम् — तँ, अङ्गकषायः — अङ्गको रस होस्, अमूम् — यस भार्यालाई, मयि— ममा, दिग्धविद्धाम् इव — विषालु बाण लाएर मूछित भएकी हरिणी जस्तै, मादय — लठ्ठ (अधीन) बनाइदे ।

वाक्यार्थ — पुरुषले जुन आफ्नी पत्नीलाई 'यो मप्रति दिलैदेखि कामना गर्ने होस्' भन्ने चाहला, त्यस स्त्रीका योनिमा जननेन्द्रिय राखेर उसको मुखसँग आफ्नो मुख जोडेर, त्यसका नाभिमनिका पेटमा स्पर्श गरी यो 'अङ्गादङ्गात्'

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखि 'मयि' सम्मको मन्त्र पढोस् । मन्त्रको अर्थ छ–हे वीर्य ! तँ हरएक अङ्गबाट प्रकट हुन्छस्, विशेष गरेर हृदयबाट नाडीद्वारा प्रादुर्भूत हुन्छस्, तँ अङ्गहरूको रस होस्, तँ यस स्त्रीलाई विषालु बाण लागेर लठ्ठिएकी हरिणी जस्तै मप्रति लठ्ठिएकी बनाइदे ।

अथ यामिच्छेन्न गर्भं दधीतेति तस्यामर्थं निष्ठाय मुखेन मुखꣳसंधायाभिप्राण्यापान्यादिन्द्रियेण ते रेतसा रेत आदद इत्यरेता एव भवति ॥ १० ॥

पदार्थ — अथ — अर्को कुरा–(पुरुष), याम् — जुन (भार्या) लाई, गर्भम् — गर्भ, न दधीत इति — धारण नगरोस् भनी, इच्छेत् — इच्छा गर्ला, तस्याम् — त्यसका योनिमा, अर्थम् — जननेन्द्रिय, निष्ठाय — राखेर, मुखेन उसका मुखसँग, मुखम् — मुख, संधाय — जोडेर, अभिप्राण्य — अभिप्राणन गरेर, इति — यस 'इन्द्रियेण' देखि 'आददे' सम्मका मन्त्रले, अपान्यान् — अपानन गरोस्, (मन्त्रार्थ छ–) इन्द्रियेण — इन्द्रियस्वरूप, रेतसा — वीर्यले, ते — तिम्रो, रेतः — शोणितरूप वीर्य, आददे — ग्रहण गर्दछु, इति — यसो गरेमा (स्त्री) अरेताः एव — वीर्यरहित नै, भवति — हुन्छे अर्थात् गर्भवती हुन्न ।

वाक्यार्थ — अर्को कुरा–पुरुष स्त्रीलाई गर्भधारण नगरोस् भन्ने चाहन्छ भने त्यसका योनिमा जननेन्द्रिय राखी उसका मुखमा आफ्नो मुख मिलाएर अभिप्राणन गरी 'इन्द्रियेण' देखि 'आददे' सम्मको मन्त्र भनोस् । मन्त्रको अर्थ छ–इन्द्रियस्वरूप वीर्यले तिम्रो शोणितरूप वीर्यलाई खिच्तछु । यसो गरेमा त्यो स्त्री वीर्यहीन हुन्छे, अर्थात् गर्भवती हुन्न ।

टिप्पणी–पुरुष आफ्नो जननेन्द्रियद्वारा स्त्रीका योनिमा जो वायु प्रविष्ट गर्दछ, त्यसलाई 'अभिप्राणन' कर्म भन्दछन् । अनि त्यो जो जननेन्द्रियलाई बाहिर निकाल्दा त्यस वायुलाई पनि बाहिर निकाल्दछ, त्यस क्रियालाई 'अपानन' भन्दछन् ।

अथ यामिच्छेद्दधीतेति तस्यामर्थं निष्ठाय मुखेन मुखꣳसंधायापान्याभिप्राण्यादिन्द्रियेण ते रेतसा रेत आदधामीति गर्भिण्येव भवति ॥ ११ ॥

पदार्थ — अथ — अर्को कुरा, (पुरुष) याम् — जुन (भार्या) लाई,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्भम्— गर्भ, दधीत इति—धारण गरोस् भन्ने, इच्छेत्— इच्छा गर्ला, तस्याम्— त्यसका योनिमा, अर्थम् — जननेन्द्रिय, निष्ठाय — राखेर, मुखेन — स्त्रीका मुखसँग, मुखम् — मुख, संधाय — जोडेर, अपान्य — पहिले अपाननकर्म गरेर, इति — यस 'इन्द्रियेण' देखि 'आदधामि' सम्मको मन्त्रले, अभिप्राण्यात् — अभिप्राणन गरोस्, मन्त्रको अर्थ छ–इन्द्रियेण — इन्द्रियस्वरूप, रेतसा — वीर्यले, ते — तिम्रो, रेतः — वीर्य, आदधामि — राख्तछु, इति — यसो गरेमा, गर्भिणी एव — गर्भवती नै, भवति— हुन्छे ।

वाक्यार्थ — अर्को कुरा पुरुष जुन भार्यालाई गर्भधारण गरोस् भन्ने चाहन्छ, त्यस स्त्रीका योनिमा जननेन्द्रिय राखेर उसका मुखसँग आफ्नो मुख जोडेर पहिले अपानन गरेर पछिबाट 'इन्द्रियेण' देखि 'आदधामि' सम्मका मन्त्रले अभिप्राणन गरोस्, मन्त्रार्थ छ–'इन्द्रियस्वरूप वीर्यले तिम्रो वीर्य राख्तछु ।' यसो गरेमा स्त्री गर्भवती नै हुन्छे ।

अथ यस्य जायायै जारः स्यात्तं चेद् द्विष्यादमपात्रेऽग्निमुपसमाधाय प्रतिलोमꣳ शरबर्हिस्तीर्त्वा तस्मिन्नेताः शरभृष्टीः प्रतिलोमाः सर्पिषाक्ताः जुहुयान्मम समिद्धेऽहौषीः प्राणापानौ त आददेऽसाविति मम समिद्धेऽहौषीः पुत्रपशूꣳस्त आददेऽसाविति मम समिद्धेऽहौषीरिष्टापूर्तं ते आददेऽसाविति मम समिद्धेऽहौषीराशापराकाशौ त आददेऽसाविति स वा एष निरिन्द्रियो विसुकृतोऽस्माल्लोकात्प्रैति यमेवं विद्वाह्मणः शपति तस्मादेवंविच्छोत्रियस्य दारेण नोपहासमिच्छेदुत ह्येवंवित्परो भवति ॥ १२ ॥

पदार्थ — अथ — अर्को कुरा, यस्य — जुन विद्वान्की, जायायै —भार्याको, जारः — जार, स्यात् — होला (र) तम् — त्यसलाई, द्विष्यात् चेत् —द्वेष गर्ला (र दण्ड दिन चाहला त) आमपात्रे — माटाका काँचो भाँडामा, अग्निम् — अग्निलाई, उपसमाधाय — भूसंस्कारपूर्वक स्थापन गरेर, शरबर्हिः — बाणरूप कुश, प्रतिलोमम् — उल्टा किसिमले अर्थात् दक्षिण-तिरबाट पश्चिमतिर टुप्पा पारी, स्तीर्त्वा — बिछ्याएर, तस्मिन् — त्यस अग्निमा, सर्पिषाक्ताः — घिउले भिजेका, एताः — यी, प्रतिलोमाः — उल्टा किसिमले, राखिएका, शरभृष्टीः — निगालाका बाणाकार कप्टेरा, इति — यस 'मम' देखि 'असौ' सम्मका मन्त्रले,— जुहुयात् — हवन गरोस्, (मन्त्रको अर्थ छ–) मम — मेरा, समिद्धे — (यौवन आदिले बलेकी मेरी पत्नीरूप) अग्निमा,

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अहौषीः — वीर्य होमिस्, (अतः म) ते — तेरा, प्राणापानौ— प्राण र अपानलाई, आददे — लिन्छु, असौ — फलानो (मम शत्रुः) — मेरो शत्रु हो, मम— मेरा, समिद्धे — (यौवनादिले बलेकी पत्नीरूप) अग्निमा, अहौषीः — वीर्य होमिस्, (अतः म) ते — तेरा, पुत्रपशून् — छोरा र वस्तु-भाउहरू, आददे— लिन्छु, असौ — फलानो (मेरो शत्रु हो) , मम — मेरो, समिद्धे — (यौवन आदिले बलेकी मेरी पत्नीरूप) अग्निमा, अहौषीः — वीर्य होमिस्, (अतः म) ते — तेरा, इष्टापुक्ते — यज्ञ र पुण्य, आददे — लिन्छु, असौ — फलानो (मेरो शत्रु हो), मम — मेरा, समिद्धे — (यौवनादिले बलेकी मेरो पत्नीरूप) अग्निमा, अहौषीः— वीर्य होमिस्, (अतः म) ते — तेरा, आशापराकाशे — प्रार्थना र प्रतिज्ञा पूर्तिको प्रतीक्षा, आददे — लिन्छु, (यति गरेमा) सः — त्यो जारी गर्ने, एषः — यो, वै — अवश्य, निरिन्द्रियः — इन्द्रिय-शक्तिले रहित, विसुकृतः — पुण्यहीन, (भएर) अस्मात्— यस, लोकात् — लोकदेखि, प्रैति — मरेर जान्छ, यम् — जसलाई, एवंविद् — यस्तो, अभिचार कर्म जान्ने, ब्राह्मणः — ब्राह्मण, शपति — सराप्छ, तस्मात् — त्यस कारण, एवंविच्छ्रोत्रियस्य — यस्तो कर्म जान्ने वेदज्ञकी, दारेण — भार्यासँग, उपहासम् — ठट्टा गर्ने काम, (पनि) न इच्छेत् — नचाहोस्, (संगमको त के कुरा ?) उत हि — किनभने, एवंवित् — यस्तो अभिचारकर्म जान्ने विद्वान् (पनि), परः — शत्रु, भवति — हुन्छ ।

वाक्यार्थ — अब अर्को कुरा–पुरुष आफ्नी भार्याको कोही जार छ र त्यसलाई दण्ड दिन चाहन्छ भने माटाको काँचो भाँडामा भूसंस्कारपूर्वक अग्निस्थापन गरेर वाणरूप कुश उल्टा किसिमले अर्थात् दक्षिणतिर वा पश्चिमतिर टुप्पा पारी बिछ्याएर त्यस अग्निमा 'मम' देखि 'असौ' सम्मका पृथक् पृथक् मन्त्र पढ्दै घिउले भिजाई उल्टा किसिमले राखिएका निगालाका वाणाकार कप्टेराको चार आहुति दिनू । तिनको अर्थ यस प्रकार छ–(१) फलाना ! यौवन आदिले बलेकी मेरी पत्नीरूप अग्निमा वीर्य होमिस्, अतः म तेरा प्राण र अपान हरण गर्छु । (२) फलाना ! यौवन आदिले बलेकी मेरी पत्नीरूप अग्निमा वीर्य होमिस्, अतः म तेरा छोरा र वस्तु-भाउहरू हरण गर्दछु । (३) फलाना ! यौवन आदिले बलेकी मेरी पत्नीरूप अग्निमा वीर्य होमिस, अतः म तेरा यज्ञ र पुण्य हरण गर्दछु । (४) फलाना ! यौवन आदिले बलेकी मेरी पत्नीरूप अग्निमा वीर्य होमिस्, अतः म तेरा प्रार्थना र प्रतीज्ञा पूर्तिका प्रतिक्षा हरण गर्छु । यति गरेपछि त्यो जार अवश्य नै इन्द्रियशक्तिरहित र पुण्यहीन भएर यस लोकबाट चल्दछ, जसलाई यस्तो अभिचार-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्म जान्ने ब्राह्मण सराप्छ । त्यस कारण यस्तो कर्म जान्ने वेदज्ञकी भार्यासँग ठट्टा गर्न पनि न चाहोस्, संगमको त कुरै पर छ । किनभने यस्तो अभिचार कर्म जान्ने विद्वान् पनि शत्रु हुन आउँछ ।

अथ यस्य जायामार्त्तवं विन्देत्यहं कंस्येन पिवेदहतवासा नैनां वृषलो न वृषल्युपहन्यात् त्रिरान्त आप्लुत्य व्रीहीनवघातयेत् । १३ ॥

पदार्थ — अथ — अब अर्को कुरा, यस्य — जसकी, भार्याम् — भार्यामा, आर्त्तवम् — ऋतुभाव विन्देत — प्राप्त होला, (त्यसकी त्यो भार्या) त्र्यहम् — तीन अहोरात्रसम्म, कंसे — काँसका भाँडामा, न पिवेत — खाने-पिने नगरोस्, एनाम् — यसलाई, न वृषलः — न शूद्रले, न वृषली — न शूद्राले, उपहन्यात् — स्पर्श गरोस्, त्रिरान्तान्ते—तीन रात बितेपछि, आप्लुत्य— स्नान गरेर, अहतवासाः- नच्यातिएको वस्त्र धारण गरेकी, (होस्) ताम्—त्यसलाई, व्रीहीन्—धान, अवघातयेत् — कुटाओस् ।

वाक्यार्थ — भार्यालाई ऋतुअवस्था प्राप्त भयो भने त्यो तीन अहोरात्र- सम्म काँसका भाँडामा खान -पीन नगरोस् । यसलाई शूद्र-शूद्रा कसैले स्पर्श नगरोस् । तीन रात पुगेपछि स्नान गरोस् र सग्लो वस्त्र पहिरेकी होस् । त्यसलाई पतिले धान कुट्न लगाओस् ।

कामनाअनुसारका भोज्य विधान

स य इच्छेत्पुत्रो मे शुक्लो जायेत वेदमनुब्रूवीत सर्वमायुरियादिति क्षीरौदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै ॥ १४ ॥

पदार्थ — सः — त्यो, यः — जो, मे,— मेरो, पुत्रः — छोरो, शुक्लः- गोरो, जायेत — होस्, वेदम् — वेद, अनुब्रुवीत — अध्यन गरोस्, सर्वम् — समस्त, (पूरै) आयुः — जीवनकाल, इयात् — प्राप्त गरोस्, इति — यस्तो, इच्छेत् — चाहना गर्ला त (पति-पत्नी दुवैले) क्षीरौदनम् — खीर, पाच- यित्वा — पकाउन लगाएर, सर्पिष्मन्तम् — घिउसहित, अश्नीयाताम् — खाऊन्, जनयितवै — चाहेअनुसारको पैदा गर्न, ईश्वरौ — समर्थ हुनेछन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — जो 'मेरो छोरो गोरो होस्, वेद अध्यन गर्ने होस् र पूरै आयु भएको होस्' भन्ने चाहना गर्छ, त्यसका पति-पत्नी दुवैले खीर पकाउन लगाएर घिउसहित खाऊन्। चाहेअनुसारको छोरो पैदा गर्न समर्थ हुनेछन्।

अथ य इच्छेत्पुत्रो मे कपिलः पिङ्गलो जायेत द्वौ वेदावनुब्रूवीत सर्वमायुरियादिति दध्योदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै ॥ १५ ॥

पदार्थ — अथ — अनि अर्को कुरा, यः — जो, मे — मेरो, पुत्रः — छोरो कपिलः — बदामी रंगको (अथवा) पिङ्गलः — कैलो वर्णको, जायेत — होस्, द्वौ — दुइ, वेदौ — वेद, अनुब्रुवीत — अध्ययन गरोस्, (र) सर्वम् — संपूर्ण, आयुः — आयु, इयात् — पाओस्, इति — यस्तो, इच्छेत् — चाहना गर्छ भने, (त्यसका पति–पत्नी दुवैले) दध्योदनं — दही-भात पाचयित्वा — पकाउन लगाएर, सर्पिष्मन्तम् — घिउसहित, अश्नीयाताम् — खाऊन्, जनयितवै — चाहेअनुसारको जन्माउन, ईश्वरौ — समर्थ हुन्छन्।

वाक्यार्थ — जो मेरो छोरो बदामी रंगको अथवा कैलो वर्णको होस् तथा दुइ वेद पढ्ने होस् र पूरै आयु पाओस् भन्ने चाहन्छ, त्यसका पति-पत्नीले दहीभात पकाउन लगाएर घिउका साथ खाऊन्। चाहेअनुसारको छोरो पैदा गर्न समर्थ हुन्छन्।

अथ य इच्छेत्पुत्रो मे श्यामो लोहिताक्षो जायेत त्रीन्वेदाननुब्रूवीत सर्वमायुरियादित्युदौदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै ॥ १६ ॥

पदार्थ — अथ — अर्को कुरा–यः — जो, मे — मेरो, पुत्रः — छोरो, श्यामः — श्यामलो वर्णको, लोहिताक्षः — राता आँखा भएको, जायेत — होस्, (र) वेदान् — तीन वेद, अनुब्रुवीत — अध्यन गरोस्, (तथा) सर्वम् — सबै, आयुः — आयु, इयात् — प्राप्त गरोस्, इति — यस्तो, इच्छेत् — चाहला (त्यसका पति-पत्नीले) उदौदनम् — भात, पाचयित्वा — पकाउन लगाएर, सर्पिष्मन्तम् — घिउसहित, अश्नीयाताम् — खाऊन्, जनयितवै — चाहेअनुसारको छोरो जन्माउन, ईश्वरौ — समर्थ हुन्छन्।

वाक्यार्थ—जो मेरो छोरो श्याम वर्णको, राता आँखा भएको जन्मोस्, तीन

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वेद अध्यन गरोस् र पूरै (शय वर्ष) आयु प्राप्त गरोस् भन्ने चाहन्छ, त्यसका पति-पत्नी दुवैले भात पकाउन लगाएर घिउका साथ खाऊन्, चाहेअनुसारको छोरो जन्माउन समर्थ हुन्छन् ।

अथ य इच्छेदुहिता मे पण्डिता जायेत सर्वमायुरियादिति तिलौदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवै ॥ १७ ॥

पदार्थ — अथ — अर्को कुरा, यः — जो, मे — मेरी, दुहिता — छोरी, पण्डिता — विदुषी, जायेत — होस्, (तथा) सर्वम् — सबै (पूरै), आयुः — आयु, इयात् — पाओस्, इति — यस्तो, इच्छेत् — चाहला, (त्यसका पति-पत्नीले) तिलौदनम् — तिल मिसाएको भात, पाचयित्वा — पकाउन लगाएर, सर्पिष्मन्तम् — घिउसहित, अश्नीयाताम् — खाऊन्, जनयितवै — इच्छानुसारकी छोरी जन्माउन, ईश्वरौ — समर्थ हुन्छन् ।

वाक्यार्थ— अर्को कुरा–'जो मेरी छोरी विदुषी होस् तथा पूरै आयु पाओस्' भन्ने चाहन्छ त्यसका पति-पत्नीले तिल मिसाएको भात पकाउन लगाएर घिउका साथ खाऊन्, चाहेअनुसारकी छोरी जन्माउन समर्थ हुन्छन् ।

अथ य इच्छेत्पुत्रो मे पण्डितो विगीतः समितिङ्गमः शुश्रूषितां वाचं भाषिता जायेत सर्वान्वेदाननुब्रुवीत सर्वमायुरियादिति माꣳसौदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवा औक्षेण वार्षभेण वा ॥ १८ ॥

पदार्थ — अथ — अर्को कुरा, यः — जो, मे — मेरो, पुत्रः — छोरो, विगीतः — प्रख्यात, समितिङ्गमः — सभामा जाने (धृष्ट), शुश्रूषिताम् — सुन्नलायक, वाचम् — वचन, भाषिता — बोल्ने, पण्डितः — विद्वान्, जायेत — होओस्, (तथा) सर्वान् — संम्पूर्ण, वेदान् — वेदहरू, अनुब्रूवीत — अध्यन गरोस्, (एवं) सर्वम् — सबै, (पूरै शय वर्षको) आयुः — आयु, इयात्-प्राप्त गरोस्, इति — यस्तो, इच्छेत् — चाहला ,(त्यो र त्यसकी पत्नीले) मांसौदनम् — मासु-भात, पाचयित्वा — पकाउन लगाएर सर्पिष्मन्तम् — घिउका साथ, अश्नीयाताम् — खाऊन्, जनयितवै — चाहेअनुसारको पुत्र जन्माउन, ईश्वरौ— समर्थ हुन्छन्, (केको मासुले मिश्रित भात ?) औक्षेण्— —

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेचनसमर्थ साँढेको, वा — अथवा, आर्षभेण — अज्ञ पाको उमेरको साँढेको मासुले ।

वाक्यार्थ — अर्को कुरा–जो 'मेरो छोरो प्रख्यात, धृष्ट, सुन्नलायक (सुसंस्कृत अर्थयुक्त) वचन बोल्ने होओस्, सबै वेद पढ्ने होस् र पूरै आयु पाएको होस्' भन्ने चाहन्छ, त्यो र त्यसकी पत्नीले मासु-भात पकाउन लगाएर घिउ समेत गरी खाऊन् । चाहेअनुसारको पुत्र जन्माउन समर्थ हुन्छन् । मासु,—गर्भाधान गराउन सक्ने साँढेको वा अज्ञ पाको उमेरका साँढेको होस् ।

अथाभिप्रातरेव स्थालीपाकावृताज्यञ्चेष्टित्वा स्थालीपाकस्योपघातं जुहोत्यग्नये स्वाहानुमतये स्वाहा देवाय सवित्रे सत्यप्रसवाय स्वाहेति हुत्वोद्धृत्य प्राश्नाति प्राश्येतरस्याः प्रयच्छति प्रक्षाल्य पाणी उदपात्रं पूरयित्वा तेनैनां त्रिरभ्युक्षत्युत्तिष्ठातोविश्वावसोऽन्यामिच्छ प्रपूर्व्यां संजायां पत्या सहेति ॥ १६ ॥

पदार्थ — अथ — त्यसपछि (चौथा दिनमा) अभिप्रात एव — बिहान सबेरै, स्थालीपाकावृता — स्थाली-पाकका विधिले, आज्यम् च — घिउलाई पनि, इष्टित्वा संस्कार गरेर, स्थालीपाकस्य — पाक-स्थालीमा पकाएका चरुको, उपघातम् — केही भाग, जुहोति — होम्दछ, अग्नये — अग्निलाई, स्वाहा — भाग दिन्छु, अनुमतये — अनुमतिलाई, स्वाहा — भाग दिन्छु, सत्यप्रसवाय — सत्य वस्तु पैदा गरिदिने, देवाय — प्रकाशमान, सवित्रे — सविता देवतालाई, स्वाहा — भाग दिन्छु, इति — यसरी, हुत्वा — हवन गरेर, उद्धृत्य — (पाक-पात्रबाट शेष रहेको अन्न) अर्का पात्रमा झिकेर, प्राश्नाति — खान्छ, प्राश्य — खाएपछि, इतरस्याः — अर्की (पत्नी) लाई, प्रयच्छति — दिन्छ, (अनि) पाणी — दुवै हात, प्रक्षाल्य — पखालेर, उदपात्रम् — जलपात्रलाई, पूरयित्वा — भरी पारेर, तेन — त्यस जलले, एनाम् — यस पत्नीलाई, इति — यस 'उत्तिष्ठातो ' देखि, 'सह' सम्मका मन्त्रले, त्रिः — तीन पटक, अभ्युक्षति — सेचन गर्दछ, (मन्त्रार्थ छ–) विश्वावसो — हे विश्वावसु ! अतः यस मेरी पत्नीबाट, उत्तिष्ठ — उठ, (यसबाट अलग होऊ) अन्याम् — अर्की, प्रपूर्व्याम्—कुनै दोस्रो युवालाई प्राप्त भै सकेकी, पत्या सह—पत्नीसँग (स्थिताम्) रहेकी, जायाम् — स्त्रीलाई, सम् इच्छ — चाहना गर ।

वाक्यार्थ — त्यसपछि चौथा दिनमा बिहान सबेरै, स्थालीपाकका विधिले

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घिउलाई पनि संस्कार गरेर पत्नीले कुटी तयार पारिएका चामलले पाकस्थलीमा पकाएका चरुको केही भाग यस प्रकारले होम्दछ–अग्नये स्वाहा —अग्निलाई भाग दिन्छु. अनुमतये स्वाहा — अनुमतिलाई भाग दिन्छु, तथा देवाय सवित्रे सत्यप्रसवाय स्वाहा—सत्य वस्तु पैदा गरिदिने प्रकाशशील सविता देवतालाई भाग दिन्छु ।

यसरी हवन गरेर पाकस्थलीबाट शेष चरु अर्का भाँडामा झिकेर घिउ मिलाई पुरुषले खान्छ, अनि शेष पत्नीलाई दिन्छ। अनि हात धोएर जलपात्र भरी पारेर त्यस जलले पत्नीलाई 'उत्तिष्ठातो ' देखि 'सह ' सम्मका मन्त्रले तीन पटक सेचन गर्दछ । मन्त्रार्थ हो—हे विश्वावसु! यी मेरी पत्नीबाट अलग होऊ, कुनै दोस्रो युवक पहिले लिइसकेकी हाल पतिसँग रहेकी यस्ती अर्की स्त्रीलाई चाहना गर ।

अथैनामभिपद्यतेऽमोऽहमस्मि सा त्वꣳसा त्वमस्यमोऽहं सामाहमस्मि ऋक् त्वं द्यौरहं पृथिवी त्वं तावेहि सꣳरभावहै सह रेतो दधावहै पुꣳसे पुत्राय वित्तय इति ॥२०॥

पदार्थ — अथ — यसपछि, एनाम् — यस (पत्नी) लाई, इति — यो, 'अमोऽहम्' देखि 'वित्तये' सम्मका मन्त्रले, अभिपद्यते — आलिङ्गन गर्दछ, (मन्त्रको अर्थ छ–) अहम् — म, अमः — प्राणः, अस्मि—हुँ, त्वम् — तिमी, सा — वाक् हौ, त्वम् — तिमी, सा — वाक्, असि—हौ, अहम्—म, अमः—प्राण हुँ, अहम् — म, साम — सामवेद हुँ, त्वम् — तिमी, ऋक् — ऋग्वेद हौ, अहम् — म, द्यौः —द्युलोक हुँ, त्वम्—तिमी, पृथिवी—पृथ्वी हौ, एहि—आऊ, तौ — तिनै द्यौ र पृथ्वीरूपका (हामी दुइ), संरभावहै — परस्पर आलिङ्गन गरौं, पुंसे—पुस्त्वविशिष्ट पुत्राय — छोरो, वित्तये — पाउनाका निमित्त, सह — सँगै, रेतः — वीर्य, दधावहै — धारण गरौं ।

वाक्यार्थ — यसपछि पत्नीलाई 'अमोऽहम्' देखि 'वित्तये' सम्मका मन्त्रले आलिङ्गन गर्दछ । मन्त्रको अर्थ छ–देवि ! म प्राण हुँ, तिमी वाक् हौ, तिमी वाक् हौ, म प्राण हुँ, म सामवेद हुँ, तिमी ऋग्वेद हौ, म द्युलोक हुँ, तिमी पृथिवी हौ, आऊ, हामी दुइ परस्पर आलिङ्गन गरौं र पुंस्त्वविशिष्ट पुत्र पाउनाका निमित्त साथै वीर्य धारण गरौं ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथास्या ऊरू विहापयति विजिहीथां द्यावापृथिवी इति तस्यामर्थं निष्ठाय मुखेन मुखꣳसंधाय त्रिरेनामनुलोमामनुमार्ष्टि । विष्णुर्योनिं कल्पयतु त्वष्टा रूपाणि पिꣳशतु । आसिञ्चतु प्रजापतिर्धाता गर्भं दधातु ते । गर्भं धेहि सिनीवालि गर्भं धेहि पृथुष्टुके । गर्भं ते अश्विनौ देवावाधत्तां पुष्करस्रजौ ॥ २१ ॥

पदार्थ — अथ—अनि, अस्याः—यस पत्नीका ऊरू—तिघ्रा, 'विजिहीथाम् द्यावापृथिवी' इति — यस मन्त्रले, विहापयति — फट्टाउँछ, (मन्त्रार्थ छ–) द्यावापृथिवी — आकाश र पृथिवी, विजिहीथाम् — अलग हुन्, (अनि) तस्याम् — त्यस स्त्रीका योनिमा, अर्थम् — जननेन्द्रिय, निष्ठाय — राखेर, मुखेन — स्त्रीका मुखसँग, मुखम् — आफ्नो मुख, संधाय – जोडेर, (चुम्बन गरेर) एनाम् — यस पत्नीलाई, इति — 'विष्णुर्योनिं कल्पयतु' इत्यादि मन्त्र पढी, अनुलोमाम् — सुल्टो क्रमले, (शिरदेखि गोडासम्म) त्रिः — तीन पटक, अनुमार्ष्टि — मार्जन गर्दछ, (मन्त्रको अर्थ छ–) विष्णुः — विष्णु, योनिम् — योनिलाई, कल्पयतु — पुत्रोत्पत्तिमा समर्थ बनाऊन्, त्वष्टा — त्वष्टा सविता, रूपाणि — अवयवहरू, पिंशतु — छुट्टा-छुट्टै देख्न लायक बनाऊन्, प्रजापतिः— विराट् आत्मा, आसिञ्चतु–(मेरा रूपमा रही, तिमीमा) वीर्य-सेचन गरून्, धाता-सूत्रात्मा, ते— तिम्रो, गर्भम्— गर्भ, दधातु–(तिम्रो रूपमा रहेर) पोषण गरून्, सिनीवालि— हे अमावास्या देवी ! गर्भम् — गर्भ, धेहि — धानिदेऊ, पृथुष्टुके– हे विस्तीर्ण स्तुति भएकी देवी ! गर्भम् — गर्भ, धेहि — धानिदेऊ, पुष्करस्रजौ— किरणरूप कमलको माला धारण गर्ने, देवौ—प्रकाशमान, अश्विनौ — सूर्य र चन्द्रमा, ते — तिमीमा, गर्भम् — गर्भ, आधत्ताम् — मेरा रूपले राखिदिऊन् ।

वाक्यार्थ — अनि 'विजिहीथाम् द्यावापृथिवी' यस मन्त्रले पत्नीका तिघ्रा फट्टाउँछ । मन्त्रार्थ छ– आकाश र पृथिवी अलगियून्, (अनि पत्नीका योनिमा जननेन्द्रिय राखेर उसका मुखमा आफ्नो मुख जोडी, 'विष्णुर्योनिं कल्पयतु' इत्यादि मन्त्र पढी पत्नीलाई शिरदेखि गोडासम्म तीन पटक मार्जन गर्दछ। मन्त्रको अर्थ छ– देवी ! विष्णुले योनिलाई पुत्रोत्पत्ति गर्न समर्थ बनाऊन् । सवितालेअवयवहरू अलग-अलगै दर्शनीय बनाऊन् । विराट् आत्मालेमेरा रूपमा रही तिमीमा वीर्य-सेचन गरून् । सूत्रात्मालेतिम्रो गर्भ तिम्रा रूपमा रहेर पोषण गरून् । हे अमावास्या देवी ! गर्भ धानिदिए (गिर्न नपाओस्), हे विस्तीर्ण प्रार्थना भएकी देवी ! गर्भ धानिदेऊ, किरणरूप कमलको माला धारण गर्ने प्रकाशमान सूर्य र चन्द्र तिमीमा मेरा रूपले गर्भ राखिदिऊन् ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिरण्मयी अरणी याभ्यां निर्मन्थतामश्विनौ । तं ते गर्भं हवामहे दशमे मासि सूतये । यथाग्निगर्भा पृथिवी यथा द्यौरिन्द्रेण गर्भिणी । वायुर्दिशो तथा गर्भं एवं गर्भं दधामि तेजसाविति ॥ २२ ॥

पदार्थ — (प्राचीन कालमा) हिरण्मयी — सुवर्णमयी, अरणी — मन्थन-काष्ठ, (आस्ताम्) —थिए, याभ्याम् — जुनद्वारा, अश्विनौ — अश्विनीकुमारले, निर्मन्थताम् — मथन गरेथे, (र) अमृतरूप गर्भ प्रकट भएथ्यो) तम् — त्यो, गर्भम् — गर्भ, दशमे — दशौं, मासि — महीनामा, सूतये — पैदा गर्नानिमित्त, ते — तिम्रा (कुक्षिमा) हवामहे — स्थापित गर्दछु, यथा — जस्तो, पृथ्वी — पृथ्वी, अग्निगर्भा — अग्नि — गर्भ भएकी छन्, यथा — जस्तो, द्यौः — स्वर्गभूमि, इन्द्रेण — इन्द्रले गर्दा, गर्भिणी — गर्भवती छ, तथा — त्यस्तै, दिशाम् — दिशाहरूको, वायुः — वायु, गर्भः — गर्भ छ, एवम् — यस्तै गरी, असौ—हे फलानी ! (स्त्रीको नाम) (म) ते — तिमीमा, गर्भम् — गर्भ, दधामि — धारण गराउँछु ।

वाक्यार्थ—प्राचीन कालमा सुवर्णमय मन्थन-काष्ठ थिए । तिनैद्वारा अश्विनी-कुमारले मथन गरेथे र अमृतरूप गर्भ प्रकट भएथ्यो । दशौं महीनामा पैदा गर्नानिमित्त अमृतरूप त्यै गर्भ तिम्रा कोखमा स्थापित गर्दछु । जस्तो पृथिवीको गर्भ अग्नि छ, स्वर्गभूमिको गर्भ इन्द्र छन्, दिशाहरूको गर्भ वायु छ, यस्तै गरी तिमीमा म गर्भधारण गराउँछु ।

सोष्यन्तीमद्भिरभ्युक्षति यथा वायुः पुष्करिणीꣳसमिङ्गयति सर्वतः । एवा ते गर्भं एजतु सहावैतु जरायुणा । इन्द्रस्यायं व्रजः कृतः सार्गलः सपरिश्रयः । तमिन्द्र निर्जहि गर्भेण सावराꣳसहेति ॥ २३ ॥

पदार्थ — सोष्यन्तिम् — प्रसव गर्न आँटेकी (पत्नी) लाई, इति — यो, 'यथा वायुः' देखि 'सह' सम्मको मन्त्र भनेर, अद्भिः — जलले, अभ्युक्षति — सेचन गर्दछ । (मन्त्रको अर्थ छ–)यथा — जस्तो, वायुः — वायु, पुष्करिणीम्–पोखरीलाई, सर्वतः — सबैतिरबाट, समिङ्गयति — चञ्चल पार्दछ, एवम् — यसै गरी, ते — तिम्रो, गर्भः — गर्भ, एजतु — चलोस्, (र) जरायुणा सह–सालनालसहित, अवैतु — निक्लोस्, इन्द्रस्य — प्रसूति वायुको निमित्त, अयम्–

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो (योनिरूप) व्रजः — मार्ग, कृतः — बनाइएको छ, (त्यो) सार्गलः — सालसहित र, सपरिश्रयः — गर्भवेष्ट न सहित छ, इन्द्र — हे प्रसूतिवायु, तम् — त्यस मार्गमा (पुगेर) गर्भेण — गर्भ, सावराम् सह — गर्भवेष्टनका साथ, निर्जहि—निक्ली ।

वाक्यार्थ— बालक पैदा गर्न आँटेकी पत्नीलाई 'यथा वायुः' देखि 'सावरां सह' सम्मको मन्त्र भनेर जलले सेचन गर्दछ । मन्त्रको अर्थ छ–जसरी वायुले पोखरीलाई सबैतिरबाट चञ्चल पार्दछ, त्यसै गरी तिम्रो गर्भ आपना स्थानबाट चलोस् र साल-सहित निक्लोस् । प्रसूति-वायुको निमित्त योनिरूप मार्ग बनाइएको छ । त्यो साल र गर्भवेष्टनले सहित छ । अतः हे प्रसूति-वायु ! त्यस मार्गमा पुगेर गर्भ र गर्भवेष्टनका साथै बाहिर निक्ली ।

जातकर्म

जातेऽग्निमुपसमाधायाङ्के आधाय कꣳसे पृषदाज्यꣳसंनीय पृषदाज्यस्योपघातं जुहोत्यस्मिन्सहस्रं पुष्यासमेधमानः स्वे गृहे । अस्योपसद्यां माच्छैत्सीत् प्रजया च पशुभिश्च स्वाहा । मयि प्राणाꣳस्त्वयि मनसा जुहोमि स्वाहा । यत्कर्मणात्यरीरिचं यद्वा न्यूनमिहाकरम् । अग्निष्टत्स्विष्टकृद्विद्वान्त्स्विष्टꣳसुहुतं करोतु नः स्वाहेति ॥ २४ ॥

पदार्थ— जाते—पुत्र जन्मेमा, अग्निम्— अग्नी, उपसमाधाय— विधिपूर्वक स्थापना गरेर, अङ्के— कांखमा, आधाय (बालकलाई) राखेर, कंसे — काँसका भाँडामा, पृषदाज्यम् — दही मिसेको घिउ, संनीय — राखेर, पृषदाज्यस्य — दही मिसिएको घिउको, उपघातम् — केही अंश, इति — यस, 'अस्मिन् सहस्रम्' देखि 'नः स्वाहा' सम्मका मन्त्रले, जुहोति — आहुति दिन्छ, (मन्त्रको अर्थ छ–) अस्मिन् — यो, स्वे — आफ्नो, गृहे — घरमा, एधमानः — पुत्ररूपले बढेको (म), सहस्रम् — हजारौंलाई, पुष्यासम् — पोषण गर्ने हूँ, अस्य — यस पुत्रको, उपसन्द्याम् — वंशमा, (श्रीः) —संपत्ति, प्रजया—सन्तान र, पशुभिः— वस्तु-भाउले, (सह)— सँग माछैत्सीत् — नटुटोस्, स्वाहा — यो आहुति दिन्छु, मयि— ममा (रहेका), प्राणान् — प्राणलाई, त्वयि — तँ पुत्रमा, मनसा — मनमनै, जुहोमि — होम्दछु, स्वाहा — यो हविर्दान छ, यत् — जो, कर्मणा — प्रधान

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मका साथ, अत्यरीरिचम् — बढ्ता गरें, वा — अथवा, न्यूनम् — घटी, अकरवम् — गरें, तत् — त्यस कर्मलाई, विद्वान् — जान्ने, स्विष्ठकृत् — यज्ञलाई असल पारिदिने, अग्निः — अग्निले, नः — हाम्रो यज्ञ, स्विष्टम् — असलसँग गरिएको, (र) सुहुतम् — कम-बेसी नभई हवन गरिएको, करोतु — गरिदिऊन्, स्वाहा — यो हवि अर्पण गर्दछु ।

वाक्यार्थ — पुत्र जन्मेपछि अग्निस्थापन गरेर बालकलाई काखमा लिएर काँसका भाँडामा दही मिसेको घिउ राखेर त्यसको केही अंश 'अस्मिन् सहस्रम्' देखि 'नः स्वाहा' सम्मका मन्त्रले आहुति दिन्छ । मन्त्रको अर्थ यस प्रकार छ—यो आफ्ना घरमा पुत्ररूपले बढेको म हजारौंलाई पोषण गर्ने हूँ । यस पुत्रका वंशमा सन्तान र पशुहरूसहित पत्ति न टुटोस् । म यो आहुति दिन्छु । ममा रहेका प्राणलाई तँ पुत्रमा मनमनै होम्दछु । यो हवि अर्पित छ । मैले प्रधान-कर्मका साथसाथै कुनै बढ्ता कार्य गरेको हुँला, वा गर्नुपर्ने क्रियामा पनि कम गरेको हुँला, त्यो सबै जान्ने र यज्ञलाई असल पारिदिने अग्निदेवले हाम्रो यज्ञ राम्ररी गरिएको र कम-बेसी नभई यथोक्त हवन गरेको पारिदिऊन्, यो हवि अर्पण गर्दछु ।

अथास्य दक्षिणं कर्णमभिनिधाय वाग्वागिति त्रिरथ दधिमधुघृतꣳसंनीयान-न्तर्हितेन जातरूपेण प्राशयति भूस्ते दधामि भुवस्ते दधामि स्वस्ते दधामि भूर्भुवःस्वः सर्वं त्वयि दधामीति ॥ २५ ॥

पदार्थ — अथ — अनि, (पिता) अस्य — यस बालकको, कर्णम् — कानको, अभिनिधाय — नजीक मुख लगेर, वाक् वाक् इति — वाक् वाक् यसरी, त्रिः — तीन फेर, जपति — जप्तछ, अथ — यसपछि, दधि — दही, मधु — मह, र घृतम् — घिउ, संनीय — मिलाएर, अनन्तर्हितेन — अरू धातु नमिलेका, जातरूपेण — सुनले, इति — यी चार मन्त्र पढेर, प्राशयति — चटाउँछ, (मन्त्रार्थ छ) 'हे कुमार ! त्वयि — तँमा, भूः — पृथ्वीलोक, दधामि — स्थापित गर्दछु, त्वयि — तँमा, भुवः — अन्तरिक्षलोक, दधामि — स्थापित गर्दछु, त्वयि — तँमा, स्वः — स्वर्गलोक, दधामि — स्थापित गर्दछु, भूः भुवः स्वः — पृथ्वी, अन्तरिक्ष, स्वर्ग; सर्वम् — सबै लोक, त्वयि — तँमा, दधामि — (मेधाजननका निमित्त) स्थापित गर्दछु ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — यसपछि बाबुले बालकको काननेर मुख लगेर 'वाक् वाक्' यस प्रकार तीन पटक जप्तछ। अनि दही, मह, घिउ, मिलाएर अरू धातु नमिसिएको शुद्ध सुनले यी चार मन्त्र पढी चटाउँछ। मन्त्रको अर्थ छ—तँमा पृथ्वीलोक स्थापित गर्दछु, तँमा अन्तरिक्षलोक स्थापित गर्दछु, तँमा स्वर्गलोक स्थापित गर्दछु, पृथ्वी, अन्तरिक्ष र स्वर्ग सबै लोक मेधाजननका निमित्त तँमा स्थापित गर्दछु।

चार मन्त्र— (१) ॐ भूस्ते दधामि (२) ॐ भुवस्ते दधामि, (३) ॐ स्वस्ते दधामि, (४) ॐ भूर्भुव स्वः सर्वं त्वयि दधामि।

अथास्य नाम करोति वेदोऽसीति तदस्य तद्गुह्यमेव नाम भवति ॥ २६ ॥

पदार्थ — अथ — यसपछि, (पिता) अस्य — यस बालकको, 'वेदः असि' इति — 'वेद छस्' भनी, नाम — नाम, करोति — राख्दछ, तत् — त्यस कारण, तस्य — त्यस बालकको, तद् — त्यो, गुह्यम् — गुप्त, एव — नै, नाम — नाम, भवति — हुन्छ।

वाक्यार्थ — यसपछि बाबुले यस बालकलाई 'तँ वेद होस्' भनी नाम राख्तछ। अतः त्यो यसको गुप्त नाम हुन्छ।

अथैनं मात्रे प्रदाय स्तनं प्रयच्छति। यस्ते स्तनः शशयो यो मयोभूर्यो रत्नधा वसुविद्यः सुदत्रः येन विश्वा पुष्यसि वार्याणि सरस्वति तमिह धातवेऽकरिति ॥ २७॥

पदार्थ — अथ — अनि, एनम् — यो (बालक), मात्रे — आमालाई, प्रदाय — दिएर, इति — यस 'यस्ते स्तनः' देखि 'अकः' सम्मका मन्त्रले, स्तनम् दूध, प्रयच्छति—चुसाउँदछ, (मन्त्रार्थ छ—) सरस्वति—हे सरस्वती ! यः — जो, ते — तिम्रो, स्तनः — स्तन, सशयः — सुप्त जस्तो छ, यः — जो, मयोभूः — सुखोत्पादक छ, यः — जो, रत्नधा — रमणीय धन धारण गर्नेछ, वसुविद् — धनप्रापक छ, र यः — जुन, सुदत्रः — खूब दानी छ, येन — जुन स्तनले, विश्वा — समस्त, वार्याणि — वरणीय वस्तुलाई, पुष्यसि — पोषण गर्दछयौ, तम् — त्यो स्तन, इह — यहाँ, धातवे — (बालकलाई) पान गराउनानिमित्त, अकः — गर (देऊ)।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाक्यार्थ — अनि बालक आमालाई, दिएर'यस्ते'देखि 'अकः' सम्मका मन्त्रले दूध चुसाउँछ। मन्त्रको अर्थ छ–सरस्वती ! जो तिम्रो स्तन अरूले उपभोग नगरि-एको हुनाले सुप्त जस्तो छ, जो संपूर्ण प्राणीलाई सुख उत्पन्न गर्नेछ, जो रमणीय धन धारण गर्ने र धन प्राप्त गराउने छ, एवं जो प्रशस्त दानी छ, जुनले संपूर्ण वस्तुलाई पोषण गर्दछ्यौ, त्यो स्तन यहाँ बालकलाई पान गर्नाका निमित्त गरिदेऊ।

अथास्य मातरमभिमन्त्रयते इलासि मैत्रावरुणी वीरे वीरमजीजनत्। सा त्वं वीरवती भव यास्मान्वीरवतोऽकरदिति तं वा एतमाहुरतिपिता बताभूरतिपितामहो बताभूः परमां बत काष्ठां प्रापच्छ्रिया यशसा ब्रह्मवर्चसेन य एवंविदो ब्राह्मणस्य पुत्रो जायत इति ॥ २८ ॥

पदार्थ — अथ — यसपछि, इति — 'इलासि' देखि 'अकरत्' सम्मका मन्त्रले, मातरम् — आमाचाहिलाई, अभिमन्त्रयते—मन्त्रन्छ, मन्त्रको अर्थ छ— वीरे — थालेको काममा अन्तसम्म पुग्ने हे नारी ! (त्वम्) — तिमी, इला—इला, मैत्रावरुणी — मित्रावरुणका अंशबाट उत्पन्न, असि—हौ, (यतः) — जुन कारणले, वीरम् — वीर पुत्र, अजीजनत् — जन्मायौ, सा त्वम् — त्यै तिमी, वीरवती — पति-पुत्र बाँचेकी, भव — होऊ, या — जो, अस्मान् — हामीलाई, वीरवतः — धेरै छोरा बाँचिरहेका, अकरत् — गऱ्यौ, तम् — त्यो, एतम् — यो बालकलाई, (दृष्ट्वा)— देखेर, (अन्ये)— अरू जन, वै — निश्चयसाथ, इति — यसो, आहुः— भन्दछन्, बत — हे कुमार ! अतिपिता — बाबुभन्दा बढ्ता, अभूः — भइस्, बत — संतोष छ, अतिपितामहः — बाजेभन्दा पनि बढ्ता, अभूः —भइस्, बत — आश्चर्य छ, श्रिया — संपत्तिले, यशसा — यशले, ब्रह्मवर्चसेन — ब्रह्मतेजले, परमाम् — पल्लो, काष्ठाम् — हदमा, प्रापत् — पुगिस्, यः — जो, एवंविदः — यस्तो विशिष्ट ज्ञाता, ब्राह्मणस्य—ब्राह्मणको, पुत्रः — छोरो भएर, जायते — जन्मन्छ ।

वाक्यार्थ — यसपछि 'इलासि' देखि 'अकरत्' सम्मका मन्त्रले आमाचाहिलाई मन्त्रन्छ। मन्त्रको अर्थ यस प्रकार छ—थालेका कुराको अन्तसम्म पुग्ने हे नारी ! तिमी इला हौ र मित्रावरुणका अंशबाट उत्पन्न भएकी हौ। किनभने तिमीले वीर पुत्र पैदा गऱ्यौ। (जस्तो इलामा पुरुरवा जन्में, मित्रावरुणबाट अगस्त्य र वसिष्ठ उत्पन्न भए, त्यस्तै तिमीमा यो पुत्र जन्म्यो भन्ने खुशीको भाव)।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्ती तिमी पतिपुत्र बाँचिरहेकी होऊ, जसले हामीलाई धेरै छोरा बाँचिरहेका बनायौ ।

त्यस बालकलाई अरूहरू भन्दछन्–हे कुमार ! बाबुभन्दा बढ्ता भइस्, संतोष छ, बाजेभन्दा पनि अधिक भइस्, आश्चर्य छ, संपत्तिले, यशले र ब्रह्मतेजले पराकाष्ठामा पुगिस् । जो यस्तो पुत्रमन्त्यको ज्ञाता ब्राह्मणको पुत्र भएर जन्मन्छ ।

छैटौं अध्यायमा चौथो ब्राह्मण समाप्त ।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सांजीवीपुत्रात् — सांजीवीपुत्रबाट, सांजीवीपुत्रः — सांजीवीपुत्रले, आसुरिवासिनः — आसुरिवासी, प्राश्नीपुत्रात् — प्राश्नीपुत्रबाट, प्राश्नीपुत्रः — प्राश्नीपुत्रले, आसुरायणात् — आसुरायणबाट, आसुरायणः — आसुरायणले, आसुरेः — आसुरिबाट, आसुरिः — आसुरिले, याज्ञवल्क्यात् — याज्ञवल्क्यबाट, याज्ञवल्क्यः — याज्ञवल्क्यले, उद्दालकात् — उद्दालकबाट, उद्दालकः — उद्दालकले, अरुणात् — अरुणबाट, अरुणः — अरुणले, उपवेशेः — उपवेशिबाट, उपवेशिः — उपवेशिले, कुश्रेः — कुश्रिबाट, कुश्रिः — कुश्रिले, वाजस्रवसः — वाजस्रवाबाट, वाजस्रवाः — वाजस्रवाले, जिह्वावतः वाध्योगात् — जिह्वावान् वाध्योगबाट, जिह्वावान् वाध्योगः — जिह्वावान् वाध्योगले, असिताद् वार्षगणात् — असित वार्षगणबाट, असितः वार्षगणः — असित वार्षगणले, हरितात् कश्यपात् — हरित कश्यपबाट, हरितः कश्यपः — हरित कश्यपले, शिल्पात् कश्यपात् — शिल्प कश्यपबाट, शिल्पः कश्यपः — शिल्प कश्यपले, कश्यपात् नैध्रुवेः — कश्यप नैध्रुविबाट, कश्यपः नैध्रुविः — कश्यप नैध्रुविले, वाचः — वाक्बाट, वाक् — वाक्ले अम्भिण्याः — अम्भिणीबाट, अम्भिणी — अम्भिणीले, आदित्यात् — आदित्यबाट प्राप्त गरिएका, इमानि — यी, शुक्लानि — ब्राह्मणभागसँग नमिसिएका (अर्थात् पौरुषेयत्वको शङ्का नहुने) यजूंषि — यजुः श्रुतिहरू, वाजसनेयेन — वाजसनेय, याज्ञवल्क्येन — याज्ञवल्क्यले, आख्यायन्ते, — प्रख्यात गरिन्छन्। आ सांजीवीपुत्रात् — सांजीवीपुत्रसम्म, समानम् — एकै वंश हो, सांजीवीपुत्रः — सांजीवीपुत्रले, माण्डूकायनेः — माण्डूकायनिबाट, माण्डूकायनिः — माण्डूकायनिले, माण्डव्यात् — माण्डव्यबाट, माण्डव्यः — माण्डव्यले, कौत्सात् — कौत्सबाट, कौत्सः — कौत्सले, माहित्थे — माहित्थिबाट, माहित्थिः — माहित्थिले, वामकक्षायणात् — वामकक्षायणबाट, वामकक्षायणः — वामकक्षायणले, शाण्डिल्यात् — शाण्डिल्यबाट, शाण्डिल्यः — शाण्डिल्यले, वात्स्यात् — वात्स्यबाट, वात्स्यः — वात्स्यले, कुश्रेः — कुश्रिबाट, कुश्रिः — कुश्रिले, राजस्तम्बायनात् यज्ञवचसः — राजस्तम्बायन यज्ञवचाबाट, राजस्तम्बायनः यज्ञवचाः — राजस्तम्बायन यज्ञवचाले, कावषेयात् तुरात् — कावसेय तुरबाट, तुरः कावषेयः — कावषेय तुरले, प्रजापतेः — प्रजापतिबाट, प्रजापतिः — प्रजापतिले, ब्रह्मणः — ब्रह्मबाट, ब्रह्म — ब्रह्म, स्वयम्भु — अनादि-अनन्त छ, ब्रह्मणे — ब्रह्मलाई, नमः — नमस्कार छ।

वाक्यार्थ — अब प्रवचनवंश कहिन्छ। पौतिमाषीपुत्रले कात्यायनीपुत्रबाट, कात्यायनीपुत्रले गौतमीपुत्रबाट, गौतमीपुत्रले भारद्वाजीपुत्रबाट, भारद्वाजी-

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुत्रले पाराशरीपुत्रबाट, पाराशरीपुत्रले औपस्वस्तीपुत्रबाट, औपस्वस्ती पाराशरीपुत्रबाट, पाराशरीपुत्रले कात्यायनीपुत्रबाट, कात्यायनीपुत्रले कौशिकी पुत्रबाट, कौशिकीपुत्रले आलम्बीपुत्र र वैया घ्रपदीपुत्रबाट, वैया घ्रपदीपुत्रले काण्वी-पुत्र र कापीपुत्रबाट, कापीपुत्रले आत्रेयीपुत्रबाट, आत्रेयीपुत्रले गौतमीपुत्रबाट, गौतमीपुत्रले भारद्वाजीपुत्रबाट, भारद्वाजीपुत्रले पाराशरीपुत्रबाट, पाराशरीपुत्रले वार्कारुणीपुत्रबाट, वार्कारुणीपुत्रले वार्कारुणीपुत्रबाट, वार्कारुणीपुत्रले आर्तभागी-पुत्रबाट, आर्तभागीपुत्रले शौङ्गीपुत्रबाट, शौङ्गीपुत्रले सांकृतीपुत्रबाट, सांकृती-पुत्रले आलम्बायनीपुत्रबाट, आलम्बायनीपुत्रले आलम्बीपुत्रबाट, आलम्बीपुत्रले जायन्तीपुत्रबाट, जायन्तीपुत्रले माण्डूकायनीपुत्रबाट, माण्डूकायनीपुत्रले माण्डूकी-पुत्रबाट, माण्डूकीपुत्रले शाण्डिलीपुत्रबाट, शाण्डिलीपुत्रले राथीतरीपुत्रबाट, राथीतरीपुत्रले भालुकीपुत्रबाट, भालुकीपुत्रले क्रौञ्चिकीपुत्र दुईबाट, क्रौञ्चिकीपुत्र दुईले वैदभृतीपुत्रबाट, वैदभृतीपुत्रले कार्शकेयीपुत्रबाट, कार्शकेयीपुत्रले प्राचीनयोगीपुत्रबाट, प्राचीनयोगीपुत्रले सांजीवीपुत्रबाट सांजीवीपुत्रले आसुरिवासी प्राश्नीपुत्रबाट, प्राश्नीपुत्रले आसुरायणबाट आसुरायणले आसुरिबाट, आसुरिले याज्ञवल्क्यबाट, याज्ञवक्यले उद्दालकबाट, उद्दालकले अरुणबाट, अरुणले उपवेशिबाट उपवेशिले कुश्रिबाट, कुश्रिले वाजस्रवाबाट वाजस्रवाले जिह्वावान् वाध्योगबाट, जिह्वावान् वाध्योगले वार्षगण असितबाट, वार्षगण असितले हरित कश्यपबाट, हरित कश्यपले शिल्प कश्यपबाट, शिल्प कश्यपले नैध्रुवि कश्यपबाट, नैध्रुवि कश्यपले वाक्बाट, वाक्ले अम्भिणीबाट, अम्भिणीले आदित्यबाट प्राप्त गरिएका यी शुक्ल (ब्राह्मण भागसँग नमिसिएका अर्थात् पौरु-षेयत्वको शङ्का नहुने) यजुः श्रुतिहरू वाजसनेय याज्ञवल्क्यले प्रख्यात गरिएका हुन्। सांजीवीपुत्रसम्म एउटै वंश हो। अर्थात् यी सबै वाजसनेय शाखाकै आचार्य हुन्। सांजीवीपुत्रले माण्डूकायनिबाट, माण्डूकायनिले माण्डव्यबाट, माण्डव्यले कौत्सबाट, कौत्सले माहित्थिबाट, माहित्थिले वामकक्षायणबाट, वामकक्षायणले शाण्डिल्यबाट, शाण्डिल्यले वात्स्यबाट, वात्स्यले कुश्रिबाट, कुश्रिले राजस्तम्बायन यज्ञवर्चाबाट, राजस्तम्बायन यज्ञवर्चाले कावषेय तुरबाट, कावषेय तुरले प्रजापतिबाट, प्रजापतिले ब्रह्मबाट प्राप्त गरिएका हुन्। ब्रह्म स्वयम्भु, अनादि, अनन्त छ। त्यस्तो ब्रह्मलाई नमस्कार छ।

छैटौं अध्यायमा पाँचौं वंश ब्राह्मण समाप्त।

षष्ठ अध्याय समाप्त।

बृहदारण्यकोपनिषद् समाप्त।

ॐ तत्सत्।

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्तिपाठ

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥
ॐ शान्तिः शान्तिः शान्तिः

(यस शान्तिपाठ मन्त्रको पदार्थ र वाक्यार्थ उपनिषद्का आरम्भमा दिइएको छ ।)

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jagannath Bhattarai Collection. Nagarjun-7, Kathmandu, Nepal

This PDF you are browsing is in a series of several scanned documents containing the personal colleciton of Jagannath Bhattarai ji from Kathmandu, Nepal.

CV:

Jagannath Bhattarai
Date of Birth: 31 December 1960
Place of Birth: Kathmandu, Nepal
Address: Nagarjun (Ramkot), Kathmandu

Educational Qualifications
Bachelor of Science (B.Sc.) – Major in Biology
Master's Degree – Sociology & Anthropology
Shastri (Ongoing) – Balmiki Vidyapeeth

Professional Experience
Government School Teacher (Madhyamik Pratham Shreni)
Taught at Secondary Level (Madhyamik)
Taught at Higher Secondary Level (Uchcha Madhyamik)
Served as Head Teacher
Led academic and administrative development
Strengthened institutional performance and student outcomes

Areas of Interest
Sanskrit Vyakaran
Spiritual & Philosophical Studies
Educational Leadership

Digitization by eGangotri Trust
Funding by MIDF, New Delhi